# काठमाडौंमा एक दिन

शिवानी सिंह थारु

सादर - अध्ययनार्थ
पठन सुखद होस् !

# काठमाडौंमा एक दिन

शिवानी सिंह थारु

FP

फाइनप्रिन्ट बुक्स
फाइनप्रिन्ट प्रा. लि.
कर्पोरेट तथा सम्पादकीय कार्यालय
विशालनगर, विशाल बस्ती 'क', काठमाडौं
पोस्ट बक्स : १९०४१
फोन : ०१-४४४३२६३
इमेल : info@fineprint.com.np
वेबसाइट : www.fineprint.com.np

फाइनप्रिन्टद्वारा प्रथम पटक प्रकाशित, फागुन २०७४

यस उपन्यासका पात्र र सशस्त्र समूहका नाम काल्पनिक हुन् । यथार्थमा कसैसँग मेल खान गयो भने त्यो संयोग मात्र हुनेछ ।

सर्वाधिकार © शिवानी सिंह थारू
ISBN: 978-9937-665-44-5

यस पुस्तकको कुनै अंश वा पूरै पुस्तक कुनै माध्यमद्वारा पुनरूत्पादन, फोटोकपी वा प्रसारण गर्न पाइनेछैन । कसैले त्यसो गरेको पाइए प्रतिलिपि अधिकार ऐनअन्तर्गत कारबाही गरिनेछ ।

KATHMANDUMA EK DIN BY SHIVANI SINGH THARU

## कल्लु रंगरेज मामालाई

जसले काँधमा बोकेर इदगाह देखाउनुभएको थियो, जसले सर्कसको 'मौत की छलाङ' देखाउँदा आँखा नचिम्लिन भन्नुभएको थियो, जो गोन्डा रेलवे स्टेसनमा पानी लिन जाँदा छुट्नुभएको थियो ।

# अलिखित

*भर्चुअल रियालिटी* र बिपी कोइरालामाथि लेखिएको नाटक *द मेम्वार अफ अ स्टोरीटेलर* लेखेपछि उपन्यास लेख्ने चाहना भयो । सुरु गरें । लेख्दै गर्दा जटिल लाग्न थाल्यो । त्यसपछि जटिलतालाई छिचोलेर उपन्यासलाई पानामा सुमसुम्याउने सपना बन्यो । सपना त सुन्दर पो हुन्छन् ! मेरा लागि सुन्दर सिर्जनाको मानक के हो त ? खोज्दै जाँदा उपन्यास कतिखेर मेरो 'जुनून' बन्यो थाहै भएन । नौ वर्ष लगाएर मैले उपन्यास लेखेको भन्दा बाँचेकी हुँ । एउटा चाहना 'जुनून' बन्दै गर्दा केही घटना भए, केही उपघटना । हौस्याउने मान्छेहरू भेटिए, इख उमार्ने मान्छेहरू भेटिए र भेटिए उडाउने मान्छेहरू पनि । सबैप्रति म आभारी छु । तर तीमध्ये यस्ता केही छन्, जसलाई धन्यवाद नदिईकन *काठमाडौंमा एक दिन*को टुङ्ग्याउनी हुनै सक्दैन ।

धन्यवाद फिडेल देवकोटा । *वेभ* पत्रिकाका लागि मैले लेखेको छोटो कथामाथि सर्ट फिल्म बनाउँछु भनेर तिमीले नमागेको भए *काठमाडौंमा एक दिन* एक हजार शब्दको कथामै सीमित भएर समयको गर्भमा हराइसकेको हुने थियो । त्यसका लागि स्क्रिप्ट लेख्दै गर्दा म लोभिएर त्यसलाई उपन्यास बनाउँछु भनें । र त्यो कथा मैले तिमीलाई दिइनँ । तिमीले सर्ट फिल्म बनाउन नपाएकोमा क्षमा पाऊँ है !

मलाई सहज लाग्ने भाषा अङ्ग्रेजी हुँदाहुँदै पनि डा. गोविन्दराज भट्टराईले मलाई नेपालीमा लेख्नुपर्छ भनेर हौस्याउनुभयो । प्रेरणा दिनुभयो । त्यसका लागि सरलाई धन्यवाद ।

नमस्ते भिजनका दिनेश कार्कीलाई धन्यवाद । हातले लेखेको दुई सय पेजको पहिलो पाण्डुलिपिको अक्षरमा डिको थप्ने 'हर्क्युलियन' काम आखिर तिमीले त गरेका थियौ नि ।

धन्यवाद अनुप बराललाई । *भर्चुअल रियालिटीदेखि काठमाडौंमा एक दिन*को पहिलो पाण्डुलिपि पढेर सुझाव, सल्लाह दिंदा 'म पनि लेख्न सक्छु' भन्ने विश्वास दाइले त दिनुभएको थियो । लेख्न जानें कि जानिनँ, त्यो अर्कै विषयको कुरा भयो ।

मेरो पहिलो पाण्डुलिपि फाइनप्रिन्टले जस्ताको तस्तै छाप्न अस्वीकार गरेपछि म लेख्न सक्दिनँ रहेछु भन्ने भयो । किन लेख्न सक्दिनँको उत्तर खोज्नतिर नलागेर मैले पाण्डुलिपि जलाउने निधो गरें । लेखक होइन, उद्घोषक नै ठीक छु भन्ने लाग्यो । तर पाण्डुलिपि पढिसकेकाले खगेन्द्र तिमीले ममा प्राण फुक्यौ र मेरो पाण्डुलिपि जल्नबाट बचायौ । टाउकोमा आफ्नै ऋणको भारी बोकेको मान्छेले उल्टै मलाई 'कसैले नछापे म छाप्छु' भन्दा तिमीलाई सायद थाहा छैन, म मर्माहत भएकी थिएँ । धन्यवाद खगेन्द्र लामिछानेलाई ।

अर्किड बुक्सका महेश्वर आचार्यलाई धन्यवाद । तपाईंले छाप्छु भनेर नभनेको भए मैले पाण्डुलिपिलाई फेरि लेख्दिनथें होला । त्यसपछि हो, जति पटक लेख्नुपरे पनि लेख्छु भनेर ममा हिम्मत आएको । पछि त्यहाँबाट नछापेर फाइनप्रिन्टबाटै छाप्ने मेरो निर्णयले गर्दा तपाईंमा परेको चोटका लागि म क्षमाप्रार्थी छु ।

अनुसन्धानका लागि सिरहाको लहान गएकी थिएँ । त्यहाँ पुगेपछि म अलपत्र भएँ । जोसित सम्पर्क गरेर गएकी थिएँ, ऊ नै फोन अफ गरेर बसिदियो, लगातार तीन दिनसम्म । यसरी फसेकी बेला मलाई मद्दत गर्ने जनकराज सापकोटालाई मुरीमुरी धन्यवाद । फोनको भरमा सिरहा र सप्तरीमा सम्पर्क स्थापित गर्नेदेखि लिएर तपाईंले रिपोर्टिङ गरेका सामग्री उपलब्ध गराउनेसम्मको मद्दत नगरेको भए म अहिले 'आर्मचेयर रिसर्चर'मै सीमित हुने थिएँ ।

सप्तरीका पत्रकार साथी, तपाईंलाई याद छ होइन ? कोसी ब्यारेजमा उभिएर हामीले गोबरगढाऽऽतिर हेरिरहँदा तपाईंले भन्नुभएको थियो– शिवानीजी मेरो नाम कतै पनि नआओस् है । नामै नलिईकन तपाईंलाई धन्यवाद भन्नुपर्दा मलाई एकदम खल्लो लागिराखेको छ । तर यो उपन्यासका लागि तपाईंले दिनुभएका कतिपय जानकारी संवेदनशील छन् । तपाईंको सुरक्षाका लागि मैले यहाँ नाम लिइनँ पनि ।

सप्तरीमा मैले भेटेका सशस्त्र समूहका पूर्वकार्यकर्तालाई पनि धन्यवाद । आफूहरूले गरेका 'ट्रेनिङ'देखि लिएर 'भौतिक कारबाही'सम्मका घटनालाई नलुकाई मसमक्ष तपाईंहरू खुला किताब भइदिनुभयो । तपाईंहरूले म मात्र नभई हामीले बाँचिराखेको समय र समाज बुझ्न चाहने जोकोहीलाई गुन लगाउनुभएको छ ।

प्रेमजी तपाईंसित सिरहाका दक्षिणवर्ती गाउँहरूतिर डुल्दै गर्दा नीलकण्ठ चरा, खह्रको झार, झिङ्गुरको किरकिर मात्र सुनिएन, चमार हुनुको यथार्थबाट पनि गुज्रियो । म मेरो पहिलो पाण्डुलिपिको 'देवनारायण' खोज्न गएकी थिएँ । तपाईंले मलाई 'घुर्ना'सित भेटाइदिनुभयो । त्यसैले सिरहाका प्रेम रामलाई धेरैधेरै धन्यवाद ।

सिरहाकै कचनारीमा दुईतीन घर चमारहरूको छ । तीमध्ये एक जनाको घर गएर दिनभर एउटै प्रश्नमा अल्झिरहें । सोधें, "एउटा दलितले आफ्ना बच्चाहरूलाई 'तँ तल्लो जातको होस्, त्यसैले गिरहतको घर गएर छुइछाइ नगरेस्' भनेर कसरी सिकाउँछ ?" घरकी आमाले जे उत्तर दिइन्, त्यसले ममा आगो भरिदियो । लेख्न बस्दा जबजब शिथिल हुन्थें, त्यो आक्रोशले मलाई ऊर्जा दिन्थ्यो । त्यसैले तपाईंहरूका पनि नाम नलिईकन धन्यवाद भन्न चाहन्छु ।

सिरहाकै विनोद विसुङ्खे, उमेश विसुङ्खे र भरत जर्घा मगरलाई धन्यवाद । प्रेमजीसम्म पुऱ्याउने जस यहाँहरूलाई नै जान्छ ।

दीपक थापालाई पनि धन्यवाद । तिमीलाई थाहा छ किन भनेर ।

धन्यवाद, महेशविक्रम शाह र देवेन्द्र सुवेदीलाई पनि । तपाईंहरू नभइदिएको भए हाम्रा लागि त्यो दुर्लभ 'आइटम' कसरी उपलब्ध हुने थियो ।

पहिलो पाण्डुलिपिमा 'बेरोजगार' र 'डा. हिमांशु' भन्ने अध्याय पनि थिए । तीन वर्ष तीमाथि अनुसन्धान र लेखनमै खर्चिएँ । पाँचौं वर्षमा ती दुवै अध्यायलाई उपन्यासबाट हटाइदिएँ । ६० हजार शब्दको अध्याय मिल्काउनु गाह्रो निर्णय थियो । तर उपन्यासको संरचना चुस्त बनाउन त्यसो गर्नुपऱ्यो । लेखिएका अध्याय मसित अहिले पनि सुरक्षित छन् । कुनै दिन काम लाग्लान् । ती अध्याय तयार पार्न थुप्रैले आफ्नो कथा मलाई सुनाएका छन्, जसमध्ये राजेन्द्र ढकाललाई विशेष धन्यवाद । त्यस्तै वीर अस्पतालका प्रमुख डा. बुलन्द थापा, वीरकै अर्थोपेडिक विभागका प्रमुख र इमर्जेन्सी सेवामा कार्यरत अर्थोपेडिक रेसिडेन्ट डाक्टरहरूलाई धन्यवाद दिन चाहन्छु । अर्थोपेडिक सर्जन डा. राजीव श्रेष्ठलाई पनि मुरीमुरी धन्यवाद ।

पहिलो पाण्डुलिपि बुझाएको केही दिनपछि अजित बरालले एउटा चिठी मेरो हातमा राखिदिनुभयो । जमलको किताब पसल एजुकेसनलमा त्यो चिठी दिनुभएको थियो । मैले त्यसलाई 'रिलिजन सेल्फ'तिर (काउन्टरभन्दा टाढा भएकाले) लगेर पढें । चिठी पढेपछि मलाई घर फर्किन मन लागेन । जाँदाजाँदै काठमाडौंले मलाई निले पनि हुने जस्तो लागिरह्यो । बीसको गतिमा म बाटोको किनारैकिनार साइकलझैं मोटरसाइकल गुडाएर घर फर्किएँ । बाटोभरि मलाई एउटै लाइनले हजार पटक कोर्रा हानिरह्यो । चिठीमा एउटा लाइन थियो, "भाषा त ध्वस्तै छ ।" बस्, यही लाइनले मेरो 'इगो'लाई नराम्ररी प्रहार गऱ्यो । मलाई अजित बराल, फाइनप्रिन्ट र त्यो लाइन प्रदान गर्ने एक जना पत्रकार साथीदेखि इख जाग्यो । त्यसपछि मैले प्रण गरें । राम्रो, मीठो सम्प्रेषणीय भाषा जेलाई भन्छन्, त्यसको हाराहारी पुग्न नेपालीमा छापिएका जेजे भेट्छु, सबै किताब चाटीचाटी पढ्नेछु । नेपाली भाषाको धुकधुकी समाउने प्रयास गर्नेछु र आफ्नै शैलीको भाषा निर्माण गर्नेछु । आज त्यही इखले गर्दा हो, नेपाली भाषामा अङ्ग्रेजीमा जस्तै आफूलाई व्यक्त गर्न सक्छु भन्ने आत्मविश्वास जागेको छ । चिठीको त्यही एउटा लाइनले मलाई पहाड खन्ने ऊर्जा दियो । त्यसका लागि पत्रकार साथी यज्ञशलाई धन्यवाद । अजित, तपाईंले पहिलो चोटि पाण्डुलिपि छाप्न अस्वीकार गरेकोमा धन्यवाद ।

त्यो चिठी दिएको अढाई वर्षपछि एउटा आइतबारको कुरो हो । बिहानको साढे सात बजेको थियो । अजितले मलाई फोन गरेर उपन्यास छाप्ने प्रस्ताव गर्नुभयो । त्यो प्रस्ताव त्यत्तिकै आएको थिएन । पहिलो पाण्डुलिपि धेरै पटक पुनर्लेखनको चरणबाट गुज्रिसकेको उहाँलाई थाहा थियो । बीचमा हामीले फस्ट लभ सङ्ग्रहमा पनि काम गरिसकेका थियौं । यिनै कुराले होला, अजितलाई मप्रति विश्वास जागेको वा भनौं न, उनले मलाई 'पत्याएको' । अनि उपन्यास छाप्ने प्रस्ताव यसपालि अजित आफैंले गरेकाले मेरो 'इगो'ले त्राण पायो । मैले हुन्छ भनें । आखिर मेरो पहिलो प्रेम फाइनप्रिन्ट नै थियो । आजको समयमा सबै त भन्दिनँ । तर प्रायः लेखकको पहिलो रोजाइ फाइनप्रिन्ट नै हो भन्दा म गलत हुँदिनँ ।

फाइनप्रिन्टसित छाप्ने सम्झौतापत्रमा हस्ताक्षर गरेपछि नीरज तिमीले भन्ठानेका थियौ, केही महिनामा पाण्डुलिपि बुझाउँछु भनेर । तर अफसोस, मैले अझ चार वर्ष लगाइदिएँ । ती चार वर्षमा तिमीले छिटो लेख्नुपर्‍यो भनेर मलाई कहिल्यै अत्याएनौ । जहाँ भेट्दा पनि यस विषयमा मुसुक्क हाँसिदिन्थ्यौ र हामी अन्य विषयतिर मोडिन्थ्यौं । त्यति धैर्य गरिदिएकोमा धन्यवाद । सिरहा-सप्तरी जाँदा घरमै ल्याएर दिएको त्यो 'सामान' केवल सामान मात्र थिएन । प्रकाशकभन्दा माथि उठेर देखाएको मानवीयता पनि थियो ।

मेरो पहिलो पाण्डुलिपि पढिदिने पुष्प आचार्य, खगेन्द्र लामिछाने, सुनिल पोखरेल र अनुप बराललाई धन्यवाद । नौ वर्षमा पटकपटक पुनर्लेखन गरिएको दोस्रो पाण्डुलिपि पढेर सल्लाहसुझाव दिने मित्र बुद्धिसागर, भाइ मित्र भवसागर घिमिरेलाई धेरै धन्यवाद ।

भाषा सम्पादनका लागि भूमीश्वर पौडेललाई धेरैधेरै धन्यवाद । शुद्धाशुद्धि हेरिदिनुभएकोमा मेदनीप्रसाद भण्डारीलाई पनि धन्यवाद । सुन्दर लेआउटका लागि सरोज रम्तेललाई पनि धन्यवाद । निक्की कायस्थलाई पनि धन्यवाद दिन चाहन्छु । किताबको बाहिरी आवरणको कल्पना, फोटोग्राफी र डिजाइन गर्ने असिम शाक्यलाई धन्यवादै धन्यवाद !

मैले रोजेको बाटोमा सफलतामा तौलिन मिल्ने 'परिणाम' नखोज्ने मेरी आमा कल्पनालाई हृयददेखि धन्यवाद । मेरो एकान्तिक कुनामा हल्ला नथोपर्ने, मेरो साधना भङ्ग नहोस् भनेर दुनियाँका लागि नपत्याउने बहाना बनाउने मेरी आमालाई धन्यवाद । 'रकचिक चाय' (रङ कडा चिनी कम)का लागि सुमित्रालाई धन्यवाद । घर र आमाप्रति मेरो भागको पनि जिम्मेवारी लिइदिएकोमा बहिनी सलोनी र ज्वाइँ सुभास रायमाझीलाई विशेष धन्यवाद ।

हजुरमुमा सरस्वती शाहलाई पनि कोटीकोटी नमन । निडर हुने पहिलो पाठ मैले तपाईंबाट सिकेकी हुँ । आफूमाथि पर्दा मात्र होइन, अरूमाथि अन्याय हुँदा पनि लड्नुपर्छ भन्ने तपाईंबाट सिकेकी हुँ । कखराभन्दा अगाडि सिकेका यी दुई पाठका लागि धन्यवाद मुमा ।

र अन्त्यमा, मेरो पवनलाई, जसले मलाई स्वास्नीको दायरमा नबाँधी लेखक बन्न छाडिदियो । हामी छुट्टिएर पनि एउटै भइरह्यौं, एउटै भएर पनि छुट्टिएका छौं । विवाहको व्याकरणमा नअट्ने यो अद्‌भूत, अड्बाङ्गे, सम्बन्धका लागि धन्यवाद प्रिय ।

**समूहका हाँगाबिँगा**

जनतान्त्रिक मधेस मुक्ति (सुतिहार समूह)

जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह)

जनतान्त्रिक मधेस मुक्ति (करेत समूह)

दलित प्यान्थर मोर्चा

मधेस जनतान्त्रिक सेना (ललन सिंह अर्थात् 'त्रिकाल')

**साल र घटना**

- २०५६ साल सिनो बहिष्कार आन्दोलन
- २०५८ साल झबर पासवान एकाएक गायब भएको
- २०५९ साल घुर्ना राम र झबर पासवानको फेरि भेट भएको
- २०६१ साल झबर पासवान सङ्ग्राम सुतिहारको 'जनतान्त्रिक मधेस मुक्ति'मा लागेको
- २०६२ साल झबर सङ्ग्रामबाट छुट्टिएर सुर्जा समूह बनाएको अर्थात् 'जनतान्त्रिक मधेस मुक्ति' (सुर्जा समूह)
- २०६३ साल पहिलो मधेस आन्दोलन
- २०६३ साल चैतमा गौरकाण्ड भएको
- २०६४ साल जेठमा ललन सिंहले घुर्नालाई पहिलो चोटि सम्पर्क गरेको
- २०६४ साल भदौमा काठमाडौँका तीन ठाउँमा शृङ्खलाबद्ध बम विस्फोट भएको
- २०६४ साल चैतमा पहिलो संविधानसभाको चुनाव

# काठमाडौंमा एक रात
# १०:०० बजे

**टङ्केश्वर मार्ग, कालिमाटी**

गोदाम गुम्सिएको छ । अँध्यारोमा गोदामका भित्ता, कुना र चेप खासखुस खासखुस गर्दै छन् ।

रामाले टर्च बाल्छ । टर्चको उज्यालोमा देखिन्छन्– जुटका बोरैबोरा । कतै खातमाथि खात लागेका । कतै उत्तानो लडेका ।

२५ किलोका ती बोरा मुरैका हुन् ।

देखिँदैनन्– गोदामभित्र चाल मारेर छिरेका घुर्ना, रामा र ट्रक ड्राइभर ।

कहिल्यै घाम नछिरेको जस्तो लाग्ने गोदाममा जुटको ओसिलो गन्ध आइराखेको छ । घुर्नालाई वर्षाको फुसैलो घरको गन्धझैं लाग्छ ।

टर्चको उज्यालोमा रामा र घुर्ना बोराहरू जाँच्न थाल्छन्, एकेक गर्दै । ट्रक ड्राइभर ढप्काएको ढोकानिर उभिएको छ, मोबाइलको स्क्रिन 'अन' गरेर । उसले बोकेको पोलिथिन ब्यागको खस्र्याकखुस्रुक सुनिन्छ ।

गोदाम मेनरोडबाट भित्र गल्लीमा पर्छ । गल्ली सामसुम भइसकेको छ । वरपरका गोदामहरूबाट मिल्किएका सामानहरूको डङ्गुरमा कुकुरहरूको झम्टाझम्टी र ङ्यार्रङ्गुर्र घरीघरी सुनिन्छ । मेनरोडमा गाडी र मोटरसाइकलको घ्यार्रघुर्र त्यति सुनिँदैन । बेलाबेला साइकलमा फलफूल बेच्नेहरूको हुल फर्किंदै

गरेको बरू सुनिन्छ । घरी त लाग्छ, तिनीहरू घुर्नाहरूतिरै आउँदै छन् । त्यति बेला टर्च बन्द गरेर तीनै जना टक्क अडिन्छन् । अनुहार नदेखिए पनि उनीहरू एकअर्काको स्वाँफ्वाँ सुन्न सक्छन् । उनीहरूको सास फेराइमा डर सुसाइराखेको प्रस्टै छ । तीमध्ये ट्रक ड्राइभर अलि बेसी नै आत्तिएको छ ।

"अलि छिटोछिटो गर्नुस्, दाजु," ड्राइभरले साउतीमा भन्छ ।

उसको साउतीको वास्ता नगरी घुर्ना र रामा चिह्न लगाएको बोरा खोज्दै छन् ।

"पक्का हैन ? रातो एक्सवाला बोरा ?" घुर्नाले सोध्छ । ट्रक ड्राइभरको साउतीले गर्दा उसको स्वर पनि एकाएक मसिनो हुन पुग्छ ।

"रातो एक्सवालै हो," रामाले गोदामभरि सरसर्ती टर्च घुमाउँछ ।

"के गर्नुहुन्छ, दाजु ? गोदाममा चोर पस्यो भनेर कोही आउन सक्छ । मरवाउनुहुन्छ के ?" ट्रक ड्राइभरको स्वर अलि खुल्छ ।

"कहीँ यताउति नराखेको होस् भनेर हेरेको," रामालाई सामानको चिन्ता छ ।

"अनलोड गर्दा मैले उः त्यतैतिर देखेको थिएँ," उनीहरू उभिएकोनिरै ट्रक ड्राइभरले मोबाइल हल्लाएर देखाउँछ ।

रामाले घुर्नालाई टर्च समाउन लगाउँछ । घुर्नाले बोराको थुप्रोमा टर्च देखाइराख्छ । रामाले बोराको घिच्रो समाउँदै जाँच्न थाल्छ ।

"मिल्यो, मिल्यो, 'चिह्न लगाएको ठाउँ तल परेको रैछ," छेउतिर लडेका चार ओटा बोरा पल्टाउँदै रामा भन्छ ।

"यो पकड्नुस् त," घुर्नाले ट्रक ड्राइभरलाई टर्च समाउन दिँदै भन्छ । ट्रक ड्राइभर हतारिएर अघि सर्छ र टर्चलाई बोरातिर सोझ्याउँछ । उसको छोटोछोटो सास फेराइले थाहा हुन्छ, ऊ हडबडाइराखेको छ ।

डर घुर्नालाई पनि नलागेको होइन । त्रासले घरीघरी उसको शरीर सिरिङ्ग नभएको पनि होइन । प्रहरीको फन्दामा कन्यापकुरूप परिने हो कि भन्ने त छँदै छ । त्योभन्दा बेसी जनतान्त्रिक मधेस मुक्ति सुर्जा समूहको निसानाबाट बच्दै हिँड्नुपरिराखेको छ । सुर्जा समूहबाट फरार भएदेखि तिनीहरूको सुटर जता पनि आफूलाई नै ढुकेर बसेझैं लाग्छ । तर डरैडरमा बसेको भए ऊ अहिले पनि गोबरगढाऽऽमै लुकिराखेको हुन्थ्यो । अब त ऊ जसोजसो पर्ला, उसोउसो टारौंला भन्दै आँटिएको छ ।

आफ्नो भागमा परेको बोरालाई अरू बोराहरूबाट घुर्नाले अलग्याउँछ । अनि ब्याकप्याकबाट छुरा निकालेर चिह्न लगाएका दुई बोरामध्ये एउटालाई बीचबाट चिर्छ । मुरैका दाना भुइँभरि छितरिन्छन् । असरल्ल सेता दानाले उसको आँखै तिर्मिराउँछ । एकछिन त लाग्छ, ऊ मुरैको भेलमा उभिएको छ ।

मुरैको थुप्रोमा ऊ चाँडोचाँडो पोका खोज्न थाल्छ । जिलेटिनको पोकामा उसको हात पर्छ । आफूले बोकेको ब्याकप्याकमा उसले त्यो पोका कोच्छ र अर्को बोरा आफूतिर तान्छ । त्यसलाई पनि बीचबाट च्यात्छ । मुरैको भेल अबचाहिँ सानोतिनो थुम्कै बन्छ । त्यसबाट इलेक्ट्रिक डेटोनेटरको पोका फेला पार्छ । त्योचाहिँ रामालाई दिन्छ राख्न ।

उता डेट्कर्ड तारको पोका निकालेर रामाले हुलिसकेको छ, आफ्नो ब्यागमा ।

"दाजुहरू अलि...," ट्रक ड्राइभरले छिटो गर्न दम दिन्छ ।

रामाले ट्रक ड्राइभरलाई दुइटा २५ किलोको बोरा दिन भन्छ । ट्रक ड्राइभरले आफूले समाइराखेको पोलिथिन ब्यागबाट बोरा निकाल्छ र रामालाई थमाउँछ । रामा र घुर्ना मिलेर मुरैलाई बोरामा हतारहतार हुल्छन् । घुर्नाले दुवै बोरालाई आफूले ल्याएको बोरा सिलाउने मोटो सियोले सिउँछ र च्यातिएको बोरालाई पोलिथिन ब्यागमा कोच्छ । बाँकी छरपस्टिएका मुरैका दानालाई रामाले किचेर धूलोपीठो बनाउँछ ।

काम सकाएपछि दुवैले बोराको थुप्रोमाथि टर्च देखाउँछन् । "ठीक छ हैन ?" रामाले ट्रक ड्राइभरलाई सोध्छ ।

ड्राइभर आफैंले पनि टर्चले जाँच्छ । ऊ धूलोपीठो बनेको मुरैतिर गढेर हेर्छ ।

रामाले ड्राइभरको ढाडमा धाप दिँदै भन्छ, "सब चल्छ । भन्दिनू नि केही ।"

ड्राइभर केही बोल्दैन । मानौं, ऊ ट्रान्सपोर्ट साहूको अनुहार सम्झिँदै छ ।

रामाले ब्यागबाट नोटको बिटा झिक्दै भन्छ, "र यो मिलाएर भयो ५० हजार ।"

ट्रक ड्राइभरले पैसालाई पाइन्टमा कोच्छ । उसको छोटोछोटो सास फेराइ उस्तै छ । "गन्नुस् न," रामाले भन्छ ।

"भो दाजु, यहाँ नगनम्, जाऊँ बरू ।" उनीहरू तीनै जना गोदामबाट निस्किन्छन् ।

गल्ली अँध्यारोले डसेको छ । उनीहरूका लागि सुरक्षाकवच बनेको छ, लोडसेडिङ ।

गोदामको पर्खालमा अड्याएको मोटरसाइकलतिर रामा लम्किन्छ । पछिल्तिरबाट ट्रक ड्राइभरले घुर्नालाई सोध्छ, "दाजु, त्यो पोकाहरूमा के छ ?"

रामाले हत्तपत्त जवाफ दिन्छ, "त्यही अस्ति भनेको कट्टुवा र मसलाहरू छन् । कसैलाई यहाँ जरूरत पडिहाल्यो ।"

ड्राइभर चुइँक्क बोल्दैन । उसले पत्याएन सायद ।

रामाले मोटरसाइकल स्टार्ट गर्छ । घुर्ना ब्याकप्याक बोकेर पछाडि बस्छ ।

"अच्छा, हामी गइरहेछौं । तपाईंलाई कुछ पता छैन है त ?" रामाले भन्छ । उसको बोलीमा चेतावनी छ । तर प्रतिक्रियामा ड्राइभरको हुन्छ, हुँदैन केही सुनिँदैन । सुनिन्छ केवल मोटरसाइकलको घ्यार्रघ्यार्र मात्र ।

हुन्छ त भन्यो होला– अनुमानका भरमा छाडिदिन्छन् ती दुईले । अँध्यारो, त्यसमाथि हतार । खुट्याउन कसलाई फुर्सद ।

मोटरसाइकलको ब्याक लाइट अँध्यारोमा टाढिँदै जान्छ । ट्रक ड्राइभरले हेरिराख्छ उनीहरू गएको । ब्याक लाइटको रातो बत्ती थोप्ला हुँदै ओझेल हुन्छ, सहरभित्र ।

त्यसपछि सुरू हुन्छ, उल्टो गन्ती काठमाडौंको– १०... ९... ८... ७... ६...

# काठमाडौंमा एक दिन

१० भदौ, २०६४

# ६:०० बजे

घुर्नाले पर्दा तान्छ । काठमाडौंको अल्छी बिहान कोठामा छिर्छ ।

दुई दिनअघि घुर्ना काठमाडौं आइपुगेको थियो । आएको रात उसलाई रामाको डेरामा टाइम बम बनाउनुपर्‍यो । हिजो साँझदेखि हो, सुन्धाराको अशोका लजमा ऊ सरेको । त्यहाँ ऊ रातभरि सुत्न सकेको थिएन ।

कारण खासै विशेष थिएन । तर मनको शङ्का न हो, जुन सुरू भएको थियो, लजको कोठा छिरेदेखि ।

ताल्चा खोलेर भित्र छिर्दा कोठामा चुरोटको गन्ध ठुस्स आएको थियो । हुन त यतिका वर्षसम्म घुर्नालाई चुरोटको गन्धदेखि आपत्ति थिएन । चुरोटको लत नभए पनि उसलाई चुरोटको ठुटाबाट आउने गन्धले खाउँखाउँ लाग्थ्यो, बाबुको सम्झनासित जोडिने भएर होला । मध्याह्नमा बाबु अधिकलाल खेतको आलीमा बसेर बिंडी पिउँथे । सखुवाको पातमा सुर्ती भरेको बिंडी पिउँदा यस्तैयस्तै बास्ना आउँथ्यो । चुरोटको धूवाँ जस्तो कडा त होइन । केही मिल्दोजुल्दो ।

भोलिसम्म यहीं झ्यालढोका डामडुम्म थुनेर बस्नुपर्ने सम्झिएर ऊ थिग्रिएको धूवाँको गन्धले निस्सासिएझैं भयो । उसलाई फिटिक्कै कोठामा बस्न मन लागेन ।

घुर्नाले आफू पछिपछि आएको कामदारलाई सोध्यो, "अर्को कोठा खाली छ ।"

पातलो सिरक काँधमा लिएर उभिएको कामदारले 'छैन' भन्यो । घुर्नाको केही लागेन, ऊ चुपचाप कोठालाई जाँच्नबुझ्न थाल्यो ।

पुरानो अखबारको रङ बिस्तारै फेरिँदै गएझैं कोठाका भित्तामा पोतिएको घिउ रङको चहक हराउँदै गएको थियो । खाट, टिभी र एउटा जामुनी रङको कुर्सी मात्र थियो कोठामा । अर्थात्, कोठा कामचलाउ थियो । हुन त उसलाई अरू चाहिएको पनि होइन, एकान्तबाहेक ।

ढोकामा उभिएर कोठालाई नियालेपछि ऊ झ्यालतिर गयो । यसो पर्दाबाट चियायो । बाहिरको दृश्यसँग उसलाई कुनै लेनादेना थिएन । त्यसैले उसले त्यहीँ उभिएर खाट र टिभीतिर हेऱ्यो । त्यसपछि उसले कामदारलाई सिरक राखेर जान भन्यो । अनि ढोकाको चुकुल लगाउनासाथ घुर्नाले पलङमुनि पनि चियायो ।

अरू बेलाको कुरो अर्कै हो । यसपालि ऊ जुन कामका लागि काठमाडौं आएको छ । सरिराखेको नयाँ ठाउँ र अपरिचित मान्छेदेखि सशङ्कित हुन थालेको छ ।

पलङमुनि तीन पर्त धूलो र एउटा प्लास्टिकको खोस्टा थियो । परागसरागको होला भनेर उसले नियालेर हेऱ्यो । 'फायर' लेखेको कन्डमको खोस्टा रहेछ । त्यहाँ मिल्किएको धेरै भएको थिएन जस्तो थियो । धूलोमाथि परेको खोस्टा तरलयुक्त र चिल्लै थियो । उसलाई बेकारमा हेरे जस्तो लाग्यो ।

त्यसपछि त खाटमा बस्दा घुर्नालाई खसखस र दिगमिगले लखेट्न सुरू गऱ्यो । तन्नामा देखिने खुइलिएको बुट्टादेखि फुस्रो धब्बासम्म सबै आलो टाटो जस्तो लाग्न थाल्यो । जीउ सकसकाएर सुत्न नसक्ने भयो । यसो आँखा लाग्लालाग्ला जस्तो हुँदा च्यादरले खुट्टादेखि शिरसम्म ओढेर सुत्न खोज्थ्यो । तर लजको ढुसी गन्हाउने पातलो सिरकको खार लागेर उसको घाँटी खसखसाउन थाल्थ्यो । अनि छातीसम्म मात्र च्यादर ओढ्न खोज्दा कानमा लामखुट्टेको कुइँऽऽइँऽ सुरू हुन्थ्यो । त्यसमाथि करिडरमा पदचापको सन्याकसुरूक सुन्दा केही बेर एकोहोरिन्थ्यो ऊ, कोही आफ्नो ढोकातिर आएको हो कि होइन भनेर ठम्याउन्न । यसैगरी घरी केले, घरी केले उसलाई निदाउनै सास्ती भएको थियो ।

बिहानीपख घुर्नाको अधकल्चो निद्रा फेरि टुटेको छ, बाटोको कल्याङमल्याङले । कतिन्जेल भित्ता र सिलिङतिर टोलाएर बसोस्, पर्दा उघारेर ऊ झ्यालनिरै उभिएको छ । र नियाल्दै छ, काठमाडौंको बिहानलाई लजको तेस्रो तलाबाट ।

०५९ सालमै ऊ काठमाडौं आइसकेको थियो । माओवादी र शाही सरकारको युद्धविराम थियो, त्यति बेला । माओवादीको खुलामञ्चको कार्यक्रमका लागि आउँदा झबर पासवानले उसलाई पनि सँगै ल्याएका थिए । माओवादीको कार्यक्रमका लागि ओसारिएका मान्छेहरूसँगै ऊ काठमाडौंसम्म आएको थियो । सिरहाबाट आउनेहरू प्रायः गौशालाको मिथिलेश लजमा थुप्रिएका थिए । लजको 'कमन रूम'मा १५ जनासित घुर्ना पनि लहरै सुतेको थियो । सुत्यो के भन्नु, रात काटेको थियो । रातभरि मच्छड भगाउने जिलेबी धूप परबाट वर तान्दै र वरबाट पर सार्दै बितेको थियो ।

धुलिएको सिसाबाट घुर्ना तल सडकछेउको चिया पसलतिर हेर्दै छ । पेटीमा चिया बनाइराखेको साहू दम दिने स्टोभअगाडि मुढामा बसेको छ । घुम्ती चिया पसलमा ग्राहकहरू झुम्मिएका छन् । कोही काखीमा दाम्लो च्यापेका भरियाहरू छन् । कोही घरायसी सामान मर्मत गर्ने मधेसी मूलकाहरू छन् । जो पित्तले स्टोभको पुर्जा र प्रेसर कुकरको रबर लिएर उभिएका छन् । सँगै उभिए पनि उनीहरू एकअर्काबाट एक्ला छन् र नबोली चिया सुरूप्प पार्दै छन् । तातो चिया पिइराखेका ती जनहरूलाई सहरको चिसो आत्मीयताले जोडेको छ ।

घुर्नालाई पनि चियाको तलतल लाग्छ । कचल्टिएको निद्राबाट तरोताजा हुन उसलाई चियाको बाफ सुँघ्न मन लाग्छ । तर लजबाट भित्रबाहिर गरिराख्दा उसलाई लाग्छ, नचाहिने वास्ता आइलाग्ला । ऊ जहाँको त्यहीँ अडिन्छ । र हेरिराख्छ लोभिँदै, चिया पसलमा थपिँदै गएका ग्राहकहरूलाई ।

लामो हाई काढेर ओछ्यानमा फर्किन लाग्दा घुर्नाले तल देख्छ, चिया पसलेले डेन्ड्राइट सुँघी हिँड्ने किशोरहरूलाई धपाइराखेको । ती फुच्चेहरू घरी दूधको खोस्टा बटुल्छन् । घरी ग्राहक अघि हात पसार्छन् । चिया पसलेले धपाउँदा जिब्रो देखाएर जिस्काउन थाल्छन् । ग्राहकहरूले धपाउँदा भने उनीहरू परपर लाग्छन् । र गएर मिसिन्छन् सडकछेउ थुप्रिएको फोहोर खोस्रिराखेका ठिटाहरूमाझ । ठिटाहरू फोहोरको डङ्गुरबाट केके जाति बटुल्दै बोरामा हाल्दै छन् ।

उनीहरूले बटुलिराखेको चीजबीजसित घुर्नालाई कुनै वास्ता छैन । ऊ त उनीहरूको लगन देखेर आफैंलाई सम्झँदै छ । जसरी उनीहरू निहुरिएर

भुइँमै एकोहोरिएका छन्, त्यसरी नै ऊ गिरहतको खेतमा मग्न भएर लोरहाऽ टिप्ने गर्थ्यो ।

मङ्सिर-पुसमा धान काट्ने बेला बाबुआमाले गिरहतको धान काटेपछि घुर्ना लोरहाऽ टिप्न जान्थ्यो । बाली काटिएको बुच्चो खेतमा ऊ घण्टौं भुइँमा घोप्टिइराख्थ्यो । र एकएक धान टिप्दै बनियाइनमा बटुल्थ्यो ।

छुटेका बाला पाउँदा नीलकण्ठ चरालाई सम्झिन्थ्यो । भाग्यमानी बनाउने नीलकण्ठलाई सम्झेर कामना गर्थ्यो, फेरि पनि धानको बाला भेट्टाउने भाग्यमानी हुन पाइयोस् । कनिकुथी एकआध पाउजति हुँदा दौडिएर ऊ पसलमा बेच्न जान्थ्यो अनि आएको पैसाले बरफ किनेर खान्थ्यो । तर आमाले सम्झाएपछि उसले बरफ किन्न छाड्यो । बटुलेको लोरहाऽ घरमा ल्याई जम्मा गर्न थाल्यो । त्यसले तिनीहरूको एक छाक भए पनि टर्थ्यो ।

धानका एकएक दाना, एकएक गाँसभन्दा कम थिएनन् । भँगेराले टिपेर भुर्र उड्दा घुर्ना थकथकाउँथ्यो, एक दाना भए पनि घट्यो भनेर । त्यसपछि ऊ हतारिएर अरू दाना टिप्न सुरिन्थ्यो । तर डर भँगेराभन्दा पनि गिरहतको छोरा मन्टु बाबुसित हुन्थ्यो । एकदुई पटक मन्टुले जम्मा पारेको लोरहाऽको पोका लुटेर लगेको थियो । अझ उल्टै 'चमरा' भनेर जात काढ्दै गाली पनि गरेको थियो ।

एक दिन लुट्न खोज्दा घुर्नाले मन्टुलाई धकेलेर लडाइदिएको थियो । त्यसपछि कुरो गिरहतमा पुगेको थियो । उनले घुर्नाको बाबु अधिकलाललाई आक्षेप लगाए– धान काट्दा जानेरै बालाहरू खेतमा छाडिदिएको । पछि छोराले आएर टिपोस् भनेर । त्यसपछि...

घुर्ना सोच्न चाहन्न त्यसपछिको कुरा । आजदेखि ऊ नयाँ अध्याय सुरू गर्न जाँदै छ । दलित प्यान्थर मोर्चाको ।

दलित प्यान्थर मोर्चा ! घुर्नाले मनमनै पार्टीको नाम दोहोऱ्याउँछ र विजयी भावले भरिन्छ । सबै चीज सोचे जस्तो नभए पनि, चाहे जस्तो भइराखेको छ । यति नै भइदियोस्, हाललाई यही काफी छ ।

झ्यालनिर उभिइराखेको घुर्नाले कुर्सीमा राखेको ब्याकप्याकतिर हेर्छ । ब्याकप्याकमा पर्चाको बुङ छ । आज बम विस्फोट गर्दा छर्ने दलित प्यान्थर मोर्चाका पर्चा हुन् ती । घुर्ना झ्यालबाट कुर्सीनिर आउँछ । र ब्यागबाट पर्चाको बुङ निकाल्छ ।

तीन ठाउँमा छर्न ३० ओटा पर्चा लिएर आएको छ, उसले । पर्चाको बुङबाट एउटा स्वाट्ट तान्छ । र पढ्न थाल्छ, आफैंले तयार पारेको पर्चा ।

*"तीन ओटा संविधान (२०२०, २०४७, २०६३) बन्यो । ऐनकानुन बने । तर जातीय छुवाछूतको अन्त्य भएन । ऐनहरू संविधानको अनुहार सिँगार्ने गहनाका लागि बनाइएको थियो । परिवर्तन कसरी आउँथ्यो ? समय घर्किइसकेको छ, अब हामीलाई परिवर्तन होइन, क्रान्ति चाहिएको छ, जुन दलित आयोगले ल्याउन सक्दैन । एनजिओको खल्तीले धान्दैन । किनभने क्रान्तिलाई बलिदानी चाहिन्छ, जुन हामी दिन तयार छौं । त्यसैले... ।"*

कतिऔं पटक पढिसकेको 'पृष्ठभूमि' पढेर ऊ पर्चाको बीचतिर छापिएको 'उद्देश्य'का हरफ पढ्न थाल्छ ।

पढ्दै गर्दा उसले आफैंलाई सोध्छ । के साँच्चै यो जुनीमा उसले परिवर्तन हेर्न पाउनेछ ? आफैलाई विश्वास नभएझैं मनले खुसुक्क गर्छ– गाह्रै छ ।

त्यसो भए झबर पासवानले भनेको जस्तो दलित प्यान्थर मोर्चा उसको लहड मात्र हो त ?

लहडै सही, हाललाई योभन्दा बेसी सोच्यो भने सोचाइहरूले सोची नै रहने बनाउन सक्छन् । उसले 'सङ्घर्षका कार्यक्रमहरू' लेखिएको बुँदा खर्र हेर्छ । थकाइको सास आफ से आफ फुस्किन्छ । सोच्छ, 'सङ्घर्षका कार्यक्रम'सम्म पुग्न पनि लामै सङ्घर्ष बाँकी छ । अहिले त मोर्चामा ऊ र छठु 'बागी' मात्रै छन् । किनभने आजको मितिमा दलित प्यान्थर मोर्चा भनेको 'लेटरप्याड समूह' हो ।

चल्तीको बुझाइमा 'लेटरप्याड समूह' भनेको मुट्ठीभर मान्छेहरू मिलेर बनेको समूह हो । सङ्गठनको नाममा लेटरप्याड, छाप र चन्दा रसिद भएको समूह । मधेसको सशस्त्र विद्रोहको नाममा समूह खोल्ने र चन्दाको धन्दामा लाग्नेहरूको समूह ।

यो बाटो घुर्नाले लिन चाहेको थिएन । तर परिस्थितिले घेर्दै ल्याउँदा यो 'सर्टकर्ट' नलिई धरै भएन । यति आँट पनि सर्लाहीको बबन सदाको फल्दोफुल्दो करेत समूहलाई हेरेर आएको । बबनले उसलाई भनेको थियो– झबर पासवानको सुर्जा समूहबाट छुट्टिएर करेत समूह बनाउँदा हामी तीन जना मात्र थियौं ।

लेटरप्याड समूहजस्तै सुरू गरेको करेत समूहले छोटो समयमै सङ्गठनको रूप लिन थालेको थियो । त्यही समूहको सिको गरेर घुर्नाले पनि छठु 'बागी'सित मिलेर दलित प्यान्थर मोर्चा खोल्ने निधो गरेको थियो । कुनौलीमा ललन सिंहलाई भेटेपछि यस्तो 'सर्टकर्ट' लिन ऊ झनै जुर्मुराएको थियो । किनभने ललन सिंहको मधेस जनतान्त्रिक सेनासँग सहकार्य गरेर ऊ फड्को मार्न चाहन्थ्यो ।

छठु 'बागी'ले मानेको थिएन । दुवै जना सुर्जा समूहमा हुँदा घुर्नाले दलित प्यान्थर मोर्चा खोल्ने अर्कै योजना सुनाएको थियो । तर अहिले सुर्जा समूहबाट दुवै जना भागेर गोबरगढाऽऽमा लुकेर बस्दा घुर्ना लेटरप्याड समूहहरूले लिने 'सर्टकर्ट' लिऊँ भन्दै थियो । खासमा घुर्नाले सुर्जा समूहबाट भाग्दै हिँड्ने परिस्थितिबाट उम्किन पनि दलित प्यान्थर मोर्चा खोलिहालौं भनेको थियो ।

तर छठुले दुई जना मात्र भएको दलित प्यान्थर मोर्चा कस्तो खाले समूह भनेर चिनिने हो ? भन्दै त्यस्को वैधतामाथि प्रश्न गरेको थियो ।

हामी जस्तालाई 'लेटरप्याड समूह' भनिन्छ भनेर घुर्नालाई भन्न मन लागेको थियो । तर घुर्ना आफूहरू 'लेटरप्याड समूह'मा दरिन चाहँदैनथ्यो । वास्तविकता त्यही भए पनि ती शब्द उच्चारण गर्न ऊ हिच्किचायो । बरू उसले सम्झायो । बबन सदाले कसरी तीन जनाबाट करेत समूहलाई विस्तार गर्दै लगेको उदाहरण दिएर ।

भावीको दलित प्यान्थर मोर्चा सम्झेर छठुले घुर्नाको प्रस्ताव चुपचाप स्विकाऱ्यो । तर असन्तुष्टि उसको अनुहारमा झल्किएको थियो । विशेष उसका आँखामा ।

देब्रेपट्टिको उसको आँखा डेडो थियो । चित्त नबुझ्दा त्यो आँखाको नानी एकै बिन्दुमा थिर हुन्थ्यो । घुर्नाको कुरामा विश्वस्त नभएको छठुको अनुहार घुर्ना काठमाडौंका लागि गाडी चढ्दा पनि यथावतै थियो ।

घुर्नालाई भने आफ्नो योजनामा पक्का विश्वास थियो ।

र, आज उनीहरू दुई जना मात्र भएको समूहको नाम साँझसम्म सार्वजनिक हुनेछ । मधेस जनतान्त्रिक सेनासँग उनीहरूले गरेको सहकार्य घुर्नालाई फेरि पनि ठीक लाग्छ । गोबरगढाऽऽमा दुप्केर बस्नुभन्दा परिस्थितिलाई चिरेर अगाडि बढ्दा नै बेस !

पर्चाको मसिनो अक्षरले हुन सक्छ, घुर्नाको आँखा पिरो हुँदै आउँछ । उसले पर्चालाई सिराननिर राख्छ र ब्याकप्याकमा राखेको ६० हजार हात घुसारेर छाम्छ । जसरी राखेको थियो, त्यस्तै छ पैसाको बिटो । तातो, खस्रो र गह्रौं । ऊ खाटमा ढल्किन्छ । आँखाको विष मार्न आँखा चिम्लन्छ । बिस्तारै ऊ लोलाउन थाल्छ । नानाभाँती सकसकले उसको जीउ कताकता चिलाएझैं हुन्छ । तर भ्रमलाई कन्याउन ऊसँग जाँगर छैन ।

बरू सुनिराख्छ, गाडीको घाइँघुइँसँग मिसिएर आएको रेडियोको अस्पष्ट आवाज । प्रेसर कुकरका सिठी । स्कुल जाने बच्चाहरूको कल्याङमल्याङ । ट्र्याक्टरको घ्याटघ्याट...

थपिँदै जोल्टिँदै गएका आवाजहरू एउटै ध्वनि जस्तो सुनिन थाल्छन् । व्यस्त दिनको सुरूवातको ध्वनि । फरक पर्दैन तर घुर्नालाई । ऊ निद्राले लड्डिन्छ । रातभर निदाउन नसकेको खाटमा ऊ निदाउँछ मस्तसाथ ।

# १०:०० बजे

ब्याकप्याक बोकेर घुर्ना लजको कोठाबाट निस्किन्छ । समय अभावले ऊ हतारिएको छ । बिहानपख उँघ्दा देखेको सपनाले उसको मनस्थिति खलबलिएको पनि छ ।

सपनामा ऊ रामाको कोठामा बम बनाउँदै थियो । तर टाइम बमलाई डेट्कर्डले बेर्ने बेला ऊ आफैं त्यसमा बेरिँदै गएको थियो । जति सुल्झायो, त्यति नै जेलिँदै गएको थियो । भाग्न खोज्दा पनि भाग्नै नसकेको । ब्यूँझिँदा ऊ खङरङ्ग भएको थियो । सातो गए जस्तो ।

आज पड्काउने टाइम बमको समय आफूले सेट गर्न नपाउने भएर होला घुर्नालाई कुटुकुटु खाइराखेको । त्यसको जिम्मा रामा र उसका साथीहरूले लिएका छन् । लग्दालग्दै पड्क्यो भने ? वा पड्किँदै नपड्क्यो भने ? यस्तैयस्तै कुराले उसको मन अस्थिर भएको छ अस्तिबाट । त्यही पिरलोले गर्दा बिहान त्यस्तो सपना देख्यो कि ? यसो भन्दै ऊ बेवास्ता गर्न चाहन्छ । तर सक्दैन ।

कोठामा चाबी लगाएर घुर्ना तल ओर्लिन्छ । भऱ्याङमा लजका केही गेस्टहरू उक्लँदै छन् । तिनीहरूको सामु पर्दा ऊ निहुरमुन्टे हुन्छ, कसैलाई पनि आफ्नो अनुहार याद नहोस् भनेर ।

उसो त घुर्नाको मुहार झट्ट हेर्दा फोटो स्टुडियोमा पासपोर्ट साइजको नमुनाका लागि राखिएको मान्छेहरूको अनुहार जस्तो छ । अरूभन्दा भिन्न भए पनि उस्तै देखिने, जसमा सबैको दृष्टि जान्छ तर आँखामा बस्दैन ।

तर घुर्नाको मुहार नियालिरहेमा उसको श्यामलो वर्णमा लुकेका विशिष्टताहरू खुल्दै आउँछन् । उसका आँखा मिथिला चित्रकलामा चित्रित मानिसका आँखाझैं तीखा र बान्की परेका छन् । ती आखाँहरूलाई सन्तुलित

गरेको छ, छोटो सुलुत्त परेको नाकले । र उसको पुट्ट उठेको ओठले अनुहारमा हिस्सीपन थपेको छ ।

"तिमी त चमार जस्तो छैनौ," रामलीला कम्पनीमा काम गर्दा बटेसरले भन्ने गर्थ्यो । बटेसर प्रायः सीताको 'सखी'को भूमिका गर्थ्यो । नत्र अरू बेला नाच्थ्यो केटी बनेर । दुवै जना शुकदेव ठाकुर रामलीला कम्पनीमा काम गर्थे । बटेसरले त्यसो भन्दा घुर्ना मख्ख पर्थ्यो, 'चमार' जस्तो नदेखिएकोमा । बटेसरले नै घुर्नालाई देउताको रोलका लागि सिफारिस गरेको थियो । कम्पनीका निर्देशक व्यासजी मानेनन् । उनले भने– देउता जस्तो उज्यालो रूप छैन घुर्नाको ।

नभइराखोस् ! यसै पनि अभिनय गर्न मन लागेको भूमिका त उसलाई रावणको हो । तर व्यासजीले भने– रावणको जस्तो रवाफ छैन तिमीमा । उसले आफ्नो मरन्च्याँसे शरीर एकफेर हेरेको थियो र सोचेको थियो– जीउ फुक्न कति बेर लाग्छ र । एक न एक दिन रावण बनेर होहो र हाहा गर्दै मञ्चमा उत्रिएरै छाड्नेछु ।

तर दुईदुई ओटा रामलीमा कम्पनीमा काम गर्दा पनि उसले रावण बन्ने अवसर पाएन । अझ शुकदेव ठाकुर रामलीला कम्पनीमा काम गरून्जेल उसलाई नचनियाँ बनेर नै नाचिरहनुपऱ्यो, जसबारे ऊ सोच्न नि चाहन्न ।

घुर्ना भुइँतला नै पुगिसकेको छ । अन्तिम खुट्किलोबाट झर्दा ऊ आफूलाई हात धुने बेसिनको ऐनामा हेर्न पुग्छ । ऐना हेर्दा ऊ झस्किन्छ । गोबरगढाऽऽमा लुकेदेखि पालेको दाह्रीजुँगा उसले काठमाडौं आउँदा खौरिएको थियो । सफाचट देखिएको दुई दिन मात्र भएकाले होला, आफ्नै प्रतिबिम्बमा उसले अर्कैको आभास पाउँछ ।

मानौं, आफ्नो काँधपछाडि कोही अर्कै उभिइराखेको छ ।

झसङ्गिएर घुर्नाको सास स्वाट्टै माथि चढ्छ । सम्हालिएर ऊ फेरि ऐनातिर हेर्छ । पुछ्न नपुगेको धमिलो ऐनाले उसको सातो फिर्ता गर्छ । बल्ल ऊ लजको लाउन्जतिर पुलुक्क हेर्छ । रिसेप्सनमा बस्ने केटोबाहेक त्यहाँ अरू छैनन् । केटो काउन्टरछेउमा राखिएको टिभीमै मस्त छ ।

कोठाको चाभी काउन्टरमा नबुझाई घुर्ना लुसुक्क निस्कन थाल्छ । ऊ त्यसरी जाँदै गरेको देखेर केटोले सोध्न खोज्छ, खानासाना र कहिले फर्किनेबारे । तर अनकनाउँछ । उसले सम्झिन्छ, हिजो लजको रजिस्टरमा ठेगाना लेख भन्दा वास्ता नगरेको र मोबाइल नम्बर माग्दा पनि छैन भनेको घुर्नाको अडबाङ्गेपन । त्यसैले केटो कर्के नजरले ऊ गएतिर केवल हेरिराख्छ ।

घुर्ना भोटेबहालको खरिबोटमा पुग्छ ।

खरिबोट चोकबाट तिनटा बाटा निस्कन्छन् । सीधा बाटो धरहरा । दायाँ लगनटोल र बायाँ टेकु । ऊ धरहरा निस्किने बाटोको वारिपट्टि उभिएर मोबाइल लगाउँछ । "म प्यान्थर... आइसकें... देर भएन ?" भुइँतिर घोप्टिँदै उसले मोबाइल कानमा जोत्छ, "कहाँ हो ?... वहीँ... ल ल जल्दी आइहाल... ।"

बम बनाउन भाडामा लिएको भीमसेनगोलाको डेराबाट रामा आउँदै छ । आजदेखि कोठा छाड्ने भएकाले टाकटुक मिलाएर आउन समय लागेको होला । घुर्नाले अनुमान लगाउँछ ।

१० बजेर २० मिनेट गइसकेछ । घुर्नाले मोबाइलमा समय हेर्छ ।

११ र दुई बजेबीच 'मधेस जनतान्त्रिक सेना'को अध्यक्ष ललन सिंहलाई भेट्नुपर्नेछ । घुर्नाहरूको 'दलित प्यान्थर मोर्चा'को पर्चा दिन । घुर्नालाई ललनकहाँ रामाले नै पुर्‍याउँदै छ । उही रामा जोसँग मिलेर घुर्नाले बम बनाउने मसला काठमाडौं ओसार्‍यो ।

ललनको दाहिने हात रामा सहनी । मधेस जनतान्त्रिक सेनाको सैन्य कमान्डर, जो 'विक्रान्त'को उपनामले चिनिन्छ ।

डेढ महिनाअघि आजको योजनाको खाका बनेको थियो, सप्तरीको सखरदही र भारतको कुनौलीमा । योजनामा दुइटा समूहको संलग्नता छ– ललनको 'मधेस जनतान्त्रिक सेना' र घुर्नाको 'दलित प्यान्थर मोर्चा' । जसलाई उनीहरूले राजनीतिक चलनचल्तीको शीर्षक दिएका छन्– 'सहकार्य' ।

खरिबोट चोकमा उभिएर घुर्नाले आँखाले भ्याएसम्म हेर्छ, एक कुनादेखि अर्को कुनासम्म । धरहरातिर तेर्सिएको बाटोमा जुत्ताचप्पल मर्मत गर्ने कालिगड बसेको छ । ग्राहक नआएकाले च्यापु घुँडामा अड्याएर ऊ सुन्धारातिरै हेर्दै छ ।

घुर्ना आफू आएको अलकत्रा उप्किएको बाटोतिर हेर्छ । बाटोको दुवैतिर होटल र लजहरू लहरै उभिएका छन् । टेकु तेर्सिने बाटोतिर हेर्दा नि अरू गल्लीभन्दा खासै फरक देख्दैन ।

अघिल्तिरको खरिबोट चौतारोमा हजामले सैलुन थापेको छ । जहाँ पनि खोल्न थन्काउन मिल्ने रोडसाइड सैलुन । त्यतिन्जेल ग्राहक नआएकाले हजाम ऐना टल्काउँदै बसेको छ ।

हिजो साँझ यही चोकमा मान्छेहरू यताउता चारैतिर देखिन्थे । खालीखाली लागेर घुर्नाले सोच्छ । तर अहिले लाग्दैन यो हिजैको चोक हो । खै कुन गल्ली र दुलाबाट मान्छेहरू स्याउँस्याउँती निस्केर बाटो साँघुरो बनाएका थिए ।

चौतारोको सैलुनमा एउटा ग्राहक आइपुग्छ । हजाम मोबिल हालेको मेसिनझैं चलायमान हुन्छ । घुर्नाको ध्यान उसमै अल्झिन्छ ।

दाह्री काट्न ठिक्क परेको हजाम ग्राहकको मुहारमा सेभिङ क्रिम दल्दै छ । होचो काठको बाकसमा बसेको ग्राहक ओठ च्यापेर मुहार थापिराखेको छ । जसै हजामले बिँडबाट उस्तुरा सोझ्याउँछ, घुर्नालाई झझल्को आउँछ– रामपुरी चक्कुको । हजामले उस्तुराको धार हत्केलामा साँध लगाएझैं ओर्काउनफर्काउन थाल्छ ।

घुर्नालाई सम्झना आउँछ पहिलो पल्ट सिनो काढेको–

–दुइटै हात सिनोको आलो रगतले च्यापच्याप भएको ।

हातबाट चिप्लिराखेको छुरीलाई च्याप्प समाएर छाला काढ्न खोज्दा छुरी चिप्लिएर हत्केला नै स्वाट्ट चिरिएको, रगत भलभलिएर उसको रगत सिनोको रगतसँगै मिसिएको ।

केराको पातमा आफ्नो भागको मासु पाउँदा, सिनोको ह्याकुला र चापको मासुमा आफ्नै रगत गन्हाइराखेझैं दिगमिगाएको–

त्यति बेला ऊ १९ वर्षको थियो । गाउँमा मरेको भैंसीको सिनो फाल्ने पालो भोला काकाको थियो । चलनअनुसार उसको घरबाट बाबु पनि जानुपर्थ्यो, जसरी उसको बाबुको पालामा अरू पनि आइदिन्थे । तर त्यस दिन उसका बाबु पाहुना मान्न सप्तरी गएका थिए । परेन फसाद । त्यसै त चमार चलनअनुसार दसैंमा ढोल बजाउन जाँदा उपल्ला जातका केटाकेटीहरूले उसलाई 'ढोलपिट्टा' भनेर गिज्याउँथे । झन् सिनो उठाएको देखेमा टिक्न नसक्ने गरी टोक्ने हुन् । सम्झेर ऊ खुम्चियो ।

घुर्नाले जान्नँ भनेर अड्डी लियो । आमाले सम्झाइन्, फकाइफुल्याइन् पनि । घुर्नाका आँखामा आँसु टिलपिलाउन थाले । समस्या बुझाउन नसकेर

ऊ छटपटिएको थियो । यस्तो भावुकताले आमालाई छोएन । बिरादरीको कुरा थियो । उनी बरू आफैलाई धिक्कार्न थालिन्, घुर्नो पिलपिलाएको देखेर । दिग्दारीको सुस्केरा भर्दै उनी झोक्राइरहिन् ।

घुर्नालाई ननिको लाग्यो । आफूलाई नबुझिदिएकोमा मन भाँचियो । अनि एउटै छोरो भएको बाध्यताले उसलाई जानैपर्‍यो ।

सिनोलाई बाँसको भाटामा बोकेर जाँदा ऊभित्रको जाँगर पूरै मरिसकेको थियो । सिनो उठाउने जातको दोष थियो वा उठाएबापत हेप्ने समाजको– ऊसँग उत्तर थिएन । सजिलो उत्तर नभएको प्रश्नमा घुर्ना घोत्लिएन । उसलाई त बाबुदेखि रिस उठेको थियो, घरमा नभइदिएकाले । आमाले कुरा नबुझेको देखेर चित्त दुखेको थियो । यसो र उसो गर भन्दै अराउपराउ गर्ने भोला काकादेखि पनि चिढचिढ भइराखेको थियो । त्यसमाथि गाउँका ठिटा भुराहरू चमार टोल छुट्टिने डगरमा रमिते भई जम्मा भएका थिए । उसले डगरतिर आँखा सोझ्याउन पनि सकेन ।

सिनोलाई गाउँपछाडिको मैदानमा लगियो । पहिला कागका झुन्डहरू आए । त्यसपछि गिद्धहरू आइपुगे र वरिपरि घेरा लगाउन थाले । पछि लागेर आएका चमार टोलका बच्चाहरूलाई गिद्ध धपाउन भनियो । डराइडराई उनीहरू ढुङ्गा लिएर खेदाउन थाले । कतै आँखा नै नफुटाइदिऊन् ती गिद्धहरूले । ढिठ गिद्धहरू नउडी हाँसको चालमा अलि परपर मात्र सर्थे । तीमध्येको ढेडु केटोले नडराई तिनीहरूतिर ठूलै ढुङ्गा हुऱ्यायो । अनि बल्ल ती गिद्धहरू उडेर छेउछाउका रूखमा बसे । रूखमा छपक्क बसेका गिद्धहरू हाँगाबिँगामा सेता टालाटुली झुन्ड्याएसरि देखिए ।

सिनो काढेर मासुको भाग लगाउन घुर्नासहित छ जनाको टोली तयार भयो । काकाले पहिला सिनोको कण्ठनली काटे । भैंसीको रगत जमिसकेको रहेनछ । चिर्दा उनको अनुहारमा रगतको छिटा उछिट्टियो । त्यसपछि एउटाले देब्रे खुट्टाबाट थुनसम्म छाला काढ्न थाल्यो र अर्कोले सिनोको खुट्टा सोझ्यायो । बाँकी दुई जनाले त्यही पाटोको अघिल्तिरको खुट्टाको छाला खुरदेखि ह्याकुलोसम्म काढ्दै गए ।

जेठको मध्यदिनको उत्ताउलो गर्मीमा घुर्ना सिनोको रगतले लतपतिएको थियो । त्यसमाथि बगिराखेको थियो, पसिनाको भल पनि । हातभरि, भुइँभरि

आलो रगतले घुर्नाका आँखा तिर्मिराइराखेका थिए । छाला काढ्दा उसको हात घरीघरी चिप्लिन्थ्यो, ढङ्ग नपुगेको जस्तो । छुरी चिप्लिएको देखेर काका गनगन गर्दै हात छिटोछिटो चलाउन भनिराखेका थिए । पहिलो चोटि गरिराखेको काम ऊ कसरी हात बसेकाले झैं गर्न सक्थ्यो ? त्यति त उसले आफ्नो बाबुले काढेको देखेर न हो सिकेको । काकासामु छुरी फ्याँकेर हिँड्ने आँट उसमा थिएन । रिसले उसले पिच्च थुक्यो । के गरूँ, कसो गरूँ भइराखेको थियो उसलाई । सिनो नजिक सर्दै आएको गिद्धको बगालतिर उसले साँध लगाउने ढुङ्गा हुन्याइदियो । बाँकी तीन जनाले उसलाई वाल्ल परेर हेरे । त्यसपछि नै हो, घुर्नाले फेरि छुरी चलाउन थाल्दा उसको हत्केला चिरिएको...

देब्रे हत्केलाको डिलमा चिरिएको खत घुर्नाले हेर्दै छ । तेर्सो गरी काटिएको खतलाई हेर्दै हत्केला सुमसुम्याइराखेको छ ।

बाटोको किनारमा ठिङ्ग उभिएको घुर्नालाई देखेर पास हुने बटुवाहरू ऊतिर हेर्न पुग्छन् । मुहार लुकाउन ऊ यताउति हेरे जस्तो गर्छ ।

चहलपहल पातलिएको चोकमा उभिँदा उसलाई अब कसोकसो लाग्न थाल्छ । ककसले आफूलाई कुनकुन चेपबाट नियालिराखे जस्तो । चिउँडो अग्लाएर ऊ पारिपट्टिका भवनहरू हेर्छ । एकअर्कामा उनिएका भवनका झ्याल सबै बन्द छन् । ती धुलाम्मे र बिराना देखिन्छन् । उसलाई त्यहाँ उभिइराख्न मन लाग्दैन । चारैतिर खुलैखुला । बेतोडले भाग्नुपरेमा सीधा गल्लीहरू मात्र उसले देख्छ ।

गुजुल्टो परेका गल्लीहरू भए पनि त ठीकै हुन्थ्यो, झुक्याएर भाग्न मिल्ने । उसले सोच्छ ।

यस्तोमा उसलाई आफ्नो पेस्तोल साह्रै खट्किन्छ । मुतनी वनमा फौलाद सिंहबाट थुतेको नाइन एमएम पेस्तोल । यहाँ कडाइ हुन सक्ने भएकाले उसले आफूसित नबोकेको । बोकेको भए आधी डर पचाइसक्थ्यो ।

घुर्ना भूमिगत भएको जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह)मा लागेदेखि हो । वारन्ट नै निस्केको चाहिँ फौलाद काण्डपछि । तर सुरक्षाकर्मीको मुखेन्जी पर्दा मात्र हो ऊ तिनीहरूसित तर्सिने । त्रास त उसलाई सुर्जा समूहदेखि हो । सिरहाको 'सुर्जा' भनेर चिनिने झबर पासवानको समूह, जुन ०६२ सालमा

जनतान्त्रिक मधेस मुक्ति (सुतिहार समूह)बाट छुट्टिएर बनेको थियो । र भएको थियो, जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह) ।

घुर्नो बाटो काटेर चौतारोनिर उभिन्छ । झोत्र्याएको खरीको बोटले घाम छेल्छ तर शीतल हम्कँदैन । उसले आँखा चिम्साउँदै डालीहरूतिर हेर्छ । कतै पात हल्लिएको देख्दैन ।

घुर्नो नजिक उभिएको देख्दा हजामले पुलुक्क ऊतिर हेर्छ । उसका आँखा सम्भावित ग्राहकको आसले भरिएका छन् । उसको हात भने छुरामै व्यस्त छ । ग्राहकको टाउको यताउता ढल्काउँदै ऊ खुर्किँदै छ । काठको बाकसमा बसेको ग्राहक नीलो एप्रोनमा ढाकिएर, सेतो फिँजमा मुछिएर, अर्धमुदित आँखाले संसार गमिरहेझैं लाग्छ ।

आफू हजामत गर्न आएको होइन भन्ने पार्न घुर्नो हजामतिर नहेरी धरहराको बाटोतिर फर्किएर उभिन्छ । त्यता फर्किंदा उसले देख्छ, जुत्ताचप्पल मर्मत गर्ने कालिगडले काम पाइसकेको । ऊ महिलाले बोक्ने हाते ब्यागको फित्ता सिलाउँदै छ । उसको अघिल्तिर दुइटी महिला एकअर्कामा नारिएर उभिएका छन् ।

रामाको पर्खाइमा घुर्नो सुन्धाराको बाटोतिर एक टकले हेरिराखेको छ । मोटरसाइकलको भुट्‌टुट्‌ सुन्दा भने उसका आँखा सोहोरिएर त्यतै पुगिहाल्छन् । आफूतिर आइराखेको मोटरसाइकल देख्दा रामा नै आएको हो कि भनेर आस लगाएर हेर्छ । भरे रामा नभएर अन्य कोही हुँदा घुर्नो हेरेको हेर्‍यै हुन्छ । ऊर्जा निखिएर थकाइ लागे जस्तो हुन्छ । दुईतीन चोटि यसो भइरहँदा ऊ पर्खाइमा गल्दै जान्छ ।

यस्तैमा एउटा मोटरसाइकल त्यही बाटोबाट आउँदै गरेको देखिन्छ । रफ्तारमा आइराखेको हुनाले घुर्नोले वास्ता गर्दैन । तर नजिकिँदै आउँदा मोटरसाइकलको गति धिमा हुँदै जान्छ । हो कि क्या हो, घुर्नो चटपटाउँछ । तर जुत्ताचप्पल मर्मत गर्नेनिर मोटरसाइकल रोकिँदा उसले देख्छ । त्यो मोटरसाइकल यामाहा आरएक्स हुन्न । न त्यसलाई चलाउने रामा नै हुन्छ । पारि जान ठिक्क परेको घुर्नो त्यहीँ अडिन्छ । पल्सरमा आएको यो को होला ?

मोटरसाइकल चालकले हेल्मेटको भाइजर नखोली लगनटोल र टेकु जाने बाटोतिर पालैपालो हेर्छ । उसले हेरेकोतिर घुर्नोले हेर्दा कोही आइराखेको

वा पर्खिराखेको देख्दैन, आफूबाहेक । मोटरसाइकल चौतारोपारि त्यत्तिकै उभिइरहन्छ । स्टार्ट बन्द नगरी । घुर्नालाई के हो कसो हुन थाल्छ । यताउति हेरेको जस्तो गरी कतै आफूलाई नै निगरानी गरिराखेको त होइन ? शङ्काले घुर्नालाई ठुङ्छ । उसले मोबाइल निकाल्छ र रामालाई फोन लगाउँछ । घण्टी गएको सुनिरहँदा मोटरसाइकल टेकु जाने बाटोतिर बायाँ लाग्छ । यता पूरा घण्टी जाँदा पनि रामाको मोबाइल उठ्दैन । आउँदै होला, घुर्नाले अड्कल काट्छ । तैपनि छटपटीले गाँज्न थाल्छ ।

मोटरसाइकल ओझेल भएकोतर्फ हेर्दै घुर्ना खुल्दुलिन्छ । सुर्जा समूहकाहरू यहाँसम्म उसलाई पछ्याउँदै आउन्नन् भन्न सकिन्न । झबरले उसका पछि लगाएका मान्छेहरू रूसनका गुटका हुन् । सुर्जा समूहभित्र पनि रूसनको गुट छुट्टै छ । तिनीहरू जीउज्यानले उसको पछि लागेका छन् । सुर्जा समूहको चन्दाको पैसा घुर्नाबाट फिर्ता लिने बहानामा बदला लिन तिनीहरू सुरिएका छन् । आफ्नै गुटको फौलाद सिंहको बदला लिन्छु भनेर आखिरमा धम्की दिएकै हुन् ।

रिस त घुर्नालाई झबर पासवानदेखि उठिराखेको छ । फौलाद काण्डपछि डराउँदै झबरलाई फोन गर्दा उनले केही हुँदैन भनेर आश्वासन दिएका थिए । भरे घुर्ना कहाँ लुकिराखेको छ भन्ने खबर रूसनका केटाहरूलाई दिन पुगे । सुर्जा समूह बनाएदेखि चिर्सिंदै गएका झबर पासवान यस्ता थिएनन् । उनैको हात समाएर घुर्नाले सशस्त्र विद्रोहको बाटोमा ताते गर्न सिकेको हो । घुर्नालाई आजको दिनसम्म ल्याइपुऱ्याउन उनैले आठ वर्षअघि बीउ रोपेका थिए ।

# नीलो मान्छे

२०५६ साल । लहान बजारको चौधरी जमिनदारकहाँ सिनो उठाउन्नँ भन्दा चमार समुदायमाथि नाकाबन्दी लगाइएको साल ।

सार्वजनिक धारामा नाकाबन्दी । पसलहरूमा नाकाबन्दी । औषधि पसलधरिमा नाकाबन्दी । आफूलाई उपल्ला जात ठान्नेहरूले लगाएको नाकाबन्दीविरूद्ध चमारहरू सङ्गठित भएको २०५६ साल । सिरहा सप्तरीमा सिनो बहिष्कार आन्दोलनको ज्वार उठेको साल ।

२०-२५ दिनसम्म चलेको सिनो बहिष्कार आन्दोलनको राप मधेसको गर्मीलाई माथ दिने खालको थियो ।

आन्दोलनको रापले लहानवरिपरिका गाउँ पनि तम्तमाएका थिए । घुर्नाको गाउँ लहाठी पनि उम्लिएको थियो । लहाठीका चमारहरूले पनि जातीय बुनोटलाई उधार्न खोज्दा त्यहाँ उथलपुथल भएको थियो ।

आन्दोलन सुरू भएको एक महिनापछि झबर पासवान लहाठी पुगेका थिए । त्यसको कारण विशेष थियो । आन्दोलन हुँदा लहाठीमा काण्ड मच्चिएको थियो । र झबर त्यस बेला पत्रकार थिए । *जनबात* नामक पत्रिकाका लागि उनले सिनो बहिष्कार आन्दोलनको रिपोर्टिङ गरिराखेका थिए । 'रे'को भरमा उनले त्यो काण्डबारे अनेक कुरा सुन्दै आएका थिए । तर यथार्थ जान्न उनी लहाठीमै पुगे घुर्नालाई भेट्न । जसले गाउँका चमारहरूलाई उक्साएको आरोपमा मूल्य चुकाएको थियो ।

झबर पासवानले आफूलाई भेट्न आएको दिन घुर्ना घरमै आराम गरिराखेको थियो । खुट्टा भाँच्चिएको थियो उसको । त्यस दिन मङ्गल

दादाले झबरलाई घुर्नाकहाँ लिएर आउँदा बाटोबाटै उसलाई बोलाएका थिए । मङ्गलको स्वरमा व्यग्रता टड्कारै सुनिन्थ्यो । तर भित्र खटियामा पल्टिराखेको घुर्नाले सुने पनि नसुने जस्तो गरेको थियो । एक हप्ताको अस्पताल बसाइपछि ऊ सबैबाट एक्लिएर बस्ने गर्थ्यो । पहिला जस्तो टोलमा घुलमिलिने, बात मार्ने गर्दैनथ्यो । चमार टोलका चमारहरूदेखि उसलाई रिस उठेको थियो । चाहे ती टोलका मङ्गल दादा नै किन नहोऊन्, जसले गाउँमा आन्दोलन हुँदा उसलाई भरपुर साथ दिएका थिए ।

घुर्नाको जवाफ नआएपछि मङ्गल दादाले आँगनमै गएर बोलाउन थाले । झबरचाहिँ बन्द ढोकालाई ढुकेर उभिइराखे ।

ढोकाको दाहिनेतिर रसन चौकीमा बजाउने ढोल झुन्डिएको थियो । थन्क्याएको धेरै भइसकेको जस्तो लाग्थ्यो । बजाउने भाग खस्रो र फुस्रो देखिन्थ्यो । झबरले यसो फर्किएर हेर्दा आफू उभिएको ठीक पछाडि चुल्ही पनि देखे । सँगै लडिराखेको थियो सुकेका पतिङ्गरको बोरा । बोराबाट पतिङ्गर निकाल्दै चुल्हीमा झोक्दै आगो बाल्नका लागि । बोरादेखि चुल्हीसम्म कमिलाको ताँतीझैं पातपतिङ्गरको लर्को थियो । चुल्हीको दुई हात पर थियो, तुलसीको मठ । तर त्यहाँ तुलसीको सट्टा झार उम्रिएको थियो । घरमा जहान नभएको प्रस्टै थियो । गाउँका अरू घरमा जस्तो यहाँ सुपोमा 'चिन्हा' बनाएर झुन्ड्याएको नि थिएन । कसैको आँखा नलागोस् भनेर झुन्ड्याइने रक्षाकवचलाई 'चिन्हा' भनिन्थ्यो । परिवारै नभएपछि टुनामुनासित डर पनि नलाग्दो हो ।

आँगन नियाल्दै बसेका झबरले भित्रबाट घुर्ना बोलेको बल्ल सुने । उनी फेरि ढोकातिर फर्किए ।

घुर्नाको 'हाँ' 'हुँ' मन नलाइनलाई बोलेको जस्तो थियो । मङ्गल दादाले उसलाई बाहिर आउन भने । ऊ बाहिर निस्कियो । दाहिने खुट्टाको घुँडामाथिसम्म प्लास्टर गरिएको थियो । बैसाखी च्यापेर खोच्याउँदै आएको घुर्नाको मुहारमा भने झर्को खजमजिएको थियो । उसलाई देख्नेबित्तिकै मङ्गलले भने, "खबर पत्रिकाबाट ई बाबु आएछन् । झबर पासवान ।"

मङ्गल दादाले रक्सी चढाइराखेको घुर्नाले थाहा पाइहाल्यो । उनको नाङ्गो छाती, कम्मरमा गम्छा मात्र बेरेर खाली खुट्टै उसको घरसम्म आइपुगेकाले घुर्नालाई अड्कल गर्न गाह्रो भएन ।

मङ्गल दादासँग थिए झबर पासवान । उनले लगाएको कटन पाइन्ट र निर लतपतिएको सेतो कमिजले कम से कम घुर्ना जस्तोबाट 'नमस्ते'को अपेक्षा राख्थ्यो नै । तर घुर्नाबाट 'नमस्ते' फुत्किएन । उसको मुहारमा बेवास्ता झल्किइराखेको थियो । बरू झबर नै बोल्न खोजेको हो कि जस्तो गरी मुस्कुराए ।

"हामीले मरीहरी नउठाउने भन्दा ओइदिन केके भएको थियो । त्यसको बारेमा पता गर्न आउनुभएछ," मङ्गलले भने ।

घुर्नाले कुनै जिज्ञासा देखाएन । मङ्गलले फेरि थपे, "...अनि लिख्दिनुहुन्छ रे ।"

बेस्वादिलो कुराले स्वाद बिगारिदिए जस्तो भयो घुर्नालाई । दुवैलाई बस्न नभनी उसले भन्यो, "जे भएको थियो, त्यो तपाईलाई पनि पता छ सुरूदेखिन् । तपाई नै बताइदिनुस् । अस्पतालमा सात दिन होस गुम भएको मान्छेलाई थोडै न सभ पता हुन्छ ।"

"रे घुरनवा अब त माफ कर दे । सभले जे भने मैले त्यही गरें । मेरो जगहमा तिमी भएको भए के गर्थ्यौ ?"

भन्न त घुर्नालाई मन थियो– मैले भए हिम्मत गर्थें । तर केही बोलेन । असहमतिमा बैसाखीलाई भुइँमा ठोकिरह्यो । ठक, ठक, ठक ।

झबर अकमक्क परे । यी दुईबीच तन्किएको तनावबारे भेउ पाउन सकेनन् । तर घुर्नाको बाउँठिएको पारा देखेर झबरले बुझिसकेका थिए । जसबारे उनी सोधखोज गर्न आएका छन्, त्यसबारे घुर्ना कुरै गर्न चाहन्न । त्यसैले दुईबीच गलफत्ती सुरू हुनुअगावै झबर आफैं अघि सरे, "देख घुर्ना भाइ, आन्दोलनमा भएको ज्यादतीको बारे हामी लिखिरहेछौं । म अस्पताल पनि पुगेको थिएँ । तिमीमाथि भएको मारपिटबारे बुझ्न । तर तिमी डिस्चार्ज भइसकेथ्यौ । वही भएर म यहाँ आ'को ।"

"जुन बात भइसक्यो सो भइसक्यो । मामिला वही हो । गिरहतहरूलाई मरी नउठाउने भन्दा नाकाबन्दीवला लफडा यहाँ पनि दोहोरियाएर भयो । बस्स... ।" यति भनेर घुर्ना भित्र जान सुरियो । मङ्गलले उसलाई रोक्न खोजे । तर झबर अघि बढेर भने, "देख भाइ, हामी सभको घाउ एकै कचियाको वारले बना'को हो । म यो घाउलाई मलमपट्टी लगाउन आ'को होइन । म त यसलाई

खोद्न चाहन्छु । सोच त जरा । हाम्रो चुप्पी नै हाम्रो जन्जिर बनिरहेछ । दुख्यो भनेर आवाज नदिएसम्म अरूले कसरी पता पाउने हाम्रो दर्दको गहिराइ । अनि घरैभित्र रिसाएर, आफूआफूबीच झगडेर थोडै न हुन्छ । यो हामी पहिल्यैदेखि गर्दै आउँदै छौं । हैन ?" झबरले मङ्गलतिर हेरे । तर मङ्गल दादा ओसराको थाममा अडेसिएर केवल जिब्रोले ओठ भिजाइरहे । त्यसैले झबर फेरि घुर्नातिर सोझिए, "भन मुह बन्द गरेर बस्ने कि ऐया भनेर जोडले चिल्लाउने ?"

घुर्नाको मुहारको झर्को हेर्दाहेर्दै बढारियो । खजमजिएका आँखीभौं सीधा रेखामा तन्किए । आँखामा गम्भीरता टोलाउन थाल्यो । हो यस्तै हुटहुटी थियो, उसमा पनि आन्दोलनका बेला । घुर्ना तरङ्गियो । र सम्झिन पुग्यो, एक पटक फेरि लहानको कोणसभाबाट फर्किंदा मनमा उठेको निश्चय । टोलका चमारहरूलाई जम्मा पारेको साँझ । तिनीहरूलाई अबदेखि सिनो नउठाउने भनेर झकझक्याएको रात । सुनेर टोलका अगुवाहरू मुखामुख गरेको क्षण । तिनीहरूको काँतरपनलाई मङ्गल दादाले दिएको हाँक । अनि 'मरी नउठाउने' भन्दै जोसिएका टोलका केटाहरू ।

साँच्चै ! गाउँका चमारहरूलाई सिनो उठाउने चलनविरूद्ध एकजुट गर्न यसरी नै त ऊ लागेको थियो । जसरी झबर पासवान लागेका छन् । उनीहरू जस्ताको 'ऐया'लाई आवाज दिन ।

घुर्नाले अघिल्तिर उभिएको झबर पासवानलाई ध्यान दिएर हेऱ्यो । बिल्कुल साधारण अनुहार थियो झबरको । फरक केही थियो भने उनका आँखा । मसिना आँखा चस्माले पावरदार बनेका थिए । सधैं देखिरहने खालको अनुहार भए पनि झबरको व्यक्तित्व बोलेपछि मात्र हाबी हुन्थ्यो । अघि नगरेको अभिवादन घुर्नाले मनैबाट गऱ्यो । आदर जागेर आयो झबरप्रति उसको ।

घुर्नाले मङ्गललाई भित्रबाट बोरा ल्याउन भन्यो । ओसरामा ओछ्याएको बोरामा झबरलाई बस्न आग्रह गऱ्यो । आफू भने भुइँमै बस्यो थचक्क । बस्दाबस्दै घुर्नाले भन्यो, "मेरो यो हाल गर्नेको नाम सहीसही भन्न सक्दिनँ । तर हाँ, गाउँको गुवार र चौधरीहरू मिलेर गरवाएको पक्का हो ।"

घुर्नालाई जाँगरिलो पाएर झबरमा उत्सुकता थपियो, "तर– सुरूमा के भएको थियो ?"

"हाँ, सभ कहिदे बाबुलाई । सभ का सभ," मङ्गल रौसिए ।

घुर्नाले भन्यो– लहानमा सिनो बहिष्कार आन्दोलन भड्केपछि गाउँमा चिठी आएको कुरा । जसमा आन्दोलनमा भाग लिन आह्वान गरिएको थियो । त्यही साँझ टोलका चमारहरूमा सल्लाह भएको थियो, टोलका लोग्ने मान्छेहरू लहान जाने ।

"चिठीकै भरमा ! मतलब यति कम समयमा आन्दोलनमा जान कसरी राजी भइगए ?" झबरले सोधे ।

"बात यस्तो हो," घुर्नाले भन्यो, "सिनो बहिष्कार आन्दोलनभन्दा पनि हामीलाई लहानछेउछाउ गाउँका चमारहरूमाथि नाकाबन्दी लगाएको बातले गरमायो । त्यसैले... ।"

"धूर !" मङ्गल झन्किए, "हमरा सबलोग मरी नउठाउने भनेरै लहान गएको । ठीकठीक भन् रे घुरनवा ।"

"त्यो बादको कुरा हो, दादा, पहिला त ... ।"

"जा रे बहीं ! हमरा सब चमारलोग मरी नउठाउने भनेरै नाराजुलुस गर्न गएको," मङ्गल ढिठिए ।

"त तपाई नै भनिदिनुस्," घुर्ना झर्कियो ।

मङ्गल लत्रक्क परे । उभिंदाउभिंदा होला । सायद घटनाहरू सम्झेर वा हुन सक्छ, आन्दोलनदेखि नै । उनले सुस्तरी भने, "सभकुछ भन्छु म । बाबु जायबेला भेट्नुहोला, सभ भन्छु । अहिले जान्छु । गला बहुत सुकेछ... हँ ।"

झबरले हेरिरहे मङ्गल गएको । घुर्नातिर फर्किंदा उनको मुहार प्रश्नको पुरिया बनेको थियो । र आँखाबाट चोरझैं चियाइराखेको थियो यी दुईबीचको कुराकानीले उब्जाएको सन्देह । जुन घुर्नाबाट लुक्न सकेन । त्यसैले उसले भन्यो, "मैले भनेको बात सही हो । हाँ, ऊ बेला मङ्गल दादा आगे नसरेको भए टोलका बुढवाहरू मान्ने थिएनन् ।"

"त्यति बेला भएथ्यो के ?" झबरको खसखस बढ्यो ।

"दस दिन भइहालेथ्यो लहानमा गएर आन्दोलन गरेको । जतिजति दिन बढ्दै गयो, मेरो खोपडी पनि गरमाउन थाल्यो । अनि वही बेला जब हामी लहानबाट लहाठी फर्किंदै थियौं मनमा आयो, सिरिफ सहरबजारमा नाराजुलुस गरेर हुँदैन । गाममा त कुछ भएकै छैन । अनि गिरहतहरूले मरी उठाउन

आऊ भनेपछि हामी अबदेखि जाने कि नजाने ? यदि नजाने हो भने हामीले उनीहरूलाई भन्नुपर्‍यो, अबदेखि हामीले पनि मरी नउठाउने भनेर । किनकि त्यति बेलासम्म सबै जना नाकाबन्दीकै कुराले उछलिइराखेका थिए ।"

"हुँ...," ध्यान दिएर सुनिराखेका थिए झबर ।

"त मैले सबलाई साँझमा यही आँगनामा इकट्ठा गरें । जोर गरें कि अबदेखि हामी पनि मरी नउठाउने । बुढवाहरू त सन्न भइहाले । तब मैले मेरो बाउ जिन्दा हुँदाखेरि बडका जातहरूले नागरिकता बनाउने बेला गरेको ज्यादती सम्झाएँ । त्यति बेलाको जोरजुलुम एकएक गिनाएर मङ्गल दादाले सभको चैनमा बेचैनी थपिदिए । कति सहने ज्यादा सहिलियौं, सब जागिरहेको बेला हामी सुतेर बस्ने ? भन्दै उनले जोसाए । तब् बल्ल सभ माने । त्यति गर्नलाई पनि हामीलाई दु दिन लाग्यो । जोजो राजी हुन्थेन, त्यसैको घरमा गएर सभा गरिदिन्थ्यौं ।"

"कति घरधुरी छन् चमार टोलमा ?"

"लगभग बीस ।"

"उसको बादमा के भयो ?"

"तकरबाद !" पोख्न नपाएको रिसले घुर्ना तमतमायो, "तकरबाद गिरहतहरूको रामलील्ला सुरू भयो ।"

"मतलब ?"

"हामीहरूले मरी नउठाउने कुरा पञ्चयतीबाट फैसला गराउन चाहन्थ्यौं । त्यसैले पञ्चयती बसाल्न खोज्यौं । तर सार पञ्चहरू एक से एक बहाना बनाएर टरकाउने । सात जना पञ्च कहिले के भन्ने, कहिले के । कहिले तीन जना जम्मा हुने, कहिले दु जना । कहिले पानी पर्‍यो भन्ने, कहिले बिहाबारीमा जानुपर्छ भन्ने । सारहरू_ ।" घुर्नाले पिच्च थुक्यो । "त हामीहरूले पनि मरी नउठाउने भनेर सब पञ्चहरूको घरमा सन्देशा पठाइदियौं । बाँकी जो गिरहतहरू थिए, तिनीहरूको घरमा पनि चमार हरवाहाहरूले भनेर आए, मरी नउठाउने अबदेखि । न पञ्चयती, न पञ्च । लफडै खलास ।"

ठीक गर्‍यौ भन्ने भावले झबरले मुन्टो हल्लाए । र अघिदेखि हातमा खेलाइराखेको डटपेनको बिर्को खोले ।

"तकरबाद बहिंनचोहरूले सामाजबाटै बहिष्कार गरे चमारहरूलाई ।"

घुर्नाले त्यसपछि तीन जेठ काटेबराबरको पन्ध्रदिने नाकाबन्दीबारे भन्यो– कसरी चमार हरूवाहरूलाई खेतबाट निकालियो, गाउँको पसलमा बन्देज लगाइयो, चमाइनहरू दिसामैदान जाँदा कसरी तिनीहरूमाथि रूखमा चढीचढी निगरानी गरियो, उपल्ला जातका खेत नजिकको जङ्लमा पसेको देख्दा कसरी तिनीहरूलाई धपाइयो, चमारका गाईवस्तुलाई चरनबाट पनि रोक लगाइयो, कसरी एक्लैदुक्लै चमारहरू पाए लछारीपछारी पिटियो, भोकले रोइकराउने नानीहरू कसरी गाली खाएरै पेट भरे त्यतिन्जेल । तर कहर काटे चमारहरूले जसरी पनि ।

लेख्नका लागि ठिक्क परेका झबरले नोटबुक टकटकाए । ओसराको माटोले पाना माट्टिइसकेको थियो । एक पानाजति केरेपछि उनले फेरि सोधे, "तिमीसितको लफडा कसरी भयो ?"

"जब केही उखाड्न सकेनन् त गुन्डपनीमा उत्रिए । राति आएर हाम्रो टोलको कुँवामा मरी फ्यालेर गए ।" घुर्नाको आँखामा त्यही दृश्य तैरिन थाल्यो। कुँवामा भैंसीको सिनो ढाडिएर तैरिराखेको र त्यसमाथि भन्किराखेको झिंगाको भुँभुँ । पानी हेर्दै दिगमिग लाग्ने । सिनो निकालेर उति नै बेला कुँवाको पानी पिउनुपर्दाको क्षण सम्झिँदै उसले भन्यो । "मैले त भनेथें । जाऔँ उनीहरूको कुँवा र पम्पबाट पानी लिएर आऔँ । आफैंले भरेर । बस्स यति नै भनेथें, चमार टोलमा सन्नाटा छाइगयो ।"

"तब ?" झबरलाई उकुसमुकुस भयो ।

"पछि जब् मेरो खोपडी शान्त भयो, तब मैले फेरि जगजगाएँ । सीधै जिल्ला परशासनमा गएर कुरा राखौं भनें । मामला गरम छ, हाम्रो कुरा उनीहरूले जरूर सुन्छन् भनें । तर सभ जनालाई साँप सुघिँगो । अनि म र मङ्गल दादाले फेरि एक चोटि याद दिलायौं– जसरी नागरिकता बनाउने बेला हामीले पर्तिकार गरेनौं, त्यसैको नतिजा हो हाम्रो कुवामा मरी फ्यालेर गएको। अहिले पनि पर्तिकार नगरे भने भोलिको दिनमा अरू केके सहनुपर्छ । त बडी मुस्किलले चमारहरू माने । र जिल्ला परशासन जाने कुरा भयो," एकाएक घुर्नाको स्वर कड्कियो, "तर बड्का जातबलाहरूले पता पाइहाले । हामीमध्येको एक जना बजरसखुवाले गएर पोलेछ । अनि त्यही रात– बहिनचोहरूले मेरो हाल यस्तो गरे ।"

झबरको सामुन्ने बसेको घुर्नाले प्लास्टर लगाएको खुट्टा इँटमाथि अड्याएको थियो । कोल्टे फेर्न आँटे जस्तो गरी अप्ठ्यारोसँग बसेको देख्दा हेर्नेलाई पनि औडाहा हुन्थ्यो । अनुहार पनि हारेर थाके जस्तो फुङ्ग उडेको थियो । आँटले नहारे पनि घुर्ना परिस्थितिले गलेको थाहा हुन्थ्यो । र त सहानुभूतिले भिजेको स्वरमा झबरले सोधे, "रातमा कसरी हमला गरे त तिमीलाई ?"

घुर्ना बिल्कुलै चुप भयो । ऊ टोलाइराखेको थियो, ओसराको लाल्टिन झुन्ड्याउने थाम तलको आँगन हेर्दै । त्यही ठाउँमा उसलाई हमलाकारीहरूले छोपेका थिए । जसले गर्दा ऊ अझै पनि सुत्न सकिराखेको छैन । मङ्गल दादा कि नभए फेकन राम आइदिने गरेका छन् रातमा । तैपनि डर एक इन्च भुत्ते भएको होइन । रातमा छिसिक्क सानो खस्याकखुसुकले पनि ऊ खटियाबाट जन्याकजुरूक उठ्ने गर्छ । उठेर अँध्यारोमै बितेको घटना केलाउने गर्छ । एकएक गरी ।

त्यस रात घुर्ना आँगनमा सुतिराखेको थियो । कुवामा सिनो फालेको अर्को रातको कुरा हो । उक्लिराखेको रात छिप्पिने क्रममा थियो । टोलमा न देखिन्थ्यो ढिबरी लाल्टिनको धिपधिप, न सुनिन्थ्यो झिङ्गुरको किर्रकिर्र । ओसराको थाममा झुन्ड्याएको लाल्टिन पनि निभिसकेको थियो । बाक्लो रातमा सन्नाटा गहिरिएको थियो ।

झड्याम्म ! सिसा फुटेको आवाज आयो । घुर्ना झस्केर उठ्यो । हडबडाउँदै ऊ सिरानतिर सऱ्यो । मट्टीतेलको हरकले नाकै टट्टायो । लाल्टिन पो फुटेछ । खटियाबाट उठ्न आँटेको मात्र के थियो, उसले देख्यो वरिपरि छायाँ जस्तोले घेरेको । मुर्कुट्टा जस्ता आकृतिहरू देखेर उसले लटमुखाझैं मुख बाइराख्यो ।

"लिडरगिरि गर्दै फिरिरहेछस् हैन ?" तीमध्येबाट एउटा चर्कियो ।

"हुडदङ्ग मचाइरहेको चमराहरू छुलछुलाउने गरी तेरो ठिकाना लगाउने हो माधरचो !" अर्को त्यस्तै तीतो सुनियो । तिनीहरूको स्वर दब्बिएको थियो । गम्छाले अनुहार छोपछाप पारेकाले आवाज बेरिएको कपडाको तहबाट निस्किएको थियो । आवाज दब्बिए पनि बोलीमा रिस र घृणाको पारा तीखो सुनिएको थियो ।

"सार बहिंनचोऽऽ...!" चिच्याउँदै घुर्ना खटियाबाट हामफाल्यो । तर पछाडिबाट एउटाले उसको घाँटी कुहिनाले अँठ्यायो । ऊ निस्सासिन थाल्यो ।

अर्कोले उसको मुखमा कपडा कोच्यो । आफूलाई उम्काउन उसले हातखुट्टा फ्याँक्न थाल्यो । तीन जना हमलाकारीले उसको हात पछाडि लगेर डोरीले बाँधे । कुर्कुच्चा जोडिने गरी खुट्टा पनि बेस्सरी कसे । घुर्नां हलचल हुन सकेन । त्यसपछि उसलाई खटियामा ओछ्याएको दरीले बेरेर लास बाँधेसरि कसे । र बाँधेको दरीको एक पाटो समाएर घिसार्न थाले ।

डरले घुर्नां अत्तालियो । उनीहरूको पकडबाट छुट्न छटपटाउँदै ऊ चिच्याउन खोज्यो । तर मुखमा कपडा कोचिएकाले आफूले चिच्याएको आफैंले सुन्न नसक्ने भयो । पूरै बल लगाएर उसले जीउलाई दायाँबायाँ बटार्न थाल्यो । तिनीहरूले घिसार्न रोकेर लात्ती नै लात्तीले भकुरे । उसले चलहल गर्न छाड्यो ।

घिसारेर लैजाँदै गर्दा घुर्नांले ठम्याउन खोज्यो । यिनीहरूले कहाँ लाँदै छन् । गिर्खे जमिन... गाउँको डगर जस्तो... घाँसे जमिन... आली जस्तो... । एकैछिनमा घुर्नांलाई घोच्न थाल्यो । उसले अनुमान लगायो, काटिसकेको चनाको खेत वा सर्सिउँ बाली ? अरू बालीको जराभन्दा यी दुईको जरा काटिसकेपछि जर्खरिएर तीखा हुन्छन् । र घोच्छन् साह्है नै ।

हमलाकारीहरू रोकिए । दरीमा बेरिएकै अवस्थामा घुर्नांलाई भुइँमा लडाए । त्यसपछि ऊमाथि भाटाले प्रहार गर्न थाले । पीडाले उसको प्राण निस्किएला जस्तो भयो । मुखको बुजोले गर्दा दुखाइको चीत्कार ऊभित्रै दब्बियो । 'ऐया'सम्म भन्न नपाउँदा प्रहारैपिच्छे मर्न पाए हुन्थ्यो भनेर कामना गर्न थाल्यो । अन्धाधुन्ध प्रहार उसको टाउकोमा पनि बजारियो । अतिशय पीडा सहन नसकेर ऊ बहोसै भयो ।

घुर्नां मरेतुल्य डल्लिएको देख्दा हमलाकारीहरूले दरी फुकाए । रगतले लतपतिएर ऊ मुर्दाजस्तै शिथिल थियो । मरिसकेको ठानेर तिनीहरूले उसलाई खेतमै छाडेर भागे ।

बिहान सुँगुर चराउन आएको निकु डोमले उसलाई मरणासन्न अवस्थामा देख्यो । चनाको खेत थियो त्यो । खैलाबैला मच्चियो चमार टोलमा । सिनो कुवामा फ्याँकिदिंदा झस्किएका चमारहरू, त्यो घटनाले पूरै डराए ।

घुर्नां टोलाइराखेकै थियो, ओसराको लाल्टिन झुन्ड्याउने थामतलको आँगन हेर्दै । मनैमन दाह्रा किट्दै ऊ सम्झिराखेको थियो, ती चार जनालाई । जसले अँध्यारोमा हमला गरेका थिए । न मुहार देखेको, न आवाज नै प्रस्ट

सुनिएको ती हमलाकारीहरू यी नै हुन् भनेर ऊ किट्न सक्दैन । तर को होलान् भनेर सोच्दा, गम्छामा गुटमुटिएका तिनीहरूको अनुहार किनकिन गिरहतहरूको अनुहारसित साटिन थाल्छ ।

गाउँका पञ्च एकलाल चौधरी र रामानुज यादवको हँसिलो मुहार मरिगए ती हमलाकारीहरूको शरीरमा फिट हुन मान्दैन । तैपनि यी दुईको अनुहार कपटी मुस्कानसहित घुर्नाको आँखैमा आइहाल्छ । गाउँलेहरूमाझ पञ्चयती बस्दा भलादमीझैं मुस्कुराइरहने यी पञ्चहरू नियतका खोटा छन् अरे । सिनो नउठाउनेबारे पञ्चयती बस्न आलटाल गर्ने पनि यी नै थिए रे । अर्को अनुहार जो उसलाई सपनामा पनि झस्काइरहन्छ, त्यो हो शत्रुघ्न महतोको । भ्यागुताको जस्तो बाहिरै निस्किएको बल्ड्याङ्ग्रे आँखा भएको शत्रुघ्नबारे टोलमा हल्ला थियो– यिनकै अगुवाइमा टोलको कुँवामा सिनो फ्याँकियो रे । चौथो अनुहार थियो, पञ्चदेव रायको । जो नागरिकता बनाउने बेलादेखि चमारहरूलाई देखिसहन्नन् । बलिसकेको धूपको सिन्काले दाँत कोट्याइराख्ने पञ्चदेव मुखभन्दा हातै चलाउँछन् । नागरिकता टोली गाउँमा आउँदा उनी नै चमारहरूमाथि जाइलागेका थिए ।

यी चार जनाको नाम घुर्नाले खुरूखुरू झबरलाई खुलायो । हमला गर्नेभन्दा पनि गराउनेहरू हुन सक्छन् भनेर । झबरले चारै जनाको नाम टिपे । तर उनमा अधिकै प्रश्नको उत्सुकता थियो । उनी सोधिराखेका थिए, त्यस रात केके भएको थियो ।

घुर्नाले जेजे भएको थियो, त्यही भनिदियो । भन्दा कताकता खुम्चियो । त्यसरी पिटिँदा उसलाई आफू काँतर जस्तो लागिराखेको थियो ।

"कय दिन हस्पिटल बस्यौ ?" झबरले सोधे ।

"पूरै सात दिन । अठारह घण्टा त मेरो होस गुम थियो । यहाँ मात्र बाह्र टाँका लगाउनुपऱ्यो," घुर्नाले देब्रे कान पछाडि देखाउँदै भन्यो, "त्यही सात दिनमा यहाँ मिलापत्र भइहाल्यो, बड्का जातसित ।"

"त्यो आखुआउबला दलित संस्थाले समस्या सुल्झाइदिएको हैन ?"

घुर्नाले पिच्च थुक्दै भन्यो, "समाधान हैन, सम्झौता भन्नुस् ।"

भएको के थियो भने, घुर्ना अस्पतालमा भर्ना भएपछि आखुआउ नामक दलित एनजिओ लहाठी आएको थियो । आखुआउ दलित हकअधिकारका

लागि सिरहा र सप्तरीमा काम गरिरहेको संस्था थियो । र सिनो बहिष्कार आन्दोलनमा पनि सरिक भएको थियो । पछि जब मङ्गलले आखुआउलाई घुर्नाको हालतबारे गुहारे । संस्था क्रियाशील भएर लाग्यो । घुर्नाको अस्पताल खर्च बेहोर्नुदेखि लहाठीका ठूला जातलाई दबाबसम्म दियो । पहिला त चमारमाथि लगाइएको नाकाबन्दी हटाउन लगायो । त्यसपछि गाउँका ठालूहरू र चमारबीच मेलमिलाप गरायो । साथै सिनो उठाउने कि नउठाउने विवाद पनि टुङ्ग्याइदियो । जसअनुसार अरू जातकाहरूले सिनो उठाउन चमारहरूलाई जबर्जस्ती गर्न नपाउने थियो । चमारहरूलाई मन लागे सिनो उठाउने । नउठाए तिनीहरूलाई कर नगर्ने भन्ने थियो ।

तर घुर्नालाई चित्त बुझेको थिएन । उसको बुझाइमा त्यो सम्झौता थियो । त्यसैले त ऊ भन्दै थियो झबरलाई, "सभ से पहिला बात मेरो जान लिन आएका लठैतहरूसित हिसाब चुक्ता गर्नुपर्ने थियो कि थिएन ? उजुरीसुजुरीको माग गर्न छाडेर मिलापत्र गरिहाले । सम्झौता गर्न थोडै त्यत्रो आन्दोलन भएथ्यो भन्नु त ? यो रिवाजै हटाउनुपर्छ भनेर आन्दोलन गरेको हो कि हैन । दुचार पैसाको लागि चमारहरूले फिर से सिनो उठाउन नथाले मेरो नाम घुर्ना राम हैन । फेरि त्यही चकरघिन्नी सुरू हुन्छ, हेर्नुहोला ।"

घुर्नाले भनिराखेको कुरा व्यावहारिक थिएन । पटक्कै थिएन । कम से कम लहाठीका तन्नम चमारहरूका लागि छँदै थिएन । मात्र थियो, त्यो घुर्नाको एकसुरे जिद । तर उसको जिदमा विद्रोहको झिल्को थियो । जुन झिल्कोले झबरलाई पनि रापिलो बनाइराखेको थियो ।

"त्यो संस्थाले जे भन्यो र बड्का जातहरूले जे मान्यो, त्यसैमा चुप्पैचाप मन बुझाइहाले चमराहरूले । यति जल्दी लच्किनुहुँदैन्थ्यो नि ।" घुर्नाले समर्थनका लागि झबरतिर हेऱ्यो । उनका आँखा चम्किराखेका थिए ।

"जब् मैले मङ्गल दादालाई त्यो संस्थालाई भनेर थानामा उजुरी किन नदिएको भनेर रिसाएँ । उनले आफ्नो परिवार देखाएर भने, लफडा आगे नबढाऊ रे ।" यति भनेर घुर्नाले बैसाखीले भुइँ कोपर्न थाल्यो । मानौं, ऊ धर्तीको रगतै निकाल्न चाहन्छ ।

झबरले बल्ल भेउ पाए । घुर्नां र मङ्गलबीचको तनावको कारण ।

"एक बात मलाई भन्नुस् । दलित संस्थाहरूले पहिला जोर दिइदिईकन यत्रो आन्दोलन उठाए । तर जब् यो तगडा हुन गइरहेको थियो, तब् सम्झौता गरिहाले । अब म जस्तो मान्छेले समस्या सल्टिहाल्यो, जय सियाराम भन्दै बस्ने ?"

"त्यसका लागि भारतमा भएको जस्तो दलित प्यान्थर जाग्नुपर्छ यहाँ पनि ।" झबरले आफूलाई रोक्नै सकेनन् । नीलो रङमा रङ्गिएका राजा ढाले, नीला कान्छो मामा र नीलै झण्डा फर्फराइराखेको दलित प्यान्थरले घेरिएर आए ।

घुर्नाले दुवै आँखीभौं खुम्च्याएर झबरलाई हेऱ्यो । के भन्दै छन् यिनी ?

"दलित प्यान्थर सत्तरीको दशकमा भारतमा दलितहरूले गरेको आन्दोलन हो । भारतको महाराष्ट्रबाट सुरू भएको त्यो आन्दोलनले उइबेलाको गोरमेन्ट लडखडाइदिएको थियो । बहुत तगडा थियो । सोच्दा यहाँ पनि त्यस्तै आँधीतुफान कहिले हुने हो भनेर दिल धक्कऽऽ से हुन थाल्छ ।" झबरले सम्झिराखेका थिए, बिहारको खुटौनामा बस्ने उनको कान्छो मामालाई । जो २० वर्षअगाडि भारतीय दलित प्यान्थर सङ्गठनका सक्रिय सदस्य थिए ।

सन् १९७८ मा भारतमा दलित प्यान्थर आन्दोलन चर्किंदा खुटौनाका उपल्ला जातिहरूले पासवानका ५० घरमा आगो लगाइदिएका थिए । त्यसपछि ती मामा सङ्गठनको कट्टर समर्थक भएका थिए र त्यसमै जीवन बिताए । उनी नमरून्जेल नीलो टीका लगाउने गर्थे । एक पटक झबरलाई पनि लगाइदिंदा उनैले भनेका थिए– सङ्गठनको झण्डा नीलो भएकाले भारतभरिका सदस्यहरूले नीलो टीका लगाउने गरेका रे । हुँदाहुँदा मामाघर पनि नीलै रङले पोतिएको थियो । उनीहरू मामाघर जाँदा पनि 'जय भीम !' भनेर अभिवादन गर्नुपर्थ्यो । 'जय भीम' भारतका दलित विद्वान् र दलित आन्दोलनका अगुवा डा. भीमराव अम्बेडकरको सम्मानमा गर्ने गरिन्थ्यो ।

उनका मामाले दलित प्यान्थरका नेता राजा ढालेका कुरा गर्ने गर्थे । सुनेर झबरको आङ जिरिङ्ग हुने गर्थ्यो । खुटौनाको मामाघरमा रमाउने झबरमाथि दलित प्यान्थरको रोमाञ्चक प्रभाव परेको थियो । जुन समयसँगै गाढा नीलो हुँदै गएको थियो । सिरहाको मिर्चैयामा भएको झबरको घर नीलो रङले पोतिएको त थिएन । तर प्यान्थर साहित्यले भरिएको थियो । यसैले पनि

सिनो बहिष्कार आन्दोलनको रिपोर्टिङ्मा उनी दिलोज्यानले लागेका थिए । र घुर्नाको जोदाहापनले झबरलाई एक पटक फेरि सम्झाइदिएको थियो– राजा ढाले, कान्छो मामा, दलित प्यान्थर र नीलो रङ ।

तर लहाठीको घुर्नालाई के थाहा यी कुरा ? र त सोध्दै थियो झबरलाई, "जुलुस र नारा यहाँको भन्दा तगडा थियो उहाँ ?"

"तगडा ?" झबर मुस्कुराए घुर्नाको सरलता गमेर । "त्यस्तो आन्दोलन यहाँ गर्न और कति बरस लाग्छ हामीहरूलाई । यहाँ पहाडी र मधेसी दलित कहिले एक ठाउँमा इकट्ठा हुने ? त्यहाँ त महाराष्ट्रका महार जाति, बङ्गालका शूद्र, छत्तीसगढका चमार, तामिलनाडुका दलितहरू सब सङ्गठित भएका थिए ।" घुर्नाले कल्पना गर्न नसक्ने कुरो बुझेर झबरले फेरि थपे, "तर यहाँ जुन आन्दोलन भयो, नेपालमा दलितहरूको अहिलेसम्मको ठूलो आन्दोलन हो। यस्तै भइरहने हो भने ऊ दिन दूर छैन । भारतमा दलित प्यान्थरले गरेको आन्दोलनजस्तै यहाँ पनि हुन सक्छ ।"

यति भनेर झबरले सुस्तरी मुन्टो हल्लाए । मानौं, आफ्नै भविष्यवाणीलाई सकारिराखेका हुन् । त्यसपछि उनले मैलिएको पाना फेरि टकटकाए । र खेस्रिन थाले ।

घुर्नाले घिच्रो तन्काएर लेखेको कुरा खुट्याउन खोज्यो, "अब के हुन्छ सर ? यो लिखेर के हुन्छ ?"

"पहिला हामीले उजुरी दिनुपर्छ, पुलिस थानामा ।"

गे बाऽऽ ! मुटु ढक्क भयो घुर्नाको । गाउँका पञ्च एकलाल चौधरी र रामानुज यादव; पैसैले मान्छेको बोली र मौनता किन्न सक्ने शत्रुघ्न महतो; कुरैपिच्छे बाहुला सुर्किने पञ्चदेव रायहरूलाई पुलिसले केरकार गर्न सम्भव छ ? उनीहरूबाट हमलाकारीबारे थाहा पाउन सकिन्छ ? सोच्दा पनि मुख सुक्यो घुर्नाको ।

घुर्ना अवाक् भएको देखेर झबरले फेरि आश्वस्त पारे– उजुरी दिने नै हो । अडिलो साथ पाएर एकछिन त घुर्नाले बिर्स्यो पनि, उसको खुट्टा फ्याक्चर भएको । प्लास्टर लगाएको खुट्टा थोरै खुम्च्याउन खोज्दा चसक्क दुख्यो । दुखाइ जीउभरि फैलिँदा अरू कुरा पनि चस्किन थाल्यो । लफडा नबढाऊ भनेर पछि हटेका चमारहरू साक्षी नबसे के हुने हो । उल्टै उनीहरूलाई गाल पर्ने हो कि ? टोलको चमारहरूका दोषी ठहऱ्याउने नजरले पिरोल्न थाल्यो उसलाई ।

आफ्नो संशय झबरलाई भन्दा उनले भर दिए, "सब से ठूलो गवाही ही तिमी हौ । अरू बात छोडिदेऊ ।" अनि डायरी देखाउँदै भने, "साथमा यो पनि छापिन्छ । केस मजबुत भइहाल्छ । तर गामसमाजबाट एक्लिने कुरा जुन गऱ्यौ । त भैए जुन रिस पालेर बसे छौ तिमी, त्यसलाई थुकिदेऊ । नभए त्यो गुढघा बन्छ । अनि म जस्तासित भेट हुँदा ठाउँ न ठहर पीप फोड्न थाल्छौ । नाइ तँ ई या ऊ पार गरिदेऊ । त्यसपछि जेजे पर्ला त्यसलाई सामना गर्न तयार होऊ ।"

स्वाभिमान दुख्ने खरो कुरा सुन्नु के थियो । घुर्नाको दोधारे मन एक धारको कचिया भयो । आर या पार गरिदिने खालको ।

त्यसपछि उनीहरूबीच कहिले भेट्ने, कहाँ भेट्ने सल्लाह भयो । अनि जब झबरले जाने मेसो गर्न थाले । घुर्नाले नमेटिएको खसखस फेरि कोट्यायो, "सर, भारतमा दलित आन्दोलनबारे जुन बताउनुभयो, बहुत सही थियो । कहीँ यहाँ त्यस्तो भइहाल्यो भने गिरहत ससुरीहरूको खैर छैन, है ?"

झबर पुलकित भए । एक मनले भनूँभनूँ लाग्यो । अमेरिकाको ब्ल्याक प्यान्थरदेखि भारतको दलित प्यान्थरसम्मको इतिहास । तर के भन्नु जस्तो लागेर भनेनन् । बरू सोधे अक्षर चिनेको छ कि छैन ? सोध्दा उनले थाहा पाए, घुर्नाले आइए पढ्दापढ्दै छाडेको । झबर छक्कै परे । विपन्न चमार परिवारमा जन्मिएर पनि त्यतिसम्म पढेकाले ।

त्यसपछि उत्साहित हुँदै उनले भने, "दलित प्यान्थरबारे जान्न चाहे मेरो घरमा आउनू ।"

अनकनाउँदै घुर्नाले उनीतिर हेऱ्यो । चस्माले पावरदार बनेका झबरका आँखामा स्नेह ओइरिएको थियो ।

झबर जान लाग्दा घुर्ना खोन्च्याउँदै पछिपछि आयो । झबरले आउनुपर्दैन भन्दाभन्दै पनि ऊ मानेन । आँगनको डिलसम्म आएर ऊ हात जोरेर उभियो । तर उसले जोरेको हात झबरले छुटाइदिए । बरू हात मिलाउन आफ्नो हात बढाए । कसोकसो लाग्यो घुर्नालाई । बैसाखी समाऊँ कि हात मिलाऊँ भयो । तैपनि झबरले घुर्नाको लुलिएको हात कसिलो गरी मिलाए र भने, "गाँठ बाँधिहाल, डरको काट हिम्मत हो । त्यससित भिड, बाँच, त आँखा फारेर । जहाँ नजर थोडै झुकिगो त सम्झ तिम्रो खून सफेद भइहाल्यो । याद राख्नू, डरले तिमीलाई पूरा मान्छे हुनबाट रोक्छ ।"

कमिजको जेबमा कलमको टुटुल्को उक्सिएको देखिने एनजिओका सरहरू, हत्केलाजत्रो डायरीमा नबुझिने अक्षर खेस्रिरहने पत्रकारहरू, भीडमा रातापीरा हुने अगुवाहरू– उसले आन्दोलनताका लहानमा देखेकै हो । उनीहरूले सहानुभूतिमा उसको हो मा हो मिलाएकै हुन् । तर झबर जस्तो उसले आजै भेट्यो । जसले नजानिंदो गरी घुर्नालाई नीलो रङ छ्यापिदिए ।

केही भन्नका लागि घुर्नाले झबरतिर हेर्‍यो । तर शब्दहरू आँखामा तरल भए । चिसमिरो हुँदै आए उसका आँखा । टुहुरो मनलाई दरिलो टेको कसैले दिएको थिएन । झबरसित मिलाएको हात घुर्नाले छातीतिर लग्यो र त्यहीं राखिरह्यो । आाफूसित पनि कोही छ भन्ने अनुभूतिले चित्त त्यसै पोखिन खोज्यो । यतिका दिनसम्म रिसले भतभती पोलिराखेको छातीको डाहा उसैलाई थाहा होला । झबर पासवानको आश्वासनले पोलिराखेको ठाउँमा शीतल फुके जस्तो भयो । नगरूँ भन्दाभन्दै पनि उसका हात फेरि जोरिए । शिर आफैंआफ थोरै झुक्यो । मुस्कुराउँदै झबरले उसको ढाड थपथपाए ।

घुर्ना उभिएर हेरिराख्यो झबर गएको । फुस र टाइलले छाएका घरहरू छिचोल्दै उनी अघि बढे । डगरको टुङ्गोमा रेडियोको एरियल जस्तो देखिने ताडीको सुइखुट्टे बिरूवा थियो । त्यहींबाट ओझेल नहुन्जेल घुर्नाले एकनासले हेरिराख्यो झबर पासवानलाई ।

तर उसलाई के थाहा आउँदा दिन कस्ता हुनेछन् । न झबरले सोचेका थिए । न घुर्नाले कल्पना नै गरेको थियो ।

# १०:३० बजे

सुन्धाराको बाटोबाट मिनी टाटा आइराखेको देखिन्छ । घुर्नी खुइऽऽय गर्दै उतै हेर्छ । साँघुरो बाटोमा मिनी टाटा अटेसमटेस घस्रिराखेको छ । त्यसको गति हेर्दा देहातको हिले बाटोमा यात्रुहरूलाई धक्का मार्न लगाएको विक्रम टेम्पोको जस्तो छ ।

किँक... किँक... किँक...

मोटरसाइकलको हर्न सुनिन्छ । घुर्नी त्यतै फर्किन्छ । टेकुतिरबाट आएको मोटरसाइकलले हर्न बजाएको रहेछ । घुर्नी फेरि सुन्धाराको बाटोतिर सोझिन्छ, मिनी टाटा कतिखेर कट्ला र त्यही बाटोबाट रामा आएको देखिएला भन्दै हेर्न ।

मोटरसाइकल चौतारोपारि गएर रोकिन्छ । यामाहा आरएक्स रहेछ । मोटरसाइकल चलाउने पनि रामा नै हो कि क्या हो । मोटरसाइकलवालले भाइजर उठाउँछ । रामा नै रहेछ । सुन्धाराको बाटोबाट आउँछ होला भनेको टेकुबाट पो आएछ ।

घुर्नी पारि कट्न हतारिन्छ । तर बीचैमा रोकिनुपर्छ । मिनी टाटा पास हुन्छ अगाडिबाट । त्यो कटुन्जेल घुर्नीले चौतारोको सैलुनतिर हेर्छ । हजाम नीलो एप्रोन टकटकाउँदै छ । काटकुट सफाचट भइसकेछ ग्राहक । ऊ ऐना फर्काइफर्काई नापिराखेको छ दुवैतिरको 'साइड लक' । मिनी टाटा पास हुनासाथ घुर्नी फटाफट गएर मोटरसाइकलमा चढ्छ । न हाईहेलो भन्छ, न ढिलो भएको कारण सोध्छ । मानौं, उसलाई त्यहाँबाट कतिखेर जाऊँ भइराखेको छ ।

मोटरसाइकल कुदिहाल्छ सुन्धारातर्फ ।

उता सैलुनमा हाते ऐना लिएर ग्राहकले अझै जाँचिराखेको छ– छाँटिएको नाकको कपाल, ओठका दुवै चेपतिर कहिलेकाहीँ छुट्न पुग्ने दाह्रीको टापु। हरेक कोणबाट हजामको खुर्काइ जाँचिराखेको ऐनामा बाटोको आवतजावत पनि प्रतिबिम्बित भइराखेको छ। ऐनामा आफ्नो गालाबाहेक उसले देख्छ, पर एउटा मोटरसाइकल जाँदै गरेको। खरानी रङको कमिज लगाएको घुर्ना ब्याकप्याक बोकेर मोटरसाइकलमा ओझेल हुँदै छ।

रामा र घुर्ना टुँडिखेलतिर हुइँकिँदै छन्। धरहरा र जिपिओ मोड कटिसकेको छ। समय छोटिँदै गएकाले रामा मोटरसाइकल कुदाउन खोज्छ। तर ऊ सहरको ३० किमि/पिएच गतिमा गुड्न बाध्य छ।

आरएनएसीनिर आइपुगेपछि घुर्नाले बल्ल सोध्छ, "देर भएन ?"

"डेरा छोड्ने बेला थोडा किचकिच पडिहाल्यो...," भाइजर नखोलीकन रामाले भन्छ। त्यसपछि केके बुदबुदाइराख्छ ऊ, घुर्नाले मेसै पाउँदैन। सुने जस्तो गरेर कुराको अन्त्यमा 'अच्छाऽऽ' मात्र थप्छ।

टुँडिखेल हुँदै अघि बढ्दा घुर्नाको आँखा खुलामञ्चतिर पुग्छ। अघिल्लो चोटि आउँदा खुलामञ्चमा देखेको भीड र अहिलेको रित्तो मञ्च उसले तुलना गर्छ। मान्छेहरूको भीड र भ्वाङभ्वाङ्ती भाषण गुन्जिने लाउड स्पिकरबिना खुलामञ्चको भाउ मञ्चमा पसारिएका डुलुवा कुकुरजत्ति नै हुँदो रहेछ। यही बेला ट्याक्सी हुइँकिँदै जान्छ छेउबाट। घुर्नाको आँखामा कसिङ्गर पस्छ। ऊ आँखा मिच्न थाल्छ। झन् बिझाउँछ। एकछिन आँखा चिम्मै गरेर बस्दा उसले सुन्न पुग्छ, विभिन्न ध्वनिले जीवन्त भएको काठमाडौं सहरलाई।

जिपहरूको भद्दा हर्न, कारहरूको च्याँव्हिएको हर्न, मोटरसाइकलको चिरबिरे हर्न, माइक्रो बसको साँढे हर्न– सहरको सुरतालझैं लाग्छ। तर यसमै मिसिँदै आउँछ, आतङ्कको धुन पनि। वाउँऽऽऽवाउँऽऽऽवाँऽऽऽ। ट्राफिक प्रहरीको साइरन।

घुर्नाका कान चङ्ख हुन्छन्। आँखा बिझाए पनि फर्किएर हेर्छ। बाटोको लय कतै खजमजिएको देख्दैन। ऊ अगाडि फर्किन्छ। साइरनको पिलिकपिलिक देखा नपरे पनि मनमा डरको पिलिकपिलिक बल्न थाल्छ।

यत्रो धमाका हुन गइराखेको छ..., कुरा चुहिन पनि सक्छ। नानाभाँती

शङ्काले उसलाई बिथोल्न थाल्छ । सुराकीको भरमा प्रहरीको मोटरसाइकल पछ्याउँदै आइराखेको हो कि ?

तर उसलाई भएको जस्तो छटपटी रामालाई भएको जस्तो लाग्दैन । हेल्मेटमा कैद रामाको टाउको बिल्कुल स्थिर छ । गतिमा पनि कुनै तलमाथि छैन । साइरनले रामाको रौं पनि नहल्लाए जस्तो लाग्छ । उसलाई देखेर घुर्नाको मनमा उक्लिएको डर ओरालो लाग्छ । तैपनि साइरन चर्किंदै आउँदा सिट मुठ्याएर बसेको घुर्नाको मुट्ठी आफ से आफ कसिन्छ ।

वाउँऽऽऽवाउँऽऽऽवाँऽऽऽ...

एक थान सवारी बत्तिंदै आउँछ । सबैभन्दा अघि लागेको छ, सेतो मोटरसाइकल साइरन घन्काउँदै । छेउछाउ गुडिराखेकालाई 'हल्ट'मा राख्दै । त्यसको पछिपछि टाटा मोबाइलमा सशस्त्रका जवान खाँदिएका छन् । बीचमा छ, 'सवारी' गर्ने मनुवाको चिल्लो कालो स्कोर्पियो । त्यतातिर हेर्दा पनि सामान्य जनका आँखाहरू एकाएक 'फोकस आउट' हुने गर्छन् । तिनीहरूलाई पछ्याउँदै जान्छन्, हाइलक्स पिकअपमा अर्को थान सशस्त्रका जवानहरू ।

मुट्ठीको कसाइ घुर्नाको खुकुलो हुन्छ । सिटलाई च्याप्प पारेर अँठ्याइराखेको जाँघ पनि खुकुलिन्छ । साइरन टाढिँदै जाँदा मुटुको ढुकढुकी आफ्नै लयमा फर्किन्छ । तर अत्यास ननिखिएको आँखाले फेरि उही सडक र पेटीहरूलाई हेर्दा मन कुँडिएको पाउँछ । र निस्फिक्री हिँडिराखेका मानिसहरूलाई देखेर कल्पिन थाल्छ ।

आफू कहिले हो कहिले फुक्काफाल भएर हिँड्न पाउने । बन्धक भएको स्वतन्त्रताका लागि घुर्ना लालायित हुन्छ । र रल्लिएर हेर्छ, छेउबाट हुइँकिएर गएको सिबिजेड मोटरसाइकललाई । त्यसमा गुडिराखेका केटाकेटीको जोडी हेर्दा लाग्छ, सहरमा उनीहरू एक्लै कुदिराखेका छन् । केटोले मोटरसाइकल बत्ताइराखेको छ । केटीको कपाल हावामा फर्फराएर 'ब्लो ड्राई' भइराखेको छ । घुर्नाले केटोको उमेर अड्कल लगाउँछ । र आफू पनि तानिएर त्यही उमेर छेउछाउ पुग्छ ।

त्यो उमेरमा ऊ रेडियोको मदरबोर्ड अघिल्तिर घण्टौं घोप्टिइराखेको हुन्थ्यो, रेडियो मर्मतको काम सिकाउने साहूकहाँ । रामलीला कम्पनीबाट फर्किएपछिको कुरा हो । त्यति बेला उसले पढाइ हापिसकेको थियो ।

गुड्दागुड्दै मोटरसाइकलको गति सुस्त हुँदै आउँछ । भोटाहिटी र रत्नपार्कको चोकमा आइपुग्दा घुर्नाहरू ट्राफिक जाममा पर्छन् । न अघिल्तिरका

गाडी गुड्छन्, न छेउकाहरू अघिपछि लाग्छन् । बित्ताभरि सर्न पनि रामाले मोटरसाइकललाई घरी दाहिनेतिर ल्याउनुपर्छ, घरी देब्रेतिर । तैपनि मन्दिरमा लाइन सरेझैं जाम सर्न थाल्छ ।

जाममा थोरैथोरै सरिराखेको घुर्नाले दरबार स्कुलतिर हेर्छ । छानो मात्र देखिन्छ । दायाँतिर पारि हेर्छ । गाडी सवारीले ठसाठस खाँदिएको बीचबीचबाट रानीपोखरीको पानी टल्किएको देखिन्छ । आँखैअगाडि भए पनि बाटोको भीडले टाढा बनेको छ, रानीपोखरी । घुर्ना उतै हेरिराख्छ, मनको अल्झोमा जेलिएर ।

कति ओटा विकल्प थिए र उसका अगाडि जुन आज ऊ थकथकाइराखेको छ बितेको उमेरलाई सम्झिएर । ऊबाट सुरू हुने जुनै बाटो पनि अहिलेभन्दा कति फरक हुन्थ्यो होला र ? लुकीभागी हिँड्नुपरेको औचित्यले उसले आफूलाई छाम्छ ।

०५६ सालमा ऊमाथि हमला गरेका दोषीहरूलाई कारबाही भएको भए के उसको बाटो यतातिर मोडिन्थ्यो होला ?

लहाठीमा घुर्नालाई भेटेपछि झबरले उसलाई उजुरी दिन लगाएका थिए । तर पुलिस थानाको आउजाउमा उसको तलुवा मात्र पातलियो । पहिला त प्रहरीले उजुरी नै लेख्न आनाकानी गऱ्यो । गाउँसमाजको कुरा पञ्चायतमै सल्टाउन भन्यो । त्यसमाथि जब थाहा भयो घुर्नाले किटानी जाहेरी दिन सक्दैन । प्रहरी उल्टै गुर्राउन थाल्यो, समय खेर फाल्यो भनेर । न झबरले छापेको समाचार काम लाग्यो, न उनको हारगुहार । हारेर घुर्ना आफैंले हात उठाइदियो ।

प्रहरीको हलुका रबैयाले झबर निरास भए । घुर्नाको आक्रोश झनै गाढा भयो । झबरले भने यहाँको कानुनी व्यवस्थाको विरोध गर्दा चर्किएर भारतीय दलित प्यान्थरको प्रसङ्ग निकाल्थे । उनी सँगसँगै घुर्ना पनि प्यान्थरहरूप्रति आकर्षित र रोमाञ्चित हुन थाल्यो । त्यही बेलादेखि घुर्नालाई दलित प्यान्थर आन्दोलन नेपालमा पनि गर्नुपर्छ भन्ने लाग्यो । र झबरको प्रेरणाले ब्ल्याक प्यान्थरदेखि दलित प्यान्थरसम्म उसले अध्ययन गऱ्यो ।

अचानक ०५८ सालको भदौमा झबर गायब भए । सर्लाहीको बरहथवा गएका झबर फर्किएनन् ।

०५६ सालमा त्यो घटनाका दोषीहरूलाई कारबाही नभएरै ऊ यहाँसम्म आइपुगेको हो त ? घुर्नालाई चित्त बुझ्दैन । आजको बाटो हिँड्ने नियति ०५६ सालभन्दा पहिला नै कोरिसकेको थिएन र ?

# लहाठी

सिरहाको देहाती गाउँ हो, लहाठी । जुन महेन्द्र राजमार्गको दक्षिणतिर पर्छ । राजमार्ग उत्तरतिर चुरेको शृङ्खला देखिन्छ । सप्तरी जिल्ला छुट्टिने बलान खोला त्यहाँबाट आठ किलोमिटरजति पर्छ । लहाठीबाट दुई गाउँ दक्षिणतिर भारतको दसगजा पर्छ । लहानबाट २५ किलोमिटर पूर्वदक्षिणमा पर्ने लहाठीमा घुर्ना राम जन्मिएको हो ।

उसको गाउँ ठ्याक्कै नास्पाती आकारको छ । तलपट्टि फराकिलो भएर माथिपट्टि चुस्स परेको । फराकिलो भाग लहाठीको मुहार हो । यो भागमा यादव, महतो र चौधरीहरू झाङ्गिएर बसेका छन् । गाउँको पुछारमा छ चमारहरूको झुरूप्प परेको टोल । पहिला त यसलाई चमर टोल भन्थे । अहिले आएर राम टोलको नामले जानिन्छ । खहर र फुसले बनेका २० ओटा झुपडी छन् । धर्सो जस्तो तानिएको डगरले चमार टोल छुट्टिन्छ । यसबाट पनि छुट्टिएका छन् दलितका पनि दलित– डोमहरू । तीन घर छन् डोमहरूका, गाउँको पुछारको पनि पुछारमा ।

मधेसको चरक्क घामले देहातको मट्यालो रङलाई चहकिलो बनाएको छ । यहाँ रङ चढ्छ, मौसमअनुसारको परिवर्तनले । फागुन-चैत-वैशाखमा गुलाबी बन्छ लहाठी । गुलाबीपन भरिँदै आउँछ पालुवापालुवामा । असार-साउनमा रूखबिरूवादेखि सुग्वा सर्पसम्म हरियै देखिन्छ । खेतमा हावा चल्दा लाग्छ, हरियो रङ सलल बगिराखेको छ । कात्तिक-मङ्सिरमा धान पाक्दा सुनौलो जलपले गाउँ उज्यालो बन्छ । पुस-माघको जाडोमा दलहन बालीले फुस्रो-बैजनी देखिन्छ गाउँ ।

घुर्नालाई भने भदौ-असोजमा गाउँ रमाइलो लाग्छ । खेतको आलीभरि खह्रको झार सेताम्मे फुल्छन् । दिनदिनभर भदौरे हावा चल्दा फुस्रो माटोसँगसँगै गाउँभरि खह्रको फुल्का उड्छ । फुल्कानजिक पुग्दा त्यो परपर भाग्छ । समाउन आएको थाहा पाउँछ सायद । भन्छन्, फुल्कामा चढेर मच्छडहरू यही समयमा मधेसबाट बिदा लिन्छन् अरे । रामजाने ! उसलाई चाहिँ हो जस्तो लाग्छ । हुन पनि यही बेलादेखि भुसुना मच्छडहरू बिस्तारै लाग्न छाड्छन् ।

ठेट्टी मैथली लवजले मिथिलाञ्चलको यो भेगलाई छुट्टै पहिचान दिएको छ । खस्रो, ठाडो र तीखो । यही खस्रोपनमा छ, चनाको सातुको स्वाद । मुरै कचडीको तिख्खर स्वाद र ताडीको रमरम मात । तर यही माटोमा पनपिने गरेको छ, जातीय भेदभाव पनि । लोहाएर चुट्टीको (कमिला) विषालु टोकाइ जस्तो । पालुवाहरूको घाउमा ठुँगिरहने कारकौवा जस्तो । सुत्केरी स्वास्नी मान्छेको दूध चुस्न करेसाबारीमा सलबलाइरहने धामन सर्पको त्रास जस्तो ।

छुवाछूत सुरू हुन्छ, भगवान्को चौखेटबाट । गाउँको डिहिबारको मन्दिरमा दलितलाई प्रवेश निषेध गरिएको छ । छुवाछूत रगतझैं गाढा बगेको छ, यहाँको नसानसामा । र स्पन्दित छ, चमारहरूको निरन्तर भयको सुस्केरामा ।

यहाँका चमारहरू बँधुवा मजदुर हुन् । कोही यादव, कोही महतो त कोही चौधरीहरूकहाँ हरूवाचरूवा बसेका छन् । यिनीहरू सबै गाउँ ब्लोक जमिनमा बस्दै आए पनि यिनीहरूका गिरहतहरूले मेरो बाजेको पालाको जमिन हो भनेर हकदाबी गर्छन् । डर र अज्ञानताले उनीहरूको दाबी नकार्न सक्दैनन् चमारहरू । र त गाउँ ब्लोक जग्गामा पनि उनीहरू ढुक्कसाथ बस्न सकेका छैनन् । न जमिन छ, न छ सबैसँग नागरिकता । त्यसैले सानासाना कुरामा गिरहतहरू सीधै उठिबास गराइदिने डरले तर्साइराख्छन् ।

घुर्नाका बाबु अधिकलाल चमार पनि रामवृक्ष यादवकहाँ बँधुवा मजदुर थिए । बाँचुन्जेल उनले तिनटा गिरहतकहाँ काम गरे । सबैभन्दा धेरै उनी रामवृक्षकहाँ हरूवा बसे । हरूवा बसेकाहरूको एउटै दिनचर्या हुन्छ । सखारै उठेर लोग्नेस्वास्नी खेत जाने । घाम डुबेपछि दुवैले पाँचपाँच सेर चामल लिएर फर्किने । दुवैको गरेर १० सेर चामलमा आधा खाने आधा बेचेर नुनतेलको जोहो गर्ने । यो दिनचर्या पनि खेतमा बाली हुन्जेलसम्म मात्र हो । बाँकीको महिना

सुक्खा नै हुने गर्छ । अझ सिँचाइ नभएकाले हरेक एकदुई वर्षमा यहाँ रौदी (खडेरी) पनि लाग्छ । त्यति बेला भोकले चिथोर्न, कोपर्न थाल्छ यिनीहरूलाई ।

हरेक वर्ष सुक्खाको महिनामा चमारहरूलाई प्याकप्याक हुन्छ । यति बेला भोकको मुख टाल्ने थोरै उपायमध्ये एउटा हो, दाउरा बेच्ने । अर्को भारततिर जाने । घुर्नाको गाउँतिरकाहरू भने भारतको पन्जाब जान्छन् । कृषक मजदुरका रूपमा । महिलाहरू गिरहतको घरमा काम नभए पनि जान्छन् । टाढै बसेर कुरिराख्छन् बिहानदेखि । दिउँसोतिर चामल निफन्ने या गोबर फाल्ने काम निस्किहालेमा एक छाक कनिका पाइन्छ कि भनेर । कहिलेकाहीँ चामलको माड पाइ पनि हाल्छन् । घरका चेलिबेटीलाई टिठ लागेमा माड दिँदादिँदै चामलका सिता पनि बगाइदिन्छन्, आमाले थाहा नपाउने गरी । भोकले असाध्य भएपछि चमाइनहरू आँपको खोया बटुल्न जान्छन्, गाउँका गल्ली र जुठेल्नाबाट । खोयाभित्रको बियाँ निकालेर सुकाउँछन् । सुकेपछि कुटेर पीठो बनाउँछन् । र त्यसको रोटी खाएर गुजारा चलाउँछन् ।

भोकको रन्कोमा हुर्किएको घुर्नाले भोकलाई विभिन्न रूपमा बाँच्यो । झन् रौदीका दिनहरूमा भोक लाग्दा आँत खरो भएर आउँथ्यो । बिहानपख डगरपारिको खेतीवालका घरहरू धुवाँस्सिँदा काँचो दाउरा बाल्दाको मीठो गन्धले आँत हर्रर हुन्थ्यो । भोकले रन्थनिँदै ऊ घरभित्र जान्थ्यो । चामलको दाना बचेको छ कि भनेर कोठी (माटोको भकारी)भित्र हात पसालेर छाम्थ्यो । केही नपाउँदा ऊ घरको पिछवाडमा गएर टुत्रुक्क बस्थ्यो । पिछवाडमा फलेको कोइच्ला झारको विषालु फल पनि उसलाई खाऊँखाऊँ लाग्थ्यो । पोटिलो हरियो हेर्दै रसिलो । ऊ हेरिराख्थ्यो टुलुटुलु विषालु फललाई, खान हुने हो कि भन्ने शङ्कामा ।

एक दिन दिउँसोपख घुर्नाको पेट बेस्सरी हुँडल्लियो । आन्द्रा चुँडिने भोकले पेट मथ्न थाल्यो । दुखाइ मार्न ऊ हातले पेट थिचेर घोप्टो पर्‍यो । तर दुखाइ कम हुनु कहाँ हो कहाँ, कन्चट पनि सनासोले थिचे जस्तो गरी दुख्न थाल्यो । उसले आँखा चिम्म गरेर सुत्ने प्रयास गर्‍यो, निद्राको बेहोसीमा भोकलाई भुलाउन । बिस्तारै ऊ अँध्यारिन थाल्यो । लाग्यो, टाउको थिचेर कसैले तल झन् तल पुर्‍याउँदै छ । भन्न सक्दैन त्यो बेहोसी थियो वा निद्राको झप्को । होसमा आउँदा झिसमिसे साँझ भइसकेको थियो । भोकको

रन्को थिएन । टाउको दुखाइ पनि कम भइसकेको थियो । उसलाई भोकको अन्धकुपबाट बाँचेर आएँ जस्तो लाग्यो ।

तर घुर्ना उस्तै रहेन । खालीपनको उदासीले ऊ नियास्रिएको थियो । त्यसपछि रित्तोपनको त्यो भ्वाङ कहिल्यै नपुरिने गरी हरदम साथमा रहन थाल्यो । डोनटको बीचमा हुने प्वाल जस्तो । पूरा भएर पनि मध्य भागमा खाली रहिरहे जस्तो ।

त्यस दिनपछि घुर्नाले भोकसित जुध्न छाड्यो । त्यससँगसँगै बाँच्न थाल्यो ऊ ।

उता हुर्कंदै गएको छोरालाई लिएर अधिकलालको मनमा अर्कै योजना बुनिँदै थियो, रामलीलामा काम गर्ने । घुर्ना अनकनाउँदा अधिकलालले उसलाई सम्झाउँथे । भन्थे, "सबजना थोडै न जान पाउँछन् रे बुढबक ? तँलाई त गुरुमहाराजले जबजब ढोल बजाएको देख्छन्, तब भनिहाल्छन् रामलील्लाका लागि । पैसा दिन्छन् तब न भन्दै छु । गिरहत माने त मै गइहाल्थें । तर तीनतीन गाउँको गाउँ कमिया भएपछि थोडै न जान मिल्छ । ऊ बखत मङ्सिर-पुस-माघको धान काट्ने र दलहन बाली छर्ने बेला भइहाल्छ ।"

खुलदुली लागेर उसले एक दिन सोध्यो पनि, "त्यहाँ केके गर्नुपर्छ ?" अधिकलालले ढोलको सट्टा ढोलक बजाउनुपर्छ भने । सुनेर घुर्नालाई ठीकै हो जस्तो लाग्यो । तर जब घुर्नाले गाउँका केटाहरूबाट सुन्यो केटाहरूलाई केटी बनेर पनि नाच्नपर्छ । त्यसपछि त रामलीलामा काम गर्न जाने भनेपछि उसले ठाडै नाइँ भन्न लाग्यो । अर्कोतिर उसको आमाको मनसाय पनि अधिकलालसँग बाझ्थ्यो । कमलीचाहिँ पहिला घुर्नाको बिहे गरेर मात्रै कतै पठाउने पक्षमा थिइन् । तर अधिकलाल कमलीको कुरा काटिहाल्थे । भन्थे, "गिद्दी फिरेछ के ? बिहा गरेर ल्याएर के भुस्सा ख्वाउँछस् ?"

"कौन चमारलाई खान पुगेछ ? त कहीँ उनीहरूको बिहाबारी रोकेछ ?" मुखै टालिने गरी कमलीले कुरो फर्काउँथिन्, "जल्दी नगरे भने बुढवासँग कसैले सादी गर्दैन । चाँडै घरमा कनिया आए भने यो पनि सम्हलिहाल्छ । नत्र आवारा गर्दै फिर्छ । म भन्दिएछु ।"

हुन त चौध वर्षको घुर्ना समाजको रीतिअनुसार बिहेका लागि केटी खोज्नलायक भइसकेको थियो । तर बिहेको नाम सुन्नेबित्तिकै लाजले भुतुक्क हुन्थ्यो । र छड्केर हिँडिहाल्थ्यो ।

आमाबाबुको मनसाय बाझिएर घुर्ना हुनसम्म बरालिएर हिँडिराख्यो । भोक र अभावले अत्याए पनि उमेरको निस्फिक्रीपन थियो । र थियो गाउँ चहार्दाको अलमस्ती ।

गर्मीमा गिरहतको भैंसीसँगै पोखरीमा पौडिंदा होस् या भैंसीको ढाडमा चढेर चुरेबाट बग्दै आएको चुहुँलाझैं गर्ने बादललाई हेरिरहँदा होस्, चाल्नो जस्तो प्वाल परेको गन्जी लगाएको घुर्नाको छाती देहातको मायाले रूझ्थ्यो । टिर्का र बेचनसँग धान खेतमा पोठिया माछा मार्न जाँदा होस् या खेतका हिलाम्मे गराका दुलोहरूमा घोघीँ र गँगटा खोर्सिंदा होस्, भोकका अगाडि ती दुलाहरूमा हुन सक्ने धामन, गोमन सबै बिर्सिन्थ्यो ऊ । अनि आक्कलझुक्कल नीलकण्ठ चरालाई देख्दा ऊ फुरुङ्गै हुन्थ्यो । पेटभरि खाना खान पाइने आसमा । वर्षात्का दिनहरूमा हरहरा सर्प समातेर सबैलाई तर्साउँदा त झन् आफू केके नै हुँ भन्ने भान हुन्थ्यो ।

तर यी क्षणहरूमा भरपेट हुर्किनै नपाई परिस्थितिको ब्रेक लाग्यो ।

# ११:०० बजे

भोटाहिटी र रत्नपार्कको जक्सनदेखि ट्राफिक जाममा जम्दाजम्दा घुर्नी पाक्न थालेको छ । रामा पनि उक्क भए जस्तो छ, उसले भाइजर उघार्दै लगाउँदै गरेको छ ।

घुर्ना बस्दाबस्दा थाक्छ । यतिन्जेल हिँडेको भए एक किलोमिटरजति हिँडिसक्थ्यो होला । पेटीमा बटुवाहरू फटाफट हिँडेको देख्दा उसका पैताला चिलाउँछन् । कोहीकोही त कत्ति हतारिएर हिँडेका । तिनलाई देखेर उसलाई मुतनी वनमा आफू पनि बेतोडले कुद्दै हिँडेको झल्को आउँछ ।

उफ् ! ऊ र छठु कसरी भागेका थिए मुतनी वनबाट । त्यस्तो बेलाको जस्तो हतारो मान्छेलाई कहिले पो लाग्छ र ?

तर त्यस दिनको स्मृति ऊ उग्राउन चाहन्न । आफूलाई छोप्न आउने छायाँहरूलाई काबुमा राखेर ऊ बाटोको गाइँगुइँमा फर्किन्छ ।

गाडीहरू घस्रीघस्री जमल र दरबारमार्ग छुट्टिने बाटोसम्म लतारिन्छन् । नाचघरबाट बिस्तारै जाम पनि खुकुलो हुन्छ । रामाले मोटरसाइकलको एक्सिलेटर निमोठ्छ । उनीहरू केशरमहलनिर आइपुग्छन् । पछाडि कुनै गाडी छ कि भनेर रामाले मोटरसाइकलको ऐनामा हेर्छ । तर ऐनामा नारायणहिटीको पश्चिम ढोकातिर हेरिराखेको घुर्नालाई देख्छ । रामाले ऐनालाई बाटोतिर फर्काउँछ ।

घुर्नाले दरबारलाई घेरेको पर्खाल हेर्दै छ । ०५९ सालमा झबरसँग काठमाडौं आउँदा ऊ दरबारमार्ग आएको थियो । यहाँ आइपुग्दा साँझ परिसकेको थियो । नारायणहिटी दरबारपरिसरमा साँझको बत्ती बलिसकेको थियो । आकाशमा मिर्मिरे साँझलाई रातको कालिमाले खर्लप्प निल्नुभन्दा

अगाडिको नीलो पोतिएको थियो । परिसरमा बलेको प्रकाशले दरबारमाथिको त्यो आकाश नाटकीय देखिएको थियो । भवनलाई जसरी मुन्तिरबाट प्रकाश दिइएको थियो, त्यसले दरबार आफ्नो आकारबाट तन्किएझैं लाग्थ्यो । परिसरका रूखबुट्यान र ढिस्काले दरबार अलि उघ्रिएको, अलि छेलिएको थियो । त्यति नै काफी थियो कुतूहल जगाउन ।

झुन्डका झुन्ड काग रूखमा कोलाहल मच्चाउँदै थिए । दरबारवरिपरिको आकाशमा फन्को मारिराखेका कागका काँकाँ चराको भन्दा पनि निशाचर प्राणीको चिच्याहट जस्तो थियो । लामा न लामा भाला जस्ता बारपछाडि देखिएको दरबार घुर्नालाई अलौकिक लाग्यो । सहरको बीचोबीच भएर पनि सहरभन्दा टाढा लाग्यो । एक वर्षअघि भएको राजदरबार हत्याकाण्डले त रहस्य थपिदिएको थियो ।

घुर्नाले दरबारतिर टकटकी लगाएर हेऱ्यो । फुटपाथमा ठिङ्ग उभिइरहँदा एउटा बटुवा ऊसित ठोक्कियो पनि । "कस्तो मान्छे !" बटुवाले बुदबुदाएको घुर्नाले सुन्यो । उसले हिंडाइको रफ्तार बढायो र ठमेल मोडिने फुटपाथको टुङ्गोमा आइपुग्यो । त्यहीं एकछिन उभिऊँ भनेको त आउजाउ गरिराखेका मान्छेहरू उसैलाई हेर्दै पास हुन थाले ।

त्यति बेला माओवादी युद्धविराम भएको थियो, युद्धै सक्किएको थिएन । माओवादीको भीड भएर आए पनि सेनाले सबको अनुहार खिचेर राख्छ रे भन्ने हल्ला थियो । झुटोसाँचो जे भए पनि बचेर हिंड्नुपर्ने थियो । घुर्ना हतपत दरबारमार्गदेखि देब्रे मोडियो ।

तर यसपालि पश्चिम गेटबाट देखिएको नारायणहिटी उसलाई भव्य लागेन । दरबारको शक्ति खुइलिइसकेकाले हुन सक्छ या दिउँसोको सपाट उज्यालोमा फिक्का देखिएकाले हो । वा हो दुवैले ।

यति चाँडो सत्ताको उलटफेर भएको देख्दा घुर्नालाई लागेको छ, लागेको मात्र होइन, विश्वास भएको छ– हातमा 'भाग्य' भनेर कुँदिएको रेखा मेटाएर आफैंले कोर्ने समय आएको छ । त्यसैले पश्चिम गेटको अग्लोसग्लो पर्खालमा सुरक्षा पहरा देखेर उसको मन पर्यटकीय भइरहँदैन । दर्बिलो पर्खालले ललकारेझैं घुर्ना अठोटिन्छ– बल्ल त एउटा दरबार ढलेको छ । जातको पर्खालले घेरिएर बसेकाहरूको दरबार ढल्न बाँकी नै छ ।

# जुरमाना

घुर्ना १४ वर्षको थियो । आमासँग ऊ नरगी चोकमा लाग्ने हटिया जाँदै थियो । तीन ओटा गाउँ छुट्टिने बाटोको चोकलाई भनिन्थ्यो, नरगी चोक । हरेक मङ्गलबार त्यहाँ हटिया लाग्ने गर्थ्यो । किनमेलका लागि गाउँलेहरू कि त भारतको पिपराही धाउनुपर्थ्यो, नत्र यस्तै हटियामा भर पर्नुपर्थ्यो ।

घुर्नाकहाँ टुकी बाल्ने मट्टीतेल सकिएको थियो । आमाछोरा हटिया गइराखेका थिए किन्न । सिनोको छाला बेचेबापत अलिकति पैसा जुटेको थियो ।

उनीहरू गाउँको मूल बाटोमा पुगेका मात्र के थिए, अर्की चमाइन भेट भइन् । अनि त के चाहियो । दुवै जना पल्हेनी (सुडेनी) भएकाले त्यसैको धन्दाबारे बतियाउन थाले । माथिल्लो गाउँको जगदिसियाको घरमा छोरा पाउँदा कसले कति बक्सिस पाए भनेर दाँज्न थाले । एक हात लामो काडेको घुम्टो सार्दै कुरा काट्न थाले ।

एकै ठाउँ उभिइरहने धैर्य घुर्नाको थिएन । त्यसमाथि उनीहरूको झर्कोलाग्दो गन्थन । उसको ध्यान यताउति डोरिन थाल्यो ।

पूरा गाउँ हटिया जान चलमलाएको थियो । गाउँलेहरू पक्साएर राखेको केराको घारी लिएर नरगीतिर हान्निएका थिए । बारीबिरूवा हुनेहरू लौकादेखि लट्टेको सागसम्म झौवामा राखेर जाँदै थिए । घुर्नाको आँखा मूल बाटोको हनुमान मन्दिरअगाडि खुलेको महाराजको चिया पसलमा गएर अडियो । त्यहाँ हटिया जान लागेका बूढाहरू काखीमा बोरा च्यापेर टुक्रुक्क

बसी चिया पिइराखेका थिए । चिया पसलको महाराजलाई भ्याइनभ्याई थियो । प्याजी र कचडी बनाइवरी ऊ खाजा बनाउने तरखर गर्दै थियो ।

घुर्नाको ध्यान महाराजमा एकोहोरियो ।

महाराजले जब तात्तातो खाजा बनाउन थाल्यो, चास्नीबाट निकालेको खाजा देखेर घुर्नाको मुख सर्र रसायो । घुटुक्क थुक निल्दै ऊ कल्पिन थाल्यो– खाजामाथि भन्किराखेको पहेंलोखैरो बारूला हुन पाए पनि हुने । खाजाको सयपत्री जस्तो पत्रैपत्र देखेर उसलाई खुलदुली पनि लाग्यो । चेप्टो रोटी कसरी फूलको पत्र जस्तो फुल्दो रहेछ । उसलाई उतै गएर हेर्न मन लाग्यो ।

यता आमाको गफ सकिने छेकछन्द थिएन । एकैछिन त हो नि भन्दै ऊ छेउबाट लुसुक्क फुत्कियो । ठाकुरको कठघर हुँदै, लोहारको आरन कटेर महाराजको पसलनिर गएर उभियो । कताबाट उभिन आइपुगेको घुर्नालाई देखेर महाराजले पुलुक्क हेर्‍यो । र बेवास्ता गर्दै फेरि मैदा बेल्न थाल्यो ।

दङ्ग पर्दै घुर्ना खाजा बनाउने तरिका हेरिराखेको थियो । महाराजले मैदाको डल्लोलाई लाम्चैलाम्चो बेल्थ्यो । आधी हातजति लाम्चो भएपछि त्यसलाई खप्ट्याउँदै एउटै डल्लो बनाउँथ्यो र फेरि बेल्थ्यो । बेलेको रोटी तेलमा तल्दा त्यो फत्रक्क फत्रिन्थ्यो ।

आँखैले खाउँलाझैं गरी खाजातिर हेरिराखेको घुर्नालाई देखेर महाराजले सोध्यो, "के चाहियो रे बौवा ?"

के भनूँभनूँ भयो उसलाई । चाहिएको त केही थिएन । हप्काउला भन्ने डरले उसले कचडी र प्याजीलाई देखाउँदै भन्यो, "ई ।" नजिक आएर भन्दा घुर्नाको पाखुराले बनाउन बाँकी रहेको प्याज र बेसनको घोलको परात छोइयो । परात सार्दै महाराजले सोध्यो, "ई ?"

शिर हल्लाएर उसले भन्यो, "माय आएपछि ।"

"कहाँ छ तेरो माय ?" महाराजले सोध्यो ।

घुर्नाले बाटोमा कुरा गरिराखेकी आफ्नी आमालाई देखायो ।

"गे मैया ! ऊऽऽ_ कमली !" महाराज झस्कियो । "त्यसको छौंडा होस् ?"

घुर्नाले शिर हल्लायो । महाराजले नपत्याएर फेरि सोध्यो । एउटै कुरा महाराजले घरीघरी सोधेकाले ऊ पनि अलमलियो । त्यसैले आमालाई हेरेर

हो भन्यो । त्यसपछि त के थियो । महाराजले खाजा बनाउन छाडेर उसकी आमालाई हकारेर बोलायो ।

चिया पसलमा घुर्नालाई देखेर कमली सन्न भइन् । महाराज आगो भइराखेको देखेर उनी आत्तिइन् पनि ।

मैलो जनै नाङ्गो छातीमा छड्किएको, लौकाझैं घोप्टिएको भुँडीमुनि धोती बाँधेको महाराज कम्मरमा हात राखेर हुङ्कार्‍यो, "रे कमली तेरो छौंडाले सभ छुछा गरिदियो ।"

घुम्टो हाल्दै उनी पसलतिर लम्किइन् ।

घुम्टोको चरबाट तीखा आँखाले आफूलाई नै हेरिराखेकी आमालाई देखेर घुर्ना खुम्चियो । अब के हुने हो ।

"पासैमा थियो, कतिखेर यहाँ पुगिहाल्यो । पतै पाइनँ," उनले घुर्नालाई आफूतिर लतारिन् । ढलमलिँदै ऊ आमाको पछाडि निहुरमुन्टी भयो ।

"सम्हाल्न आउँदैन त चिल्लर जस्तो के पाउँछौ ?"

हात जोर्दै कमलीले भनिन्, "लडिकाले भूल गर्‍यो । माफ गरिदिनुस् हजुर ।"

"मेरो माफीले यो प्याजी कसैले खान्छ ?" महाराज कड्कियो, "चन्दर ओ चन्दर... ।"

घुर्नाकै उमेरको कामदार पाइजामामा हात पुछ्दै आयो ।

"यो परात दूर हटा यहाँबाट ।"

केटोले सुरुक्क लाएर हटायो । त्यसपछि ऊ सँघारको खाँबोपछाडि उभिएर घुर्नालाई चोर आँखाले हेर्न थाल्यो ।

"चल् उठा कमली त्यसलाई र भर् जुरमाना," महाराजले फरमान जारी गर्‍यो ।

कमलीले घुम्टो सिउँदोसम्म सारिन् । नाकमा उम्रिएको पसिनालाई सप्कोले पुछ्दै भनिन्, "हजुर, लग्न त लगिहाल्छु । तर जुरमानाका लागि... ।"

"छुतेराहरू...," कमलीलाई बोल्नै नदिई महाराज जङ्गियो, "...मनमौजी छौ हैन ? पञ्चयती बोलाऊँ ?... तब भर्छौ जुरमाना ।"

"माय बाप जानबुझमा गरेको हैन । गल्ती भ'गैले," कमली टुक्रुक्क बसेर रूलाँझैं गरिन् । वरिपरि रमितेहरू जम्मा हुँदै गए । महाराज झनै रवाफले

बोल्न थाल्यो । हटिया जाने दिन परेकाले अरू दिनहरू भन्दा बढ्तै मान्छेहरू जुट्न थाले ।

आमाले याचना गरिरहँदा ओसराको थाममा छेलिएर उभिएको चन्दर मुस्कुराइराखेको घुर्नाले देख्यो । उसलाई चन्दर भनाउँदोको नाथ्री फुट्ने गरी मुक्का हान्न मन लाग्यो । र महाराजलाई धान काट्ने हंसुले रेटिदिन मन लाग्यो । उसले पकाएको खाजातिर हेर्दा पनि घुर्नालाई उक्क भयो ।

"भन् चुप्पैचाप जुरमाना भर्छस् कि पञ्चयती बोलाएर फैसला गराऊँ ?"

के भन्ने कमलीले । बोलीजति जिब्रोमै काँत्रियो ।

"के गरूँ भन् ? भनिहाल् ?" रिसभन्दा पनि दिक्क भएझैं गरी सोध्यो महाराजले । र सहानुभूति बटुल्न हुलतिर फर्कियो, "पूरा प्याजी नोक्सान गरिदियो, यसको छौंडाले । कहाँ गइरहेको थिएँ, नरगी बोहनी गर्न । कहाँ यसको पाला परिगो ।"

नभन्दै उसको समर्थनमा मान्छेहरू उक्सिन बेर लागेन । हुलका जान्ने सुन्नेहरू घोचपेच गर्न थाले । कोही भन्न थाले, "पञ्चयती नबिठाएसम्म यिनीहरू मान्नेबला छैनन् ।" तिनीमध्येबाट तात्तिँदै कसैले भन्यो, "यसको छौंडालाई भरो दिन मेहमा बाँधिदिनुपर्छ, तब अक्किलमा गुद्दा भर्छ ।"

कानमा ज्यामिरको काँढा झोसिदिए जस्तो भयो । निहुरमुन्टी भइराखेको घुर्ना आवाज आएकोतर्फ हेर्न खोज्यो । घृणा भरिएको हुलका आँखाहरू सामना नै गर्न सकेन । खुम्चिँदै ऊ फेरि भुइँतिर फर्कियो । कमली डरले टाउको उठाउन नि सकिनन् । महाराजको साथमा हुल पनि आइलागेको देखेर जरिवाना माफ गराई पाउने याचना त परै जाओस्, त्यहाँबाट उम्किन पाए हुने भन्ने भयो । उनले हत्तपत्त सप्कोमा गाँठो पारेको पैसा निकालिन् र काँपेको स्वरमा भनिन्, "मसँग यही ४२ रूपैयाँ छ, हजुर ।"

"वहीं भुइँमा राख्दे," कमलीतिर हेर्दै नहेरी महाराजले भन्यो ।

कमलीले पैसा महाराजअघिल्तिर थपक्क राखिदिइन् । भुइँको पैसा राम्ररी नियाल्दै महाराजले भन्यो, "जानिलिएस्, यत्तिकैमा माफ गरिराछु । अरू हुन्थ्यो त भाँडाको अलग पैसा लिन्थ्यो र यो छौंडालाई थोडै न छोड्थ्यो ।" महाराजको रिस ओझाए पनि चिढचिढोपन बाँकी नै थियो । उसले भन्यो, "आफ्नो छौंडालाई तौरतरिका सिका, नइ तँ यस्तै जुरमाना भर्दै हिँड्छस् ।" तितरबितर हुन लागेका

हुलबाट होहो भन्ने सुनियो । त्यसपछि महाराजले त्यही घटना भर्खर उभिन आइपुगेकाहरूलाई सुरूदेखि सुनाउन थाल्यो ।

आफ्नो बाबुले सिनोको छाला बेचेको पैसा पसलको चन्दरले आएर टिप्यो । घुर्नाले हेर्नै सकेन, पैसा लगेको । पछाडिबाट झम्टिने आवेगले घुर्नाले लामोलामो सास फेर्‍यो । तर ऊसँग कान्छी औंला उठाउने पनि हुत्ती थिएन । भित्रैबाट परास्त भए जस्तो आँखा टलबलाउन खोज्यो । आँसु छल्न उसले आँखा भुइँमै जोतिराख्यो ।

कमली प्याजीको बेसनयुक्त मसला लिएर घरतिर हिँडिन् । घुर्ना चुपचाप उनको पछि लाग्यो । बाटोभरि उसलाई फर्किएर बाबुको पैसा खोस्न पाए पनि हुने भन्ने सनक चढिरह्यो ।

कमलीले बाटोमा पर्ने नालीमा प्याजीको मसला हुर्‍याइदिइन् । र घर पुग्नेबित्तिकै गोह्रा बनाउन राखेको सनपाटको सन्ठी उठाइन् । घुर्नाले बुझिहाल्यो । उसलाई कहाँ लुकूँ, कता छेकूँ भयो ।

"उहर मर्न किन गथिस् हँ ?" वर आएर कमलीले दाँत किट्याउँदै सोधिन् । लगलगाउँदै घुर्ना उचालिएको सन्ठीलाई नै हेरिराख्यो । बोल्न सकेन । कमलीले उसको पिँडौलामा स्वाम्मै एक सन्ठी लगाइन् । "न...न...नइ माय," पीडाले उसको मुखबाट यति नै निस्कियो ।

"रे लफुवा... त्यहाँ मर्न कोले भनेथ्यो," कमलीले पिँडौला मुसारिराखेको घुर्नाको ढाडमा फेरि सन्ठी बजारिन् ।

"नइ माय नइ...," घुर्ना भुइँमा थुचुक्कै बस्यो ।

"बेसी लरलर नइकर, घुरनवा," कमली रिसले काँप्न थालिन् । घुर्नाको डर उक्लेर घाँटीमा पुग्यो । भकभकाउँदै ऊ भन्न थाल्यो, "माय, भूलले लागी'गो... अब गर्दिनँ माय ।"

"भूलले !" उनले फेरि घुर्नालाई जमाएर दिइन् । सन्ठीको मार कुहिनामै पर्‍यो । दुखाइले तिर्मिरायो ऊ । मुखबाट चीत्कार निस्कन खोजे पनि निस्कन सकेन । मुख र घाँटी सुकेर आवाज ऊभित्रै कैद भयो । गाँठो परेको सास फुक्लिएपछि बल्ल डाँको छाडेर रून थाल्यो ।

उसको रूवाइमाथिमाथि कमली चिच्याइन्, "अरे अहिलेसम्म कयबार सम्झाएँ । ठूलो जातको पासमा नजानू । महतो गिरहतकहाँ तैंले गर्दा छोडेको हैन ।"

हुन पनि हो, रामवृक्ष महतोको छोराले घुर्नाको लोहरा खोस्न जाँदा उसले धकेलिदिएको थियो । त्यसैको रिसमा अधिकलाललाई खेतको धान चोरीचकारी गरेको दोष लगाइएको थियो । त्यही बेलादेखि कमलीले गल्ती नभए पनि चुपचाप ठूलो जातको कुरा सहनुपर्छ भनिराख्थिन् । चित्त नबुझे पनि घुर्नाले बुझे जस्तो गर्थ्यो । तर त्यो बुझाइ केही दिनका लागि मात्र हुन्थ्यो ।

फेरि जब घुर्नालाई गिरहतकहाँ काम गर्न बोलाइन्थ्यो । घर फर्किएर आमालाई ऊ ठसठस गर्थ्यो । भन्थ्यो, शौचालय जाने बाटोमा खाना खानुपर्‍यो । खाएपछि केराको पात परै लगेर फाल्नुपर्‍यो । अनि खाएको ठाउँ गोबरले लिप्नुपर्‍यो । यस्ता नाथे कुरा सुन्नुपर्दा कमलीलाई झिझ्याहट हुन्थ्यो । उनी छुवाछूतको नियम पालना गर्नुपर्छ भनेर उल्टै सम्झाउँथिन् । घुर्नाले प्रतिवाद गर्न खोज्दा चड्कन पनि दिने गर्थिन् ।

तर आज भने उनलाई थामिनसक्नु झोक चलेको थियो । उनलाई लाग्यो, जति सम्झाउँदा पनि घुर्ना ठूलो जातकहाँ फेरि घुस्रिन गयो । त्यसमाथि छालाको पैसा गुमाउनुको मर्का उनलाई छुट्टै थियो ।

झोक्किँदै फेरि पिट्ने सुरमा उनी घुर्नातिर बढिन् । फेर्दाफेर्दैको सास अड्किएर ऊ कहालियो । आँखाका पुतली डरले फर्फराउन थाले । उसको अनुहार देखेर कमली रोकिइन् । सन्ठी उठाएको हात तल झार्दै भनिन्, "गाउँ से निकलवाएर छोड्छस् के !"

कुहिना मुसार्दै घुर्ना रोइराख्यो । जवाफ दिएन ।

"अब भन् बड्का जातलाई छुन्छस् ?" सन्ठीलाई भुइँमा ठटाउँदै उनले सोधिन् ।

घुर्नाले छुँदिनँ भन्ने आसयमा मुन्टो हल्लायो ।

बाहिरबाट अधिकलाल दौडिँदै आए । उनले कमलीको हातबाट सन्ठी खोसेर खह्रको छानामाथि फुत्त फाले र के भयो भनेर सोधे । कमलीले सबै कुरा सुनाइन् र भएको पैसा हर्जाना तिर्नुपरेको पनि भनिन् । अधिकलाल भुइँमा थचक्कै भए । शोक परेझैं थाप्लो समाएर टोलाउन थाले । उनको ताल देखेर कमलीले फेरि सन्ठी उठाइन्, "त्यत्रो जान हथेलीमा राखेर माल बेचेको रूपैयाँ सभ यसले... ।"

अधिकलाल जुरूक्क उठे । कमलीको हातबाट सन्ठी खोसे र त्यसलाई भाँचेर परै हुन्याइदिए । कमलीको रिस अझै मत्थर भएको थिएन । बर्बराउँदै उनी भित्र गइन् । "जल्दी शादी गरिदेऊ, तबै यसले व्यवहार सिक्छ । नइ तँ यसैले दुख पाउँछ भन्दिएछु ।"

घुर्नां ओसरामा गुडुल्किएर सुक्सुकाइराख्यो । बाबुतिर हेर्न नि सकेन । अधिकलाल एक शब्द पनि नबोली बाहिरिए । घुर्नाको हाल महाराजको पसलमा गुडको चास्नीमा डुबेको बारूला झैं भएको थियो ।

साँझ पऱ्यो । झिङ्गुरहरूको कोलाहल सुरू भयो । तैपनि घरमा खाना पकाउने छाँट देखिएन । कमली फुच्चीमा पानी लिन ओसरासम्म आउँथिन् । पानी लिएर फेरि भित्रै पस्थिन् । भित्रबाट पानी गटगटाएको आवाज आउँथ्यो । त्यसपछि खटियाको चाइँचुइँ सुनिन्थ्यो । भित्रैबाट भुनभुनाउन पनि छाडेकी थिइनन् । घुर्ना दैलोनिर बसिराखेको छ भनेर होला । उसले सुन्ने गरी बिहे गरिदिन्छु भनिराखेकी थिइन् ।

गनगन गरिराखेकी आमादेखि घुर्नालाई रिस उठ्यो । उठेर उसले तुलसीको मठनिर ठड्याएको लौरोलाई बारीतिर हुत्याइदियो । त्यही बाँसको लौरोले कमलीले उसलाई नाप्ने गर्थिन्, बिहेका लागि । लौरोमा जहाँसम्म ऊ अग्लिएको हुन्थ्यो, त्यसभन्दा एक बित्ता घटाएर चिनो लगाउने गर्थिन् । घुर्नाका लागि केटी खोज्न ।

घुर्ना धुम्धुम्ती ओसरामा बसेर सोच्न थाल्यो– अहिले खुत्रुक्क मर्न पाए पनि हुने । आफू मर्दा सबैभन्दा दुःख आमालाई हुने भएकाले उसले यस्तो सोचेको थियो । किनभने ऊ कमलीको एक मात्र सन्तान थियो । अघिल्ला तीन छोराहरू जन्मनेबित्तिकै मरेका थिए । त्यसपछिको दुई वर्षमा बल्ल ऊ जन्मेको थियो । मरेका तीन जना छोराहरू चौथो छोराको चोलामा जन्म्यो भनेर उनीहरूले उसको नाम घुर्ना राखिदिए । छोडी गएको कोही फर्किएर आउनेलाई 'घुर्ना' भनिन्थ्यो । र यस्तो नाम राख्दा सन्तान बाँच्छ भनेर त्यहाँ आमविश्वास थियो । नभन्दै घुर्ना बाँच्यो पनि ।

तर आफू मर्दा आमालाई खुच्चिङ हुने भए पनि बाबुलाई सम्झिएर उसको मन खिन्न भयो । छालाको पैसा खेर गएको थाहा पाउँदा बाबुको बोली लाटिएको उसले सम्झियो ।

"अरे सुबेरै तीनउन बजे होला माल लिएर म यहाँबाट चलदिएको," छाला बेचेर आएपछि उसका बाबुले भनेका थिए ।

"तब् ?" छिमेकका काकाले वाल्ल पर्दै सोधेका थिए ।

काका मात्र होइन, टोलमा धेरैका लागि लुकीचोरी छाला बेच्नु भनेको ठूलै आँट गरेसरह थियो । कतिले सिनोको छाला पारिका मुसलमानहरूलाई बेचिदिन्थे । किनभने तिनीहरू घरघरै टुप्लुक्क आइपुग्थे । आकाशको जुन दिशामा गिद्धको झुन्ड उडेको देख्थे, गाउँ पत्ता लगाउँदै आइपुग्थे । प्रायःले त लहानको छाला गोदाममा बेचेर आउँथे । त्यहाँ बेच्दा घाटा लाग्ने थाहा पाएपछि उनीहरूले सीमापारि बेच्न थालेका थिए । तर यता गोदामकाहरूले थाहा पाएर सिआरपी (भारतीय सीमा पुलिस) लगाइदिने गर्थे । त्यसपछि 'ब्ल्याकिया' गर्ने चमारहरूको छाला त जफत हुन्थ्यो नै । धुस्नु चुटान खाँदै रातभरि थानामा कोच्चिनु पनि पर्थ्यो । र त काकाले उसको बाबुको बहादुरी मुटु थामेर सुनिराखेका थिए ।

"अरे चौरैचौर जङ्गलको डगर हिँड्दाहिँड्दा... । चार घण्टातक हिँडें होला तब जाईकन पिपराही पुगें । बाटोमा दुइटा गस्ती छल्नुपर्‍यो । डेर भन्नुहुन्छ ? कुरै नगर्नुस् । नरगी चौकीमा नयपाली पुलिसियासित त्यति डेर लागेन । जब बरहरी पुगें, ससुरी सिआरपी ठाड् थियो । मनमा भगवती महरानीलाई यति मनाएँ, यति मनाएँ... ।" सात्तो गएझैं अधिकलाल चुप भए । मानौं त्यति बेला लागेको डर शब्दमा भन्नै नसकिने जस्तो ।

काकाको झन् कुरै भएन । उनी त राम-राम भन्दै हनुमानलाई सम्झिइराखेको थिए । हुन पनि अधिकलालले जोखिम मोलेकै हो । नेपालका तीन ओटा चौकी र सिमानाको सिआरपीबाट बच्दै जसरी उनी पिपराही गोदाममा छाला बेच्न पुगेका थिए । उनले दुःसाहस नै गरेका थिए । कहिले त उनी लोकहा, लदनियाँ, छपकी हुँदाहुँदा जयनगरसम्म पनि पुग्ने गरेका थिए ।

"यहाँ गोदाममा बेच्दा मालको तीन सय सिरिफ आउँछ अनि त्यता चार सय... त को नजाओस् । धियापुताका लागि त्यति गर्नैपड्यो ।" कमलीले नजाऊ भन्दा उनले सजिलो उत्तर दिने गरेका थिए ।

त्यसरी कमाएको पैसा छाला काढ्न सघाएकाहरूलाई पनि भाग लगाउनुपर्थ्यो । आधी पैसा मात्र हो, अधिकलालले राख्ने गरेको ।

त्यही पैसाबाट बचाएको ४२ रूपैयाँ महाराजले खसोटेको थियो । सम्झिँदा घुर्नां पिरोलियो । अझ कामदार चन्दर मुस्कुराइराखेको झझल्कोले त त्यसको किलकिले समाउन घुर्नाको हात सकसकायो ।

ओसरामा गुडुल्किएर बसिरहन सकेन ऊ । जन्याकजुरूक उठ्यो । महाराजको पसल पुगेर आउने झोकमा पाइला सारेको के थियो, महाराज रँक्किएको सम्झियो । र सम्झियो बातले ढुँगीकन लुछिराखेको भीडलाई पनि । उसको आँट पूरै भुत्ते भयो । गल्दै आँगनमा ओछ्याइएको खटियामा पसारियो । रिस फेर्न नपाएको कुण्ठाले ऊ मुर्मुरियो आफैँदेखि । र आफ्नो जातदेखि पनि । उसलाई गाउँमै बस्न मन लागेन । भागेर जाऊँ भने कता जाऊँ । जाने ठाउँबारे सोच्दा पनि देहातको फाँटैफाँटबाहेक केही सुझ्दैनथ्यो ।

राति अधिकलाल रक्सीले ढलमलिँदै घर फर्किए । घरमा टुकी बलेको थिएन । "कमलिया... ओ रे... कमलिया... कहाँ गेले रेऽऽ ?"

कसैले जवाफ दिएन । बाहिर खटियामा उँधोमुन्टो पल्टिराखेको घुर्नालाई बोलूँ कि नबोलूँ भयो ।

"धूर बहिंचो ! बोलै छले कैले'न ?" अधिकलालले बाल्टीलाई एक लात्ती दिए । टुकी नबल्दा जरिवाना तिर्नुपरेको पीडा बल्किएको थियो सायद ।

"बाउ...," घुर्ना झस्किएर खटियामा उठेर बस्यो ।

"के... आ... घुरनवा ?" अधिकलाल ऊ बसिराखेको खटियामा डङ्रङ्ग पल्टिए । रक्सीको अमिल्च्या गन्ध ह्वास्सै गन्हायो । घुर्ना सरेर बाबुको खुट्टानिर पुग्यो ।

"तेरो माय खोई रे ?" अधिकलालले सोधे । घुर्नाले आमा भित्र सुतिराखेको भन्यो ।

"चुल्ही जलेन के ?"

उसले खाना पनि नपाकेको भन्यो । उनी केही बोलेनन् ।

बाबुछोरा मौन भए पनि रात कोलाहलले जागा थियो । झिङ्गुरको किर्रकिर्र कानैमा आरा चलाइराखेको थियो । पल्लो घरमा रोइराखेको बच्चाको च्याठ्याइँ झन्झन् चर्किंदै थियो । भोला काकाको घरतिरबाट मृदङ्ग बजाएको घिन्ताङ एकनासले सुनिँदै थियो । कसैको बिहेमा रसन चौकी बजाउनुपर्ने होला । बजाउँदै रोक्ने क्रम जारी थियो । यी आवाजहरूभन्दा पनि घुर्नालाई

बाबुले सास फेरिराखेको स्वाँफ्वाँ चर्को लागिराखेको थियो । किनभने ऊ कुरिराखेको थियो, बाबुको मौनता कुन बेला विस्फोट हुने हो ।

"ई, मुरै खा," अधिकलालले धोतीमा घुसारेको मूला निकालेर दिए ।

लौ टन्यो ! घुर्नाले भन्ठान्यो । र हत्तपत्त मूला लिएर खान थाल्यो ।

मूलामा नुन लटपटिएको रहेछ । अधिकलालले रक्सीको सितन बचाएर ल्याएका थिए । कन्यापकन्याप गर्दै उसले कान बज्ने गरी खान थाल्यो । पूरै मूला खाइसकेपछि आनन्दले डकार्‍यो । त्यसपछि त आफू नै टिक्न नसक्ने गरी डकार बेस्सरी गन्हायो । ऊ फेरि बाबुछेउ सरेर आयो ।

घुर्नालाई आडैमा पाएर अधिकलालले सोधे, "मरी त गइन, त्यो छिनरी भित्र ? टोलाटोलामा बातियाउँदै हिँड्छे । ताँकझाँक नगरेर घर आएको भए लफडा नइ न हुन्थ्यो ।" यति भनेर उनी एक्कासि जङ्गिए, "ऊ सरबा महाराज बुरचोदिके... ।"

विस्फोट आखिर भएरै छाड्यो ।

घुर्ना आत्तियो, दिउँसोको बबन्डरले रडाको मच्चिन आँट्यो भनेर । आफ्नै कारणले कलह भएकाले घुमाइफिराइ आफ्नै माथि बज्रिने हो कि जस्तो लाग्यो । त्यसैले मायालु स्वरमा भन्यो, "बाउ गोऽऽ... ।"

"के ?" रक्सीले रन्किएका अधिकलाल झर्किए ।

"गारी नइकर । पैसा कमाएर म ल्याउँछु," घुर्नाले फकायो ।

"धूर !" उनले पत्याएनन् ।

ननिको लाग्यो घुर्नालाई । केही बोलेन । अधिकलाल किन चुप हुन्थे र ? भने, "अरे रामलील्लामा जा भन्दा मान्दैनस्, के कमाइ गर्छस् ?"

नाजवाफ भयो घुर्ना ।

"कम से कम त्यो छिनारिनले दुईचार छोराहरू जनम दिएको भए हुन्थ्यो नि । एक न सही अर्कोले गर्थ्यो । बाझिन्को कोखमा बच्चा रूके पो !" अधिकलालको रिस सोहोरिएर फेरि कमलीतिरै हुर्रियो ।

नजन्मिएका भाइबहिनीको जिकिर गरेपछि घुर्नालाई कताकति जलन भयो । उसले प्वाक्क लाएर भन्यो, "मालको पैसाले दारू किन खानुहुन्छ ? नइ तँ बाँकीको पैसा बच्थ्यो ।"

कमलीले अधिकलाललाई यही भनेर किचकिच गर्ने गर्थिन् । उनकै कुरा घुर्नाले दोहोर्‍याएकाले अधिकलाललाई उठ्नु रिस उठ्यो ।

"सरबा मुरीमचरवाई दिन्छु ..." भन्दै उनले घुर्नालाई खटियाबाट धकेलिदिए।

घुर्ना उभिन्डियो । भुइँमा नाक रगडिंदा नाकको डाँडी नै फुट्ला जस्तो भयो । ओठ भित्रैबाट काटिएकाले रगतले नुनिलो भयो मुख । भक्कानिँदै घुर्नाले पिच्च थुक्यो । छातीले थाम्नै नसक्ने रूवाइ आयो । उसलाई डाँको छाडेर रून मन लाग्यो । तर को छ र उसको चित्त सुमसुम्याउने । रूवाइलाई दबायो उसले । सट्टामा हिक्का मात्र छुटिराख्यो ।

अधिकलालले गालीको बमबारी गरिराखे । कहिले कमली, कहिले महाराज त कहिले छेउमा हिक्कहिक्क गरिराखेको छोरोलाई । घुर्नालाई अबचाहिँ गाउँमा फिटिक्क बस्न मन लागेन ।

मन उक्कियो उसको । आमाबाबु दुवैलाई खालि पैसा गुमेको चिन्ता छ। हेलाले आफूलाई पुगेको ठेसको न कुनै वास्ता, न मल्हमपट्टी । बचाउ गर्नु कहाँ हो कहाँ, उल्टै हेला सहेर बस्ने नियम पिटिपिटी सिकाउँछन् । आँसु बर्र खस्यो । सँगसँगै हिक्का पनि छुट्यो । उसले दुवै घुँडा छातीमा टाँसेर पाखुराले बेर्‍यो । एक्लो ज्यानले आफैलाई अँगालो मार्‍यो । उसलाई झनै रूवाइ आयो। घुँडामाथि घोप्टिएर आँखा चिम्म गर्‍यो । उसले सिक्नैपर्ने हो त 'चमार' हुन। महाराजको पसलमा जम्मा भएकाहरूको एकेक जोर आँखा उसले सम्झियो । के जिन्दगीभर छिछि र दूरदूर भरिएका आँखासामु निहुरिरहनुपर्ने हो । यसबाट कहिले छुटकारा नपाउने हो त ? घुर्नाले आफ्नै हत्केलामा दाह्रा गाड्यो र आफूलाई बेस्सरी टोक्यो ।

भोलिपल्ट बिहान बाबुतिर हेर्दै नहेरी उसले भन्यो, "बाउ, गुरूमहाराजकहाँ चल् । म रामलील्लामा काम गर्छु ।"

# ११:३० बजे

आफू नगाँसिएको सहरमा गुडिरहँदा एकै खालका घरभवन, एकै कदकाँठीका मान्छेहरू, नटुङ्गिने बाटाहरू दोहोरिइराखे जस्तो लाग्छ । यिनै दृश्यांशहरू जोडेर घुर्नाले काठमाडौंलाई छाम्दै छ । हेर्दै छ । अनुभूत गर्दै छ ।

फुटपाथमा तङ्ग्रिन नसकेका बुटाहरू, टाउकाका भीडहरू, बाटोको खोपामा पुजिएका देवताहरू, गुड्दागुड्दै रोकिने माइक्रो बसहरू, म्यानेक्विनमा सजिएका पहिरनहरू, रेस्टुरेन्टै रेस्टुरेन्टहरू, भीडको होहल्लामाझ सहरको थाप्लोमै चिच्याइराखेका होर्डिङ बोर्डहरू– एकपछि अर्को बाटोमा देखिँदै जान्छन् र भुलिँदै जान्छन् पनि ।

तर चार घण्टापछि–

यो भीडको अलमल एकैछिनका लागि एकोहोरिनेछ । यो होहल्ला क्षणभरका लागि स्तब्ध हुनेछ । यो व्यस्तता टक्क अडिनेछ । ठीक चार घण्टापछि सहरले सुन्नेछ एकै समय तीन ठाउँमा बमको धमाका । र सुन्नेछ, मधेस जनतान्त्रिक सेना र दलित प्यान्थर मोर्चाको नाम पनि ।

हतारोले गाँज्छ घुर्नालाई । उसलाई मोटरसाइकल पनि बिस्तारै गुडे जस्तो लाग्छ । रामालाई पनि कम हतारो छैन । हतार पोखिएको सडकमा सबको आफ्नै रफ्तार छ । यस्तोमा कुदाउँदा एक्सिलेटरभन्दा ब्रेक र क्लच लगाइराख्नुपर्छ । मन बतासिन थालेपछि ३० किमि/पिएचको गति पनि बयलगाढा नै लाग्छ ।

घुर्ना हतारिएको छ, आजपछिका दिनहरूको चटारो सम्झिएर । यहाँ बम पड्काएर पर्चा छर्नु त सुरूवात हो । यसपछि दलित प्यान्थर मोर्चालाई

समूहबाट दल बनाउनु छ । समूहमा अहिले दुई जना मात्र भए पनि यो विस्तार हुन बेर लाग्दैन । दलित प्यान्थर मोर्चाको नाम सार्वजनिक भएपछि यो मधेसको एक मात्र दलित सशस्त्र समूह बन्नेछ ।

आफूले ब्याकप्याकमा बोकेको पर्चाको झल्कोले घुर्ना उत्साहित हुन्छ ।

सुर्जा समूहमै बसिराखेको भए यति पनि प्रगति हुँदैनथ्यो । भलै तिनै सुर्जा अर्थात् झबर पासवानले दलित प्यान्थरको तातो लगाएका हुन् । तर आज झबरको राजनीतिक उद्देश्य फरक भइसकेको छ । घुर्ना भने दलित प्यान्थर विद्रोह गर्नैपर्छ भनेर लागेको छ । सोच्दा पनि अचम्म लाग्छ ।

दलित प्यान्थरका दस्तावेज पढ्न दिंदा हो, झबरले पटकपटक सोधेको। चमारको छोरो भएर पढ्ने कर्म कसरी जुर्‍यो ?

घुर्नालाई भनूँभनूँ नलागेको होइन। तर कुरो रामलीलामै गएर जोडिन्थ्यो। र त्यससँगै आफू नचनियाँ बनेर नाचेको कुरा उप्किन कति बेर ।

अहिले हिसाब गर्दा २१ वर्ष बितिसकेछ ! २१ वर्षअघि झोकमा गरेको निर्णय सम्झिँदा मनमा धमिला भाव तरङ्गिन्छन् । ओठबाट कहिले रित्तो मुस्कान फुस्कन्छ त कहिले छातीबाट रिसको सुस्केरा छुट्छ । तर रामलीलामा काम गरेको कसैले थाहा पाएर खोतल्न खोज्दा, खोतलिने मौका भने ऊ दिन्न ।

एउटा कुराचाहिँ पक्का हो । पढ्नुपर्छ भन्ने चेत घुर्नालाई रामलीलामा गएर आएको हो । शुकदेव ठाकुर कम्पनीको विरञ्ची चमारलाई उसले कहाँ बिर्सन सक्छ र । तर यी कुराहरू उसले झबरलाई भनेन । बाबुलाई त भन्न खोजेको थियो तर... ।

# रामलीला कम्पनीबाट फर्किएपछि

चारचार वर्ष रामलीलामा काम गरेर सधैंका लागि घर फिर्दा घुर्नाको मन कुटुकुटु खाइराखेको थियो । बाबुलाई कसरी सम्झाउने । के भन्ने, रामलीला कम्पनीमा के भएको थियो । कम्पनीहरूमा काम गर्दा लफडा भएको यो दोस्रो पटक थियो । घर फर्किरहँदा पाइला खुरूखुरू अघि बढे पनि दिमाग यही चिन्तामा जाम थियो ।

ऊ आइपुग्दा घरमा बाबु थिएनन् । ताल्चा नमारी ढोका ढप्काएको थियो । बाबु टोलछिमेकमै हुनुपर्छ । आइहाल्लान्, भन्दै ओसराको खुट्किलोमा बस्दै घुर्नाले बिसाउनीको लामो सास फेर्‍यो ।

एक वर्ष भइसकेको थियो आमा बितेको । काजकिरिया सकेर रामलीला गएको ऊ बल्ल घर फर्किएको थियो । फर्किंदै गर्दा उसको मन पटकपटक कचोटिएको पनि थियो, ऊ टुहुरो घरमा जाँदै छ भनेर । खुट्किलोमा बस्दा जब उसले तुलसीको मठवरिपरि काइ जमेर हरियै भएको देख्यो, ऊ झनै उदास भयो । यति साह्रो ननिको लाग्ला, उसले सोचेको थिएन । आमा भए पो तुलसीवरपर चहलपहल हुन्थ्यो । लाग्यो, बाबुले आँगनको त्यो कुनोलाई बिर्सिसकेका छन् । हुँदाहुँदा माटो लिप्ने भुङ्को पनि करेसाबारी जाने बाटोमै घोप्टिएको थियो । र भुङ्कोको माटो सुकिसकेको थियो ।

आमाको सप्कोले बेरिएको घरको परिवेश उनी बितिसके पनि जताततै उनी नै उनी देखिँदो रहेछ । त्यही भ्रमले उनको स्वर पनि कताकति सुनेझैं लाग्दो रहेछ । एकतमासले त्यहीं बसिरहँदा कुनै बेला पनि आमा झुलुक्क आइहाल्ने हुन् कि भन्ने आस पनि लाग्दो रहेछ ।

घुर्नालाई घरभित्र छिर्न आँट आएन । के थाहा, ढोका खोल्नेबित्तिकै कुनाकाप्चामा साघुँरिँदै गएका सम्झनाहरू दाम्लो चुँडाएर छाँद हाल्न आइपुगून् । ध्यान ढोकामै अडिइरहँदा उसका आँखा ओसराका भित्तामा पुगे । फुटेको एक टुक्रा सिसालाई भित्तामै माटोले टाँसेर ऐना बनाइएको थियो । सट्ट उठेर ऊ ऐना अघिल्तिर उभियो । ऐना धुमिलो र दागी थियो । बाहिर जानुअघि आमाले आफ्नो मुहार घुम्टोबाट चियाउने गर्थिन्, त्यो ऐनामा । उसले सोच्यो– अन्तिम पटक टुकुटुकु हिँडेर आफूलाई लिन आउँदा आमाले ऐना नियालेकी थिइन् होला त ?

घुर्ना त्यति बेला चौधरी गुरूमहाराजकहाँ थियो । उसलाई लिन आएकी थिइन् कमली । आमालाई देखेर ऊ तर्सिएको थियो । अरू बेला कोरीबाटी चुल्ठी कसेर सिउँदोमा एक पाउ सिन्दूर हाल्ने कमली, त्यस दिन खरमासले खाएको बिरूवाझैं देखिएकी थिइन् । डढेको काया, हरियाली हराएर हाडको ढाँचा मात्र भएकी । चोली पनि काँधमा नअडेर बाहुलातिर लर्किराखेको थियो । आँखा त गुच्चा खेल्ने खोपिल्टोमा पानी गुच्चा अड्किए जस्तो देखिएको थियो ।

कमलीलाई टिबी भएको थियो । घुर्ना रामलीलामा काम गर्न थालेपछि उनलाई रोगले चापेको थियो । तर टिबीले आमालाई यतिसम्म खाएको छ भन्ने उसलाई अनुमान थिएन । त्यसैले आमालाई एक टकले हेर्दै घुर्नाले सोधेको थियो, "अरे दबाइ त लिनुरहनुभएको छ ?"

त्यसको उत्तर दिइनन् कमलीले । उल्टै सोधिन्, "यहाँ सब ठीक चलिरहेछ, हैन ?"

ठीकै छ भनेर घुर्नाले फेरि उनको हाल कोट्याउन खोज्यो । तर कमलीले आफ्नो कुरा राखिहालिन् ।

आफूलाई लिन आएको थाहा पाएपछि घुर्ना ठुस्स पर्‍यो ।

खास के भएको थियो भने, त्यति बेला ऊ रामचरण झाँ रामलीला कम्पनीबाट सन्किएर गुरूमहाराजकहाँ फर्किएको थियो । गुरूमहाराजले कम्पनीमा करार गरेर घुर्नालाई पठाएका थिए । कम्पनीबाट ऊ रामलीलाको सिजन नभएका बेला मात्र गुरूमहाराजकहाँ आउन पाउँथ्यो । र अर्को कम्पनीसँग करार नहुन्जेल गुरूमहाराजकहाँ चरूवा बस्नुपर्थ्यो । तर ऊ गर्दागर्दैको रामलीला छाडेर गुरूमहाराजकहाँ फर्किएको थियो । गुरूमहाराजले अधिकलाललाई

बोलाएर छोरोलाई छास्न लगाए । र अधिकलालले उसलाई दपेट्नसम्म दपेटे । कम्पनीबाट किन भागेर आएको ? आमाको औषधिको ऋण लिएकाले कसरी तिर्ने ? आदिआदि । र त ऊ घरै जान्नँ भनेर आमासँग ठुस्कियो । बाबुको रिस आमालाई देखाएको थियो ।

उसलाई फकाउन कमलीले केही भन्न लागेकी थिइन् । तर बोलाइको सट्टा रूवाइ आयो । लाग्थ्यो, केही सम्झीसम्झी रोइराखेकी छिन् । भन्न सकिराखेकी छैनन् । उनलाई यतिविघ्न टीठलाग्दी घुर्नाले अहिलेसम्म देखेको थिएन । आँसु थाम्न खोजिराखेकी आमालाई देख्दा उसको मुटु उमठिएर आयो । र आँखा बाफियो आमाको मायाले । उसलाई सधैंका लागि घर फर्किन मन लाग्यो । तर चरूवाको मियोमा बाँधिएको घुर्ना, खुट्टा चलाउन त पाउँथ्यो । हिंड्न पाउँदैनथ्यो स्वतन्त्र ।

त्यसैले ऊ आमासँग घर त फिऱ्यो । तर केही दिनका लागि मात्र ।

त्यति बेलै आमाको दिन छोटिँदै गएको थाहा पाएको भए । ऊ थकथकाउँदै ऐना पुछ्न थाल्यो, कहिले सासको भाँपले त कहिले एकनासले घोट्दै । जति पुछ्दा पनि सफा नहुने ऐनामा सायद रामलीलाका ऐनाको टिलिक्कपन खोजिराखेको थियो वा आमालाई बचाउन नसकेको लाचारीपन सम्झिएर आफैंसँग जुधिराखेको थियो ? तर भित्रको पारो खिइँदै गएको ऐना कहाँबाट टल्कियोस् । निरर्थक लागेर टल्काउन छाड्यो ।

ऊ आँगनसँग सटिएको गल्लीमा गएर उभियो । र हेर्न थाल्यो माथिल्लो गाउँको डगरसम्म ।

त्यतापट्टि गाउँलेहरू कोही देखिएनन् । काखे नानीलाई च्यापेर डुलिरहने बच्चाहरूको बथान ओहोरदोहोर गरेको देखियो । पछिल्तिर मैदान जाने डोरेटोतिर पनि फर्किएर हेऱ्यो । चरूवाहरू भैंसीमा चढेर लमकलमक गइराखेका देखिए ।

एक मनले सोच्यो– कतै आज पञ्चैती बसेको त छैन । कसलाई सोधूँ ? उसले छेउछाउका घरतिर पल्याकपुलुक हेऱ्यो । घुम्टो काढेका टाउकाहरू झ्याङबारी र ओसराबाट चियाइराखेका थिए । अघिदेखि उसैलाई हेरेर खुसुरफुसुर गरिराखे जस्तो थियो । र त उसको नजर त्यता पर्नेबित्तिकै एक थान घुम्टोहरू सुटुक्क आड लागिहाले । तर आड लिएको कुनाबाट घुम्टोको चुस्स परेको धोती देखिइराखेको थियो ।

उसलाई नौलो देखेर लजाएको हुनुपर्छ । गाउँमा धेरै नदेखिने भएर होला । भए पनि लहाठीमा उसलाई नौलो पाउनु भनेको बाहिरकाहरूले मात्र हो । धेरैले बिहेबारी गरेर दुलही भित्रियाए जस्तो छ– उसले सोच्यो । अनि त तिनीहरूलाई देखेर उसलाई पो लाज लाग्न थाल्यो । ऊ लुरुक्क ओसरामै फर्कियो र अघिकै ठाउँमा बस्यो । ओसराको थाममा ढेस्सिँदै उसले सम्झियो, आमाले बिहेका लागि उसलाई लौरोमा नाप्ने गरेको । न्यास्रो मुस्कान मुहारमा फिँजिन खोज्यो । तर एक्लोपनको उराठले मुस्कान त्यतै कतै अलमलियो ।

उसलाई सम्झना छ– गर्मीका लामा दिनहरूमा आमालाई ओसरामा पर्खिएर बसेको । घाम डुबेपछि जनबोनी गरेर पाएको खुदी (कनिका) धोतीको सप्कोमा आमाले ल्याउने गरेको । तर उसको पर्खाइ सप्कोमा पारेको अर्को गाँठोका लागि हुने गर्थ्यो । चमार टोल छिर्ने गल्लीमा आमालाई टाढैबाट देख्दा ऊ कुद्दै उनीछेउ पुग्थ्यो । र बाटोमै सप्कोको गाँठो फुकाउन थाल्थ्यो । आमाले उसकै लागि आफ्नो भागको जलखे (खाजा)बाट रोटी बचाएर ल्याएकी हुन्थिन् । त्यही रोटी गमागम खाइसक्दा पनि पेट भरिँदैनथ्यो । र अर्को दिन फेरि अत्यासलाग्दो पर्खाइ सुरू हुन्थ्यो– ताडीको रूखपछाडि डुब्दै गएको सूर्यको पिँधले कहिले आँपगाछीलाई छुने हो, त्यसपछि आमा आउने हो भन्दै ।

तर अब ? कुनै पनि सूर्यास्तमा आमा फर्किने होइनन्, सप्कोको गाँठोमा आशा गुटमुटाएर । ओसरामा बसेको घुर्नी आफैं फुसफुसायो, "माय... माय गे ।" आमा भए पो "हँ गौ बाउ !" भन्दै जवाफ फर्काउँथिन् ।

घरसँगैको रित्तो गोठ हेर्दै टोलाइराखेको घुर्नीको गह कतिखेर रसायो, पत्तै भएन । आमाको उपचारमा नैनी गाई बेचिएपछि गोठ रित्तो भएको थियो ।

उसले बिर्सिएको थिएन– आमाको किरिया सकिएपछि कम्पनीमा फर्कंदाको आफ्नो बेहाल । त्यति बेला ऊ दोस्रो कम्पनीमा काम गर्न थालेको थियो, शुकदेव ठाकुर रामलीला कम्पनीमा । न कम्पनीको हिहि र हाहाले उसमा प्राण भर्न सकेको थियो, न स्टेजको झलमलले उसको मुहारको अँध्यारोलाई लखेट्न सकेको थियो । उसको मन अड्किएको थियो आमाको लासलाई गाड्नुपरेको चित्त दुखाइमा । आमाको टिबीले उनीहरूलाई दरभङ्गासम्म दौडाएको थियो । र पनि आमाले खोक्दा छातीको घ्यार्रघ्यार्रले गुहार मागेको सुन्नबाहेक कुनै उपाय थिएन । औषधिको रासमै पैसाजति टकटकिएपछि टोलमा कोही बाँकी

रहेन, ऋण नलिएको । त्यसपछि बाबुछोराले दाउराका लागि थप ऋण जुटाउन सकेनन् । त्यसैले आमालाई रीतिअनुसार दाहसंस्कार नगरेर चौरमा गाड्नुपरेको थियो । त्यही सम्झीसम्झी उसलाई औडाहा भइरहन्थ्यो ।

खोई ! के भयो के भयो । आमाको न सास लम्ब्याउन सकें न मर्दा आगो जुटाउन । फेरि केका लागि चरूवा, केका लागि रामलीलाको नटुवा । केही गर्न नसकेको लाचारीपनले घुर्नालाई फेरि चिमोट्यो । ओसरामा बसिरहन सकेन । पिछवाडमा सहरी आँपको गाछीतिर जान सुरिएकै बेला अधिकलाल टुपुल्किए ।

"अरे घुरनवा !" अधिकलाल आँगनमै अडिए ।

घुर्नाले पाउलागी गऱ्यो । उनको खुट्टामा ढोगेर सामु उभिँदा बाबुको आँखामा उसले हेर्नै सकेन । उनले नचाहेकै काम गरेर आएकाले कसरी सामना गर्नु ?

"कब आयौ ? बडा अचानकसित आइहाल्यौ ?" कम्मरमा बेरेको गम्छा फुकालेर अधिकलालले आफैंलाई हम्कन थाले । गर्मीको मौसम त थिएन तैपनि ।

"कहाँ गइहाल्नुभएको थियो ? कहिलेदेखि यहाँ इन्तजार गरिरहेछु," घुर्नाले उल्टै सोध्यो, ध्यान अन्तै मोड्न ।

"कन्हैयाको वहाँ सानो जमघट थियो । ई पालि नागरिकता टोली गाउँमै आउँदै छ । हमरासब चमारलोग इही पालि नागरिकता लिने भनेको । अच्छा भयो तिम्रो पनि यसैमा भइहाल्छ," अधिकलालले ढोका खोल्दै भने ।

घुर्नाले रूचि देखाएन । भित्रभित्रै अर्कै कुराले पिरोलिराखेकाले नागरिकताको उसलाई के वास्ता ? अधिकलाल भित्र पसे र पानी पिउने फुच्ची खोज्न थाले । आफ्ना लागि पिउने पानी लिन जान लागेको बुझेर घुर्नाले अहिलेलाई पर्दैन भन्यो । तर अधिकलालले सुने पनि नसुनेझैं गरिदिए । रामलीला कम्पनीमा कमाउने छोरो जो घर आएको थियो । भने, "कति दिनमा आछौ । फिर त गइहाल्छौ । बस आराम गर । म ल्याइहाल्छु ।"

झनै सकस भयो घुर्नालाई । कहाँबाट पो सुरू गर्ने हो ।

"अनि उताको सुनाऊ जरा । सब बढिया चल्दै छ हैन ?" अधिकलाल बाहिर निस्किए । र यताउति नजर डुलाउन थाले । फुच्ची खोज्ने क्रम जारी नै थियो ।

"उताको के सुनाउने, नाचना बजाना," अरू के नै हुन्छको भावमा घुर्नाले भन्यो । उसको छोटो उत्तरमा व्यङ्ग्य थियो । तिक्तता थियो । तर अधिकलाल आफ्नै सुरमा थिए । भित्रबाहिर गर्दै पानी पिउने फुच्ची खोजिराखेका थिए । प्रस्टै थियो, घरको चुलोचौकोमा अझ पनि उनी अभ्यस्त भइसकेका थिएनन् । उनको अप्ठ्यारो बुझेर घुर्नाले फेरि भन्यो, "अरे छोड्दिनू न । प्यासव्यास लागे'छैन ।"

"हँ हँ ठीक छ, केही बात छैन । जति दिन बस्छौ, निकसित बस्नू । म छु नि," चिढचिढाउँदै उनी फेरि भित्र लागे, "जब देख तब ससुरी फुच्चियै गायब भइहाल्छ ।"

आफ्ना लागि बाबुले गरेको चटारो देखेर घुर्नालाई कोक्याउन थाल्यो । अनि त कुर्नै सकेन । भन्यो, "म सभ दिनको लागि फर्केर आ'छु । अब जान्न के !"

अधिकलालको भुनभुन र भाँडाकुँडीको ट्याङटुङ एकैसाथ सामसुम भयो । पक्क पर्दै उनी ओसरामा फर्किए । "जान्न ! के भन्छ रे बौआ ?" ओसरामा बसेको घुर्नानिर टुक्रुक्क बस्दै फेरि सोधे, "के भयो त्यहाँ ? अनि गुरूमहाराज ?" हैरान र चिन्तित देखिए अधिकलाल ।

"बस्स छोड्छाडीकन आइहालें ।"

"गिरहतको करजा... अनि... त्यो... ।"

"न बाउ, म रामलीलामा लौटिन्नँ," घुर्नाले उनको कुरो काट्यो । उसलाई केही सुन्नु थिएन ।

घुर्नां टसमस नहुने छाँट देखेपछि अधिकलाल उठे । आँगनमा गएर उभिए र मायालाग्दो अनुहार लाएर भने, "बहुत आस लगाएर गुरूमहाराजले रामलील्लामा काम दिलवाये थिए । त्यो पनि दसहरामा मसँग एक दिन तैंले पनि ढोल बजाएको देखेर । भन्थे, बहुत मिहिनेत गरेर तँलाई ढोलक बजाउने तालिम दिनुपऱ्यो रे । हे भगवती महारानी ! अब म त्यहाँ ढोल बजाउन जाँदा के मुह देखाऊँ । सब सतियानाश गराइदियो । त्यत्रो सिकेको कलाकारी सभ माटीमा मिलिगो ।"

यत्राको गुरूमहाराज ! घुर्ना मनमनै टेढियो । रामलीलामा लगाइदिएर उनको आफ्नो पनि त भला हुन्छ । त्यसै थोडै !

वास्तवमा गुरूमहाराज बिचौलिया जस्ता थिए । काँचा ठिटाहरूलाई सङ्गीत र रामायणको श्लोक गाउन उनले जसोतसो तालिम दिन्थे । त्यसपछि उनीहरूलाई रामलीला कम्पनीमा काम मिलाइदिन्थे । सट्टामा घुर्नाहरू जस्ताले रामलीलाको आधा कमाइ उनलाई दिनुपर्थ्यो । त्यसबाहेक रामलीलाको सिजन नभएका बेला घुर्नालाई गुरूजीकहाँ चरूवा पनि बस्नुपर्थ्यो । बाबु भने आफ्नो छोरोभन्दा गुरूमहाराजको नाफाघाटा हेर्दै थिए ।

"अब यहाँ एकटै कुरा छ गर्नलाई । गिरहतको मेहमा बाँधिएर काम गर्ने । पच्लाहरैदेखि साँझसम्म । तेरो मायको दबाइमा लागेको पैसाको करजा उतार्नैपऱ्यो जसतस ।"

"म पढाइ पनि गर्छु, बाउ ।"

"की कहैए ?" कानै झन्नाउने गरी अधिकलाल च्याँट्टिए । उनलाई 'के भनेको' भन्ने थाहा नभएको होइन । त्यही भएर उनका आँखा रिसले बले । शरीर पनि आफ्नो आकारबाट तन्कियो । हेर्दै हात उठाउलान्झैं देखिए ।

"बाउ...," घुर्नाको स्वर मलिन भयो । बिन्तीभाउमा भन्यो, "गुरूजीको वहाँ छाडेको पढाइ... ।"

"औकातभन्दा ज्यादा पढलिख् भैसक्यो, घुरनवा । आफ्नो उमरको पनि खयाल गर । सोल्हा बरससम्म जति पढाइ गुरूमहाराजले गराए, वही काफी छ ।"

"छ कक्षातकको पढाइले के हुन्छ, बाउ । उमर भइसक्यो वही भएर म मजदुरी गरेर पढ्छु । जर्ना (दाउरा) बेचेर पढ्छु ।"

"गुरूमहाराजले पढलिख् गरवाएकै थिए । फेरि किन झोलाझन्टी लिएर फर्केको ? अकिल्ल पछुवारामा घुसिगएथ्यो के ? ज्यादा पढाकुलाल बन्छ !"

यसको जवाफ नभएको होइन । तर आफ्नो सफाइ दिने छेउटुप्पो भेटेन घुर्नाले । रामचरण झाँ कम्पनीबाट सुरू गरोस् कि शुकदेव ठाकुर कम्पनीबाट ।

उसको बोल्ती बन्द भएको देख्दा अधिकलाल झनै बटारिए, "यहाँ आवारा घुम्दै भात पचाउनका लागि होला नि । गुरूमहाराज र कम्पनीको भात कहाँबाट पचोस् ।" उनले गम्छा स्वाट्ट काँधमा भिरे । अनि फन्किँदै बाहिरिए ।

घुर्ना उनी गएतिर लम्कियो । आँगनको डिलसम्म पुगुन्जेल ऊ पनि रन्किसकेको थियो । खै कता हिंडेका हुन् बाबु । फ्वाँफुँ गर्दै काँधमा भिरेको गम्छा कहिले दाहिने त कहिले देब्रेपट्टि झट्कार्दै उनी हिंडे ।

गइराखून् ! आँगनपारि उम्रिएको खचरलत्तीको एकसरो हाँगोलाई घुर्नाले मन्याकमुरूक उखेलेर फालिदियो । तैपनि रिस मरेन । के गरूँ के गरूँ भइराखेको बेला उसका आँखा आफ्नै खह्रको छतमाथि परे । माटोको फुच्ची हिस्स परेर छतमाथि घोप्टिएको थियो । "त्यहीं पडिरहोस् सार !" भन्दै ऊ खुरूखुरू घरभित्र पस्यो ।

सोचेको थियो, रातमा बाबुलाई थोरैथोरै गर्दै बेलिविस्तार लगाउँछु । तर यही पानी पियाइ र फुच्ची खोजाइले छताछुल्ल पोख्यो भन्ने र सम्झाउने कुरो।

भित्र छिर्नेबित्तिकै भित्तामा ठडिएको खटियालाई घुर्नाले ओछ्यायो र डङ्रङ्ग पल्टियो । जीउ मज्जाले तन्काउन पाए पनि मन पूरै कुँजिएको थियो । एक त आफूले भन्न बाँकी रहेको समस्या भित्रभित्रै गुम्सिएको थियो, अर्को बाबुले खतबात लगाएकाले । आगो बन्न नपाएको काँचो रिसमा भुतभुताउँदा ऊ ओल्टोकोल्टो फर्किन थाल्यो । यसो गर्दा उसका आँखा कोठाको पूर्व कुनामा रहेको गोसाइँथानमा ठोकिन्थे । अनि आमाको सम्झना सुमसुम्याउन आइपुग्थ्यो । भएन भनेर उत्तानो फर्किंदा, सनपाटको सिक दलिनमा झुन्डिइराखेको आँखैमा पर्थ्यो । रौदीको बेला जस्तो रित्तो थियो त्यो। त्यति बेलाको भोक सम्झिँदा पनि आन्द्रै बटारिएर आउँथ्यो ।

ऊ भित्तातिर फर्कियो । भित्ताभरि माउसुलीको बिस्टा लछप्पै थियो । शरीरको मैल जस्तो लाम्चो लुँडो अनि त्यसमाथि एक थोपा बिन्दु टुक्क सेतो । झ्वास्स हेर्दा कीराहरूको झुन्ड जस्ताो देखिने । उसका आँखा त्यसैमा एकोहोरिए ।

घुर्नाको दिमाग शून्य हुँदै थियो । एउटै प्रश्न उल्टोसुल्टो गरी ऊ आफैंलाई सोधिराखेको थियो । के गर्ने अब ? अब गर्ने के ?

ढोल बजाउने चमारको छोरो गाउँको गुरूमहाराजबाट ढोलक बजाउन सिकेर रामलीलामा काम सुरू त गर्‍यो । तर घुर्नालाई अभिनयको चस्का पनि लाग्न थाल्यो । त्यसका लागि भने अक्षर चिनेको हुनुपर्थ्यो । संवाद घोक्न र प्रोम्टिङ गर्दा श्लोकलाई दोहोर्‍याउन । अभिनयकर्ताले बिर्सेका संवाद पर्दापछाडिबाट कसैले पढिदिएर सम्झाइदिनेलाई 'प्रोम्टिङ' भनिन्थ्यो ।

उसले गुरूमहाराजलाई 'टका'को चारा हाल्यो । ढोलक बजाउनेभन्दा अभिनय गर्नेले दुई हातले 'टका' सोहोर्छ भन्दै लोभ देखाएर । नभन्दै उनले घुर्नालाई निःशुल्क प्राथमिक शिक्षामा नाम लेखाइदिए । तर रामलीलाको सिजन सुरू हुँदा पढाइलेखाइ छुट्ने गर्थ्यो । अरू बेलामा पनि नाम मात्रको पढाइ हुन्थ्यो, गुरूमहाराजकहाँ चरूवा बस्नुपर्ने हुनाले ।

"अक्षर पहिचाने त भइहाल्यो," गुरूमहाराज भन्थे । घुर्नालाई पनि हो जस्तो लाग्थ्यो । तर चिनेका अक्षरहरूले रामलीलामा नाम र ठेगाना लेख्न नै ठिक्क हुन्थ्यो । त्यसकै भरमा संवाद बोल्ने पात्रको भूमिका गर्न गाह्रै थियो । तैपनि घुर्ना रौसिएर अघि सऱ्यो । रामलीलामा पहिलो चोटि अभिनय गरेको के थियो, रामचरण झाँ कम्पनीको व्यासजीले मनमा इख टुसाइदिए । भने, "चमराको ऐठन हेर जरा... ढोलपिट्टा सार ! रामलील्ला त के नौटङ्कीमा नचनियाँ पनि बन्न लायक छैन । घरघरमा ढोल पिट्ने अलावा अरू कलाकारी गरे हेरिलिनू ।"

व्यासजीका ती तीखा वचनले घुर्ना आहत भएको थियो । त्यसैले ऊ पहिलो रामलीला कम्पनीबाट सन्किएर आएको थियो । जति सम्झियो, त्यति इखालु हुँदै ऊ गुरूमहाराजकहाँ फर्किएको थियो ।

बीचैमा काम छाडेर आएकाले गुरूमहाराजले सोधे, "के भएर फर्केको ।" कसरी बुझाओस् घुर्नाले । हेप्यो भनोस् ? दुर्वचन सुन्नुपऱ्यो भनोस् ? चमारका लागि यस्ता कुरा सामान्य थिए । त्यसैले उसले भन्यो– त्यहाँ मनै लागेन । पछि आएर अधिकलालले पनि निकै कोट्याए, दपेटे पनि । तर उनले पनि त्यही जवाफ पाए – मनै लागेन। बुझ्न सके पो बुझाओस् घुर्नाले । जातको टोकसो मच्छडले टोके जस्तो हो अधिकलाल जस्तालाई । चिल्दा ऐया भन्ने, छिनमा फेरि बिर्सिइहाल्ने ।

मुखले त्यही दोहोऱ्याइराखे पनि मनमा व्यासजीको वचनले च्वास्सच्वास्स घोचिरह्यो । र दिमागमा अक्षर चिनेको भरमा गरेको त्यो रामलीला मञ्चन घुमिरह्यो । संवाद पनि जिब्रोमा माझिन पाएको थिएन । रामचरण झाँ कम्पनीमा काम गरेको दोस्रो वर्ष चल्दै थियो । र उसले पहिलोपल्ट मञ्चमा संवाद बोल्ने भूमिका गरेको थियो । भूमिका थियो, गर्भिणी गिद्धिनीको ।

रामायणको कथामा अहिरावणले राम र लक्ष्मण दुवैलाई पाताल लोकमा नरबलि चढाउन लगेपछि पृथ्वीमा गिद्ध र गिद्धिनीको संवाद हुन्छ । त्यति

बेला गिद्धिनी गर्भिणी हुन्छे । उसलाई मान्छेको मासु खान मन लागेको हुन्छ । नरबलि चढ्ने थाहा भएपछि उसले गिद्धलाई पाताल लोकबाट राम र लक्ष्मणको बलि दिएको मासु ल्याउन भन्छे । यस छोटो सिनमा घुर्नाले संवाद बोल्नुपर्ने थियो ।

गिद्धिनीको वेशभूषामा तयार भएको थियो घुर्ना । उसले प्वाँख जस्तो बनाएको पखेटा पिठ्यूँमा भिरेको थियो । र नाकमा गिद्धिनीको ठुँड सिउरेको थियो । हाडे जीउमा जामा र चोली टिमिक्क लगाएर पेट टुस्स उठेको गर्भिणी गिद्धिनी मञ्चमा जान आतुर देखिन्थी । तर गिद्धिनी बनेको घुर्नाको खुट्टा भने लुलिँदै गएको थियो । संवाद बोल्न सक्छु भनेर रौसिएको घुर्ना भित्रभित्रै पछुताउन थालेको थियो, बेकारमा अघिसरा भएछु भनेर ।

रामलीला ठ्याक्क आठ बजे सुरू भयो । सबैभन्दा पहिला सरस्वतीको मन्त्र र भजन गाइयो । त्यसपछि रामसीताको आरतीको पालो आयो । मञ्चपछाडिका कलाकारहरू आरतीमा कतिकति पैसा उठ्यो भनेर अड्कलबाजी गर्न थाले । एक दिन होइन, सधैंको जिज्ञासा हुन्थ्यो यो । पैसा नउठ्दा मेनेजरले गाली खान्थ्यो । कस्तो 'टुटपुँजिया' गाउँमा ल्याएर मऱ्यो भनेर । तर जब पैसा उठ्थ्यो, कलाकारहरू नक्कली जुँगामा ताउ लाउँदै भन्थे, "दमदार कलाकारीको जोरमा उठेको हो ।"

तर त्यस दिन घुर्नालाई पैसा कति झऱ्यो भन्नेमा न जाँचबुझ गर्नु थियो, न अरू कलाकारहरूले झैं जुँगामा ताउ लगाउने कुनै आधार नै । ऊ त आत्तिएर औंलाहरू पड्काइराखेको थियो ।

आरतीपछि पालो आयो दास्तानको । फिलिममा कास्टिङ भए जस्तै रामलीलामा पनि दास्तान हुन्थ्यो । मास्टरले हार्मोनियम बजाउँथ्यो र व्यासजीले पालैपालो नाम बोलाएर कलाकारहरूको परिचय दिन्थे । पात्रहरू आफ्नो भेषमा मञ्चमा गएर एउटाएउटा संवाद बोलेर आउनुपर्थ्यो । घुर्नालाई पनि बोलाइयो । तर माइकमा फुकेको आफ्नो नाम उसले बुझ्दै बुझेन । छेउछाउकाहरूले उसलाई झकझकाउँदा एकछिन त अलमल्ल पऱ्यो । ऊ वाल्ल परेको देख्दा सबैले उसलाई स्टेजतिर ठेल्न थाले । अनि बल्ल हडबडाएर ऊ हुर्रिंदै स्टेजमा पुग्यो ।

गर्भवती महिलाको चालमा हिंडेर आउनुपर्ने गिद्धिनी, मर्दाना चालमा आउँदा दर्शकहरू अलमलिए । छिटफुट ताली बजे जस्तो मात्र भयो । घुर्ना

हतारिएर मञ्चबाट फुत्त निस्किहाल्यो, कताबाट बाटो भुलेर मञ्चमा आइपुगे जस्तो । संवाद बोल्ने टाढैको कुरा !

दास्तानपछि रामलीला सुरू भयो । मञ्चपछाडि कलाकारहरू आफ्नो पालो कुर्न थाले । घुर्नाचाहिँ मञ्च प्रवेश गर्ने र निक्लिने नेपथ्यनिरै बस्यो । मञ्चतिर नियालिराखेको घुर्नालाई घरी पिसाब च्यापे जस्तो, घरी टट्टी आउला जस्तो भयो । त्यसैले उठेर ऊ कलाकारहरू बसेको टेन्टमा आइपुग्यो ।

अस्थायी टेन्ट बनाइएको त्यो ठाउँमा कलाकारहरू सिँगारपटार र लुगा फेर्ने गर्थे । त्यहाँ पुगेर उसको अत्ताइ केही कम भयो । त्यसैले आफ्नो संवाद मनमनै भट्याउने कोसिस गऱ्यो । तर ऊ एकाग्र हुनै सकेको थिएन । कोही न कोही आइपुग्थे उसको एकाग्रता भङ्ग गर्न । घरी राम आइपुग्थ्यो । वनबासी लुगा नपाउँदा आमाचकारी गाली गर्न थाल्थ्यो, आफ्नो सामान ठाउँबाट हटाइदिनेलाई । कहिले दासी र सखी दुवैको भूमिका गर्नेको छाती गुडेर कता अलप भएको हुन्थ्यो, चोली फेर्ने हतारमा । अनि उसको छाती सिपाही बन्नेहरूले खोज्न थाल्थे । पुच्छर लगाएर हिँडिराखेको हनुमानले सबैको गाली खाइराखेको थियो । साँघुरो ब्याकस्टेजमा हिँडिरहँदा उसको पुच्छरले सबलाई डिस्टर्ब गरिराखेको थियो । यस्तोमा घुर्ना कहिले कता हुक लगाइदिन, कहिले कता सेफ्टिपिन घुसारिदिन अह्राइन्थ्यो ।

ठ्याक्क एक घण्टापछि घुर्नाको पालो आयो । गिद्धिनीको प्रवेशभन्दा अगाडि पहिला धुन बज्न थाल्यो । त्यसपछि व्यासजीले कथामा सिनको अवस्थालाई गाएर प्रस्ट्याए । गर्भवती गिद्धिनी बनेको घुर्ना स्टेजमा प्रवेश गऱ्यो । मञ्चको चर्को प्रकाशले आँखा नै तिरिमिरी भयो । यसो दर्शकदीर्घातिर छड्किएर हेर्दा, फाट्टफुट्ट टाउकोबाहेक केही देखेन । छेउको साज बजाउने टोलीतिर हेर्दा, उनीहरू आफूतिरै आँखा च्यातेर हेरिराखेका थिए । लगत्तै सुरू भयो, गिद्धको संवाद पनि ।

आफ्नी स्वास्नीलाई जे ल्याएर खुवाए पनि केही नखाइदिएकाले गिद्धिनीले गिद्धलाई चिन्तित तुल्याइदिएकी हुन्छे । त्यसैले गिद्धले सोध्न थाल्यो गिद्धिनीलाई– प्रिय तिमीलाई के भएको छ भन न । उत्तर दिने पालो घुर्नाको आयो । अर्थात् गिद्धिनीले लजाएर भन्नुपर्ने भयो । तर घुर्नाले अड्कीअड्की भन्न थाल्यो, "मे..अ..अ..गरवती हुँ ।"

"गिद्धिनीको संवाद अड्किएकाले गिद्ध बन्नेले 'मै अगरबत्ती हुँ' पो सुन्न पुग्यो । अलमलिएको गिद्धले फेरि प्रश्न दोहोर्‍यायो । घुर्नाले फेरि लरबरिँदै भन्यो, "मे...अ...गरवती हुँ ।"

दर्शकहरूले पनि त्यही सुने, जुन गिद्धले सुन्न पुग्यो । अनि तिनीहरूमाझ हाँसोको लहर छुट्यो । गिद्धलाई पनि के गरूँ, के भनूँ भयो । उसले पनि भनिदियो, "तुम अगरबत्ती हो तो जलादो ।"

दर्शक थपडी मारीमारी हाँस्न थाले । गल्तीलाई ढाक्न व्यासजीले फेरि भजन गाइदिए । र त्यही सिन फेरि दोहोरियो । यसपालि मेनेजरले पछाडिबाट प्रोम्टिङ गरिदियो । अनि बल्ल घुर्नाले कनीकुथी भन्न सक्यो, "मे गर...भ...वती हुँ... ।" त्यसपछिको संवाद उसले रोकिँदै, अड्किँदै भनी सक्कायो । त्यो पनि प्रोम्टिङको बलमा ।

भोलिपल्ट व्यासजी रामलीलाको समीक्षा गर्न बसे, पूरै १८ जना कलाकारलाई राखेर । हेर्दै हान्ने गोरू जस्ता भएका थिए । नजिक पर्नेलाई झर्कोफर्को गरिराखेका थिए । जम्मा भएका कलाकारहरूको गाइँगुइँ सामसुम हुन पाएको थिएन, उनी रावणका तर्फबाट युद्ध गर्ने राक्षस बनेकामाथि तात्तात्तो खनिए । गए राति मञ्चनमा रावणसँगै युद्ध मैदानमा देखिनुपर्ने चार जना योद्धाहरू मञ्चमा देखै परेनन् । रावणको अघिपछि लागेर चारै जनाले मञ्चमा 'हिहाहा' मच्चाउनुपर्ने, दुई जना आसेपासेले मात्र काम चलाउनुपर्दा रावणको उपस्थिति खासै जमेन ।

खोज्दै जाँदा थाहा भयो, आसेपासे बन्नेहरू फेरेका लुगाहरूको रखवाली गर्दै र आफ्नो पालो कुर्दाकुर्दै भुसुक्क निदाएछन् । उनीहरूलाई खोज्न जानेले पछि भन्दै थियो । हातमा गदा लिइवरी भुस भएका थिए रे ।

"चुतियाहरू तिमीहरूले के सुतेको पैसा पाउँछौ ?" व्यासजी कराए । गलल्ल हाँसो फिँजियो ।

मञ्जमा नआउने राक्षसहरूले पनि ङिच्च दाँत देखाए । तर जब व्यासजीले "ए मनेजर एक सोको पैसा कट्टी यिनीहरूको" भनेर सजाय तोके बल्ल उनीहरूको अनुहार झोल्लियो ।

त्यसपछि हप्की खाने पालो आयो घुर्नाको । ऊ अरूहरूको ढाडको आड लिएर निहुरमुन्टी भई बसेको थियो । व्यासजीबाट टाउको छल्न खोजिराखेको

थियो । तर व्यासजी त भइहाले, ताकीताकी घोचिराखेका थिए, "यो घुरनवालाई गिद्धिनको रोल दिएको थिएँ । भोँचुक कोमेडी गरेर आयो ।" त्यति भनेर उनले फुल लुङ्गीलाई घुँडासम्म फर्काएर हाफ लुङ्गी बनाए । र घुर्नाले मञ्चमा गरेको हाउभाउको नक्कल गर्न थाले ।

खुट्टा फटाएर, जीउ अरठ्ठ पारेर, हात कम्मरमा राखूँ कि त्यत्तिकै छोडूँको अलमलमा अमिल्दो पाराले हिँडेर देखाए । थिलथिलो शरीर त्यसमाथि भाते पेट पुटुस्स निस्केको व्यासजीले भएको भन्दा बढाइचढाइ गरे । देखेर हाँसोले लोटपोट भए कलाकारहरू । मनमनै चिढियो घुर्ना । मानौं, अरूहरूले कहिले गल्ती नै गरेका छैनन् जस्तो ।

एक खेप जगहँसाइपछि व्यासजीले घुर्नालाई हकारे । शरीरमा ल्याउनुपर्ने लचक मञ्चमा किन नल्याएको भन्दै । अनि संवादको कुरा झिकेर उनी गर्जिन पनि थाले, "छोटमोट दुई लाइन भन्दा पनि जिब्रोले पोछा लगाएझैं के लतरपतर डायलाग बोलेको ?" उनले घुर्नालाई अबदेखि खुरूक्क लाएर ढोलक मात्र बजाउनू भने । यति भनेर उनले त्यो रोल अर्केलाई दिन लागे ।

निन्याउरो मुख लगाएर बसेको घुर्नाले बल्ल मुख फोऱ्यो । सिनलाई हल्का बनाउने काम उसले होइन गिद्ध बन्नेले गरेको हो, उसले भन्यो । ऊ लर्बरिए पनि भन्न खोजेको कुरा थाहा छँदै थियो । त्यति बेला गिद्ध बन्नेले रेडिमेड संवाद बोलेको भए के जान्थ्यो । घुर्नाले सफाइ दियो ।

तर व्यासजीको डाइरेक्टररूपी अहं विस्फोट भयो । झम्टुँलाझैं गरी भने, "धौंस देख यस्को ! गल्ती कसैको हैन, मेरै हो । मैले नै समझ्नुपर्थ्यो । आखिर चमरा त भइहाल्यो । मरीहरी खाएको मुहले के डायलाग बोल्न सक्थ्यो ?"

बस् पुग्यो घुर्नालाई । उसले पनि बिलौकीको कुरा झिक्यो । र कम्पनीको दोहोरो व्यवहारबारे नहिच्चिचाई भनिदियो । मञ्चमा ढोलक बजाउँदा 'चमरा' हुँदैन रे । तर सँगै खाना खाने बेला होस् वा पानी बार्दा, त्यति बेला चमार । अनि कम्पनीले दुनियाँलाई झुक्याउँदै उसको नामपछाडि उपनाम झुन्ड्याएर काम लिँदा नि ?

कम्पनीले घुर्नाको जात लुकाउन 'निराला'को उपनाम भिराएको थियो । र ऊ घुर्ना 'निराला' भनेर चिनिन्थ्यो । किनभने रामसीताको विवाहपछि रामलीला हेर्न आउने गाउँको घरघरमा बिलौकी जाने चलन थियो । बिलौकीमा रामसीतालाई

सिँगारेर, भजन गाउँदै, गाउँमा चन्दा उठाइन्थ्यो । श्रद्धालुहरू पैसा, धानचामल र कलाकारहरूलाई भरपेट सत्कार गर्थे । तर चन्दा माग्न आएकामध्ये चमार पनि घरमा भित्रिएको छ भन्ने थाहा पाएमा अनर्थ हुन जान्थ्यो । त्यसैले हुलमा मिसिएर बिलौकी जाँदा उपनामको कवच मात्र भिर्दैनथ्यो घुर्नां, रातो लम्बोदर टीका लाउन पनि ऊ बिर्सिंदैनथ्यो । खड्गरूपी टीकाचाहिँ उसले आफ्नै तर्फबाट थपेको थियो । तर कहिलेकाहीँ त्यही उपनामले पनि गडबड गर्थ्यो ।

'निराला' कुन जातिमा पर्छ भनी सोध्थे गाउँलेहरू । के भनोस् उसले । धेरै भूमिका नबाँधी पानी चल्ने जात हो भनिदिन्थ्यो । सोच्थ्यो, खोजीनितीको सार आखिर यही हो । तर जातको रौंचिरा प्रश्न गर्नेहरूले सजिलै छाड्दैनथे । त्यति बेला ऊ लटरपटर उत्तर दिएर उम्किने गर्थ्यो । यस्तो टालटुल गर्नुपर्दा कम्पनीका अरू कलाकारहरूसामु कम्ता बेइज्जत लाग्दैनथ्यो ।

यति दिनको भडास घुर्नाले उतिखेरै निकाल्यो । पिच्च भुइँमा थुक्दै उसले भन्यो, "सारहरू बाभनको झाँट् बनेछन् !"

व्यासजीले झ्याम्म एक चड्कन दिए । ऊ पछिल्तिर लडखडायो । तर लड्नबाट आफूलाई सम्हालिहाल्यो । बाँकीका कलाकारहरू हच्किए । सबैको मुहार तालतालको प्रतिक्रियामा स्तब्ध भयो । रामलीलामा रावणले भिर्ने नौ ओटा टाउकाको मुखौटा जस्तो । घुर्ना भने एकोहोरो व्यासजीलाई धारिलो आँखाले हेरिराख्यो, केही बोल्न नसके पनि । उसका तिखारिएका आँखामा हिंस्रक भाव जागेका थिए ।

तीमध्ये कसैले घुर्नालाई थुमथुमाउन खोज्यो । उसले काँध झट्कारिदियो । त्यसपछि चुपचाप उसले ढोलक उठायो र त्यहाँबाट फर्किन सुरियो । घुर्नाको रवैया देखेर व्यासजी भस्मखरानी भइसकेका थिए । ऊ जाँदै गर्दा धार्मिक कथाका सन्की ऋषिले सरापेझैं भने, "चमराको ऐंठन हेर जरा... ढोलपिट्टा सार ! रामलीला त के नौटङ्कीमा नचनियाँ पनि बन्न लायक छैन । घरघरमा ढोल पिट्ने अलावा अरू कलाकारी गरे त हेरिलिनू ।"

घुर्नाले व्यासजीतिर हेरेरै थुक्यो । एक नजर उनीतिर हुर्‍याउँदै यन्त्रवत् ओठ चलायो । आवाजबिनाका शब्दहरू चर्का सुनिए ।

रामचरण झाँ रामलीला कम्पनीबाट गुरूमहाराजकहाँ फर्कंदा पैसा होइन, मनभरि इख लिएर फर्किएको थियो घुर्ना । मञ्चमा अभिनय गरेर देखाइदिने

सुर चढेको थियो । दोस्रो पटक शुकदेव ठाकुर रामलीला कम्पनीमा जब ढोलकिया भएर गयो । उसको ताक मञ्चको केन्द्र भागमा थियो । त्यहाँ झन् विरञ्ची चमारलाई 'राम'को भूमिकामा देख्दा दङ्गै पऱ्यो ।

तर विरञ्चीले उसको बाटो मोडिदियो । अभिनयको रहर मात्र होइन, रामलीलामा काम गर्ने जाँगर पनि सेलाइदियो । घटना नै त्यस्तो घट्यो ।

घुर्नालाई त्यही त भन्नु थियो, बाबुलाई । अलिअलि बुझाएर, अलिअलि फकाएर । तर अब छताछुल्ल पोखिएको स्थिति कसरी समेट्ने ?

घुर्ना पल्टिइरहन सकेन, माउसुलीले लछप्पै बिस्टाएको भित्तात्तिर टोलाएर । ऊ खटियामा उठेर बस्यो र निश्चय गऱ्यो – पहिलो रामलीला कम्पनीको घुर्ना 'निराला'देखि दोस्रो कम्पनीको घुर्ना 'आजाद'सम्म आइपुग्दा केके भयो, बाबुलाई भन्नेछ । ढोलकियाबाट नटुवा बन्दा मञ्चमा देखिने रहर नाभिदेखि मर्दै आएको कुरा पनि भन्नेछ । नपढाए पनि कम से कम रामलीला कम्पनी त नपठाउलान् ।

तर त्यसको सम्भावना झन्झन् क्षीण हुँदै थियो ।

रामलीलालाई ऋणको मुख टाल्ने एक मात्र स्रोत ठानेका अधिकलालको जिद्दीले बाबुछोरामा कुराकानी मात्र होइन, सम्बन्धको लय पनि बिग्रियो । अधिकलाल कहिले नरम भएर त कहिले कठोर भएर एउटै कुराको फेर लिएर बस्थे । घुर्ना भने रामलीलामा फर्किने कुरो सुन्नै चाहँदैनथ्यो । तर रातमा पनि उसलाई चैन कहाँ ? अधिकलाल रक्सी खाएर ढनमनाउँदै घर आउँथे । र लर्बरिँदै आफ्नो भाग्यलाई आएजतिको गाली छानीछानी गर्थे । काम नलाग्ने छोरो पाएँ भन्दै ।

रातको चकमन्नतामा उनको गालीले डुलुवा कुकुरहरू बिच्किन्थे क्या हो । तिनीहरू पनि बरोबर भुक्न थाल्थे । त्यसपछि सुरू हुन्थ्यो, उनको र कुकुरको भुकाभुक । मानौं एकछिन पनि तिनलाई टोक्नै गइहाल्छन् कि जस्तो । अनि पालो आउँथ्यो घुर्नाको । झगडा गर्ने मनसायले उसलाई खोतल्न खोस्रिन थाल्थे अधिकलाल । घुर्ना चुपचाप सुते जस्तो गर्थ्यो । बिहान त कुरो छिनेरै छाड्छु भन्दै कसम खाएर । उसलाई गोलचक्करमा घुमिरहने झगडा होइन, निकास चाहिएको थियो ।

तर भोलिपल्ट अधिकलाल सखारै गइहाल्थे । एक त गिरहतको सुर्ती खेतीमा जानुपर्थ्यो । अर्को, नागरिकता बनाउने दिन पनि वरै आउन लागेको थियो । त्यसको चटारो पनि उनलाई थियो । उनलाई मात्र होइन, घुर्ना आएदेखि पूरै गाउँ नागरिकता बनाउने उत्साहले चटपटाएको थियो । त्यसमा पनि चमार टोल अझ बढी उत्साहित थियो ।

ठीक एक हप्तामा नागरिकता बनाउने दिन पनि आयो ।

टोली गाउँमै आएर नागरिकता बनाइदिने कार्यक्रम थियो । अधिकलालले घुर्नालाई दुईतीन दिन अगाडिदेखि नै भनिराखेका थिए, नागरिकता बनाउन जानुपर्छ भनेर । घुर्ना भित्रभित्रै मुर्मुरिइराखेको थियो । अनि त्यस दिन बाबुलाई हाकाहाकी 'जान्नँ' भनिदियो । पहिला त बाबुछोराको भनाभन पऱ्यो । केही नलागेपछि अधिकलाल हात उठाउन पछि परेनन् । तर आफूमाथि उठेको हात घुर्नाले च्याप्प समायो । र उनको आँखामा आफ्नो हेराइ सुइरोझैं यसरी गाड्यो, लाग्यो अधिकलालको मुटुलाई छेडेर गयो । रून मात्र सकेनन् उनी । निन्याउरो अनुहार लिएर उनी एक्लै नागरिकता बनाउन हिंडे ।

गाउँमा तीन दिनसम्म नागरिकता टोली बस्ने कुरो थियो । उपल्ला जातकाहरूले सबैभन्दा पछि चमार टोलको पालो राखेका थिए । उनीहरूले भनेपछि मान्नैपऱ्यो ।

पहिलो दिन चमारहरूको पालो आएन । दोस्रो दिन पनि त्यसै भयो । तेस्रो दिन, घुर्ना धुम्धुम्ती घरमै बसिराखेको थियो । पूरा गाउँ उर्लिएर नागरिकता बनाइराखेका बेला उसलाई पनि जाऊँजाऊँ नलागेको होइन । तर बाबुसँगको रिसले गर्दा जाऊँजाऊँ भइराखेको मनलाई आफ्नै सनकले अङ्कुश लगायो । र आफूलाई आत्मपीडामा गलाउँदै बसिरह्यो । तर मन थुनिन माने पो । त्यो त ओहोरदोहोर गर्न थाल्यो, घरदेखि हनुमान चोकसम्मको दूरी । जहाँ नागरिकता बनिराखेको थियो । अनि एकछिनपछि ऊ पनि आँखा तन्काउन थाल्यो, गल्लीदेखि डगरसम्म । नागरिकता बनाएर कोही आए, नआएको थाहा पाउन ।

भित्रबाहिर गरिराखेको घुर्नाको होसहवास तब उड्यो, जब अधिकलाल अर्ध बेहोसीमा घर ल्याइए । पूरै रगतपच्छे भएर पीडाले कहालिइराखेका थिए । टोलका मङ्गल दादा र फेकनले दुईतिरबाट समाएर उनी ल्याइपुऱ्याइए ।

"बाफ रे बा । यो के भइहाल्यो ?" घुर्नाले आत्तिँदै उनीहरूलाई सोध्यो । दुवै जनाको लुगा अधिकलालको हालझैं सद्दे थिएन । मङ्गलको बाहुलाको फेर धुजाधुजा भएको थियो । फेकनको ढाडनिरको कमिज ध्यारैं च्यातिएको थियो । जाडो भए पनि कन्चटबाट पसिनाको धार बगेको थियो । हडबडाउँदै घुर्नाले फेरि सोध्यो, के भयो भनेर ।

"ऊ सार गुवारहरूले मारपिट गऱ्यो," अधिकलाललाई भित्र पुऱ्याइवरी मङ्गल ढोकाको चौखेटमा सुस्ताए । स्वर उनको घाँटी बसेको जस्तो थियो ।

घुर्ना जड भएर उभिइराख्यो ।

"आज अन्तिम दिनमा पनि पाली नदिएर... रूकरूक भन्दै... अउ नागरिकता टोलिऔ पनि ससुरी गइहाले...," मङ्गलले कुरो राम्ररी गाँस्न पनि सकेनन् ।

तर घुर्नालाई केके भयो भनेर सुन्नु थिएन । दाह्रा किट्दै उसले सोध्यो, "बाउलाई कसले पिट्यो ?"

चुपचाप दुवै जना क्रोधको सुस्केरा भरिरहे ।

"सोनेलाल जादब ?" घुर्नाले रूखिँदै सोध्यो, "मनिराम कि रामकुमार ?" माथिल्लो भेगमा बस्ने यादवहरूको नामै किटेर उसले जान्न खोज्यो ।

मङ्गल राम रूँलारूँला जस्तो मात्र गरिरहे । उनको घर घुर्नाहरूको घरबाट दुई घर पारि थियो । उनी टोलकै दाइ जस्ता थिए । उनकै त्यस्तो गति देखेर घुर्नालाई असह्य भयो । ऊ ओसराको थाममा अडेसिएको फेकननिर आयो । उँधोमुन्टो लाएर बसेको फेकनको मुहार ढल्किराखेको साँझजत्तिकै निन्याउरो थियो । उता घरभित्र पीडामा कहालिइराखेका थिए अधिकलाल ।

होस गुम भएझैं घुर्ना घरको पिछवाडमा गयो । आफूभन्दा अग्लो बाँसको भाटा लिएर आयो । र गालीको पर्रा फुङ्कार्दै ऊ माथिल्लो गाउँ जान तम्तमायो ।

"ए रे घुरनवा, पग्लाई त गएन । बुडिबक कहिँका हड्डीपसली तुडवाएर आउँछ अहिले । समात रे फेकन... जल्दी," मङ्गल हुत्तिएर आँगनमा आइपुगे ।

फेकनले पछाडिबाट च्यापचुप जक्ख्याइहाल्यो घुर्नालाई । फेकनको जकडबन्दबाट छुट्न घुर्नाले प्रयास गऱ्यो । नसकेपछि रिसले भाटालाई झट्कारेर फाल्यो र करायो, "बहिं ताकतै देखाउनु थियो भने वहीं देखाएर आउँथ्यौ । अब केको बहादुरी... नामरदहरू !"

"चुप रे, घुरनवा । ककासँग नागरिकता बनाउन आएको भए हामी पनि तेरो ताकत हेर्थ्यौं । घर घुसुवा भएर ज्यादा सेखी देखाउँछ," आँखा तर्दै फेकनले भन्यो ।

"तोरासभके लडिलेऊ भिडिलेऊ । बडका जातको त कसैले बार उखाड्न सक्दैन," मङ्गलले दुवैलाई धकेलेर परपर हुत्याइदिए ।

घुर्ना आँगनमा फनफनी यताबाट उता गर्न थाल्यो । फेकनचाहिँ लगाएको कमिज फुकालेर च्यातिएको ठाउँ हेर्दै बम्किराख्यो । दुवैलाई ठिटौले रिसले गाँजेको थियो । तर मङ्गललाई भने नागरिकता नबनेको चिन्ता थियो । उनी एक्लै भुटभुटिइरहे, "हामीले त भनेथ्यौं, दुसर दिन हाम्रो नगरिकता बनाउने पाली राखौं । कौनोले मानेनन् । सीमापारिको नातेरिस्तेदारहरूको नागरिकता बनाइदिने ताक थियो गुवारहरूको । अनि कहाँ से हाम्रो पाली आउँथ्यो ।"

"बस्स टुकुरटुकुर हेर्दै रहिगयो होला हैन तोहरा सब लोग ?" घुर्नाले पेच हान्यो ।

"टुकुरटुकुर हेर्दै रहिगए त तिनीहरू," मङ्गल झोक्किए, "दुपहर बाह्र बजे पनि जब पाली आएन, तब् माथा झनझनाउन थाल्यो । चुप लागेर बस्न सकेनौं । मुह फोडेर भन्यौं– सिमानापारिको महिमान बोलाएर बनाएपछि कहाँबाट हाम्रो पाली आउँछ ? झगडा तब् सुरू भयो । गुवारहरू गालीगलौचमा उतरिहाले र भन्न थाले, झुटा इल्जाम जसले लगाएको हो, त्यसको केही बाँकी राख्दैनम्, नमकहरामहरू ! यहीबीच सार नागरिकता टोली पनि त्यहाँबाट उठिहाल्यो ।"

"सारहरू सब मिलेथे । नइ तँ डेराएर किन भाग्नुपड्यो ?" फेकन करायो ।

"वही त भन्नुपऱ्यो । टोलीहरू गए तब मारपिट हुन थाल्यो । गुवारहरू सभ लाठीलाठा लिएर आइहाले," मङ्गलले भने ।

"त अब के हुन्छ ?" घुर्नाले सोध्यो ।

"जिल्लामा गएर उजुरी दिने । भान्डाफोर गर्ने । कसरी उताका दामाद रिस्तेदारलाई नागरिकता दिल्वाएको भनिदिने," फेकन तात्तियो ।

"बात गर्छौ," लेग्रो तानेर मङ्गलले भने, "जिल्लामा उल्टै हाम्रै बापदादाको पता ठिकानाको हाजिरजवाफ दिनुपर्छ । नाइ तँ नागरिकता न बनिजान्थ्यो अहिलेसम्म । अब पञ्चैती बस्छ, तबै फैसला हुन्छ ।" लत्रक्क पर्दै मङ्गल फेरि चौखेटमा गएर बसे ।

"पञ्चैती ? आधी पञ्च त उनै गुवारहरू छन्," फेकनले भन्यो, "बाँकीको चौधरीहरू आ तेली सबै उतैतिर मिलेछन् । म भन्छु, बचेको देह फेरि तुडवाउने मन छ के ?"

फेकनको जवाफको तात्तातो हल थिएन मङ्गलसित । त्यसैले उनी चौखेटमा ट्वाल्ल परेर बसिरहे । खपिनसक्नु भयो फेकनलाई । कसरी अडोस् त्यहाँ । सराप्दै ठमठमाउँदै ऊ त्यहाँबाट गयो ।

घुर्ना फेकनलाई बोलाउन खोज्दै थियो ।

"पा...नी, पा...नी," अधिकलालले भित्रबाट कराए । उनको गुहारले दुवैको ध्यान तानियो । पीडाले भाँच्चिएको बाबुको स्वरले घुर्ना विचलित भयो । हतपत गएर उसले फुच्चीमा पानी लिएर आयो ।

"त्यसरी होइन रे, बौआ । छोट्का कचौरा जस्तो चाहिन्छ," मङ्गलले भने ।

घुर्नाले कचौरा ल्याएर त्यसैबाट बाबुलाई पानी खुवायो । त्यसपछि मङ्गलले घाउपट्टीका लागि चाहिने सामान ल्याइदिए र घर फर्किए ।

खटियामा अधिकलाल छोटोछोटो सास लिइराखेका थिए । उसलाई हेरेर छातीबाट उनको भक्कानो फुट्न खोज्यो । तर नाकका पोराहरू मात्र फुलिरहे । उनको रगतपच्छे मुहार नजिक गएर नियाल्दा घुर्नाले देख्यो, आँखाको डिलबाट एकनासले आँसु बगिराखेको । अधिकलाल छोरोतिर हेरेर रोइराखेका थिए । उनको रूवाइमा चित्तदुखाइ थिएन । निरीहपनको रिस थियो ।

घुर्नालाई शुकदेव ठाकुर कम्पनीमा कठालो समातेर आफूलाई घिच्याएको याद आयो । कम्पनीको भान्सेले ऊ र विरञ्ची चमारलाई सबैभन्दा पहिला खाना पस्किदिएकाले उपल्ला जातका कलाकारहरूले पूरै खाना फालिदिएका थिए । भान्से चुटिएको हेर्नुपर्दा' घुर्नाले यस्तै निरीहपन महसुस गर्नुपरेको थियो ।

घुर्नाले बाबुबाट आँखा छल्यो । उनी रोएको थाहा नपाए जस्तो गरी ऊ मल्हमपट्टी गर्न थाल्यो । उसको हात काँपिराखेको थियो । बाबुहरू चुटिँदैनन्, बाबुहरू रूँदैनन् । मन एकै पटक कठोर र कमजोर भइराखेको थियो ।

अधिकलाललाई तङ्ग्रिन आठ दिन लाग्यो । ढाडभरिका सुम्ला, दायाँ हात मर्किएको, निधारको गहिरो घाउ, कम थिएन घुर्नालाई सन्चो गर्न । तर घुर्नाले न दिनलाई बार भन्यो न रातलाई प्रहर । जमोठ भएको बाबुप्रतिको माया

पग्लिएर मानौं मल्हम नै बन्यो । कुर्थीको दाल पिनेर आगोमा तताएर उनको हातमा दलिदियो । आमा त आँखैअगाडि खोक्दाखोक्दै गइन् । ऊ बाबुलाई पनि गुमाउन चाहँदैनथ्यो ।

बाबुको माटोले खाएको पैताला र रगडा लागेर सडेको औंलाको काप देखेर मनमनै घुर्ना बाबुसँग माफी मागिराखेको हुन्थ्यो– उनीसँग नागरिकता बनाउन नगएकोमा, उनीमाथि बजारिएको भाटाबाट उनलाई बचाउन नसकेकोमा ।

ऐंठन त उसलाई त्यति बेला हुन्थ्यो, जब ऊ सम्झन्थ्यो बाबुले आफूमाथि हात उठाउँदा उनको हात ज्याद्रो गरी समातिदिंदाको क्षण । उफ् ! गर्दै ऊ सुसाइराख्थ्यो ।

पछुताउँदै उसले सोच्यो– बाबुले अब जे भन्छन्, त्यही गर्नेछ । चाहे उसलाई फर्किएर रामलीला नै किन जान नपरोस् !

जसै अधिकलाल हिंड्डुल गर्न थाले, चमार टोलका अगुवाहरू उनलाई भेट्न आउन थाले । लत्रिएका अनुहारहरूका झुन्ड थिए ती । असन्तुष्टिले गह्रौं भएका छातीहरू छटाँकभरि पनि साहस जुटाउन सकिराखेका थिएनन्, आवाज उठाउन । आफूहरू हेर्दाहेर्दै ठगिएको रिस कहीँ ठेस्याउन नपाएर उनीहरू भद्दा गालीले काम चलाइराखेका हुन्थे । यही क्रममा अधिकलाल निकै तात्तिन्थे । निधारको घाउ बल्किने गरी उनी कुर्लिन्थे ।

घुर्ना सुनिराख्थ्यो । उनीहरू एउटै कुरा भनिराख्थे । त्यस दिन यस्तो गरेको भए उस्तो हुन्थ्यो वा उस्तो गरेको भए यस्तो हुन्थ्यो । घुर्नाको मनमा पनि जिज्ञासा बढ्यो । त्यसैले एक दिन टोलका काका र दाइहरू गइसकेपछि उसले बाबुलाई सोध्यो, "हँ बाउ, हामीहरूसित न जग्गा छ, न कुछ, फेरि गिरहतहरूले नागरिकता बनाउँदा हामीहरूसित किन यस्तो गरेको ? फेरि हामीलाई किन जरूरत पड्यो नागरिकताको ? कुनै जग्गाजमिन नाममा थोडै गर्नु छ ?"

"रे बौवा, जोत्नका लागि हामीसँग जग्गा छैन रे । ई घर भएको जमिन त छ । जुन गाउँ ब्लोक जमिनमा पर्छ," अधिकलालले बुझाए, "त गिरहतहरू थोडै मान्न तयार छन् । जब कि चमार टोलाका मान्छेहरूको तीन पुस्ता भइसकेछ यो जमिनमा बसेको । नागरिकता बने भने घरबारबला जग्गा हाम्रो नाममा गर्न मिलिहाल्छ । भले ही लड्नुपर्ला गिरहतहरूसित । कम से कम

नागरिकता बनिहाल्यो भने उजुरी गर्न सजिलो त हुन्छ लालपुर्जाका लागि । नइ तँ कोनो दिन पनि उठिबास लगाउने डेर भइरहन्छ । फेरि कहाँ ऐलानी जग्गा ढुँड्दै फिर्ने ?"

योभन्दा बेसी सोध्ने जाँगरै हरायो घुर्नाको । उसले सम्झियो– लालपुर्जा नभएको निहुँमा खचरलत्तीझैं उखेलिएर बलान खोलापारि पुगेका चमारहरूको हबिगत । उसले आफ्नो पनि घरआँगन एक टकले हेऱ्यो । कुप्रो झुपडी । खह्रको चुहिने छानो, छानोमा उक्लेर आकाश छुन खोज्ने कुभिन्डोको लहरा । पिछवाडमा उम्रिएको सहरी आँपको गाछी, गाछीतल खेल्दाखेल्दै छोड्नुपरेका अधुरा खेल । मन त्यसैत्यसै खल्लो भएर आयो ।

"भुखाहरूलाई भुखसँग केको डेर । बस्स टाउको ठाढ हुन पाउने यही जमिन त हो चाहिएको," भुइँ कोतरेर माटो खेलाउँदै अधिकलालले भने । आँगनमा पहारिलो घाम तापिराखेका उनको मुहारको सूर्य भने निभेको थियो ।

जाडोको याम थियो । गर्मीको छ महिना जीउ नढाकी बिताउने अधिकलालले जाडोमा एक सरो गन्जीमाथि गुदडी ओढेका थिए । घुर्ना उनीछेउ गयो । छोटो हुन गएको गुदडीलाई चोट लागेको हात छोपिने गरी ओढाइदिँदै भन्यो, "मागेर एक्को रत्ति पाउनेबला छैनौं बाउ । म त भन्छु... ।" बोल्दा बोल्दै चुप भयो घुर्ना । कुरो अधकल्चो भए पनि उसको छटपटी अधिकलालले बुझे । तर उसको छटपटी छिनको आवेशभन्दा केही होइन जस्तो लाग्यो ।

तर छिनको आवेश कत्तिखेर जिद बन्यो, अधिकलालले कहिल्यै पनि थाहा पाउन सकेनन् । न घुर्नाले कल्पना नै गरेको थियो । त्यसको साक्षी त लहाठी हुन पुग्यो, छ वर्षपछि । सिनो बहिष्कार आन्दोलनका बेला ।

त्यही साँझ घुर्नाले बाबुको हात मालिस गरिराखेको थियो । मर्किएको हात मालिस गर्दा अधिकलाल कहिले अनुहार खजमजाउँथे, कहिले भुइँमा नङ गाड्थे । पिसाबै खुस्किने पीडा हुन थालेपछि उनले मुख फोरे, "बौवा रे, थोडा रमलील्लाकै कोनो भजनवजन गाइदे । मन भुलेर थोडा दरद कम भइहाल्छ कि ।"

"म ढोलकिया मान्छे । थोडै मैले गाउँथे त्यहाँ," घुर्ना मालिसमै एकोहोरिएको थियो ।

"अरे ढोलकियालाई त याद रहन्छ । हरमोनियमसँगै बसेको हुन्छ," अधिकलालले घुर्नाबाट आफ्नो हात ताने, एकछिन विश्राम लिने मनसायले । तर भजनको रट भने लगाउन छाडेनन्, "चाहे जुन गाए पनि भइहाल्यो ।"

कसलाई केको धन्दा, कसलाई रामलीलाको भजन सुन्ने धन्दा । घुर्नालाई झ्याउ लाग्यो । तर बाबुले फेरि कम्पनीमा फर्किने फरमान जारी गरेपछि जानैपर्ला । गएपछि आखिर त्यही त हो नि । सोचेर घुर्नाले दिग्दारीको लामो सास छोड्यो र बाबुतिर हेऱ्यो । रामलीला मैदानमा पहिलो लहरमा बस्ने दर्शकझैं उत्साही देखिए अधिकलाल ।

घुर्नाले घाँटी सफा गऱ्यो । गाउनका लागि जसै मुख खोलेको थियो, एकाएक लाजले भुतुक्कै भयो । अनि टाउको झट्कार्दै नाइँनाइँ भन्न थाल्यो । तर अधिकलालले झनै गाऊ न गाऊ भन्न थाले । नगवाई नछाड्ने भए भन्ने लागेर घुर्ना तयार भयो । र गाउन थाल्यो धक फुकाएर–

"महान नारद नित् बिसारत, लङ्का दैत्य पितामह
मै ब्रह्मा, मै विष्णु, मै शङ्कर कहलाता हुँ
अपने शिर काटकाटके शङ्करको चढाता हुँ
मुझ से बढ्कर कोई नही हे, कोई नही हे..."

"ई कुन भजन हो ?" अधिकलालले बीचैमा रोके ।

"चाहे जुन भनेको होइन । त रावणको इन्ट्रीवाला सिलोक गाउँदै छु," घुर्नाले भन्यो ।

"रावणको ?!"

"त ? रावणकै । मलाई त यही आउँछ । रामसीताको सुन्ने भए वहीँ गएर सुन्नू," घुर्नाले भन्यो । र लुसुक्क पर्दै अधिकलालको हात मालिस गर्न अघि सऱ्यो । अधिकलालले मालिसतिर वास्तै गरेनन् । बरू हाँसो दबाउँदै घुर्नालाई गाउन भने । रावणको मञ्चमा प्रवेश गर्दाखेरिको गीत । एक त उनलाई मालिसबाट ध्यान हटाउनु थियो । अर्को, घुर्नाले गाएको देखेर मज्जा पनि लागेको थियो ।

बाबुको मुहार फक्रिएको देखेर घुर्नाले पूरै गीत गाइदियो ।

"तिमी जो रावणको सिलोक गाउँदै थियो, त पूराका पूरा रावणकै आनबान पनि उतारिरा'थ्यौ । कहिले रावण पनि बनेथ्यौ के ?" गर्विलो हुँदै अधिकलालले सोधे ।

"न्न ! एक्को बार बन्न पाएन । हाँ मलाई बढिया लाग्ने यही रोल थियो । बहुत कोसिस गरें तर... ," घुर्नाले बाँकी कुरो घुट्टुक्क निल्यो ।

"सभलाई राम, सीता, लक्ष्मण, यस्तैयस्तै निक लाग्छ । फेरि रावण खेल्नुमा के मज्जा छ ?"

"अरे बाउ, के भन्ने ? रामलील्ला त हेर्नुभएको छ, हैन ? त फेरि ? राम, सीता, लक्ष्मण, भरत सबै रून्नेधुने, छाती पिट्ने, दुखियारी रोलहरू हैनन् । तर रावण...," आफ्नै अगाडि भएजस्तै गरी भन्यो घुर्नाले, "सोच्नुस् त जरा, रावणको रूवाब । बाफ रे बा कस्तो हुन्छ । सिना तानेर देवताहरूलाई धम्क्याउँदै डरवाउँछ । त्यस्तो गर्न कति मजा आउँछ होला इस्टेजमा... सोच्नु त जरा ?"

घुर्नाको आँखा अगाडि जीवन्त भयो, रावणले रङ्गमञ्चमा प्रवेश गर्दाको दृश्य । उसको कानमा गुन्जिन थाल्यो– हाइनोटमा हार्मोनियम बजेको ट्युन र ढोलकमा ठटाएको गमक ढमढम । आँखीभौं झुसले कीराझैं केरेर, छाती तन्काएर, अट्टाहस गर्दै राजसी ठाँटमा रावण रङ्गमञ्चमा आएको सम्झिँदा घुर्ना भित्रैबाट जुरूक्क उचालियो ।

अधिकलालले पनि रामलीलाका रावणहरू सम्झिए । र दिमागबाट धमिलिइसकेका रावणहरू एकएक गर्दै केलाउन थाले । साथै रावण चरित्रको गुण र दोषहरू पनि तौलिन थाले । तर घुर्नाले भने जस्तो दसटाउके रावण मरिगए भव्य लागेन । रामले सदाबहार वाहवाही पाइराख्ने 'मार्केट'मा छोराको रावणप्रतिको आकर्षण ? फिटिक्कै बुझेनन् अधिकलालले ।

"बाउ सुनिरहेछौ हैन ?" घुर्नाको कुरा लम्बिँदै गयो, "त भन्दै थिएँ... कम्पनीमा रावणहरूको फेरबदल भइरहन्थ्यो बुझ्नुभो । जो आए पनि मलाई लाग्थ्यो, तिनीहरूभन्दा म नै त्यो रोल बढियासित निभाउन सक्छु । तर त्यो रोल मैले थोडै न पाउँथें । कहाँ मेरो एक चिम्टीको देह । रावणको एक जाँघको अगाडि मेरो दुई हात र दुई पाँव राख्दा पनि तगडा देखिँदैनथ्यो । फेरि डायलाग पढ्न नआउनेले के बोलेर रावण बनिहाल्थें । उसको बाद मैले

गुरूम्हाराजलाई आएर भनें । टका धेरै कमाइका लागि कलाकारी गर्छु । र त्यसको लागि गुरूम्हाराजलाई अक्षर सिकाइदिन भनें । तब् गएर उनले मलाई इस्कुल हालिदिए ।"

"अच्छै थियो ! त बौआ, सब छोडछाड गरेर किन आइहाल्यौ ?" अधिकलालले सोधिहाले ।

"ऊ त... ," कसरी भनूँ भनेर सोच्दासोच्दै घुर्ना अल्झियो । एकअर्कासित संवादभन्दा मौन समझदारीमा हुर्किएको उनीहरूको सम्बन्ध कसरी एकाएक सहज होस् । बाबुछोराबीच मौनताको फाँट फराकिँदै गयो ।

अधिकलाललाई लाग्यो, जवाफ दिन घुर्ना फेरि पनि अनकनाइराखेको छ । तर किन ? कम्पनीमा उसैले कुनै गल्ती गरेकाले ? उनले छोराको मुहारमा उत्तर खोजे । तर ढिबरीको मट्किलो उज्यालोमा घुर्नाको मुहारलाई छायाँको ग्रहण लागेको थियो । कोठीको धुरीमा राखेको ढिबरीको धिपधिपे प्रकाशले उज्यालोभन्दा छायाँको साम्राज्य फैलाएको थियो ।

अर्को दिन । घुर्ना र अधिकलाल साँझ आँगनमा घुर तापिराखेका थिए । दुवै जना चुप थिए, केही मौसमले ठिङ्गुराएकाले; केही अधिकलाल गुथ्थ परेकाले । अँध्यारिँदै गएको साँझ घुरको धूवाँमा लटपटिएको थियो । गम्लङ्ग ओढनी ओढेर, जीउ कुप्राएर, काखीमा हात च्याप्दै एकलदुकल गाउँलेहरू देखिन्थे । ध्वाँसे नीलो साँझमा धुम्रोफुस्रो ओढनीहरूले निन्याउरोपन थपिदिएका थिए ।

"बाउ, पञ्चयतीमा के फैसला भयो ?" घुर्नाले स्वरको तातोले जमेको मौनता पगाल्न खोज्यो ।

"कहाँ गुवारहरू फट्किँदै फट्केनन् पञ्चयतीमा । बइमानहरू । हमरालोग नगए भनेचाहिँ सजा सुनाउँछन् । तिनीहरू नआउँदा बसेको बसे गर्नुपर्छ । दुदु घण्टा फोकटिया इन्तजार गराए । अब भन्छन्, कसैलाई नागरिकता चाहे भने नागरिकता हुनेहरूको सिफरिस चाहिन्छ रे । भला बताऊ, तिनीहरूले सिफारिस हामीलाई गरिदिन्छन् । बहिंनचोहरू ।"

घुरको भुतभुते आगोमा पतिङ्गर थप्दै घुर्नाले भन्यो, "हामी अँगुठा छापहरूसित जहाँ भी यस्तै हो ।"

"अरे भाइ, पासमा नागरिकता हुनेहरू सभ थोडै पढलिख गरेछन् ? यो जातको मामिला हो," घुर खोस्रँदै अधिकलालले भने ।

"हाँ ऊ त हुँदै हो । उसको माथि कोइ पढालिखा पनि छैन । तब न भन्दै छु ।"

"यो रामलील्ला जस्तो होइन, बौआ । यहाँ पढलिख गर, जे गर । यहाँ त जातले सभकुछ हुन्छ ।"

"जातपात रामलील्लामा पनि हुन्छ बाउ । तब पनि पता छ, शुकदेव ठाकुर कम्पनीमा के भयो ?"

"पढाइवढाइले गर्दा तिमी कलाकारी गर्न नसकेको बात ?"

"त्यो नाइँ, बाउ । कलाकारी मैले एक्को अक्षर नचिने पनि गरें । डायलागबिनाको रोल हुन्थ्यो । तर हाँ पढलिख गरेको भए धेरै कुरा गर्न सक्थें । कम्पनीमा सत्र ओटा रोल गर्नेहरू पनि हुन्थे । दुदु हातले टका सोहोरिन्थे... दुदु हातले ।"

"सत्र रोल एउटै खेलामा !" अधिकलालले सोच्नै नसक्ने कुरो थियो त्यो । उनले भने, "बाप रे बहुत पहुँचेको कलाकार होलान् ।"

"उँह ! पहुँचेको कलाकार भन्नुहुन्छ । सारहरू डायलाग बोल्दा इस्त्रीपुरूष सब गडबडाइदिन्थे । सीता जो बानर राजा बालीको रोल पनि गर्थ्यो, त्यसले एक चोटि सीताको डायलाग बोल्दा थाहा छ के भन्यो । 'स्वामी, मे भी वनबास जाउँगा', रे ।"

अधिकलाल खितखिताउन थाले ।

"पब्लिकहरू पनि थपडी मार्दै हाँस्थे । सार सुग्रीवले एक दिन आधी सोसम्म गडबडाइराख्यो । भन्छ– 'लङ्कापति मुझ से लडोगी ?' पछि व्यासजीले पैसा नै काटिदिए ।"

अधिकलालको हाँसो झन् चर्को भयो । उनको हाँसोले घुर्नालाई पनि काउकुती लगायो । ऊ अझ फुर्का जोड्दै भन्न थाल्यो ।

"यो केही हैन, बाउ । एक चोटि हामी आसपासको गाउँमा बिलौकी माग्न गएथ्यौं । सीता बन्नेलाई जोर से मुतास लाग्यो । रोक्नै सकेन । त जल्दीजल्दी नजदिकको आमको बगियामा गएर मुत्न थाल्यो । मुतेर जब पछाडि फर्क्यो त देख्छ एउटा छोट्का चरवाहा । बस्स, सीतौवाकै पिछा लागिहाल्यो । अनि पूरा गाउँमा हल्ला मचाइदियो कि सीताले उभ्भेर पिसाब फेर्छिन् । सार सीतौवाको

जानको आफद भइहाल्यो । पछि मनेजरले सीतौवालाई सात जनम तक मुत बन्द हुने गरी गाली दियो ।"

मज्जा मानिराखेका अधिकलाललाई होसै रहेन दायाँ हात बिसेक नभएको। हाँस्दाहाँस्दै हात मोडिन जाँदा उनलाई चस्क्यो । पीडाबाट सम्हालिएपछि बल्ल उनले सोधे, "यो कुन कम्पनीमा भएको थियो । शुकदेउवाकहाँ ?"

"न्न ! यो पहिलाबला रामचरन कम्पनीमा हुँदा भएको । शुकदेउवाकहाँ अरू अचम्म भयो । त्यहाँको राम बन्ने कलाकारै चमार थियो ।"

"चमार !" अधिकलाल पर्नु छक्क परे ।

"हँ त ! विरञ्ची चमार । तबबाट यही बात त भन्न खोजेको मैले । तर विरञ्ची चमार भए पनि पढेलिखेको थियो । यहीं मधुपट्टी सप्तरीको हो । पहिला कुनौलीमा किसनलील्लामा काम गर्थ्यो । जब शुकदेउवा कम्पनीको मनेजरले देख्यो । त रामलील्लाका लागि मनाइहाल्यो । मनेजरवाले अरू जातको राम बन्नेलाई दिनेभन्दा कम पैसा दिएर विरञ्चीलाई राम बनायो । विरञ्चीलाई पनि चाँदी भइहाल्यो । पैसा कम दिए पनि के, किसनलील्लाभन्दा ज्यादा ही थियो, उसको लागि । त्यसैले यता घुसिहाल्यो ।"

साँझ गहिरिँदै थियो । बत्तीको टिलपिल छेउछाउका घरमा बल्न थालेका थिए । तर घुर्नाहरू ढिबरी नबाली बिन्दास गफिइराखेका थिए । यस्तोमा बाबुको आँखा ठम्याउन खोज्दै घुर्नाले भन्यो, "जब मुकुटउकुट लगाएर विरञ्ची राम बनेर मञ्चमा उतारिन्थ्यो, सभले राम भनेर आरती उतार्थे । बिलौकीमा पनि जब राम बनेर जान्थ्यो, सार एक से एक बाभनको घर छुछा गरेर बर्बाद गर्थ्यो। कोनोले पता पाउँदैन्थ्यो । फेरि जब कम्पनीमा फर्केर आउँथ्यो त बहिं चाह खाना सभ दूरदूर । गुस्सा र हँसी एकै चोटि उठ्थ्यो मलाई ।"

"अच्छाऽऽ !"

"हँ त ! पहिला मलाई लाग्यो, विषबिनाको हरहरा साँप हो, विरञ्ची । बहुत रिस उठ्थ्यो । बोलाउने बेला मलाई पनि मास्टर भन्थे । तर व्यवहार वही । चाहपानी र खाना खाने बेला कुकुरजस्तै दूर बसेर खानुपर्थ्यो । साहरू गाउँको घरमा छुवाछूत गरवाउँदा ढेउवाको भूत चढेको हुन्थ्यो । कम्पनीमा फर्केपछि बाभन बन्थे । पता छ बाउ, गुरूमहाराजले मलाई बेटा जस्तो गर्छु भन्नुहुन्थ्यो नि ? तर उनी पनि– त्यस्तै थिए," घुर्नाले भन्यो ।

"बौवा, वही भएर कम्पनी छोडेको ?"

"रामचरन कम्पनीमा यहीसभ कारणले हो । तर शुकदेउवाकोमा हुँदा आँखी खोलिदियो विरञ्चीले ।" भन्नलाई आत्तुर घुर्ना भन्दै गयो, "एक दिन खाना बनाउनेबला भण्डारीले म र विरञ्ची बसेको गुन्द्रीबाट खाना पस्किन सुरू गऱ्यो । अरू बेला हामीलाई सभैभन्दा पछि खाना दिन्थे । ऊ दिन भण्डारीले जल्दीमा हाम्रोतिरबाट खाना पस्कियो । हामी पनि खपाखप खान थाल्यौं । अरू जातबलाहरूले रिसले खानावाना सभ फालिदिए । उसको बादमा भण्डारीमाथि हाथ उठाउन लागे । बस्स... म चुप लागेर बस्नै सकिनँ । भण्डारीलाई बचाउन दौडें । जातको मामिलामा बोल्न आयो भनेर तिनीहरूले मलाई घिसारेर लातैलात जमाए । कहाँको मास्टर, कहाँको घुरन । चमरा सार, ढोलपिट्टा भन्दै खुब मारे । तब् बल्ल विरञ्चीको खुन जाग्यो ।"

"तब् ?"

"विरञ्चीले मनेजरलाई बोलाएर ल्यायो । अनि जाइकन हुल्लडबाजी बन्द भयो । त्यसपछि मनेजरले छोटामोटा पञ्चयती बसाल्यो । भण्डारीसित माफी मग्वायो । जब उनीहरूले उसलाई माफ गरिदिए, भण्डारीले बस्दिनँ भनेर छाडेर गयो कम्पनी । मैले र विरञ्चीले पनि छाड्छु भन्यौं । मनेजरवा सार डराइगयो । मेरो कारणले होइन, विरञ्चीले छोड्छु भनेर । हरामी पैसा खसोट्ुले सस्तो दाममा रामको रोल गर्ने कहाँबाट पाउँथ्यो । त के गऱ्यो ? मनेजर हामीकहाँ आयो र एक्लैमा विरञ्चीको खुट्टा ढोगेर उनीहरूको तरफबाट माफी माग्यो । विरञ्ची बल्ल मान्यो । म त एकदुतीन मानेको थिएन । तर विरञ्चीले भन्यो– यति गर्नु पनि बहुत ठूलो बात हो ।"

चुइँक्क बोलेका होइनन् अधिकलाल । गाउँलेहरूलाई यो कुरा भन्यो भने पत्याउँछन् होला त ? यस्तैयस्तै सोचिराखेका थिए सायद ।

"बाउ, त्योपछि मैले ठानिलिएँ । म पनि विरञ्चीजस्तै बन्छु । मलाई बढिया लाग्ने रावणको रोल गर्न जे गर्नुपर्छ, वही गर्छु । आखिर रावणको रोलको वजन रामजत्तिकै हुन्छ । तर सुन्छौ, विरञ्चीले मलाई के भन्यो ?" मुहार उज्यालो हुने गरी मुस्कायो घुर्ना, "उसले भन्यो, उसको भाउ रामको रोल गरेर पक्कै भएको हो । तर यदि उसले पढेवढेको नभए ऊ कहाँ राम बन्न सक्थ्यो ? ऊ पनि म जस्तै कि ढोलक कि नाल बजाउँदै इस्टेजको मास्टरजी बन्थ्यो । र कम्पनी

छोड्छु भन्दा कसैलाई कुछ फरक पर्दैनथ्यो । जस्तो कि मलाई भयो रामचरन कम्पनीमा । उसैले मलाई सम्झायो, बुझायो । भन्यो, अगर सक्छौ भने अलि पढ्लिख गर । तब् जहाँ पनि जम्न सक्छौ । अनि मैले सोचें, म जरूर पढ्छु । गुरूमहाराजकहाँको पढाइ जस्तो होइन, फुर्सद पाएपछि मात्र पढ्न पाउने । असलीबला पढाइ गर्छु । तबै गुरूमहाराजकहाँ नफर्केर यतै आइहालें सोझै ।"

अधिकलाल केही सोध्न लाग्दै थिए । तर घुर्ना एकसुरेजस्तै बोल्दै गयो ।

"के भनूँ, बाउ । जब मनेजरले विरञ्चीको पावँ ढोगेको देखें, मनलाई बहुत चैन आयो । भला चमारसँग ठूलो जातकाले माफी मागेथ्यो कहीं । अहिलेसम्म जति पनि छिछि दुरदुर सहेको छु, त्यति बेला सभको हिसाब चुक्ता भए जस्तो लाग्यो । मलाई त्यही छिनबाट धेरै कुरा साफ भयो, बाउ । मैले ठानें...," बोल्दाबोल्दै घुर्ना रोकियो । बाबुको मुहार कतै टोलाइराखेको थियो । उसको ढाड चिसो भएर आयो । ऊ फेरि रामलीलामा फर्किदिए हुने भन्ने सोचिराखेका होलान्, घुर्नाले अड्कल्यो । एकाएक स्याँठले हाने जस्तो भयो । ऊ घुरलाई ठोस्न थाल्यो ।

"कसरी पढाइ गर्‍यो रे त्यसले । हाम्रो यहाँ दु पुस्ताले इस्कुलको मुह देखेछैन ?" अधिकलालले सोधे ।

"यहाँ पढेको होइन, त्यो । स्यानोमा जब त्यसको बाउ मर्‍यो । त गयो कर्जाइन मामाघर । उता सीमापारि । उता पतै छ, तपाईंलाई । गोरमेन्टले हरिजनहरूलाई पढ्ने कोटा दिएको हुन्छ । त्यै कोटामा पढिहाल्यो । जब मेट्रिक पास गरेर काम गर्न थाल्यो, किसनलील्लाबाट त्यसको भाग चम्किहाल्यो ।"

घुरमा काँचो छेस्का पड्कियो, चटाकचुट्टुक गरी । फिलिङ्गो हावामा लप्क्यो । अधिकलाल अलि पछिल्तिर सरे । घुर्नालाई पोलिनेको वास्ता भएन । उसलाई भित्रभित्रै पोलिराखेको थियो, बाबुलाई भन्न नसकेको रामलीलाको अर्को कुराले पनि । शुकदेव ठाकुर कम्पनीमा पैसाका लागि ढोलकियाबाट नचनियाँ बन्नुपरेको बाध्यताको पाटो उसले भनेकै थिएन । त्यसैले उसलाई पोलिराखेको थियो, नचनियाँ बनेर नाच्दा हिजडा भनेर हेपिएको पीडाले । नाच्दा रक्स्याहा हुलको छाडा व्यवहारले ती छुल्याहाहरूसित मुक्कामुक्की परिराख्ने हैरानीले । जुन बाबु मात्र होइन, कसैलाई पनि भन्दा मर्द हुनुको अहंमा ठेस लाग्थ्यो । पैसाका लागि यति सब बेहोर्नुपर्दा पनि आमालाई बचाउन नसकेको निरर्थकताले उसलाई पोलिराखेको थियो ।

पढ्ने अठोटले रामलीलाको काम छाडेर आएको घुर्नालाई नचनियाँ बन्नुपरेको कारण पनि सहायक बनेको थियो, घर फर्किने ।

तैपनि एक चोटि बाबुले भनिदिऊन्, रामलीला कम्पनीमा फर्केर जा । ऊ प्रतिकार गर्नेछैन, निरूपाय हुँदै उसले सोच्यो । त्यसो भए पढ्छु भनेको प्रण अब के हुनेछ ? आफैंलाई कोतऱ्यो । तर उत्तर ऊसँग थिएन । ऊसँग उत्तर थिएन त्यसै गरी, जसरी हुँदैन सबैसँग सबैको उत्तर ।

आगोको रापले आँखा सेकिने गरी घुरमै टोलाइराख्यो घुर्ना ।

पाँच दिनपछिको कुरो हो । एक बिहान घुर्ना ब्यूँझिंदा अधिकलाल घरमा थिएनन् । यति बिहान चिसोमा कहाँ गए होलान् ? बाँसको दतुन बाँसघारीमा लिन जाँदा पो उसले थाहा पायो, उनी भुकभुक उज्यालोमै गिरहतको सुर्ती खेततिर गएका रे ।

मुर्मुरिनसम्म मुर्मुरियो घुर्ना । हात पनि ठीकसित खुम्च्याउन नसक्नेले खेतमा के गर्दै होलान् । मध्याह्नसम्म कुर्दा पनि नआएपछि घुर्ना अलुवा उसिन्न तर्खर गऱ्यो । त्यो वर्ष गिरहतहरूले जनहरूलाई मजदुरीबापत अन्नको सट्टा अलुवा दिएका थिए । पिँडालु जस्तो अलुवा स्वाद न ब्यादको खल्लोखल्लो । त्यही अलुवा उसिनेर नुनसँग खाने सोचेको थियो घुर्नाले । अलुवा धोइवरी बसाल्न लाग्दै थियो, अधिकलाल आइपुगे । घुर्नालाई अलुवा उसिन्न लागेको देखेर छिटोछिटो भोर्लाको पातमा बेरेको मरूवाको रोटी झिके । आफ्नो भागको जलखे ल्याएका थिए, उनले ।

"किन जानुभएथ्यो खेत ? मर्किएको हात फेरि बल्झिगयो भने ?" घुर्नाले आफूतिर तेर्साएको रोटीतिर हेर्दा पनि हेरेन । वहाँ भने भोकले पेट बाउँडिइराखेको थियो ।

"पटुवामा जस्तो थोडै जीउ पानीमा गाड्नुपर्छ रे, सुर्ती खेतीमा । थोड्थोडै दिनमा झारपातहरू किचिरकिचिर उखेल्ने मात्रै हो । त एकै हातले काम चलिहाल्यो । कति दिन भइहालेको थियो, गएको थिएन । हिजो बाटोमा गिरहतको पटवारीले पनि आउन भनेथ्यो । बात पनि गर्नुथ्यो गिरहतसँग, त्यसैले उतै गइहालें । मल्काइनलाई भनेर तेरोलाई पनि रोटी लाएंछु । चुपचाप पहिले खाइहाल, फिर भन्छु ।"

बेवास्ता गर्दै घुर्नाले चुल्हीमा गोझा ठोस्न थाल्यो ।

"अरे खाइहाल भइया पहिला । भगवती माईको कसम यो हात जसको तस छ । चलाएकै छैन । अब त खाइहाल, बौआ ।"

घुर्नाले रोटी लियो र नुनसँग चोपेर कुपुकुपु खान थाल्यो । अधिकलाल आँगनको घाम खेलिरहने ठाममा गएर टुक्रुक्क बसे । कामै सकाएर आएझै सुर्ताएको देख्दा घुर्नाले सोध्यो, "अब जानुपर्दैन, बाउ ?"

"अब...," उनले लामो सास फेरे । उनको सुस्केरामा थकाइभन्दा सन्तोषको विश्राम थियो ।

"के भो ?"

"खाइहाल पहिला," उनी मुस्काए । मानौं बच्चालाई खुवाइराखेका हुन् । बाबुबाट सधैं अड्कलेको माया पाइराखेको घुर्नालाई असहज लाग्दै आयो । सोध्यो, "बात के हो बाउ ?" चपाइराखेको गाँस निलेपछि फेरि थप्यो, "भन्नुस् न ।"

"मैले गिरहतलाई भनिदिएँ । घुरना कम्पनीबाट फर्केर आइसक्यो । फिर जाँदैन । त्यसैले तेरो मायको लागि लिएको करजा म एक्लैले उतार्छु ।"

मुखभरिको रोटी घुर्ना चपाएको चपायै भयो ।

"दु हात जोरेर भनें– यताको धान कटाइ सकेर बरू मलाई सीमापार लुधियाना जान दिनुस् । दु खेप गहुँ कटाइ गरेर आउने पैसाले लिएको करजा सुदसमेत वापिस गरिदिन्छु । नइ तँ जिन्दगीभर करजा उतार्न सक्दिनँ ।"

गाँसलाई पानीले ठेल्दै निलिराखेको घुर्नातिर हेर्दै अधिकलालले भने, "त गिरहतले पटवारीलाई भनेर हिसाब जोडाए । धेरै करजा चढिसकेको थियो । त्यसैले मुह तिताइन तिताइन बनाएर हेरे । म दु हात जोरेर बसिराखें । जब उनले 'हुन्छ जानू' भने । दूरैबाट मैले गिरहतको पाँव ढोगेर धन्य हो भनें । दिलको बोझा हल्का भइहाल्यो । तर हाँ बौवा, म उता गएको बेला मेरो ठाउँमा बाली छर्न तँ जानुपर्छ । करजा थोड्बहुत उतरिहाल्छ । गिरहतले भनेपछि मैले जबान दिएर आ'छु । बुझिस् के ?"

'हुन्छ'मा शिर हल्लाउँदै घुर्नाले सोध्यो, "अकेलै जानुहुन्छ लुधियाना ?"

"हाँ अकेलै । जब गिरहतको करजा सकिन्छ, तब पनि उतै गइराख्छु । जबसम्म तेरो पढाइ पूरा हुँदैन ।"

"पढाइ ?"

"विरञ्चीजत्तिको पढेपछि पढाइ पूरा भइहाल्छ हैन ? तब्.. राम्रो भैहाल्छ विरञ्चीजस्तै । मैले सोचे'छु मरीहरीको छाला ब्ल्याकिया गरेर भए पनि पढाउँछु । तीन गाउँको गाउँ कमिया गरेको टका दारू पिउने पियाउने गर्दिनँ अब । तिमी पनि छुट्टीउट्टीमा चुरेबाट जरना (दाउरा) काटेर तल बजारमा बेच्नू । नुनतेल आइहाल्छ ।" त्यसपछि अधिकलालले स्कुल र पढाइसम्बन्धी कुरा गरिराखे ।

खाँदाखाँदैको रोटी हातमा लिएर घुर्नाले सुनी मात्र राख्यो । उसको पेट घाँटीसम्म आइसकेको थियो । खुसीले ढाडिएर । खान नसकेको रोटी घुर्नाले पातमै बेरेर राखिदियो ।

उत्साहमा अडिन नसकेर घुर्नाको मनले भुइँ छाडिसकेको थियो । खह्ररको फुल्काझैं माथिमाथि उड्दै टोलको सबैभन्दा अग्लो ताडीको रूखमा गएर बल्ल अड्यो । त्यहाँबाट हेर्दा उसले देख्यो । तल डगरमा आफू किताब च्यापेर हतारहतार स्कुल जाँदै गरेको । जसरी ऊ जाने गरेको थियो गुरुम्हाराजकहाँ फुर्सदिलो हुँदा मात्र । तर अब ऊ गयल नभईकन स्कुल जान पाउनेछ । उसले बाबुतिर हेऱ्यो । घाम लागेको घेरामा धोबीको गठरीझैं उनी टुक्रुक्क डल्लिएका थिए । घुर्नालाई हुत्तिएर उनलाई काँधमा उचाल्न मन लाग्यो । काँधमा उचालेर आँगनको एक फन्को मारूँमारूँ लाग्यो ।

खुसीले आँखा रसाएर आए । आँसु बहन खोज्दा उसले चुल्हीमा धूवाँ ओकलिराखेको गोह्रा फुक्न थाल्यो । र आँसुलाई कमिजको फेरले पुछ्दै गयो । घुर्नाका आँखा धूवाँले पिरो भएका होलान् भन्ठानेर अधिकलाल चुल्हीदेखि अलि पर सरे । र भने, "फिर नगरिकता टोली आउँदा हाम्रो तरफबाट पनि नेपाली बोल्ने मान्छे हुन्छ अब त । तब् बइमानी हुँदैन । भए भने भड्भडाएर नेपालीमा जवाफ दिनू ।"

# १२:०० बजे

लाजिम्पाट । न्याडिसन छिर्ने गल्लीको मुख । तीनतिरबाट आउने गाडीहरू साँढेझैं एकअर्कातिर तेर्सिएर बसेका छन् । न अरूलाई छिर्न दिन्छन्, न आफू पछि हट्छन् । चिल्ला कारहरू ट्याक्सी र माइक्रो बसहरूलाई आँखा तर्दै छन् । ट्याक्सी र माइक्रो बसहरू साहूको गाडीलाई जोतुँलाझैं गरेर हर्न बजाउँदै छन् । यो जाममा घुर्नाहरू पनि जोतिन आइपुग्छन् ।

रामा ठसाठस जाममा छिर्ने ठाउँ खोज्न थाल्छ । घुर्ना पनि जामको तनाव नाप्न यताउति घाँटी बटार्छ । पछाडिबाट ट्राफिक पुलिस ठमठमाउँदै आइराखेको देख्छ । चलमलिन छाडेर ऊ फरक्क अगाडि फर्किन्छ ।

ट्राफिक पुलिसको मुहार तनाव र धूलोधूवाँले घुर्मैलो देखिन्छ । जामको बीचमा उभिएर ऊ दायाँबायाँ घाँटी तन्काउँछ, आँखैले जामको चिरफार गर्ला जस्तो । उसको यो हाउभाउले सबलाई राहत दिन्छ । एकअर्कादेखि उठेको झोक नसेलाए पनि ।

बाटोमा ट्राफिकको जन्तरमन्तर सुरू हुन्छ । ऊ स्याट्ट र सुट्ट हात तेर्स्याउँछ । मन्याकमुरूक्क टाउको बटार्छ । र असरल्ल जामलाई सलल्ल बगाउन खोज्छ ।

जामको गाँठोले कसिएको बाटो होलोहोलो हुने छाँट देखिन्छ । तर मोटरसाइकलहरू छट्टेल पारा झिकिहाल्छन् । पालो मिचेर घरी यता सुत्त, घरी उता लुत्त छिराइहाल्छन् । ध्वाँसिएको मुहारमा ट्राफिक पुलिसको धैर्य धेरै बेर टिक्दैन । मुखमा सिठी च्यापेर ऊ फुक्न थाल्छ, बेस्सरी । अब सबैलाई ट्राफिकदेखि रिस उठ्छ । र ट्राफिकलाई सबैदेखि ।

अलमल्याउने गरी ऊ हातको इसाराले आऊ भनेको हो कि जाऊको इसारा गर्न थाल्छ । उसको इसारा नबुझ्नेहरूलाई ऊ आफ्नो छड्के हेराइले आतङ्कित गर्न खोज्छ । अटेर गर्नेहरूलाई चोरऔंला सोझ्याएर सिठी बजाउँछ ।

रामा पनि झुक्किन्छ । त्यसै त हतार भइराखेको । उसले ट्राफिकको 'पर्ख'लाई ध्यान दिँदैन । मोटरसाइकल कुदाइहाल्छ । पुलिस रन्थनिन्छ र बेस्सरी कराउँछ, "आँखा देख्दैनस् !...मामपा... !" घुर्नाले ट्राफिक पुलिसलाई फर्किएर हेर्छ । ट्राफिक उनीहरूतिरै हेर्दै छ । अरू बेला भइदिएको भए घुर्नाले पनि आँखा तरातर गर्थ्यो होला । तर आज लुरूक्क अगाडि फर्किन्छ । फर्किसक्दा बल्ल पो लाग्छ– बेकारमा हेरेछु । घुर्ना सिटमा नहल्लिई स्थिर हुन्छ । मानौं, ट्राफिकले अहिले पनि आँखा गडाएर हेरिराखेको होस् ।

रामालाई भने त्यो जाम जसरी नि पार गर्नु छ । गाडीहरूबीचको होलो कुनाकानीमा छिराउँदै भए पनि ऊ अगाडि बढ्छ । तर साङ्ग्रिला होटल कटेर जापनिज एम्बेसीको उकालोमा आइपुग्दा उसलाई चिढचिढ हुन थाल्छ । पछिपछि आइराखेको माइक्रो बसले हर्न बजाएको बजायै गरिराखेको छ ।

"साला भोंपू !" रामा चिढचिढाउँछ । हतार त्यसैलाई मात्र छ ! भन्ने हो भने आज रामाहरूलाई जत्तिको हतारो कसलाई होला र । एक लेनको सडकमा साला हवाहवाइ हुन खोज्छ । "घन्टा !" भन्दै रामाले साइड दिँदैन, माइक्रो बसले पछिल्तिरबाट जति हर्न लगाए पनि । जति नै किचुँलाझैं गरी ओभरटेक गर्न खोजे पनि । माइक्रो बसलाई साइडै नदिई मोटरसाइकल अघि बढ्छ । पारैपारामा हुइँक्याइराखेको मोटरसाइकल न पऱ्यो । अचानक घ्याच्च ब्रेक लाग्छ ।

घुर्ना हुत्तिएर रामाको ढाडमा ढेप्पिन पुग्छ । टिचिङ अस्पतालको बाटोको स्पिड ब्रेकरमा मोटरसाइकल ठोक्किन पुग्छ । फेरि गति लिन रामाले गियर फेरेर एक्सिलेटर बटार्छ । उतिखेरै मोटरसाइकल अर्को स्पिड ब्रेकरमा ठोक्किन्छ । मोटरसाइकलको साइलेन्सर स्पिड ब्रेकरमा बजारिन्छ । सन्तुलन बिग्रिन्छ । तै रामाले नियन्त्रण गरिहाल्छ । तर पहिलो ठोक्काइबाट घुर्ना सम्हालिन पाएको हुँदैन । अर्को ठोक्काइमा उसको निधार रामाको हेल्मेटमा ठोक्किन्छ ।

रामा बर्बराउँछ, "साला सहरको बाटो हो कि ब्यारेकको !"

घुर्नालाई भने रूपनी काण्डको झझल्को आउँछ । झन्डैझन्डै यसै गरी मोटरसाइकलबाट घुर्ना लडेको थियो । गएको ०६३ सालको कुरा हो । त्यति

बेला ऊ झबर पासवानको जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह)मै थियो। पार्टीको आदेशमा भौतिक कारबाही गर्न ऊ सकेट बम लिएर राजविराज जाँदै थियो। मोटरसाइकल लिखो यादवले चलाइराखेको थियो। तर बीच बाटोमै उनीहरूमाथि हमला भयो। महेन्द्र राजमार्गको रूपनीबाट पाँच किलोमिटर भित्र माओवादीहरूले ढुकिराखेका थिए। बासट्ठी-त्रिसट्ठी सालमा सुर्जा समूहको माओवादीसँग काटाकाट परिराखेको थियो।

जति पटक त्यो घटना सम्झन्छ घुर्नी, त्यति नै पटक मुटु काँप्छ उसको।

र आज ? साँझसम्म दलित प्यान्थर मोर्चाको नाम सार्वजनिक नहुन्जेल कुनै गडबड नभइदियोस्। गरेअनुसारको योजना एकपछि अर्को सटसट मिल्दै आजोस्। यही धुनमा घुर्नालाई याद आउँछ, रामाको जिम्मामा छाडेको काम-टाइम बममा घडी मिलाउने। जिलेटिनमा जोडेको घडीको समय मिलाउन उसले जसरी रामालाई सिकाएको थियो, त्यही मनमा ऊ खेलाउन थाल्छ।

यही बेला घुर्नाको मोबाइल भाइब्रेट हुन्छ। यो नम्बर विशेष आजकै कामका लागि लिएको हो। छठु, ललन र रामाबाहेक कसैलाई थाहा छैन यो नम्बर। गर्ने अरू को हुन सक्छ ? घुर्नाले पाइन्टको खल्तीबाट मोबाइल सकीनसकी तान्छ। फोन ललनकै हुन्छ।

"हँ.. बोलिरहेछु.. भन्नुस्," पूरै कान दिएर घुर्ना तल घोप्टिन्छ। बाटोको घाइँघुइँले गर्दा उसले मोबाइल कानैमा सटाएको छ। "हामी ?" के जवाफ दिऊँ भनेर घुर्ना अलमलिन्छ। अनि रामातिर ढल्किँदै सोध्छ, आफूहरू कहाँ आइपुगेको।

रामाले भाइजर उचालेर ठाउँ भन्छ। घुर्नाले त्यसपछि मोबाइल मुखमा जोतेर भन्छ, "यो महराजगन्ज भन्छन्। अबको १५ मिनेटमा ?.. हुन्छ हुन्छ।"

लाइन काटेर फोन राख्दा घुर्नाले यसो कल्पना गर्छ। उनीहरूको प्रतीक्षामा हतारिराखेको ललनलाई। तनावमा गाँठो परेका सासहरू फुकाइराखेको। जस्तो उसले ललनलाई कुनौलीमा गरेको देखेको थियो।

गोङ्गबुको होटलमा अधैर्य भइराखेको ललनले फोन गरेपछि घुर्नालाई झन् कतिखेर पुगिन्छ होला भन्ने हुन्छ। छिटो पुगेर आज छर्ने पर्चा थमाउन उसलाई हतार हुन्छ। रामाको काँधतिर सरेर उसले भन्छ, "त्रिकालजीको फोन थियो। देर भइरहेको छ रे।"

रामाले भाइजर नखोलीकन केके भन्छ । स्पष्ट सुनिँदैन । घुर्ना दोहोरो कुरा नगरी बाटोतिर हेर्दै खुइऽऽय गर्छ । यस्तो बाटोमा रामाले पनि के गरी कुदाओस् ।

कहिले गति लिने । कहिले सुस्त हुने । कहिले ट्राफिक जामको जालोमा फस्ने । पट्यार न पट्यार लाग्ने, बाटोभन्दा लामो यात्रा ।

नारायणगोपाल चोक आइपुग्दा पनि उही छाँट देखिन्छ । जामको धागोमा एकएक गर्दै गाडीहरू उनिँदै जान्छन्, मालामा फूल उनेजस्तै ।

एकअर्कामा उनिएका गाडीहरू सर्दै जाँदा रामाहरू पनि चोकको मुखैमा आइपुग्छन् । कट्नका लागि एउटा गाडी बाँकी हुँदा ट्राफिकले हत्केला ठड्याउँछ– स्टप !

"अलिऽऽकतिले !" रामा चुकंचुकाउँछ । र अघिल्तिरको कारलाई मनमनै धारे हात लाउँछ, छिटोछिटो अघि नबढेकोमा ।

बाटो खुल्ने पर्खाइमा घुर्नाको नजर यताउति बरालिन थाल्छ । तर बाटोको दायाँतिर आँखा पुग्दा घुर्नालाई झस्को पस्छ । पल्लो पारि नारायणगोपाल चोकको पुलिस थाना रहेछ । र फाटकमा रहेको बिटमा पुलिस तैनाथ छ ।

घुर्नाले उताबाट घाँटी बटार्छ । र हेरिराख्छ पारिबाट आउने गाडीहरू आएको आयै गरेको । उसलाई आफूहरूको पालो कहिल्यै आउँदैन कि झैं लाग्छ । जाने आत्तुरीले गाँजेर होला । त्यसमाथि सेन्ट्री बसेको पुलिसले आफूहरूतिरै हेरिराखेको छ कि जस्तो लाग्दा उसलाई त्यो ठाउँले टोक्न थाल्छ ।

ट्राफिकले सिर्र सिठी फुक्छ ।

मोटरसाइकल नारायणगोपाल चोकबाट बायाँ गोङ्गबुतिर हान्निन्छ । घुर्नाले फुक्का सास फेर्छ । सीमा कटेर कुनौली र कर्जाइनमा फेर्न पाएको सास जस्तो । मोटरसाइकलको गति पहिलाभन्दा बढ्दै गइराखेकाले अलि राहत पनि हुन्छ ।

कस्तो पाइलैपिच्छे फुकीफुकी हिँड्नुपर्दै छ । चक्रपथको ओरालो लाग्दै गर्दा घुर्नाले सोच्छ– त्यत्रो हतियार ओसारियो पिपराही नाकाबाट । कोसीको पूर्वीय बाँधको नाकाबाट पनि । मुङ्गेर-सहरसा बजार-भन्टाबारी च्यानलबाट पनि । सकेट बम र कुकर बम लिएर रौतहटसम्म पुगियो । यस्तो धुकुरपुकुर

कहिल्यै भएको होइन । तर आज प्रहरी बिट पनि हाउगुजी भएको छ । भदौरे घाममा आँखा मुजा पार्दै घुर्नाले सोच्छ । आफ्नो लक्ष्यको जति नजिक पुग्यो, त्यति नै पुगिँदैन कि जस्तो लाग्छ क्या हो । र जति त्यस्तो लाग्छ त्यति नै ज्यानको माया लाग्न थाल्छ कि क्या हो ।

०६३ सालको मधेस विद्रोहपछि घुर्नाको दलित प्यान्थर विद्रोह गर्ने अठोट जब्बर भएको हो । झबर पासवान र ललन सिंहले उसको अठोटलाई लहड भनेर बुझ्लान्, उसलाई मतलब भएन । ऊ भारतको दलित प्यान्थरले केवल रोमाञ्चित हुन चाहन्न । अमेरिकाको ब्ल्याक प्यान्थरबाट केवल प्रेरित हुन चाहन्न । र झबर जस्तो कहिले यो पार्टी त कहिले त्यो पार्टीमा विसर्जन हुन पनि चाहन्न । ऊ त दलित प्यान्थर विद्रोह गर्ने सोचलाई मूर्त बनाउन चाहन्छ ।

रातिसम्ममा जब झबरले थाहा पाउनुहुनेछ, 'दलित प्यान्थर मोर्चा'ले 'मधेस जनतान्त्रिक सेना'सँग मिलेर गरेको विस्फोट । त के सोच्नुहोला ? गर्वले लामै सास फेर्छ घुर्ना । ऊ सम्झिन खोज्छ, सिनो बहिष्कार आन्दोलनताकाका झबर पासवानलाई । तर सम्झिन पुग्छ, ०५९ सालमा झबरले भनेको कुरा– "तिमी मधेसी जनताको नेता बन्न चाहन्छौ कि सिरिफ चमारहरूको ? जात मात्रै नहेर, पूरा मधेसको प्रश्न छ ।"

घुर्नाको मन तीतो हुँदै आउँछ ।

# त्यो रात

२०५९ सालको असार महिना । सम्साँझै झबर पासवान घुर्नाको आँगनमा टुपुल्किए । कोसीटप्पुबाट आइपुग्ने पाहुना चरा जस्तो ।

घुर्ना कोठामा चुहिएको पानी फाल्दै थियो । आँगन पनि रोपाइँ गर्ने हिलाम्मे खेत भएको थियो । त्यसैले ओसरादेखि डगरसम्म हिँड्न माटोको इँट लाइनै ओछ्याइएको थियो । त्यही इँटमाथि ठिङ्रिङ्ग उभिएका थिए झबर, खादीको छड्के झोला भिरेर ।

घुर्ना आँखा तानेर हेर्‍याहेर्‍यै भयो । उनलाई चिन्न सकेन । अनुहारका दाह्रीजुँगा मिर्चिया झारझैं मनलाग्दी बढेको थियो । पाइन्ट घुँडामाथिसम्म खैचिएको थियो । खाली खुट्टै ठिङ्ग उभिएका थिए झबर । चप्पललाई सनपटुवाको सन्ठीमा उनेर । उनले लगाएको चस्माको फलामे रिमले चिनेचिने जस्तो लाग्यो घुर्नालाई ।

"घुर्ना... !"

"भैयाजी !" हातमा लिएको कचौराको पानी झन्डै छचल्किएको । एक वर्षपछि भैयाजी देखापरेका थिए । गाउँघरकाले बोलाउने 'घुरना'भन्दा झबरको 'घुर्ना' फरक सुनिन्थ्यो । जुन उसले नचिन्ने कुरै थिएन ।

०५८ सालको भदौबाट झबरसित उसको भेट टुटेको थियो । त्यस साल सर्लाहीको बरहथवामा भएको माओवादीको मधेसी राष्ट्रिय मुक्ति मोर्चाको पहिलो सम्मेलनमा गएका उनी फर्किएका थिएनन् । त्यसपछि घुर्नालाई पक्का भएको थियो, उनी भूमिगत भएको ।

एक हप्तापछि भेट्ने भनेर छुट्टिएका झबर त्यसरी अलप हुँदा घुर्नालाई लागेको थिएन, एक वर्षपछि उसकै घरमा टुप्लुक्क आइपुग्लान् । त्यो पनि नचिनिने हालतमा । भेटिने हो कि नभेटिने, ननिको शङ्काले घेर्दा उसले धेरै पटक झबरलाई सम्झेको थियो ।

उसले सम्झिन्थ्यो, यही ओसरामा बसेर झबरसित निकै बेर कुरा गरेको । उनलाई बिदा गर्न आँगनसम्म आउँदा उनले उसको जुम्लाहात छुटाइदिँदै आफ्नो हातसित मिलाएको । त्यति बेला उजुरी दिन उनी थानासम्म पुगेका मात्र हुन् र ! जिल्ला प्रशासनसम्म गएर आफ्नै सिफारिसमा नागरिकता पनि बनाउन मद्दत गरेका थिए । कति छोटो समयमा उनी 'सर'बाट 'भैयाजी' भए । उनी भूमिगत भएपछि पो उनको कमी घुर्नालाई खट्कियो । र आज कुन हालमा उनी लुक्दै बच्दै यहाँसम्म आइपुगेका छन् ।

घुर्नाले कचौराको मट्यौलो पानी आँगनमै हुत्याइदियो । उत्साहले भरिएर आयो । उसलाई डरडर पनि लाग्यो । गाउँलेहरूको नजरबाट बचाएर उनलाई कहाँ राखूँ, कसरी राखूँ भन्दै उसको मन दगुरादगुर गर्न थाल्यो ।

दर्किएको पानीले ओसरा गोठ बनेको थियो । उनको खुट्टा धुवाएर घुर्नाले भित्र लग्यो । हिलोको छिटा कम्मरसम्म उछिट्टिएको रहेछ । नीर हालेको कमिज लगाउने झबर पक्का देहाती भएका थिए । उनी आफूहरू जस्तो धुस्रोफुस्रो देखिएकाले झुपडीभित्र बसाल्न अप्ठ्यारो लागेन घुर्नालाई । जुन अप्ठ्यारो पहिलो पटक लागेको थियो ।

"एक बरसपहिले गोलबजारमा भेटेको याद गर्नुभएछ, भैयाजी ?" छिटोछिटो ओछ्यानको खातबाट दरी झिक्दै घुर्नाले भन्यो ।

थकाइले लोथ भएका झबरले थाकेको मुस्कान फिँजाए ।

"म तपाईंको अफिस *जनबात*मा पनि गएको थिएँ । कुछ पता लागेन । कहाँ गइहाल्नुभएको थियो, यति दिन ?" अलिकति गुनासो अलि धेरै खसखस घुर्नाले पोखिहाल्यो ।

"कहाँकहाँ," बिसाउनीको सास छोड्दै झबरले भने, "खिस्सा लामो छ ।"

कोठामा ओसिलो गन्ध रूमल्लिएको थियो । भिजेको खह्र, ढाडिएको लिउन, गुम्सिएको हावा र जिन्दगीका जोरजम बाफिएर आएको ढुसी गन्ध । पानी भित्रभित्रै छिरेर माटाका भित्तामा दक्षिण एसियाको मानचित्र बनेको थियो ।

अनि हिन्द महासागर छानोबाट तपतप चुहिएर भाँडाकुँडामा जम्मा भएको थियो । थापिएका कचौरा र माटोका भुड्काभुड्की ठाउँठाउँमा माइलढुङ्गा ठड्याएझैं राखिएका थिए ।

बीचको भित्तालाई वर्षाले डाम्न पाएको रहेनछ । सुत्ने डसना त्यहीँ खप्ट्याएर राखिएको थियो । सँगै ओछ्याइएको दरीमा झबर बसे ।

घुर्नां 'एकछिन है' भन्दै पछाडि बारीमा गयो । झबर डसनाको खातमा अडेसिएर झुपडीको दलिनतिर हेर्न लागे । चुहिने पाटोमा कालो टाट ठोकिएको थियो । त्यहाँ पानी जम्मा भएर होला टाट कोक्रोझैं झुलेको थियो । अँध्यारो हुन लागेको साँझमा हेर्दा बडेमानको चमेरो उड्न लागेझैं देखिन्थ्यो ।

हातमा निबुवा लिएर घुर्नां ओसरामा देखापर्‍यो । झबरले उसलाई के गर्न लागेको भनी सोधे । घुर्नांले चनाको सातुको सर्बत बनाउन लागेको भन्यो । झबरले केही भनेनन्, उनको तिर्खा बढेर आयो ।

सँगैको गोठ जस्तो कोठामा घुर्नां गयो । आँगनको भान्सा वर्षामा त्यहीँ सारेको थियो । ऊ सर्बत बनाउने जोरजम गर्न थाल्यो । उसलाई पर्खुन्जेल झबरको कानमा परिरह्यो उताबाट आएको आवाज – गिलास खँगालेको; जगबाट पानी खन्याएको; चम्चाले टिनटिन चलाएको; चिनी, सातु र अमिलो घोल्न एउटा भाँडोबाट अर्को भाँडोमा सर्बत खन्याइराखेको । यता झबर घुटुकघुटुक थुक निल्दै बसिरहे ।

टिमटिमाइराखेको लाल्टिन झुन्ड्याएर घुर्नां भित्र छिर्‍यो । उसको अर्को हातमा सर्बतको जग र गिलास थियो । लाल्टिनलाई उसले माटोको भकारी कोठीमाथि राख्यो । र सर्बतको गिलास झबरसामु बढायो ।

झबरले दुई गिलास सिनित्त पारे । उनले घटघटी खाएको देखेर घुर्नांले खुवाएको आनन्द लियो । त्यसपछि जगमा बाँकी बचेको आधा गिलास उसले रित्यायो । दिउँसो पानी परेर थामिएपछि हप्प भएको थियो ।

झबर तङ्ग्रिए । डसनाको खातमा अडेसिन छाडेर भित्तामा ढेस्सा लगाए । खादीको झोला काँधैमा झुन्डिएको थियो । निकाल्न बिर्से कि जरूरी कागज भएर च्यापेका, सोधूँसोधूँ लाग्यो घुर्नांलाई । तर झबरले नै सोध्न थाले, ढोकाको कुनामा थुपारेका रेडियोका मदरबोर्डहरूबारे । गर्जो टार्न आफूले लहानमा रेडियो मर्मत सिकिराखेको कुरा घुर्नांले भन्यो ।

घुर्ना बोल्दै थियो, झबरले हातको इसाराले चुप लाग्न भने । डगरमा कोही हिंडे जस्तो लाग्यो उनलाई । अलपत्र परेझैं घुर्नाको मुहार ताक्न थाले, टुकुरटुकुर । घुर्ना उठेर ओसराको डिलमा गएर उभियो । साँझ रातमा गाढिँदै थियो । झिंगुरको किर्रकिर्रलाई भ्यागुताको टवार्रटवार्रले जितेको थियो । राति फेरि पानी पर्ला जस्तो थियो । उत्तरतिरको आकाशमा घरीघरी बिजुलीको तडिलत्ता देखिन्थ्यो । वरिपरिका झुप्राझुप्री चकमन्न भइसकेका थिए । मैदान जाने डगरतिर नि फर्किहेऱ्यो । डगरको टुङ्गोमा रहेको बाँसझ्याङ्को छायाँ कुप्रिएको थियो । देशमा सङ्कटकाल लागेपछि रात लम्बिएको थियो । अनि हिलेपुर भएको लहाठीमा जनयुद्धबाहेक अरू को आउँथ्यो र ? घुर्नाले झबरलाई ढुक्क हुन भन्यो । र अधिकै ठाउँमा आएर बस्दै भन्यो ,"आज अचानक से यता कसरी आइहाल्नुभयो ? बडा अचम्म भइहाल्यो ।"

झबर पनि घिच्रो तन्काएर बाहिर हेरिराखेका थिए । भने, "त्यो पनि मोहनपुरबाट पैदलै यहाँ तक आएको ।"

"वहाँबाट...," आँखीभौं उचालियो घुर्नाको । राजमार्गको उत्तरमा पर्ने गाउँबाट दक्षिणको भित्री गाउँसम्म हिंड्दै आएको थाहा पाएर ।

"कामरेडहरू सातसात दिन पैदलै चलेर सदरमुकाम हमला गर्न जान्छन् । त्यो हेरेर यो त कुछ हैन । धनसवारमा थोडा काम छ, तिम्रोमा पस्दै जाऊँ भनेर आइहालैं ।"

"फिर गइहाल्नुहुन्छ ? यति रात ?" बाहिर हेर्दै घुर्नाले भन्यो, "बाटो त हिलोले गजगजाएछ ।"

"अरे भाइ, हामीलाई पिच थोडै चाहिन्छ," काँधमा भिरेको झोलाबाट टर्च निकाल्दै उनले भने, "हामी चल्नेफिर्ने नै रातबिरात हो । पहाडमा त कामरेडहरू उपर र निचे गर्दै छकाउँदै हिंड्न सक्छन् । मधेसको फाँटमा कहाँ सजिलो छ ।"

सुस्ताएर भन्ने कुरा बाँकी थिए घुर्नाका । फेरि भेट होला नहोला । त्यसैले भनी नै हाल्यो, "नागरिकता तपाईंले बनवाइदिएपछि ठीकसित धन्नेबाद पनि भन्न पाएन ।"

"केको धन्नेबाद । त्यो तिम्रो अधिकार हो । यस्तो सोचाइ दिमागबाट निकालेर फेंक । देशमा अधिकारको लागि लडाइँ चलिरहेछ । यहाँ मधेसमा हमसभ आफ्नो पहिचानका लागि जीजान लगाइरहेछौं । तिमी नागरिकताको बात गर्छौ ।"

एकाएक कस्तरी तातेका । आएदेखि मसिनो स्वरमा बोलिराखेका झबरको बल्ल सातो फर्किए जस्तो लाग्यो । उसले फ्याट्ट सोध्न पुग्यो, "भैयाजी पार्टीमा कब से हुनुहुन्छ ?"

लामो सास तानेर झबर ध्यानस्थझैं भए । चस्मा फुकालेर कमिजको फेरले पुछ्न थाले । के भन्लान् भनी घुर्ना पर्खिराखेको थियो । तर झबरले चस्मा सिउरेर सोधे, "यो भन, यहाँको माहोल कस्तो छ ?"

"यहाँको माहोल ?" उल्टै जवाफ दिनुपर्दा घुर्ना अकमकियो, "कुछ दिनपहिला यहाँ जनसभा भएको थियो, पतै होला तपाईलाई, सभै लहाठी पुगेको थियो ।"

"तिमी पनि ?"

"हँ त ! गएको थिएँ तर फेरि...,' घुर्ना चुप भयो, भन्न लागेको बाँकी अंश ओठमै अधुरो छाडेर । जनभेलामा गए पनि आफू त्यहाँ अडिन नसकेको कुरा उसलाई भन्न मन लागेन । बरू भन्यो, "वहाँ जाँदा बाहेरका नेताजीहरू आएका छन् भन्थे । उनीहरू जब भासन गर्न थाले, मैले तपाईलाई याद गरेको थिएँ । सोचें, कहाँ हुनुहोला । के गर्दै हुनुहोला । अनि पार्टीमा कसरी लाग्नुभयो होला । यही सभ सोच्दै रहिगएँ ।"

घुर्नाको चासोमा झबरप्रतिको वास्ता टड्कारो सुनिन्थ्यो । आत्मीयताको नजानिंदो स्पर्शले झबरलाई छोयो । मिजासिलो मुस्कान झुलुक्क देखियो, दोधार र संशयले थोपरेको सङ्कोच हटे जस्तो । अनि उनले सुनाउन थाले आफ्नोबारे खुलेर ।

सप्तरी तिरकौनका सङ्ग्राम सुतिहार रहेछन् एक जना । माओवादीको मधेसी राष्ट्रिय मुक्ति मोर्चाका सल्लाहकार । एमाले, माले हुँदै माओवादी छिरेका । उनैको प्रेरणाले झबर माओवादीमा प्रवेश गरेका रहेछन् । गुरूकै दर्जा दिएका थिए झबरले सङ्ग्रामलाई । उनको व्यक्तित्वको चर्चा गर्दा झबरको स्वर आफैंआफ उक्लिन्थ्यो, थाहै नपाई । लाग्थ्यो, उनी भित्रैबाट पुलकित भइराखेका छन् ।

झबर नै प्रभावित भएका मान्छेसित घुर्ना पनि आकर्षित हुन्थ्यो होला । तर सुतिहार यादव समुदायका थिए । र घुर्ना सानैदेखि यादवहरूदेखि चिढिएको थियो ।

झबरले भन्दै गए । मधेसीको जातीय स्वाभिमान गुमेकाले पहिला त्यसका लागि सङ्घर्ष गर्नुपर्छ । आत्मनिर्णयको अधिकारसहित जब मधेस स्वायत्त प्रदेश बन्छ, तब मधेसीहरूको वर्गीय समस्या पनि हल हुँदै जान्छ ।

सुनिरह्यो घुर्ना । सुनी मात्र रह्यो । उसले सम्झिराखेको थियो– केही दिनअघि गाउँमा माओवादीले गरेको जनसभा, जुन रामअवतार प्राविको प्राङ्गणमा भएको थियो ।

जनसभाका लागि जिल्लाबाहिरका दुई जना नेता आएका थिए । उनीहरू भन्दै थिए– खस पहाडिया राज्यसत्ताले मधेसलाई वर्षौंदेखि चुसिराखेकाले अब सबै मधेसी एक हुनुपर्छ । उनीहरूको भाषणले गाउँका यादव साह र महतोहरू जुर्मुराएका थिए । बड्का जातका उत्पीडितहरू भन्दै थिए, पञ्चायतकालमा कसरी जाबो एउटा पहाडी हबल्दारले मधेसी गाउँहरूमा हैकम चलाएको । जनसभामा 'एक मधेस एक प्रदेश'को नारा घन्किएको थियो । पछि सुनियो माथिल्ला गाउँका एमाले समर्थकहरू त्यही दिन अबिर लगाएर पूर्णकालीन भए रे । घुर्ना भने त्यहाँबाट लुसुक्क फर्किएको थियो । तर आफू त्यसरी फर्किएको उसले झबरलाई भनेन ।

अहिले आएर झबरले पनि त्यही कुरा भन्दा घुर्नाले आफैंलाई छाम्न थाल्यो । कतै ऊ नै गलत छैन । तर उसका भोगाइहरू कसरी गलत हुन सक्छन् ? एउटै मञ्चमा उभ्याए पनि ठूला र साना जात कहिल्यै पनि समान हुन सक्दैनन् 'बड्का जात'का लागि, रामलीलामा जस्तो । खेला हुन्जेल मास्टर । खेला सकिएपछि चमरा सार !

०५८ सालदेखि माओवादीहरू चुरेबाट तल झरेर जब मधेसमा झण्डा गाडे । घुर्नाको आँखामा रक्तिम बिहान उदाएकै हो । जोदाहा मुठी कसिएकै हो । दलनको सुस्केरा भर्ने छातीले हुङ्कारेकै हो । राजमार्ग उत्तरतर्फका गाउँका हुनेखानेहरू माओवादीको कारबाहीमा परेको सुन्दा लहाठीका ठालूहरूका दिन गन्न उसले सुरू गरेकै हो । भविष्यमा तिनका जग्गा बाँडेर समान भइने आसले होइन, हिजोको हेपेचेपेको हिसाब बराबर गर्ने चाहले तरङ्गित भएकै हो । जसै माओवादी राजमार्ग दक्षिणतर्फ आरत्त हुँदै आए, लहाठी जस्ता गाउँ माओवादीका 'लालक्षेत्र' भए । तर सामन्त जमिनदारविरूद्धका नारा र मधेसी

पहिचानको नारा छ्यासमिस हुन थाल्यो । 'सामन्तवादको समूल नष्ट'को नारासँगसँगै अर्को नारा पनि सुनिन थाल्यो, "खस पहडिया राज्यसत्ता मुर्दावाद !"

घुर्नाको आफ्नै अनुभव थियो 'खस पहडिया राज्यसत्ता'सँगको । जति बेला नागरिकता टोली गाउँमा आएको थियो, चमारहरू नागरिकताबाट ठगिएका थिए । अँगुठाको छाप दिएर फर्कनुपर्नेहरू लाठीको छाप लिएर फर्किएका थिए ।

पहाडिया अधिकारीहरूले उनीहरूलाई सहयोग नगरेको कुरा सही हो । चमारहरूमाथि भएको अन्यायमा तिनीहरूको साझेदारी भएको कुरा पनि सही हो । तर जालझेल त गाउँकै ठालूहरूले गरेका थिए । गाउँका चमारहरूका लागि त दुवै शोषक हुन् । सोच्दै ऊ सरासर 'जनसभा'बाट फर्किएको थियो ।

घुर्नालाई चुपचाप आफूतिर हेरिराखेको देखेर झबरले भने, "तिमी हामी सर्वहाराको पार्टी हो यो । हमसभ यसको पहिँया हौं । पार्टीमा लाग । मधेसीको जातीय पहिचानको खातिर धर्तीपुत्रको कर्तव्य गर ।"

लाल्टिनको धुमैलो उज्यालोमा घुर्नाले झबरलाई हेऱ्यो । बत्तीको टक चस्माको सिसामा परेको थियो । टल्किराखेको सिसाबाट उनका आँखा प्रस्ट देखिइराखेका थिएनन् । नाकनक्सा पनि बढेको दाह्रीजुँगामा लुकेको थियो । निकै दुब्ला भएका थिए । तर उनको दुब्लोपनमा कमजोरी होइन, चाम्रोपन देखिन्थ्यो । घुर्नालाई सामुन्ने बसेको झबर पासवान सिनो बहिष्कारताका भेटेको झबर होइनन् जस्तो लाग्यो । छायाँमय उज्यालोमा झबर नौला मान्छेझैं लाग्न थाले । सायद, त्यही भएर घुर्नाको धक फुक्यो । त्यसैले भन्यो– मधेसी पहिचानका लागि त गाउँका बड्का जातिहरू पनि मर्नमार्न तयार भएका छन् । पहाडी शासकहरूले गरेको शोषण अब नसहने भन्दै छन् । तर कसको शोषणले बढी सोसेको छ मधेसी दलितहरूलाई ? पहाडीहरूले मधेसीमाथि गरेको शोषणले ? या बड्का जातले दलितहरूमाथि गरेको शोषणले ?

भित्तामा ढेस्सिएका झबर अघिल्तिर सरे । केही नबोली त्यत्तिकै बसिरहे, एकछिन । नचिनिएकाहरूबीचको मौनता शून्य लाग्छ, चिनिएकाहरूबीचको मौनता भने संवादहीन संवाद लाग्दो रहेछ । त्यस्तै लाग्यो, घुर्नालाई पनि । उनको मौनताले टोक्न थाल्यो ।

"यहाँ सभै मधेस मुक्तिका लागि पार्टीमा लागेको बेला तिमी सिरिफ जातै लिएर बसेछौ ?" झबरको बोली बल्ल फुट्यो । यो सोधाइमा प्रश्न थिएन । घुर्नाको सरोकारलाई कोष्ठमा राख्ने यत्न थियो । त्यसपछि उनले खस्रो पारामा

भने, "वर्ग उत्थानको बादमा हाम्रो मुक्ति हुन्छ । जस्तो देशका अरू दलितहरूको हुनेछ । तर सभ से पहिले मधेस मुक्ति जरूरी छ ।"

कति सजिलो गरी भन्न सकेका । मानौं, उपल्लो वर्गको दलितले दुहेको दूध उपल्ला जात भनाउँदाहरूले सजिलैसित चलाउन थाल्नेछन् । पत्याउन सकेन । जनसभामा सुनेका कुरा मनले सकार्न सकेको थिएन नै । झन् झबरले त्यही कुरा दोहोऱ्याएर भन्दा चुपचाप कसरी सुन्न सक्नु । जनसभाबाट फर्किएपछि ऊ एउटै निर्क्योलमा पुगेको थियो, जुन उसले भनिछाड्यो, "म त भन्छु, हामी सभैको पहिला र अन्तिम लडाइँ छुवाछूतबाट मुक्ति पाउने हुनुपर्छ, दलित प्यान्थर आन्दोलनको जस्तो ।"

"भेंड भइहाल्यो के," झबर चङ्किए, "सभ देशको आफ्नैआफ्नै विशेषता हुन्छ । भारतको दलित प्यान्थरको आन्दोलन यहाँ मेल खाँदैन । सङ्घर्ष हाम्रो दुहरा छ ।"

"हाम्रोमा मिल्नेबला आन्दोलन कसरी गर्न सकिन्छ भनेर सोच्न सकिन्छ नि ।"

"उता पनि त्यो आन्दोलन गर्माएर ठन्डाएको थाहा छैन ?"

"वही भन्दै छु म । त्यसबाट सिख लिएर हामीले आफ्नै जग्हाअनुसारले गर्न सक्छौं," घुर्ना डटिरह्यो ।

झबर सामसुम भए । टाउको थोरै उनले दाहिने ढल्काए । जीउ पनि उतै ढल्कियो । उनको अनुहार छायाँमा पूरै छेलियो । त्यसरी नै उनी घुर्नातिर नियाल्न थाले । मानौं, उनी सम्झिइराखेका छन्, घुर्नालाई पहिलो चोटि भारतीय दलित प्यान्थरबारे भन्दाको क्षण । मानौं, उनी चुकचुकाइराखेका छन्, त्यसको जिकिर ऊ जस्तासित बेकारमा गरें भनेर । मानौं, उनी सोचिराखेका छन्, ऊमाथि चढेको दलित आन्दोलनको सनक कसरी झराल्ने ।

घुर्नाले केही भन्न सास चढाइसकेको थियो । झबरले उछिने, "तिमी मधेसी जनताको नेता बन्न चाहन्छौ कि सिरिफ चमारहरूको ? जातै खालि नहेर, पूरा मधेसको सवाल छ । यस्तो बातले क्रान्तिको जग कमजोर पडिहाल्छ । मधेसी दलित र पहाडी दलितमा फर्क छ । मधेसी दलितले सभ से पहिला मधेसको जातीय पहिचानका लागि लड्नपर्छ । तब जाईकन जातको कुरा आउँछ ।"

घुर्नाले सोचेको थियो, दलित प्यान्थरमाथि झबरले तर्कवितर्क गर्लान् । तर पन्छाइ पो दिए सर्लक्कै । दलित प्यान्थरको नीलो लपटा ओकल्ने झबर सेलाए जस्तो लाग्यो । घुर्नाको जाँगर पनि सेलायो । वादविवाद के गरोस् । ऊ पनि पन्छिदियो । पार्टीमा लाग्छु लाग्दिनँ केही भनेन ।

ऊ उठ्दै गरेको देखेर झबरले सोधे, "कहाँ ?"

"भैयाजी खानावानाको इन्तजाम गरिहालुम् ।"

"खानाको...?" खाऊँ कि नखाऊँको दोमनमा अल्झिएझैं उनी सुनिए ।

"बस्स गएर पकाइहाल्छु, भइहाल्छ ।"

धेरै बेर लाग्ने हो कि भनेर झबर दोधारे हुँदै थिए । बाहिर बादल झिलिक्कै चम्कियो । पानी जुन बेला पनि दर्किन सक्थ्यो । अहिले ननिस्के यहीं अड्किनुपर्छ भन्दै झबर हतारिए । र तल झारेको पाइन्ट फेरि खैचिन थाले ।

भोकै बस्न सकिन्थ्यो । तर रातमा देहातको हिलोको गजगज छिचोल्नु कठिन थियो । त्यही बिचारेर घुर्नाले खानका लागि कर गरेन । साथी गइदिन्छु भन्यो बरू । पर्दैन भन्दै झबर ओसरामा निस्किए ।

टर्च बालेर उनी आँगनमा ओर्लिए । आफूसँग ल्याएको सनपटुवाको सन्ठी उनले समाइसकेका थिए । चप्पल त्यसमै उनिएको थियो । खुट्टा गाडिने बाटोमा चप्पल कसले लगाओस् । फेरि पनि उनी खाली खुट्टै हिंड्ने भए । जसरी उनी आएका थिए अचानक, त्यसरी नै जान लागे एकाएक ।

"अहिले जल्दी छ । कामरेडहरू धनसवारमा इकट्ठा भइसके होलान् । तर एकटा बात मेरो सुनिहाल । तिमीले मधेसको इतिहास बुझे छैनौ, वही भएर जातैको पिण्ड पडे छौ । अहिले कच्चै छौ । बादमा बुझ्दै गर्नू । तर सीमा टपाउन पार्टीलाई तिम्रो जरूरत भइसक्यो । म फिर आउँछु । बुझ्यौ ?" उनले घुर्नासित हात मिलाए । यसपालिको हातमिलाइ पहिला जस्तो थिएन । ढुङ्गा मुठ्याए जस्तो साह्रो र चिसो थियो ।

भ्यागुताको ट्वार्रट्वार्र सामसुम्म भइसकेको थियो । झिंगुरको तीखो किरिककिरिक बेलाबेला सुनिन्थ्यो । पानी पर्नुअघि बत्तिने हावा छिनछिनमा बत्तिन्थ्यो अनि ठ्याम्मै रोकिन्थ्यो पनि । बादलले आकाश डामडुम्म भएको थियो । बिजुली चम्किँदा नीलोरातो प्रकाशले आकाश उज्यालिन्थ्यो घरीघरी । चमार टोलको हिलाम्मे बाटोमा भने एक टुक्रा उज्यालो अडिइअडिई घुर्नाबाट

टाढिँदै थियो । झबरले टर्चलाई बाटोको सट्टा खुट्टामा बालेर हिँड्दै थिए । उज्यालोको घेरामा गोडा मात्र चलेको देखिन्थ्यो । हिँडाइमा चिप्लिएला कि भासिएला भन्ने धुकचुके चाल थियो ।

घुर्ना झबर गएतिर हेर्दै थियो । तर उसको ध्यान झबरमा थिएन । छुट्टिनुभन्दा अगाडि उनले भनेको कुराले उसलाई उकुसमुकुस बनाइराखेको थियो । मानिलिऊँ, उनले बुझाउन खोजेको मधेसको इतिहास उसले बुझ्यो रे । त्यसपछि के ? दलितहरूको आन्दोलन होचो देखिन थाल्नेछ ? डगरतिर फर्किएको घुर्ना अँध्यारो खोस्रिँदै उभिएको थियो । उसलाई बिझेको थियो, उनले 'कच्चै छौ' भनेकाले । यदि ऊ काँचो हो भने पार्टीलाई उसको आवश्यकता किन पर्‍यो ?

झबर रिसाए कि ? घुर्नाले सोच्यो । जसले भारतीय दलित प्यान्थरसित परिचय गरायो, उसैलाई घुर्नाले बुझाउँदै थियो त्यसको औचित्य । तर झबरलाई के थाहा । उनको सान्निध्यमा घुर्नाले जति जान्ने मौका पाएको थियो, जति बुझ्ने खुराक पाएको थियो, त्यतिले नै श्यामलो रङको घुर्नामाथि नीलो रङ चढिसकेको थियो ।

# १२:२५ बजे

इँटाभट्टाझैं धूवाँ ओकलिराखेको मिनी बस अघिअघि गुडिराखेको छ । आफ्नै भारले किचिएर एक पाटो अलि बेसी नै लच्किएको छ । हेर्दै अहिले उल्टिएला कि भरे उल्टिएला जस्तो छ । रोगी मिनी बस विषाक्त ग्यास सहरलाई फुक्दै हुइँकिइराखेको छ । इन्जिनको हिसाबले मिनी बसको म्याद गुज्रिए जस्तो छ । भए पनि यो समयानुकूल चल्ने प्रयासमा छ । किनभने, यसको पछाडि सिसामा टाँसिएको छ, चे ग्वेभाराको स्टिकर । मिनी बस मात्र होइन, सहरका प्रायः ट्याक्सी-माइक्रो बसको सिसामा चे ग्वेभाराको स्टिकर टाँस्ने फेसन चलेको छ । 'जनयुद्ध' सकिएको भर्खर एक वर्ष भएर होला । सहरै रोमाञ्चित भए जस्तो छ ।

मिनी बसको कालोनीलो धूवाँ छेल्न घुर्नाले हातले हम्किन थाल्छ ।

रामाले ओभरटेक गरेर मिनी बसबाट पिछा छुटाउँछ । तैपनि डिजलको गन्ध घुर्नाको नाकैमा धुम्मिइरहन्छ । राहत पाउन ऊ बाटोका रूखहरूमा हरियाली खोज्न थाल्छ । तर रूखहरू पनि टिबी लागेझैं देखिन्छन् । खोक्दाखोक्दै थाकेर घोप्टो परिरहे जस्ता । ऊ आकाशतिर फर्किएर लामो सास भर्छ । भदौरे घामको टक आँखैमा पर्दा पनि झेलिरहन्छ पोल्ने घामलाई । मधेसको गर्भमा सेकिएर सिसौ बनिसकेको उसको शरीरलाई घामले के पोल्नु ?

रामा भने मोटरसाइकल चलाइराखेको छ, गोङ्गबु-चक्रपथ बाटोको छ्याकटे खण्डमा, जहाँ एउटा खाल्डो छल्न पाएको हुँदैन अर्को खाल्डोमा पाङ्ग्रा जाकिन पुग्छ ।

टाढैबाट नयाँ बसपार्कको आकासे पुल देखिन्छ । त्यतैतिरको गल्ली हो उनीहरू छिर्नुपर्ने । झनै हतारो हुन्छ रामालाई । तर एक्सिलेटर बटार्न पाए पो। बसपार्क र होटल-लजहरूले गर्दा चक्रपथको यो भागमा मान्छेहरू स्याउँस्याउँती देखिन्छन्, बाह्रमासे हटिया लागे जस्तो । बटुवाहरू चौपायाझैं ल्याङल्याङ्ती बाटो काटिरहन्छन् । मोटरसाइकल विचार पुऱ्याउँदै चलाउनुपर्छ ।

आकासे पुलवरै सुरू हुन्छन्, सडकछेउका छाप्रे पसलहरू । छाप्रे पसल सुरू हुनुअगाडि आउँछ, एउटा गल्ली । त्यही गल्लीको मुखैमा रामाले मोटरसाइकल रोक्छ । छिर्नुपर्ने गल्लीको बाटो ठम्याएर उनीहरू भित्र लाग्छन्।

गल्लीभित्र छिर्दा छाप्रे पसलहरूमा घन्किइराखेको लोकगीत चर्किन्छ। गाडीको ट्यार्रटुर्र र भीडको हल्लामा लोकगीतको भाका कर्कश सुनिन्छ। हावामा थिग्रिएको मादलको घिन्ताङ भने घुर्नाको कानमा टुङ्टुङ्ङिइरहन्छ। तर उसले त्यता ध्यान दिएको छैन । रामाले लगिराखेको बाटोका घुम्तीहरू सम्झिन खोजिराखेको छ ।

मेनरोडबाट दायाँ गल्ली छिर्दादेखि नै ऊ चनाखो भइसकेको छ । गल्लीको टुङ्गोमा रहेका सटरहरू उसले याद गर्छ । मःम पसलको सटरबाट दायाँ मोड्दा उसले मःम पसललाई नियाल्छ । सौंफमिस्री चपाइराखेका ग्राहकहरू काउन्टरमा झुम्मिएका छन् । लगत्तै अघिभन्दा साँघुरो गल्ली सुरू हुन्छ । कहाँ आइपुगें भनेर उसले खुट्याउन नपाउँदै खुला चौर आइपुग्छ। चौरमा अर्को भवन ठडिंदै रहेछ । चौर छिचोलेर थोरै उकालो लागेपछि पहिलाभन्दा फराकिलो बाटोमा उनीहरू आइपुग्छन् । त्यहाँ पनि मेनरोडजत्तिकै पसल र होटलहरू देखिन्छन् ।

कहाँ हो कहाँ ? घुर्ना रूमल्लिन्छ । पढ्न थाल्छ बरू होटल-लजका साइन बोर्डहरू । गुल्मेली होटल, दमक लज, परासी गेस्ट हाउस । हेर्दा सबै उस्तै देखिन्छन् । छुट्टिएका छन् त रङले मात्र । विभिन्न जिल्लाका नामले खुलेका होटल लज र गेस्ट हाउसहरू सबै काठमाडौं जस्ता देखिन्छन् । तीनदेखि पाँच आनामा बन्ने गरेका काठमाडौंका कारोबारी खम्बे भवन ।

रामा भने रूमल्लिएको छैन । फराकिलो बाटो उक्लेर बायाँपट्टि मोड्छ। पहिलो घुम्ती कट्नासाथ मोटरसाइकल रोक्छ । पारिपट्टि तरकारी बजारको

हाट रहेछ । मध्याह्न भएर होला, व्यापारीहरू चिसो बोराले तरकारी छोपछाप पारेर फुर्सदिला देखिन्छन् । तिनैमध्ये केही आलुको ढिस्कोछेउ तासको खालमा जुटेका छन् ।

'लुम्बिनी सिद्धार्थ होटल', घुर्नाले होर्डिङ बोर्ड पढ्छ । अनि आँखा उचालेर होटलको पाँच तला गन्छ ।

मोटरसाइकलबाट ओर्लंदा पो घुर्नालाई महसुस हुन्छ, बस्दाबस्दा जीउ त गुइँठा भइसकेछ । कक्रक्क परेको । रामाको पनि त्यही हाल भएछ । कालोफुस्रो जिन्स लगाएको रामाले पुट्ठातिरको पाइन्ट तानेर सहज बनाउँछ । हेल्मेट नफुकाली पाइन्टबाट गुट्खा झिक्छ । पुरिया च्यातेर पूरै मुखमा हुन्याउँछ । उसलाई थाहा छ, घुर्नाले खाँदैन । त्यसैले सोध्दैन पनि ।

होटलको मोहडा कालो सिसाले जडेको छ । बाटोबाट तीनचार भऱ्याङ उक्लिएर उनीहरू होटल छिर्छन् । कालै सिसाको ढोकाबाट ।

रिसेप्सनको सोफामा होटलको एउटा पाहुना कोठाको चाबी हल्लाउँदै बसेको छ, एक सुरले । रामा र घुर्ना खुरूखुरू भित्र लाग्छन् वास्ता नगरी । रजिस्टर पल्टाइराखेको काउन्टरको केटो पुलुक्क उनीहरूतिर हेर्छ । उनीहरू नअलमलिई सरासर भित्र लागेको देखेर केटो निश्चिन्त हुन्छ । र फेरि घोप्टिन्छ रजिस्टरको ढड्डामा ।

रिसेप्सनबाटै सुरू हुन्छ लामो करिडोर । करिडोर टुङ्गिन्छ डाइनिङ हलमा । रित्तो हल कामदारहरूको स्वरले भ्वाङभ्वाङ्ती गुन्जिइराखेको छ । करिडोर बीचौबीच भऱ्याङ छ ।

उनीहरू भऱ्याङ उक्लिन थाल्छन् । हेल्मेट फुकाल्दै रामा अघिअघि लाग्छ । पछिपछि घुर्नाले पछ्याउँछ ।

भऱ्याङ उक्लिएर रामा दोस्रो तलामा पुग्छ । दोस्रो तलामा रोकिएर ऊ कोठाहरू सर्र हेर्छ । दुई सयबाट सुरू भएका छन् कोठाका नम्बरहरू ।

अबचाहिँ ललनसित भेट हुने भयो । माथि उक्लिँदा फुलेको सास फुकाउँदै घुर्नाले सोच्छ । र कुर्न थाल्छ तीमध्येबाट कुनै पनि ढोका खोलिन सक्ने क्षण ।

यो चौथो पटक हो घुर्नाको ललन सिंहसितको भेट, जसको सुरूवात भारतको कुनौलीमा भएको थियो ।

# सर्त

तीन महिनाअघि घुर्नाको ललनसित पहिलो चोटि भेट भएको थियो। भेट्नुअघि ललनले फोन गर्दा ऊ भूमिगतहरूबाट पनि भूमिगत थियो । झबर पासवानको सुर्जा समूहबाट बच्न ऊ गोबरगढाऽऽमा लुकेर बसेको थियो।

गोबरगढाऽऽ कोसी नदीको बीचौबीच बनेको टापु थियो । स्थानीय त्यसलाई पलार भन्थे । सप्तरीको दक्षिणका गाउँहरूलाई बाटोघाटोले सुदूर बनाएको थियो भने गोबरगढाऽऽ कोसीले सुदूर बनेको थियो । त्यहाँका प्रायः बासिन्दाहरू वर्षायाममा हनुमाननगर बसाइँ सर्ने गर्थे ।

हनुमाननगरको पश्चिमी बाँध छेउछाउका बासिन्दालाई यो टापु बिरानो लाग्दैनथ्यो । तर कोसी ब्यारेजबाट हेर्दा गोबरगढाऽऽ क्षितिजनिरै धकेलिएझैं प्रतीत हुन्थ्यो । नदीको बीचतिर एक टुक्रा हरियाली, के हो के हो जस्तो। त्यसैले घुर्ना प्रकृतिले बनाइदिएको किल्लामा सुरक्षित बसेको थियो ।

भन्ने हो भने गोबरगढाऽऽ सशस्त्र समूहहरूको किल्ला थियो । विशेष पकड जनतान्त्रिक मधेस मुक्ति (सङ्ग्राम सुतिहार) समूहको थियो । सङ्ग्राम सुतिहार र झबर पासवान माओवादीबाट निस्किसकेका थिए । र सङ्ग्राम सुतिहारले खोलेको जनतान्त्रिक मधेस मुक्तिमा झबर पासवान केही महिना आबद्ध भएका थिए । त्यति बेला झबरले पनि गोबरगढाऽऽलाई सेल्टर बनाएका थिए, सुरक्षाकर्मी र माओवादीहरूबाट बच्न ।

पछि झबरले जनतान्त्रिक मधेस मुक्ति (सुतिहार समूह)बाट छुट्टिएर आफ्नै समूह बनाए– सुर्जा समूह । त्यसपछि सुर्जा समूहका मान्छेहरू त्यहाँ वर्जितजस्तै भए । सप्तरीमा सङ्ग्राम सुतिहारको पकड थियो भने झबर

पासवानको पकड सिरहामा थियो । त्यसैले पनि झबरको सुर्जा समूहकाहरू गोबरगढाऽऽमा आउन धक मान्थे । त्यही भएर घुर्ना गोबरगढाऽऽमा लुकेको थियो । सुर्जा समूह र सुरक्षाकर्मीबाट बच्न ।

जेठमा ललनको फोन आउँदा ऊ त्यहीँ थियो । यादव समुदायको बाक्लो बस्तीमा सुरक्षित । सङ्ग्राम सुतिहारको समूहद्वारा संरक्षित पनि । तैपनि घुर्ना सबैसित सशङ्कित भएर बस्थ्यो । उसलाई कसैको भर थिएन । सोच्थ्यो, अहिले हाँसीहाँसी कुरा गर्नेहरू भरे सुर्जा समूहका केटाहरूलाई खबर गरिदिन बेर छैन । आखिर आफू सुर्जा समूहमै हुँदाखेरि भित्रकै साथीले माओवादी लगाएर हमला गराएको थियो ।

आफूमाथि हमला गराएको 'बदला' लिने धुनमा घुर्नाबाट मुतनी वनमा काण्ड मच्चिएको थियो । त्यसपछि ऊ र छठु 'बागी' गोबरगढाऽऽमा लुक्न पुगेका थिए । सुर्जा समूहको चन्दाको पैसा लिएर फरार भएकाले र फौलादमाथि कारबाही गरेकाले झबरले उनीहरूको पछि अरू साथीहरूलाई खटाएका थिए । जो फौलादका गुटका थिए । र उनीहरूले घुर्ना र छठुलाई छाड्दैनौं भनेर खोजिराखेका थिए ।

०६३/६४ सालमा यस भेगमा बोलीको जवाफ गोलीले दिने बेला थियो । सबैका हातहातमा नलकटुवा हुन्थ्यो । सबैको पारो चढेको हुन्थ्यो ।

तर गोबरगढाऽऽमा बस्दाबस्दा घुर्ना उक्किसकेको थियो । टापुको पश्चिम भेगमा केराको घारी कोसौं दूरसम्म फैलिएको थियो । पूर्वमा भारतको रानीगन्ज जाने नाका पर्थ्यो । कतै नगई ऊ टापुको पश्चिमी छोर पुग्थ्यो । र पश्चिम दिशातिर फर्किएर टोलाइराख्थ्यो । सिरहाको लहाठी त्यतै कतै पर्थ्यो ।

कहाँबाट कहाँ आइपुगें । ऊ आफूलाई केरकार गर्न थाल्थ्यो । पहिला बाबु मरे लुधियानामा, पढ्दापढ्दैको आइए छोडियो, रेडियो बनाउने काममा पनि मन लागेन । त्यसपछि भेट भयो झबर पासवानसित सिनो बहिष्कार आन्दोलनताका । तिनैताका प्रेरित भयो दलित प्यान्थरबाट । अनि सुरू भयो सबै ।

त्यसपछिको सोच्दा उसको टाउको बोझिलो हुन्थ्यो । बारम्बार सोचेर थकथकाउने कुरो एउटै थियो । झबरको सुर्जा समूहमा नलागेको भए मुतनी

वनमा जे भयो, त्यो हुँदैनथ्यो । फर्केर गएर झबरसँग कुरा सल्टाए पनि फौलादको गुटकाले त्यसै नछाड्ने पक्का थियो । त्यसैले चन्दाको पैसा र नाइन एमएम पेस्तोल लिएर घुर्ना र छठु पनि फरार भइदिए । जसरी फौलाद भएको थियो ।

सुर्जा समूहमा हुँदै दलित प्यान्थर समूह खोल्ने भनेर घुर्नाले सोचेको थियो । त्यसबारे छठुलाई भन्दा ऊ पनि हौसिएको थियो । त्यसैले आफूले बुनेको योजना उसलाई सुनाएको थियो घुर्नाले । तर बीचैमा मुतनी काण्ड हुन पुग्यो । अब गोबरगढाऽऽमा लुकेर बस्दा छुट्टै समूह बनाउने पो कसरी ? बबनको करेत समूह र अरू 'लेटरप्याड समूह'ले गरिराखेको जस्तो 'हराम' काम गर्न उसको मनले मान्दैनथ्यो । एउटाले बम पड्काएको छ भने आफूहरूले पनि जिम्मा लिइदिएर फोकटमा हाइलाइट हुने ।

के गर्ने, कसो गर्ने पर्गेल्न नसक्दा घुर्नालाई आफ्नो अन्त्य यही हो कि जस्तो लाग्न थाल्यो । निरूपाय हुँदै ऊ गोबरगढाऽऽ वरिपरिको जलमग्न फैलावट निरास आँखाले हेरेर बस्थ्यो । हो, यही बेला ललन सिंहको फोन आएको थियो ।

ललनको फोन पहिला एयरटेलको नम्बरबाट आएको थियो । पछिचाहिँ रौतहटको नम्बरबाट । घुर्नाले दुवै नम्बर उठाएन ।

सङ्ग्राम सुतिहारको समूहभन्दा झबरको सुर्जा समूह मध्य मधेसमा सक्रिय थियो । रौतहटमा त भनीसाध्य थिएन । सिरहापछि सुर्जा समूहका कार्यकर्ता त्यहीँ बढी थिए । एक त त्यहाँ विभिन्न नामधारी सशस्त्र समूहहरू भटाभट गठन भइराखेका थिए । अनि कोभन्दा को कमको होडमा सुर्जा समूहले आफ्नो कारबाही तीव्र बनाएको थियो ।

पहिलो दिन एयरटेलको नम्बरबाट फोन आए पनि दोस्रो दिनदेखि रौतहटबाट आउन थाल्यो । जबजब त्यो नम्बरले टिर्रटिर्र गर्थ्यो, घुर्ना चिर्सिँदै आउँथ्यो । र हेरिरहन्थ्यो जड भएर मोबाइलको स्क्रिनमा घण्टी बन्द नहुन्जेल । मानौं, फोनको स्क्रिनमा सुर्जा समूहका केटाहरूलाई देखिराखेको होस् । दुई दिनसम्म फोन आएको आयै गरिराख्यो । घुर्नालाई मोबाइलै फालिदिऊँ झैं भएको थियो । तेस्रो दिनको साँझमा जे पर्लापर्ला भन्दै उठाउँदा फोनमा ललन सिंहले आफ्नो परिचय 'त्रिकाल' भनेर दियो ।

फोनमा ललन सिंहले 'टिकटिक गोला'को कुरा गरेको थियो । टिकटिक गोला अर्थात् टाइम बम । टाइम बम बनाउनका लागि नै उसलाई सम्पर्क गरेको उसले भनेको थियो । घुर्नालाई 'प्यान्थर'को उपनामले सम्बोधन गर्दै कामका लागि भेटौं पनि भनेको थियो ।

रौतहटको मान्छेले उसलाई किन सम्पर्क गरेको होला ? जो सप्तरीमा सुर्जा समूहबाट लुकेर बसेको छ ।

घुर्ना हच्कियो । भेट्न अनकनाउँदै उसले एक हप्तापछि फोन गर्न भन्यो । त्यतिन्जेल ऊ 'त्रिकाल'बारे पत्ता लगाउन चाहन्थ्यो । उसलाई शङ्का भयो, कतै यो सुर्जा समूहकै मान्छे त होइन !

ललन सिंहले घुर्नालाई सम्पर्क गर्दा रौतहटमा गौरकाण्ड भइसकेको थियो । यो दुई महिनाअघि घटेको घटना थियो । यसले मधेसको राजनीतिक माहोललाई धमिल्याइदिएको थियो ।

गौर राइस मिलको मैदानमा मधेसी जनअधिकार फोरमका कार्यकर्ता र माओवादीबीच झडप हुँदा २७ जना मारिएका थिए । बीभत्स पाराले जलाएर, पिटीपिटी, लखेटीलखेटी मारिएका ती सबै माओवादी कार्यकर्ता थिए ।

कसैले भने– मजफोका कार्यकर्ताहरू नै थिए आक्रमणकारी । कसैले भने– पारिको गाडीमा आएका मान्छे थिए गोली चलाउने । त्यसमाथि रौतहटका विभिन्न सशस्त्र समूह 'तराई कोब्रा', 'शेरे मधेस', 'मधेस टाइगर्स'ले त्यो घटनाको जिम्मा लिंदा अन्योल थपिएको थियो । यही घटनामा चन्द्रनिगाहपुरको ललन सिंह किटानी जाहेरीमा परेको थियो । त्यसपछि नै ललन पटनामा भूमिगत भएको थियो ।

कोही भन्थे– ललन सिंह मजफोको कार्यकर्ता थियो । कोही भन्थे– पारिको गाडीमा आएकाहरूसित थियो । उसले आफूलाई चाहिँ मजफोको कार्यकर्ता थिएँ भनेको थियो, आफ्नो समूह गठन गर्दा पत्रकारहरूलाई दिएको अन्तर्वार्तामा । तर मजफोकाहरूले ऊ कार्यकर्ता भएको स्विकार्दैनथे । उनीहरूले लुकाएका हुन् कि ललनले ढाँटेको । कुरो गोलमाल थियो ।

त्यसबाहेक कुनै रहस्य थिएन उसबारे । 'मधेस जनतान्त्रिक सेना' ललन भूमिगत भएपछि खोलिएको प्रस्ट थियो । र ऊ त्यसको अध्यक्ष थियो, जो 'त्रिकाल'को उपनामले चिनिन थालेको थियो । 'एक मधेस एक प्रदेश'को मागका लागि उनीहरूले कहिले कहाँ विस्फोट गर्ने, चन्दा नदिँदा कहिले कसलाई गोली हान्ने गरिराखेका थिए । यसरी 'मधेस जनतान्त्रिक सेना' रौतहटमा उदाउँदै गरेको सशस्त्र समूह थियो । र 'जनतान्त्रिक मधेस मुक्ति' (सुर्जा समूह)कै हाराहारी आउन खोजिराखेको थियो ।

यतिसम्म थाहा पाएपछि घुर्ना एउटा कुरामा निश्चिन्त भयो । ललनको झबर पासवान वा उनको 'जनतान्त्रिक मधेस मुक्ति'सँग कुनै सम्बन्ध छैन । यस कुरामा ऊ लगभग ढुक्क भयो । लगभग ।

तर सानातिना बम विस्फोट गरिराख्ने समूहले टाइम बम बनाउन उसलाई किन सम्पर्क गऱ्यो ? मनको झस्को पूरै निखिसकेको थिएन । कुरा बुझ्न ललनसित भेट्न घुर्ना राजी भयो । र बोलायो ललनलाई आफ्नै 'सेल्टर' एरिया भारतको कुनौलीमा ।

सप्तरीको दसगजासित जोडिएको बेल्हीमा सानो बजार थियो । घुर्नाले ललनलाई त्यहीँ बोलाएको थियो ।

टेम्पो स्ट्यान्डमा उसलाई लिन घुर्ना एक घण्टा चाँडो आइपुग्यो ।

दसगजाको कच्ची पुलवर नै एउटा चिया पसल थियो । कच्ची पुल हुँदै कुनौली जानेआउनेहरूलाई चिया पसलबाटै देख्न सकिन्थ्यो । त्यहीँ एक घण्टा कुर्न ठीक लागेर घुर्ना उता पुग्यो । पसलमा ऊ भित्तापट्टि सटिएर बस्ने ठाउँ खोज्न थाल्यो । पाइन्टको कमरबन्दमा उसले नाइन एमएम पेस्तोल घुसारेको थियो कमिजले छोपेर । घुसारेको दाहिने कोखा भित्तातिर पार्न उसले त्यस्तो कुना खोजेको थियो । तर छाप्रे पसलमा खुट्टा राख्ने ठाउँ थिएन, कुमालेहरूको हटियाले गर्दा । त्यसैले ऊ टेम्पो स्ट्यान्डमा गएर उभियो ।

घुर्नाले ललनलाई नदेखेको भए पनि उसको आवाज फोनमा सुनेको थियो । गहिरो थियो उसको स्वर । भर्खर अस्तित्वमा आएको समूह भए पनि आफूसित निकै सेनामेना छन् भन्ने खालको उसले कुरा गरेको थियो । उसको

कुरा गराइ र स्वरको गहिरोपनले घुर्नालाई ऊ मोटोघाटो शरीरको होला भन्ने पऱ्यो। तर छिनमै ऊ मोटोघाटो शरीरको सामान्य अनुहारबाट तीखा नाकनक्सा भएको मान्छेमा फेरिँदै जान्थ्यो। धारिलो हेराइसहितका जलजलाउँदा आँखा र चुस्स ओठ भएको अनुहारमा ऊ परिणत हुन्थ्यो। जसको रिसजति चिउँडोमा सोहोरिएको होला भन्ने उसले कल्पना गर्न थाल्थ्यो। गौरकाण्डमा ललन मुछिएकाले उसको व्यक्तित्व खुङ्खार होला भन्ने उसले अड्कल गरेको थियो। त्यसैले ऊप्रति घुर्नाको कुतूहल बढेको थियो। यसरी घुर्नाको दिमागमा ललनको किरिङमिरिङ चित्र बन्दै मेटिने क्रम जारी थियो। मन भने एकनासले एउटै कुरामा खुलदुलिएको थियो।

मधेसका सकेट बम, सुतली बम पड्काउने सशस्त्र समूहहरूभन्दा एक कदम अघि बढेर टाइम बम पड्काउन लागेको कस्तोचाहिँ नामुद समूह पऱ्यो, 'मधेस जनतान्त्रिक सेना'। कताकता ईर्ष्या पो लाग्यो, घुर्नालाई। उसले सुर्जा समूहका लागि टाइम बम बनाउनै परेको थिएन। यिनीहरूले के उडाउन लागे ? मालपोत शाखा ? गाविस भवन ?

अहँ ! घुर्नाले तत्कालै पन्छाइदियो यसको सम्भावना। योभन्दा खतरै केही हुनुपर्छ।

अनि बनाउनु नै पऱ्यो भने बनाउन सक्ला उसले दुरूस्त टाइम बम ? घुर्नाले छाम्यो आफूलाई। लोकहा पलारमा टाइम बम बनाएर पड्काएपछि बनाउनुपरेको थिएन। तर ललनसामु सिकारूझैं देखिनुभएन नि। उभिँदाउभिँदा थाकेका थिए, उसका खुट्टा। एकाएक सैन्य जवानको जस्तो 'सतर्क' पोजिसनमा आए।

४५ मिनेटपछि एउटा विक्रम टेम्पो साइकलजत्तिको सुस्त गतिमा आयो। त्यसमै आएको रहेछ ललन। उसले हरियो गम्छा र कालो छड्के झोला भिरेर आउने आफ्नो चिनारी दिएको थियो। त्यसको भरमा घुर्नाले खुट्यायो।

ओर्लिनासाथ ललनले गुट्खाको पिक पिचिक्क थुक्यो। लाग्यो, कत्थाको फोहोरा पिचकारीबाट छुटिराखेको छ। पिकबाट निवृत्त भएपछि आफू आएको टेम्पोलाई उसले अमिल्थ्या अनुहार बनाएर हेऱ्यो। टेम्पोको यात्राले हालत बिगारिदिए जस्तो थियो। तर उसलाई के थाहा, बाटोको अस्थिपञ्जर मात्र रहेको राजविराज-कुनौली रूटमा धन्न विक्रम टेम्पो चलेको थियो। कबाडीबाट

थुतेर ल्याए जस्तो चारैतिर पाता टालिएको विक्रम टेम्पो । घरीघरी स्टार्ट बन्द हुने म्याद गुज्रिएको टेम्पो । मधेसका पुलको उकालोओरालोमा पनि यात्रुहरू झर्नुपर्ने टट्टु जस्तो टेम्पो । तैतै बेल्ही आइपुग्दा ती विक्रम भनाउँदा टेम्पोहरू युद्ध जितेर आएको विक्रमादित्यझैं देखिन्थे ।

स्थानीयहरूलाई बानी परेको थियो । नपरे साध्य पनि थिएन । तर कहिलेकाहीँ झुल्किनेहरूको हाल ललनजस्तै हुन्थ्यो । त्यसैले ललनलाई नसोध्ने विचार गऱ्यो घुर्नाले । सिटको ठाउँमा काठको फलैंचा हालेको विक्रम टेम्पोमा बसेर आयो कि कुप्रो परी उभिएर आयो ।

घुर्ना उसको छेउ पुग्यो । र उसैले मात्र सुनिने स्वरमा बोलायो, "त्रिकाल ?"

ललन अकमकायो । उसले पनि घुर्नालाई देखेको थिएन । घुर्नाको चिनारी थियो, नीलो धर्के गम्छा र देब्रे नाडीमा बोलबमको सुन्तले धागो । घुर्नासँग अरू कोही छ कि भन्ने आशङ्कामा ललनले दायाँबायाँ कर्के नजर लगायो । अनि उसको नाडीमा हेर्दै सोध्यो, "प्यान्थर !" घुर्नाले 'हो'मा जवाफ दियो ।

टेम्पो स्ट्यान्डबाट उनीहरू हिंडे । हिंड्दै गर्दा घुर्नाले सोध्यो, त्यहाँसम्म आउँदा कुनै किसिमको झमेला बेहोर्नुपऱ्यो कि परेन । ललन भूमिगत भएकाले डर सुंरक्षाकर्मीबाट थियो । किनभने गौरकाण्डको तातो अझसम्म सेलाएको थिएन । तर ललनले त्यसको छनक दिएन । यताका केटाहरूसित मिलाएको उसले भन्यो । त्यसबारे विस्तृत भनेन । बडो औपचारिक सुनियो ।

घुर्नाले एक झल्को ललनतिर हेऱ्यो । मुहारमा औपचारिकताको गम्भीर मुखौटा थियो । मध्याह्नको अन्धो बनाउने चरक्क घामले उसका आँखा चाउरिएका थिए । अनि उसको जीउडाल घुर्नाले सोचेको भन्दा फरक थियो । ऊ मोटोघाटो होइन, खिरिलो थियो । खिरिलो जीउमा बल लुकेको उसको छरितो हिंडाइले थाहा हुन्थ्यो । उमेर पनि ऊजत्तिकै हुनुपर्छ । काँध पनि उत्राउत्रै मिलिराखेको थियो ।

यही हो, मधेस जनतान्त्रिक सेनाको अध्यक्ष ललन सिंह अर्थात् 'त्रिकाल' । आफैंसित घुर्नाले साउती माऱ्यो । समूहमा केही नभए पनि चारपाँच सय त होलान् । त्यति जनाको 'अध्यक्ष' भएर पनि आफैं यहाँसम्म आएको छ । पहिला चोटि कुनौली । त्यो पनि ऊ जस्तोसित भेट्न । टाइम बम बनाउने मात्र हो कि अरू पनि कारण छ ? खसखस झनै थपियो ।

घुर्नाले दुईबीचको औपचारिकताको पर्खाल भत्काउन सोध्यो, "बाटोमा टेम्पोबलाले कति चोटि झार्दै ल्यायो ?" ललनले त्यसको जवाफ फिस्स हाँसेर दियो । खासै गाह्रो नभएको जस्तो । तर घुर्नाले बिर्सिएको थिएन, ओर्लिनेबित्तिकै ललनले टेम्पो ड्राइभरलाई आँखा तरिराखेको ।

दसगजाको कच्ची पुल आइपुग्यो, बाँस र काठले बनेको । उनीहरू अघि बढे । पुलपारि एसएसबी बसेको थियो, सानो छाप्रे चौतारीमा । तर ऊ मग्न थियो आफैँले निकालेको बखेडामा । कुनौलीबाट जर्किनमा डिजल ल्याइराखेको पारिबासीलाई किचकिच गरिराखेको थियो । १० लिटरको जर्किनमा लगिराखेको डिजल बेच्नकै लागि हो भन्ने एसएसबीको दाबा थियो । तर जर्किनवाल आफ्नै लागि हो भनेर स्पष्टीकरण दिँदै थियो ।

छाप्रोतिर हेर्दै घुर्ना व्यङ्ग्य मुस्कुरायो । ललन भने टाउको निहुऱ्याएर फटाफट हिँडिरह्यो । सोच्यो होला, उताबाट आइराखेको देखेर एसएसबी सन्किन के बेर ? ललन सजग भए जस्तो लाग्यो घुर्नालाई । हुन पनि उसले फोनमा दुईतीन पटक नै सोधेको थियो । कुनौलीतिर आउन ठीक छ कि छैन भनेर । घुर्नाले उसलाई आश्वस्त बनाएको थियो ।

छाप्रे चौतारी कटेपछि घुर्नाले भन्यो, "कुनौलीमा हामीलाई ई सभसित डर हुँदैन । जो हुन्छ त आफ्नै मान्छेसित हुन्छ ।"

"आफ्नै मान्छेसित ?"

"मतलब आफ्नैजस्तै अरू सशस्त्र समूहसित भनेको । तिनीहरूसित दुस्मनी छ भने तिनीहरूको डर हुन सक्छ । कहिले त सार आफ्नै समूहको गुटसित पनि हुन सक्छ ।" घुर्नाले आफ्नै हबिगत सम्झियो ।

बुझे जस्तो ललनले शिर हल्लायो । र आफूले बोकिराखेको ब्यागको फिता च्याप्प समायो । घुर्नाको ध्यान उसको कालो ब्यागतिर बल्ल गयो । गह्रौं जस्तो लाग्थ्यो । सोच्यो, पहिलो चोटि आएको मान्छे, त्यो पनि एक्लै आउन भनेकाले यहाँसम्म साथी नलिई आएको छ । खाली हात त के आयो होला ।

चाल नपाउने गरी घुर्नाले आफ्नो दाहिने कम्मरतिर हात पुऱ्यायो । पेस्तोलको फलामे 'ग्रिप' छामेर ऊ ढुक्क भयो ।

मान्छेले पड्काउन मात्र हतियार बोक्छ र ? सुरक्षित छु भनेर आफैंलाई चित्त बुझाउन पनि त बोक्छ । जस्तो घुर्नाले बोक्ने गरेको छ । रूपनी

काण्डपछि पेस्तोल नै उसको हनुमान चालिसा भएको छ । त्यस्तै ललनले पनि बोकेको होला ।

उनीहरू बस स्ट्यान्ड हुँदै कुनौली बजार आइपुगे ।

मध्याह्नमा कुनौली बजार उँघिराखेको थियो । डुलुवा कुकुरहरू पनि पसलको सियाँलमा मस्त निदाइराखेका थिए । रिक्साको ओहोरदोहोर र त्यसको टिनटुन्न घण्टी पनि सुनिँदैनथ्यो । बस स्ट्यान्डनिर एकदुई ओटा देखिएका हुन् । तर तिनका चालकहरू पनि बनियान छातीसम्म सारेर गम्छाले मुख छोपेर सिटमा ढल्केका थिए । प्रायः पसलका सटर तानिएका थिए । खुलेका भाँडा पसल र कपडा पसलका साहूहरूलाई हातेपङ्खा हम्काउने मात्र जाँगर थियो । कृषि औजारका पसलमा बनियान लगाएका साहू हाइ काड्दै बसेका थिए । लाग्यो, झिँगा भिनभिनाउँदा हात उचालेर धपाउन नसक्ने आलस्य लागेको छ, कुनौली बजारलाई । तीमध्ये दिउँसोको आलस्यले नछोएका पसलहरू कुनै थिए भने, साइकल मर्मत गर्ने छाप्रे पसलहरू नै थिए ।

तङ्ग्रिन नसकेको बजार हो कि तङ्ग्रिन खोजेको बजार । पहिलो चोटि आएको ललनले खुट्याउनै सकेन । तर नाम सुनेको कुनौली बजारको रौनक गाउँले हटियाजत्तिको पनि नरहेको उसले पायो ।

किनमेल गर्न आउनेको चकचक र पसलहरूको झकमक नभएको बजार भए पनि कुनौलीले घुर्ना जस्ताको फोक्सोलाई फुक्का सास फेर्ने सहजता दिएको थियो । आफू स्वतन्त्र भएको भान दिएको थियो । र एक्कादुक्का नौलो मान्छे आउँदा चाल पाइहाल्ने सुविधा पनि दिएको थियो ।

घुर्नाले सरासर ललनलाई लिएर गयो कुनौली बजारको पुछारमा रहेको आफू गइराख्ने चिया पसलको झुपडीमा । आउँदाआउँदै देखिएका लालमोहन, समोसा, चाट र वरक लगाएको बर्फीको बजारू स्वाद पाउने पसलभन्दा फरक गाउँघरको कचडी, प्याजी, दहीचिउरा, चनामुरैको घरेलु स्वाद थियो त्यहाँ । खपराको छानोले आधा छेलिएको पसलको मोहडाले जोकोहीलाई निम्त्याउँदैनथ्यो । श्रमिकहरूलाई अडिलो खाजा खुवाउने पसलमा घुर्नाले ललनलाई लिएर आएको थियो ।

पसलमा ग्राहक थिएनन् । घुर्नालाई थाहा थियो । त्यो समयमा खाजा खानेहरू खाइवरी गइसकेका हुन्छन् । त्यसैले काउन्टरको सिसामा दही मात्र

देखिन्थ्यो । काउन्टरछेउ रातो पोसले ढाकेको टेबुलमा चिउरा र मुरै नै बचेका थिए । घुर्ना पछाडिको ढोकानिरको टेबलतिर गयो, खोजे जस्तो भित्तापट्टि सटेर बस्न मिल्ने टेबलमा । जसरी ऊ खुरूखुरू त्यतापट्टि लम्कियो । लाग्थ्यो, ऊ आउँदा सधैं त्यहीँ बस्ने गरेको छ । जुन काउन्टरभन्दा केही दूरीमा थियो ।

ललन वाल्लिँदै चारैतिर हेऱ्यो, "इधरै ?"

बाटोतिर मुख पर्ने बेन्ची आफूलाई सार्दै घुर्नाले अर्कोमा ललनलाई बस्ने इसारा गऱ्यो । ललन अझ पनि निश्चिन्त भइसकेको थिएन ।

घाममा सेकिएर तातेको अनुहारमा घुर्नाले बेफिक्री मुस्कान थपेर भन्यो, "यहाँ सेफ छ । यहीँ मेरो बातचित चल्छ, कामका मान्छेहरूसित ।"

ललन घुर्नाअगाडिको बेन्चमा बस्यो, आधा जीउ घुर्नातिर आधा काउन्टरतिर फर्किएर ।

एन्टिलाइटमा परेको ललनको मुहारतिर हेर्दै घुर्नाले फेरि जोड दियो, "फिकर नगर्नुस्, यहाँ डराउने बातै छैन ।"

काँधमा तेर्सिएको झोला ललनले निकाल्यो । र छाप्रे होटललाई एक पटक हेऱ्यो ।

छाप्रोको भित्ता माटोको र भुइँ सिमेन्टको थियो । भए पनि माटिएको भुइँले सामञ्जस्य मिलिराखेको थियो । सँघार कट्नेबित्तिकै पाँचछ जना अट्ने लाम्चो टेबल थियो । जुन सफा गर्न बाँकी नै थियो । टेबलमा मुरै छितरिएका थिए । र दही पनि टिकुलीजत्राजत्रै आकारमा यताउति झरेका थिए । उनीहरू बसेको दुई जना अट्ने एउटै टेबल थियो । जुन पहिल्यै पुछिसकिएको थियो । तैपनि टेबल कतिकति बेला ठस्स गन्हाउँथ्यो । कहिल्यै ओभाउन नपाउने टालोले पुछपाछ गरेपछि आउने माछा गन्ध जस्तो । यसो टेबल तल हेर्दा चनामा हालिने हरियो खुर्सानीका टुक्राहरू छितरबितर थिए, कसैले छानीछानी फालेको जस्तो ।

ललनले फर्किएर पसलको आँगनतिर हेऱ्यो । दूधको सिलाबरे डेक्ची एक जनाले धस्काइराखेको थियो । त्यसैले उताबाट घिसिरघिसिरको आवाज आइराखेको थियो ।

ललनले टेबलमा रहेको जगको पानी उठायो । बाहिर गएर मुखको गुट्खालाई कुल्ला गरेर फ्याँक्यो र मुहार पखाल्यो । अनि गम्छाले मुख पुछ्दै

बेन्चमा बस्यो । आफ्नो कालो झोला टेबलमाथि भित्तामा अड्याएर राखेको थियो । बेन्चमा बसेपछि झोलालाई आफूसँगै च्याप्यो । घुर्नी भने छड्के आँखाले उसैलाई हेर्दै थियो ।

ऊ हेर्दै थियो, ललनको एक ठाउँ स्थिर नभइराखेका आँखा । कुरा गर्दा घरीघरी उचालिने आँखीभौं । आँखीभौं उचालिँदा निधारमा पर्ने तिनटा लामालामा मुजा र ती मुजाले पार्ने तीन ओटा स्थायी रेखा, जसले अनुहारको गम्भीरतालाई रेखाङ्कन गरेझैं लाग्थ्यो । ललनको गम्भीरतामा अलि डर मिसिएको जस्तो, दूरी बनाउन चाहेको जस्तो, खुल्न नचाहेको जस्तो भान हुन्थ्यो । जेहोस्, आफूले कल्पना गरेको 'त्रिकाल' सोचेको भन्दा घुर्नीले फरक पाइराखेको थियो । आफ्नै उमेरको हाराहारी देखिने ललन सुने जस्तो खुङ्खार लागिराखेको थिएन । न फोनमा गहिरिएको स्वर सुनिएझैं पाको लागिराखेको थियो ।

घुर्नीले चिया अर्डर गर्‍यो । पसलअगाडि भाँडा धस्काइराखेको साहू थियो । उठेर आएर चिया बनाउन थाल्यो ।

"तपाईं सिरहाको हैन ?" कुहिना टेबलमा अड्याउँदै ललनले सोध्यो ।

"हो ।"

"त फिर् यहाँ कसरी ?"

"सुर्जा समूहबाट निक्लेपछि यहाँ मेरो लागि सेफ छ ।"

यही बेला मोटरसाइकलको एक जत्था भुट्टुट्टु गर्दै बजारतिर गइराखेको देखियो । मोटरसाइकल र्‍यालीमा झैं पूरै बाटो छेकेर ।

लाग्थ्यो, भोजपुरी फिल्ममा रवि किसनको सवारी गइराखेको छ । प्रत्येक मोटरसाइकलमा तीन जना सवार थिए । हेल्मेटै नलगाई । सबका सब सेतो कुर्ता पाइजामामा रातो गम्छा हालेका थिए । तिनीहरू ओझेल भए पनि मोटरसाइकलको भुट्टुट्टु सुनिइरह्यो । जडवत् मध्याह्नमा कति टड्कारो सुनिएको ।

"सुतिहार समूहको एरिया भन्छन् । हो के ?" ललनले सोध्यो ।

घुर्नीले 'हो' भन्यो ।

"बोर्डर यति पासमा छ । एसएसबीवालाको डरवर हुँदैन ?"

"एसएसबीबलासँग मतलब हुँदैन । लोकल पुलिसियासित जाँडपानी चलिरहन्छ । नेपालबाट सिआइडी आउन लागेको पता भयो भने इधर जाँडपानी चल्दा चुहिहाल्छ । सट्ट से सतर्क भइहाल्छन् उनीहरू," घुर्नाले भन्यो, "तर सुनिरहेछु उधर बेल्हीमा नेपाली सशस्त्रको चौकी राख्न लागिरहेछन् ।"

बाक्लो दूधको चिया बाफ उडाउँदै आइपुग्यो, तातिएको कुनौली बजारमा तातो थप्दै । मुहारभरि घमौरा उम्रिएको साहू चिया राखेर टेबलनिर उभिइरह्यो । घुर्नाले केही चाहिँदैनको इसारा गरेपछि ऊ गयो ।

"गौरको लफडापछि हाम्रो उधर टाइट गरिसक्यो," तातो चिया समाउँदै ललनले भन्यो, "म बैरगनियामै भूमिगत बसेको थिएँ । सालेहरूले कडाइ गरेर पटनातिर खदेडे ।"

घुर्नाले उसलाई हेरिरह्यो । ललनले आफ्नोबारे अरू पनि भन्ला भन्ने आसमा । तर त्यसको छाँट नदेखेपछि घुर्नाले नै सोध्यो, "मधेस जनतान्त्रिक सेना हैन तपाईंहरूको ।"

"हो !" ललनले भन्यो र फेरि दोहोऱ्यायो, "मधेस जनतान्त्रिक सेना ।" उसले यसरी दोहोऱ्यायो । मानौं घुर्नाले गलत नाम लिएको होस् । र हरेक पटक समूहको नाम लिन पाउँदा ललनलाई आनन्द आउने होस् ।

उसले जुन रवाफले आफ्नो समूहको नाम लियो घुर्नाले जानीजानी सोध्यो । उनीहरूको समूहको राजनीतिक उद्देश्य ।

"एक मधेस, एक प्रदेश," उही रवाफमा ललनले भन्यो ।

मधेस जनतान्त्रिक सेनाको माग सुर्जा समूहकै जस्तो थियो । तर घुर्नालाई जति घत झबर पासवानले सुर्जा समूहको घोषणा गर्दा परेको थियो, उही मागलाई लिएर बनेको फेरि अर्को समूहको जोसले दोस्रो पटक छोएन । एक वर्षसम्म सुर्जा समूहमा हुँदा आफूले देखेभोगेका आधारमा घुर्नाले भन्यो, "यहाँ जति पनि सशस्त्र समूह खुलिरहेछन्, सभको माग एक ही जस्तो छ । एकता गरेर आगे बढे हुन्थ्यो नि ।"

"तपाईं पनि यार बाहिरिया जस्तो बात नगर्नू न । मधेसको संस्कार भन्नुस् या कुसंस्कार यहाँ जातिको मामिला पनि त छ । बताउनुस्– हो कि हैन ?" घुर्नाको 'हो' अथवा 'हैन'लाई नपर्खी ललनले भन्दै गयो, "उद्देश्य हम सभको एक

छ मानिलिएँ । तर अध्यक्षहरू जातजातका छैनन् । बाभनरूले कहीँ जादवलाई अध्यक्ष मान्छन् ? जादवले कहीँ सुडी तेलीलाई गिन्छन् ? पासवानहरूको बातै छोड्नुस् । जादवहरूको ठस्सा तिनीहरूले थोडै मुह लटकाएर सहन्छन् ?" ललनले चियाको एक सुर्को तान्यो । दुवै कुहिना टेबलमा अड्याएर घुर्नातिर तन्किँदै भन्यो, "मगर यसलाई तपाईहामीले इसु बनाउनुहुन्न । मधेसीहरूलाई टुकडाउँछ यसले । उद्देश्य एउटै भए पनि थरीथरीका पार्टीहरूमा विभाजित कम्निस्टहरूझैं हामीहरू पनि विभाजित छौं । तर जति ओटा समूह भए पनि असल बात हामी सभै मधेसी हौं । र मधेसीहरूले नै मधेसमा सत्ता जमाउनुपर्छ । त्यसको लागि पहिला त मधेसमा प्रभाव जमाउन खोजिरहेको माओवादीको पत्तासाफ गर्नुपर्छ ।"

ललनलाई भन्न जति सजिलो थियो तर यथार्थ त्योभन्दा पेचिलो थियो। त्यसैले घुर्नाले तर्क गऱ्यो, "तर... एक मधेस प्रदेशको माग माओवादीको मधेसी मोर्चाले नै उठाएको हो, भन्नुहुन्छ भने ।"

"हामीलाई मधेसवादको सिख दिने उनीहरू हुन् भने जति मधेसी जनता माघको विद्रोहमा उत्रिए, त्यति उनीहरूको जनयुद्धमा किन लागेनन् ? भन्नुस् तपाई ।"

"आधार त... ।"

"अरे छोड्नुस्... उनीहरूले भन्ने एक हो, गर्ने दुसरै हो । नत्र अन्तरिम संविधानमा सङ्घीयतालाई बिर्सी किन गए ? मधेसीहरूले अन्तरिम संविधान थोडै न जलाउनुपर्थ्यो ? अनि फाडेपछि के भो लहानमा ? हाम्रो आन्दोलनमा किन बबाल गरे तिनीहरूले ? त्यति बेला कहाँ घुसेथ्यो तिनीहरूको मधेसवाद ? अरू कुछ हैन, मधेसको मसिहा बन्न खोजिरहेछन् । तिनीहरूको घमण्ड तोड्नुपर्छ, बुझ्नुभो ?"

ललनको आक्रामकतामा एक मधेसप्रतिको निष्ठाभन्दा माओवादीप्रतिको रिस झल्किन्थ्यो । यस्तो प्रेरणाले बनेको सशस्त्र समूह माओवादीसितको दुस्मनीमै अल्झिरहने डर थियो । जुन घुर्नाले सुर्जा समूहमा भोगिसकेको थियो। सुर्जा समूहमा रूसनको गुटकाहरू ललनकै जस्तै कुरा गरे पनि झबरको कुरा बेग्लै थियो । कम से कम झबरमा आफ्नो राजनीतिक उद्देश्यप्रतिको निष्ठा

बाँकी थियो । ललन सिंहमा आगैआगो छ जस्तो मात्र लाग्थ्यो । यस्तो तेज बलेर निभिहाल्ने हो कि भन्ने शङ्का थियो ।

जे जस्तो भए पनि ललनले आफ्नो एउटा समूह त हाँकिराखेको छ, घुर्नालाई लाग्यो । आफू भने दलित प्यान्थर गठन गर्न तयार भएको पनि कस्तो धरापमा फसियो । सुर्जा समूहबाट लुक्दैछिप्दै कति दिन हिँड्ने हो ? दिग्दारी र निराशाले घुर्नालाई एकै चोटि छोप्यो ।

उसले सामुन्ने बसेको ललनतर्फ हेऱ्यो । ऊ अझ पनि बहस गर्ने मनस्थितिमा थियो जस्तो लाग्यो । कुरा यताउति बरालिनुभन्दा अगाडि घुर्नाले सोध्यो, "सोचिरहेथें मलाई भेट्न चाहिरहेको कारण के होला ?" फोनमा ललनले 'टिकटिक गोला'को कुरा गरिसकेको थियो । तर ऊ नै किन ? घुर्ना जान्न चाहन्थ्यो ।

चियाको अन्तिम सुर्को घुटुक्क पाऱ्यो ललनले । लगत्तै गुट्खा झिक्यो । पुरिया च्यातेर पहिला घुर्नातिर सोझ्यायो । घुर्नाले नखाने भनेपछि उसले पूरै मुखमा खन्यायो । गुट्खालाई गालाको कुनामा ठाउँ लगाएपछि भन्यो, "सुरक्षाका हिसाबले हो । हाम्रो एक जना साथीलाई डेटोनेटरसहित एसएसबीले पक्डेर सीमापार बुझा'छ । गौर घटनाको बादमा हाम्रोतिर कडाइ गरेको तपाईंलाई मालुमै होला । संविधानसभाको चुनावसम्म कडिकडाइ रहन्छ रे । भन्छन्, हाम्रोतिर सशस्त्र र प्रहरीको गुपचुप अपरेसन चलिरहेछ । सिचुएसन भाँप्दा हो जस्तो लाग्छ । आगेपिछे बोर्डरमा नदेखेको जस्तो नौटङ्की गर्ने एसएसबी सालेहरू अहिले गिदड जस्तो खदेडिरहेछन् । खैर–," मुखमा रसाएको पिक निल्दै बेन्चको अघिल्तिर सरेर आयो, "ई पालि हाम्रो बडा भारी प्लान छ । बुझ्नुभएन ? बहुतै बडा । हाम्रो मान्छे नपक्डिएको भए उसैले बमवमको जिम्मा लिन्थ्यो । तर म हार मान्नेवाला मान्छे होइन । त्यसैले यहाँतक आएको ।"

"पता कसरी चल्यो तपाईंलाई मेरो बारेमा ?"

"चान्स भन्नुस् । चान्सले पता भयो । सुतिहार समूहको रौतहट जिल्ला इन्चार्जसँग हाम्रो एक जना साथीको कन्टेक्ट रहेछ । हामीलाई बम तयार गर्ने मान्छेको जरूरत छ भनेर उसलाई घुमाइघुमाईकन सोध्यौं । बातचित चल्दा उसले तपाईंको जिकर गऱ्यो । अनि भन्यो, तपाई अहिले सुर्जा समूहबाट बाहिरिनुभएको छ रे । सुर्जा समूह तपाईंले किन छोड्योसोड्योसित हामीलाई

के मतलब । हामीलाई झन् बढिया भइहाल्यो । त्यसपछि मैले तपाईंलाई सम्पर्क गरेको ।"

जिब्रोमा पसिना आयो घुर्नाको । थाहा नपाउने गरी थुक निल्दै उसले सोध्यो, "केके भन्थ्यो उसले ?"

"भन्थ्यो, तपाईंले हतियार टपाउनुहुन्थ्यो रे सुर्जा समूहका लागि । हतियार खरिदने, बेच्नेको सम्पर्क सूत्रका रूपमा काम गर्नुहुन्थ्यो रे । अनि भन्थ्यो, समूहको लागि तपाईंले सुतली बम, सकेट बमहरू पनि फिटफाट गर्नुहुन्थ्यो रे," गुट्खाको सुपारी कुट्टुकुट्टु चपाउँदै ललनले भन्यो, "मैले सोचें, बमवम बनाउने मान्छेलाई टाइम बम बनाउन कुन बडा बात हो । हैन ?"

घुर्ना मुस्कुरायो । उसको सोचाइ अर्कैतिर फनफनी घुमिराखेको थियो । लाग्यो, ललनले गुट्खासँगै इन्चार्जले भनेका बाँकी कुरा पनि चपाइदियो । उसले सुर्जा समूहबाट आफू निक्लेको हुँ भनेको छ ललनलाई । तर इन्चार्ज भनाउँदोले मुतनी वनमा काण्ड गरेर फरार भएको हो पनि भनिदियो कि ?

"म यहाँतक आएको मेन कारण सुरक्षा हो," घुर्नालाई सोचमग्न देखेर ललनले भन्यो । "बम बनाउने मान्छे सीमापार घोडासनमा खोजे भने भेटाइहाल्छ हेर्नुस् । तर उता बडा जोरको निगरानी चलिरहेछ । फिर मलाई पनि वान्टेड बना'छ उता । जरा होसियार हुनुपर्‍यो नि ।"

सास अलि फुक्यो घुर्नाको । आखिर ललन पनि कुन बडो चोखोनितो हो र भन्ने भएर । ऊ ललनको 'प्लान'मै फर्कियो, "उता कहाँकहाँ उडाउन लाग्नुभयो, जो तपाईंलाई टाइम बमै चाहिहाल्यो ?"

"त्यहाँ उडाउने थोडै हो...," भनूँ कि नभनूँको दोधार ललनको निधारमा दोब्रिन लागेको चाउरीमा देखियो । तर आफूलाई रोक्न सकेन । ठिटौले पारामा भन्यो, "राजधानीमा हो, प्यान्थरजी । काठमान्डू उडाउने, काठमान्डू !"

गे बाऽऽ ! आङै सिरिङ्ग भयो घुर्नाको । राजधानी जस्तो ठाउँमा पड्काउन लागेका रहेछन् । त्यहाँ विस्फोट गरे त जुनै समूह पनि 'हिट' भइहाल्छ । गौरकाण्डपछि मात्र बनेको ललनको मधेस जनतान्त्रिक सेनाले सबैलाई उछिन्ने भयो । ललनको आँट देखेर घुर्नाको मनमा नजानिँदो डाहा पलायो ।

आफू कहिले सक्रिय हुने ? कहिले दलित प्यान्थर मोर्चा बनाउने ? कहिले यस्तो खालको धमाका गर्ने ? छटपटिँदै उसले सम्झियो, आफूसँग भएको चन्दाको दुई लाख रूपैयाँ । आफूले बोकेको नाइन एमएम पेस्तोल र छठु 'बागी'सँग भएको सिक्सर रिभल्भर । सम्झिँदै ऊ छटपटियो, यतिले कहिले समूह बन्ने ? कहिले आफ्नो समय आउने ?

एक घुट्को चिया बाँकी रहेको गिलास घुर्नाले रित्यायो । रित्तो गिलासको बिटबाट उसको आँखा ललनतिर गयो । गुट्खा कुटुकुटु चपाइराखेको ललनको हाउभाउमा रवाफ थियो । रवाफ थियो, बेन्चमा बस्ने उसको अडबाङ्गे पारामा, 'काठमान्डु उडाउने' भन्दा उसको मुहारमा फक्रिएको आत्मविश्वासमा पनि । उसको रवाफले घुर्नाको अन्तरलाई घोच्यो । लाग्यो, जिन्दगीमा सबैथोक टाकटुक मिलेपछि यही हो ठीक समय भन्ने दिन कहिल्यै आउँदैन । आफूले आँटेको क्षण नै ठीक समय हो । सामुन्नेको ललनलाई हेरे हुन्छ । किटानी जाहेरी परेको मान्छे भूमिगत अवस्थामै समूह खोलेर काठमाडौँलाई हाँक दिने योजना बनाइराखेको छ । बबनले पनि त मुट्ठीभर मान्छेबाट सुरू गरेको जनतान्त्रिक करेत समूह कहाँ पुगिसक्यो । भलै अरूले गरेको विस्फोटको जिम्मा आफ्नो समूहको नाममा लिएर 'हाइलाइट' भएको होस् । अनि माओवादी पार्टी नि ? तीसबर्से पञ्चायतकालभरि विद्रोह नगरी प्रजातन्त्रविरूद्ध पाँच वर्षमै बन्दुक उठाएको होइन ? अहिले आएर कसले भन्ने त्यसलाई कुसमय ?

घुर्नालाई लाग्यो, मानौँ उसको समय आइसकेको छ । लाग्यो गोबरगढाऽऽमा उधार्दै बुन्ने योजना साकार पार्ने समय यही हो । सबैले 'सर्टकर्ट' लिइराखेको बेला उसले मात्रै किन नलिने ?

"बुझिहाल्नुभयो त ?" कताकता हराइराखेको घुर्नाको ध्यान खिच्दै ललनले कुरोको फेर समायो, "वही भएर हामीलाई टाइम बम चाहिएको । र कुरा इधरउधर लिक नभइहालोस् भनेर म नै यहाँ आएको ।"

रित्तो गिलासतिर हेर्दै घुर्नाले मुन्टो हल्लायो । अनि ललनलाई फेरि चिया पिउन आग्रह गऱ्यो । ललनले मुखको गुट्खा देखाउँदै नखाने भन्यो । घुर्नाले मानेन । साहूलाई चिया ल्याउन भन्यो । साहूले दूध सकिएर ग्वाललाई (दूध बेच्ने) पर्खिराखेको भन्यो । घुर्नालाई केही छिनका लागि समय तन्काउनुपरेको

थियो । भूमिका बाँध्न चियाको क्याफिनयुक्त सुर्को चाहिएको थियो । तर अब चिया होस् या नहोस्, आँटेको कुरो भन्नैपर्‍यो ।

"ठीक छ, म तयार छु बम बनाउन । बात के छ भने...," घुर्ना रोकियो । भन्न अप्ठ्यारो मानेझैं ऊ देखियो ।

"तपाईंको बनाउनी पाँच हजार, कच्चा माल छाडेर । ठीक ?"

"ऊ बात हैन," सीधासीधा कुरा गर्न घुर्नालाई मनासिब लाग्यो, "म टकाको लागि बम बनाउनेबला छैन । मेरो एकटा प्रस्ताव छ ।"

"कस्तो प्रस्ताव ?"

आफूलाई नै क्वारक्वारती हेरिराखेको ललनको आँखामा आँखा मिलाउँदै घुर्नाले भन्यो, "धमाका दलित प्यान्थर मोर्चासँग मिलेर गर्ने । पार्टनरसिपमा । राजनीतिबला भाषामा भन्दा– सहकार्य ।"

"दलित प्यान्थर ?" ललनको स्वर उकासियो । र निधारमा तीनधर्के मुजा झनै गहिरियो ।

"हजुर । हाम्रो दलित प्यान्थर मोर्चा," छटाकभरि उत्साही भयो घुर्ना, "बम बनाउने खर्चावर्चा र बनाउने जिम्मा मोर्चाले उठाउँछ । मन्जुर ?"

"दलित प्यान्थर मोर्चा" भन्दै नामको वजन ललनले मनमनै तौलिराखेको थियो सायद । र त भित्तामा अडेसिँदै सोध्यो, "कयजना हुनुहन्छ र तपाईंहरू ?"

घुर्नाको ढाडको घमौरा चिटचिटाएको पसिनाले चिल्न थाल्यो । भए पनि घमौराको टोकाइलाई टोकिरहन दियो । ठुङ्न थालेको अन्तरलाई पनि वास्ता गरेन । बरू भन्यो, "सदस्यहरू वही सय डेढ सयजति पुगे । रसिद नै छ । हेराऊ भन्नुहुन्छ भने हेराइहाल्छु । तर सक्रिय रूपमा हामी दस जनाजति छौं ।" हुनचाहिँ ऊ र छठु 'बागी' मात्र थिए दलित प्यान्थर मोर्चा गठन गर्ने भनेर सुरिएका । ढाँट्नुपर्दा कम्ता सकस लागिराखेको थिएन । तर केका लागि गर्दै छु को औचित्यले उसले आफूलाई दह्रो तुल्यायो ।

"समूहलाई ठूलो बन्न कति टायम लाग्छ र । तपाईंलाई पनि पतै होला," ललनले नपत्याएको जस्तो लागेर घुर्नाले फेरि थप्यो, "आठ जिल्लाको मधेसी दलितहरूलाई सङ्गठित गर्ने सोचे छु । बस्स मोर्चाको काम जल्दी से सुरू भैहालोस् पहिला ।"

ललनको मुहारमा चिढचिढोपन देखिँदै थियो । आँखामा अघिदेखि चम्किएको उत्साह भोल्टेज कम हुँदाको बल्बझैं मधुरो भयो । घुर्नालाई भने ललनले मन्जुरीको कुनै सङ्केत नदेखाएकाले कसोकसो हुन थाल्यो । बस्दाबस्दा कमरबन्दमा घुसारेको पेस्तोल पनि कोखामा घोच्न थाल्यो । कमिज ताने जस्तो गरी उसले पेस्तोल मिलायो । र प्रस्तावमा जोड दिँदै भन्यो, "सोचे थैं पूरा धमाकाको साथ घोसना गर्ने तर देर भइराछ । अब सोचिरहेछु यस्तो सहकार्य गरेर घोसना गर्दा जल्दी होला ।"

"एक सुझाव भन्छु माइन्ड नगर्नुहोला," आत्मीयता जताउने लयमा ललनले भन्यो । तर उसको स्वरमा चिसोपन थियो, "आखिर हामीहरू सभ से पहिला मधेसिया हौं, उसको बादमा ठाकुर, झाँ, यादव, साह र चमार । त पहिला एक मधेसको लागि लड्न जरूरी छ मधेसीहरूका लागि । म भन्छु, तपाईंहरू हाम्रै समूहमा आउनुस् । अझै बढिया भइहाल्छ । मेरो मतलब, मधेस जनतान्त्रिक सेनाको अलगसित दलित मोर्चा बनाउने । के भन्नुहुन्छ ?"

"मुमकिन छैन !" घुर्नाले ठाडै भन्यो, "एक बरसअगाडि जनतान्त्रिक मधेस मुक्ति सुर्जा समूहमा यही भनेर गएको । तर न भातृसङ्गठन बन्यो, न कुछ भयो । हामी धेरै लट्किसक्यौं । फेरि त्यसले केही हुनेबला छैन । हुने भए ठूला पार्टीका दलित सङ्गठनले नै काम पुगिहाल्थ्यो । अब जो गर्नुपर्छ, दलित प्यान्थर मोर्चा अकेलैले गर्छ ।"

ललनले घरी सुनेझैं गर्‍यो घरी यताउति हेर्न थाल्यो । त्यसपछि एकाएक सास फेर्न सम्झिए जस्तो लामो न लामो सास फेर्न थाल्यो । घुर्नालाई लाग्यो, ललनलाई एक मधेसबाहेक अरूमा रूचि छैन वा हुन सक्छ आफूलाई बेवास्ता गरिराखेको होस् । खिस्रिक्क पर्दै गयो घुर्ना । तैपनि मनैमन मनाइराख्यो, कुरो मिलोस्, ललनलाई मनाउन सकियोस् । त्यसैले भन्यो, "बम बनाउने खर्चा हामी उठाउँछौं भनिसकें । यसबाहेक तपाईंहरूको कुनै सर्त छ भने राख्नुस् । बात गर्न सकिन्छ नि ।"

"ऊ त ठीक छ," ललनले भन्यो, "अब सहकार्यबारे सोच्नै पड्छ । हाम्रो केन्द्रीय समितिमा... ।"

"केन्द्रमा कय जना हुनुहुन्छ तपाईंहरू ?"

"रौतहटको हामी छे जना छौं । अरू जिल्लामा समूह विस्तार भएपछि समिति पनि बढ्दै जान्छ । त मैले भनिरहेको थिएँ... ।"

ललन बोलिराख्यो । तर उसको पार्टीको अल्झोहरू घुर्नाले सुन्न चाहेन। ऊ बाहिर सडकतिर हेर्दै मुर्मुरिइराख्यो । सशस्त्र समूहको केन्द्रीय समिति नदेख्या हो र । जति नै जना भए पनि डिसिजनफिसिजन सब अध्यक्षले गर्ने हुन् । सङ्ग्राम सुतिहार र झबर पासवानको समूहमा जस्तो । 'सार मलाई लपेटिहेछ' भन्दै ऊ गन्थनिइराख्यो । कि दलित प्यान्थर मोर्चासँग सहकार्य गर्न नमानेको ?

घुर्ना बाउँठियो । अनि ललनको स्वरमाथि स्वर खाप्दै भन्यो, "यस्तो गर्नुस् । केन्द्रीय समितिलाई भन्नुहोला, बम बनाउने मेरो यो प्रस्ताव हैन, सर्त हो ।"

हत्त न पत्त ललनले भन्यो, "जरा यसरी पनि सोच्न सकिन्छ नि... मेरो मतलब, व्यावसायिक हिसाबले... ।"

"सकिँदैन," घुर्नाले लिट्टी कस्यो । हुन त उसलाई पैसाको खाँचो नभएको होइन । उसको ठाउँमा छठु भए कम्तीमा दुई पटक सोच्दो हो । तर घुर्ना व्यावहारिक थिएन । रामलीलामा व्यासजीसित ठाकठुक परेर कम्पनी छाड्दा होस् या सिनो बहिष्कार आन्दोलनताका गिरहतहरूसित सम्झौता गर्नुहुन्न भनेर अडान लिँदा होस् । आवेशमा मन बौराउँदा परिणाम सोच्नतिर लाग्दैनथ्यो ।

घुर्नाले सहकार्यको सर्त राखेपछि ललनसितको भेट 'डेड एन्ड'मा टुङ्गियो। जसले गर्दा ललन बेटुङ्गो कुनौलीबाट फर्कनुपर्‍यो । फर्कदा ललनको मुहार तमतमाउँदो भएको थियो । उसको चढेको पारा देखेर घुर्नालाई लाग्यो, ललनले यसपछि कहिल्यै सम्पर्क गर्नेछैन ।

त्यसैले जाँदाजाँदै जब ललनले घुर्नालाई सोध्यो, "दलित प्यान्थर मोर्चामा तपाईं के ?"

रबाफिलो हुने पालो घुर्नाको थियो । यसपछि भेट हुने यसै ठेगान थिएन, उसै थिएन । यसैले भन्यो, "अध्यक्ष !"

# १२:४५ बजे

कोठा नं २०४

ललन सिंह बसेको कोठाअगाडि रामा र घुर्ना उभिएका छन् । रामाले 'सिग्नल' दिएझैं ढोका सुस्तरी ढकढकाउँछ ।

ललनले ढोका खोल्छ । उनीहरू सरासर भित्र छिर्छन् ।

ललनको मुहारमा तनाव खिचिएको छ । उसको निधारमा परेका मुजाका रेखामा चिन्ता गहिरिएको छ । छटपटीमा ऊ झ्यालबाट दुईदुई पटक चियाउन पुग्छ । त्यसैले घुर्नालाई देखेर ललन सकसका साथ मुस्कुराउँछ ।

मोबाइलको सिम फेर्दाफेर्दै ढोका खोल्न आएको रहेछ ललन । खाटमा उसका दुइटा मोबाइल घोप्टो परेका छन् । र छेउमै छरिएका छन्, चारपाँच ओटा सिम ।

ललनले रामालाई सोध्छ, ढिला भएको कारण ।

हेल्मेट कुर्सीमा राख्दै रामाले भन्छ, "डेरालाई समेट्दै टायम लाग्यो, अध्यक्षजी । अनि ठमेलमा सामान पुर्‍याएर वहाँकोमा जान देर भइहाल्यो । बाटोमा सोचेथें, सोह्रखुट्टेबाट सर्टकर्ट मार्ने । ससुरी सीधा कटिहालें ।" रामाले चुकचुकाउँदै भन्छ, "फेरि जाममा फसेर- सोध्नुस् न वहाँलाई-," रामाले घुर्नातिर हेर्छ । उसले सही थापिदिन्छ कि भन्ने आसमा । तर घुर्ना ठिङ्ग उभिएर कोठा नियालिराखेको छ । बस्ने ठाउँ खोज्दै ।

कोठामा दुइटा कुर्सी छन् । एउटा कुर्सी टिभीनिर छ । त्यसमा रामाले हेल्मेट राखिसकेको छ । खाटसँगैको कुर्सीमा ललनका लुगा खप्टाइएका छन् ।

बस्ने ठाउँ नपाएर घुर्नां झ्यालतिर जान्छ । ठिङ्ग उभिनुभन्दा खुला झ्यालछेउ अडेस लगाउन बेस ।

खुलेको झ्यालबाट घुर्नाले हेर्छ । गोङ्गबु बसपार्कअगाडि फैलिएको धुमैलो झुरूप्प परेको बस्ती । गन्जागोल होटल, लजहरूको खाँदाखाँद, सेपिला कोठा, गल्लीहरूको गुजुल्टो– हेर्दा यो भुलभुलैया प्रतीत हुन्छ । होटल र लजहरूको भुलभुलैया । जहाँ भुल्न सकिन्छ र भुलाउन पनि सकिन्छ ।

घुर्नालाई आफू बसेको सुन्धाराको लजभन्दा ललनको कोठा 'सेफ' लाग्छ । कम से कम कोठाबाहिर सुनिने प्रत्येक पदचापमा कान ठाडो त पार्नुपर्दैन । तैपनि किन हो, ललन बेचैन जस्तो, तर्सिए जस्तो देखिन्छ । सब ठीकठाक त छ ? घुर्नाले फर्किएर ललनलाई हेर्छ ।

ललन गुजमुजिएको सिरक सोहोरिराखेको छ, बस्ने ठाउँ बनाउन । ललनले भनेपछि रामा कुर्सीबाट खाटमा सर्छ । घुर्नालाई बल्ल आफूले बोकेको ब्याकप्याक गह्रौं लाग्दै आउँछ । रामाले छाडेको कुर्सी घुर्नाले तान्छ खाटबाट अलि पर । बोकिराखेको ब्याकप्याक झिकेर उसले छेउमा राख्छ ।

यही बेला ओछ्यानमा घोप्टिएको ललनको मोबाइल बज्छ । पल्टाएर नम्बर हेरेपछि ऊ जुरूक्क उठ्छ । रामाले केही भन्न खोज्छ । ललनले चोर औंलाले चुप लाग्न इसारा गर्छ ।

तर ललन 'हलो, हलो'मै सीमित हुन्छ । लाइन स्पष्ट छैन सायद । ऊ बाहिरिन्छ । घुर्नाका कान उसैलाई पछ्याउन थाल्छन् बाहिरसम्म । आधाउधी वार्तालाप सुनिए पनि त्यसलाई जोडेर ऊ बुझ्न चाहन्छ कुरा ।

उति नै खेर रामा गनगनाउँछ । उसको पनि मोबाइलमा टावर नआएकाले । घुर्नाले नसुने जस्तो गर्छ । उसको ध्यान ललनतिरै छ । कान उतै भए पनि घुर्नाका आँखा कोठा चहार्न थाल्छन् । मानौं, ध्यान अड्काउने किल्ला खोजिराखेको छ । उसका आँखा खाटको पुछारमा रहेको १४ इन्चको युट्रोन टिभीमा पुग्छन् । छेउमा तेर्सिएको छ, धुलिएको रिमोट कन्ट्रोल । हेर्दै ठक्कर लाग्नासाथ खस्ला जस्तो छ । खाटको साइड टेबलमा पनि उसका आँखा पुग्छन् । र ऊ हेर्न थाल्छ, टेबलमा डामिएका चिया गिलासका अर्धघेराहरू ।

एकोहोरिएर हेर्दै ऊ सुन्न खोज्छ बाहिर कुरा गरिराखेको ललनलाई । तर कुराकानीको गुनगुनको सट्टा ढोका खुल्छ । ललन कोठामा छिर्छ ।

"एडभान्स पहिलै हाजिर गराउनुपर्छ तर काम–," खाटमा बस्दै ललन भुनभुनाउँछ । आफूलाई नै गहिरिएर हेरिराखेको घुर्नामा नजर पर्दा भने ऊ सम्हालिन्छ । "यस्तै हुन्छ कहिलेकाहीँ । भनेको जस्तो थोडा हुँदैन । तर बादमा सभ ठीकठाक भैहाल्छ । यसमा निश्चिन्त बसे हुन्छ । बस्स– खोपडी जरा ठीक ठाउँमा राख्नुपर्‍यो," ललनले विशेष रामातिर सोझिएर भन्छ ।

ललनले भनेकै जस्तो होस्, घुर्नाले सोच्छ । तर मन ढुक्क हुन सक्दैन, ललनको कुरा सुनेर, हाउभाउ देखेर । तर बीरपुरमा भेट्दा यति साह्रो हडबडिएको थिएन । योजना पूरा बनी नसक्दै ललन कति आत्मविश्वासी देखिएको थियो, दोस्रो पटकको भेटमा । जुन भेट फेरि पनि होला भनेर उसले सोचेकै थिएन ।

# बीरपुर टू बलवा

ललनलाई कुनौलीमा भेटेको तीन दिनपछि घुर्नाको जिन्दगीले 'यू टर्न' लियो ।

तीन दिनपछि घुर्नालाई ललनको फोन आयो । फोनमा ललनले घुर्नाको सर्त मानेर सहकार्य गर्न राजी भएको भन्यो । तर त्यसमा उसले एउटा सर्त थप्यो । पूर्वको नाकाबाट हतियार ल्याउन घुर्नाले मधेस जनतान्त्रिक सेनालाई सघाउने । उसलाई थाहा थियो घुर्नाले सुर्जा समूहका लागि हतियार सम्पर्क सूत्रका रूपमा काम गरिसकेको छ भनेर । घुर्नाले चुपचाप मान्यो । यो पनि सोधेन, एक पटकका लागि हो कि पटकपटकका लागि भनेर । डर थियो, सहकार्य गर्ने कुरा नबिग्रिहालोस् ।

उनीहरूलाई चार ओटा मझौला पेस्तोल र एउटा एसएमजी चाहिएको रहेछ । त्यसका लागि घुर्नाले ललनलाई भारतको बीरपुरमा बोलायो । र त्यहीँ बम विस्फोट गर्ने योजना पनि छलफल गर्ने भन्यो ।

बीरपुर भन्नासाथ ललन अनकनायो । सुरक्षाका हिसाबले कुनौलीमै भेटौं भन्यो । बीरपुरमा नेपालतिरका सिआइडीहरूको चहलपहल हुने गर्थ्यो । त्यसमाथि त्यहाँ धरपकड पनि भइराखेको हुन्थ्यो । किनभने नेपालको भन्टाबारीबाट भीमनगर, सहरसा चोक हुँदै बीरपुर पुग्न धेरै लाग्दैनथ्यो ।

ललनको डर मनासिब थियो । तैपनि घुर्नाले बीरपुरमै भेट्ने जोड गर्‍यो । बीरपुर नै किन भन्दा उसले खुलायो । बीरपुरको च्यानलमार्फत घुर्नाले हतियार नेपालमा छिराउँदो रहेछ । ललन सिंह बीरपुर आउने भयो ।

पहिलो भेटभन्दा घुर्नाका लागि यो भेट महत्त्वपूर्ण थियो । भनौं भने घुर्ना नै आतुर थियो भेट्न । किनभने 'दलित प्यान्थर मोर्चा' दुई जनाबाट सुरू हुन लागे पनि अब मूर्त हुँदै थियो ।

ललन बीरपुर बजारको होटलमा बसेको थियो । घुर्ना त्यहीँ पुग्यो । 'नाज होटल'अघिल्तिर ट्याक्क पुगेको के थियो, कसैको बोझिलो हात पछाडिबाट उसको काँधमा बज्रियो । घुर्नाले काँध यस्तरी झट्कार्‍यो, मानौं चिल्ने माहुरी आएर बसेको होस् । फर्किएर हेर्दा ललन सिंह अर्थात् 'त्रिकाल' थियो । उखुको रस पेल्ने ठेलानिर उभिएको ललन उसैलाई कुर्दै थियो ।

घुर्ना सातो जाने गरी झस्किन पुग्यो । ललन मात्र होइन, घुर्नालाई पनि डर थियो बीरपुरमा । त्यसैले ऊ भन्टाबारीमा सेनाको सुरक्षाजाँच कटेदेखि त्यहाँसम्म सतर्क हुँदै आएको थियो । त्यसरी आउँदा उसको छैटौं इन्द्रिय पनि टाठो भएर आएको थियो । धुकचुकाउँदै आएको घुर्नालाई पछिल्तिरबाट छोप्न आएझैं गर्दा घुर्ना कहालिनु स्वाभाविक थियो । र पनि केही नभएको जस्तो गरी उसले झटपट हात बढायो । ललनले घुर्नासित हात मिलायो ।

अलमल नगरी घुर्ना र ललन होटलमा छिरे । मेनरोडको भित्रतिर थियो होटल । संरचना हेर्दा पुरानो घरलाई होटल बनाएको जस्तो थियो । त्यसैले होटलको पछाडिपट्टि सानो पोखरी थियो ताडीले घेरेको । तेस्रो र चौथो तला पछि थपिएको थाहा हुन्थ्यो, त्यसको भर्‍याङले गर्दा । पहिलो, दोस्रो, तेस्रो गर्दै ललनले घुर्नालाई चौथो तलामा लिएर आयो । चौथो तलाको खुला करिडोरबाट चोकका होर्डिङ बोर्डहरू देखिएका थिए । सामानका विज्ञापनभन्दा राजनीतिक पार्टीका विज्ञापनका बोर्ड थरीथरीका थिए । तीमध्ये एउटा होर्डिङ बोर्ड भोजपुरी फिल्मको थियो– *एक बिहारी सौ पे भारी ।* पोस्टरमा दिनेशलाल यादव 'निरहुवा' रगताम्मे गर्जिराखेको थियो गन्जी लगाएर ।

पहिलो तलाको भर्‍याङ उक्लिँदै गर्दा ललनले भनेको थियो, "तपाईं झस्केको देखेर म पनि झस्किहालें । तीनै दिनमा बिर्सिहाल्नुभए थियो के ?"

घुर्नाले होइन भनेर मुस्काएको थियो । त्यसपछि उनीहरू चुपचाप भर्‍याङ उक्लिरहे । घुर्नालाई आफ्नै सुर्ताले गाँजेको थियो । कति ओटा बम चाहिने होला ? छुट्याएको ८० हजारले पुग्ला कि नपुग्ला ? योजना के हो, कहाँ हो, कसरी कार्यान्वयन गर्ने हो ?...

तर यो सुर्ता तन्किने क्रम भाँच्चियो, होटलको कोठा छिरेपछि । जब उसले देख्यो, ललनको कोठामा अर्को एक जनालाई । जो कलेजी रङ्को सर्ट र जिन्स लगाएर खाटमा बसेको थियो, टिभीमा भोजपुरी फिल्म हेर्दै ।

घुर्नाले उत्सुक आँखाले ऊतिर हेर्‍यो ।

"ऊ हाम्रो रौतहट जिल्ला सैन्य कमान्डर," ललनले परिचय दियो, "रामा सहनी । 'विक्रान्त' भन्छौं हामी ।"

घुर्नाको परिचय दिने पालोमा ललनले भन्यो, "वहाँ दलित प्यान्थर मोर्चाको अध्यक्ष... प्यान्थर ।"

अध्यक्ष ! सुनेर अनौठो लाग्यो घुर्नालाई । तर मज्जा पनि आयो । कुनौलीमा झोकैझोकमा उसले आफूलाई 'अध्यक्ष' भनेको थियो । त्यसपछि उसले त्यो वजनदार शब्द मनमा निकै खेलाएको थियो । र सोचेको थियो, समूहमा ऊ र छठु मात्र भएर के भयो । समूह विस्तारपछि मोर्चाको अध्यक्ष सम्भवतः ऊ नै चुनिने हो । अनि बल्ल उसले छठुलाई यसबारे भनेको थियो ।

छठुले सहकार्यको हतारो नगरेको भए हुन्थ्यो भनेर आफ्नो असन्तुष्टि पोखेको थियो । त्यसबाहेक घुर्नाले आफूलाई 'अध्यक्ष' भनेर चिनाएको कुरामा छठुलाई आपत्ति थिएन । दलित प्यान्थर मोर्चा गठन भएर जबसम्म आकार लिँदैन, तबसम्म अध्यक्ष, महासचिव, सुप्रिम कमान्डर, नाइके जे भन्नुस् तपाईं नै हो भनेर उसले हौस्याएको थियो ।

त्यसैले अहिले घुर्नाले दरिलो भएर थप्यो, "प्यान्थर घुर्ना । सुर्जा समूहमा हुँदा सिरिफ प्यान्थर थिएँ । अब से प्यान्थर घुर्ना ।"

"यो प्यान्थरको बादमा घुर्ना...," ललनले बुझ्न सकेन ।

"मेरो आफ्नै नाम हो । घुर्ना ।"

"आफ्नै नाम किन ?"

घुर्नाको अनुहार पुलकित भयो । गर्विलो पारामा सास चढाउँदै उसले भन्यो, "दलित प्यान्थरमा हमसभ जोजो छौं र हुनेबला छौं, सभकासभ प्यान्थर भनेर कहलाउनेछौं । प्यान्थर घुर्ना, प्यान्थर बागी, प्यान्थर मङ्गल भनेजस्तै । हाम्रो सङ्गठनमा कसैको जात हुनेछैन । जातको बदलामा हामी सिरिफ आफ्नो नामले चिनिनेछौं ।" सुर्जा समूहमा हुँदै घुर्नाले यो सोचिसकेको थियो ।

ललनले बुझेझैं टाउको हल्लायो । र बुझेको कुरा फ्याट्ट भनिदियो, "यो कम्निस्टहरूले एकअर्कालाई कामरेड भनेजस्तै ?"

"त्यस्तो त हैन... तर त्यही बुझिहाल्नुस्," घुर्नाले भन्यो । 'प्यान्थर' किन भनियो, उद्देश्य के हो भनेर ललनलाई के बुझाइराखोस् ।

रामाले झटपट उठेर घुर्नासित हात मिलायो । र फर्किएर खाटमै बस्यो ।

तर घुर्ना कता अडाओस् आफूलाई । कोठामा दुई जनका एकुन्टा खाट मात्र थिए । कुर्सी भइदिए त्यसमै टुसुक्क बस्दो हो । नभइदिँदा ऊ ललनको खाटमा गएर बस्यो, सामुन्ने खाटमा बसेको रामालाई नियाल्दै ।

रामा सहनी हेर्दा २४-२५ वर्षको थियो । जीउ ठिक्कको थियो । तर काँध चौडा भएकाले उसको शरीरको फ्रेम पनि चौडै लाग्थ्यो । उमेर धेरै नभए पनि अनुहारमा पाकोपनको अररोपना झल्किन्थ्यो । उसको स्थिर हेराइ, छातीमा हात बाँधी गम्म परेर बस्ने बसाइले उसमा एक प्रकारको हक्कीपन देखिन्थ्यो ।

रामातिर हेरिराखेको घुर्नालाई देखेर होला, ललनले फेरि रामाकै प्रसङ्ग जोड्दै भन्यो, "विक्रान्त पहिला गौर एरिया इन्चार्ज थियो । तर हाम्रो सैन्य कमान्डर पक्डिएपछि ऊ ही बन्यो जिल्लाको कमान्डर ।" यति भनेर ललनले रामालाई टिभी बन्द गर्ने इसारा गर्‍यो ।

फिल्मको भारी संवाद र चर्को पार्श्वसङ्गीतको कोलाहल बन्द भयो । कानलाई सन्चो भयो । बाहिरको टयारटुर्र घ्यारघुर्र आवाज पनि सौम्य सुनियो एकछिनका लागि । लाग्यो, कोठाले गम्भीर मुद्रा धारण गर्‍यो । छरपस्टिएको ध्यान एकोहोरियो त्यहाँ आउनुको उद्देश्यमा । र कुरा ललनले सुरू गर्‍यो ।

"एक बात भनिहालूँ, प्यान्थरजी, तपाईलाई," छट्टेल मुस्कान खेलाउँदै ललनले भन्यो, "मान्नैपर्छ... के सोचेर तपाईलाई सम्पर्क गरेको थिएँ । तपाईले उल्टाएर यस्तो चाल चल्नुभयो कि... ।" ललन हाँस्यो ।

प्रशंसाको आडमा यो व्यङ्ग्य थियो । भए पनि घुर्नाले त्यसलाई पचाउँदै भन्यो, "चाल मैले चले पनि फाइदा दु जनको छ नि ।"

"तर साथीहरू मना गरिरहेका थिए । सुन्नमै नआएको समूहसित पनि कसैले सहकार्य गर्छ भन्दै थिए," ललनले भन्यो, "सिरहा-सप्तरीका साथीहरूलाई सोध्दा उल्टाएर हामीलाई सोध्थे– कहाँको दलित प्यान्थर मोर्चा ? त्यस्तो कोइ मोर्चावोर्चा... ।"

"कुनौलीमा मैले बताई त दिएको थिएँ," घुर्नाले ललनलाई बीचैमा उछिन्यो, "हाम्रो सशस्त्र समूहको घोसनै भएको छैन । त कामकारबाही कसरी होस् । त्यो नभएपछि मान्छेहरूले पता कसरी पाऊन् । वही भएर दुनियाँका लागि हाम्रो नामनिसान छैन । तर भितरै भितर हाम्रो सङ्गठन बनिरहेछ ।"

"तपाईहरू कय जना हुनुहुन्छ भन्नुभए'थ्यो कुनौलीमा ?" ललनले सोध्यो ।

उत्तर सुन्न रामा घुर्नातिर सोझियो । ललनभन्दा ऊ नै बढी आतुर देखिन्थ्यो ।

घुर्नाको मुटु ढक्क भयो । ढुकढुकीले छुत्ती खेल्न थाल्यो । यो कुरा ढाँट्नुपर्दाको सकस उसले जित्नैपर्छ । जित्नैपर्छ ! उसले आँत बलियो बनायो । ललन र रामाका चार ओटा आँखा आफूमा गढेको उसले महसुस गरिराखेको थियो । उसले पनि आफ्नो हेराइ जब्बर बनायो । र एकै सासमा भन्यो, "सङ्गठन खडा गर्न अहिले करिब १० जना छौं । यो हाम्रो अस्थायी समिति हो ।"

ललनले शङ्का नजताई मुन्टो सुस्तरी हल्लायो ।

घुर्नालाई भरथेग भयो । आफ्नो झुट आफैंलाई वास्तविक लागेझैं भन्न थाल्यो, "हाम्रो तयारी समितिले सय डेढ सय सदस्य बनाइसक्यो । ऊ पनि दु महिनाको भितरमा । अब तपाईं हिसाब लगाउनुस् । यही रफ्तारमा छ महिनाको बाद हाम्रो सङ्गठन कय गुना होला ।"

ललनले लामै सास फेन्यो र भन्यो, "तर आजको हिसाबमा मधेस जनतान्त्रिक सेनाले मुट्ठीभर मान्छे जुटेको समूहसित सहकार्य गरिरहेछ हैन त ?"

"गर्ने के । हाम्रो बाध्यता जो छ । सशस्त्रको झुन्डलाई तपाईंले 'सेना' भनेजस्तै हामी मुट्ठीभरकालाई 'मोर्चा' भन्नुपरिरहेछ ।"

ललन झट्ट केही भन्न लाग्दै थियो, घुर्नालाई मुखभरि जवाफ दिन । तर तात्तातो केही सुझेन । सायद घुर्नाले त्यहीँ प्रहार गरेको थियो, जहाँको नसा दबाउँदा बोल्ती बन्द हुन्छ ।

उसका आँखा रामातिर पुलुक्क चिप्लिए, उसको प्रतिक्रिया हेर्न । यो कुरालाई रामाले कसरी लिए होला भनेर । रामा भने घुर्नातिर एकाग्र भई हेरिराखेको थियो ।

"हेर्नुस् एक बात मान्छु," घुर्नाले विनम्र भएर भन्यो, कुरालाई लयमा ल्याउन । "प्लान तपाईंहरूको अगुवाइमा भइरहेछ । स्रोतसाधन र तयारीको हिसाबले तपाईंहरूभन्दा ज्यादा हामीलाई तपाईंहरूसित सहकार्य गर्न जरूरी छ । तर ई जनिलिनुस् हामीसँगको सहकार्यमा तपाईंलाई पनि फाइदै हुन्छ । बम कोले बनाउने, कहाँबाट माल ल्याउने, तपाईंहरूले लफडै लिन परेन ।"

"त्यतिले थोडै मानिरहेथे साथीहरू," ललनले आफ्नो कुरा माथि राख्यो, "मधेसी र दलित सशस्त्र समूहले मिलेर बम विस्फोटको जिम्मा लिँदा हाम्रो एजेन्डा कमजोर पड्दैन भन्दै थिए । मैले भनें– मधेसी, जनजाति, दलित अहिले सभै जागिरहेछन् । एकदुसराको एजेन्डालाई सपोर्ट गर्दै आगे बढे भने हाम्रो आवाज और तगडा हुन्छ ।"

"ठीक भन्नुभयो । तर असल बात के हो भने," घुर्नाले थप्यो, "हाम्रो एजेन्डा अलगअलग भए पनि हाम्रो लडाइँ आत्मसम्मानका लागि हो ।"

"यति मात्रै हैन...," ललनको कुरा सक्किएकै थिएन, "...राजनीतिक एजेन्डाबाहेक हामीबीच और खालको सहयोग पनि त हुन सक्छ भनेर सम्झाएँ । अनि उनीहरूलाई तपाईंले हतियारको काम गरिसकेको भनेर भनें । उसको बादमा उनीहरूले विचार गरेर ग्रिन सिग्नल दिए । किनभने अहिले हामीलाई हतियार ऊ पारबाट ल्याउन मुस्किल परिरहेछ । तपाईंले हाम्रो लागि पूर्वको नाकाबाट हतियार किन्ने र सीमा टपाउने च्यानल मिलाइदिनुभयो भने सहकार्यको औचित्य और बढिहाल्छ । त्यसैले यो सर्त हाम्रो तर्फबाट तपाईंलाई राखेको ।"

घुर्नालाई यसमा हानि नै के छ र भन्ने लाग्यो । सर्त पहिल्यै मन्जुर गरिसकेकाले भन्यो, "वही भएर तपाईंलाई बीरपुर बोलाएको ।"

"यसको मतलब यहींबाट हतियारको डिल भइहाल्छ ?"

"यहाँ त हैन । बलवा जान पड्छ," घुर्नाले भन्यो ।

"बलवा...," ललनले विचार गर्न थाल्यो ।

"तर पहिला काठमान्डूबला प्लान त निप्टाइहालौं ।" घुर्ना बम विस्फोटको योजना सुन्न खुलदुलिएको थियो ।

"म सोचिरहेछु, प्लानको फुल सेटिङ एक बार भइहालोस् । तब तपाईंलाई डिटेल भनुँला ।"

"मलाई पनि त थोडा समय चाहियो । सामान ल्याउन, बनाउन," घुर्नाले जोड गऱ्यो ।

"एक बात नोट गरिहाल्नुस् । हामीलाई तिनटा बम चाहिन्छ," ललनले भन्यो, "तीन जगहमा पड्काउने हो । काठमान्डूको तीन अलगअलग ठाउँमा ।"

"तीन जगहमा !"

"ऊ पनि एक ही टाइममा, बुझ्नुभएन के । एकदुई सेकेन्डको फरकमा तीन जगहमा एकैसाथ टाइम बमको धमाका !"

"कहाँ, कहाँ ?"

"वही बातमा शिर खपाइरहेछौं," ललनले भन्यो ।

"यो जरूर खयाल राख्नुहोला," घुर्नाले पूर्वसर्तकै शैलीमा भन्यो, "बम ब्लास्ट गर्दा पब्लिक जगहमा हैन, सरकारी काम हुने ठाउँमा हान्नुपर्छ । किनभने हाम्रो निसाना राज्य हो, जनता हैन ।"

"बिल्कुल... बिल्कुल... ।"

आश्वस्त भएपछि घुर्नाले भन्यो, "त हामीलाई चाहियो तिनटा बम । तर त्यो काठमान्डूवैमा बनाउनुपर्छ । बनाइवनाईकन लग्न मिल्दैन ।"

"ठीक सोच्नुभो । उतै बनाउने हो । मगर कहाँ, कसरी अहिले डिटेल प्लान भ'को छैन । पहिला वहाँ मान्छे चाहियो । आफ्नो सेटिङको मान्छे । तब न जाईकन सहज हुन्छ । कन्टेक्ट बनाउन समय लाग्छ । त्यसैले इन्तजार गर्नुस्, एक हप्ताजति ।"

"एक हप्ता ?" व्यग्रता बढ्यो घुर्नाको ।

"सिरिफ एक हप्ता ।"

पर्खनैपऱ्यो । 'फुल प्लान' बुझ्न आएको घुर्ना, यहाँ त आधाको आधा पनि बनेको रहेनछ । घुर्ना मनमनै टेढियो । योजना पूरा बनी नसक्दै 'उछलकुद' मच्चाइराखेको रहेछ ललन । कुनौलीमा त मच्चिइमच्चिई भनिराखेको थियो, 'राजधानी उडाउने' । सहकार्यको प्रस्ताव राख्दा केन्द्रीय समितिको हौवा देखाएर स्थापित पार्टीझैं प्रभाव जमाउन खोजेको थियो । भरे सिकारू चाला रहेछ उसको ।

तर ऊ ललनहरू जस्तो सिकारू पारा देखाउनेछैन । मनमा ठान्यो घुर्नाले । कामको पक्का भएर देखाउनेछ । उसले मोबाइलमा समय हेऱ्यो ।

अबको एक घण्टामा बस बिसौनी पुगिसक्नुपर्छ । त्यसैले भन्यो, "बलवा जान तयार भइहाल्नुस् । मैले खबर गरिसकेछु ।"

"बलवा यहाँबाट कति दूर पड्छ ?" ललनले सोध्यो ।

"दक्षिणतिर पड्छ । आठनौ किलोमिटर भितर गाउँमा ।"

ललन र रामाले एकअर्कातिर हेराहेर गरे ।

"यता डेलिभरी गर्न मुस्किल छ ?" ललनले सोध्यो ।

"उनीहरू रिस्क लिन चाहँदैनन्," घुर्नाले भन्यो, "यहाँ सादा कपडाबला पुलिसको डर छ । नक्कली खरिददार बनेर कति बेला दबोच्छन्, पता हुँदैन । त्यसैले उनीहरू यहाँ कारोबार गर्न मान्दैनन् । यहाँबाट हतियारलाई सीमा टपाउने मात्रै हो ।"

"अच्छा...," चिउँडो कन्याउँदै ललनले भन्यो, "तर यहाँ पनि मिलिहाल्छ भनेर सुनेको... ।"

"यहाँ मिल्ने भनेको सानो हतियार हो," घुर्नाले सम्झायो, "ऊ पनि खुद्रामा । र यहाँबाट किन्ने भनेको भर्खरको छौंडाहरूले हो । जो खेलौना जस्तो कट्टुवालाई लिइलिई घुम्छन् अनि पक्डा खान्छन् । एसएमजी लिनको लागि मेरो आफ्नै चैनल छ । त्यसका लागि बलवा जानुपर्छ । उता लेनदेन भयो भने तपाईंको आफ्नै कन्टेक्ट बनिहाल्छ । बादमा सम्पर्क गर्न सजिलो पनि हुन्छ ।"

शिर हल्लाउँदै ललनले रामातिर हेऱ्यो । दुवैका आँखा जुधे । दुवैको मतो मिल्यो क्यारे । ललनले त्यसपछि भन्यो, "एकदम सही । हामी बलवै जाऔँ ।"

"चार ओटा थ्री फिफ्टिन र एक एसएमजी यहाँबाट पार गराउँदा तपाईंले भनेको सादा कपडावालाको डर हुँदैन ?" यसपालि रामा बोल्यो । स्वर उसको तेज थियो । अनुहारमा जिज्ञासा कम, सन्देह तेर्सिएको थियो ।

"डर नाकानाकामा हुन्छ, किन हुँदैन । तर त्यो मेरो जिम्माको बात भयो । यहाँको मेरो सेटिङ अलग छ," घुर्नाले दुस्साहसी पारामा भन्यो ।

"बादमा फेरि चाहियो भने...," अनकनाउँदै ललनले भन्यो ।

"बादको कुरा बाद ही मा गरौंला । पहिले यो भइजाओस् ।"

उनीहरू बलवा जान बस बिसौनीतिर लागे ।

बसमा सिट भरिन बाँकी नै थियो । भर्खर नम्बर लागेको बसमा घुर्ना, ललन र रामा उक्लिएका थिए । अन्तिम सिट ओगटेका उनीहरू लहरै बसेका थिए । बस गुड्ने पर्खाइमा पसिना काढ्दै, आफ्नै धुनमा धुम्मिएर उनीहरू कुर्न थाले ।

झ्यालनिर बसेको घुर्नाका लागि सबै चीज यति चाँडोचाँडो भइराखेको थियो, केलाउने फुर्सदै थिएन । बसमा जड भएर बस्नुपर्दा उसको मनमा तर्कना उठ्यो– कामकुरा ठीकठाक त गइराखेको छ ? उसको छेउमा बसेको थियो ललन । छातीमा हात बाँधेर ऊ दायाँ खुट्टा हल्लाएको हल्लायै थियो । रामाको ध्यान बसमा चढिराखेका यात्रुतिर थियो । उनीहरूलाई देखेर घुर्नाले सोच्यो– कम से कम आफ्ना तर्फबाट ठीकठाकै गइराखेको छ । अनि घुर्नाले सोध्यो, अघि सोधौंला भनेको कुरा, "उता कडाइ नगरेको भए तपाईंहरूले घोडासनबाट ल्याउनुहुन्थ्यो ?"

"उधरैबाट हो," ललनले भन्यो, "गौर घटनापछि टाइट नगरेको भए थ्री फिफ्टिन वहींबाट निकलवाउँथे ।" आवाज दबाउँदै उसले भन्यो, "तर दूरवाला रेन्जको बन्दुक सप्तरी नाकाबाटै टपाउनुपर्थ्यो ।"

"घोडासनमा पेस्तोल र रिभोल्भर सिरिफ हो," रामाले खाँटी कुरा गर्‍यो, "एसएमजीहरू यहीं लिन सजिलो छ ।"

उसको कुराले घुर्नालाई लाग्यो, मधेस जनतान्त्रिक सेनामा उसैले हतियारको काम गर्छ ।

त्यसपछि ललनले खुसुक्क सोध्यो, "तपाईंको सेटिङ सुर्जा समूहमा भएपछि फिट भए होला, हैन ?"

"मेरो कनेक्सन थोडाबहुत पहिलै सेट थियो," घुर्नाले तुरुन्त सच्यायो । सुर्जा समूहको नाता देखाउनेबित्तिकै पोल्यो उसलाई । हुन पनि सुर्जा समूह छिर्नुअगावै घुर्नाले हतियार ल्याउने काम गर्थ्यो । यति हो, समूहमा छिरेपछि धेरैधेरै माल ल्याएकाले हतियार सप्लाई गर्नेले बढी विश्वास गर्न थाल्यो । तर यो सबै ललनलाई के भनिराख्नू । ललनसामु यति चाँडै ऊ खुल्न चाहेन ।

ललनले घुर्नातिर हेरिरह्यो । त्यसबारे उसले थप प्रस्ट्याउला भन्ने आसमा । तर घुर्ना उसको जिज्ञासाबाट पन्छिन मोबाइलमा समय हेरे जस्तो गर्‍यो ।

सिनो बहिष्कार आन्दोलन हुँदा घुर्नाले एसएलसी पास गरिसकेको थियो। तर दुई चोटिको प्रयासमा एसएलसी पास गरेकाले उसको ध्यान बरालिन गयो । जसले गर्दा उसलाई पढाइभन्दा इलम सिक्न ठीक लाग्यो । र ऊ लहानमा रेडियो मर्मत सिक्न थाल्यो ।

दोस्रो पटक जब झबर एकाएक घुर्नाको घर पुगे ०५८ सालमा । भित्र कोठामा उनले मदरबोर्ड थुपारेको देखे । त्यसबारे घुर्नालाई सोध्दा, उसले आफ्नो जोहोका लागि रेडियो मर्मत गर्न सिकिराखेको भन्यो । त्यति बेला झबरलाई 'जनयुद्ध'कै ध्याउन्न थियो । यसैले घुर्नालाई पार्टीमा प्रवेश गर्न जोड गरे । तर घुर्ना उनले चाहेको जस्तो पार्टीमा सक्रिय भएर लागेन । उसको आफ्नै असन्तुष्टि थियो ।

पछिपछिको भेटमा जब झबरले धेरै सम्झाए । घुर्ना थोरै नरम भयो पार्टीप्रति । खुलमखुला नलागे पनि सहयोग भने गर्न थाल्यो, झबरले भनेभनेका नेतालाई सीमा कटाइदिने काम गरेर । एक पटक होइन, पटकपटक । यस्तै नेता, कार्यकर्ता र युद्धमा घाइते भएकाहरूलाई सीमा कटाउँदाकटाउँदै घुर्नाले हतियार ओसारपोसार पनि गर्न थाल्यो ।

०५८ सालयता गाउँघरमा हतियारको धन्दा भित्रभित्रै फस्टाइराखेको थियो । कोही सुरक्षाका लागि कट्टुवा आफूसँग राख्न थालेका थिए । कोहीचाहिँ रौसिएर सान दिन ।

उसै बेरोजगार थियो घुर्ना । उल्टै पैसा तिरेर रेडियो मर्मत गर्न सिकिराखेको थियो । सुरूसुरूमा सर्ट वेभको स्टेसनझैं चहकिलो र चिरबिर्र नभएको होइन उसको सिक्ने उत्साह । तर रेडियोको कामबाट बिस्तारै मनको 'वेभलेन्थ'को गढबढी सुरू भयो । र उसको लगाव पानी पर्दाखेरिको मिडियम वेभझैं स्वाँस्वाँसुँसुँ गर्न थाल्यो । सिक्ने इच्छाको धुकधुकी मात्र बाँकी भए जस्तो ।

एक त पटना स्टेसन समातेन भनेर रेडियो नै बजार्ने जँड्याहाहरूको रेडियो बनाउँदाबनाउँदा साहू कठघरको हैसियतभन्दा माथि उक्लिन नसकेको देखिराखेको थियो । त्यसमाथि चमार भएकाले छोइन्छ भनेर त्यत्रो घाममा पनि अलग बसी प्रिन्टबोर्डमा सोल्जरिङ गरेर मदरबोर्ड तयार पार्नुपर्ने ।

'वाहियात !' भन्दै उसले राङ र मदरबोर्ड लहान बजारको एक नम्बर रोडको साहूलाई फिर्ता गरिदियो । त्यसपछि ऊ लहसियो, हतियार ओसार्ने जोखिमतिर ।

पहिला ऊ हतियार बोक्ने क्यारियर बन्यो । सिरहाको दक्षिणी सीमावर्ती गाउँको 'ब्ल्याकियाहरू'सित जिलेटिन, डेटोनेटर र गन्धकको पोकापोकी ल्याउने गर्थ्यो । पछि घरेलु नलकटुवा र थ्री फिप्टिन ल्याउन थाल्यो । अनि बिचौलियासितको हेलमेलले कम्पनीमा बनेको माउजर र सिक्सर पनि ल्याउन थाल्यो । ०६३ सालमा जब ऊ झबरको समूहमा छिन्यो, आठदस ओटा राइफल एकै पटकमा ल्याउने भयो ।

ललनलाई यी कुरा नभने पनि उसले त्यसबारे कोट्याइदिँदा ती दिनहरूले बाडुली लगाउनु पक्का थियो । जसरी उनीहरू बलवा गइराखेका थिए । यसरी नै झबरको समूहमा हुँदा ऊ सहरसा र मुङ्गेर जाने गर्थ्यो । एकपल्ट सहरसाबाट हतियार ल्याउँदा गर्नुपरेको स्वाङ सम्झिएर घुर्नाको मन मुसुक्क भयो । बसको पट्यार र हप्प गर्मीलाई मात दिँदै ।

त्यति बेला सहरसाबाट चार ओटा एसएमजी भीमनगरको नाका हुँदै भित्र छिराउनुपर्ने थियो । कुनै बेला रामलीलामा नचनियाँ बनेको अनुभवले खुबै काम दियो । घुर्नाले आफूसहित समूहका चार जना केटाहरूलाई स्वास्नी मान्छेको भेषमा सिँगार्‍यो । पहिला त केटाहरू स्वास्नी मान्छे बन्नै मानेनन् । झबरले हपारेपछि बल्ल तयार भए । अनि रङ्गीचङ्गी धोती र पेटिकोटमा अल्झिँदै बल्झिँदै दुइटै जाँघमा हतियार बाँधेर तिनीहरूले सीमा कटाए ।

केटाहरू बाटोभरि कन्डमको लोला बनाएको छातीबारे जिस्किएको जिस्कियै गरेका थिए । तिनीहरूले घरीघरी सोध्थे पनि । यस्तो स्वास्नी मान्छेको जस्तै छाती बनाउन कहाँ सिकेको भनेर । तर घुर्नाले रामलीलामा काम गरेको भनेन । जसोतसो जवाफ दिएर उम्कियो । आफ्नो बाबुलाई थाहा हुन नदिए जस्तै उसले फेरि पनि थाहा हुन दिएन । रामलीलामा नचनियाँ बनेर नाच्नुपरेको कुरा । 'मर्द' हुनुको अहम्मा ठेस जो पुग्थ्यो ।

ललनले घुर्नातिर ढल्केर थप केही सोध्न खोज्दै थियो । सँगै सिटमा दुई जना यात्रु आएर ढपक्क बसे । पाँच जनाको पछाडिको सिट भरियो । त्यसपछि त लगालग यात्रुहरू भरिँदै गए ।

तीन जना फेरि आफूआफैंमा कैद भए । चुपचाप । पसिना काढ्दै । आफ्नै धुनमा धुम्मिएर ।

बस स्टार्ट भयो र गुड्ने सुरसार गर्न थाल्यो । भित्र गीत घन्किन सुरू भयो । बसभरि थर्किन थाल्यो भोजपुरी गीत *ए राजा जबसे चढल जवनिया लहङ्गा एसी खोजता ।* रामा अघि नै अर्को किनारको झ्यालमा सरेर बसेको थियो । पछिका दुई यात्रु आएको देख्नासाथ झ्यालपट्टिको सिट उसले ओगटिहाल्यो ।

बस गुड्नासाथ ललन टाउको पछाडि अड्याएर आँखा चिम्लियो । झ्यालबाहिर घुर्नाले साँझको शीतल हावा छातीभरि भऱ्यो । बसमा फैलिएको पसिनाको अमिलो गन्धबाट राहत पाउनभन्दा पनि बीरपुरबाट फुक्का भएकोमा ।

बीरपुर बजार सकिएपछि सुरू हुने ग्रामीण इलाका उसलाई आफ्नै देहातजस्तै लाग्न थाल्यो । तर ठाउँठाउँमा ठडिएका होर्डिङ बोर्डमा हात जोरेर मुस्कुराइराखेका नीतिशकुमारको फोटो देख्दा झस्किन्थ्यो । त्यसपछि नेपालमा देखिने जस्तो बबुलको रूख, सनपाटको खेत, दक्षिण बग्ने कोसीको पानी सबै पराइ भइदिन्थ्यो । तर बस सनसनाउँदै जति भित्र गाउँले इलाकामा पुग्थ्यो, मानसपटलमा दुई देशबीचको सिमाना फेरि मेटिन्थ्यो, गोबरगढाऽऽको जङ्गे पिलर कोसी नदीले बगाइदिरहने जस्तो । कोसीले सिमाना नचिनेजस्तै उसको मनले वारि होस् कि पारि, सनपाटको खेत देख्दा लहाठीकै झैं गरी हेर्न थाल्थ्यो ।

बसको झ्यालबाट हेर्दा किसानहरूलाई सनपाट काट्ने चटारो देखिन्थ्यो । कतै खेतमा सनपाटका बुटा पातलिँदै गएका देखिन्थे । कतै भने काटिएको सनपाटका ठुटाहरूले खेत बुच्चो देखिन्थे । कतै बाटोछेउछाउ जमेको पानीमा सनपाट गाढिएको थियो । कतै भने किसानहरूले सनपाटको सन्ठीबाट पटुवा निकाल्दै गरेको देखिन्थ्यो । उसको बाबुले जस्तै गरी । उनी पनि त हरवाहा हुँदा कम्मरसम्मको पानीमा दिनभर डुबेर पटुवा केलाउने गर्थे । अनि ऊ बाबुले पटुवा केलाइन्जेल पानीमा गँगटा समाउने गर्थ्यो ।

तर घुर्ना सनपाटको रेसामा लटपटिएको बाल्यकालमा अल्झिएको थिएन । उसका लागि पटुवा अब अर्कै सन्दर्भसित जोडिन थालेको थियो । दुई वर्षदेखि खस्रो काँचो पटुवाले जुटको बोराको सम्झना गराउँथ्यो । र जुटको बोराले बेचन बडहीको डुँडो औंलाको झझल्को दिन्थ्यो । बेचन, जसले सिकाएको थियो उसलाई घरेलु बम बनाउन । बम बनाउँदा जुटकै बोरा प्रयोग गर्न । गन्धक

र युरेनियमलाई मिसाएर सुकाउँदा प्लास्टिकले होइन, जुटको बोराले बेरेर सुकाउन । अरू होइन, जुटको बोराले नै छोप्न ।

बाटोछेउछाउका खपरैल घरको छतछतमा सुकाएको पटुवा देख्दा घुर्नाले एक पटक फेरि बेचन बडहीलाई सम्झिन पुग्यो ।

बेचन बडहीसित घुर्नाको भेट ०६१ सालमा भएको थियो । सप्तरी तिरकौनको बेचन बडही सङ्ग्राम सुतिहारकै गाउँका थिए । हुन त उनको पुर्ख्यौली पेसा आरन चलाउने थियो । तर भित्री मधेसमा गाँजाखेती फस्टाएकाले नलकटुवाको माग बढेको थियो । त्यसैले उनी लुकीछिपी आफ्नो आरनमा नलकटुवा बनाएर बेच्थे । थोकमा होइन मागबमोजिम । सङ्ग्राम सुतिहारका केटाहरूले हौस्याएपछि उनले घरेलु बम पनि बनाउन थाले ।

साना कदकाठीका बेचन ४०-४५ का थिए होलान् । दुई आँखीभौंबीचको एकसरो धर्सो कुलेसोझैं गहिरिएको थियो । आगाको राप अघिल्तिर खुम्च्याउँदाखुम्चाउँदै गहिरिए होला । आँखा कैला थिए उनका, फलाम खिइएको रङ जस्तो । त्यस्ता सुधा कैला आँखा घुर्नाले देखेको थिएन वा उनको मुहारको भावमै अपरिभाषित केही थियो । यसै भन्न सक्दैन घुर्ना । खाली सिसीहरूले भरेको झोला उसलाई थमाउँदा घुर्नाले ख्याल गरेको थियो, उनको देब्रे हातको चोरऔंला डुँडिएको ।

घुर्ना नौदस दिन झबरहरूसँग गोबरगढामा अड्किनुपरेको थियो । अड्कुन्जेल उसले कहिल्यै सुनेन बेचनले राजनीतिका कुरा गरेको । चाख पनि थियो कि थिएन उनलाई ? वा व्यावसायिक हिसाबले सुतिहार समूहसित आबद्ध भएका थिए ? घुर्नाले पछिबाट सोचेको थियो ।

राजनीतिक बहस र व्याख्यान हुँदै छ भने उनी चुपचाप सुनिरहन्थे । नत्र एक्लै बिंडी तानिरहन्थे । चोर औंला र बुढी औंलाबीच च्यापेर, अर्धमुट्ठीको कापकापबाट धूवाँ फुस्फुसाउँदै । एक मधेसबारे झबर एक पटक धाराप्रवाह बोलिराखेको बेला उनले घुर्नाको कानमा साउतिए– गाउँसम्म बाटो आउँछ र ? त्यो पनि आसलाग्दो पाराले होइन । अविश्वासको पुट थियो उनको सोधाइमा । सबलाई छुट्टाछुट्टै प्रदेश चाहिएका बेला यी मान्छेलाई जाबो बाटो

पो चाहियो रे । फिसिक्क हाँसो फुस्किएको थियो घुर्नाको । यसलाई कसरी अर्थ्याए उनै जानून् ।

बेचन बडहीसितको काम झबर पासवानले अह्राएका थिए घुर्नालाई । पारिबाट युरेनियम र डेटोनेटर किनेर बेचनसम्म पुऱ्याउनुपर्ने थियो । र बेचनसँगै सामान लिएर गोबरगढाऽऽ आउन भनेका थिए झबरले । त्यति बेला झबर सङ्ग्राम सुतिहारको 'जनतान्त्रिक मधेस मुक्ति'मा थिए । ०५८ सालमा माओवादी छिरेका झबर पासवान ०६१ सालमा पार्टीबाट निस्किएर सङ्ग्राम सुतिहारसँग लागेका थिए ।

बेचनसँग डुङ्गामा गोबरगढाऽऽ जाँदा घुर्नाले सम्झिराखेको थियो, अढाई वर्षअघि झबरले माओवादीमा लाग कि लाग भनेर मरिहत्ते गरेको । अहिले भने आफू नै निस्किए । त्यसो भए अब जनतान्त्रिक र माओवादीमा के फरक छ त ? माओवादीले भन्ने गरेको र यिनीहरूले भनिराखेको मधेस मुक्ति एउटै होइन ? बेचनले बोक्न दिएको एक झोला पेप्सीको खाली बोतल बोकेर, पानीको एकोहोरो छप्ल्याङछुप्लुङ सुन्दै घुर्ना घोत्लिएको थियो ।

"फर्क छ मधेसलाई बुझ्नुमा," साँझपख ताडीको पङ्खा हम्काउँदै झबरले भनेका थिए । घुर्नाहरू पुगेकै दिन माओवादीको मिथिला राज्य समितिका दुई जना सदस्य पार्टी छाडी जनतान्त्रिकमा प्रवेश गरेका रहेछन् । अबिर लगाउने औपचारिकता सकाइवरी गफैगफमा उप्किएको सन्दर्भ थियो यो । "जसलाई मधेस कहाँ से कहाँ तक हो भन्ने पता थिएन, उनीहरू मधेसलाई टुकडा गर्न चाहन्छन् । यता पूर्वमा भाषाका आधारमा र पश्चिममा जातीयताका आधारमा अलगअलग प्रदेश बनाउन चाहन्छन् । तर हामी यो कभी भी हुन दिंदैनौं ।" यसो भन्दा उनीसँगै उभिएको बन्दुकधारीले टाउको मच्चाइमच्चाई हल्लाएको थियो ।

कोठे लुङ्गीमाथि बोलबमको बनियान लगाएको, काखीमा एसएमजी सिउरेको बन्दुकधारी झबरको अङ्गरक्षक थियो । अङ्गरक्षकसहितका झबर पासवान अर्थात् 'सुर्जा' मधेसका नेताजीका अवतारमा थिए । उनले नचाहेको जस्तो दलित अगुवा 'मात्र' होइन । यसैले पूरा मधेसको भाग्यविधाताले झैं घोषणा गरिदिए, "जनतान्त्रिक मधेस मुक्तिले आत्मनिर्णयको अधिकारसहितको एक मधेस खून बगाएर लिनेछ !"

अबचाहिँ मधेसमा केही होला जस्तो लाग्यो घुर्नालाई, पहिलाको तुलनामा झबरलाई आक्रामक देखेर । मधेसी मुक्ति 'जनयुद्ध' सफल भएपछि हुनेछ भन्ने उनको धैर्य मधेसको गर्मीमा पग्लिसकेको थियो । जेठमा महेन्द्र राजमार्गको अलकत्रा पग्लिएझैं । अनि एक मधेसको माग पूरा गराउन उनी आफैं भकभकी उम्लिराखेका थिए । त्यसमा 'जसरी भए पनि'को जब्बरपन पनि थपिएको थियो ।

जति उनी एक मधेसका लागि जुर्मुराएका थिए । त्यति नै माओवादीप्रतिको रोषले टन्किएका थिए । करेत सर्प के टन्किँदो हो विषले । त्यो त राति माछाभात खाँदै झबरले कुरा फुकाउँदा पो घुर्नाले थाहा पायो– उनको विषालु फुङ्कार पार्टीप्रतिको । जब झबरले रोहुको काँडा निकाल्दै भने, "पार्टी छोडेको अर्को कारण पनि छ । सङ्ग्राम दादाले कति गर्नुभयो मधेसी राष्ट्रिय मोर्चाका लागि । आज आएर कोही दुसरैलाई टाउके बनाउने पार्टीले ? अरू हैन मधेसीहरूलाई फोडेर, लड झगडवाएर, मधेसको नेता बनिरहन चाल चलेका हुन् पहाडी नेताहरूले । मगर अब जे गर्नु छ, मधेसीहरूले खुद गर्नेछन् ।"

व्यावसायिक राजनीतिको खार आयो, पद मिलानको गन्थनले । र लाग्यो, त्यो खारले माछाको तरकारीलाई अझ तिख्खर बनाइदियो । सायद त्यसैले झबरले माछा र भात खपाखप खाँदै गए । गाँसैपिच्छे पर्ने काँडालाई सजिलो गरी निकालिवरी । घुर्नालाई भने रोहुको काँडा केलाउनै सास्ती ।

जेहोस् माओवादीको मधेसी राष्ट्रिय मोर्चाबाट निक्लेकाहरूले बनाएको जनतान्त्रिक मधेस मुक्तिको सङ्घर्ष दोहोरो थियो । एकातिर सेना र पुलिससितको लुकामारी, अर्कोतिर माओवादीहरूसितको लडन्त । सरापासराप त सामान्य भइहाल्यो । तीव्र हुन थालेको थियो, कार्यकर्ता तानातानको परिस्थिति । त्यहीसँग सुरू भएको थियो, ढाडमा गोली ठोकेर भाग्ने 'ग्याङस्टार' शैली पनि ।

अहिले गोबरगढाऽऽमा घुर्नालाई रनभुल्ल बनाएको थियो, झबरको आग्रहले । त्यहाँ पुगेको दिनबाटै समूहमा प्रवेश गर कि गर भन्न थालेका थिए झबरले । तर यसपालि पहिला जस्तो ढुलमुले समर्थक भएर बस्न पाउँदैनौ भनेर स्पष्ट भनिदिए । घुर्नाले उनको कुरा काट्न खोजेको थियो । तर झबर सुन्ने होइन, सुनाउने सुरमा थिए । त्यसैले भन्दै गए, घुर्नालाई जनतान्त्रिक मधेस मुक्तिमा लाग्नैपर्ने कारणहरू ।

मधेस मुक्तिका लागि मधेस स्वायत्त प्रदेश पहिलो सर्त हो उनले भने । पहिला सुरू स्वायत्त मधेसमा हेपिएका मधेसीहरूको स्वाभिमान फर्किनेछ । त्यसपछि आत्मनिर्णयको अधिकारले मधेसीहरूले आफ्नो आर्थिक, राजनीतिक समस्या आफैं हल गर्नेछन् । तर यी सपनाका बाधक हुन् पहाडी शासक, उनले भने । चाहे त्यो सत्तासीन राज्य होस् या माओवादीका विद्रोही नेता । सबका सब मधेस र मधेसीमाराहरू हुन् ।

तर घुर्नाको मगज एउटै चकरघिन्नीमा खिइँदै थियो– स्वायत्त मधेसमा मधेसी दलितहरूको मुक्तिचाहिँ के गरी हुनेछ ? भैयाजीलाई सोध्यो भने त्यही आरक्षणसारक्षणको कुरा गरेर घुमाइदिने हुन् । नभए भन्ने हुन्– पहिला मधेसका लागि लड अनि बाँकीको समस्या एकएक गर्दै फुमन्तर भइहाल्नेछ । कुरा फेरि पहिलाजस्तै हुन आउँछ । तर अहिले मधेसीहरू एक मधेसको खरमासमा झोसिएको बेला मधेसी समुदायसितको नश्लको नाताबाट पनि त चोइटिन सकिन्न । उसो भए दलनको मुद्दालाई थाती राखेर जनतान्त्रिक मधेस मुक्तिमा प्रवेश गर्ने ? झबरले भनेको जस्तो ?

के गर्ने, के नगर्नेमा घुर्ना ढलपलिँदै थियो । तर द्विविधाको चकरघिन्नी सुनिन्न र पो । नत्र झबरले किन थोपर्दै भन्थे, "हाम्रो १५ सदस्यीय केन्द्रीय समिति खडा भइसकेछ । दादाले मलाई पूर्वीय कमान्ड सम्हाल्न जिम्मेवारी सौपिसकेछन् । तिमी सिरहा जिल्ला कमिटीको सदस्यबाट सुरू गर, बादमा म एरिया सैन्य इन्चार्ज बनाइदिन्छु ।"

हुन्छ भन्नुपर्ने परिबन्ध पो आइलाग्यो । तर द्विविधाले दिमाग दुई फ्याक भएका बेला घुर्नाले भन्यो, "पता नइ भैयाजी_ सोच्छु ई बारे ।"

झबरको मुहार खिस्रिक्क पऱ्यो, नचिताएको प्रतिक्रिया सुन्नुपर्दा । झबरले त्यसपछि केही गाँस्नै सकेनन् । तर धेरै समयका लागि होइन । उनले घुर्नालाई न्याख्याख गरिरहे ।

यादव समुदायका सङ्ग्राम सुतिहारलाई नेता र गुरू मानेर झबरले 'दादा' भन्दा हुन् । तर घुर्नालाई उसको अन्तरले चोर औंला ठड्याइराखेको थियो – बाबु त जादबहरूको हरवाहा भएभए, अब तैंले पनि तिनैको कार्यकर्ता बन्नुपर्ने ?

पहिला पनि माओवादी पार्टीका उच्च जातका मधेसी नेतालाई घुर्नाले 'कामरेड' मानेको थिएन । त्यति बेलै झबरले हकारेर जातभन्दा माथि

उठेर सोच भनेका थिए । त्यही सम्झिएर उसले प्रतिवाद गर्ने आँट गरेन । अहिले त जिब्रो नै समाउने हुन् झबरलाई भन्यो भने । तर प्रतिवाद नगरे समूहमा आऊ कि आऊ भनेर मानसिक दबाब दिइराखेका झबरलाई कसरी झेल्ने ?

घुर्नालाई गोबरगढाऽऽबाट उम्किन मन लाग्यो ।

तर वर्षाको कोसीले तर्न दिए पो घुर्ना झट्ट डुङ्गा चढेर फर्कंदो हो । उनीहरू आउँदादेखि परेको पानी तीन दिन भइसक्दा पनि रोकिएको थिएन । आउँदा टापुकिनारका घाँसे मैदानमा घुँडासम्म आएको पानी कम्मरसम्म पुगिसकेको थियो । चारैतिर ठूलासाना भँगालाहरूले गोबरगढाऽऽ घेरिएको थियो । उर्लिएको कोसीको भँगालोमा कसले डुङ्गा चलाओस् । तीन सयभन्दा बेसी घर डुबानको जोखिममा थिए । वर्षाका लागि घरका आँगनमा बनाएको बाँसको मचानबाट हेर्दा गोबरगढाऽऽ पानीमा तैरिइराखेको गाउँझैं लाग्थ्यो ।

ग्वालहरू फुर्सदिला भएका थिए । भ्याइनभ्याई भएको थियो कोसीको भेलमा बगेर आउने दाउरा जम्मा गर्दै बेच्नेहरूलाई । स्वास्नी मान्छे र केटाकेटीहरू सधैंझैं सात किलोमिटर पारिको हनुमाननगर र जोगिनियातिर डेरा सरिसकेका थिए । पारि जान नसकेकाहरू थाप्लामा हात राखेर रून्नु न हाँस्नु भएका थिए ।

कस्तो समयमा आइएछ भन्दै घुर्ना अत्यासिन थाल्यो । नेपालपट्टि पर्ने कोसीको पश्चिमी बाँधतिर आँखा टिकाउँदै कल्पिराख्यो ऊ– पारि पुगेर छ महिना नाकमुखै नदेखाए टन्टै साफ । झबरलाई कहाँ पछिपछि आइरहने फुर्सद छ र ? नभए जे हुन्छ, पछि देखाजाला । अहिले के गरूँ, के नगरूँको अन्योलबाट त पिछा छुटोस् । सोच्दै बाँध पारि खुट्टा टेक्न आतुर थियो घुर्ना । तर कोसीको तेजिलो धारले उसको बाटो छेकिराखेको थियो ।

घुर्नाका लागि तगारो भए पनि जनतान्त्रिक मधेस मुक्तिका केटाहरूका लागि भने त्यो चिनियाँ पर्खाल भएको थियो । 'दुस्मन'हरूबाट बच्न । कम से कम असार, साउन, भदौसम्म । त्यतिन्जेल पारिबाट को आयो र को आउँदै छ भनेर चनाखो हुनु नपर्ने भएको थियो । यही बेला हो समूहका केटाहरूसित घुर्नाको चिनजान र उठबस भएको । जुन मुतनी वनको घटनापछि यहाँ लुकिछिपी बस्न काम लाग्यो ।

जतिजति नदी मास्तिर उक्लिराखेको थियो । त्यति नै गाउँलेहरू टापुको उँचा ठाउँमा सर्दै गए । तल गाउँमा 'सेल्टर'मा बसेका झबरलाई पनि सर्नुपर्ने भयो । उनी अङ्गरक्षकसहित गोबरगढाऽऽको बीच भागमा पर्ने टोलमा आइपुगे । घुर्नां भने जनतान्त्रिकका केटाहरूसित कहिले यता, कहिले उता गर्दै बसिराखेको थियो । झबर सरेको टोलमा पानी त पसेको थियो । तर कुर्कुच्चासम्म मात्र । टोलेहरू प्रायः हनुमाननगर सरिसकेका थिए । झबर त्यहाँ सरेपछि बल्ल बेचनले उनी बसेको घरको छतमा बम बनाउने मेसो गर्न थाले । घुर्नालाई लाग्यो, यो समयमा गोबरगढाऽऽ थुनिन्छ भन्ने जानेरै बेचनलाई बोलाइएको हो, बम बनाउन ।

तर बेचनले जनतान्त्रिकका केटा जसकसैलाई सघाउन भन्थे, तिनीहरू पन्छिन्थे । उनको देब्रे हातको चोर औंला देखेर । तीन महिनाअगाडि बम बनाउँदा हातैमा पड्किएर बेचनको चोर औंला डुँडो भएको थियो । केटाहरू तर्सिए, फेरि त्यस्तै नभइदियोस् भनेर । त्यसपछि झबरले घुर्नालाई सघाइदिन आग्रह गरे । रेडियोको पाटपुर्जाको प्राविधिक भएकाले उसले सक्छ भन्दै । झबरको यो आग्रहचाहिँ घुर्नाले टार्न सकेन । अनि एक चोटिका लागि भनेर ऊ अघि बढ्यो ।

पहिलो चोटि हात हालेकाले घुर्ना डरले तुरुक्क नभएको होइन । पाखुरा नखुम्च्याई उसले टाढैबाट युरेनियम पाउडर चम्चाले अड्कलेर हाल्न खोज्यो । गन्धक र युरेनियम मुछ्दा पनि के होला, कसो होला भन्दै औंलाको टुप्पाले मिसमास गऱ्यो । उसको अधमरो चाला देखेर बेचनले पेप्सीका खाली बोतलहरू फुटाउन लगाए । जुन घुर्नाले नै बोकेर ल्याएको थियो ।

पेप्सीकोलाको खाली बोतल घरेलु बम बनाउँदा प्रयोग हुने रहेछ भनेर थाहा पाएर ऊ पक्क पऱ्यो । खाली बोतललाई वर्काइफर्काई एकछिन हेरिराख्यो । किन र कसरी भनेर उसले सोध्दा बेचनले भने । फ्याक्ट्रीमा बनेको ग्रिनेडमा छर्रा भए जस्तै । यस्तो बममा छर्राको सट्टा पेप्सी वा कोकाकोलाको बाक्ला सिसीका टुक्रा र किल्लाहरूले काम चलाउनुपर्छ । विस्फोट हुँदा उछिट्टिएर लाग्नका लागि ।

बेचनले सुरूमा खाली बोतल बोकाएर ल्याउँदा घुर्नालाई कम्ता झ्याउ लागिराखेको थिएन । बेच्नसेच्नका लागि आफूलाई भारी बोकाएको

भन्ठानेर । तर यी त 'आइटम' रहेछन् । त्यस दिनपछि घुर्नाका लागि पेप्सी र कोकाकोलाका खाली बोतल चिनीपानीका 'खालि' बोतल रहेनन् । पेप्सीको भारतीय विज्ञापनमा 'जोरका झट्का धीरे से लगे' भने जस्तो 'पेप्सीका झट्का चुत्तर मे लगे !' हुन गयो ।

अनि जुटको बोरा नि ?

प्रायः बममा राखिने टिएनटी र जिलेटिनजस्तै हातैले बनाउने बममा गन्धक र युरेनियमको मिसावट राखिने रहेछ । र ती दुईलाई मात्रा हेरी मिसाउनुपर्दो रहेछ । मिसाउँदा जब त्यो लस्सादार पीठो जस्तो हुन्छ, त्यसलाई सुकाउनुपर्दो रहेछ ।

बेचनले तयारी मिसौटलाई बोराले बेर भनेर बिंडी तान्न एकातिर लागे । घुर्नाले बोरा नपाएर पोलिथिनले बेरिदियो । उसलाई लाग्यो, जेले बेरेर सुकाउँदा पनि हुन्छ । तर बेचन 'बिंडी ब्रेक'बाट फर्किएर आउँदा कानका कीरा मर्ने गरी कराए, "के गरेको ? निकाल... निकाल जल्दी ।"

बेचन आत्तिएर कराएको घुर्नाले देखेको थिएन । सातोपुत्लो उड्यो । पड्किने हो कि भन्ने डरले आलो मिसौट हातबाट फुत्त फालिदियो । हात लगलगाउन छाडेको थिएन ।

बेरिएको पोलिथिन उतिखेरै निकाल्दै बेचनले बुझाए । युरेनियम र गन्धकको मिसौट धेरै सुक्न पनि हुन्न, गिलो पनि हुनुहुन्न रे । त्यसलाई पीठोकै रूपमा राखिराख्न जुटको बोरा चाहिन्छ रे । अरू होइन, जुटकै बोरा ! बेचनले यसो भनिरहँदा घुर्नाको आँखा उनको डुँडो औंलामा पुग्यो । र त्यहीं अडिइरह्यो । औंला उछिट्टिएको ठाउँमा टाँका लगाएकाले मुजा परेको थियो । बटुवा थैलीको मुखमा पर्ने मुजा जस्तो छालाको मुजा । सिरिङ्ग जस्तो ढाडमा केके सलबलायो । हुनलाई त एकैछिनका लागि त्यस्तो भएको थियो । तर त्यो क्षणले पछिसम्म बल्किने गरी अमिट छाप छोडेर गयो ।

"बलवाऽऽ...," कन्डक्टरले लेघ्रो तान्यो । बस गुडी नै राखेको थियो । बलवा आइसकेको थिएन, तीन किलोमिटरजति थियो । निदाएकाहरू जागून् भनेर कन्डक्टरले जनाउ दिएको थियो ।

नभन्दै उँगिराखेकाहरू चलमलाए । झ्यालबाहिर हेर्न थाले । बाहिर अँध्यारो भइसकेको थियो । साढे आठ बजेको हुँदो हो । हपहपी गर्मी भए पनि बस गुडिराखेकाले शीतल भएको भान दिन्थ्यो । बस रोकिँदा भने हावा ठप्पै हुन्थ्यो । अनि उसिसनिसिस हुन थाल्थ्यो ।

गाडीहरूको घाइँघुइँ, आवादीको कलबल, बत्तीको चहकले सानोतिनो सहरको सिमाना सुरू भएको थाहा हुन्थ्यो ।

कतै नजिकैबाट ट्रेन पास भइराखेको सुनियो । बसमा सबैभन्दा पछाडि बसेका तीन जना सिटबाट जन्याकजुरूक उठे । तिनीहरू बीरपुरदेखिका यात्रु थिए । र बसको भाडा एकमुष्ट उतै तिरिसकेका थिए ।

बसको ढोकामा उभिएको कन्डक्टरले देख्यो झ्यालनिर बस्ने खैरोसेतो धारीवाल कमिज लगाउने ऊनिर आउँदै गरेको । सिटको ह्यान्डिल र छानोको रेलिङ समाउँदै । उसका तीखा आँखा उसैलाई हेर्दै थिए । रोक्न लगाउन आँटेको भन्ठानेर कन्डक्टरले चिउँडोको सानले कता भनेर सोध्यो । अघि लागेर आउनेले जक्सन बजारमा भन्यो । उसको पछिपछि थिए बाँकीका दुई जना मान्छे । जो दायाँबायाँ झ्यालबाट निहुरीनिहुरी बाहिर हेर्दै थिए । बसको बेसारे प्रकाशमा दुवैलाई एकअर्काबाट छुट्याउन सकिँदैनथ्यो । तर सबभन्दा पछिल्लो चाहिँ दुब्लोचाम्रो थियो । र ऊ नै कान्छो देखिन्थ्यो, तीन जनामध्ये ।

हाइवेमा पर्ने लहान जस्तो जक्सन बजार आइपुग्यो । कन्डक्टरले ढोकामा बेस्सरी ठटायो । स्पिड कम हुँदै बस रोकियो । तीन जना ओर्लिए । तिनीहरूलाई झारेर बस जान ठिक्क परेको थियो, एक मिटर पछाडिबाट दुई जना यात्रुले हात दिए । कन्डक्टरले छिटो आउन इसारा गऱ्यो र टाउको भित्र घुसारेर ड्राइभरलाई 'एकछिन रोक्नुस्' भन्यो । आइराखेका यात्रुहरू लोग्नेस्वास्नी जस्ता लाग्थे । अघिअघि आइराखेको लोग्ने मान्छे बसको ढोकानिर पुगेपछि बल्ल पछाडि फर्कियो । र घुम्टो काढेकी स्वास्नी मान्छेलाई छिटो पाइला चाल्न हकाऱ्यो ।

ती दुईलाई चढाएर बस गुड्दै गर्दा कन्डक्टरले देख्यो, अघि ओर्लिने तीन जना यात्रु बाटोछेउ उभिइराखेका, पारिपट्टिको अँध्यारो गाउँतिर फर्किएर । सायद कसैलाई पर्खिराखेका थिए । वा सनपाटको खेत हुँदै भित्र गाउँतिर जाने सोच्दै थिए ।

# १:०० बजे

"टका ल्याउनुभयो ?" ललनले सोध्छ ।

बल्ल याद आउँछ घुर्नालाई । पैसाको कुरा उसको ख्यालबाट हटिसकेछ । उसले ब्याकप्याकको चेन खोल्छ । पर्चाको बुङ तलबाट नोटको मुठा झिक्छ र भन्छ, "पूरै ६० हजार छ ।"

ललनले नोटको मुठा लिएर रामातिर तेर्स्याउँछ ।

त्यतिका पैसा दिनुपरेकाले चित्त बुझेको छैन घुर्नालाई । उही हाल ललनको पनि छ । मागेभन्दा कम पैसा पाउँदा ललनको पनि खासै चित्त कहाँ बुझेको छ र । त्यही भएर होला ललनले नोटको मुठातिर हेर्दै नहेरी रामातिर तेर्स्याइहालेको ।

घुर्ना भित्रभित्रै मुर्मुरिन्छ । सार कारकौवा ! बलवा गएर हतियार लिइदिएको बिर्स्यो । बोलेरोको इन्जिनमा फिट गरेर हतियारलाई कस्तरी सीमा कटाएको पनि बिर्स्यो । भन्टाबारी वारि र पारि गाउँको क्यारियरहरूसित सेटिङ मिलाइदिएको पनि बिर्स्यो होला ।

यत्रै सिती ! घुर्ना बटारियो । यस्ताहरूसित एक पटक काम गरेर पुग्यो । फेरि यसपछि दलित प्यान्थर मोर्चालाई कसैसित सहकार्य गर्नु नै किन पर्‍यो । खालि आजको काम सफल भइदियोस् ।

तर आजको काम सफल हुन योजना टाकटुक मिलिसके होला त ? घुर्ना त्यति ढुक्क हुन सकेको छैन । ललन नै अस्थिर जस्तो देखिएपछि कसरी ढुक्क हुनु । योजनाबारे सोध्न घुर्ना तम्सिन्छ । तर ललन नम्बर डायल गरिराखेको छ, अघि फोन आएको नम्बरमा । त्यसपछि ऊ असईसित कुरा गर्न भनी बाहिरिन्छ ।

यो योजनामा असईको मद्दत लिएको घुर्नालाई ठीक लागिराखेको छैन । गहिरिएर सोच्यो कि शङ्काका तन्तुहरू सलबलाउन थाल्छन् । कता के नमिले जस्तो, असुरक्षित जस्तो, कस्तोकस्तो हुन्छ । त्यसैले असईलाई डायल गरेर ललन बाहिरिँदा घुर्नाले कान उतै लगाउँछ । तर यसपालि ललन कुरा गर्दै मास्तिर उक्लिएको जस्तो लाग्छ । र कुराकानीको गुनगुन ठ्याम्मै सुनिन्न ।

कोठामा बाँकी हुन्छन् घुर्ना र रामा । रामा पैसा गन्दै छ । पैसाको मुठा आधाउधी हुँदा गन्ती गडबडिन्छ । 'च्व !' गर्दै रामा सुरूदेखि गन्न थाल्छ । उसको ओठ यन्त्रवत् चलेको चल्यै हुन्छ फेरिबाट ।

यही पैसाको मुठा रामाले गनिराखेजस्तै गन्न उसलाई कति दिन लाग्यो । सम्झिनै नचाहने मुतनी काण्डपछिको सकसलाग्दा दिनहरूले घुर्नालाई न्याँके जस्तो हुन्छ । जति बेला त्यो पैसा फौलादबाट थुतेपछि घुर्नाले एकफेर पनि नहेरी त्यत्तिकै राखेको थियो । नीलो प्लास्टिकको पोलिथिनमा गुटमुटाएको पैसा उसलाई हेर्न पनि मन थिएन । देख्यो कि मुतनी वनको सनसनाउँदो सन्नाटाले छोप्थ्यो ।

त्यो घटनापछि उसले पैसाको पोलिथिन छठुलाई नै जिम्मा लगाइदिएको थियो । हुनुपर्ने रकम दुई लाख थियो । जुन फौलादले लिएर फरार भएको थियो । तर फौलादले त्यसबाट १५ हजार झिकिसकेको थियो । र बाँकी रहेको थियो एक लाख ८५ हजार । तैपनि छठुले पैसा गन्न अबेर गरेन । के थाहा, त्योभन्दा बेसी नै निकालेको होस् । पैसा गन्दा भने एक लाख ८५ हजार नै पाइयो । त्यतिन्जेल पनि घुर्नाले हेर्नै चाहेन, नीलो पोलिथिनतिर । त्यो त काठमाडौंका लागि बम बनाउन भनेर घुर्नाले पैसा झिकेर पहिला चोटि गनेको ।

पोलिथिनको पैसा गनिसकेपछि घुर्नाका लागि त्यो पैसा सामान्य हुँदै आयो । मानौं, लाटिएको मनले कोल्टो फेर्‍यो । बोझिलो सुस्केरा छातीबाट निस्कियो । लाग्यो घुर्नाको गएको सातो बल्ल फर्कियो । ग्लानि र पश्चात्ताप पनि केही मत्थर भयो । केही मात्र । भए पनि मैलिएको मनसँगसँगै बाँच्न थाल्यो घुर्ना । र काठमाडौं आउँदा पैसाको मुठाबाट फेरि पैसा झिक्दा उसलाई एउटै कुराको मात्र टन्टा भइराखेको थियो । ललनलाई ६० हजार दिनु नपरे पनि हुन्थ्यो ।

६० हजार फेरि किन दिनुपर्‍यो ? छठु 'बागी'ले पनि सोधेको थियो घुर्नालाई । तीन ओटा टाइम बम बनाउन ८२ हजार खर्च भइसकेको थियो । त्यति बेला घुर्नाले छठुलाई त्यही भन्यो, जुन ललनले उसलाई भनेको थियो । सुनेर छठुको डेडो आँखाको नानी टक्क जम्यो । आफूलाई हेरेको हो कि अन्तै हेरेको छुट्याउनै नसकिने गरी । छठुलाई फिटिक्कै चित्त बुझेन । बुझोस् पनि कसरी । उनीहरूले योजना बनाइसकेका थिए, बाँकीको रकमले एक हजार सदस्यता रसिद छाप्ने र चार ओटा सुतली बम बनाउने । किनकि बम विस्फोटलगत्तै समूहको नाम सार्वजनिक भएपछि यति त चाहिन्थ्यो नै ।

तर घुर्नाले त्यतापट्टि आँखा चिम्लिदियो । मागिएको रकमको अल्झोले अगाडि बढिसकेको योजनाबाट पछि हट्न सकिँदैनथ्यो । त्यसैले आफूले गरेको निर्णयको बचाउमा घुर्नाले भन्यो, "धमाका पहिला भइजाओस् । अनि देख्नू, दलित प्यान्थरको नाम एकै झड्कामा लाइटमा आउनेछ । उसको बाद चन्दाको पुर्जी काटेर त्यति पैसा खटाखट नउठे तब् भन्नू ।" यसरी नै घुर्नाले आफूलाई थुमथुमाएको थियो । र छठुले पनि चित्त बुझाउनुपरेको थियो ।

त्यसैले उसले दिएको पैसा गनिराखेको रामातिर हेर्दै घुर्नाले मन अमिल्याउँछ । उसको कानमा भने सुसाइरहन्छ पैसाको गन्ती एकनासले–
–तीसऽऽऽ– एक–तीसऽऽऽ– ब–तीसऽऽऽ– ।

# प्लान

पूरै ८० हजार ! तेस्रो पटकको भेटमा ललनले घुर्नासित मागेको रकम यतिविधि थियो । घुर्नालाई उठ्नु रिस उठेको थियो ।

मधेस जनतान्त्रिक सेनासितको सहकार्यमा घुर्ना ललनहरूसित मिसिएको मात्र के थियो, ललनले एकपछि अर्का सर्तहरू थोपर्दै जान थाल्यो । हतियारको एजेन्ट र सप्तरी नाकाबाट हतियार ल्याउने च्यानल मिलाइदिनुसम्म त ठीकै थियो । थप ८० हजार पनि चाहियो भन्न थाल्यो । अनि उठ्दैन रिस ?

घुर्नाहरूसित बाँकी बचेको रकम एक लाख चानचुन मात्र थियो । त्यति पैसाले उनीहरू आफ्नै योजना बुन्दै थिए । तर ८० हजार दिँदा ढाड भाँच्चिने पक्का थियो । त्यसैले घुर्नाले सीधै सोध्यो– किन चाहियो त्यत्रो रकम ?

ललनले 'प्लान' भन्यो ।

विस्फोटको तीन दिनअघि बम बनाउने मसला काडमाडौं छिराउने । चन्द्रनिगाहपुरबाट मुरैका बोरा ओसार्ने ट्रकमा । र त्यसका लागि ट्रक ड्राइभरसँग साँठगाँठ मिलिसकेको ललनले भन्यो । जसअनुसार राजमार्गको भात खाने ठाउँमा ट्रक रोक्दा तिनटा मुरैका बोरा अनलोड गर्ने । अनि त्यसको सट्टामा बमको मसला लुकाएर राखेको मुरैका बोराहरू लोड गर्ने । अर्को दिन ती बोराहरू कालिमाटीको गोदाममा अनलोड हुनेछन् । त्यही राति गएर सामान ल्याउने । त्यसपछि रामाले डेरा लिएको कोठामा ऊ र रामा मिलेर बम तयार गर्ने । अनि भोलिपल्ट तीन भिन्नभिन्न ठाउँमा टाइम बम पड्काउने ।

घुर्नाले यसपालि थाहा पायो, विस्फोट हुन गइराखेको दिन । भदौ १० गते । ठ्याक्कै सोह्र दिनपछि ।

यति भनेर उत्साहित हुनुपर्ने हो ललन । उसको स्वभाव बुझ्दा । तर सुस्ताएको स्वरमा भन्न थाल्यो, "अब राजधानीमा बम पड्काउनेवाला बात पटाका पड्काए जस्तो थोडै हो । सब से पहिला बम बनाउने मसला थानकोटबाट टपाउन पऱ्यो, विश्वासिलो मान्छेको आडमा कोठा लिनुपऱ्यो, पड्काउने ठाउँको सुरक्षाको बारेमा पता लगाउनुपऱ्यो अनि लास्टमा काठमान्डूबाट सहीसलामत फर्किन रास्ता पनि साफ हुनुपऱ्यो । हो कि हैन ?"

भएको कुरा हो भन्नै पऱ्यो घुर्नाले ।

"त वहाँको पुलिसवालासित सेटिङ नगरी कसरी हुन्छ ?"

उसको कुरा सकारेर घुर्नाले हो मा हो मिलाउनै सकेन । पुलिसलाई मिलाउने योजना उसलाई पेचिलो लाग्यो । खै कसरी विश्वास गर्न सकेको हो ललनले ? आलोकाँचोपन भन्ने कि दुस्साहस । जे भने पनि कुरो अघि बढिसकेको रहेछ । उसले फेरि भन्यो, "मैले उता सरूवा भएको हाम्रैतिरको असईलाई मिलाए छु । बृजेश अधिकारी । उसैले हामीलाई मद्दत गर्छ । तर त्यसको लागि मोटा रकम मागिरहेछ । पूराका पूरा दुई लाख ।"

घुर्नाले बुझ्यो । कन्चट टन्किन थाल्यो उसको । तैपनि ललनलाई सुनिरह्यो ।

"बहुत मुस्किलले एक साठीमा मनाएछु । तपाईंको समूहबाट ८० भयो भने बाँकीको ८० हाम्रो हिस्सामा पडिहाल्छ ।"

घुर्नालाई कन्चट थिचूँ कि कपाल कन्याऊँझैं भयो । नाइँनास्ती गर्न नसकिने परिस्थिति आइलागेकाले र भनेको जति रकम दिन गाह्रो भइराखेकाले पनि । अब के गर्दा कुरा सल्टिएला ? कोसीको पश्चिमी नहरतिर हेर्दै टोलाउन थाल्यो घुर्ना । जसरी ललन दक्षिणमा देखिएको गोबरगढाऽऽतिर हेर्दै बसेको थियो । काँधमा हालेको खैरो धारीवाल गम्छाले छिनछिनमा घिच्रो पुछ्दै ।

यसपालि उनीहरूको भेट जोगिनिया-२ को सखरदही टोलमा भएको थिए । हुन त घुर्नाले भारदहको पोर्ताहा चोकमा बसेर 'बातचित' गरौंला भनेको थियो, ललनले फोन गर्दा । तर घुर्नाले अन्तिम समयमा आएर ठाउँ फेर्नुपऱ्यो । किनभने ललनसित भारदहमा भेट्ने पक्का भएपछि घुर्नालाई वारि गोबरगढाऽऽमा खबर आयो । पारि भारदहमा एक हप्ताअघि साँझपख मोटरसाइकलमा आएका दुई जना केटाले उसको बारे सोधखोज गरेका थिए रे । अरू को हुन्थे सुर्जा समूहका रूसनका गुटका केटाहरूबाहेक ।

त्यसैले घुर्नां त्यहाँ देखा नपर्ने भयो । ऊ सीधै सखरदही पुग्यो । र ललन भारदह आइपुगेपछि गुल्टेनले उसलाई जोगिनियाको सखरदहीमा लिएर आयो । उसको आफ्नै झुपडीमा । ऊ छटुकै मान्छे थियो ।

गुल्टेन नाई ठाकुरको झुपडी कोसीको पश्चिमी नहरछेउमा थियो । कोसीको पश्चिमी बाँधमा बनेको पक्की सडकको देब्रेतिर । कोसी बढ्दा बहाव यहाँसम्म उर्लिंदै फदाल्दै आइपुग्थ्यो । तैपनि सुकुम्बासी गुल्टेन बाँधसित चेपिएर मन दह्रो गरी लालाबालासहित फैलिएर बसेको थियो । त्यही झुपडीको पिछवाडको आँगनमा बसिराखेका थिए घुर्ना र ललन । जहाँबाट देखिइराखेको थियो सप्तरीको भागमा पर्ने कोसीको साम्राज्य ।

पिछवाडको ठीक अघिल्तिर पानी जमेको तलाउजत्रै गड्ढा थियो । जहाँ जलकुम्भी झारको आवादी थियो । गड्ढाको बीचौबीच जलकुम्भी बाक्लिएको ठाउँमा काम नलाग्ने डुङ्गाहरू घोप्टोउत्तानो परेका थिए । ढुनमुनिएका जँड्याहा जस्ता । जलकुम्भीले ढाकिएका गड्ढा बाँध छेउछाउ मात्रै देखिन्थे । बाँकी ठाउँमा घाँसे मैदान लमतन्न फैलिएको थियो, कोसीको बगरसम्म । असार-साउनमा त्यही मैदान नदीले ढाकिएको हुन्थ्यो । तर अरू बेला त्यो मैदान चरिचरण हुने गर्थ्यो, गाउँलेहरूका लागि ।

घुर्नाहरू बसेको आँगनबाट गोबरगढाऽऽको फैलावट देख्न सकिन्थ्यो । मध्यदिनमा गोबरगढाऽऽतिर हेर्दा आँखै तिर्मिराउँथ्यो । तैपनि नदीको बीच बनेको भङ्गालोलाई ललनले एकनासले हेरिराखेको थियो ।

"हामीलाई पुलिसबलाको जरूरत कत्ति छ ?" अघिदेखि घोत्लिराखेको घुर्ना बोल्यो ।

"बहुतै," ललनले फ्याट्टै जवाफ दियो । मानौं, ऊ अघिदेखि त्यही भन्न पर्खिराखेको थियो । उसको स्वरमा झिझ्याहट पनि थपिएको थियो, "पड्काउने ठाउँको सेक्युरिटी र त्यहाँको आनाजाना कस्तो छ, ऊबिना पता कसरी चल्छ । फेरि थानकोटबाट बिना चुँचाँ माल टपाउने कुरा पनि छ । हन्ड्रेड पर्सेन्ट काम वारपार गर्नु छ भने ऊ नभई हुँदैन । बुझ्नुभएन के ?"

घुर्नाले मात्र बुझेर के गर्नु । ललनले पनि त उसको बाध्यता बुझिदिनुपर्‍यो । तर अब भूमिका बाँधेर गोलोबाटुलो कुरा गरेर होइन, सीधासीधा भनेर मामिला सल्टिन्छ जस्तो लाग्यो घुर्नालाई, "८० हजार भारी पडिहाल्छ हामीलाई । सामानवमान बनाउनै ८२ हजार खर्च भइसक्यो ।"

"हेर्नुस् तपाईंको ८२ हजार लागेछ भने मेरो पनि यहाँ से काठमान्डूतकको प्लानिङमा त्योभन्दा ज्यादा पैसा बहिसक्यो । अब यो पुलिसवालाको डिमान्ड आइहाल्यो, त्यसको जिम्मेवारी दुवैले उठाउनुपर्‍यो कि नाइँ ?" साफसाफ भन्यो ललनले पनि ।

"बीरपुरमा पुलिसबलाको डिमान्डको बातै थिएन," रूखिँदै घुर्नाले भन्यो ।

"पुलिस र आर्मीको अपरेसन जस्तो हुँदैन यो हिट एन्ड रनवालाको प्लानिङ, बुझ्नुभएन के ?" ललनले भन्यो, "कि पहिले सब प्लान बनिजाओस् खटाखट र प्लानिङअनुसारको काम पनि भइहालोस् फटाफट । दाउ हेरेर प्लान चेन्ज गर्दै जानुपर्छ । त्यसैले फट्ने समयको पाँच मिनेटअगाडि पनि चेन्ज हुन सक्छ हामीहरूको प्लान । त्यसका लागि पनि तयार हुनुपर्छ ।" त्यसपछि स्वरको धार फेर्दै उसले भन्यो । "फेरि बीरपुरमा भेट हुँदा प्लानिङ यति आगे बढेकै थिएन । त भन्थ्यौं कसरी ? सुकर गर्नुस् कि यही बेला पुलिसको मान्छे पनि भेटिइहाल्यो । नत्र त पत्तामा जान लिएर जोखिम मोल्नुपर्थ्यो ।"

तर घुर्नाको मुहारमा रत्तिभर पनि असर देखिएन ललनको 'सुकर गर्नुस्'को । ऊ जड भएर चुपचाप बसिराख्यो । गुत्थिएको जस्तो एकदम चुपचाप । कुनै बेला पनि सन्किएर हिंडिदेला कि जस्तो ।

स्थितिले मोडिने ठाउँ नभेटेपछि ललन नै थोरै दोब्रियो, "अच्छा त कतिसम्म दिन सक्नुहुन्छ ?"

"त्यस्तै... ६० हजारसम्म ।"

"अरे ७० गर्नुस् ।"

"ज्यादा भइहाल्छ, हामी जस्तो... मेरो मतलब धेरै समय नइ न भएको छ हाम्रो समूह खुलेको । बुझ्नुस् न, त्रिकालजी," समूह नै भन्न नमिल्ने समूह अध्यक्षको लघुताभाषसित जुध्दै घुर्नाले भन्यो ।

"ठीक छ... ६० हजारै सही...," मन मार्दै ललनले भन्यो ।

८० हजारको गाँठो फुक्न त फुक्यो । तर दुवैलाई चित्त नबुझेकाले मनमा परेको गाँठो जस्ताको त्यस्तै रह्यो ।

धुम्मिएका घुर्ना र ललनको ध्यान गुल्टेनले तान्यो । झुपडीको पिछवाडको ढोकामा उभिएको थियो गुल्टेन ठाकुर, स्टिलको रित्तो जग लिएर । उसका लालाबाला ढोकाबाट टाउको टुसुक्क निकालेर उनीहरूतिरै हेर्दै थिए ।

एकअर्कालाई घचेटाघचेट गर्दै । घुर्नाले टाउकाको इसाराले गुल्टेनलाई के भो भनेर सोध्यो । गुल्टेनले पानी ल्याइदिऊँ भनेर रित्तो जग देखायो । घुर्नाले हुन्छ भन्यो ।

कुच्चिएको स्टिलको जगमा गुल्टेनले पानी लिएर आयो । भिजेका हात र कुहिनाबाट पानी चुहाउँदै । उसले हतारमै कमिज उनेकाले होला टाँक तलमाथि परेका थिए । र कमिजभित्रबाट गेरूवा रङ्को बोलबमको गन्जी चियाइराखेको थियो । सामूहिक सम्झौता भए जस्तो गाउँतिर प्रायः बच्चा र लोग्ने मान्छेहरूले बोलबमकै गन्जी सिउरिएका हुन्थे । तर गुल्टेनलाई पछ्याउँदै आइराखेका दुई जना भुराका आङमा भने बोलबमको बोलवाला थिएन । नाङ्गै थिए । बेलुनमा हावा भरिएको जस्तो पेट टुन्निएका थिए दुवैका । फुकेनासले टुन्निएका पेट । र टुन्निएको पेटको ठीक तलतिर कालो कन्धनी कसिएको थियो छुनछुनियासहितको ।

गुल्टेनले ती दुई भुरालाई धपाउँदै पानीको जग घुर्नालाई थमायो । अनि के खुवाऊँ, के भनूँ भएर होला गुल्टेनलाई, एकाएक पान खाने भनेर पो सोध्यो । ललनले खान्न भनेपछि घुर्नाले पनि खाँदिनँ भन्यो । त्यसपछि गुल्टेनले ती दुवै भुरालाई धपाउँदै लग्यो । खोरबाट छुटेका भेडाबाखालाई खोरमै हुले जस्तो ।

पानी चिसो र तिख्खर थियो । खाइ नै रहूँ लाग्ने खालको । रापिलो घामले टट्टिइराखेका आँखा र पोलिराखेको थाप्लो सरर्र शीतल भयो । पहिला त ललनले एक घुट्को पानी मुखमा खन्याएर घुर्नातिर जग थमाएको थियो । तर जब उसले पानीको घुट्को निल्यो । घुर्नालाई दिन लागेको जग नदिईकन आफूसितै राख्यो । र ठाडो घाँटी लाएर कलकल गर्दै पानी खायो । ललनले सोच्यो होला, मधेसको अरू ठाउँको पानी जस्तो खल्लो र मनतातो होला । उसलाई के थाहा कोसीको बगरमा बोरिङ गरिएको पानीको स्वाद । झन् कोसी ब्यारेजनिरको पानी फ्रिजकै जस्तो पो हुन्छ ।

चिसो पानीले शीतल भएर होला । ललनको मुहारबाट ठुस्स परेको भाव निखिन थाल्यो । र स्फूर्ति भरिएको जाँगरमा सोध्यो, "अब आगेको बात गरूँ । यहाँ इकट्ठा गरेको बम बनाउने मसला चन्द्रनिगाहसम्म पुर्‍याउन हामीले कहाँबाट सामान उठाउने ?"

"हनुमाननगर । यहाँबाट अलि भितर पर्छ । वहीं ठीक रहन्छ," घुर्नाले भन्यो । सुरक्षाकर्मी र सुर्जा समूहका केटाहरूलाई ध्यानमा राखेर । "अनि केमा लिन आउनुहुन्छ ?"

"चार जिल्ला हो पार गर्नुपर्ने । मोटरसाइकिलै जल्दी हुन्छ," त्यसपछि ललनले सोध्यो, "यो भन्नुस्, तपाईंहरूको तर्फबाट काठमान्डूमा कोको हुन्छ ?"

घुर्नालाई यसबारे दोधार भइराखेको थियो । छठुलाई सँगै लगूँ कि नलगूँ भनेर । त्यसैले भन्यो, "वही सोचिरहेछु... हेरौं के हुन्छ ।"

"हाम्रो तरफबाट तपाईंसित विक्रान्त हुन्छ," ललनले भन्यो, "बम बनाउँदा विक्रान्तले तपाईंलाई हाथ बटाउने हिसाबले मैले भनेको ।"

घुर्नाले ठीक छ भन्यो ।

"मेरो खयालमा विक्रान्तले हाथ दिने भएपछि तपाईंलाई अरू कोही चाहिँदैन । यस्तो योजनामा टिमलाई जहाँतक चुस्त राख्दा बढिया हुन्छ," ललनले मिलाएर भन्यो, "मेरो मान्नुहुन्छ भने तपाई अकेलै आउँदा ठीक रहन्छ। खर्चा र सुरक्षाका हिसाबले ।"

रूमल्लिएझैं घुर्नाले टाउको हल्लायो ।

"अनि दुसरा कुरा," ललनले भन्यो, "हामी सभै अलगअलग बस्नुपर्छ । मानिलिनुस्, उपरनिचे भइहाल्यो रे, तब पनि सभका सभ फस्दैनौं । बुझ्नुभएन के । हाम्रो अरू चार जना केटा ठमेलमा यहाँवहाँ गरेर बसिहाल्छन् । विक्रान्तचाहिँ डेढ हप्ताअगाडि पुगिराख्छ । पड्काउने दुई दिनअगाडि उधर पुग्दा उसैले तपाईंलाई कलङ्कीमा भेट्छ । त्यहींबाट तपाईं र विक्रान्त उसले लिएको कोठामा गइहाल्नुहोला । र त्यही रात बनाइवनाईकन अर्को दिन तपाई होटलमा सर्नुहोला । किनभने दुसरा दिन उसले त्यो कोठा छोड्नुपर्छ ।"

योजनाअनुसार आफूलाई काठमाडौंमा कल्पना गर्दै घुर्नाले सोध्यो, "यही हो पक्का ?"

"आजतक ।"

"फटाउने कहाँकहाँ हो ?" घुर्नाले सोध्यो, "यति टाइमसम्म त फिक्स भइसके होला ?"

बीरपुरमा सोध्दा ललनले पक्का भएको छैन भनेको थियो । अरू होइन, घुर्नालाई एउटै कुराको सुर्ता थियो । ललनको समूहले गौर र चन्द्रनिगाहपुरमा

जथाभावी बम राखेर आतङ्क मच्चाएकाले त्यही दोहोरिने हो कि भन्ने संशय भइराखेको थियो । आफूआफूमा सल्लाह गर्दै जहाँ पायो, त्यहीँ पड्काइदिए भने ?

"अहिले फाइनल भएको छैन । असईसित सेटिङ मिलेपछि हुन्छ," सामान्य गरी भन्यो ललनले ।

"यसरी बहुत देर भइहाल्छ ।"

ललनले ढिलो हुँदैन भनेर सम्झाउन खोज्यो । घुर्नालाई सुनिरहने धैर्य भएन र नहिच्किचाई भन्यो, "हेर्नुस्, सब से ज्यादा जरूरी नै यही हो । यसमा पहिला किलियर भइहाल्नुपर्छ । हामीले जहाँजहाँ पड्काउँछौं, त्यसैले हाम्रो वजन देखिन्छ बादमा । बेहिसाब से जहाँ पायो वहीं पड्काउन जसले पनि सक्छ । वही भएर पहिला सिरियस्ली छलफल गरौं ।"

केही भन्नुको सट्टा ललनले पाइन्टको खल्तीबाट गुट्खा निकाल्यो । पुरिया च्यातेर मुखमा ग्वाम्मै खन्यायो । कन्यामकन्याम सुपारी चपाइराख्दा दाह्रा किटेझैं देखिने च्यापुमा उसको पारा देख्न सकिन्थ्यो । उसको असजिलो देख्न सकिन्थ्यो, घुर्नाबाट नजर हटाएर आँखा कताकता अल्झिइराखेको चालामा । घुर्नाको रबैया उसलाई एकछेउ पनि निको लागेन ।

कुराकानीमा ललनले 'साथीहरूसँगको सल्लाह' भन्ने गरे पनि आफ्नो समूहमा ऊ एक्लैले निर्णय गर्थ्यो । अनि अहिले आएर घुर्नाले छलफल गरौं भन्दा ललनलाई कसरी पचोस् । आफ्नो योजनामा मिसिन आउने ऊ, त्यसमाथि अक्कल थोपरिने पनि उही !

तर घुर्नालाई आफ्नै चासो परिराखेको थियो । ललनमा आएको उतारचढाव केलाउने सुद्धि कहाँबाट रहोस् । उसले भन्यो, "मैले भनिरहेको, राज्यलाई च्यालेन्ज गर्न सिंहदरबार जस्तो जगहमा हान्नुपर्छ । र अर्को चाहे जुनै एक निजी बैङ्कलाई टार्गेट गरौं । बैङ्कवैङ्कमा हान्दा बादमा चन्दा उठाउन सजिलो हुन्छ ।"

गुट्खाले रमरम बनाउँदै जाँदा ललनको अहम् केही नुहियो । यसपालि आफ्नो 'अध्यक्षपन' खुम्च्याउन जरूरी सम्झियो सायद । मुखमा जम्मा भएको पिक उसले घाँटी तन्काएर परै थुक्यो । गम्छाको फेरले मुख पुछ्दै उसले भन्यो, "हामीले पनि कहाँ नाइँ भन्दै छौं । मगर यस्तो ठाउँमा टार्गेट गर्दा बडा

होसियार हुनुपर्छ । गर्दनमा चाकु राखेर काम गरेजस्तै हो । थोडा इधरउधर भयो भने हलालै सम्झो । वही भएर असईलाई इन्तजार गरेको । लावारिस ठाउँमा बम राखेर जहाँ पनि पड्काउन सकिन्छ । आखिरमा चन्द्रनिगाहपुरको चारचार ठाउँमा त्यसरी फटाएकै हो । म भन्दै छु प्यान्थरजी, त्यो मामिलामा फिकर नलिनुस् । पड्काउने एकदुई दिनपहिले फाइनल भइहाल्छ ।"

बीरपुरमा सोध्दा पनि ललनले पक्का भएको छैन भन्थ्यो । अहिले नि त्यही भन्दै छ । यतिन्जेल पड्काउने ठाउँको निधो भइसकेको हुनुपर्थ्यो, होइन र ? ललनको कुरामा खासै ढुक्क हुन सकेन घुर्ना । केकसो हुन थाल्यो । भए पनि ललनलाई भर गर्नैपर्‍यो । विकल्प भए पो । मात्र पहिलाको जस्तो जथाभावीपन नदोहोरियोस् । नत्र उनीहरूको साथमा लागेर उसको पनि राजनीतिक उद्देश्य धमिलिनेछ ।

घुर्नाले त्यसपछि सोध्यो, "१० गते कय बजे पड्काउने, त्यो पनि पक्का भए छैन होला ?"

"त्यो कहाँ अहिले पता हुन्छ ।"

'कहिले त ?' भन्ने भावमा घुर्ना ट्वाल्ल परी ललनलाई हेर्‍यो । अनि आफ्नो कुरामा जोड दिँदै भन्यो, "बममा टाइम सेट गरेपछिको समय र ठाउँमा लगेर पड्काउने समयको बीचको एकएक सेकेन्ड पनि हिसाब लगाउनुपर्छ । बीचमा इधरउधरको देरीले जे पनि हुन सक्छ । त्यसको लागि पनि पहिला ही ठीकठीक समय पता हुनुपर्छ । फेरि तीनै बम एकै चोटि पड्काउने भनेको हैन ?"

"हो, सिरिफ एकदुई मिनेटको फरकमा," ललनले भन्यो, "तर कति बजेको सेट गर्ने हो वही दिन मात्र फिक्स हुन्छ । कोसिस हाम्रो एक हप्ताअगाडि फिक्स गर्ने छ । मिलेन भने त्यै दिन ।"

"वही दिन हो भने कम से कम तीन घण्टाअगाडि पता हुनुपर्‍यो ।"

"भैहाल्छ," विश्वासका साथ ललनले भन्यो ।

घुर्नाले उसको अनुहारमा हेर्‍यो । मानौं, केही खोजिराखेको छ । उसको बोलीमा सुनिएको विश्वास आँखाले पनि देख्न चाहिराखेको छ । त्यसैले आशङ्कै आशङ्कामा भन्यो, "हेर्नुस्, काठमान्डूको बाटो हो । देरसबेरको पनि हिसाब राख्नुपर्छ । उपरनीचे केही भयो भने... ।"

"मैले भन्दै छु नि, पक्का," ललनले बीचैमा टोक्यो, "अनि सुन्नुस्–," जरूरी कुरा भन्न लागेझैं ऊ देखियो, "...त्यो दिन बममा टाइम सेट गर्ने काम विक्रान्तले गर्छ ।"

"विक्रान्तले !... विक्रान्तले किन ?" घुर्नाले बुझ्न सकेन । बमको जानकार ऊ नै भएपछि अरूले त्यसमा छेडखानी गर्ने कुरै हुँदैन । ललनले त्यसो किन भन्यो ।

"किनकि...," ललनले स्पष्ट गर्‍यो, "बममा टाइम सेट गरेर ठाउँठाउँ पुर्‍याउने जिम्मा एक ही लाई दिए भने काम फास्ट हुन्छ । हैन भने टाइम सेट नगरेसम्म तपाईं त्यही एउटा कामको लागि विक्रान्तसित बँधिरहनुहुन्छ । र ऊ पनि तपाईंसित । विक्रान्तले खुद गर्‍यो भने उसको टिम चुस्त भइहाल्छ । टिममा चार जना मान्छे पहिलेदेखि छन् । तपाईं एक जना थपे भने विक्रान्तसहित छे जना भइहाल्छन् ।" त्यसपछि उसले पाको स्वरमा भन्यो, "बस्स, तपाईंले बम तयार पार्दा विक्रान्तलाई टाइम सेट गर्ने काममा पर्फेक्ट बनाउनुपड्यो ।"

टिमलाई सानो बनाउने हिसाबले ललनको सोच मनासिब हो । तर 'विक्रान्त' अर्थात् रामाले सक्ला त ? घुर्ना उल्झनमा देखियो ।

खजमज रेखाहरू उसको निधारमा बन्नबन्न लागेको देखेर ललनले भनिहाल्यो, "सक्छ उसले । त्यही भएर बम बनाउँदा तपाईंसित विक्रान्त पनि हुन्छ भनेको । हाम्रो सैन्य कमान्डरलाई उसैले हात बटाउने गर्थ्यो । गौर नगरपालिका भवनको पासमा पड्काएको कुकर बममा ब्याट्री जोड्ने काम उसैले गरेथ्यो । हाँ, एक बार सम्झाइदिनुपर्छ, भैहाल्छ ।"

कुकर बम पड्काउन जान्नेले यो पनि सक्नुपर्ने हो । घुर्नाले सोच्यो । आखिर ब्याट्रीमा प्लसमाइनस तार जोड्ने तरिका उही हो । टाइम बमको घडीमा जोड्ने दुइटा तारमध्ये एउटा उसले जोडिदिए अर्को कसो नसक्ला ।

यदि रामाले उसले सिकाएको टिप्न सक्यो भने त हो । घुर्नाको मन पूरै निश्चिन्त हुन सकेन । र सम्झिन पुग्यो, बीरपुरमा भेटेको रामालाई । जो एकदम कम बोल्थ्यो, अन्तर्मुखी स्वभावको रामा सहनी । दोहोरो कुरा बुझाउन पनि गाह्रो होला जस्तो मान्छे ।

"त यो बात फिक्स भइहाल्यो, ठीक छ ?" घुर्नाले नसकारेको देखेर ललनले सोध्यो ।

धुकचुकाउँदै भए पनि घुर्नाले सहमति दियो ।

"अर्को बातमा पनि तपाईं कन्फमै भइहाल्नुस् । धमाका तीन बजेको बादमा गर्ने हो," ललनले भन्यो । "उधर हङ्गामा चलिरहेको हुन्छ । इधर तपाईंहरू नाइट बसमा सट्ट से कटिहाल्नुहुन्छ ।"

घुर्नाले नाइट बसमा नागढुङ्गापारिका घुम्तीहरू कटिराखेको कल्पना गऱ्यो । तर उसको दिमाग बोझिल भइराखेको थियो, रामालाई 'पर्फेक्ट' बनाउने जिम्मेवारीले ।

"अब यो भन्नुस्...," छाती तनक्क तन्काउँदै ललनले ढाड सीधा बनायो र कामकाजी लवजमा सोध्यो, "पुलिसवालालाई दिने टका कबतक इन्तजाम भैहाल्छ ?"

६० हजारको गाह्रोले घुर्नालाई फेरि थिच्न थाल्यो । "ऊसित कस्तो डिल भएछ तपाईंको ?" गाह्रै गरी उसले सोध्यो, "पूराका पूरा एकमुष्ट दिने कि कस्तो ?"

"पहिला आधा । उसको बादमा आधा ।"

"बादको आधा कब दिने सर्त भएछ ?"

"काठमान्डूमा ।"

"वही दिन ?"

ललनले मुन्टो हल्लाउँदै भन्यो, "धमाका हुने कुछ घण्टाअगाडि ।"

सकेसम्म त्यत्रो पैसा दिनु नपरे पनि हुन्थ्यो भन्ने लागिराखेको थियो घुर्नालाई । अब भन्न लागेको कुरा सम्झिएर धकायो । कसरी लिने हो ललनले फेरि । ठाडो नसुनिने सक्दो प्रयास गर्दै उसले भन्यो, "त... पछिबला हाम्रो भागमा राखिदिनुस् ।"

चित्त नबुझ्दो अनुहार ललनले बनायो ।

"आगेपिछेको त बात हो । नदिने भनेकै छैन । अहिले थोडा... बुझ्नुस् न ।"

"याने कि तपाईंले ल्याएर दिने पनि वही दिन ?" ललनका दुवै आँखीभौं उचालिए ।

"वही ठीक रहन्छ," बरोबर स्वरमा घुर्नाले भन्यो, "काठमान्डूवैमा तपाईंलाई बुझाइहाल्छु ।"

ललनले टाउको फरक्क फर्कायो । र गोबरगढाऽऽतिर हेर्न थाल्यो । एकछिनपछि घुर्नातिर फर्किंदा उसका ओठ चप्प टाँसिएका थिए । खामबन्दीको मुख जस्तो । च्यापु कसिएका थिए । नकार र असहमतिका शब्दहरू उमठिएर गाँठो परे जस्तो ।

एउटा चिसो आभास घुर्नाले बोध गऱ्यो । अबको हरेक चाल फुकीफुकीकन राख्नुपर्नेछ ।

# १:३० बजे

ढोका झ्वाट्टै खुल्छ । एकाएक धावा बोले जस्तो । झ्वाट्टै !

झस्किएर घुर्नां कुर्सीको अघिल्तिर सरेर आउँछ । रामा ६० हजारको मुठा सुत्त जाँघतल चेप्छ ।

ललन रहेछ ।

तर उसले भन्दैन कोठामा आँधीझैं प्रवेश गर्ने कारण । बरू छिटोछिटो ढोका बन्द गरिहाल्छ । उसको मुहार अलि उज्यालिएको छ, अघिभन्दा । घुर्नां र रामातिर हेरेर उसले आँखा र टाउको सकारमा हल्लाउँछ, 'भयो'को सङ्केतमा । तर के ? रामाले बुझ्यो होला, घुर्नांले बुझ्दैन । ऊ जिज्ञासु बनेर हेरिराख्छ ।

सेतो सर्ट र खैरो पाइन्टमा ललन बडो औपचारिक देखिइराखेको छ । गम्छा यसपालि ललनको काँधमा होइन, लुगा खप्टाएको कुर्सीको काँधमा सुकिराखेको छ । घुर्नांले जस्तै उसले पनि गाला र च्यापुको पाटो चिल्लो र सफाचट बनाएको छ । तर यसपालि उसले जुँगा राखेको छ । त्यो पनि चिटिक्क सम्माएर । कुनौलीमा ललन आफूजस्तै देखिए पनि अहिले यहाँ सुकिलो लागिराखेको छ घुर्नांलाई । मानौं, आजै वार्तामा बस्न लागेको होस् ।

कोठामा छिरेपछि ललन सरासर झ्यालनिर जान्छ । खुलेको झ्यालबाट छड्के गरेझैं हेर्छ तलतिर । यो तेस्रो पटक हो, उसले त्यसरी हेरेको । अबचाहिँ घुर्नांलाई झस्को पस्छ । आउनेबित्तिकै 'सेफ' जस्तो लागेको ठाउँ उसलाई शङ्कास्पद लाग्न थाल्छ । मानौं, तल गल्लीमा कोही ओहोरदोहोर गर्दै छ, उनीहरूको चियो गर्दै बसिराखेको । घुर्नांलाई बसिराखेको सिट साँघुरो भएझैं लाग्छ । र ऊ अलि पछिल्तिर सर्छ ।

ललन भने अघिजस्तै झ्यालबाट चियाएर त्यत्तिकै फर्किंदैन । झ्याल तान्छ । त्यसपछि ओछ्यानमा आउँछ । पहिला त ऊ मुर्मुरिइराख्छ असई बृजेश अधिकारीसित । सोचेभन्दा काम ढिलोढिलो भइराखेको छ भन्दै । बीचैमा रामाले पैसाको मुठा ललनतिर बढाउँछ, ६० हजार छ भन्दै ।

पैसा लिएर ललन घुर्नातिर हेर्छ । केही भन्न लागेझैं गरेको हुन्छ । तर रोकिन्छ । र चुपचाप पैसा राख्छ । त्यतिका दिनदेखि सँगालेको पैसा ललनले बेपरवाह साथ गोजीमा हुल्छ । उसलाई के थाहा त्यो पैसाले मच्चाएका काण्डहरू !

हेर्दाहेर्दै टोलाउन पुगेको घुर्नालाई ललनले भन्छ । "बल्ल जाईकन टाइम फिक्स भयो ?"

"कब हुने भयो ?" रामाले सोधिहाल्छ ।

"चार पैंतालीसमा," ललनले भन्छ, "यो टाइम खासमा सर्वोच्चलाई धियानमा राखेर गरेको ।"

"वहीं हुनेबला भयो ? एक हप्ताअगाडि फोनमा भनेको जगहमा ?" घुर्नाले भन्छ ।

"वहीं," ललनले भन्छ, "सर्वोच्च अदातल, त्रिपुरेश्वरको नापतौल विभाग र बालाजु औद्योगिक क्षेत्रमा ।"

ठीकै हो, घुर्नालाई लाग्छ । त्यसभन्दा अगाडिसम्म सिंहदरबार, सर्वोच्च अदालत र त्यही एरियामा पायक पर्ने बिजुलीबजारको एनबी बैङ्कलाई निसाना बनाउने छलफल हुँदै थियो । विशेष सिंहदरबारमा हान्न पाए राज्यलाई ठाडो चुनौती हुन्थ्यो । तर त्यहाँको सुरक्षास्थिति कडा भएकाले आँखा छलेर बम राख्न जोखिम देखियो । त्यसपछि ठाउँ फेरिएर नापतौल विभागलाई छानियो ।

बैङ्कलाई निसाना बनाउने कारण उद्योगी व्यापारीहरूसम्म चेतावनी पुगोस् र चन्दा उठाउन सजिलो होस् भनेर हो । तर अब त्यसको सट्टा बालाजु औद्योगिक क्षेत्र हुने भयो । फेरि बैङ्कमा हान्दा सिसिटिभीमा कैद हुने खतरा पनि देखायो असईले ।

"त्यो टाइममा सर्वोच्चका कर्मचारीहरूको छुट्ने बेला भइहाल्छ । ध्यान यहाँवहाँ बटेको हुन्छ । बाहिर बाटोको चाप पनि हुलमुलवाला हुन्छ । गेटमा पहरा दिने पुलिसलाई भित्रको गाडी किलियर गराउनै सुर रहन्छ । वही

टाइममा असईसित बम लिएर भित्र घुस्ने । अनि ठाउँ हेरेर चुप्पसित त्यसलाई राखेर आउने," अनि रामालाई अह्राउँदै ललनले भन्छ, "त्यसको लागि उसले माइतीघरको बस बिसौनीमा आउनू भनेको छ । वहीं भेटेर सर्वोच्चमा सँगै जाने हो । उधर तिमी नै जानू ।"

ललनको अघिदेखिको छटपटी यसैको थियो सायद । घुर्नालाई लाग्छ । त्यसैले होला समय 'फिक्स' भएपछि अलि हल्कान देखियो अघि बाहिरबाट आउँदा । तैपनि तनावका किरिङमिरिङहरू सम्मिएका छैनन् ललनको मुहारमा ।

सुर्ता घुर्नालाई पनि भइराखेको छ । बममा समय मिलाउन बाँकी छ । त्यसको जिम्मा रामाको हो । एक दिनअघि बम बनाउँदा उसले मसिनो गरी सम्झाएको थियो, रामाले डेरा लिएको कोठामा । जिलेटिनको मुठामा घुसारेको इलेक्ट्रिक डेटोनेटरको प्लस र माइनस तार लगेर कसरी घडीमा जोड्ने । घण्टाको सानो सुईमा उसले एउटा तार जोडिदिएकै छ । अब रामाले अर्को तार चार पैंतालिसको इन्डिकेटरमा जोड्नुपर्‍यो । र घडी चालू गर्नुपर्ने भयो । सर्किट पूरा भएपछि त्यसले आफ्नो काम गर्नेछ ।

घुर्नाले मोबाइलमा समय हेर्छ । एक बजेर पैंतालीस मिनेट भइसकेछ । उसले भन्छ, "करिब तीन घण्टा बाँकी छ । ठमेलको गेस्ट हाउसमा टाइम सेट गरेर टार्गेटमा जाने भनेपछि हामी रवाना भइहाल्नुपर्छ । बाटोलाई कम से कम दु घण्टा राख्नुपड्यो ।" अनि ललनलाई सोध्छ, "कोको कहाँकहाँ पुग्ने सेटिङ भइसके छ हैन ?"

"यो सर्वोच्चको फाइनल भएको थिएन । बाँकी दुई ठाउँको सेट भैसक्यो । असई सालाऽऽ.. यहाँ पनि हुँदैन, त्यहाँ पनि हुँदैन भन्दै थियो । 'त के गन्नाको खेत मे ?' भनिदिएँ मारसित । तबै जाईकन सही भयो । वहाँचाहिँ विक्रान्त अकेलै जान्छ । मामिला सेन्सिटिभ छ ।"

"अनि यो बिर्सिहाल्नुभए थियो के..." भन्दै घुर्ना निहुरिएर ब्याग खोतल्छ । ललन र रामाले हेराहेर गर्छन् ।

"आउनेबित्तिकै थमाइहाल्छु सोचेथें । तर बातचितमा त्यसै रहिहाल्यो ।" घुर्नाले ब्यागबाट पहेंलो रङका पर्चाहरूको तिनटा बुङ निकाल्छ । त्यसबाट एउटा पर्चा थुतेर ललनलाई दिन्छ, "तपाईहरूको कस्तो छ पर्चा ?"

"अच्छा त योऽऽ...," लेघ्रो तान्दै ललनले पर्चा हेर्छ । घुर्नालाई लाग्छ, उसले पढ्छ होला । तर ललन नपढी भन्न थाल्छ, "हेर्नुस् न, यो असईको टेन्सन र भगदडमा तपाईंलाई भन्नै बिर्सें । मैले पर्चावाला प्लान क्यान्सिल गरिहालें । हाम्रो समूहमा साथीहरूले पर्चा छर्नेवाला बातमा जब समस्या देखाए, तब जाईकन मलाई खयाल आयो । र उनीहरूको कुरा ठीक लाग्यो । त्यसपछि मैले क्यान्सिल गरें । भन्छु भन्छु भनेको भुलाइहालें ।"

पर्चा देखाउन रौसिएको घुर्ना हिस्स पर्छ । भन्न कति सजिलो– क्यान्सिल भयो रे ! यतिका दिनदेखि पर्चा पढीपढी बुनिराखेको तानाबाना, खेर गएन ?

सरखदहीमा पूरा 'प्लान' बनिसक्दा पनि पर्चा छर्नेबारे कुरै निस्किएको थिएन । त्यसबारे सम्झाउन घुर्नाले ललनलाई पछिबाट फोन गरेको थियो । र जोड दिँदै भनेको थियो– तीन ठाउँमा विस्फोट गर्दा त्यहाँ दुवैको पर्चा छर्नु जरूरी छ । दुइटा समूहका तर्फबाट जिम्मेवारी लिनु त छँदै छ । पर्चा छर्दा त्यो विस्फोट कसले गरेको हो, किन गरेको हो, चाँडै समाचारमा आउने सम्भावना हुन्छ । सुनेर ललन दोहोरो बहस नगरी सहमत भएको थियो । र भनेको थियो– त्यही नै गर्ने हो ।

उसले यसरी भन्यो मानौं घुर्नाले फोन गरेर नभनेको भए पनि ललनले यही गर्ने सोच बनाइराखेको थियो । त्यसपछि घुर्नाले काठमाडौंमा पैसाको साथमा पर्चा पनि थमाउँछु भनेको थियो । र ललनले मधेस जनतान्त्रिक सेनाको पर्चा आफूसितै लिएर आउँछु भनेको थियो । अहिले आएर ऊ एकलौटी रूपमा क्यान्सिल भयो भन्दै छ ।

घुर्नालाई भएभरको पर्चा ललनतिर हुन्याउन मन लाग्छ । ऊ अपलक ललनलाई हेरिरहन्छ । लिइराखेको पर्चाको बुङमा उसको मुठी कस्सिँदै जान्छ । र तमतमाउँदो स्वरमा भन्छ, "फोनमा पर्चा छर्नुपर्छ भन्दा त सरासर 'हाँ' भन्नुभएथ्यो । समस्याको कुछ बातै थिएन ।"

रामा अघिल्तिर घुर्नाले त्यो पारामा बोलेको ललनले रूचाउँदैन । ऊ रामातिर हेर्न पुग्छ । रामा भने भुइँतिर हेरे जस्तो गर्छ ।

"बात यो आयो कि...," स्पष्टीकरण दिने शैलीमा ललनले भन्छ, "धमाका भएको जगहमा एक ही समूहको पर्चा भइदिएको भए मामिला किलियर भइहाल्थ्यो । तर त्यहाँ दुईदुई समूहको पर्चा देखे भने, कन्फुजियाइहाल्छन्

मान्छेहरू । आइडिया त आएथ्यो दुवै समूहको एकै पर्चा बनाउने । तर बहुत देर भइहालेको थियो । यहीँ आएर दिमाग चल्यो ।"

"कस्तो कन्फ्युजन ?"

"तपाईंलाई पतै होला, आजकाल के भइरहेछ । धमाका एकले गरिरहेको हुन्छ, भर्खरभर्खर समूह बनाउनेवालाहरू झट्टसित आफ्नो नाममा जिम्मेवारी लिइरहेका हुन्छन्," ललनले भन्छ, "अब भन्नुस्, दुईदुइटा पर्चा भएपछि मान्छेहरूलाई यो समझमा थोडै न आउँछ कि यो दलित प्यान्थर मोर्चा र मधेस जनतान्त्रिक सेनाको सहकार्यमा गरेको हो । उनीहरू त यही सोच्नेछन् । दुईमध्ये एक विस्फोट गर्नेवाला हो, अर्को दाँव मार्नेवाला । यही कन्फ्युजनमा मिडियावाले चिचियाउन थाल्छन् । त्यसपछि धियानजति गइहाल्छ यो दुई किसिमको पर्चामा । किन फटाएको भन्ने विषय ससुरी गौण भइहाल्छ ।"

रिसको पाइन चढेको घुर्नाको मुहार बिस्तारै निखिन थाल्छ । पर्चामा च्याप्प गरी कसेको मुठी पनि खुकुलिन्छ । आखिर करेत समूहको बबनले पनि यस्तै चलाखी गरिराखेको छ । सोच्न पुग्छ, घुर्ना । हुन पनि दुवैको पर्चामा आआफ्नो समूहको राजनीतिक उद्देश्य लेखिएको हुन्छ । मात्रै राजनीतिक उद्देश्य । चेत खुलेझैं घुर्नाले फेरि पर्चा हेर्छ । दलित प्यान्थर मोर्चाको 'उद्देश्य'ले पर्चाको दुईतिहाई ओगटेको छ । मधेस जनतान्त्रिक सेनासितको 'सहकार्य' त त्यहाँ परेकै छैन । यस्तोमा ललनले भनेको जस्तो गडबडी हुन के बेर ? उसलाई थकथक लाग्न थाल्छ । छर्नलाई एउटै पर्चा बनाएको भए हुन्थ्यो ।

"अब यो पर्चाको चक्कर रफादफा गरम । धमाकाको डेढ घण्टाभितर दुवैको तर्फबाट मैले मिडियामा जिम्मेवारी लिइहाल्छु । बात साफ भइहाल्छ । बुझ्नुभएन के ?"

घुर्ना सहमत भए जस्तो देखिन्न । न असहमतिमा केही बोल्छ । कर लागे जस्तो गरी मौन स्वीकृति दिन्छ । तर भित्रभित्रै ऊ किरिया खाइराखेको छ । यो 'सहकार्य', 'गठबन्धन', अर्को के जाति भन्ने 'कार्यगत एकता' कसैसित गर्दै नगर्ने ।

ललनले पर्चा फिर्ता दिन्छ । लिइवरी घुर्नाले बुङसहित ब्यागमा राख्न लागेको हुन्छ, उसको फोन बज्छ । समय हेर्न निकालेको मोबाइल काखमै

रहिरहेको हुन्छ । उसले नम्बर हेर्छ । छठुको हुन्छ । कस्तो बेला फोन गर्न पुगेको । उसले उठाउँदैन । एक त दिमाग खराब भइराखेको छ । अर्को, उसले आफैं फोन गर्छु भनेको छठुलाई, उल्टै उसैलाई फोन गरिराखेको छ । घुर्नाले लाइन काट्छ ।

फोन फेरि बज्छ । घुर्नाले फेरि लाइन काट्छ । लगातार तेस्रो चोटि बज्दा उठाउन लागेको हुन्छ, उसलाई अप्ठ्यारो लाग्छ । ललन घडी हेरेर अत्यासिएझैं गर्छ । र रामा मोटरसाइकलको चाबी ललनलाई दिँदै आवाज दबाएर केही भन्न थाल्छ । हतारिइराखेको माहोल देखेर घुर्नाले फोन अफै गरिदिन्छ ।

उता फोन अफ हुँदा यता ललनसित कुरा गरिराखेको रामाको स्वर उकासिन्छ, "सोह्रखुट्टे तक मलाई पहुँचाइदिनुस् अध्यक्षजी । जल्दी हुन्छ । त्यहाँबाट ठमेल निक्लिहाल्छु । गेस्ट हाउसमा पुगेर बमको टाइम सेट गर्छु । त्रिपुरेश्वरवाला बम नइम र कुलिकले लिएर जान्छन् ट्याक्सीमा । बालाजुवाला गुल्लु र नागेले । उसको बादमा म अकेलै माइतीघर गइहाल्छु ।"

ललनले 'ठीक' ठीक' भन्दै जान्छ । मानौं, सूची बनाइएका बुँदाहरूमा रेजा लगाइराखेको छ ।

"काम निप्टाएर तिमीहरू डेढ घण्टामा कलङ्कीबाट गाडी पक्डिहाल्नू ।" ललनलाई त्यसपछिको पनि चिन्ता छ । "हाँ, यो खयाल गर्नू– हामी सभजनाले अलगअलग बसमा काठमान्डू छोड्ने हो । केटाहरू लौडापन देखाउन खोज्लान्, सँगै जान खोजेर । त्यसमा लापरबाही नगर्नू । यो सभ गराएरै तिमी रमाना हुनू ।" लगत्तै घुर्नालाई पनि भन्छ, "तपाईं पनि एकदुई घण्टामा निक्लिहाल्नुस् । कामवाम त रहिगए छैन कुछ । जति जल्दी हुन्छ काठमान्डू छोड्दिनुहोला ।"

"तपाईंले कब छोड्ने ?" घुर्नाले सोध्छ ।

"यहाँबाट म कल निस्किन्छु," ललनले भन्छ, "अहिले असईले भनेको ठाउँमा गइरहेको छु, बाँकीको टका छोड्न । लौटेर आएपछि पहिला यो होटल छोड्दिन्छु । उसको बादमा नयाँबजार सरिहाल्छु । वहीँबाट धमाकाको जिम्मेवारी लिनेवाला छु ।"

'प्लान कम्प्लिट' !

तैपनि घुर्नालाई अचकल्टोपनले छाड्दैन । चिमोटिराख्छ । ललनले भन्न केही बाँकी छ जस्तो । वा उसले पो केही सोध्न छुटाए जस्तो । वा यत्ति नै हो ? खचपचिएको दिमाग प्रस्टिन्न । बरू सोध्छ, "तपाईंलाई कन्टेक्ट गर्नुपर्‍यो भने ?"

हल्लिइराखेको ललनको घुँडा एकाएक रोकिन्छ । सशङ्कित आँखा घुर्नातिर एकटक हुन्छन् । "यसमा बडा होसियार हुनुपर्छ, प्यान्थरजी," हतार भइराखेको समयलाई रोकेर नहडबडाई ललन भन्छ, "फोनवोनले गर्दा मामिला गडबडाउन देर लाग्दैन हेर्नुस् । हाम्रो समूहवालालाई मैले भनिसकेछु । तपाईं पनि खयाल गर्नुहोला ।"

हो त है ! घुर्ना झसङ्ग हुन्छ । मुतनी वनमा फोनकै कारणले फौलाद र बिरजाको 'कनेक्सन' पत्ता लागेको ऊ सम्झिन पुग्छ ।

"पन्ध्र दिनको बाद एअरटेलको नम्बर चालू गर्छु," चनाखो स्वरमा ललनले भन्छ, "त्यसैमा फोन गर्नुहोला । त्योभन्दा अगाडि सम्पर्क हुन मुस्किल छ । किनकि तपाईंले मलाई फोन गर्नेवाला नम्बर बन्द गरिहाल्छु । तपाईं पनि सिम चेन्ज गरिहाल्नुस् । सेफको लागि भन्दै छु ।"

त्यसो भनेपछि घुर्ना फेरि पक्का हुन खोज्छ, "ठीक कय बजे जिम्मा लिनुहुन्छ ?"

"यही छ साढे छ बजेतक लिइहाल्छु ।"

यत्ति त होला नि । लगभग निश्चिन्त हुन्छ घुर्ना । र भन्छ, "बहुत सही समयमा भइरहेछ यो धमाका । संविधानसभा चुनावको ठीक अगाडि गर्दा हाम्रो मागले धियान नखिच्ने बातै छैन ।" कम से कम यसमा चाहिँ पक्का छ घुर्ना ।

"देखौ जाऊँ के हुन्छ," ललनको स्वरमा चिन्ताको छनक सुनिन्छ । र त्यसमै डर पनि मिसिएको छ । तर त्यसलाई हाबी हुन नदिई झटपट उसले मोटरसाइकलको चाबी मुठ्याउँछ, उठ्ने सुरसारमा । र त्यो माहोललाई जोस्याउन भन्छ, "जय मधेस !"

"जय मधेस !" शपथ खाएझैं रामा जोसिन्छ । ऊ रत्तिभर पनि डराएको छैन ।

"जय मधेस !" घुर्नाका पाखुरामा काँढा उम्रिन्छन् । डर हो कि रोमाञ्च छुट्याउनै सक्दैन ।

# जनतान्त्रिक मधेस मुक्ति
## (सुर्जा समूह)

### 'प्यान्थर'

०६३ सालको साउनमा झबर पासवानले घुर्नालाई फोन गरेका थिए । रक्सीले झल्लु भएर । सङ्ग्राम सुतिहारलाई तथानाम गाली गर्नसम्म गर्दै । एकालापको पारामा बग्नु बगेका थिए ।

घुर्नाले के भयो भनी सोध्दा झबरले आफूकहाँ जसरी नि आइपुग्न भने । पहिला त फर्मान जारी गरेझैं अरह्रिए । पछिचाहिँ याचना गर्दै लत्रिए । अरू बेला भएको भए उसले भरेभोलि भन्दै आलटाल गर्थ्यो होला । तर त्यति बेला उसलाई टिठ लागेर आयो । तातिएको स्वरमा उनले फोन गरे पनि उनी पराजितझैं सुनिएका थिए । रक्सीको मातले लर्बरिएको बोलीमा जोल्टिएका शब्द र चोइटिएका वाक्यले भन्न खोजेका कुराभन्दा पोख्न नसकेको कुण्ठा छताछुल्ल भएको थियो ।

घुर्नाले सम्झियो सिनो बहिष्कारताकाको आफ्नो हाल । रिसले कोठीको भित्तामा मुड्की बजारेर विष झार्नुबाहेक ऊ केही गर्न नसक्ने भएको थियो । त्यति बेला झबर लहाठी आउँदा उसको लुलिएको हातसित आफ्नो दर्बिलो हात मिलाएका थिए । अनि त फोनमा धेरै सवालजवाफ नगरी घुर्ना सीमापारिको खुटौना लाग्यो ।

एक वर्षअघि बेचन बडहीलाई लिएर गोबरगढाऽऽ जाँदा झबरले उसलाई सुतिहारको समूहमा आउन मरिहत्ते गरेका थिए । उसले विचार गर्छु भनेर

टारेको थियो । पछि जब ऊ गोबरगढाऽऽबाट फर्कियो, झबरले फोन गरेर उसलाई जानकारी दिए । उसको नामबाट 'जनतान्त्रिक मधेस मुक्ति' समूहको सदस्यता पुर्जी उनले आफैं काटिदिए रे । भो त अब ! न हकार्नु, न नकार्नु । उसको पालो उसले पनि ख्यालख्यालै लिइदियो, कागजको सदस्य बनिदिएर । यति भए पनि पुग्यो भनेर होला झबरले उसलाई चलाएनन् । तर एक वर्षपछि उनै झबर सुतिहार समूहबाट निक्लिए, निकालिएको दशामा पिरोलिएर ।

एक वर्षअघिसम्म घुर्नाले सुनेकै हो, झबरले सङ्ग्राम सुतिहारलाई 'बाबा' र 'दादा' भन्दै उकासेको । एकै वर्षमा सङ्ग्राम सुतिहार 'दादा'बाट 'सन्की बुढउ'मा झरे । के खटपट पऱ्यो कुन्नि गुरु र चेलाबीच ? आफैंसित तर्कना गर्दै घुर्ना खुटौना पुग्यो । बिहारको लोकहा लदनियाँबाट अझ दक्षिणपट्टि पर्ने खुटौना ।

खुटौनामा झबरको ससुराली थियो र कान्छो मामाको घर पनि । उही कान्छो मामा जो भारतीय दलित प्यान्थरका सक्रिय सदस्य थिए । सन् ०७८ मा भारतीय दलित प्यान्थरको आन्दोलन रापिलो हुँदा उनले आफ्नो घर नीलो रङले पोतेका थिए । नीलै टीका लगाएर हिँड्ने उही कान्छो मामा जसले 'जय भीम' भनेर अभिवादन गर्ने गर्थे । उनकै घर भएको पासवान बस्तीमा घुर्ना पुग्दा झबरले पत्रकारहरूको जमघट जमाइराखेका थिए । र झबर पासवान जोसिएर भन्दै थिए, "जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह) जिन्दावाद !"

निम्त्याइएका सिरहा र सप्तरीका स्थानीय पत्रकारहरू डायरीमा कमिला अक्षरले खेर्स्रिंदै सोधिराखेका थिए, 'जनतान्त्रिक मधेस मुक्ति'लाई फुटाएर सुर्जा समूह बनाउनुको कारण ।

मनको टर्रो बाछिटालाई रोक्दै झबर सक्दो कूटनीतिक बन्न खोजे । भने– अध्यक्षको एकलौटी चालाले आफूहरू आजित भएको; समूहको विधान मिच्दै मनपरी निर्णय गर्ने गरेकाले आफूहरू छुट्टिनुपरेको; सङ्ग्राम सुतिहारलाई संस्थापक नेताका रूपमा रहेर कार्यकारी नेतृत्व सुम्पिनुभन्दा उल्टै कारबाही गरेकाले आफैं निस्किएको । त्यसैले 'जनतान्त्रिक मधेस मुक्ति' सुतिहार समूहबाट अलग्गिएर 'जनतान्त्रिक मधेस मुक्ति' सुर्जा समूह बनाएको, उनले भने ।

त्यसपछि आहत चित्तको दुखाइलाई लुकाउन उनी मुस्कुराए । मुस्कुराउनै नमानेको ओठलाई ठेल्दै । अनि आफूलाई केही फरक नपरेकोझैं भान दिन

सुर्जा समूहबारे बखान्न थाले । यति जना सदस्य, यति थान हतियार, यति ओटा मोर्चा भन्दै । तर सँगै छुट्टिएर आएकाहरू जो उनीसँगै काँध मिलाएर बसेका थिए, तिनका झुकेका नजरले अर्कै कुराको बयान दिँदै थियो । मानौं, भविष्यप्रति उनीहरू स्वयम्लाई शङ्का भइराखेको होस् ।

पत्रकार भेलाको तामझाम सकिएर घुर्ना र झबर जब एक्लाएक्लै भए, तब बल्ल सुर्जा सिंह झबर पासवानमा अवतरित भए । रित्तो मुस्कान, कृत्रिम धैर्य, हावाले फुलेको आत्मविश्वास सार्वजनिक खपतका लागि थिए । जुन पत्रकारहरूले पत्रिका सिँगार्न लिएर गए । आफ्नो आकारप्रकारमा फर्किएपछि त झबर मुख छाड्दै भन्न थाले, "ऊ बुढउ सार सठियाइ गएछ । एमाले, माले र माओवादीबाट लात खाँदाखाँदा ऊ बुढउ आफैं लात मार्ने बडद भइगएछ ।"

खास के भएको हो भनेर घुर्नाले सोध्न नभ्याउँदै झबरले चस्मापछाडिका आँखा फार्दै नुनचर्को बोलीमा भन्दै गए ।

"सामन्ती सेठहरूको जमिन हामीले कब्जा गर्ने, उसको जात बिरादरीहरू आएर फुकुवा गरेर जाने ? हामीलाई सभबाट बरोबर चन्दा उठाउन लगाउने । और ऊ, आफ्ना बिरादरीहरूसित कममा मोलतोल गर्ने ? यस्तो किन गरेको भनेर सोध्दा उल्टेर सभको अगाडि हड्काउने ? मलाई राजनीतिमा यहाँतक पहुँचाउने गुरू भनेर के हुन्छ ? माओवादीको मधेसी मोर्चामा मैले यिनको कम साथ दिएको हुँ । म नहुन्थें त_ ।" ओठ मात्र चलाएर खै केके बडबडाए । घुर्नाले बुझेन । तर झबरले यतिचाहिँ सुन्ने गरी भने, "टुनकीबा बुढउलाई अब थाहा हुन्छ, कसको दममा समूह चलेको थियो ।"

घुर्नालाई भन्न मन लाग्यो, घुमाइफिराईकन उही जातकै कुरा आयो कि आएन ? अनि अर्ती दिने बेला जातभन्दा माथि उठेर सोच भन्ने ! तर उसले त्यसो भनेन । मात्र सोध्यो, "अब के हुन्छ, भैयाजी ?"

"हुनु के छ, सभै पहिलाजस्तै हो । समझलेऊ अध्यक्ष सिरिफ फेरिएको हो," उनले भने, "जनतान्त्रिक मधेस मुक्तिको (सुर्जा समूह)ले आत्मनिर्णयको अधिकारसहित एक मधेस एक प्रदेशको लागि लड्नेछ । तर हाम्रो सशस्त्र सङ्घर्ष सब से तगडा हुनेछ ।"

कसरी भनेर घुर्नाले सोध्नै परेन । त्यसकै लागि आफूलाई खुटौना बोलाइएको हो भनेर उसले त्यति बेलै थाहा पायो, जब उनले आफ्नो योजना भने । र त्यसको सुरूवात उनले घुर्नाबाटै गरे । सुर्जा समूहमा प्रवेश गर भनेर ।

परिबन्धमा परेर के भनूँभनूँ भयो घुर्नालाई । अरू बेला जस्तो छड्किन सजिलो थिएन । फेरिबाट उभिन खोजेका झबर सहानुभूति र साथ खोजिराखेको नजरले उसैलाई हेरिराखेका थिए । मानौं, उसको 'हुन्छ'लाई नै पर्खिराखेका हुन् ।

उसले आफ्नो नामको सुतिहार समूहको सदस्यता रसिद उनैले काटेको होइन भनेर सम्झना गरायो, ठट्टाको भाव मिसाएर ।

"त्योबला...," छट्टेल पाराले झबरले भने । मुहारमा मुस्कानको मूल फुट्न खोज्यो । तर तिनको ब्रह्माण्ड तातेका बेला कहाँबाट फुक्काफाल मुस्कान निस्कियोस् । अनि थोरैथोरै मुस्कुराउँदै उनले भने, "त्यो त अधकट्टी सदस्य हो । कामचलाउबला ।"

"अधकट्टी सदस्य !" घुर्ना नि मुस्कायो ।

दुवै जना यसबारे तैं चुप मै चुप भए पनि खास कुरोचाहिँ यस्तो हो । सिरहा-सप्तरीमा सशस्त्र समूह एकपछि अर्को जन्मिने क्रम सुरू भएको थियो । लहर नै चलेको भए पनि समूहमा सक्रिय कार्यकर्ता १०-१२ जनाभन्दा बेसी नै नहुने । त्यसपछि थालनी भयो कागजी सदस्यको । सशस्त्र समूहकाले पाएजतिलाई भटाभट रसिद काट्दै थमाउन थाले । एक त प्रशिक्षण दिनु नपर्ने । अर्को जोरजबर्जस्ती पनि गर्नु नपर्ने । किनकि गाउँघरमा सदस्यता लिनेहरू प्रायः बेरोजगार थिए । कोहीकोही चाहिँ सशस्त्र समूहसित आबद्ध भएमा माओवादीको डरधम्कीबाट पार पाउन सकिन्छ कि भनेर झोकैझोकमा लिइराखेका थिए । जसको जे मनसाय भए पनि समूहकाले पाइराखेका थिए– अर्धकट्टी सदस्य । अर्धकट्टी रसिदबाट सदस्यहरूको टाउको गनी यतिउति छन् भनेर प्रचार गर्न र छाती फुलाउन समूहकालाई काफी थियो ।

त्यही भएर झबरले हत्तपत्त भनिहाले, "उपनाम राखेर चुप्पैचाप हाथ बाँधेर बस्नेबला निष्क्रिय सदस्य हैन, सक्रियबला भनेको ।" अझ त्यति मात्र हो र । उनले घुर्नालाई तीनछक्क पारिदिँदै भने, "बचवा सिरिफ सदस्य बन्नको लागि भनिरहेको छैन । सुर्जा समूहको दलित मोर्चामा आगे आउन भनेको ।"

गे बा ! अघिसम्म मुसुमुसु मुस्काइराखेको घुर्नालाई झट्का लाग्यो । पत्याइनसक्नुको झट्का । यसभन्दा अगाडि पनि झबरले प्रस्ताव नगरेका

होइनन् । पहिला माओवादीमा हुँदा र पछि सुतिहार समूहमा हुँदा उनले पार्टीमा घुर्नालाई आउन प्रेरित गरेकै हुन् । एक हदसम्म घिच्याएकै हुन् । तर यो प्रस्ताव भिन्न खालको थियो । भुइँ टेकेर आकाश छुन मिल्ने खालको प्रस्ताव । कार्यकर्ता सदस्यबाट मोर्चाको पहिलो पङ्क्तिमा आउने प्रस्ताव । के थाहा, यहींबाट बाटो खुल्ने हो कि दलित आन्दोलन उठाउने !

झबरले दलित मोर्चाबाट सुरू गरेर किसान मोर्चा, विद्यार्थी मोर्चासम्मको योजना भनिराखेका थिए । ठूला पार्टीमा भ्रातृसङ्गठन र वर्गीय सङ्गठन भएजस्तै । उनी सुर्जा समूहलाई ठूलै पार्टीको रूप दिन हौसिएका थिए । तर तत्कालका लागि दलित र किसान मोर्चाबाट सुरू गर्ने उनको योजना रहेछ । चारैतिरबाट यी मोर्चाले छोप्दै अगाडि बढे भने मधेसी पहिचानको सशस्त्र आन्दोलन अझ तगडा हुनेछ उनी भन्दै थिए ।

आफूलाई लागेको हुटहुटी घुर्नाले दबाउनै सकेन, भनिहाल्यो, "भैयाजी यस्तो हुन सक्दैन कि मधेसी पहिचानको लडाइँ पनि आगे बढोस्, साथमा दलित आन्दोलन पनि सुरू होस् । मेरो खयालमा यही बखत दलित आन्दोलन पनि सुरू गऱ्यो भने यो धिरेधिरे पन्पिन सक्छ ।"

झबर घुर्नाको उत्साह मार्न चाहँदैनथे । घुर्नाहरू जस्ताको उनलाई खाँचो थियो । त्यसैले अरू बेला जस्तो घुर्नाको सोच काँचो छ भनेर बेवास्ता गरेनन् । त्यसैको फेर समाएर भने । मधेसी पहिचानको आन्दोलन 'पहिला' र मधेसी दलितको मुक्ति 'त्यसपछि'लाई केवल प्राविधिक कुरा मान्नुपऱ्यो । जग हालेर पर्खाल उठाए जस्तो । यसमा अहम्को कुरा ल्यायो भने मात्र पहिलो र दोस्रो भन्ने हुन्छ । जस्तो घुर्नाले भन्दै आएको थियो– दलितले आन्दोलन गर्न पनि पालो पर्खिनुपर्ने ?

तर त्यसरी नभएर प्रक्रियागत रूपमा सोच्नुपऱ्यो उनले भने । र त्यसरी सोच्दा पहिला एक मधेसका लागि मधेसका दलित, किसान, विद्यार्थी सबै एउटै राजनीतिक उद्देश्यका लागि सङ्गठित हुनुपऱ्यो । सँगसँगै यी मोर्चाले आफूहरूले पाउनुपर्ने अधिकारबारे आफ्नो समुदाय वा वर्गमा सचेतना पनि जगाइराख्नुपऱ्यो । यसले के हुन्छ भन्दा प्रक्रियाको अर्को शृङ्खला समानान्तर रूपमा सुरू हुनेछ, जसले गर्दा हरेक समुदाय वा वर्गले चाहेको परिवर्तन

सँगसँगै आउन सक्छ । जस्तो लोकतन्त्रका लागि 'छत्तीसको आँकडा' भएका पार्टीहरू एकै ठाउँमा आएर जनआन्दोलन गरे । गएको वैशाखमा लोकतन्त्र आयो । अनि त्यसैको जगमा पुनःस्थापित संसद्ले जेठमा छुवाछूतमुक्त राष्ट्र घोषणा गऱ्यो ।

त्यसपछि उनले भने एक मधेसका लागि मधेसका सबै वर्ग र समुदाय जनआन्दोलनमा जस्तै गरी होमिनुपर्छ । एक मधेस आत्मनिर्णयको अधिकारसहित जब स्वायत्त बन्छ, त्यसपछि मधेसका दलित, किसान, विद्यार्थी सबैका सबै अधिकार सुनिश्चित हुनेछन् । तर सबैभन्दा पहिले एक मधेस प्रदेशको सङ्घर्ष जारी राख्नुपर्छ ।

घुर्नाको न मुन्टो हल्लिएको थियो, न अनुहारमा चित्त बुझेको सन्तुष्टि झल्किएको थियो । चित्त बुझे जस्तो पनि लाग्ने, नबुझे जस्तो पनि लाग्ने मुहार पारेर घुर्नाले सोध्यो– के मधेस स्वायत्त प्रदेश बनेपछि छिछि र दूरदूर अन्त्य गर्न कडाभन्दा कडा कानुनको व्यवस्था हुनेछ ? के कडा कानुन कडै रूपमा लागू हुनेछ ? छुवाछूत दण्डित हुन थालेपछि दलितमाथि गरिने अन्यायको अन्त्य हुनेछ ?

त्यसपछि घुर्नाले जान्न चाह्यो । आफैंलाई पत्याउन गाह्रो भइराखेको भविष्य । के मधेस स्वायत्त प्रदेश भएपछि सबैभन्दा पहिला मधेसी दलितहरूको मुक्तिको यात्रा सुरू हुनेछ ?

"किन हुँदैन ? हेरेनौ लोकतन्त्र आउनेबित्तिकै के भयो ?" झबरको स्वर उकासिँदै गयो, "यो बुझिलेऊ, दलितहरूको मुक्ति मधेसबाटै सुरू हुनेछ । अब कसरी भनेर नसोध । योयो भनेर म ठ्याक्कै बताउन सक्दिनँ अहिले । तर एक बात तिमी गाँठ बाँधिहाल, एक मधेसमा सभ से पहिला मधेसी दलितको समस्या हल हुनेछ । और अगर यहाँ भएन वा गर्न दिइएन भने हामी भितरको ब्ल्याक प्यान्थर जाग्नेछ । र मधेसमा दलित आन्दोलन हुनेछ । किनभने हाम्रो जनसङ्ख्या मधेसमा बढी छ । र छिछि र दूरदूर पनि यहीँ धेरै छ । वही भएर त सिनो बहिष्कार आन्दोलन पनि यहीँ भएको । अगर दलित आन्दोलन यहाँ भइहाल्यो त कोसीको बाढजस्तै हुनेछ । त्यति बेला पहिलो लइनमा गोली थाप्ने सिना मेरै हुनेछ । यो कसम म अहिले तिम्रै अगाडि खान्छु । यही जमिनमा टेकेर जहाँ आज से २८ बरसपहिले नै भारतीय दलित प्यान्थरको झण्डा फरफराइसकेछ ।"

घुर्नां सुनेको सुन्यै भयो । हेरेको हेऱ्यै भयो । सोचेको सोच्यै भयो । ऊ सम्झिइराखेको थियो, झबर माओवादीमा हुँदा दलित आन्दोलन गर्नै नपर्ने भनेर उनले गरेको तर्क । तर अहिले... ।

ऊ सम्झिइराखेको थियो, झबर सङ्ग्राम सुतिहारसित हुँदा उनको एक मात्र ध्याउन्न । त्यसभन्दा बाहेकको जिकिर गर्दा मधेसी पहिचानको आन्दोलन नै बिथोलिएला जस्तो उनको पारो । तर अहिले... ।

नाराको चर्कोले बहिरो बनेको उनको कानले अहिले सुन्न थालेको थियो, टाक्सिएका आवाजहरू । बामपुड्के आवाजहरू । सिद्धान्तको तर्कसँग मेल नखाए पनि यथार्थको घर्षणबाट निस्किएका आवाजहरू । उनको कानले सुन्न थालेको थियो, जमिनमुनिबाट कराउने झिङ्गुरका आवाजहरू ।

घुर्नालाई झबरमाथि फेरि विश्वास पलाएर आयो ।

तर झबर पासवान यसरी कसरी बदलिए ? घुर्नाले बुझ्न नसकेको पाटो । भर्खर भएको जनआन्दोलनको असरले गर्दा ? झबरले भनेको जस्तो, वा सुतिहार समूहमा जातिवादले चेपिएर हेपिएकाले ? जसको चेतले गर्दा दलित आन्दोलन गर्नुपरे पनि गर्ने भनेर हौसिएको । वा मुठीजत्रो समूहलाई मूल धारको पार्टी बनाउन सबैलाई समेट्न खोजेको ? घुर्नाले खुट्याउन सकेन । तर यत्ति हो, गोबरगढाऽऽमा झबरले सुतिहार समूहमा प्रवेश गर भन्दाको जस्तो के गरूँ के नगरूँको चकरघिन्नीमा घुर्नालाई रिङ्गिनुपरेन । अन्योलबाट छ्याङ्ग भयो । मधेसी पहिचानको मोर्चामा मार्च गर्न ऊ पनि तयार भयो ।

घुर्नालाई आस जाग्यो, मधेस स्वायत्त भएपछि सबैभन्दा पहिला उनीहरूको अवस्था ठीक हुनेछ । किनभने यो आस झबर पासवानले जगाएका थिए । झबर जसले विश्वास गराएका थिए, न्याय नपाए दलित आन्दोलन गरेरै छाड्ने । अनि उनको विश्वासमाथि फेरि एक पटक विश्वास गर्न ऊ प्रेरित भयो । र ऊ सुर्जा समूहको दलित मोर्चा बनाउन 'प्यान्थर' बन्यो ।

जनतान्त्रिक मधेस मुक्ति दुई फ्याक भएको थियो । एउटा सङ्ग्राम सुतिहारको र अर्को झबर पासवानको । झबर पासवान 'सुर्जा'का उपनामले चिनिएकाले उनको फ्याक भएको थियो– 'सुर्जा' समूह । र 'सुर्जा' समूहमा घुर्ना हुन पुग्यो, 'प्यान्थर' ।

समूहका 'फौलाद', 'मुक्ति' र 'विस्फोट'हरूमाझ 'प्यान्थर' पनि थपियो । तर अरूको जस्तो घुर्नाका लागि यो उपनाम भूमिगत हुने मुकुन्डो मात्र थिएन । मुकुन्डो नै मुहार बन्न लागेको थालनी थियो । र थालनी भयो 'प्यान्थर' भनेर चिनिँदाको दिनदेखि । जतिजति 'प्यान्थर' उसलाई वास्तविक लाग्दै आयो, त्यतित्यति घुर्ना रामलीलाका उपनाम 'निराला' र 'आजाद'को बन्धनबाट मुक्त भयो । एक किसिमको राहत भयो उसलाई । ढोलक, झाइल र क्यासियोको साङ्गीतिक ध्वनि कता हो कता बजे जस्तो प्रतिध्वनिमै सीमित भयो । त्यसको सट्टामा ऊ सुन्ने भयो, अहिले पक्राउमा पर्ने हो कि भरे पक्राउमा पर्ने डरको ध्वनि । बम लिएर ठाउँठाउँ पुऱ्याउन जाँदा मृत्युसन्त्रासले कानै लाटिने ढुकढुकी ।

डरको ढुकढुकीले बाँचेको आभास दिन्थ्यो । त्यो ढुकढुकी जीवन्त लाग्थ्यो, रामलीलाको साङ्गीतिक ध्वनिभन्दा कहाँ हो कहाँ जीवन्त ।

अमेरिकाको ब्ल्याक प्यान्थर र भारतको दलित प्यान्थरबाट रोमाञ्चित भएर घुर्नाले प्यान्थरको उपनाम आफैंले जुराएको थियो । त्यही तोडमा ऊ सिरहा र सप्तरीमा दलित मोर्चा गठन गर्न तयारी समिति बनाउन आतुर भइराखेको थियो । तर उसलाई जानुपऱ्यो लोकहा पलार, जहाँ सुर्जा समूहको सैन्य दस्ताले तालिम लिइराखेका थिए ।

सिरहा जिल्ला कमिटीको सदस्य बनाइएपछि उसले जिम्मा लिन खोजेको थियो, सिरहा-सप्तरीको दलित मोर्चा बनाउने । तर सैन्य तालिम भइराखेको लोकहा पलार किन जानुपऱ्यो ? घुर्नाले झबरलाई सोध्दा उनले बल्ल भने– बम बनाउन सिक्न । त्यसपछि उनले भने, समूहको सैन्य दस्ताको वास्तविकता । पत्रकारका सामु यति र उति भनेर बखाने पनि 'सुर्जा समूह'को वास्तविक धरातल ।

सुर्जा समूहसित हातहतियार गन्न सकिनेजति मात्र रहेछ । त्यो पनि स्वचालित रिभोल्भर र बन्दुकहरू कहाँ हो र । आरनमा बनेको ६ देखि १८ इन्च नाल भएका कट्टुवा पेस्तोल र केही इन्सासहरू मात्र । वहाँ भने जित्नु छ सुतिहार समूहको थ्री-फिप्टिन र सिक्सरलाई । माओवादीको द्वन्द्वकालताका एसएमजी-एसएलआररूपी उम्रिएको सिङजुरोलाई फुकाल्नु छ । सुरक्षाकर्मीहरूको 'इनकाउन्टर'सित पनि भिड्नु छ । अनि यो बुझेर समूहका केटाहरूको आँट भने धर्मराउँदो छ ।

जाँगर चिस्याउने धरातल थाहा पाएपछि घुर्नां पनि हिस्स पऱ्यो ।

तर झबर समूहको अध्यक्ष मात्र होइन, सुर्जा समूहको 'सुर्जा' अर्थात् सूर्य पनि थिए । त्यसैले सिद्ध भइसकेको सूत्र लगाउँदै उनले हल निकाले । पहिला सरकारी कार्यालय र हुनेखानेहरूकहाँ सुतली बम पड्काएर पर्चा छर्ने । त्यसपछि चन्दाको पुर्जी थमाउने । चन्दा दिन अटेरी गर्नेलाई अपहरण गरेर फिरौती असुल गर्ने । उठेको रकमले हतियार जम्मा गर्ने । त्यति भएपछि समूहको आत्मविश्वास 'फौलादी' हुन्छ । अनि कसले अवज्ञा गर्ने सुर्जा समूहको बन्दको आह्वानलाई । सङ्गठन बनाउन गाउँतिर जाँदा कुन माइकालालले सभा बिथोल्ने ।

सूत्रअनुसार सबैभन्दा पहिला खाँचो पऱ्यो बमको । पैसाले किनिने बमको कुरै नगरे हुन्थ्यो । घरेलु बम (आइइडी) एक मात्र विकल्प थियो । तीमध्ये सकेट बम, सुतली बम, कुकर बमका लागि पनि मसला किन्नैपर्थ्यो । त्यसबाहेक बम बनाउने माहिर हातको पनि खाँचो थियो । बेचन बडहीबाट घुर्नाले कामचलाउ बम बनाउन सिकेको झबरलाई थाहा थियो । तर झबरलाई कामचलाउ होइन, बम बनाउने प्राविधिक चाहिएको थियो । झबरको मनसाय बुझेर घुर्ना लोकहा पलार जान मोडियो ।

## डोनस राई

कुनौलीबाट सात किलोमिटर भित्र लोकहा पलारको बलौटे फाँट थियो । त्यहाँ सुर्जा समूहको 'मधेस मुक्तिसेना'लाई सैन्य तालिम दिइँदै थियो । तर जब घुर्ना उता पुग्यो ऊ सन्न भयो । ओठतालु सुके उसका । त्यहाँबाट दुई किलोमिटरजति दूरीमा एसएसबीको चौकी थियो । तर यस्तो लाग्थ्यो, मानौं थाहा पाएर पनि तिनीहरू थाहा नपाए जस्तो गरिराखेका छन् । उनीहरू गस्तीमा आउँदा मात्र सैन्य तालिम लिइरहेकाहरू तितरबितर हुन्थे । पछि त घुर्नालाई नाटक जस्तो लाग्यो । 'तिमी आए जस्तो गर हामी लुके जस्तो गर्छौं'को नाटक । फेरि ०६३ सालसम्म बोर्डरमा पनि खासै कडाइ भएको थिएन । र लोकहा पलारमा सुर्जा समूहका सैन्य दस्ताले तालिम लिइराखेका थिए ।

तालिम दिने प्रशिक्षक थिए माओवादीका भगौडा कमान्डर– डोनस राई ।

२५ ओटा इन्सासले ५० जनाको दस्तालाई डोनस राईले तालिम दिइराखेका थिए । तर घुर्नाले कल्पना गरेको जस्तो न बन्दुक पड्किराखेको थियो, भटटट । न केटाहरूको जोसिलो 'हा' र 'हु' सुनिन्थ्यो । तिनीहरू अधिकांश समय बन्दुकको नाल पालैपालो सफा गरिराखेका देखिन्थे । त्यही क्रममा जाम भएका राइफल बेलाबेला पड्किन्थे, त्यत्ति हो ।

लुकीलुकी तालिम दिनुपर्ने भएकाले डोनस राई सतर्कता अपनाइराखेका थिए ? वा सैन्य तालिम नै त्यस्तो हुने हो ? घुर्ना अलमल्ल पऱ्यो ।

तर न सेनाको जस्तो बुट बज्रिराखेको थियो, न माओवादीको जस्तो गोल्डस्टार ग्वार्रगुर्र गरिराखेका थिए । झलक्क हेर्दा त्यो दस्ता हटियामा जम्मा भएका हुल जस्ता देखिन्थे । कोही जिन्समा थिए । कोही थाप्लोमा गम्छा बाँधेका थिए । कोही लुङ्गीलाई घुँडादेखि माथि कम्मरमा कसेका थिए । अनि कपडाको जुत्तामा 'गोडाफाट... सतर्क' गर्नेहरूमा चप्पल पड्काउनेहरू पनि थिए ।

पोसाकमा एकरूपता नभए पनि उनीहरूको अठोट भने एउटै थियो– मधेसलाई आत्मनिर्णयको अधिकारसहितको स्वायत्त प्रदेश बनाउने ।

तर उसलाई एउटा कुराले घरीघरी असमञ्जसमा पार्थ्यो । केटाहरू आफ्नो गाउँठाउँका माओवादीसित पनि बदला लिन आतुर जस्ता देखिन्थे । ठीक हो कि बेठीक ? पर्गेल्न खोज्थ्यो घुर्ना । तर माथापच्ची गरिरहने त्यहाँ कसलाई फुर्सद ? चाँडोभन्दा चाँडो सैन्य दस्ता तयार गर्नुपर्ने हतारो जो थियो । घुर्नालाई झनै हतारो थियो । त्यसैले बरालिन खोज्ने ध्यानलाई यताउति चर्न नदिई ऊ डोनस राईको सिकाइ एकएक टिप्ने ध्याउन्नमा लाग्यो । जसरी ऊ टिप्ने गर्थ्यो, मदरबोर्डको एकएक जोर्नी रेडियो बनाउन सिक्दा । जसरी ऊ टिप्ने गर्थ्यो, लङ्कापतिको एकएक संवाद रामलीलामा हुँदा ।

घुर्नाको टाँठोपन देखेर डोनस राईले उसलाई सकेट बम, सुतली बम, कुकर बम र बाल्टी बममै सीमित गर्न चाहेनन् । उनले आफैंले प्रस्ताव गरे, टाइम बम बनाउन पनि सिक्ने हो भनेर । पहिला त ऊ हच्कियो । नाम सुन्दै कानमा टाइम बम पड्कियो– ड्याम्म ! उसै पनि आफैंले बनाएको बम पड्काउने बेला नपड्किने हो कि भन्ने अनिश्चितताले घेर्ने गर्थ्यो । टाइम बम बनाउन नसकिने पो हो कि ?

जीवनमरणकै प्रश्न सोधेझैं घुर्नाको मुहार सोचमग्न भएको देख्दा डोनस हाँसे । भने, "धन्दा नमान न हाउ, सक्छौ ।" उनको हलुका पाराले घुर्नाको ह्याउलाई गिज्यायो । अनि ऊ पनि सुरियो, आफ्नो अनिश्चिततालाई जित्न ।

डोनस राईले सिकाइरहँदा घुर्नालाई बेचन बडहीको सम्झना हुन्थ्यो । दुवैबाट घरेलु बम बनाउन सिकोकाले त हो नै । समानताभन्दा ऊ भिन्नता दाँजिराखेको हुन्थ्यो । बेचन बडही सामान्य पढेलेखेको भए पनि कलम समातेको उसले कहिल्यै देखेन । बरू डटपेनहरूबाट स्प्रिङ निकालेर सकेट बमको पिनमा फिट गरेको चाहिँ देख्यो । बेचनले बम बनाउन सिकाउँदा मुखैले भट्याएर सिकाएका थिए । डोनसको भने स्कुली पारा थियो । पहिला कोर्ने बुझाउने अनि बल्ल बनाउने । उसलाई हुनसम्मको झिझो लागेर आउँथ्यो । कहिले हो कहिले बनाउन थाल्ने । उसलाई बेचनले मुखैले भनेर सिकाएको सम्झना हुन्थ्यो । यस्तो सजिलो तरिकाले नसिकाएर बच्चालाई झैं चित्र कोरेर के देखाउनुपर्ने होला भन्ने लाग्थ्यो । बिस्तारै बानी लाग्दै गयो । त्यसपछि खल्तीमा 'चवन्नी' नभए पनि डटपेनधनी त ऊ जहिले हुन्थ्यो ।

'चेन अफ डेटोनेसन'– विस्फोटनको शृङ्खला कसरी सुरू हुन्छ र प्रक्रिया पूरा गरेर कसरी पड्किन्छ भन्दै चित्रसहित डोनसले बुझाएका थिए । र भनेका थिए– कुनै पनि वस्तु जुन तत्त्वले बनेको हुन्छ, त्यसको प्रकृति थाहा पाएपछि त्यसलाई नियन्त्रण गर्न सजिलो हुन्छ । त्यसको बनोटलाई 'डिकोड' गरेपछि त्यसलाई तोड्न मरोड्न सकिन्छ । वस्तु चाहे बम होस्, वनस्पति होस् या मान्छेको मगज घुमाउन नै किन नहोस् ।

त्यतिन्जेल घुर्नालाई बम बनाएर विस्फोट गर्ने विधि मात्र थाहा थियो । विस्फोटक पदार्थ केले बनेको हुन्छ, कसरी विस्फोट हुन्छ भन्ने थाहा पाएपछि उसको आत्मविश्वास भरिलो भयो । सबै खालको बम बनाउन सकिने सूत्र हात लागे जस्तो भयो । अनि आफूले बनाइसकेको बम पड्किने हो कि नपड्किने जुन धुकचुक लागिरहन्थ्यो । त्यस घेराबाट पनि ऊ मुक्त भयो ।

बेचन बडहीले कोकाकोला र पेप्सीको बोतलले बम बनाएको देख्दा ऊ वाल्ल परेको थियो । डोनसले नाइलनको तार जस्तो डोरी भएको डेटोनेटिङ कर्ड देखाउँदा भने शरीरमा शीतलहरी दौडियो । डेट्कर्ड विस्फोट हुँदा त्यसको चर्को आवाजले (दूरीअनुसार) मानिस सग्लै भए पनि भित्रभित्रै उसको नसा

फुट्न सक्छ भन्ने थाहा पाएर । बमको बारूदी पदार्थदेखि चर्को आवाजसमेत हतियार हुँदो रहेछ भन्ने उसले डोनसबाटै थाहा पायो ।

सिकाइका क्रममा डोनसले जब बमको आकारप्रकार कोर्न थाल्थे, त्यति बेला घुर्ना उनलाई नियाल्न पुग्थ्यो । उनले केरिरहँदा घुर्नाको आँखा उनको देब्रे हातको कान्छी औंलामा पुग्थ्यो । जसमा उनले नङ पालेका थिए । हेर्दै सानोतिनो भुत्ते ब्लेड जस्तो । चपक्क चप्किएर उप्किनै नमान्ने कालो टेपको टुप्पो उनले त्यही नङले कोट्याउँथे । पानामा खेस्रिइरहँदा चुक्क नबोली बमका पिनहरू उनी एकोहोरिएर बनाउँथे । मानौं, त्यो साँच्चैको बम हो, जसको पिन यताउति पऱ्यो कि विस्फोटै होला जस्तो ।

लसुनको बिजुलो जस्ता उनका आँखा घुर्नातिर पर्दा घुर्ना ध्यान दिए जस्तो गर्थ्यो । तर उसको ध्यान मोडिएको हुन्थ्यो, जाँघिया लगाएको डोनसको पिंडुलाका गहिरा खतहरूतिर । घुर्नालाई उनीप्रति खसखस लागेर आउँथ्यो । एक त उनी ज्यादै कम बोल्थे । आफैंमा कैद भएको मान्छे जस्तो । उनको कम बोलाइले उनी केटाहरूमाझ बडेमानको प्रश्नचिह्न बनेका थिए । र घुर्नालाई उनीबारे कथेको कथा उनको आवरणसित दाँजेर हेर्दा खसखस लाग्नु स्वाभाविक थियो ।

डोनसको कन्नापछाडि केटाहरू उनी भगौडा हुन् भन्थे । माओवादी शान्तिवार्तामा आउनु अगाडिदेखिका भगौडा । भागेर आएका हुन् कि छाडेर, त्यो त उनैले भन्न सक्थे । कहिलेकाहीं साँझपख लामै कुराकानी हुँदा केटाहरू मिलाएर सोध्थे, "तपाईंले माओवादी किन छोड्नुभएको ?" उनी मुस्कुराएर विषयान्तर गरिदिन्थे । भन्न मन नलागेको टड्कारै बुझिन्थ्यो । सो केटाहरूले कोट्याउनै छाडे । त्यसको सट्टामा 'खाली ठाउँ भर'को अभ्यास चलिरहन्थ्यो ।

कोही भन्थे, उनी यौनकाण्डमा परेर कारबाहीको डरले भागेका हुन् । कोही भन्थे, आफूसँगैको नेतासहित पक्राउ पर्दा सेनाले नेतालाई बलान खोलामा हत्या गरेको; तर उनीचाहिँ भागेर पार्टीको सम्पर्कमा पुग्दा उनलाई उल्टै सुराकी भनेर पार्टीले नजरबन्द गरेको । र त्यही कारणले उनी भागेको । खास कुरो के हो, घुर्नालाई पनि सोधूँसोधूँ नलागेको होइन । तर खुल्न नचाहने उनको आनिबानी बुझेर घाँटीको प्रश्न ऊ घुटुक्क निल्थ्यो ।

एउटा कुरा मात्र हो, तिनले आफ्नोबारे खुलाएका । त्यो पनि भन्दैनथे होला, बेलाबेला उनलाई बिसन्चो नभइदिएको भए । उनी गयल भएको बखत शरीर कटकटी खाइराखेको भनेर भन्थे । र पिडुँलाका खत देखाउँदै भित्र बमको छर्रा रहिरहेकाले त्यस्तो भएको हो भन्थे । यस्तो बेला उनी बिहानदेखि रक्सी खाएर गुडुल्किइरहन्थे ।

डोनस राईलाई सुर्जा समूहको सशस्त्र सङ्घर्षसित कुनै लेनादेना थिएन । व्यावसायिक हिसाबले उनले तालिम दिइराखेका थिए । आन्दोलनको उद्देश्यबारे कुरा चल्दा उनी टोलाउँथे मात्र । टाढा हो कि नजिक एकटकले हेरिबस्थे । सामान हराएको अलपत्रेझैं मुहार वाल्लिएको हुन्थ्यो र ध्यान गुमेको चीजमा । उनको टोलाइ घुर्ना आफैंले अर्थ्याउन खोज्थ्यो । सोच्थ्यो– हुन सक्छ, उनलाई थकथक लागिराखेको होस्, प्रमाणीकरण हुन पर्खिराखेका शिविरका साथीहरू सम्झिएर । वा हुन सक्छ पार्टीमा हुँदा बितेका घटनाको सम्झना भइराखेको होस् । र त्यो अध्याय नै जिन्दगीको पानाबाट च्यातेर फाल्न मन लागिराखेको होस् । जसरी उसलाई शुकदेव ठाकुर कम्पनीमा नचनियाँ बनेर नाच्नुपरेको अध्याय सम्झेर हुन्छ । फेरि पनि वास्तविकता त केवल डोनसले नै भन्न सक्थे । जुन उनले कहिले पनि भनेनन् ।

उनलाई खोतल्न नसके पनि घरेलु बमबारे आफूलाई खोतल्ने घुर्नालाई उनी पोख्त बनाइराखेका थिए । त्यही कुशलताले हप्ता दिनमै घुर्नाले टाइम बम पड्काएर देखायो ।

डेट्कर्डरहितको टाइम बम पलारमा पहिलो चोटि पड्काउँदा डोनसले स्याबासीको थपडी मारेका थिए । बमको विस्फोटभन्दा पनि जरूरी थियो समयको मिलान । यति बजेर यति मिनेटमा पड्काउने भनेपछि इलेक्ट्रिक डेटोनेटरको तार घडीको घण्टा र मिनेटको सुइमा ठ्याक्ठ्याक्कै सर्किट पूरा गराउनुपर्ने अनिवार्य थियो । त्यसैले थपडीका साथसाथ उनले घुर्नालाई स्याबासीको धाप पनि मारे । घुर्नाका आँखा त्यसैत्यसै पस्रिए उनका पाउमा ।

हृदयबाट घुर्ना धन्य भएको थियो । कुनै विद्या त पूरा सिक्न पाइयो भनेर । भलै त्यो विद्या विध्वंस मच्चाउने नै किन नहोस् । यसअघि न रामलीलाका व्यासजीहरूबाट उसले स्याबासी पाएको थियो । न हातमा आइएको सर्टिफिकेटको स्पर्श । न त रेडियो मर्मत गर्न सिकाउने साहूको

हौसलापूर्ण धाप । गाउँको स्कुलका मास्टरहरूको झन् कुरै नगरे हुन्थ्यो । विद्यार्थी कम चमार बेसी देख्ने मास्टरहरूले कक्षा छुटाएर तिनकै भैंसीको चरवाही गर्न लगाएका थिए । 'आज खासै पढाइ हुँदैन' भन्दै । अनि त किन नहोस् घुर्ना डोनसप्रति कृतज्ञ ।

डोनसबाट ऊ मोबाइल बम र रेडियो बम बनाउन पनि सिक्थ्यो होला । तर समय घर्किराखेको थियो । जति घुर्नाले सिकेको थियो, त्यो नै काफी थियो सुर्जा समूहका लागि ।

पच्चीसौं दिनमा घुर्ना फर्कियो, बिहारको लोकहा पलारबाट । त्यसपछि डोनस राईसित उसको भेट भएन । भेट नभए पनि घुर्नाको सम्झनामा उनी धूलो नजम्ने गरी फ्रेममा जडिए । कहिले बम बनाउँदै गर्दा उनी याद आउँथे, कहिले यसैयसै ।

## खहेरू साह

लोकहा पलारबाट फर्केर घुर्ना सीधै खुटौना पुग्यो । अघिल्लो दिनदेखि नै ऊ हतारिएको थियो, झबरलाई भेट्न । उसको मनमा खेलिराखेको थियो लोकहा पलार आउनुअघि झबरले सूत्रझैं सुनाएको भावी योजना । ठाउँठाउँ विस्फोट गर्ने, पर्चा छर्ने र चन्दाको पुर्जी काट्ने । त्यसपछि फटाफट चन्दा उठाउने अनि हतियार किन्ने ।

तर घुर्नाले बुझिसकेको थियो, यो सीधासादा नापोमा अनेकौं फन्का छन् । जसको हिसाब लगाइएको थिएन । त्यो त फन्कोले रिंगाउँदा मात्र थाहा हुन्छ । त्यसमाथि मधेसी पहिचानको सशस्त्र सङ्घर्षलाई उचाइमा पुऱ्याउन कति गोलोबाटुलो छिचोल्नुपर्ने हो । यसो विचार गर्दा दलित मोर्चा गठन गर्ने कुरो पछिपछि धकेलिँदै जाने पो हो कि ?

"न्न ! सिरहा-सप्तरीमा जल्दी से जल्दी सुरू गरिहाल्नुपर्छ" भन्दै उसले आफैंलाई ततायो । त्यही तातोले घुर्नालाई बेगमान भई खुटौना पुऱ्यायो ।

तर खुटौना पुग्दा घुर्नाको जाँगर निखियो । थर्मामिटरमा मर्करी झरेझैं स्वाट्टै । झबर रातारात सीमावारि लागेछन् ।

घुर्ना पनि नबिसाई सिरहातिर हान्नियो । उता पुग्दा पो छर्लङ्गियो । सुर्जा समूहमा माओवादीबाट भर्खर छिरेको खहेरू साहको हत्या भएको रहेछ । हत्या माओवादीले गरेका रहेछन् ।

झबर पासवान अर्थात् 'सुर्जा' लहानबाट दक्षिणतिर पर्ने कल्याणपुर आएका छन् भनेर थाहा पाएर कार्यकर्ताहरू उतै जम्मा हुन थालेका थिए । तिनीहरू सँगसँगै घुर्ना ठाडीबाट स्प्लेन्डरमा आइपुग्यो । हेल्मेट नलगाएका दुई जनाबीच चेपिएर । ठाउँठाउँ ओर्लिंदै, मोटरसाइकल ठेल्दै ।

कल्याणपुरको खहेरू साहकहाँ आइपुग्दा लास उठाउने तयारी हुँदै थियो ।

घुर्नालाई देखेर झबरका आँखा मुस्काए जस्तो भए । तर उनको मुहार झोल्लिएको थियो । उनी खहेरूको बाबुलाई सान्त्वना दिइराखेका थिए सायद । खहेरूको बाबु निहुरमुन्टी लगाएर गम्छाले आँसु पुछिराखेको थियो । झबरसित आएका केन्द्रीय सदस्यहरू एकटकले खटबाँसमा तेर्सिएको लासतिर हेरिराखेका थिए । मानौं, खहेरूको सट्टा आफूलाई हेरिराखेका हुन् । झबरलाई सुरक्षा दिने केटाहरू त्यहाँ आएकाजतिलाई सशङ्कित आँखाले पछ्याइराखेका थिए । आँखाले छाम्दै पहरेदारी गरिराखेका थिए ।

रूवाइ र बिलौना कहींकतै सुनिंदैनथ्यो । पछि थाहा भयो खहेरूकी आमा र स्वास्नी भित्र बेहोस भएका रहेछन् । हेर्दा कोही कसैसँग बतियाइराखेको नदेखे पनि वातावरण खुसुरफुसुर र गुनगुनले सुसाइराखेको थियो । लासको सिरानमा बालिएको धूपको बास्ना कतिकति बेला घुर्ना उभिएको ठाउँसम्म आइपुग्थ्यो । धूपको गुलियो बास्नाले उसलाई हुलुक्क होलाझैं हुन्थ्यो । ऊ आँगनको माझबाट सरेर एक किनारमा गएर उभियो । त्यही छेउको खटियामा एउटी बुढिया टुक्रुक्क बसेकी थिइन् । खहेरूकी 'दादी' थिइन् । उनी गोदनाको हरियो-कालो रङले किर्मिरिएकी थिइन् । जमेको पानीमा लेउ लाग्दा देखिने जस्तो हरियो-कालो रङ । उनका गला पाखुरा हर्थुङ्गोसम्म खोपिएका फूलपात चराचुरूङ्गी च्याउरीले खजमजिएका थिए । मोतीबिन्दुले धुम्मिएका आँखाबाट एकनासले आँसु बगिराखेको थियो । सुँक्कसुँक्क र हिक्कहिक्कबिनाका मौन रूवाइमा उनी भिजेकी थिइन् । खटियाको किनारमा ढेस्सिएको खहेरूको सानो छोरो आइगइराखेका आगन्तुकलाई चिउँडो अग्लाएर हेरिराखेको थियो । बुढिया घरी छेउमा राखेको लौरी छाम्थिन्, घरी

पनातिलाई । आँसु भने रूझेको पातबाट पानी तप्किएझैं चिउँडोबाट तप्किराखेको थियो । तिनीतिर हेरिरहँदा घुर्नाको कोस कतिखेर रसायो पत्तै भएन ।

त्यहाँ ठडिन नसकेर घुर्ना बाहिर निक्लियो । गल्लीमा छरपस्टिएका मान्छेहरू कानेखुसी गरिराखेका थिए । खहेरू साह पानको दुकानमा गुट्खा किन्न उभिइराखेका बेला मोटरसाइकलमा आएका नकाबधारीहरूले गोली हानेर भागे रे ।

सुर्जा समूहले सिरहा-सप्तरीमा आफ्ना हाँगाबिँगा फैलाइराखेको बेला यो घटना घटेको थियो । झबरले समूहलाई खचरलत्तीको झारझैं फैलाउन मधेसै ओगट्ने जस्तो गरिरहेका थिए । एक त उनको सम्पर्कजालो मध्य मधेसको पर्सासम्म फैलिएको थियो सङ्ग्राम सुतिहारसित हुँदा । त्यही सुविधाले सुतिहार समूहका केटाहरूलाई उनी सुर्जा समूहमा आकर्षित गरिराखेका थिए । अर्को, माओवादीका कार्यकर्ता र नेताहरू पनि तान्न थालेका थिए । खहेरू साह माओवादीको मिथिला राज्य समितिको सदस्य थियो । ऊ सुर्जा समूह छिरेपछि माओवादीहरूले नै उसको हत्या गरे ।

## रूसन कुशवाहा 'रणवीर'

२०६१ सालमा सङ्ग्राम सुतिहारले माओवादीका कार्यकर्तालाई लिएर छुट्टिएपछि तिनीहरूसितको शत्रुता सुरू भएको थियो । आफूबाट छुट्टिएर बनेको मधेसको सशस्त्र समूहलाई माओवादीले बाहिरिया शक्तिको प्यादा भन्न थाले । र सङ्ग्राम सुतिहारहरूले माओवादीलाई मधेसमा एक मधेस एक प्रदेश बन्न नदिने चलखेल गरिराखेको ठाने । वैचारिक भिन्नताले ल्याएको फाटो एकअर्काको हत्याले झनै फाट्दै गयो ।

अहिले त जनआन्दोलन भएर पनि शान्तिवार्ता सुरू भइसकेको थियो । तैपनि मधेसका सशस्त्र समूहप्रतिको धारणा मावोवादीको उही थियो । र सशस्त्र समूहका कार्यकर्तालाई ठेगान लाउँदै हिँड्ने उनीहरूको रबैया पनि फेरिएको थिएन ।

त्यसो हो भने सशस्त्र समूहले पनि हातमा केरा होइन, कट्टा लिएका छन् । त्यसैले बदला लिनैपर्छ भनेर रूसन कुशवाहा झबरमाथि दबाब दिन

थाल्यो । उही रूसन कुशवाहा जो झबरसँगै सुतिहार समूहबाट निक्लिएको थियो । र ऊ सुर्जा समूहमा झबरपछिको नेतामा गनिन्थ्यो । रूसनसितै लय मिलाउने सप्तरीको बिहारी पासवानले पनि पाखुरा बटार्‍यो । ऊसहित सिरहा र सप्तरीमा कार्यरत त्यहाँ अरूहरूको पनि आवेग थपियो । हत्याको जवाफ माओवादीलाई कसरी दिने भनेर केन्द्रीय समितिको बैठक बस्ने भयो । र कल्याणपुरमा भेला भएकाजति खुटौनातिर लागे ।

घुर्नाले कल्याणपुरमा मौका पाएन झबरसित सल्लाह गर्न । ऊ कुन आत्तुरीले लोकहा पलारबाट यहाँसम्म आइपुगेको थियो । आए पनि झबरसित त्यहाँ के कुरा गरोस् । कसरी भनोस् सिरहामा दलित मोर्चा गठन गर्न तयारी समिति बनाइहाल्नुपर्‍यो भनेर । हत्याको आक्रोशले चिसो र तातो एकै पटक भइराखेको वातावरण ज्वरग्रस्त थियो । त्यसमाथि झबर कहिले त्यहाँ जम्मा भएका कार्यकर्ताहरूबाट घेरिएका हुन्थे । कहिले खहेरूको बाबु र काकाहरूमाझ फुसफुसाइराखेका हुन्थे । मोबाइल घनघनाउँथ्यो उसैगरी । कालो चिया जतिपटक सुर्काउँदा पनि झबरको मुहारमा लेसिएको थकान पखालिएको थिएन । चस्मामा जमेको धूलो पुछ्न नि जाँगर चलेको थिएन । तर बाहिरबाट लोसे जस्तो देखिए पनि भित्रभित्र रिस चुलिँदै गएको थियो । फोनमा उनी झर्कीफर्की कुरा गरिराखेका थिए । एकदुई ओटा कललाई त हपारेर मोबाइलै फालुँलाझैं गरेका थिए । यस्तोमा आफूले भन्न लागेको कुरा उपयुक्त लागेन घुर्नालाई । ऊ चुपचाप उनीसँगै खुटौना लाग्यो ।

खुटौना पुगेपछि सबैको ध्यान केन्द्र समितिको बैठक बस्ने उपक्रममा अल्झियो । घुर्ना पनि बैठक टुङ्गिएपछि कुरा गर्नुपर्ला भनेर थन्कियो । तर त्यसअघि नै झबरले ऊसित सल्लाह गर्नु छ भनेर भने । घुर्नाले भन्ठान्यो, समूहको दलित मोर्चा बनाउने काम लगाउनका लागि होला । तर उनले घुर्नासित उताको प्रशिक्षणबारे सोध्न थाले । त्यसपछि उनले उता सैन्य तालिम लिइराखेकाहरूलाई तराईका जिल्लाका सैन्य कमान्डर बनाउने कुरा गरे । त्यसैले हतियार अब झन् साह्रो चाहिने भयो भनेर भने । र त्यसका लागि उनले चन्दा भटाभट उठाउने योजना सुनाए । अनि घुर्नालाई सकेट बम र सुतली बम बनाउने चाँजो मिलाइदिए ।

उनले सुर्जा समूहका अरू मोर्चा बनाउनेबारे उच्चारण नि गरेनन् । अबचाहिँ घुर्नाले बुझ्यो । उनको ध्यान अन्यत्र मोड्न सकिन्न । खहेरूको हत्याको रन्को नसेलाइन्जेल अरू कुराको तातो लगाउनु बेकारै हो । त्यसैले ऊ झबरले अह्राएको काममा खटियो ।

अर्कोतिर समूहको ११ सदस्यीय केन्द्र समितिको बैठक बस्यो । बैठकले प्रेस विज्ञप्ति जारी गऱ्यो । जसमा माओवादीले युद्धविराम गरे पनि सिरहा-सप्तरीमा युद्ध जारी राखेको भनेर भर्त्सना गऱ्यो । र यसलाई तत्काल बन्द गर्नुपर्ने भनेर कडा रूपमा भन्यो । खहेरू साहको हत्याको विरोधमा सिरहाको राजमार्ग बन्द गर्ने घोषणा पनि गऱ्यो । अनि सरकारसँग खहेरू साहलाई सहिद घोषणा गर्नुपर्ने र क्षतिपूर्ति दिनुपर्ने माग पनि राख्यो ।

तर सिरहा-सप्तरीमा कार्यरत सुर्जा समूहका केटाहरू यतिमै चुप बस्ने खालका थिएनन् । खहेरूको हत्याको बदला लिनैपर्छ भन्ने मत समूहमा तगडियो । राज्यले क्षतिपूर्ति देला नदेला, सहिद घोषणा गर्ला नगर्ला, कुर्ने धैर्य थियो बरू । माओवादीको गोलीको जवाफ 'बन्द' र भर्त्सनाले दिइरहने धैर्य थिएन ।

रूसन कुशवाहा च्यापु किचकिचाउँदै बसेका थिए । उनी भन्दै थिए, बासट्ठी सालअघिका माओवादीहरू हाम्रो ठाउँमा भइदिएको भए के यसै गरी चुप लागेर बस्ने थिए ? जवाफ तिनका गुटका केटाहरूका आँखामा तेर्सिएको थियो, धारिलो कचिया जस्तो । रूसनको हाडे मुहारको च्यापु उसै गरी किचकिचाइराखेको थियो । वर्षौंदेखि साइकल मुठ्याउँदामुठ्याउँदै ठेला उठेका हत्केला फिँजारेर उनले फेरि पनि सोधेका थिए, "...चुप्पैचाप बस्ने थिए अध्यक्षजी ? भन्नुस् जरा ?"

झबर थोरै नरम थिए, माओवादीप्रति । त्यही पार्टीको संस्कारमा आफू हुर्केबढेकाले होला । बाहिरफेर हाकाहाकी नभने पनि मनमा उनले स्विकारेका थिए । जातीय पहिचानको मुद्दा आखिर तिनीहरूले नै उठाएका हुन् । त्यसैले सके राज्यसँग मात्र लड्न परे पनि हुन्थ्यो भन्ने थियो ।

तर रूसन आफ्नो गाउँ घोघनपुरमा माओवादीका कार्यकर्तासित जग्गाको मामिलामा मर्नेमार्ने परेपछि सुतिहार समूह छिरेका थिए । त्यसैले माओवादीप्रति नरम हुन सक्दैनथे । नीमको थाँक्रोमा बेरिएको करेला भइहाल्थे । केन्द्र

समितिमा प्रभाव राख्ने नेता बनेका रूसन झन् के गरी सहन्थे खहेरूको हत्या ? एक राउन्ड भर्त्सनासर्त्सनाको कर्मकाण्ड पुऱ्याएपछि उनको दाउ 'बदला' लिनेमै अडियो ।

रूसनको गुटको ज्वरो बढ्दै गएपछि झबरले थाम्न सकेनन् । माओवादीहरूसित भिड्नैपरे पनि भिड्ने भनेर तयार भए ।

## बिहारी पासवान 'फौलाद सिंह'

खहेरूमाथि गोली चलाउने मान्छेको पत्ता लाग्यो । ऊ माओवादीको सिरहा जिल्ला कमिटी सदस्य रहेछ । लगत्तै उसलाई पनि गोलबजारनिर गोली हानियो । एक गोली ढाडमा, अर्को कोखातल पर्न गयो । खलास ।

तर घुर्नाले त्यति बेला मात्र थाहा पायो, जब समूहले हत्याको जिम्मेवारी लियो । कहिले निर्णय भयो, कुन सट्ट योजना बन्यो, कतिखेर कार्यान्वयन भयो– थाहापत्तो पाएन । पछि थाहा भयो, झबर र रूसनबाहेक अरू केन्द्रीय सदस्यहरूले पनि सुइँको पाएनन् रे । योजना तुहिन्छ भनेर गुपचुप राखिएको भनेर भनियो ।

गुपचुप राखिएको योजनामा गोली चलाउने बिहारी पासवान थियो । रूसनको दायाँ हात र सप्तरीको सैन्य कमान्डर, जो 'फौलाद सिंह'को उपनामले चिनिन्थ्यो ।

समूहमा झबरको उपनाम 'सुर्जा' भए पनि उनले प्रेस विज्ञप्ति र चन्दाका चिठीहरूमा मात्र प्रयोग गर्ने गर्थे । त्यस्तै रूसनको उपनाम 'रणवीर' भए पनि आफूआफूमा उनी पनि आफ्नै नामले सम्बोधित हुन्थे । प्रायः सदस्यहरू उपनामलाई कामचलाउका रूपमा लिन्थे । तर बिहारी पासवान आफ्नो नामभन्दा उपनामसित मोहित थियो । त्यसैले बिहारी 'फौलाद सिंह' भनेरै बोलाइन चाहन्थ्यो । र भन्थ्यो, कसैले झुक्किएर बिहारी भनेर बोलाउँदा उसलाई चिढ्याए जस्तो लाग्छ रे ।

घुर्ना र बिहारीमा एउटै कुराको फरक थियो । घुर्ना कामले 'प्यान्थर' भनेर चिनिन चाहन्थ्यो । बिहारी सानले 'फौलाद' भनेर चिनिन ।

उपनामअनुसार फौलाद सिंह समूहका लागि 'फौलाद'जत्तिकै थियो । कामको एकदम पक्का । जहाँ जाऊ भने पनि सिमानाले रोक्दैनथ्यो । जसलाई ठोक भने पनि उसैको दुलोमा पुगेर ठेगान लगाइदिन्थ्यो । तर जतिजति ऊ यस्तो काममा खटाइन थाल्यो, उसको छिपछिपे पारा देखिँदै गयो ।

बाहिरफेर ऊ सुर्जा समूहको हुँ भनेर सान दिन्थ्यो । समूहभित्र रूसनको मान्छे हुँ भनेर फुल्थ्यो । रक्सीले मातिँदा उसको कुरा तल पर्नेबित्तिकै पेस्तोल झिकेर देखाउन थाल्थ्यो । झबरले केही नभने पनि रूसनले हप्काउँथे । उनको अगाडि गाईझैं आँ–इँ–उँ गर्थ्यो । पछिचाहिँ त्रिशूल डामेको साँढे भइहाल्थ्यो ।

फौलाद सिंहको फाइँफुइँ रूसनको झुन्डबाहेक अरूहरूलाई कोक्याउन थालेको थियो । तर झबरलाई भने पचाउनुपर्ने बाध्यता थियो । किनभने सुर्जा समूहको माओवादीसित रिस साटफेरको दोहोरी सुरू भइसकेको थियो । र उनलाई फौलाद जस्ताको पनि खाँचो थियो ।

## सुर्जा समूह भर्सेस माओवादी

खहेरू साहको हत्यापछि सुर्जा समूहको ध्यान बाँडियो । एकतिर थियो, एक मधेस प्रदेशका लागि सशस्त्र सङ्घर्ष । अर्कोतिर सुरू भयो, माओवादीसित अघोषित दुस्मनी ।

तैपनि सुर्जा समूहले सप्तरीदेखि पर्सासम्म युवाहरूलाई आकर्षित गरिराखेको थियो, जसमा आधाजति केटाहरू अर्धकट्टी सदस्य थिए । झबरलाई चाहिँ स्वागतको अबिर लगाउन भ्याइनभ्याई भइराखेको थियो । कहिले रौतहट, कहिले सर्लाही त कहिले महोत्तरीका केन्द्र सदस्यहरूले खबर पठाउँथे । यतिउति जना केटा समूहमा आउँदै छन् । यतिउति जना माओवादी हतियारसहित प्रवेश गर्दै छन् । यतिउति जना सुतिहार समूहबाट सुर्जा समूहमा छिर्दै छन् ।

झबरको अहम्लाई तुष्टि मिल्थ्यो । उनी फुलेल भएर भन्थे, "सुतिहार समूहबाट कति भो अलग भएको ?" लाग्थ्यो, उनी सङ्ग्राम सुतिहारलाई सम्झिराखेका छन् र मनमनै लोपार्दै छन्, "अक्किल आयो ? अब गर गला फाडेर बें बें !"

झबर नहच्किई भन्थे । हामी पाँच हजारजति भइसकेका छौं । अबको एक वर्षमा मधेसमा एउटै जनतान्त्रिक मधेस मुक्ति हुनेछ, न सुर्जा समूह, न सुतिहार समूह । बाहिरकालाई घुर्नाले पनि त्यति नै सङ्ख्या बताउने गर्थ्यो । तर भित्रभित्र उसलाई शङ्कै थियो । हुने भए त जिल्लाका कार्यकर्ता भेला, महाधिवेशन, सम्मेलन भइहाल्थ्यो नि । पाँच हजार त होइन, दुई हजारजति होलान् भन्ने उसको अनुमान थियो । बरू गाउँदेहातमा सङ्गठन बनाउने काममा लागेको भए त्यतिजति भइहाल्ने थिए । तर सुर्जा समूह एक मधेस प्रदेशका लागि उस्तैउस्तै लाग्ने विरोधका कार्यक्रम गर्नमै रूमल्लिएको थियो ।

मसाल जुलुस । दौड जुलुस । हलो-कोदालो, हँसिया जुलुस भइराखेका हुन्थे । मधेसका आठ ओटा जिल्लामध्ये एउटा न एउटा बन्द गराइराखेका हुन्थे । माओवादी नेता र गृहमन्त्रीको पुतला जलिराखेको हुन्थ्यो । समातिएका कार्यकर्ताका झुटा मुद्दा खारेज गर्नुपर्ने; मारिएका कार्यकर्तालाई सहिद घोषणा गर्नुपर्ने र छानबिन आयोग गठन गरेर दोषीलाई कारबाही गर्नुपर्ने मागको प्रेस विज्ञप्ति निक्लिराखेको हुन्थ्यो ।

घुर्ना भने सकेट बम र सुतली बम लिएर जिल्लाजिल्ला धाइराखेको हुन्थ्यो । दलित मोर्चा गठन गर्न अस्थायी समिति बनाउने काम थान्को लागे जस्तो थियो । किसान र विद्यार्थी मोर्चा बनाउने कुरा झन् कुन कुना पस्यो, पस्यो । असन्तुष्ट भएर ऊ सोच्थ्यो, कम़ से कम माओवादीसित नअल्झिएको भए समूहको ध्यान अरू मोर्चा बनाउनतिर लाग्थ्यो कि ?

तर दुईबीचको रिसइबी एकपछि अर्को घटना हुँदै जेलिँदै गएको थियो । स्थानीयस्तरको रिसारिस मधेसका आठ जिल्लामध्ये सिरहा र सप्तरीमा बेसी भइराखेको थियो ।

सिरहाको बिस्नपुरकट्टीमा एक पटक हटियामा चिया पिउँदापिउँदै कार्यकर्ता समातियो । अर्को पटक सप्तरीको उत्तरी गाउँ कोल्टे पुगेको कार्यकर्ता प्रहरीको घेरामा पर्‍यो । पछि खबर आयो, माओवादीहरूले प्रहरीलाई सुराकी दिएर समातिएको हो । केटाहरूको पालो त्यही एरियामा वाइसिएल गठन गर्न खटिएको संयोजकलाई मरणासन्न हुने गरी पिटे । र रिस साँधे ।

माओवादीसितको शीतयुद्ध कठ्याङ्ग्रिँदै गएको अर्को कारण पनि थियो । माओवादीबाट आतङ्कित भएकाहरू काउन्टर दिन सुर्जा समूहलाई प्रयोग

गरिराखेका थिए । उनीहरूले कब्जा गरेको जग्गा छुटाइदिन जग्गाधनीहरू झबरकहाँ पुग्थे । भन्नेहरू भन्थे, यस्तोमा पैसाको लेनदेन पनि हुन्छ अरे । जेहोस् झबरले फौलाद मार्काका केटाहरू पठाएर फुकाइदिन लगाउँथे । अनि सुरू हुन्थ्यो, फोनमा धम्काधम्की ।

यो रिस साटफेरको क्रम सल्टिनु त कहाँ हो कहाँ, एउटै गोलचक्करमा घुम्न थालेको थियो । र झबरको हातबाट परिस्थिति खुस्किँदै गएको थियो ।

घुर्नाको जिम्मेवारी सीमित हुन पुगेको थियो– सुतली बम बनाउनेमा; कुकर बम पड्काउनेमा; सकेट बम बनाएर रौतहट, बारा, पर्सासम्म पुन्याउनेमा । झबरले सोचे जस्तो चन्दा त उठिराखेको थियो । तर चाहिएजति हतियार भएन भनेर सैन्य कमान्डरहरूको गुनासो उस्तै थियो ।

## डर

गुनासो घुर्नालाई पनि थियो । र अनिश्चयले पनि घेर्न थालेको थियो । अहिले फुक्का सास फेरिराखेको छ भने भरे जे पनि हुन सक्थ्यो । फेरिराखेको सास कि थुनामा बन्धक बन्थ्यो कि सासै नरहन सक्थ्यो । हात मिलाएर छुट्टिएको साथी अर्को दिन स्थानीय पत्रिकामा 'इन्काउन्टर'को श्यामश्वेत खबर बनिसक्थ्यो । दुई पटक त ऊ आफू पनि समातिनबाट उम्किएको थियो ।

एक पटक लहाठी जाँदा प्रहरी सम्साँझै आइपुगेको थियो । गस्ती हो कि कसैले सुराकी दिएर आएको थाहा भएन । घुर्ना भने खङ्रङ्ग भयो । गहुँको खेततिर ऊ लुसुक्क लाग्यो र रातभर त्यतै लुकेर बस्यो ।

गहुँ बालीमाझ डल्लिएर बस्नुपर्दा पाकेको गहुँको सुङले बिझाउनु बिझाएको थियो । चैतको हावामा तरङ्गिने बालीको खस्रो सरसराहटले लाग्थ्यो, खेतमा एक होइन, एक हुल दुम्सी पसेछन्, जो बेलाबेला खेतमा आएर गहुँ मास्ने गर्छन् । तिनका तीखा काँढा सम्झिएर घुर्नालाई घोचिराखेको सुङ झनै घोच्न थाल्थ्यो । भागूँ भने ती प्रहरीहरू रूँघेर बसिराखेका छन् कि जस्तो लाग्ने, बसिरहूँ भने छायाँजति सबै दुम्सी जस्तो देखिने । यही बेला झाडा फिर्न जानेहरूको टर्चको बिम खेततिर सोझिँदा आफूलाई नै खोज्न आएको जस्तो पनि लाग्ने । त्यो रात डर र संशयसित जुध्दै बसेको थियो घुर्ना ।

अर्को पटक घोप्पा जङ्गल हुँदै उदयपुरतिर गइरहँदा गस्तीको सशस्त्रसित जम्काभेट भयो । जङ्गलमा उनीहरूलाई झ्वास्स देख्दा घुर्ना खत्र्याकखुत्रुक भयो । उसले दुइटा सकेट बम बोकेको थियो । न फाल्नु न लुकाउनु, के गरूँगरूँ भयो ।

जड भएर ठिङ्गिनुभन्दा जे पर्लापर्ला भनी ऊ खुरूखुरू हिँड्न थाल्यो । वास्ता नगरे जस्तो । नभन्दै उनीहरूले रोकेर उसको परिचय मागे । यसै गएँ, उसै गएँ भनेर उसले झुटझुट नाम र ठेगाना दियो । कहाँ हिँडेको भनी सोध्दा जङ्गलको पत्कर सोहोर्न आएको भन्यो । तिनीहरूले छड्के पाराले उसले झुन्ड्याएको कालो पोलिथिनतिर हेरे । पोलिथिन मैलिएको र यस्तै काममा प्रयोग भइसकेको जस्तो गलेको हालतमा थियो । देखेर पत्याए क्या हो । जाऊ भनेर बाटो छाडिदिए ।

धन्न ! त्यस दिन उसले ब्याकप्याक भिरेको थिएन । नत्र पक्का खोतल्थे । त्यसपछि ऊ पछाडि नफर्की हिँड्न थाल्यो । फटाफट हिँड्दा सुकेका पातका चर्रमर्र एकलासे जङ्गलमा चर्को सुनियो । लाग्यो, आफूसँगसँगै अरू पनि कोही हिँड्दै छ, पछ्याउँदै छ । ऊ झनै चाँडोचाँडो हिँड्न थाल्यो, पछाडि नफर्किई । कुदौं भने सकेट बम जोल्टिएला भन्ने डर । हिँडौं भने पाइला हतारिएर कुद्नै खोज्ने । एक हातमा सकेट बम, आँटले ज्यान धान्दै, छातीले ठटाइराखेको ढ्याङ्ग्रो सुन्दै ऊ अघि बढिरह्यो ।

जोखिम मोल्ने काम घुर्नाले पहिला पनि नगरेको होइन, गरेकै थियो । सुर्जा समूह छिर्नुअघि उसले पेस्तोलहरू पारिबाट ल्याउने गर्थ्यो । झबरको अह्रोटमा माओवादीका घाइतेहरूलाई सीमा टपाउँथ्यो । त्यति बेला फेला नपरेरै होला, ऊ यतिविधि डराएको थिएन । पहिला बाबुले सिनोको छाला सिआरपीलाई छल्दै पारि लगेको जोखिमजत्तिकै उसलाई लागेको थियो । तर झन्डैझन्डै समातिन लागेको फेला परेपछि उसको सातो गयो । अघिअघि नलागेको त्रास एकमुष्ट लागेझैं भयो ।

कतै सिद्धिने पो हो कि दलित मोर्चा बनाउँदै नबनाई । डरले उसलाई अँचेट्न थाल्यो । झबरको भरेभोलिमा कति दिन झुन्डिएर बस्नु । भएन भनेर घुर्ना छटपटियो । र ऊ सीधै झबरकहाँ पुग्यो ।

'सुर्जा सिंह'

झबर खुटौनाबाट ठाडी लौका आएको मौकामा घुर्नाले उनलाई भेट्यो । र भन्यो, आजभोलिमै दलित मोर्चा बनाउन अस्थायी समिति गठन गर्नुपऱ्यो ।

झबरले ओठ सिल गरेर सुनिराखे । उनका आँखा टेबलमा पढिसकेको पत्रिकामा टिकेका थिए । पत्रिकाको मार्जिन छाडेको ठाउँमा डटपेनले केर्दै उनी सुनिराखेका थिए । एकै ठाउँमा केरिरहँदा त्यो पाटो सागझैं गल्न थालेको थियो । च्यातिनै लाग्दा घुर्नाले कुरा टुङ्ग्यायो । त्यसपछि बल्ल झबरले केरिराखेको पत्रिका घुर्नातिर ठेस्याए र सलाईको बट्टाजत्रो कोलम देखाए । शीर्षकमा आँखा पुग्दा घुर्नाको बोली ठप्प भयो । कोलममा सुर्जा समूहको धनुषा सैन्य कमान्डर जनकपुरमा गोलीगट्ठासहित पक्राउ परेको खबर छापिएको थियो ।

"एक पाँव जमिनमा ठीकसित नटेकी अर्को पाँव कसरी उचाल्ने । तिमी नै बताइहाल ?" झबरले तिखिएर भने ।

पक्राउको खबरले झनन्न भएको घुर्ना निरूत्तर भयो । जुन कुरा भन्छु भनेर आएको थियो, त्यो अहिले भन्दा समूहप्रति असंवेदनशील भएको ठहरिने । नभने कहिले अघि बढ्ने ? ऊ चुप लाग्यो । परिस्थिति बुझ्दा लाग्यो, उसले जे भने पनि त्यसको उत्तरमा झबरले केही समय पर्ख भन्नेछन् । थुमथुमाउनेछन् । आखिरमा भ्रातृमोर्चा बनाउने कुरो उनले कहिल्यै पनि नकारेका छैनन् । टारेका मात्र छन् । तर कहिलेसम्म कुर्ने ? लोकहा पलारबाट फर्किएपछि ऊ कुरिराखेकै छ । घुर्ना आफ्ना कुरा राख्नबाट त्यसै अधकल्चियो ।

झबरले पनि घुर्नालाई खोतल्नतिर लागेनन् । उनलाई लाग्यो, घुर्नाले उनको आसय बुझ्यो । त्यसलाई विस्तृतमा सम्झाउँदै उनले भने, "वही भएर माओवादीबला फार्मुला नलगाई हुँदैन । आफ्नो प्रभाव नभएको जिल्लामा तिनीहरूले एनजिओसेन्जिओ, काङ्ग्रेस र एमालेलाई खदेडेपछि नै खुट्टा पसार्न पाएका हुन् । बुझिलेऊ म के भन्दै छु ।" चस्माले धर्सिंदै गएका उनका आँखा अझ ब्यूँझिए । "माओवादी र सुतिहारहरूलाई साइड नलगाई हामी तगडा हुन सक्दैनौं । तगडा नभए भ्रातृमोर्चावोर्चा बनाउन दूरको बात, उल्टै राज्यले भटाभट पक्डेर धडाधड इन्काउन्टर गरिदिन्छ," पत्रिका निमोठेर मोर्दै उनले भने, "मधेसमा अब कि तिनीहरू छन्, कि हामीहरू ।"

झबरको एकसुरे पाराले घुर्नालाई छटपटीभन्दा रिस उठ्न थाल्यो ।

माओवादी र सुतिहारहरूलाई उछिन्ने धुनमा झबरले भटाभट कार्यकर्तालाई हुलिराखेका त थिए । को, कहाँबाट, किन प्रवेश गरिराखेको छ लाई मतलबै नगरी । त्यही अनुपातमा मधेसका आठै जिल्लाबाट हतियारको माग हुन थाल्यो । एउटा एरिया कमान्ड गर्न कम्तीमा पनि पाँचदेखि १० थान हतियार चाहिन्थ्यो । घुर्नाहरूले ओसारेको १० थान एसएमजी कनिकाजस्तै छरिएका थिए, आठ जिल्लामा । त्यतिले अपुग भएर सैन्य कमान्डरहरूले ताकेता गरेको गऱ्यै थिए, पूर्ति भइराखेको थिएन । नभएपछि तिनै साना हतियारले काम चलाउनुपरेको थियो ।

झबरले हतियार किन्न पैसा पुगिराखेको छैन भन्दा चन्दा उठाउनेले ओठ लोप्र्याउन थाले । चन्दाको पैसा, अपहरण गरेर फिरौती असुलेको पैसा कहाँ जान्छ भन्ने भयो । जवाफमा हात लाग्थ्यो– केही मौखिक र केही फछ्र्योट नगरिएको हिसाब । डामाडोल आर्थिक व्यवस्थापन देखेर त्यहाँ अर्को गडबडी सुरू भयो । केही कार्यकर्ता आफैंआफैं चन्दा उठाउन थाले । अपहरण गरेर फिरौती लिएको पैसा आफैंआफैं राख्न थाले । र आफ्नै लागि हतियार किन्न थाले ।

तिनको मनलाग्दो धन्दा थाहा पाएर झबरले केरकार गरे । जवाफमा तिनीहरूले सुरक्षाका लागि पेस्तोल र रिभोल्भर किन्नुपरेको सफाइ दिए । सुनेर झबर चित खाए । तिलमिलाउँदै उनले तरिका ठीक भएन भनेर तिनीहरूको सदस्यता खोसिदिए । र बाँकीकालाई अनुशासनमा बसेन भने योभन्दा कडा कारबाही गर्ने चेतावनी दिए । तर कार्यकर्ताहरू थेत्तरो हुँदै गएका थिए । चन्दा उठाएर एकदुई जना भाग्न थाले । हुँदाहुँदा अपहरण हुनेका आफन्त उनीकहाँ मोलमोलाइ गर्न आइपुग्दा मात्र उनले थाहा पाउने भए ।

विचार र अनुशासनले नबाँधिएका कार्यकर्तालाई कमान्ड गर्न झबरलाई विष नझारेका सर्पलाई सधाएझैं हुन थाल्यो ।

सुर्जा समूहको आकार बढिराखेको भए पनि के र ? 'सुर्जा'का लागि निल्नुपर्ने तनावको क्याप्सुल यामानको हुँदै गयो । रिस उनलाई एउटा कुरामा लागिराखेको हुन्थ्यो, झोक अर्कैमा निकाल्थे । रिस उनलाई पेस्तोलसहित फरार भएका कार्यकर्तासित हुँदो हो । 'माँबहिन' गरिराखेका हुन्थे थप गोलीगट्ठा चाहियो भन्ने जिल्लाका सैन्य कमान्डरहरूलाई । रिस उनलाई सिम फेरिराख्ने

चन्दादाताहरूसित हुँदो हो, त्यसको तोड ब्याट्री नटिक्ने मोबाइलमाथि बजारेर निकाल्थे । ठुल्ठूला गल्तीमा लाचार देखिने उनी ससाना लापरबाहीमा फट्कार्नु फट्कार्थे ।

उनले सङ्ग्राम सुतिहारलाई 'सन्की टुनकिबा बुढउ' भन्ने गरे पनि उनी आफैं सनकसिंह सन्काहा हुँदै गएका थिए ।

## वार्ता

२०६३ सालकै कात्तिकमा माओवादीबाट वार्ता गर्ने प्रस्ताव आयो । रिसइबी थाती राखी समझदारी गर्ने प्रस्ताव । आआफ्नो सङ्गठन विस्तार गर्न एकअर्कालाई अवरोध नपुऱ्याउने र एकअर्काका कार्यकर्तालाई भौतिक कारबाही नगर्ने, समझदारीका लागि ।

समस्या विशेषगरी सिरहा र सप्तरीका कार्यकर्तामाझ थियो । त्यसैले सिरहाका माओवादीले सुर्जा समूहलाई यो प्रस्ताव राखे । सिरहामा सुर्जा समूहसित वार्ता गरेर सप्तरीमा प्रभाव रहेको सुतिहार समूहसित पनि वार्ता गर्ने उनीहरूले सोचेका थिए ।

प्रस्तावले सुर्जा समूहमा दुई मत देखियो । माओवादीबाट छुट्टिएर आएकाहरू समझदारी गर्ने पक्षमा थिए । रूसनहरू भने नगर्ने पक्षमा थिए । उनीहरू भन्दै थिए, एकदुई वर्ष पेलिरहने हो भने माओवादीहरू मधेसमा कमजोर हुँदै जानेछन् । त्यसपछि 'के पुछे हइ खेसारीके दाइल, बिना हरबरद के !'

निर्णय झबरको हातमा थियो । उनले वार्ता गर्ने भने ।

रूसनहरूको केही लागेन । मनैमन दाह्रा किटेर बसिरहे । घुर्ना जस्ता जिल्ला कमिटीका सदस्य भने पहिला अचम्भित भए, माओवादीहरूले त्यस्तो प्रस्ताव गरेको देखेर । त्यसपछि धुकचुक हुन थाल्यो वार्तालाई लिएर । सुलह हुन सक्ला ? माओवादीहरूले सुर्जा समूहलाई बाटो छाडिदेलान् ? सुर्जा समूह पनि बदलाको राजनीतिबाट माथि उक्लिएला ? भए त राम्रो हुन्थ्यो । परिस्थिति सहज होस् भन्ने घुर्नाहरूको चासो थियो । उनीहरू उत्सुकतासाथ पर्खिएर बसे ।

झापामा वार्ता सुरू भयो । माओवादीका तर्फबाट पोलिटब्युरो सदस्यहरू खटाइए । समूहका तर्फबाट झबर नै अघि सरे । उनका साथमा दुई जना केन्द्रीय सदस्य थिए । यसपालि रूसन टुकुरटुकुर हेर्नमै सीमित भयो ।

वार्तामा झबरले समझदारी गर्न तीन सर्त राखे । पहिलो, चन्दा उठाउन बन्द गर्नुपर्ने । दोस्रो, कब्जा गरिएका जग्गा फिर्ता गर्नुपर्ने । तेस्रो, कार्यकर्ताहरूको हत्या गरिएको सार्वजनिक रूपमा स्विकार्ने ।

माओवादीहरू बिच्किए । विशेषगरी दोस्रो सर्तलाई लिएर । शान्तिप्रक्रियाको मुद्दा ल्याएर स्थानीय समस्यासित जोड्ने ? उनीहरू रिसाए ।

जेहोस् असहमतिका बाबजुद पनि वार्ताका चरणहरू भइराखे । वार्ता भइन्जेल दुवै पक्षले आफ्ना कार्यकर्तालाई संयमित भएर बस्न उर्दी गरे ।

तर वार्ता बीचैमा टुट्यो । अहम् र टकरावलाई तह लाउन सजिलो थिएन । कार्यकर्ताहरूको लडन्तभिडन्तले माहोल खलबलियो । दोषी को हुन् भनेर केर्न खोज्दा दुवैले एकअर्कालाई औंला तेर्स्याए । झडप चन्दा उठाउने अनबनमा भएको थियो । सुर्जा समूहकाले भन्ने चन्दा उठाउन बन्द गर्नुपर्‍यो । उताकाले भन्ने आफूहरूले चन्दा उठाउँदा हुने हामीले उठाउँदाचाहिँ 'चन्दा आतङ्क' हुने !

सप्तरीको कञ्चनपुर बेरियरमा झडप भएपछि प्रहरीले दुवै पक्षकालाई भ्यानमा हाल्यो । थानामा माओवादीकालाई छाडिदिएर समूहकालाई थुनामै राख्यो । यत्तिमै टुङ्गियो वार्ता । यसपछि माओवादीले सुतिहार समूहसित वार्ता गर्ने सोच पनि त्यागे ।

वार्ता टुटेको दुई दिनमै सुर्जा समूहले माओवादीको 'चन्दा आतङ्क'विरूद्ध मधेस बन्द गरे । फेरि सुरू भयो, ठोकमठोकको पुरानै शृङ्खला ।

सुर्जा समूह र माओवादीको शत्रुता झनै चुलियो ।

चर्किंदै माओवादीका नेताले भने– मधेसका सशस्त्र समूहसित समझदारी गर्न नदिने षड्यन्त्र विदेशी शक्ति नै हो । शान्तिप्रक्रिया नटुङ्गिंदै जग्गा फिर्ता गर्नुपर्ने उनीहरूको माग तिनै शक्तिको उक्साहटमा राखेको हो ।

सुर्जा समूहलाई सह्य भएन । वार्तामा बस्दा पनि चन्दा उठाउन नछाड्नेले अझ ठूलो स्वर बनाउने ! उसले पनि नचपाई भन्यो– हाम्रो सशस्त्र

सङ्घर्षलाई विदेशी शक्तिको उक्साहट भन्नेले हाम्रो मागलाई मैलाउन खोजेको हो । यही निहुँमा कतै हामीलाई सकाउन खोजेको त होइन ? राज्यको आडमा 'सर्च अभियान' लगाएर ।

भन्नलाई त वार्ता भाँडिएको थियो, माओवादीहरूले चन्दा उठाउन बन्द नगरेकाले गर्दा । तर त्यही निहुँमा उनीहरूसँग झगडिन जाने समूहका केटाहरू कम्ता थिएनन् । नेतृत्वलाई नटेरेरै कार्यकर्ताहरू भिड्न गएका थिए । तैपनि झबरले तिनीहरूलाई कारबाही गरेनन् । माओवादीले उक्साएर गरेको गल्तीको सजाय भोग्दा उल्टै कार्यकर्ता निरूत्साहित हुन्छन् भनेर । सर्लाहीको जिल्ला समितिको अध्यक्षलाई हात हाल्यो भनेर त्यही जिल्लाको सैन्य कमान्डर बबन सदालाई कारबाही गर्दा ऊ छुट्टिएर गएको थियो । र आफ्नै उपनामबाट 'करेत समूह' खोलेको नजिर थियो । त्यसैले अनुशासनको मामिलामा खुकुलो भइदिन बाध्य भए ।

हेर्दाहेर्दै दुवैतिरका कार्यकर्ता राजनीतिकर्मीभन्दा 'लोकल ग्याङस्टार' बढी लाग्न थाले ।

त्यति चाँडो वार्ता टुटेको देखेर घुर्नालाई सन्देह भयो । के साँच्चै झबर वार्ताप्रति गम्भीर थिए ? माओवादीसित समझदारी होस् भन्ने चाहेर उनी वार्तामा बसेका थिए ? कि देखावटी थियो ? वार्ता टुटेपछि जसरी रूसनको गुट समूहमा हाबी भइराखेको थियो, घुर्ना विश्वस्त भएन झबर वार्ताप्रति गम्भीर थिए भनेर । कतै वार्तामा कडा सर्त राख्न लगाउने रूसनै त होइन ?

घुर्नालाई शङ्का लागिराखेको कारण अर्को पनि थियो ।

## रहस्य

झबर पासवान गुपचुप पटना गइराखेका थिए । कोही भन्थे, सङ्ग्राम सुतिहारलाई भेट्न । कोही भन्थे, सीमापारिका 'सरजीहरू'लाई भेट्न । जोकसैलाई भेट्न गए पनि त्यसबारे कसैलाई भन्थेनन् । खालि मिटिङमा गएको भन्थे ।

केन्द्रीय समितिको बैठकमा सदस्यहरूले 'मिटिङ'बारे जान्न खोजे । गुपचुप राखेकोमा असन्तुष्टि पोखे । झबर खुल्न त खुले तर पहेलीमा । भने,

"पहिलो चरणको मिटिङ हो । दोस्रो चरणको बातचितमा तपाईंहरूको राय जरूरसित चाहिन्छ । सुतिहार बुढउ जस्तो समूहमा एकलौटी हाकिमहुकुम थोडै चलाउँछु । बस्स, अहिले भन्यो भने कुरा बिगडी नजाओस् भनेर गुपचुप राखेको ।" सदस्यहरू केही मात्रामा आश्वस्त देखिए । तैपनि उनीहरू जान्न चाहन्थे । कम्तीमा मिटिङ कोसित हुँदै छ त भनिदिऊन् । तर उनी बम्किए, "अरे भाइ जब भन्दै छु कि भन्छु भनेर तब डन्डा किन खोंसिराख्नुभएको छ ! कम से कम अध्यक्षका नाताले यति सहुलियत त दिनुस् ।"

त्यसपछि समूहमा खासखुसको बतास चल्न थाल्यो । सीमापारिका 'सरजीहरूले' मधेसका सशस्त्र समूहलाई एकता गर्न भनिराखेका छन् अरे ।

यही बेला काठमाडौंको *विभास* दैनिकबाट एक जना पत्रकार झबरको अन्तर्वार्ता लिन आयो । उसलाई पारि लदनियाँ लिएर आउने जिम्मा घुर्नालाई दिइयो । पत्रकार निकै चनाखो जस्तो देखिन्थ्यो । बाटोभरि घरी ठाउँको नाम सोध्थ्यो, घरी घुर्नाबारे जान्न खोज्थ्यो । क्यामेराको सटरझैं आँखैले ऊ फोटो खिचिरहे जस्तो पनि लाग्थ्यो । खुद्रामसिना कुरा गर्दागर्दै ऊ घुर्नाबाट कतिपय जानकारी लिन खोजिराखेको थियो । कुरा उप्काउन खप्पिस लागेर घुर्नाले उसको जवाफ अड्कलीअड्कली दियो ।

घुर्नालाई घुमाइफिराई कोट्याए पनि झबरलाई चाहिँ उसले नदोब्र्याई सोध्यो– पटनामा झबरले श्रीमतीको नाममा खाता खोलेर पैसा थुपारेको हो या हैन ? माओवादीसित यतिविघ्न 'दुस्मनी'को खास कारण के होला ?

यस्ता प्रश्नको जवाफ झबरले निधारमा बल नपर्ने गरी दिए । तर जब उसले सोध्यो, सीमापारिको शक्ति केन्द्रले सशस्त्र समूहहरूलाई एकता गर्न सल्लाह दिएको हल्लाबारे, झबर सम्हालिएनन् । "उनीहरूले भनेर हुन्छ ?" उनी झर्किए, "बच्चा हौं र हामी ? हात मिलाए मिलिगए, खेलमा डुम बनाए ठुस्किगए । सल्लाह दिए होलान् अरूलाई ।" उनले भने, "हामी त्यस्तो सल्लाह सुन्न कान दिदैनौं ।"

पत्रकार गएपछि झबर तगडै रिसाए । पत्रकारसित भन्दा पनि सशस्त्र समूहको एकता गर्ने हल्लासित ।

घुर्नाका लागि उनको कुन कुरा पत्याउने, कुन नपत्याउने भएको थियो । पत्रकारसित कसैको सल्लाह नसुन्ने भनेको पत्याउने कि झबरले उताको 'मिटिङ' जारी राखेको कुरा पत्याउने । अनि उता गएर उनी कान थुन्छन् कि मुख थुन्छन् कसले भन्ने ।

घुर्नाले मौका परेर उनलाई सोधेको पनि थियो । खास कुरो के हो भनेर । उनीहरू भन्टाबारी चोकबाट सीमा कटेर सिमराही जाँदै थिए । पसिनाले तर भएको अनुहारले झबर बडो फुस्रो हाँसो हाँसे । र संयमित स्वरमा भने, "सिमानामा बसेर राजनीति गर्न कहाँ सजिलो छ । सीमाको ई पार र ऊ पार दुवै जनका लागि हामी लक्ष्मणरेखाभन्दा बाहिरको मान्छे हौं । एकलाई बफादारीको सबुत दिंदैमा जिन्दगी बितिहाल्छ । अर्कोको प्यादा हुनबाट एक आँख खोलेर सुत्नुपर्छ । गर्दै गएपछि यो खचडपनी पता पाइहाल्छौ एक दिन ।" उनको मन चुकिलो भए जस्तो थियो ।

झबर के हुन्, के होइनन्मै द्विविधा हुन थाल्यो घुर्नालाई ।

यस्तो उसलाई माओवादीसित वार्ता भइराखेको बेला पनि लागेको थियो । वार्ताको दोस्रो दिनको साँझमा झबर रक्सीमा रौसिएको बेला ठट्यौली पारामा भनेका थिए, "मित्रों, माओवादीसित हाम्रो गोत्र मिल्छ । तर डिएनए मिल्दैन । डिनए सुतिहार समूहसँग मिल्छ । यो नसोध्नुहोला कसरी ?" त्यसपछि उनले रक्सीको गिलास भाइबन्धुको नाममा 'चियर्स' गरेका थिए । अहम् तरल भएको अवस्था थियो सायद । दुस्मन भन्नेहरूसित मुद्दाको मर्म मिल्ने भएकाले भाइबन्धु भनेका थिए । तर भोलिपल्ट वा त्यसपछिका दिनमा घुर्नाले उनको व्यवहार तिनीहरूप्रति 'जानीदुस्मन' नै भएको पायो । जसरी त्यसअघिका दिनमा देखिन्थ्यो । उही एकसुरे झबर जो भन्ने गर्थ्यो, "मधेसमा अब कि तिनीहरू छन्, कि हामीहरू ।"

लाग्यो, झबर स्पष्ट छैनन् आफ्नै विचार र व्यवहारमा । विचारले डोऱ्याएर राजनीति गरे पनि परिस्थितिले विचारलाई डोऱ्याउन थाले जस्तो थियो । घुर्नालाई लाग्यो, झबर जेलिंदै गएका छन् । उनको अलमलमा अलमलिंदा न उनले भनेको गन्तव्यमा पुग्न सकिन्छ, न आफ्नै पहिल्याउन सकिन्छ ।

घुर्नालाई बेकार समूहमा छिरेछु भन्ने लाग्यो । आखिर जिन्दगी चलिराखेकै थियो । हतियारको धन्दाले पैसा जोडजाड गरेर केही त गरिन्थ्यो । भारतीय

दलित प्यान्थरको दस्तावेज पढेर प्रेरित भएको मन, प्रेरणामै रमाइरहन्थ्यो । सो रमाइ नै रहन्थ्यो । थाहा पाएसम्म हुने भनेकै यति मात्र न हो । झबरको लहैलहैमा लागेर केके नै गर्छु भन्ठानेर घुर्ना थकथकायो ।

उसलाई सुर्जा समूह छाडूँछाडूँ लाग्यो । तर सोच्दै ननिको लाग्यो, समूह छाड्ने विचार । एक मधेस प्रदेशको माग कहिले पूरा हुने कहिले । कि गर्नुपर्‍यो दलित आन्दोलन मधेसी दलितहरू एक्लैले । तर कसरी ?

ठ्याक्क यही बेला मधेस जगैबाट हल्लियो ।

## बबन सदा 'करेत'

२०६३ सालकै माघमा मधेस विद्रोह भयो ।

घुर्ना बेरहमपुर पुगेको थियो यति बेला । राजमार्गको दक्षिणतिर पर्ने सिरहा र सप्तरीको सिमाना गाउँ । केही समयका लागि बबन त्यहाँ आएको थियो । र उसैले बोलाएर घुर्ना त्यहाँ पुगेको थियो । ढाई महिनाअघि सुर्जा समूह छाडेर बबनले आफ्नै समूह बनाएको थियो । जनतान्त्रिक मधेस मुक्ति, 'करेत समूह' । सुर्जा समूहमा हुँदा उसको उपनाम 'करेत' भएकाले ।

योसहित तीन समूह भइसकेका थिए । सुतिहार समूह, सुर्जा समूह र भर्खरको करेत समूह । तीनै समूहको एउटै माउ जनतान्त्रिक मधेस मुक्ति थियो । मधेसका सशस्त्र समूहलाई 'जनतान्त्रिक'को ठप्पा नभई नहुने भएको थियो ।

घुर्ना मन नलाइनलाई बेरहमपुर गएको थियो । छठु 'बागी'कै करबलले ऊ लतारिएको थियो । एक महिनादेखि बबनले उसलाई भेट्न चाहे पनि उसले टारेको थियो । भन्ने हो भने ऊ विरक्तिएको थियो । पहेंलिंदै गएको थियो, उसको जाँगर । समूह छाडूँछाडूँ लागे पनि छोड्न सकेको थिएन । त्यसैले ऊ बिनाहतार सिरहा सदरमुकामबाट बेरहमपुर लागेको थियो, मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूले अघिल्लो दिन घोषणा भएको अन्तरिम संविधान हेमनारायण चोकमा जलाएको हेरिवरी ।

माघ २ गते घुर्ना बेरहमपुर लाग्दा उसले सायदै सोचेको थियो, हेमनारायण चोकमा उसले जे देख्यो त्यो मधेस विद्रोहको झिल्को हुन सक्छ । र यही

विद्रोहबाट उसको बाटो पनि मोडिनेछ । उसले कल्पनै गरेको थिएन । ऊ त बबनबारे सोच्दै सदरमुकामबाट पूर्व सोझिएको थियो । बबन सदा जो ऊसँगैसँगै स्वास्नी मान्छे बनेको थियो, सीमाबाट १० थान एसएमजी भित्र्याउँदा ।

घुर्नालाई अहिले पनि सम्झना छ । सुतीको धोतीमा बबन बाँसमा कपडा बेरेको जस्तो देखिएको थियो । र शङ्का एउटै थियो । जीउमा लिपिक्क टाँसिएको धोतीबाट फिलामा बाँधिएको एसएमजीको 'ग्रिप' कतै उक्सिएको नदेखियोस् । अनि त बबनलाई फिलफिले टेरिकटन साडी लगाइदिनुपरेको थियो । यति माथापच्ची गरेर उसलाई ल्याउनुको कारण झबर नै थिए । उनैले भनेका थिए– हेर्दा बबन सुइखुट्टे ज्यानको देखिए पनि मान्छे तगडा छ । टेढिएका मान्छे हुन् कि बुझक्कड, जस्तालाई पनि हातमा लिन सक्छ । भुच्चडहरूलाई चाहिँ थर्काएर भए पनि लाइनमा ल्याउँछ ।

त्यत्रो हतियार ल्याउँदा झबर ख्यालख्यालै लिन सक्दैनथे । त्यसैले केही परिआएमा टाकटुक मिलाउन सक्ने सर्लाहीको जिल्ला सैन्य कमान्डर बबनलाई साथै लिएर जान उनले कर गरेका थिए ।

घुर्नाले अन्तिम पटक बबनलाई बर्दिबासमा भेटेको थियो । रौतहटको घोडासनबाट दुइटा सिक्सर र बाइस राउन्ड गोली झिकाएका थिए झबरले । त्यही लिन घुर्ना पुगेको थियो ।

ख्याउटिएको बबन खैरो टिसर्टमा धुस्रो र कैलो देखिएको थियो । उसको रङरोगन माटोको काँचो भाँडाझैं फुङ्ग उडेको थियो । बबनको उही झल्को घुर्नाले सम्झिराखेकाले होला, बेरहमपुरमा उसलाई देख्दा अर्कै लाग्यो । उसले खादी रङको कुर्ता लगाएको थियो । त्यसले उसको फुकिढल ज्यानमा एक पाउ मासु बढे जस्तो देखिन्थ्यो । कपाल उसको घामले डढेको जस्तो कैलोखैरो लागेको थियो उति बेला । तर अहिले तेल हालेर सपक्क कोरेको थियो । तीन दिन बेरहमपुर बस्दा, उसका कुराहरू सुन्दा घुर्नालाई बबनको निधार र गाला पनि टल्किराखेको हो कि जस्तो लाग्यो । वा हुन सक्छ उसको हाउभाउको प्रभावले घुर्नालाई टल्किएको भान परेको होस् ।

"तपाईलाई पता छ प्यान्थरजी, करेत समूह घोसना गर्दा हामीहरू कय जना थियौं ? तीन जना.. सर्लाही र रौतहटका । सिरिफ तीन जना !" बबनले भनेको थियो, जाडोले दुवै हात हाडे जाँघको बीचमा घुसार्दै । उनीहरू

बेरहमपुरको किनारमा रहेको कलकतिया आँपको बगैंचामा थिए । जाडोमा बगैंचा उराठ लाग्ने गरी सुनसान थियो । न गाउँलेहरूको आवतजावत, न भुराहरूको चिर्रबिर्र । घुर्नाा पुग्दा बबन १५-२० जना केटामाझ बसेको थियो । उसलाई देखेर बबनले छलफल छोट्यायो र केटाहरूलाई बिदा गऱ्यो । त्यसपछि घुर्नासित बसेर कुराकानी थालेको थियो । र सानले भनेको थियो, करेत समूह घोषणा गर्दाको सङ्ख्या ।

"अहिले कति छन्, त्यो सोध्नुस्," उसैले सोधेको थियो । कति नै होलान् भनेर घुर्नाले अघिको हुल गएकोतर्फ हेरेर बबनतिर फर्कियो । बबनले आफ्नो सन्तुष्टि नलुकाई दुई सय सक्रिय कार्यकर्ता छन् भन्यो । र केही दिनमै मध्य मधेसमा पकड जमाउने उद्देश्य पनि भन्यो ।

पार्टीको नाम उही समूह मात्र फरक भएकाले करेत समूहको भिन्न राजनीतिक प्रस्थान त हुनै सक्दैनथ्यो । तैपनि बबनको मौलिक दाबी भने यस्तो थियो– जनतान्त्रिक मधेस मुक्ति, करेत समूहले मात्र मधेसको समस्या सुल्झाउन सक्छ । अरूहरू भनेका बेकार हुन् ।

घुर्नालाई दम लागेन । हुन सक्छ, बबनले मधेसको मुद्दा हलुकाले लिएकाले हलुकै सुनिएको । जेहोस्, बबन जुन आँटले अघि बढिराखेको थियो, त्योचाहिँ उसलाई गज्जब लाग्यो । किनकि त्यति आँट ऊ आफैंसित थिएन ।

बबनले उसलाई भेट्न खोजेको कारण करेत समूहका लागि बम बनाइदिन थियो । उनीहरूको बम बनाउने मान्छे सकेट बम लिएर कलैया गइराखेको बेला बाटैमा पड्किएकाले घाइते भएको रहेछ । त्यसैले केही समयका लागि बबनले घुर्नालाई मद्दत गरिदिन अनुरोध गऱ्यो ।

झनक्क झोक चल्यो घुर्नालाई । एक त उसलाई बिझिराखेको थियो, यही कामका लागि झबरले आफूलाई समूहमा छिराएको होला भनेर । अहिले बबनले पनि त्यही भन्दै छ । ठाडै नाइँ भन्न मन लाग्यो । तर झ्वाट्ट सम्झियो । बबन काम लाग्ने मान्छे भनेर नै छठुले उसलाई पठाएको । काम लाग्न नि सक्छ । झबरको रिस बबनमाथि किन पोख्नु ?

घुर्नाले एक पटकका लागि मद्दत गर्छु भन्यो । तर सुर्जा समूहमा उसलाई आइलाग्न सक्ने अप्ठ्याराहरू पनि भन्यो ।

बबनलाई घुर्नाको 'एक पटक'मा चित्त नबुझे पनि हुन्छ भन्यो । तर बाठो बबनले कुरैकुरामा मौका छोप्यो । र घुर्नालाई करेत समूह किन प्रवेश गर्नुहुन्न भनेर हाँसीहाँसी प्रस्ताव गऱ्यो । घुर्नाले पनि हुन्छ, हुन्न नभनी हाँसीहाँसी उम्कियो, हातबाट जुँगे माछा उम्किएझैं । सुलुत्त ।

अर्को दिन, माघ ३ गते घुर्ना र बबनसँगै फर्किने सल्लाह थियो । तर सिरहा-सप्तरीको राजमार्ग खण्डमा मधेसी जनअधिकार फोरमले चक्काजामको आह्वान गरेको थियो । जसले गर्दा सशस्त्र प्रहरीहरू राजमार्गतिर खटिएको थाहा भयो । तिनीहरूले राजमार्गको दक्षिणतिर पनि गस्ती गरिराखेको खबर बबनकै केटाहरूले ल्याए । र दुवै जना त्यस दिन बेरहमपुरमै अड्किए ।

त्यस रात अघिल्लो रातझैं मच्छडदानीमा पराल कोचेर बनाएको गद्दामा घुर्ना कक्रिएको थियो, तातिँदै नतातिने पैतालालाई हातले रगड्दै । उसै त नयाँ ठाउँमा घुर्नालाई निदाउन सास्ती हुने, एककोठे झुपडीमा जाडो आफैं लुगलुग काँपिरहे जस्तो थियो । चिसो पैताला, चिसो नाक, कानका लोती पनि चिसै भएपछि निद्रा एकछेउ नि ढिम्किएन । उसका आँखा अघिल्तिरको भित्तामा झोल्लिएको खटिया ठड्याएकोतिर गयो । त्यसपछि सिरानको कोठीमा टाँसिएको लक्ष्मीको चित्रमा घोरियो । घरी आफ्नै छेउको भित्तातिर मुन्टो फर्कायो र हेरिरह्यो भित्तामा लुगाको खातले लत्रिएको डोरी अनि त्यसमा लटपटिएको मैलो धोतीलाई । तोरी फुलेको फाँटझैं पहेंलो-हरियो धोती लाल्टिनको उज्यालोमा झनै मट्मैलो देखिइराखेको थियो । उसले सम्झियो त्यही धोती लगाएकी त्यस घरकी स्वास्नी मान्छेलाई, जो दिउँसोतिर घरभित्र र बाहिर गरिराखेकी थिई ।

घुम्टो काढेकी स्वास्नी मान्छेको अनुहार नदेखे पनि नहेर्नुपर्ने धेरै कुरा घुर्नाले देख्न पुगेको थियो । उसले देख्न पुग्यो, पत्करको बोझा टाउकोमा भिरेर आउँदा उसको सर्लक्क परेको पिठ्यूँ । रिढभित्र गाडिएकाले पिठ्यूँको बीचौबीच बनेको गहिरो लाम्चो खाल्डो । छोटो चोली सरेर माथि पुग्दा देखिएका उसका करङ । चप्पल फुकालेर चौखेट नाघ्दा बिछुवा लगाएका औंला र आल्ता लगाएका पैताला । सम्झिएर घुर्नाको कानका लोती तातिँदै आए । मांसपेसीहरू अरड्ड परे । उत्तेजित शरीरको अनुभूतिले उसलाई लाल्टिनको प्रकाश चर्को लाग्यो । झन् लाल्टिनअघिल्तिर लेखिराखेको बबनलाई देख्दा कताकता खुम्चियो पनि । अनि शरीरलाई निकास दिन ऊ लामोलामो सास फेर्न थाल्यो ।

जीउ खुकुलो हुँदै आउँदा घुर्ना एकतमासको भयो । एक्लोपनले घेन्यो उसलाई । कसैको माया पाउन कसैलाई माया गर्न, मन लालायित भयो । कसैको साथ पाउन, कसैलाई साथ दिन, अभाव खट्कियो । न घर फर्किंदा कतिखेर पुगूँ भन्ने हतार छ, न घर पुग्दा ओसरामा कोही पर्खिराखेको हुन्छ । मात्र हुन्छ, त्यहाँ खालीखाली लाग्ने एक्लोपन । लहाठीको न्यास्रिएको घर जस्तो उसको मनमा पनि खालीपनको उराठ चल्यो ।

कहिले बिहे गरौंला, कहिले लालाबालाले घेरौंला, घुर्नाले कल्पियो भित्तामा खटियाले बनाएको लाम्चिलो छायाँलाई हेर्दै । उसलाई लाग्यो, जिन्दगीको खालीपन यिनै कुराले भर्न सकिन्छ । अनि उसलाई आफ्ना दौंतरीका भरिभराउले ठुङ्न थाल्यो ।

उसले सम्झियो फेकनलाई । उसको गृहस्थी, स्वास्नी र बच्चालाई । भरिपूर्ण तिनीहरूको संसारमा घुर्ना रत्तिन खोज्यो । तर जसै फेकनको दिनचर्या टड्कारो भई आयो, उसलाई डाहाभन्दा टीठ लाग्न थाल्यो । उही गिरहत, उही हरवाहा, उही चरवाह । फेकनभन्दा टिर्काको अवस्था पनि के फरक छ र ? जस्तो रगडधस बाबुहरूको थियो, उस्तै उनीहरूको पनि छ । २० वर्षमा अघिल्लो पुस्ता र दोस्रो पुस्तामा के नै फरक आयो र ? फरक हुन त 'आज'लाई सपार्नुपऱ्यो नि । आफैंसित तर्क गऱ्यो घुर्नाले, कपास डल्लिएको सिरकलाई मास्तिर तान्दै, जाडो नजाने सिरकभित्र न्यानो खोज्दै । तर न खुट्टा पसार्ने न्यानो भेट्यो, न आफूले गरेको तर्क नै अर्थपूर्ण लाग्यो ।

सोच्यो, 'आज'लाई सपार्ने ऊ झबरले भनेको बाटोमा लागेको होइन । तर के भइरहेछ ? घुर्ना नाजवाफ भयो । सुर्जा समूहमा आफूलाई लागेको दिग्दारी सम्झिएर उसलाई सबेर पनि नहोस् जस्तो लाग्यो । यति नै बेला बबनले कागज झ्यार्रझ्यार्र च्यातेको सुनियो ।

बबन लेखिराखेको थियो, छर्नुपर्ने पर्चाको बेहोरा । एफोर साइज कागजको खस्याकखुस्रुकबाहेक कोठा चकमन्न थियो अघिदेखि । सँगैको झुपडीबाट बूढाको लहरे खोकी सुनिन्थ्यो बेलाबेला । जाडोको गाढा रातमा कागज च्यात्दा पनि कपडा च्यातिएझैं सुनिएको थियो । चिरिएको आवाजले घुर्नाको गन्थन टुक्रियो र ऊ बबनतिर फर्कियो ।

बबनले कुर्ता फुकालेर खुँटीमा झुन्ड्याएको थियो । कुर्ताभित्र लगाएको स्वेटर आङमै थियो । बदामी रङको स्वेटर छोटो परिराखेको थियो उसलाई । छोटो बाहुला तान्दै बेहोराको रफसफ गरिराखेको थियो बबन । उसको जाँगर देखेर घुर्नाले सोध्यो, मनमा लागेको खसखस, "करेतजी, यति जल्दी दुसयलाई कसरी इकट्ठा गर्नुभो ?"

सुनेर बबन मख्खियो । गम्लङ्ग ओढेर बसेको सिरकलाई घुँडातिर च्याप्दै मुसुक्क फुल्यो । फुल्दै सोधेको जवाफ दिएन । उल्टै सोध्यो, "सुत्नु भए'छैन ?"

"निद अब तपाईंसित बतियाएपछि ही आउँछ," जिज्ञासु नसुनिन घुर्नाले भन्यो ।

"किन ? निद यही बातले गायब गरे छ के ?" मुस्काउँदै बबनले भन्यो । मुस्कानमा अलिकति पेच र अलिकति गर्वोक्ति घोलिएको थियो ।

"यस्तै समझलिनुस्... थोडाथोडा," हाँसोको हलुकापन मिसाएर घुर्नाले भन्यो ।

"आफ्नोआफ्नो रणनीति हो, हेर्नुस्," लेखिराखेको कागजबाट आँखा नहटाई बबनले भन्यो, "सजिलो थोडै न छ । तर गरियो ।" यसभन्दा बेसी बबनले भनेन । घुर्नाले पनि कर गरेन ।

बबनको 'रणनीति' भनेको उही अर्धकट्टी सदस्यकै फन्डा होला भन्ठान्यो घुर्नाले । तर पछि थाहा पायो, करेत समूहको चतुरे चाला । आफूहरूले गर्ने कारबाही त भई नै हाल्यो । जिल्लामा अरू सशस्त्र समूहले घटाएको घटनामा पनि बबनले उछिनेर करेत समूहको नाममा जिम्मेवारी लिँदो रहेछ । पत्रिकामा नाम आएपछि आतङ्क फैलिने नै भयो । त्यसैको भरमा चन्दा उठायो अनि समूह विस्तार गर्‍यो । त्यत्ति रहेछ उसको 'रणनीति' ।

पछिबाट थाहा पाएर घुर्नाले 'सार कारकौवा' भनेर मुख बिगारेको थियो । यस्तो रहेछ र त बबन अनकनाएको थियो भन्दै उसले बेरहमपुरको रात सम्झिन पुगेको थियो ।

बेरहमपुरको त्यो रातमा घुर्नाले अर्को खुलदुली पनि मेट्‍यो । ऊ जान्न चाहन्थ्यो, बबनले सुर्जा समूह छोड्नाको खास कारण । भले उसले राजनीतिको चल्तीको कारण देखाई रेडिमेड लाइनहरू भट्‍याइसकेको थियो । तर ऊ अनुशासनको कारबाहीमा परेको थियो, जिल्ला समितिको अध्यक्षलाई हात हालेको केसमा । तर घुर्ना उसको मुखबाट सुन्न चाहन्थ्यो, आखिर भएको के थियो ?

यो जिज्ञासामा चाहिँ बबन मज्जाले खुल्यो । सायद घुर्नाको सोधाइमा पीडित कार्यकर्ताको 'ऐया' सुन्न पुग्यो । वा हुन सक्छ कसैले सोधिदेला र सुर्जा समूहलाई थचारौंला भन्दै कुन्ठिएको थियो । भन्यो, "कतिकति चन्दा उठाएर दियो, उसको बाद जब माथिबलालाई हतियार थप भन्छु त भन्छन्, जुगाड गरेर मिलाऊ रे ! यो पनि कोइ बात हो ? त्यसमाथि मेरो एरियामा कम कार्यकर्ता भयो भनेर दम भरेको छ, भरेको छ । त सब काम एकै सैन्य कमान्डरले गर्ने हो भने तिमी के मख्खी मार्न बसेछौ ? यस्तै भनिदिएँ डिसिएमलाई एक दिन । उसको बाद परिहाल्यो उसको र मेरो वहींका वहीं ।" लाल्टिनको बाती मधुरो बनाउँदै बबनले भन्यो, "यही बातले जब मेरो घटुवा गऱ्यो पार्टीले । मेरो मनमा आयो, चन्दा उठाउनेदेखि सदस्यता रसिद काट्नेसम्म जब मैबाट गरवाउन खोज्छन् भने आफ्नो छुट्टै समूह न बनाइहालुम् ? तब मैले पार्टीलाई ऐसी कि तैसी भनेर छोडिदिएँ, त्यसै थोडै... ।"

घुर्नाले 'ए' मात्र भन्यो । ठीकबेठीक थपेन । एउटै मान्छेलाई धेरै जिम्मेवारी थोपर्नु सुर्जा समूहको बाध्यता थियो र कमजोरी पनि । ऊ सोच्दै थियो, सुर्जा समूहलाई पाठ पढाउने हिसाबले ठीकै हो । तर बबनले आँटेको सफल होला ?

उता बबन भने कस्सिएको थियो भन्न । ऊ हिसाब लगाइराखेको थियो, मलङ्गवामा आफूले सरकारी कर्मचारी र व्यापारीबाट केकति चन्दा उठाएको थियो भनेर । त्यो रकमलाई जोडेर उसले यतिउति खर्च कटायो । र बाँकीको पैसा कहाँ गयो भनेर एक्कासि फुङ्काऱ्यो, करेत सर्पले फुङ्कारेझैं ।

"तपाईंहामी जस्तो हैन...," उही पारामा बबनले भन्यो, "...फौलादै जस्तो बढिया रहन्छन् यो सुर्जा समूहको लागि ।"

"फौलाद किन ?"

"मधेस मुक्तिको आडमा आफ्नो धन्दा जो चालू राखेछ ।"

"कस्तो धन्दा ?"

"वही चन्दावन्दाको ।"

"चन्दा उठाएर समूहलाई नबुझाउनेबला बइमानी ?"

"वही ।"

"कहाँऽऽ...," खासै नपत्याई घुर्नाले भन्यो, "यस्तो पता पाउनेबित्तिकै सुर्जाजीले थोडै छोड्नुहुन्छ । बहुतलाई कारबाही गरिसक्नुभो ।"

"उनलाई पता कहाँ छ यसबारे । पता पनि चल्दैन । त्योभन्दा अगाडियै ऊ फुर्र भइहाल्छ ।"

"पता किन हुन्न ? अरू कसैले सुराक नदिए पनि जोसित चन्दा उठाइरा'छ ऊ नै राइदुहाइ गर्दै सुर्जाजीकहाँ जान देर छैन ।"

"तपाईंलाई के थाहा ? ऊ आफ्नो एरियाको पहडियाहरूसित गुपचुप चन्दा उठाइरहेछ । हैसियत सैसियत केही हेर्दैन । बस्स, चन्दाको पुर्जी थमाइदिन्छ । ना-नुकुर गर्नेलाई उठीबास लगाउने धम्की दिन्छ । कय जना त घरवार खाली गरेर गैसके ।"

"च्छा..."

"मधेसी र पहाडीको लफडा चलिरहेको बेला को पहाडी गएर सैन्य कमान्डरको उजुरी उल्टै सुर्जालाई गर्न जान्छ । यही सोचेर त फौलादले फाइदा उठाइरहेछ ।"

"तर यो सरासर गुन्डपनी हो । सुर्जा समूहले सभ पहाडीलाई टार्गेट गरेर चन्दा उठाइरहेछैन । सरकारी पहडिया कारिन्दा सिरिफ हुन्," घुर्नाले भन्यो ।

"फौलादलाई ई सभसित के मतलब ? उसलाई यही मौकाको फाइदा उठाउनु छ ।"

"तपाईंलाई पता कसरी चल्यो ?"

बबन हाँस्यो । "आफूभन्दा एक कदम आगेआगे हिंडिरहेको प्रतिद्वन्द्वीको के देखिन्छ भन्नुस् त ? उसको मुह ?" हाँसोलाई दम दिंदै उसले भन्यो, "पिछेपिछे आइरहेको प्रतिद्वन्द्वीले अगाडिको प्रतिद्वन्द्वीको सिरिफ पछुआरा देख्छ । पछुआरा ! मने कमजोरी । बुझ्नुभो ।" बल नपरेको हाँसो हाँसिराखेको घुर्नालाई देखेर उसले स्पष्टसाथ भन्यो, "यहींकै साथीहरूले खबर दिएका थिए । र खबर बिल्कुल पक्का छ । पत्याउनुहुन्न भने फौलादलाई निगरानी गरेर हेर्नू । बात सही निक्लेन भने यो छाडेर सुँगुर चराउन हिंड्छु ।"

यस्तो दाबा ! मनमनै घुर्नाले मान्यो । फौलादको आनीबानी सम्झेर पनि उसलाई पत्याउन कर लाग्यो ।

सोचमग्न घुर्नालाई देखेर बबनले फेरि औडाहा थप्यो, "त प्यान्थरजी जरा सोच्नुस्, यस्तो पार्टीमा लागेर कुछ हुन्छ ? हाँ... हाइलाइटमा आउन हाम्रो आफ्नै रणनीति छ । तर यस्तो बइमानी मेरो समूहमा कतइ हुन्न ।"

घुर्नाको चुपलाई बबनले आफ्नै अनुकूल अर्थ्यायो । र सर्लाहीबाट पूर्व र पश्चिम मधेसमा फैलिने योजना थोरैतिनो बतायो । घुर्नाले 'अँ' र 'ए' भन्दै सुने जस्तो गर्‍यो । कानमा बबनको स्वर बोलिरहे पनि ऊ आफ्नै तर्कना सुन्दै थियो । झबरलाई फौलादबारे चेताइहाल्नुपर्छ । ऊ सोच्दै थियो । अरू कसैलाई भनेर हुँदैन झबरकै कानमा पुर्‍याउनुपर्छ । अनि मात्र फौलादलाई कन्याप्प पार्न सकिन्छ । अरूलाई भन्यो भने कुरा बिग्रिन सक्छ ।

जति सोच्यो, त्यति घुर्नालाई झबरमाथि रिस उठ्न थाल्यो । समूहमा जसलाई पायो त्यसलाई हुल्यो भने यस्तै हुन्छ । घुर्नालाई एक मन त आयो, नभनेकै बेस । लाटलुट पारेर रफ्फुचक्कर होस् न अनि बल्ल आँखा खुल्थ्यो ।

लाल्टिनको बाती तल झारेकाले धिपधिप गर्दै थियो । त्यससँगै बबनको कुरा पनि निभ्दै थियो । घुर्नालाई याद पनि भएन कतिखेर बबन निदायो । घुर्न थाल्दा पो ऊ बबनतिर फर्किएर हेर्‍यो । उसलाई देखेर बरू घुर्नाले लामो हाई काढ्यो । जे भए पनि बबनले आँटचाहिँ गरेकै हो भन्दै कोल्टो फेर्‍यो । र फेरि तर्कनामा उनियो ।

माघ ४ गते पनि घुर्ना र बबन उतै अड्किए । राजमार्ग खण्डमा पाँच घण्टा चक्काजाम थियो । नटेर्ने यात्रुबसलाई फोरमका कार्यकर्ताहरूले भारदहमा तोडफोड गरेको हल्ला आएको थियो । त्यही दिन छठुले फोन गरेर घुर्नालाई जसरी भए पनि लहान आइपुग्न भन्यो । घुर्ना हतारियो ।

माघ ५ गते घुर्ना एक्लै बेरहमपुरबाट हिँड्दै आयो । त्यस दिन पनि पाँच घण्टाको चक्काजाम थियो । घुर्ना लहान आइपुग्दा तीन बजेको थियो । यति बेलासम्म मुरारका पेट्रोल पम्पमा गोली चलेर दङ्गा सुरू भइसकेको थियो ।

## मधेस विद्रोह

चार दिनअघि माघ १ गते अन्तरिम संविधान घोषणा भएको थियो ।

माघ २ गते मधेसी जनअधिकार फोरमले मधेस बन्द आह्वान गर्‍यो । र काठमाडौंको माइतीघर मण्डलामा पारित संविधान जलायो । साथै सिरहा सदरमुकामको हेमनारायण चोकमा पनि संविधान जलाइयो । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र एघारबुँदे थप मागका लागि यसो गरिएको

थियो । यही कसुरमा काठमाडौंमा फोरमका अध्यक्षसहित २८ जना कार्यकर्ता पक्राउ परे ।

माघ ३ गते उनीहरूको रिहाइका लागि लहानमा केही बेर चक्काजाम र बन्द गर्ने आह्वान भयो, जुन त्यति प्रभावकारी भएन ।

माघ ४ गते सिरहा-सप्तरीमा कतै तोडफोड, कतै नाराजुलुस भए । र ती जिल्लाका राजमार्गमा पाँच घण्टा चक्काजाम पनि गराइए ।

माघ ५ गते सप्तरीको कञ्चनपुर र कल्याणपुर अनि सिरहाको लहानमा पाँच घण्टा चक्काजाम नै थियो । यही बेला लहानमा तनाव भयो । पूर्वबाट दुई ओटा मिनी बसमा आएका माओवादी र आन्दोलनकारीबीच विवाद पर्‍यो । विवाद हुँदै गर्दा तीमध्ये एक जना माओवादी कार्यकर्ता बसमा चढे र गोली चलाए । बसबाहिरको हुलमा फोरमका रमेशकुमार महतो ढले । त्यसपछि थामिनसक्नु भयो ।

घुर्नां लहान आइपुग्दा मुरारका पेट्रोल पम्पअघि माओवादीहरू चढेर आएका मिनी बस र मालवाहक ट्रक हुरहुरी बलिराखेका थिए ।

बेरहमपुरबाट ओइलाएर फर्किएको घुर्नालाई स्लाइन चढाए जस्तो भयो, यो आन्दोलन । माघ २४ गते दोस्रो सम्बोधन नहुन्जेल आन्दोलनले उसमा थोपाथोपा ऊर्जा भरिरह्यो ।

वास्तवमा मधेस केवल एउटै मागका लागि आवेगमय भएको थिएन । मधेसीहरूलाई 'हामीभन्दा बाहेक', 'बाहिरिया'को आँखाले हेर्नेहरूविरूद्धको विस्फोट थियो । पहाडी लवजमा नमाझिएको मधेसी बोलीमा 'नेपालीपन' खोजिरहने राज्यको अविश्वासको परिणाम थियो । र त्यही अविश्वासले दक्षिण किनारा लगाइएको पीडा थियो । त्यसैले वर्षौं नीच मारेर बसेको छातीले हुङ्कार भरिराखेको थियो ।

घुर्नालाई मधेसी हुनुमा हीनताबोध नभए पनि गर्वचाहिँ पहिलो चोटि लाग्यो ।

हुन त माओवादीले उठाएको जातीय पहिचानको जगमा उभिएको यो क्षेत्रीय मागको आन्दोलन थियो । माओवादीको मिथिला, भोजपुरा र अवध राज्य समिति जस्तो संरचनाले मधेसलाई भाषिक क्षेत्रको आधारमा विभाजित गरेको थियो । मधेस आन्दोलनको एक मधेस एक प्रदेशले भने सबै भाषाका मधेसीलाई एकै ठाउँमा ल्यायो ।

घुर्नालाई लाग्यो, त्यही मागका लागि सशस्त्र सङ्घर्ष गरिराखेको सुर्जा समूह र सुतिहार समूह मधेसको जरासित जोडिएकै रहेनछन् । जेजति भइराखेको थियो, त्यतिले टुप्पाका पातपात मात्र हल्लिराखेका छन् । सायद कुनै गुह्य तत्त्वको कमी थियो वा सञ्चालन गर्ने तरिका ठीक भएन । अबचाहिँ सोच्ने बेला आइसकेको थियो ।

माघ १७ गते प्रधानमन्त्रीले गरेको सम्बोधनले आन्दोलनको डिग्री घटेन । माघ २४ गते दोस्रो पटक सम्बोधन गर्नुपर्‍यो । सम्बोधनमा 'मधेस' र 'मधेसी' थुप्रै पटक उच्चारण गरिए । त्यसले लतरपतर उच्चारण गर्नेहरूको जिब्रा सीधा बनायो । 'मदिसेहरू' बल्ल 'मधेसी' हुन पाए । चिनिए । र देखिए पनि ।

कसैले स्वागत गरे । कसैले विमति राख्दै समर्थन गरे । कसैले समर्थनमा मौन जुलुस निकाले । तर सुर्जा समूहले सम्बोधन खुकुलो भयो भनी आलोचना गर्‍यो । एक मधेस एक प्रदेशको उल्लेख नगरिएकाले भोलिका दिनमा त्यसलाई जसरी व्याख्या गर्दा पनि हुन्छ भन्यो । जसले जे भने पनि आन्दोलन सफल भएको सबैले अनुभूति गरे । यससँगै २४ दिन लामो आन्दोलन टुङ्गियो ।

घुर्ना हुनसम्मको आशावादी भयो । सुर्जा समूहले जे प्रतिक्रिया दिए पनि उसलाई लाग्यो, एक मधेस एक प्रदेशको बाटो त अब खुलिसक्यो । अब केका लागि सशस्त्र सङ्घर्ष गर्ने । मधेसमा अब गर्ने भनेको दलित आन्दोलन हो । घुर्नामा कुनै द्विविधा थिएन यसबारे । उसले मधेस आन्दोलनको तापमा दलित आन्दोलन ब्यूँताउन सकिने सम्भावना देख्यो । किनभने मधेस आन्दोलनमा हवाई फायर र कर्फ्यूबीच ३९ जनाले ज्यान गुमाउँदा पनि परिवर्तनका लागि उठेको आवाज मलिन भएको थिएन । न प्रहरीका नालले मेस्तरहरूको कुचो जुलुसको सिन्का भाँच्न सक्यो । न महिलाहरूको तरकारी जुलुसलाई घुम्टोले छेक्यो । ग्वालहरूको भैंसी जुलुसलाई चौपायाको गतिले नि सुस्त बनाएन । न युवाहरूको मोटरसाइकल र साइकल जुलुस उत्ताउलिएर बरालियो । यस्तो लाग्यो, मानौं मधेस अब सबै किसिमको अन्यायविरूद्ध लड्न तयार छ ।

नचिताएको जनसहभागिता देखेर घुर्नाले ठम्यायो, अहिले नै दलित आन्दोलन नउठाउने हो भने कहिल्यै पनि उठाउन सकिन्न । किनकि उसले देख्यो, एनजिओमा विभाजित दलितहरू एक भएर निकालेको जुलुसले गाउँका दलितहरूलाई चौकठ नाघेर आउन प्रेरित गरेको । कम छुत र बढी छुतको

वर्गीकरण बिसाई दलितहरूले एकअर्कासित कुम र स्वर मिलाएको । मधेसी दलितहरू दलित आन्दोलनका लागि तयार छन् भन्ने योभन्दा बलियो प्रमाण अरू के हुन सक्थ्यो र ?

घुर्नाले अबको बाटो सीधा देख्यो । तर त्यसमा हिंड्न तेर्सो चाल अपनाउनुपर्ने भयो । हो, अब सुर्जा समूहमा बसेर काम थिएन । किनभने सुर्जा समूहले मधेस आन्दोलनबारे भन्नुपर्ने भनिसकेको थियो । र त्यसको निचोड उही हुन आउँथ्यो । एक मधेसकै लागि सशस्त्र सङ्घर्ष गरिराख्ने, जसको औचित्य घुर्नाले देखेन । त्यसैले सुर्जा समूह छाड्ने मनसाय बनायो । तर एक वर्षपछि मात्र । त्यतिन्जेल ऊ सुर्जा समूहको आडमा दलित मोर्चा गठन गर्न चाहन्थ्यो, जसको सञ्जाल मधेसका आठ जिल्लामा फैलाउन सजिलो हुनेछ भनेर घुर्नालाई थाहा थियो । र त्यही दलित मोर्चालाई पछि सुर्जा समूहबाट छुटाउने र मोर्चालाई स्वतन्त्र पार्टी घोषणा गर्ने, उसले सोचेको थियो ।

यो तेर्सो चाल कुटिल थियो । तर यसमा कपट थिएन । सामूहिक स्वार्थ थियो, व्यक्तिगत स्वार्थ थिएन । अनि यसो नगरे कसै गरे पनि मिल्दैन भन्दै मनले मस्तिष्कलाई उछिनेको थियो । घुर्नालाई यस्तो सोच्न सक्ने आँट बबनलाई देखेर पनि आएको थियो । तर दलित विद्रोह गर्ने महत्त्वाकाङ्क्षा मधेस आन्दोलनको ऊर्जाले दिएको थियो ।

यो योजना सम्भव होला कि नहोलाको तराजुमा तौलिँदै बसेन घुर्ना । ऊसँग समय थिएन । त्यसैले उसले दलित प्यान्थर सशस्त्र समूह बनाउने गोप्य योजना मात्र एक जनासित खुलायो । छठु 'बागी' । ऊबाहेक अरू को हुन सक्थ्यो र जसलाई घुर्नाले विश्वास गरोस् ।

## छठु मल्ली 'बागी'

छठुको पूरा नाम छठु मल्ली थियो । 'बागी'चाहिँ उसको उपनाम । तर सबले उसको उपनामलाई जातको उपमा दिए । र ऊ हुन पुग्यो नाम र उपनाम दुवै– छठु बागी ।

छठु माओवादीबाट सुर्जा समूहमा हतियारसहित प्रवेश गरेको थियो । यसैले ऊ सप्तरीको जिल्ला समिति सदस्य बनाइयो । ऊ र घुर्नाको मिलती

दुवै जना जिल्ला समिति सदस्य भएर चाहिँ होइन, उनीहरू नजिकिन थालेको एउटा घटनापछि हो ।

घुर्नी र छठु सिरहा सदरमुकामबाट आउँदै थिए । उनीहरूको साथमा थियो 'नागे' । 'नागे' अर्थात् जगनारायण राय, सिरहा जिल्ला समितिको सचिव । आउँदै गर्दा घुर्नाले बाटोमा कतै चिया खाऔँ भन्न थाल्यो । छठु पनि राजी भयो । तर नागे अनकनायो । बाटोमा अलमलिए पानीले भेट्टाउँछ ऊ भन्दै थियो । हुन पनि बादलले घेरिसकेको थियो र कुनै पनि बेला छिट्याउन सक्थ्यो ।

पानी आए कतै रोकौंला नि घुर्नाले भन्यो । र बाटोको हाट लाग्ने जक्सनमा चिया पिउन कर गर्‍यो । नागेले एकपल्ट आकाशतिर हेर्‍यो र ढिलो हुने भयो भनेर 'च्व !' गर्‍यो । घुर्नाले एकैछिन त हो भनेर हलुकाले लियो । होटलमा छिरेपछि चाहिँ चियाको अर्डर दिन नागे अघि लाग्यो । घुर्नी र छठु बाहिरको बेन्चमा बसे ।

चियावाल चिया लिएर आयो । पहिला घुर्नी र नागेलाई सिसाको गिलासमा दिएर गयो । पछिबाट छठुलाई प्लास्टिकको गिलासमा लिएर आयो । टेबलमा राखिदिएर उसले खाएर गिलास बाहिरै फाल्न छठुलाई अह्रायो ।

नागेले चियाको अर्डर मात्र दिएको रहेनछ, चियावाललाई छठुको जात पनि 'इमानदारीपूर्वक' खुलाएर आएछ । छठु मल्ली दलितको पनि दलित, डोम जो पर्‍यो । छठुको अनुहार खस्कियो । अपमानले आफ से आफ शिर झर्‍यो । अचानक यथार्थबोध भएझैं ऊ टेबलबाट पनि अलि पछि सर्‍यो । घुर्नी रनन्न भयो । चियाको गिलासतर्फ बढिसकेको हात रोकियो । उसले नागेलाई हेर्‍यो । नागे वास्ता नगरेझैं तातो चिया फुकिराखेको थियो । घुर्नाले बल्ल बुझ्यो, सुरूमा नागेले चिया खान अनकनाइराखेको कारण । आखिर सशस्त्र समूहभित्र पनि उही समाज थियो ।

घुर्नी बेन्चबाट उठ्यो । आफ्नो र छठुको चियासहितको गिलास बाहिर हुर्‍यायो । चियावाल, नागे र छठु हेरेको हेर्‍यै भए । घुर्नाले गोजीबाट दुई सय निकालेर चियावालतिर फ्याँक्यो । अनि छठुलाई पाखुरामा समाएर त्यहाँबाट जाऔं भन्यो । आड पाएर छठु फन्किँदै उठ्यो । नागे भने चियावालतिर हेर्दै चिया सुर्किराख्यो । मानौं, केही भएकै छैन जस्तो ।

उनीहरू होटल कटेर केही पर पुगे होलान् । घुर्नी अगाडि बढ्न सकेन । ऊ फेरि होटलतिर फर्कियो । आफूतिर आइराखेको घुर्नालाई देखेर नागे

चुपचाप बेन्चबाट उठ्यो । घुर्नाले नजिक पुग्नासाथ नागेलाई झम्टियो । र मुखमा एक मुक्का जमाइदियो । नागेको नाकबाट भलभली रगत आउन थाल्यो । मुख छोप्दै पीडाले ऊ भुइँमा थचक्क बस्यो । चियावाल भने जात काढ्दै भन्नुनभन्नु भन्न थाल्यो । घुर्ना पछाडि नफर्की छठुसित अघि लाग्यो ।

आफ्नो अपमानको बदला घुर्नाले लिएको देख्दा छठुलाई ऊप्रति सम्मान जागेर आयो । आफ्ना लागि लड्ने मान्छे उसलाई सहृदयी लाग्यो । तर उसलाई के थाहा, घुर्नाले २० वर्षअगाडिको आफ्नै रिस फेरेको थियो । उसलाई के थाहा, मैलिएको गन्जी लगाएको चियावालले छठुलाई हेप्दा महाराजको झझल्को दिएको थियो । र नागेमा कामदार चन्दरको अनुहार देखेको थियो । त्यही भएर ऊ खुरूखुरू अघि बढ्न सकेन । फर्किएर नागेसित हिसाब चुक्ता गरी आयो । यो घटनापछि नागेले सुर्जा समूह छाड्यो । यही घटनाले भने घुर्ना र छठुको मित्रता गाँसियो ।

यही बेलादेखि नजिकिँदानजिकिँदै उनीहरू कति नजिक भए भने घुर्नाले जब सुर्जा समूहबाट छुट्टिने मनसाय बनायो, उसले सबैभन्दा पहिला छठुलाई भन्यो ।

दलित प्यान्थर सशस्त्र समूह बनाउने योजना सुनेर छठुका आँखा एक सेकेन्डका लागि झिलिक्क भए । तर आशङ्काको बादल तत्कालै आँखीभौंमा मडारिन थाले ।

छठुले पत्यायो कि पत्याएन ? घुर्नालाई सन्देह भयो । ठीक मान्यो कि मानेन उसले ?

भन्ने हो भने घुर्नाले छठुलाई योजना उद्घाटित गरेको कारण दुवै जना एकअर्कासित नजिक भएर मात्र होइन, कति दिनदेखि छठु समूहप्रति तीतो पोखिराखेको थियो । त्यही बुझेर पनि घुर्नाले धक नमानी भनेको थियो ।

उसो भए के छठुले उसको साथ देला ?

छठुको जिज्ञासा भने यस्तो थियो, "दलितहरूको सशस्त्र समूहबला बात त समझमा आइगो । यो भन्नुस् कि प्यान्थरको मतलब करेत समूह जस्तो प्यान्थर समूह... ?"

"न्न ! सिरिफ दलित प्यान्थर मोर्चा ।" अनि उसले 'प्यान्थर'लाई आफ्नो उपनामसँग नजोडी अमेरिकाको ब्ल्याक प्यान्थर र भारतको दलित प्यान्थरसित जोड्यो । र त्यस्तै खालको आन्दोलन यहाँ गर्न जरूरी भइसक्यो भन्यो ।

छठुले केके नै थाहा पाएझैं गरेन, खालि बुझें भन्यो । उसको सामान्य प्रतिक्रिया देखेर घुर्ना खिस्रिक्क पऱ्यो । लाग्यो, छठुसम्म उसको आवाज पुग्दै पुगेन, उसको हुटहुटी छठुले छाम्नै सकेन । ऊ साँच्चै नसुनिएकै हो त ?

"दलित विद्रोह गर्ने यही हो ठीक बेला । अहिले मधेसको रोमरोम जागेछ...," छठुलाई झकझकाएर ब्यूँझाउने झोक घुर्नालाई चढ्यो । उसले भन्दै गयो, गर्नुपर्ने कारण । यसको औचित्य । जसरी उसले बुझेको थियो, त्यसरी नै छठुलाई बुझाउँदै गयो ।

खजमजिएका छठुका आँखीभौं सम्मिन थाले । केही भन्न खोजेझैं उसका ओठ खुले । तर भावनाहरू ऊभित्रै छ्यालब्यालिए सायद । बोलीले निकास पाएन । खै के सम्झिएर कहाँ दुख्यो । सायद डोम हुनुको 'अभागीपन' देखाउन खोजेको थियो कि ? आमाले भोजभतेरको जुठो ल्याएर खुवाएको खुराकले ऊ यत्रो भएको भन्न चाहन्थ्यो कि ? लास छोपेको कात्रो बटुलेर बनाएको सिरक र डसनाको खोलमा जाडो काटेको कहाली सुनाउन खोजेको थियो कि ? यस्तैयस्तै भोगाइ सम्झिएको हुनुपर्छ । नत्र किन भन्थ्यो, "एक बरसपछि हैन प्यान्थरजी, अरू जल्दी गरिहालौं ।"

घुर्नालाई हातै दुख्ने गरी छठुसित हत्केला मिलाउन मन लाग्यो । तर आफूलाई पोख्न दिनु थिएन । संयमित हुन यतिखेरको आवश्यकता थियो । त्यसैले घुर्नाले सुर्जा समूहको उदाहरण दियो । जसरी झबर पासवानले सुतिहार समूहको सञ्जालको फाइदा उठाएर सुर्जा समूह फैलाएका थिए । त्यही बाटो पहिल्याउनुपर्छ, उसले भन्यो । र त्यसका लागि एक वर्ष त चाहिन्छ नै भनेर भन्यो । छठुको मुहारमा भने हतार दौडिन थाल्यो ।

आफूभन्दा अग्लो महत्त्वाकाङ्क्षाअघिल्तिर घुर्ना पुड्किए पनि त्यसको आँखामा सीधा हेर्न सक्ने भयो । आवश्यकता थियो, अर्जुनदृष्टिले त्यसलाई ताकिराख्ने । घुर्नाको अबको चुनौती भनेको झबरलाई दबाब दिएर दलित मोर्चा बनाउन लगाउने थियो । जसरी भए पनि, चाँडोभन्दा चाँडो ।

## अन्त्यको सुरूवात

मधेस आन्दोलन टुङ्गिएको छ दिन भएको थियो । सिरहाको दसगजामा पर्ने गाउँ ब्रहरीमा झबर आएका थिए । सिरहा र सप्तरी जिल्ला समितिका अध्यक्षहरूसित भेटघाट थियो ।

यही छेकोमा घुर्नाले झबरसित समय मिलाएको थियो । र त्यसका लागि ऊ तम्तयार भई बसेको थियो । किनभने अबको भेट फरक हुँदै थियो ।

घुर्ना पुग्दा झबरहरूको कुराकानी चलिराखेको थियो । भेटघाट राखिएको घरको माथिल्लो तलामा । ओसरा र आँगनमा जिल्ला समितिका अरू साथी पनि भेला भएका थिए । झबरसित भेट्न पर्खिराखेका साथीहरू मनतातो भलाकुसारी र तात्तातो बहस गर्दै थिए, संविधानसभाको चुनाव हुन्छ कि हुँदैन भन्ने विषयमा । कोही घामतिर ढाड फर्काएर बसेका थिए, कोही आँगनका विभिन्न दिशातिर फर्किंदै मोबाइलको टावर खोजिराखेका थिए ।

ओसराको खटियामा बसेर घुर्ना पनि आफ्नो पालो कुर्न थाल्यो । निकै बेर कुरेपछि उसलाई उकुसमुकुस हुन थाल्यो । उसले मोबाइलमा समय हेऱ्यो । २५ मिनेट बितिसकेछ । आफ्नो पालो आउनै लागे जस्तो लाग्यो उसलाई । छटपटीले गाँज्दै ल्यायो । ऊ खटियाबाट उठेर डगरमा आयो ।

आँखा तानेर ऊ उत्तरतिर लाम्चिएको बाटो हेर्न थाल्यो । दिमागमा मच्चिइराखेको थियो, एउटै सोचाइ । दलित मोर्चाबारे झबरलाई के गरी तातो लगाउने होला । सोच्दा पनि लामोलामो सास अनायासै लिन पुग्थ्यो । झबरले फेरि आलटाल गरे भने के गर्ने होला ।

आफूलाई साम्य बनाउन ऊ दक्षिणतिर लम्किएको बाटोतिर फर्कियो । उताबाट चिनी र मट्टीतेल लिएर आइराखेका साइकलवालहरू देखिए । ऊ पनि यही बाटो हुँदै सीमापार पिपराही कति हिंड्यो, हिंड्यो । आफैंलाई आइगइराखेको उसले सम्झियो । तर ब्रहरीको यो घरलाई यादै गरेको रहेनछु भन्दै ऊ अघिल्तिर फर्कियो ।

अरूबाट छुट्टिने घर भए पो उसले याद गर्दो हो । बाँस र खरको बारले बारिएको आँगनसहितको घर, वरिपरिकै जस्तो थियो । फरक भनेको उन्नाइसबीस मात्रको थियो । भदौ-असोजको करेलाको लहरा अझसम्म पनि बारमै तुर्लुङ्गिएको थियो, गुन्द्रुकझैं सुकेर । अनि फुसको छानो भएको घर

बाहिरबाट हेर्दा दुईतले जस्तो देखिन्थ्यो । तर माथिल्लो तला कोठा जस्तो नि नलाग्ने बुइँगल भन्न नि नमिल्ने खालको थियो । त्यो बुइँगलभन्दा अग्लो कोठाभन्दा होचो थियो ।

बैठक त्यहीँ भइराखेको थियो ।

बाहिरबाट हेर्दा त्यहाँ सामसुम देखिन्थ्यो । मान्छे पनि छन् कि छैनन् जस्तो । तर त्यहाँ तीन जना नेताजीहरू जुटेका थिए । घुर्नाले अनुमान लगायो, पक्कै आआफ्नो जिल्ला समितिको बसेको बैठकले गरेको समीक्षाबारे चर्चिंदै होलान् । चार दिनअघि घुर्ना पनि सिरहा जिल्ला समितिले राखेको मधेस आन्दोलनको समीक्षा बैठकमा थियो । जुन एक मधेस प्रदेशको माग आत्मनिर्णयको अधिकारसहित नपाउन्जेल सशस्त्र सङ्घर्ष जारी राख्ने निष्कर्षमा टुङ्गिएको थियो ।

सायद झबरहरू सङ्घर्षका कार्यक्रमको सुझाववारे बैठक बसेका होलान्, घुर्नालाई लाग्यो । उसका आँखा माथिल्लो तलाको मोहडामै टिकिराखे । मानौं, उतै ध्यान लगाइराखे भित्रका कुराकानी पनि सुनिएला जस्तो ।

तर तल गफिइराखेकाहरूको गुनगुन नै टड्कारो थियो । त्यसबाहेक कतैबाट कटाकुटीमा पराल काटेको आवाज स्यार्र_स्यार्र_स्यार्र_ निरन्तर सुनिन्थ्यो । नत्र सुदूर देहाती गाउँ चकमन्न थियो ।

घरतिरै हेरिरहँदा घुर्नाका आँखा बलेँसीमा पुगे । त्यहाँ झुन्ड्याइएको थियो 'चिह्ना' । आँखा नलागोस् भनेर सुपोमा बनाइएको कालोसेतो गोलाकार चिह्न । हेर्दै जाँदा त्यो चिह्न कुनै दैत्यको आँखाझैं लाग्थ्यो र सुपो नै तर्साउने मुखुन्डोझैं प्रतीत हुन्थ्यो । मन्दमन्द चलिराखेको हावामा 'चिह्ना' तरङ्गिइराखेको थियो ।

'चिह्ना'को आँखाझैं लाग्ने कालोसेतो चिह्नमा हेर्दै घुर्ना अठोटले भरियो । झबरलाई नअँठ्याई हुँदैन । गरिराखून् उनी आत्मनिर्णयको अधिकारसहितको माग; लम्ब्याइराखून् सशस्त्र सङ्घर्ष । दलित विद्रोह अब आफैंले नगरी हुँदैन ।

कुरेको ४५ मिनेटपछि घुर्नाको पालो आयो । माथि उक्लिन लाग्दा उसले एक किसिमको दबाब महसुस गऱ्यो, छिनोफानो गर्नुपर्ने कामकुरा सम्झिएर ।

घुर्ना माथि उक्लियो । कोठा फराकिलो भए पनि उज्यालो बीचतिर साँघुरिएकाले साँघुरै लाग्यो । त्यसमाथि दलिन होचो थियो । टाउको ठड्याएर

हिँड्न मिल्ने भए पनि गर्धन आफ से आफ निहुरियो । कोठामा टुसाइसकेका प्याज र माटिएको लसुनको बिस्कुन थियो । गहुँ र दालका आधाउधी बोरा भित्तामा अडेसिएका थिए । एक कुनामा खिइँदै गएका लाल्टिनका कङ्काल लडेका थिए । यी खित्रिङमित्रिङलाई छेउछाउ लगाई कोठालाई सिनित्त पारिएको थियो ।

झबर मोहडातिरको बाँसको आँखीझ्यालनिर बसेका थिए । त्यहाँ अलि उज्यालो थियो । उनी कलेजी गाता भएको डायरीमा केही टिप्दै थिए ।

"तिमीलाई उतै बोलाउनेबला थिएँ...," घुर्नालाई देख्नेबित्तिकै झबरले भने, "...एक जरूरी बात थियो । यहाँ लामो बातचित गर्न मिल्दैन त्यसैले ।"

"मसित ?" आउँदाआउँदै घुर्ना ठिङ्गियो ।

झबरले छेउको खटोलीमा बस्ने इसारा गर्दै मुन्टो हल्लाए ।

"म पनि तपाईंसित काम भएरै यता आएको । भन्नुहुन्थ्यो भने उतै आइहाल्थें," घुर्नाले खटोली तानेर अलि दूरी बनाएर बस्यो ।

"एउटा जिम्मा लिनुपर्‍यो तिमीले," उत्साहित हुँदै झबरले भने । घुर्नाले भेट्न खोजेको कामबारे सोध्दै नसोधी । "बहुत महत्त्वपूर्ण छ । त्यसको अगुवाइ तिमीले गर्‍यौ भने समूह अरू तगडा भइहाल्छ ।"

घुर्नालाई झबरको अनुहारको चमक र उनले दिन खोजेको 'महत्त्वपूर्ण' जिम्मेवारीले एउटै कुरा सङ्केत गरे जस्तो लाग्यो । छाती ढक्क भयो । अरू केही नभएर त्यो दलित प्यान्थर मोर्चा हो भन्ने भयो । उत्साह घुर्नाले पनि लुकाउन सकेन, "कस्तो जिम्मा ?"

"सप्लाई विभागको," झबरले भने, "हामीलाई जरूरत पड्ने हतियार, गोलीगट्ठा र बमको कच्चा माल व्यवस्थापन गर्ने सप्लाई विभाग ।"

के सोचेको थियो, के आइलाग्यो । चुलिएको आकाङ्क्षाको उचाइबाट घुर्ना ढुनमुनियो । अरू थोक सोच्ने सुद्दी हराए जस्तो ऊ त्यही सोच्न पुगेछ, जुन कुराले पिरिँदै आएको थियो ।

"आजतक जे जस्तो चलिरहेथ्यो, चलिरहेथ्यो । अब यसलाई सिस्टमेटिक बनाउन अलग विभाग खडा गर्ने सोचिरहेछौं," डायरी बन्द गरेर छेउमा राख्दै उनले भने, "र यसको प्रमुख तिमी भयौ भने तिम्रो स्थान पनि मजबुत भइहाल्छ ।"

जुन उचाइबाट घुर्ना झरेको थियो, त्यसले ऊ रन्थनिएको थियो । एक पटक पनि ख्याल नगरी उसले भन्यो, "यो जिम्मा दुसरैलाई दिहाल्नुस् ।

उसलाई जे सहयोग गर्ने हो म गरिहाल्छु । मलाई दलित मोर्चा गठन गर्ने जिम्मेवारी दिनुस् ।" कति सजिलै फुत्कियो यो पछिल्लो कुरा । यसरी भन्छु भनेर सोचेकै थिएन । पहिला भूमिका बाँधेर झबरलाई आफूमा विश्वास दिलाउँदै अनि बल्ल दबाब दिने उसले सोचेको थियो । तर यो त हठात् हुन गयो ।

अघिसम्म फरासिलो देखिएको झबरको मुहार सोहोरिँदै आयो । गम्भीरतामा खुम्चिएर मुहार गम्म पऱ्यो । घुर्नालाई भने चिढचिढ हुन थालेको थियो ।

"कस्तो बात गर्छौ ? हामीलाई त्यो गर्ने सुविधा अहिले थोडै न छ," झबरले भने, "यही आउनेबला जेठमा सरकारले संविधानसभाको चुनाव गर्ने हल्ला छ । र हाम्रो ताकत चुनाव तक एक ही कुरामा लगाउन जरूरी छ, संविधानसभाको चुनावको माहोल बिगाड्ने । हामीले आत्मनिर्णयको अधिकारसहितको एक मधेस प्रदेश अहिले नपाउने हो भने चुनावको लागि बाटो किन खाली गर्ने ? त्यसैले यहाँको माहोल गरमाइराख्न अरू ज्यादा आक्रामक भएर लाग्नुपर्छ ।"

"तर भैयाजी...," घुर्नाले भन्यो, "...सङ्घीयताबला बात त आइसक्यो । एक मधेस प्रदेशको जग बसिसकेछ ।"

"ऊ त दिए जस्तो गरेको । हामी फोरमले सम्झौता गरेको जस्तो गर्दैनौं । जबतक आत्मनिर्णयको अधिकारसहितको घोषणा हुन्न, त्यसको एक दिनअगाडि पनि हतियार राख्दैनौं ।"

अब ? घुर्नाको दिमाग भुमरिन थाल्यो । निःश्वास भर्न उसको आँखा झ्यालतिर गयो । बाँसले बनाइएको आँखीझ्यालले खुला हावा छेके जस्तो लाग्यो । खोरझैं बन्द लाग्न थाल्यो कोठा । झबरको पछाडिपट्टि देखियो, दलिनमा राखिएको काँचो पटुवा । दलिनबाट लत्रिएर भुइँ छोइराखेको थियो । दलिनको उचाइ पनि छोटो लागेर झन् होचो लाग्यो । घुर्नालाई झनै साँघुरो लाग्दै आयो कोठा । के उसको सम्भावना पनि साँघुरिँदै गएको हो सुर्जा समूहमा ? अत्यासियो घुर्ना । हतपत खटोलीसहित झबरनिर सरेर आयो र भन्यो, "भैयाजी, मैले अहिले त्यत्तिकै जोर गरिरहे छैन । मधेस आन्दोलनको उत्साह जनतामा अझै ठन्डा भएको छैन । बस्स, ई टायममा मधेसको आठ जिल्लामा हाम्रो समुदायलाई सुर्जा समूहको दलित मोर्चामा सङ्गठित गरिहालौं । योभन्दा बढिया टाइमिङ हामीलाई मिल्नेबला छैन ।"

"दलित मोर्चा मात्रै हैन," स्वर अलि लत्राएर झबरले भने । मानौं, उनी भन्दाभन्दै थाकेका हुन् । "विद्यार्थी मोर्चा पनि गठन गर्न पाए बढिया हुन्थ्यो ।

तर टाइमिङभन्दा यहाँ प्राथमिकता के हो त्यो देख्नुपड्यो नि, बुझेनौ ?" नबुझिराखेको घुर्नातिर हेर्दै उनले भने, "हाम्रो टार्गेट चुनाव हो । र हामीसँग सिरिफ तीन महिना छ । चुनावतक जबर्जस्त प्रेसर गर्न हाम्रो भौतिक कारबाही बढाउनुपर्छ । त्यसको लागि हाम्रो सैन्य शक्ति चुस्त बनाउनुपड्यो । त्यसैले तिमीलाई भनेको सप्लाई विभागको प्रमुख बन्न ।"

"चुनावको बाद बहुत देर भइहाल्छ," घुर्ना आफ्नै योजनामा घोरिएको थियो ।

"अरे बाबा, मैले कुछ समय इन्तजार गर्न भनिरहेछु । त्यति पनि सक्दैनौ !" झबर च्याँट्ठिए ।

घुर्ना कति हतारिएको छ, उनलाई के थाहा । कत्रो योजना बुन्दै छ, झन् के थाहा । मोर्चा बनाउने निर्णय गर्दैमा घुर्नाको लक्ष्य पूरा हुने हो र ? पहिला सुर्जा समूहको दलित मोर्चा बनाउनुपऱ्यो । त्यहाँभित्र आफ्नै गुट खडा गर्नुपऱ्यो । र त्यही गुटलाई चोइटाएर छुट्टै दलित प्यान्थर पार्टी बनाउनुपऱ्यो । सोच्दा नि आत्तुरी बढेर आउने । तर झबर भने अझ पर्खिन भन्दै छन् । उनको कुरामा आज्ञाकारीले झैं टाउको हल्लाइराख्ने धैर्य घुर्नामा बाँकी रहेन । अनि भनिदियो, यति दिनसम्म आफूमा गुम्साइराखेको कुरा– "यस्तै इन्तजारै इन्तजारमा हामीलाई थकाइदिनुस् । मजा त उनीहरूलाई भइरहेछ, जो समूहको नाममा पहडिया बासिन्दाहरूसित चन्दा उठाइरहेछन् । र आफ्नै जेब भरिरहेछन् ।"

"पहडियाहरूसित ? को'ले ? को'ले उठाइरहेछ ?"

झटारो लाग्दा हुने तिरिमिरी झबरको अनुहारमा देख्दा घुर्नालाई ठिक्क पऱ्यो भन्ने लाग्यो । ठूलाठूला कुरा गर्ने अध्यक्षले समूहमा के भइराखेको छ थाहा नपाएको देखेर रिस पनि उठ्यो । त्यसैले भनिदियो, "तपाईंको आँखको तल फौलादले पहडियाहरूबाट चन्दा उठाइरहेछ । वही रकमले अलग समूह खडा गरेको थाहा पाउनुभयो भने न चौंकनुहोला ।"

बेरहमपुरबाट फर्किएर आएपछि घुर्नाले सोचेको थियो, झबरलाई यसबारे खुसुक्क जानकारी दिने । उनलाई समूहको नाममा भइराखेको गडबडीबारे चेताउने । तर अहिले ऊ चेताउने उद्देश्यले भनिराखेको थिएन । आवेगमा भनिराखेको थियो । सुर्जा सिंहको सुर्जा समूहलाई उदाङ्ग पार्न भनिराखेको थियो ।

तर झबर भने यस्तो भन्दै थिए, "बात यहाँसम्म बढिसकेछ भने कहींकतै सिकायत जरूर सुनिन्थ्यो । आग लागेपछि धूवाँ नउठ्ने सवालै छैन ।"

घुर्नाले व्यङ्ग्यात्क हाँसोले घोच्दै भन्यो, "एक त पहडियाहरू अहिले यहाँ खोपडी बचाएर बसेछन् । कुनै पनि बेला खदेडिने डरले । अनि हामीहरूले चन्दा माग्दा कहाँ जाऊन् रिपोटउपोट लिख्वाउन । तिनीहरूले चुप्पैचाप चन्दा दिँदा ठीक कि घरजमिन घुइयाको भावमा बेचेर रातारात गाईघाट सर्नु ठीक ?"

"फौलादैले चन्दा मागेको प्रमाण के छ ?"

"परमाण ! ...," बोल्दाबोल्दै चुप भयो घुर्ना । बेरहमपुरमा करेतबाट थाहा पाएको भनेर कसरी भनोस् । किटान गरेर भन्ने साक्षी पनि कहाँ थियो र, खोजबिन गर्न बाँकी नै थियो । सट्टामा उसले भन्यो, "केही दिन निगरानीमा राख्नुस्, तुरन्तबाद प्रमाण पाइहाल्नुहुन्छ ।"

झबरलाई घुर्नाले अनुमानका भरमा फौलादलाई पोलिराखेझैं लाग्यो । गुटगुटका आरोप-प्रत्यारोप सुन्दासुन्दै दिक्किएका उनले भने, "बचकना रिसको पन्चैती बस्ने मसँग समय छैन । पहिला प्रमाण ल्याऊ तबै बात गर्नू । नइ तँ दिमाग खराब नगर ।"

घुर्नालाई बेकारमा कुरा फुत्काएँझैं लाग्यो । बरू झबरले आफैं कुनै दिन थाहा पाउने थिए । बेसै हुन्थ्यो । त्यति बेलासम्म धेरै ढिलो भइसक्ने थियो, सो भइसक्थ्यो, उसलाई के मतलब । अहिलेचाहिँ उसलाई बेकारमा भनेझैं लाग्यो । झबरले आफूलाई कुनै पनि कुरामा नपत्याएको देखेर घुर्नालाई सुर्जा समूहको सदस्यता रसिद च्यातचुत पारेर उनको अघिल्तिर हुन्याइदिन मन लाग्यो । यस्तो बेला खटोलीमा बसेर नापीनापी कसरी बोल्न सक्नु ।

घुर्ना जुरूक्क उठ्यो । कुरै नटुङ्ग्याई त्यहाँबाट ठमठम हिँड्यो । झबर बटारिएरै बसिरहे । मामिला निप्टाएर जाऊ भन्न उनको अहम्ले दिएन । बरू ऊ गएको आँखा तरेर हेरिराखे ।

हो, यसपछि उसले सुर्जा समूह छाडेको भए हुन्थ्यो । यस्तो घुर्नाले पछि सोचेको थियो गोबरगढाऽऽमा लुकेर बस्दा । यही बेला छाडेको भए न ऊ फस्ने थियो फौलादको जञ्जालमा, न ऊ भाग्दै हिँड्नुपर्थ्यो सुर्जा समूहबाट । तर छाड्नुको सट्टा घुर्ना सन्किएर हिँड्यो अर्को मौकाका लागि, जसरी भए पनि झबरलाई मनाएर छाड्छु भन्ने जिद्दी कसेर । जसले गर्दा उसलाई पछिसम्म पछुताउनुपर्‍यो ।

# ३:०० बजे

लजको कोठामा छिर्नेबित्तिकै घुर्नाले छठुलाई 'कलब्याक' गर्छ । तर मोबाइलले 'अहिले सम्पर्क हुन सकेन'को रट लगाएको लगायै छ । गोङ्गबुबाट ट्याक्सीमा चढेदेखि हो, उसले फोन लगाइराखेको । मरिगए नम्बर लागेको होइन । गोङ्गबुबाट सुन्धारा जाम बेहोर्दै एक घण्टामा आउँदा पनि उही सन्देश । छठुदेखि झोक चल्छ घुर्नालाई । अघि अड्बाङ्गे समयमा फोन गरेको गऱ्यै गर्ने, अहिले मोबाइल कता घुसारेर बस्ने । उसले मोबाइल मिल्काएझैं फाल्छ, सिरक खजमजिएको ओछ्यानमा ।

ब्याकप्याक बोकेरै कोठाको बीचमा उभिइराखेको छ घुर्ना । झ्यालको पर्दा उस्तै छ, जति उसले बिहान उघारेको थियो । आधा मात्र । आधामा फिक्का खैरो पर्दा लागेको छ ।

कफी रङको कार्पेट जति फोहोर छ, त्यति देखिँदैन । कोठामा थिग्रिएको धूलो, ऊभन्दा अगाडिकाले छोडिगएका दागचिनो सबै उस्तै देखिन्छन्– कफी खैरो । हिजो कोठामा पस्नेबित्तिकै ठ्वास्स गन्हाएको चुरोटको गन्ध मन्द भएको छ । बाहिरबाट भित्र छिर्दा मात्र हस्को आउँछ । त्यसपछि मर्दै जान्छ ।

त्यहाँ उभिएर उसले नियालिराखेको छ, बन्द टिभी । बसुन्जेल नचलाएको टिभी नचल्ने हो कि भन्ने आशङ्कामा । किनभने डेढ घण्टापछि हुन गइराखेको विस्फोटको समाचार टिभीमा आएपछि मात्र उसले कोठा छोड्ने हो । ललनले चाँडोभन्दा चाँडो काठमाडौं छोडिहाल्न भनेको भए पनि उसको कुरा घुर्नाले मान्नेछैन । दुवै समूहको नाम टिभीमा नदेखुन्जेल कसरी हिँड्नु ?

सहरमा बम विस्फोट भएपछि टिभीमा छ्यापछ्याप्ती नहुने कुरै छैन । त्यसै पनि 'ब्रेकिङ न्युज'का भोका च्यानलहरू । त्यसैले ऊ टिभीनिर जान्छ र मल्टिप्लग दबाउँछ । टिभीको 'पावर' बल्छ । रिमोट टिभीको पछाडि घुस्रिएको रहेछ । घुर्नाले उठाउँछ र टिभी खोल्छ । पहिलेदेखि लगाइएको 'एनिमल प्लानेट' खुल्छ । उसले फेर्छ, नेपाली च्यानल लगाउन । च्यानलहरूका भीडमा छरिएका नेपाली च्यानल उसले खुट्याउँछ – नेपाल वन..., एभिन्युज..., इमेज च्यानल..., कान्तिपुर..., नेपाल टेलिभिजन... ।

त्यतिमध्ये 'नेपाल वन' लगाएर उसले राखी छाड्छ । चार पैंतालीससम्म कुर्नैपर्‍यो । अहिले त्यसमा 'इन्फर्मर्सियल' आइराखेको छ । भुँडी घटाउने बेल्टबारे फलाकिराखेका छन् गोराहरू, नेपाली डबिङमा । त्यसको आवाज उसले मसिनो बनाउँछ ।

घुर्ना खाटनिर सरेर आउँछ र ब्याकप्याक निकाल्छ । जाँदा त्यसको भार जति थियो, आउँदा पनि त्यति नै छ । जसको भार कम हुनुपर्ने हो, त्यो नभएर खालि ६० हजारको मुठा कम भएको छ । त्यसैले पर्चाको भार पिठ्यूँबाट होलो भए पनि मन ठुस्स छ । ललनको पर्चा नछर्ने योजनामा बढी नाइँनास्ती नगरे पनि चित्त त कहाँ बुझेको छ उसलाई ।

ललनले भनेको जस्तो दुइटा समूहको पर्चा छर्दा एकछिनलाई अलमल होला रे । तर एक घण्टाभित्र जिम्मा लिने हो भने केको 'कन्फ्युजन' हुन्थ्यो । घुर्नाले सोच्छ । कतै 'दलित प्यान्थर मोर्चा' 'मधेस जनतान्त्रिक सेना'भन्दा बढी खोजखबरको विषय बन्ला भनेर डराएको त होइन ? आजसम्म दलित सङ्गठन यति आक्रामक भएर कहाँ लागेको थियो र ? यही कारणले हो भन्न नसके पनि, होइन पनि भन्न सकिन्न । जस्तै सहकार्यमा पनि आफूभन्दा अर्को 'हिरो' भएको कसले हेर्न चाहन्छ ।

घुर्नाले खाटमा आफूलाई बिसाउँछ, नमिलाएकै सिरकमाथि बस्दै । अबचाहिँ गरिन्न सहकार्य । घुर्ना चेत्छ । हुन त उसैले प्रस्ताव गरेको हो ललनहरूसित सहकार्य गर्न । हालको आवश्यकता पनि त्यही हो । तर यसपछि कसैसित गरिन्न । कतिऔं पटक मनमनै किरिया खाइसके पनि ऊ फेरि सङ्कल्पिन्छ ।

जुत्ता फुकालेर घुर्ना ओछ्यानमा ढल्किन्छ । कस्तो ओइलाए जस्तो लाग्छ । एक त कचल्टिएको निद्रा, उसमाथि लम्बिँदै गएको दिन । र त्यैसँगै तन्किँदै गएको तनाव । घुर्नालाई डेग नचली पल्टिरहन मन लाग्छ । पल्टिएर सिलिङतिर टोलाउँदा उसको मनमा खेल्न थाल्छ, गोङ्गबुमा 'जय मधेस' भनेर बिदा भएको क्षण । कस्तो गर्वले जीउ नै सिरिङ्ग भएको त्यति बेला ।

त्यस्तै जस्तै हुनुपर्छ 'दलित प्यान्थर मोर्चा'को पनि रौं ठाडो बनाउने अभिवादन । घुर्नाले सोच्छ । भारतमा प्यान्थरहरूले 'जय भीम' भनेर अभिवादन गरेको जस्तो । हाम्रोमा 'जय प्यान्थर' भनेर अभिवादन गर्दा कस्तो होला ?

"जय प्यान्थर !" स्वर उकालेर घुर्नाले भन्छ । त्यति असरदार सुनिँदैन । उसले दोहोऱ्याउँछ । उसका आँखा र कान चङ्ख हुन्छन् सुन्न । फेरि तेहेऱ्याउँछ । दुईतीन पटक आफैंलाई सुन्दा उसका आँखामा साक्षात् हुदै आउँछ । सिनो बहिष्कार आन्दोलनमा रापिएका चमार । गएको मधेस आन्दोलनमा होमिएका दलित समुदाय । कल्पना गर्छ, त्यस्तै भीडले 'जय प्यान्थर' भन्दै हावामा हात उज्याइराखेको । सासमाथि अझ माथि चढ्दै जान्छ । सास ओराल्न भुलेझैं ऊ टक्क रोकिन्छ । चरम उत्साहमा निसास्सिनुको उसलाई बेग्लै आनन्द आउँछ ।

यसपछि त घुर्ना तरङ्गित भए जस्तो हुन्छ । सोच्न थाल्छ, यहाँबाट जानासाथ प्रेस रिलिज निकाल्ने, सिरहा-सप्तरीका लोकल पेपरहरूलाई दिने । काठमाडौंको विस्फोटसँग जोड्दै दलित प्यान्थर मोर्चाबारे प्रस्ट पार्ने । त्यसपछि गाउँगाउँमा आह्वान पर्चा छर्ने । विशेष सिनो बहिष्कारताका सार्वजनिक नाकाबन्दीमा परेका गाउँहरूलाई 'टार्गेट' गर्ने । सुरूवात लहाठीबाटै गर्ने । र पहिलो भेला पनि त्यहीँ गर्ने । त्यहाँबाट आह्वान अभियान सुरू गरेर जिल्लाका एकेक गाउँ पस्ने । अनि... ।

त्यतिमै रोकिन्छ घुर्ना । उसको चेतनामा नभई नहुने कुरा बिझ्छ ।

यति गर्न स्वयम्सेवक कार्यकर्ताहरू चाहिन्छ । र चाहिन्छ रकम पनि । बल्ल घुर्नाको पैतालाले भुइँ टेक्छ ।

पैसाको जोहो चन्दा असुलीबाहेक कुनै उपाय छैन । घुर्नाले सोच्छ । त्यसैले त ललनहरूसित सहकार्य गरेको । किनभने आजपछि दलित प्यान्थर मोर्चाको नाम सार्वजनिक भइहाल्छ । त्यसपछि मोर्चाको नाममा चन्दाको रसिद भटाभट पठाउने । आनाकानी गर्नेलाई धम्काउने । सुर्जा समूहमा जसरी

गरिन्थ्यो त्यसरी नै गर्ने । तर चन्दाको हिसाब झबरले हेलचेक्र्याइँ गरे जस्तो नगर्ने । गर्दै नगर्ने ।

रह्यो कुरा, समर्पित कार्यकर्ताको । त्यसको सर्टकर्ट छैन । घुर्ना यसमा स्पष्ट छ । नाम सार्वजनिक गर्ने सर्टकर्ट मारे पनि कार्यकर्ता बनाउन लङकटको विकल्प छैन । सुरूवातमा ऊ र छट्ठु बागीले नै लहाठी भेला गर्ने हो । त्यहाँ उसलाई विश्वास छ, दसपन्ध्र केटाहरू मोर्चामा आबद्ध हुनेछन् । तीनै एक मुठीलाई सयौं बनाउन मधेसका एकेक गाउँ टेक्ने । पहिला आठ जिल्लामा फैलिने र त्यसपछि पूरा देशमा ।

उफ्ऽऽऽ... एउटा लामो सुस्केरा फुस्कन्छ । एकएक पाइला चाल्दै आफ्नो लक्ष्यसम्म कहिले पुगिने हो, सम्झिएर घुर्नालाई धरमर भएझैं हुन्छ । अर्कोतिर अठोठले हुत्तहुत्त हुत्याएर अघिल्तिर धकेल्छ । कस्तो मनस्थिति हो यो ? पर्गेल्न नसके पनि घुर्नाले एउटा कुराचाहिँ बुझेको छ । दुई जना प्यान्थरबाट सय जना र सयबाट हजारौं प्यान्थर तबै मात्र हुनेछन्, जब उसले वस्तुस्थिति बुझाउन सक्नेछ– दलितहरूले सशस्त्र विद्रोह किन गर्ने ?

चुनौती पनि यही हो ।

सोच्दासोच्दै घुर्नाको दाहिने मुठी बटारिन्छ । सुर्जा समूह पहिल्यै छोडिसक्नुपर्ने, थकथकाउँदै ओछ्यानमा मुड्की बजार्छ –ससुरीके ! अहिलेसम्म त केके भइसक्थ्यो । अबचाहिँ ऊ पल्टिइरहन सक्दैन । आधा जीउ उचालेर कुहिनामा टेको लगाउँदै उसले टिभीतिर हेर्छ । त्यसमा अहिले सुनौलो लकेटको विज्ञापन आउँदै छ । त्यो लगाएपछि जिन्दगीमा खुसियाली आउने दाबा गर्दै छन् दुखीजनहरू । सुन्दै दुखी होइएला जस्तो विज्ञापन । ऊ फेरि तकियामा टाउको जोत्छ । लाग्छ, समाचार कुर्दाकुर्दै सदियौं बित्छ ।

मधुरो आवाजमा टिभी फलाकिराखेको सुनिरहे पनि घुर्नालाई चार पैंतालीस कहिले बज्ला जस्तो हुन्छ ।

झड्याङ्ग !

मोहडातिरको झ्याल बजारिन्छ । एकोहोरिएको घुर्ना झस्किन्छ । कस्तो सिसा फुट्ने गरी झ्यालको फग्लेटो बजारिएको । झ्याल त उसले खोलेको थिएन । कसरी खुल्यो । बिहान उसले खोलेको भनेको पर्दा मात्र हो । उसको मुटु बत्तिन थाल्छ ।

झ्यालतिर हेर्दै घुर्ना सुस्तरी उठ्छ । पर्दा उघारेपट्टिको झ्याल हल्लिराखेको छ । हावाले एक फग्लेटो खुल्न गएकाले बजारिएको रहेछ । ऊ झ्यालनिर जान्छ । खुलेको पर्दाबाट तल छिसिक्क चियाउँछ । बिहान चिया बेचिराखेको कुनोमा चियावाल देख्दैन । बाटोमा चालचुल बढेको छ । जाली खोलेर उसले झ्याल लगाउन खोज्छ । तर चुकुल लाग्दैन । घामपानीले टेढिएर चुकुल अड्काउने प्वाल र चुकुल उन्नाइसबीसको अन्तरले फाटिएका रहेछन् । जति गर्दा नि चुकुल प्वालमा छिर्न नमानेपछि उसले त्यसै छाडिदिन्छ । अरूले पनि त्यही गर्दा हुन् ।

घुर्नाले पर्दा पूरै लगाउँछ र खाटमा फर्किन्छ । अझ पनि झ्याल बजारिएको आवाज मनमा थर्किराखेको छ । योभन्दा चर्को आवाजले उसका कान डम्म भएका थिए मुतनी वनमा । डरको एक ठुङले घुर्नालाई डस्छ । भित्रभित्रै ऊ कक्रिन थाल्छ । टेकिराखेको कफी खैरो रङको कार्पेट लाग्छ, मुतनी वनको भुइँ हो । रगतले सोसिएको रातोकालो कलेजी हुँदै गएको ।

घुर्ना शून्यमा लार्टिंदै जान्छ । विचार अट्किए जस्तो उसको एकाग्रता टिभीको आवाजमा घोरिन्छ । "*...काट्नुपर्ने चीज यसमा राख्नुस्... माथिबाट थिच्नुस्... भाँडोभित्रको मसिना ब्लेडले...*"– ऊ तरकारी काट्ने यन्त्रको विज्ञापन ध्यान दिएर अनावश्यकै सुन्न थाल्छ । मानौं, दिमागमा अटेसमटेस गरिराखेको स्मृतिलाई फैलिनबाट रोक्न चाहन्छ ।

# नखटाएको काम

रातको साढे एक बजे । घुर्नाको मोबाइल घनघनायो ।

घुर्ना ब्यूँझियो । निद्राले लट्ठिएका आँखा सकी नसकी तन्काएर उसले खुटीमा झुन्ड्याएको पाइन्टतिर हेऱ्यो । पाइन्टको खल्तीमा मोबाइल बज्दै थियो । उठाऊँ कि के गरौं भन्दै उसले जीउ मडारिरह्यो अर्धनिद्रामा । रिङटोन बन्द भयो ।

ठीकै भयो । घुर्ना कोल्टो फेऱ्यो । घुप्लुक्क निदाउनुपर्ने हो । तर दिमागमा खुसुरफुसुर चल्न थाल्यो । सिम फेरेको दुई हप्ता मात्र भएको छ । आफ्नै घेराका मान्छेबाहेक अरूलाई थाहा छैन यो नम्बर । को हुन सक्छ ? त्यो पनि यति राति । आँखा चिम्म गरे पनि घुर्नाको दिमाग सुत्न मानेन ।

मोबाइल फेरि बज्न थाल्यो । घुर्ना लफ्किएर पाइन्टनिर पुग्यो र खल्तीबाट मोबाइल झिक्यो । रूपनीको गोलीकाण्डमा परेर जबदेखि घुर्ना बालबाल बचेको छ, तबदेखि सामान्यभन्दा फरक केही भयो कि आतङ्कित भइहाल्छ ।

मोबाइलको स्क्रिनमा घुर्नाले लदनियाँको नम्बर देख्यो । ठम्याउन सकेन । सीमापारिबाट यति राति कसले फोन गर्दै छ । त्यो पनि लदनियाँबाट । छठुहरूबाहेक अर्कै कोही हुन सक्छ । घुर्नाले घाँटी सफा गऱ्यो, निदाउरो नसुनिन र कडक स्वरमा 'हेलो' भन्यो । फोन जसले गरे पनि ऊ मसिनो स्वर भएको सुनिन चाहँदैनथ्यो ।

यस्तै थियो उसको हाल । नचाहेर पनि ऊ हरेक कुरालाई त्यही घटनासित जोडेर हेर्न थालेको थियो ।

उताबाट झबर सुनिए । सुन्नासाथ घुर्नाले लामो सास छोड्यो । त्यसपछि ऊ ओछ्यानमा फर्कियो र भित्तामा अडेसिँदै अभिवादन गऱ्यो । तर उनी त कड्किन थाले, "पार्टीमा लफडा भइरहेछ, तिमीहरू कहाँ बेखबर घुसेर बसेछौ ?" उनी टाठो सुनिए । अरू बेला जस्तो साँझपख खाइपिएका रहेनछन् ।

तातो तेलमा पानीको छिटा पर्दा पड्किने आवाजझैं झबर पड्किएका थिए । सुनेर घुर्नालाई यत्रैसिति भन्ने भयो । उसले झबर अझै चर्चराऊन् भनेर चिसो थप्दै भन्यो, "अब गर्ने के सकिन्छ भैयाजी । यति दिन गुजरिसकेछ, अहिलेसम्म आधी पैसा हजम भइसके होला ।"

झबरले तथानाम गाली गर्न थाले । र भने, फौलादको ज्यान बन्धकी राखेर पनि पैसा झार्छु । घुर्ना कपटी मुस्कान मुस्काउँदै झबरलाई मनैमन खुच्चिङ भनिराख्यो ।

२० दिनअघि फौलाद सिंहलाई चन्दा उठाउने जिम्मा दिइएको थियो, सप्तरीको कञ्चनपुर ब्यारियर पुग्नुवरै पोखेल भोजनालयको साहूबाट । राजमार्गमै रहेको यो भोजनालय यात्रु बसलाई खाना खुवाउने बिसौनी थियो । बाटोको उत्तरछेउमा रङरोगनले चिटिक्क पारिएको होटलमा बस्ने सुविधा पनि थियो । भर्खरै खुलेको होटलको साहूबाट दुई लाख रूपैयाँ फौलादले उठाउन त उठायो । तर दुई दिनसम्म आफैंसित राख्यो । फोन गर्दा पैसा घरमा सुरक्षित छ, घरायसी काम सकाएर आइहाल्छु भन्दै आलटाल गऱ्यो । पछि मान्छे पठाएर पैसा लिन जाँदा न पैसा हात लाग्यो, न फौलाद ।

सुर्जा समूहबाट मझौला हतियार लिएर भाग्ने त छँदै थिए । तर दुई लाखको चन्दा पचाउनेमा फौलाद नै हुन गयो । रूसन केही सोच्न नसक्ने भएको थियो । पैसा गुमाउनुको चिन्ता त्यति धेरै थिएन, जति विश्वासघातको थियो । त्यत्रो दिनको विश्वासलाई एकै झमटमा घाँटी निमोठेको देख्दा रूसनलाई लाजमर्दो भयो । आफ्नै मान्छेले समूहलाई घात गरेकाले ऊ झबरसित आँखा जुधाउन नसक्ने भएको थियो ।

झबरका लागि भने पैसा र विश्वासका साथसाथै समूहको प्रभाव खस्किँदै जाने हो कि भन्ने पीर भयो । यस्तै भइराखेमा न चन्दादाताले पत्याउनेछन्, न जनताले । फौलादलाई कारबाही नगर्ने हो भने समूहमा यो प्रवृत्ति झन्झन् मौलाउँदै जानेछ । त्यही भएर २० दिनदेखि चन्दाको पैसा लिएर फरार

भएको फौलादको धुइँधुइँती खोजी भइराखेको थियो । जसै दिन बढ्दै थियो, त्यति नै फौलादलाई भेट्टाइछाड्ने धूनमा लागेका थिए झबर । त्यसैले उनले सकेजतिलाई फौलादको पछि लगाएका थिए ।

घुर्नाले झबरलाई ब्रहरीमै चेताएको थियो, फौलादबारे । त्यति बेला वास्ता नगर्ने अनि अहिले बेखबर भयो भन्ने । त्यसैले ऊ एक्लैमा ठिक्क पर्‍यो भन्दै काखी बजाइराखेको थियो ।

तर घुर्नाले सोचे जस्तो झबरले त्यति राति फोन गर्नुको कारण दिग्दारी बिसाउनका लागि थिएन । उनले खबर पाएका रहेछन्, फौलादबारे । त्यसकै लागि झबरले घुर्नालाई फोन गरेका थिए । हुन त यसअघि पनि फौलादको ठेगान पत्ता लगाएर समूहका केटाहरूलाई कहाँकहाँ नदौडाएका होइनन् । तर फौलाद कि फुत्किराखेको हुन्थ्यो, कि सूचना गलत निस्किन्थ्यो । यही क्रममा फौलाद लहानवरपर छ भनेर थाहा पाए । उनले समय खेर फालेनन् । घुर्नालाई फोन गरिहाले । त्यस बेला घुर्ना पनि लहाननजिक थियो ।

उनको कुरा सुनेर बचेखुचेको निद्राले घुर्नालाई छ्याङ्ग छोड्यो । भित्तामा अडेसिएको ज्यान स्वाट्ट सरेर ओछ्यान किनारमा आयो । मानौं, जन्याकजुरूक उठेर जानै लागेको होस् । घुर्नाले अघि झबरलाई 'अब गर्नै के सकिन्छ' भनेर देखाएको चिसोपन देखावटी थियो, झबरलाई अत्याएर उचाल्न । फौलादको जानकारी पाएपछि ऊ पनि झबरजत्तिकै हतपतायो । अहिल्यै गएर समातिहालौंझैं भयो । किनभने ऊ पनि फौलादलाई खोजिराखेको थियो ।

रूपनी काण्डपछि हो, घुर्नाले फौलादलाई खोजेको । त्यसमा फौलादको पनि हात थियो भनेर उसले पत्ता पाएको थियो । तर संयोग भन्ने कि के भन्ने, यता उसले फौलादको संलग्नताबारे थाहा पाउनु र उता फौलादले चन्दा लिएर फरार हुनु एकै पटक भयो । कतै घुर्नाले थाहा पायो भनेर ऊ फरार भएको त होइन ?

यसपछि घुर्नाको हुटहुटी झनै बढ्यो । झबरलाई चाहिँ उसले भनेको थिएन । न अहिले भन्नेवाला थियो ।

झबरलाई नभनेको कारण के थियो भने, घुर्ना पहिला फौलादबाटै सुन्न चाहन्थ्यो, रूपनीका माओवादीलाई उसैले सुराकी दिएको हो कि होइन भनेर । त्यसपछि बल्ल झबरसामु बकाउन लगाउने उसले सोचेको थियो । किनभने

यसअघि उनले 'प्रमाण'को नाउँमा उसको मुखमा बिर्को लगाएका थिए, जुन उसले बिर्सिएको थिएन ।

झबरले भन्दै थिए– फौलाद ठ्याक्कै कहाँ छ भनेर पसिन्दरलाई थाहा हुन सक्छ । तिनीहरूबीचको मिलतीबारे उनले खुलस्त पारे । त्यसैले बलडराऽऽ गएर पहिला पत्ता लगाउनू उनले भने । अनि घुर्नालाई पसिन्दरको गाउँ बलडराऽऽको ठेगान दिए ।

यसभन्दा अघि घुर्नाले दक्षिणतिरका सिमाना गाउँहरूमा फौलादको खोजी गरिसकेको थियो । पत्तो लागेको थिएन । झबरले भनेको गाउँ लहानबाट उत्तरतिर पर्थ्यो, जुन माओवादी 'एरिया' भनेर चिनिन्थ्यो । र घुर्नाले त्यति आँट जुटाइसकेको थिएन, त्यतापट्टि जान । तर अब जानैपर्ने भयो चुरे फेदमा रहेको गाउँ बलडराऽऽ ।

झबरले फोन राख्नुअगाडि घुर्नालाई सम्झाए, "सुन त... साथमा लिएछौ हैन ?"

घुर्नाले सिरानीछेउ उक्सिएको ठाउँ छाम्दै भन्यो, "साथैमा छ, भैयाजी ।"

"ठीक छ... दाग्नुवाग्नु नइ । धियानसित ।"

घुर्नाले निश्चिन्त तुल्यायो । त्यसपछि झबरले लाइन काटे ।

घुर्नाले मोबाइल पाइन्टको खल्तीमा घुसाऱ्यो । ओछ्यानमा फर्किएर उसले सिरानीछेउ उक्सिएको ठाउँ उघाऱ्यो । त्यहाँ बिहारका लोहारहरूले बनाउने कट्टुवा पेस्तोल होइन, 'अङ्ग्रेजी फ्याक्ट्रीवाला' जस्तो देखिने चिल्लो फिनिसिङ भएको मुङ्गेर मेड रिभल्बर थियो । उसले झ्यालनिर लग्यो 'सिक्सर' भनेर चिनिने रिभल्बरलाई ।

कार्बन पेपरबाट छिरेझैं लाग्ने रातको प्रकाशमा सिक्सरको 'सिलिन्डर' टुटुल्को उठे जस्तो टुसुक्क देखियो । अलिअलि खुइलिएको त्यसको फलामे नाल कति चिसो । घुर्नाले काठले मोरेको सिक्सरको ग्रिप मुठ्यायो । ग्रिपको बटममा ठोकेको चेन झुन्ड्याउने रिङ हल्लायो अनि ट्रिगरमा चोरीऔंला अल्झायो ।

घुर्नाले बिर्सिराखेको ऊसित सिक्सर पो छ त । रूपनी काण्डपछि मुखै फोरेर माग्दा मात्र पाएको रिभल्बर । सँगै परेको लिखो यादवको ज्यान

नगएको भए सायद त्यति पनि नपाउने । कट्टुवा दिँदै थिए । तर ऊ सिक्सरमै अडिराख्यो । कहाँ एउटै गोली लाग्ने कट्टुवा, कहाँ छछ ओटा गोली दाग्ने रिभल्बर ।

घुर्नाले 'सिलिन्डर रिलिज' तानेर 'च्याम्बर' फक्लक्क खुस्कायो । छ ओटा गोली खाना खाली थिए । 'बडी'लाई एक झट्का दिएर 'सिलिन्डर'लाई फेरि भित्र पसायो अनि भित्तातिर सिक्सर तेर्स्याएर ऊ उभियो । उसको ढाड सोझिँदै आयो । कुहिना पनि तनक्क तन्किए । लामो सास तान्दा छाती फुक्नसम्म फुक्यो । अँध्यारोमा एक्लै मुस्काउँदा घुर्नाको मुहारमा सैतानी पुट झल्कियो ।

कट्टुवा लिइलिई हिँड्ने लिखो यादव एक गोली पनि नचलाई मारियो । ऊजस्तै घुर्ना पनि आजभोलि रिभल्बर लिएर हिँड्छ र निदाउँछ पनि । उसो भए ऊ सुरक्षित छ त ? कतै लिखो जस्तो बेहोर्नुपर्ने त होइन ?

घुर्नाको मुठी रिभल्बरको 'ग्रिप'मा कस्सियो । मुस्कानबाट मिठासपन निथ्रियो । बाँकी रहे, आधा खुलेका सुक्खा ओठ मात्र । नालको पुछारमा उक्सिएको जुरेली जस्तो 'फ्रन्टसाइट'बाट सीधा हेरिरहँदा, भित्ताको निसानामा कालो रात होइन । आँखामा रूपनी काण्डको मध्याह्न तिर्मिरायो । देखिए– गम्छाले अनुहार छोपेको पेस्तोलधारी, नाइन एमएमबाट अन्धाधुन्ध गोली चलाइराखेको हमलाकारी र मोटरसाइकलमा भाग्दै गर्दा फर्कीफर्की हेर्दै गएको गम्छाधारी ।

घुर्नालाई पाखुराको खत कताकता चस्किए जस्तो भयो । पोले जस्तो नि भयो । भित्तातिर तेर्स्याएको हात उसले तल झाऱ्यो । र सिक्सरलाई दरीतल थपक्क राखिदियो । अँध्यारोमै देब्रे पाखुराको खत उसले छाम्यो । 'व' आकारको खत पाँच सेन्टिमिटरजति लामो थियो । गोली छेडेर गएको घाउ सुकिसके पनि खाटो हल्का गुलाबी नै थियो, छिसिक्क रगडिए पनि रगत चुहिएला जस्तो । र त घाउको पोलाइ घुर्नाले बिर्सिइसकेको थिएन ।

मुख तीतो हुन्जेल घुर्नालाई गाली बक्न मन लाग्यो ।

त्यो घटनापछि उसले पेस्तोलधारीहरूबारे पत्ता लगाएको थियो । थाहा भयो, तिनीहरू रातारात सीमापारि पुगिसके रे । पत्ता लगाउने छट्टु बागी नै थियो । पछि छट्टुले पाइताला चिसो बनाउने जानकारी पनि ल्यायो । कति

दिनदेखि फौलादले घुर्नामाथि निगरानी गरिराखेको थियो रे । र त्यस दिन ऊ र लिखो राजविराज गइराखेको खबर उसैले माओवादीलाई दियो रे । त्यसपछि नै घुर्नाले पेस्तोलधारी भन्दा फौलादलाई खोज्न थालेको ।

खत सुमसुम्याइराखेको घुर्ना डाहा शान्त गर्न नपाएर पिरोलिएको थियो ।

यही बेला बाहिर पानीको छप्ल्याङ्ग सुनियो । झ्यालनिर तानियो ऊ । घर अघिल्तिरको डगरपारि पोखरी थियो । पोखरीको बीच घेरामा आकाश टल्किराखेको थियो । छेउछाउको भाग छेउछाउकै छायाँ बनेको थियो । झ्यालको ग्रिलमा निधार अड्याएर बाहिर नियालिराखेको घुर्नाले पोखरी एकदम स्थिर पायो । खै केको छप्ल्याङ्ग थियो पोखरीमा । पानीमा ढुङ्गा फाल्दा सुनिने आवाजभन्दा जाल हाल्दाको जस्तो छप्ल्याङ्ग सुनिएको थियो ।

उसले मात्र सुनेको हो कि वा अरूले सुनेर पनि वास्ता नगरेको । हुन सक्छ त्यो घटनापछि छिसिक्क आवाजमा पनि अडिएर ध्यान दिन थालेको नतिजा थियो । जेहोस् घुर्नाले एकटकले हेरिराख्यो, कचु (कर्कलो)को झारले झ्याम्मिएको पोखरीलाई ।

चमार टोलको यो पोखरी मिर्चैयादेखि दक्षिणमा पर्ने गाउँ झुम्किझुम्काको थियो । फागुन दोस्रो हप्तादेखि उसले यहीँ 'सेल्टर' लिएको थियो । एक महिनामा उसले ठाउँ मात्र होइन, दुई चोटि मोबाइलको सिम पनि फेरिसकेको थियो । र केही दिनमा यो 'सेल्टर' पनि छाड्ने मन बनाउँदै थियो ।

पोखरीमा कहीँ सगबग नभएको देखेपछि ऊ वरपर नियाल्न थाल्यो । ऊ हेर्दै थियो, एक किनारमा आधा डुबेका काठका फलैंचाहरू । ती फलैंचामा नुहाउने, लुगा धुने गरिन्थ्यो । त्यसमै उभिएर भुराभुरीहरू माछा मार्ने गर्थे । अनि त्यसकै छेउछाउमा भाँडाहरू माझ्ने गरिन्थ्यो । त्यहाँ अहिले पनि खरानीमा लटपटिएको भाँडा माझ्ने झुम्रा र घिसिएका रङ्गीबिरङ्गी साबुनका टुक्रा होलान् । तर रातमा पोखरीको किनार सिनित्त देखिएको थियो ।

उति नै खेर कदमको रूखतल गुडुल्किएको कुकुर गुर्राउन थाल्यो । मानौं, कसैसित गुनासो गरिराखेको छ । दिक्क लाग्ने गरी भुक्छ होला भन्ठानेको थियो घुर्नाले, नभुकी फेरि शान्त भइहाल्यो । तर डुलुवा कुकुरजत्तिको पनि शान्ति थिएन कदमको रूखलाई । पोखरीको डिलमा ठिङ्गिएको कदमको रूखमा कुनै न कुनै बोर्ड झुन्ड्याइदिएर हाँगाहरू गह्रुङ्गिएका थिए । अहिले

भने उपभोक्ता समिति र खुला दिसामुक्त संस्थाको बोर्डले त्यो रूख खुराफाती देखिएको थियो ।

अशान्त थियो, 'सेल्टर'मा सुस्ताइराखेको घुर्ना पनि । भेटिएला त फौलाद ?

झबरले फोन गरेपछि उसलाई झनै तातो लाग्यो । तर जेका लागि झबरले फोन गरेका थिए, त्यो दोस्रो प्राथमिकतामा पुग्यो । फौलादले लिएर फरार भएको चन्दाको पैसा सग्लै छ कि हिनामिना भइसक्यो भन्नेतिर उसको ध्यान मोडिएको थिएन । फौलादसित आफ्नै हिसाब फछ्र्योट गर्नेतिर उसले सोच्न थाल्यो । त्यसैले ऊ खुलदुलिएको थियो– बदला लिनै फौलाद माओवादीसँग मिल्न गयो होइन त ?

नपत्याऊँ भने पनि उसले कसरी बिर्सिन सक्थ्यो, फौलादले फोनमा दिएको धम्की ।

माघको अन्तिमतिर फौलादले धम्क्याउँदै घुर्नालाई फोन गरेको थियो, ब्रहरीमा झबर र घुर्नाको भेट भएपछि ।

त्यही भेटमा घुर्नाले दलित मोर्चा बनाइहाल्न झबरलाई फेरि झकझकाएको थियो । तर झबरले परिवर्तित राजनीतिको अल्झो देखाउन थाले । कुरामा कुरा थर्पिंदै जाँदा घुर्नालाई अति भयो । प्याक्क लाएर उसले फौलादबारे मुख खोल्यो । त्यति बेला झबरले पत्याएका थिएनन्, उसको कुरा । प्रमाण लिएर आऊ नत्र लाञ्छना नलगाऊ जस्ता कुरा गरेर । बेकारमा भनेछु भन्दै घुर्ना पनि फन्किएर हिंडेको थियो ।

तर घुर्नाले भनेको बेकार गएन । चिसो पसेर झबरले त्यसबारे पत्ता लगाए । नभन्दै घुर्नाले भनेकै कुरा सत्य निक्लियो । फौलादले छानीछानी पहाडियाहरूसित आफूखुसी चन्दा उठाइराखेको रहेछ ।

उसो भए दोषी फौलादै मात्र थियो त ?

मधेस विद्रोहपछिको समय बडो निसास्सिँदो भएको थियो । पानीमा चिनी जस्तो घुलमिलिएको टोल, समाज तितिँदै गएको थियो । आन्दोलनताका पहाडीलक्षित नाराबाजी गरिएकाले हिजोका छिमेकी आज 'पहडिया' र 'फोरमबला' भएका थिए । पहाडी नाम भएका टोलहरूको मधेसीकरण गरिंदा आफू उभिएको माटोले फेरि उनीहरूसित परिचय मागिराखेको थियो ।

फिका भएका थिए, पहाडी-मधेसी नभनीकन खेलिएका होलीका रङहरू। र गाँठो खुकुलो भएका थिए, रक्षाबन्धनमा बाँधिएका राखीका पनि । राजमार्ग उत्तरका पहाडीहरू दक्षिणतिर जान धक मानिराखेका बेला के पनि सुनियो भने, रातमा केही बस्तीका ढोकाहरूमा 'प' र 'म' लेखेर छुट्याइन्छन् रे । अनिष्टको शङ्कामा पहाडीहरूले रातिराति लाठी लिएर आफ्नो टोलको पहरा नि दिन थाले । र त्रासैत्रासमा केही पहाडीहरू आजको भोलि घरबार बेचेर गाईघाट, इटहरी, विराटनगरतिर लागे ।

हुल मानसिकताले भाइचारा खलबलाइदिएकाले असहज बनेको थियो, मधेसी समुदाय पनि । परिस्थितिलाई के गरी सहज बनाउने होला भन्नेमा उनीहरू अलमलमा थिए । कतै हुलको तारो पो बन्नुपर्ने हो कि भनेर सशङ्कित पनि थिए । यस्तोमा दुई समुदायबीचको संवाद 'पोलिटिकल्ली करेक्ट' हुने ध्याउन्नमा अडबाङ्गिएको थियो । तैपनि डगरवारि बस्ने मधेसीको मन दुखेकै हुन्थ्यो । जब डगरपारिको छिमेकी अविश्वासै अविश्वासमा बसाइँ सरेको देख्थ्यो ।

आम जनजीवन पनि हिजोअस्ति जस्तो कहाँ थियो र ? राजमार्ग चोकको छाप्रे चिया पसलको चियागफ खासखुसमै सेलाएको थियो । सम्साँझै गल्लीका कुकुरहरू आग्लो लगाएका पसलअगाडि लेग्रो तानीतानी भुकिराखेका हुन्थे ।

यही असहज र अन्योलमा सशस्त्र समूहहरूको चन्दाआतङ्क उग्र हुँदै गयो । सलबलाउन थाले, सशस्त्र समूहमा लागेर फाइदा उठाउनेहरू पनि । बेला यही हो भन्दै ती फाइदेबाजहरू समूहबाट छुट्टिन कत्ति बेर गरेनन् । अनि छुट्टाछुट्टै समूह खोलेर चन्दा उठाउने उद्यममा लाग्नेहरू छ्यासछ्यास्ती निस्किए ।

बिग्रँदो समयले फौलाद जस्ताको पनि नियत बिगा-यो, जो लहडैलहडमा लागेका थिए । त्यसमाथि सुर्जा समूहमा जथाभावी चन्दा उठाउने विकृति देखिइसकेको थियो । झन् अहिले गाउँ-समाज थिलथिलो भएका बेला, एउटा छुसी कारणले पनि आगो सल्किन सक्थ्यो । कसको हिम्मत उजुरबाजुर गर्ने । त्यहीमाथि मधेसको सुरक्षा स्थिति पनि पङ्गु भएको थियो । बस्, फौलाद पनि सक्रिय भयो, आफैंआफैं चन्दा उठाएर आफ्नै खल्ती भर्ने कर्ममा । सुर्जा समूहले पहाडी मूलका सरकारी कर्मचारी र स्थानीय व्यापारीहरूबाट चन्दा

उठाइराखेकै थियो । फौलादले कोसीटप्पु इलाकाका पहाडी बस्तीलाई थर्काउँदै खुसुखुसु चन्दा उठाउन थाल्यो । चन्दा दिन सक्ने खालका हुन् या नहोऊन्, उसलाई मतलब भएन ।

फौलादले यसो गरिराखेको घुर्नाले बबन सदाबाट सुइँको पाएको थियो, जुन घुर्नाले झोकैझोकमा झबरलाई भनिदिएको थियो ।

झबरले फौलादको कर्तुत समातेपछि रूसनले बचाउन खोज्यो । तर फौलाद उम्किन पाएन । सजिलै उम्किन नपाए पनि समूहबाट निष्कासन पनि भएन । उसले माफी मागेर त्यो पैसा समूहलाई बुझायो । झबर र रूसनले डाँटफट्कारेर चन्दाको रकम बुझे । रकम थोरै भएकाले होला, कत्ति सङ्कोच नमानी फौलादले बुझाइदियो । खुरूखुरू बुझाएको देखेर झबरले सुध्रियो भन्ठाने । जे भए पनि एक चोटिका लागि उसले माफी पायो । तर घुर्नासित भने उसले रिसइबी लियो ।

छानबिन गर्दा झबरले घुर्नाको नाम गोप्य राख्नुपर्ने थियो । उनले रूसनलाई भन्न पुगेछन् । कुरो फौलादसम्म पुग्यो । र ऊ फोनमा घुर्नामाथि खनियो, "आइँ रे बेसी हिरोपनी जमाउन खोजेको सुर्जाको अगाडि, इम्परेसन मार्न । सुर्जाको चम्चा !"

एकछिन त घुर्ना अलमल्ल पऱ्यो । किन निहुँ खोज्छ यो 'गुन्डाबा' भन्दै । अनि जब फौलादले चन्दाको कुरा छेड्यो । घुर्ना झस्कियो । आफूले झबरलाई फौलादबारे भनेको कुरा सम्झियो । लौ बिताए ! झबरले उसको नाम किन चुहाए होलान् भन्दै थकथकायो ।

तर ऊ किन दुप्किएर बस्ने ? गल्ती ऊबाट होइन, फौलादबाट भएको हो । तैपनि ऊ राजाको राँगोझैं फ्वाँफ्वाँ गरिराखेको छ । घुर्नाले पनि अरट्टिएर स्वर उच्च बनायो, "पहिला काम बिगाड्छौ । अनि उल्टै फटेको बाँसजस्तै चिल्लाउँछौ । ताकत छ भने आम्नेसाम्ने आऊ । हिरोपनी बढियैसित देखाइदिन्छु ।"

"अच्छा... तेरो हिरोपनी यस्तरी झाड्छु, फिलिमवै देख्न भुलिहाल्छस्," धम्क्याउँदै फौलादले भन्यो र फोन काट्नुअघि चेतावनी दियो, "हेरिलिनू... ।"

घुर्नाले देखाजाला भन्दै फौलादको अनुहार सम्झिएर पिच्च थुक्यो । भरे त्यसको एक महिना नबित्दै रूपनी काण्ड भयो ।

राजविराजको मालपोत कार्यालयमा सकेट बम पड्काएर पर्चा छर्ने योजना थियो । मधेसबाट मालपोत उठाएर कुम्ल्याउने तर स्वशासित हुने अधिकार नदिने भनेर यो कार्यालय रोजिएको थियो । मानवीय हताहतभन्दा भौतिक संरचनालाई क्षति गरेर चेतावनी दिने उद्देश्य थियो । त्यसैले शनिबारको दिन रोजिएको थियो, जसअनुसार घुर्नाा र लिखो सकेट बम र पर्चा बोकेर उतै लागेका थिए ।

तर रूपनी र राजविराजबीचको बाटोमा हमलामा परे । मोटरसाइकलमा आएका दुई जना थिए । गम्छाले अनुहार छोपछाप पारेकाहरू माओवादी नै हुन् भन्ने थाहा थिएन त्यति बेला । घुर्नाहरू आफैं अत्तालिएका थिए । को हुन्, किन गोली चलाइराखेका छन् भन्ने के सोचून् ।

हमलाकारीहरू भने तीन राउन्ड गोली चलाएर सुइँकुच्चा ठोके । एउटा त्यत्तिकै खेर गयो भने अर्को गोली घुर्नालाई छोएर पार भयो । अन्तिमको चाहिँ लिखोलाई लाग्यो । त्यो हमलामा घुर्ना त बच्यो । तर मोटरसाइकल चलाउने लिखो यादवलाई बचाउन सकिएन ।

घुर्नाले जब थाहा पायो, माओवादीका केटाहरूले हमला गरेका हुन्, उसलाई द्विविधा भएन । सुर्जा समूह र माओवादीको किच्चाघानमा आफूहरू परेको हो भन्ने कुरामा । तैपनि गोली चलाउने मान्छे को हो, ऊ पत्ता लगाउन चाहन्थ्यो । पत्ता लगाएर रिस फेर्न चाहन्थ्यो ।

छठु बागी माओवादीको सप्तरी एक नम्बर एरिया इन्चार्ज रहिसकेकाले काम लाग्यो । उसले पत्ता लगायो, गोली चलाउने मान्छेको पहिचान र उसको फरार अवस्था । तर यो जानकारी गौण बन्यो, जब छठुले त्यो घटना घटाउन फौलादको संलग्नता खुलायो ।

पत्याउनै गाह्रो भयो घुर्नालाई । माओवादीहरूसित शत्रुता हुँदाहुँदै उसैसित मिलेर सुर्जा समूहलाई घात गर्ला भनेर कसरी पत्याउनु ? त्यसमाथि फौलाद आफैंले गोलबजारमा माओवादीमाथि गोली चलाएको थियो । तर यो त राजनीति हो । शत्रुता र मित्रताको रेखा धार परिवर्तन गरिराख्ने नदीको किनाराजस्तै मेटिँदै जान्छ, बन्दै जान्छ ।

राजनीतिमा शत्रुसित मित्रता गाँस्ने बेला भन्छन्– राजनीतिमा न स्थायी दुस्मन हुन्छन् न स्थायी मित्रु । र सिध्याउने बेला शत्रुका शत्रुसित मित्र बन्छन्

र वार गर्छन् । के थाहा, भोलिको दिनमा मधेसमा माओवादीलाई सक्न सुतिहार र सुर्जा समूह मिलिहालून्, एकताका संसदीय दलहरूलाई सिध्याउन माओवादी र राजा मिल्ने मेलोमेसो गरे जस्तो ।

त्यस्तै गरी फौलाद समूहभित्रको शत्रुलाई सिध्याउन बाहिरको शत्रुसित मिल्न सक्छ । प्रत्यक्ष मिल्न नगए पनि अप्रत्यक्ष रूपमा सघाएको होला । सुर्जा समूहका केटाहरू राजविराज जाँदै छन् भनेर माओवादीलाई सूचना दिए पनि काफी भयो ।

हुन सक्छ ! घुर्नाले दुईदुई जोडेर चार बनाउने प्रयास गर्‍यो । अन्यथा रहेछ भने पनि अब फौलादले नै भन्न सक्थ्यो ।

यो घटनापछि झबरहरू उसै गरी कुर्लिए, जसरी कुर्लिंदै आएका थिए । उनीहरूलाई लागेको थियो, मधेस आन्दोलनपछि माओवादीहरू खुम्चिए । भरे होइन रहेछ । मधेस आन्दोलनका बेला रमेश महतोको हत्याको भोलिपल्ट आन्दोलनकारीहरू माओवादीविरूद्ध भड्किएका थिए । त्यसकै आडमा सुर्जा समूहले माओवादीको पार्टी कार्यालय तोडफोड गरेका थिए । र कार्यकर्तालाई मरणासन्न हुने गरी पिटेका थिए । हो, त्यसकै 'बदला' लिएको हुनुपर्छ भन्ने ठान्यो सुर्जा समूहले ।

झबरले घुर्नासित शङ्का पनि जताए– कतै लिखो यादवसितको दुस्मनीले ती केटाहरूले गोली हानेका होइनन् ? घुर्नाको घाँटी खसखसायो भन्न । दुस्मनी त फौलादले ऊसित लिएकाले माओवादीका केटाहरूलाई सुराकी दिएको रे । तर फेरि उनले प्रमाणकै कुरा गर्ने थिए । त्यसैले ठोकुवा गरेर भन्न सकेन घुर्नाले ।

यो हमला खासमा रिसइबीको अर्को शृङ्खला थियो । र छठुको विचारमा दुई समूहको शत्रुताको आडमा फौलादले घुर्नासित बदला लिन खोजेको थियो । घुर्ना भने फौलादबाटै सुन्न चाहन्थ्यो । उसको पोल झबरलाई लगाएकै कारणले के ऊ मारिनुपर्ने थियो ?

ऊ मारिएको भए कुरै सकिने थियो । अब भने घुर्नाको पालो थियो ।

बिहानको सात बजेको थियो घुर्नाहरू बलडराऽऽ पुग्दा । चुरेको फेदमा भएकाले एक तह तुँवालो लटपटिएको थियो, यहाँको बिहानीमा । उज्यालो भइसकेको थियो । तर चैतको नपोल्ने घाम भने लागिसकेको थिएन । फागुपूर्णिमाबाट मधेसले जाडोलाई बिदाइ गरिसकेको थियो । तैपनि घुर्नाको पाखुरामा काँढा उम्रिराखेका थिए, मोटरसाइकलमा बलडराऽऽ पुग्दा ।

आधाबाहुले स्वेटर लगाएको थियो घुर्नाले । मेहन्दी हरियो रङको । बिहानको सिर्सिराउँदो हावा धान्न नसक्ने रहेछ । शरीरमा काम छुट्थ्यो घरीघरी । छठुले चाहिँ ट्र्याकसुटको ज्याकेट लगाएको थियो । उसैले मोटरसाइकल चलाइराखेको हुनाले छातीमा पर्ने हावा छेल्न घाँटीसम्म चेन तानेको थियो ।

भर्खरै सिकेकाले छठुको मोटरसाइकलमा पूराका पूरा विश्वास जमेको थिएन । खाल्डाखुल्डी बाटो आयो कि ह्यान्डिल बाङ्गोटिङ्गो हुन थाल्थ्यो । अगाडिबाट गोरूगाढा आउँदा गति कम गर्दिइहाल्थ्यो । त्यसपछि एक्सिलेटर बढाउनुपर्‍यो भने हुत्तहुत्त हुत्याउँथ्यो । बाटोभरि उफ् ! भन्दै आएको थियो घुर्ना । उसलाई कहिले पुगुँलाझैं भएको थियो ।

छठुको मोटरसाइकल हँकाइले ऊ लिखो यादवलाई सम्झिँदै थियो । गाउँको धुलौटे होस् वा वर्षात्को हिलाम्मे बाटो, लिखोले चेपचेपबाट बाटो निकालेको देख्दा घुर्ना रहरिन्थ्यो । हिलोमा इँट ओछ्याएर हुन्छ कि खेतको रेखीजत्रो डोरेटोमा, ऊ सन्तुलन नबिगारी ढुक्कैले चलाइदिन्थ्यो, 'मौतका कुवा'का मोटरसाइकल चालकहरूले झैं ।

हाइवेमा कुदाउनुपर्‍यो भने लाग्थ्यो, हावाले कानमा फुकिराखेको छैन, सिठी बजाउँदै छ । अघिअघि ठूलो गाडी देख्नै नहुने ओभरटेक गरिहाल्थ्यो । लाग्थ्यो, लिखोलाई जिन्दगीमा हतारो छ । ऊ घुर्नालाई पनि कचकच गरिराख्थ्यो, छिटो बम बनाउन सिकाइदिन । उसको हतारो घुर्नाको काम गर्ने लयसित मिल्थ्यो । त्यसैले बम पुर्‍याउन जाँदा होस् वा कतै पड्काउन जाँदा घुर्नाले सके लिखोलाई नै रोज्थ्यो । आखिर त्यही सकेट बम लिएर जाँदा त हो त्यो घटना घटेको ।

घुर्नाले सम्झियो गोली लागेर ढलेको लिखोलाई । सासको स्वरमा उसले हमलाकारीलाई 'माधरचो... सार... !' भन्दै मुख छाडेको ।

त्यो सम्झियो कि घुर्नालाई भुइँ कोपरूँ कि भित्ता कोपरूँझैं हुन्छ । त्यसैले पनि पसिन्दर मण्डलकहाँ कतिखेर पुगूँझैं भएको थियो, बाटोभरि ।

राजमार्गतल्तिरका गाउँमा फौलाद नभेट्टिए पनि यसपालि घुर्नाले आस गरेको थियो, फौलादबारे पसिन्दरलाई पक्कै थाहा हुने कुरामा । झबरले भनेका थिए फोनमा । चन्दा उठाउने काण्डमा पसिन्दरले फौलादलाई सघाएको थियो अरे । तर फौलादले आफूसँगसँगै उसलाई पनि माफ गर्न लगाएको रहेछ । र अहिले फौलादले पैसा लिएर फरार भएदेखि पसिन्दर समूहबाट छट्किएर बसेको छ । फौलादको सट्टामा एरिया इन्चार्ज दिंदा पनि म सक्दिनँ भनेछ । अझ झबरले पारि लोकहा बोलाउँदा पनि पछि आउँछु भनेर बलडराऽऽ फर्किएछ । के थाहा, पसिन्दर फौलादको सम्पर्कमा छ कि ?

पसिन्दर मण्डलकहाँ मोटरसाइकल रोक्किँदा एउटी स्वास्नी मान्छे ओसरा बढार्दै थिइन् । घुर्ना ओर्लिएर बोल्न खोज्दा तिनले हत्तपत्त घुम्टो काढिहालिन् । र लुत्त भित्र पसिन् । उनी गएपछि घुर्नाले भन्ठानेको थियो, पसिन्दर निस्किएला । बाहिर निस्किए, ५० आसपासका प्रौढ रातो गम्छाले कनपट छोपछाप पार्दै । घुर्नालाई पसिन्दरको बाबु हो भन्ने पक्का भयो । उनको गालेहाड र चोसो परेको खाने मुख पसिन्दरसित ठ्याक्कै मिल्दो रहेछ ।

घुर्नाहरूले अभिवादन गरे । पसिन्दरको बाबुले हात उठाए जस्तो मात्र गरे । र आधा मनले नमस्कार फर्काए ।

पसिन्दरको घरको मोहडा अघिल्तिर नभई छेउको घरतिर फर्किएको थियो । डगरपट्टि घरको भित्ताले डाढ फर्काएको थियो । डगर र ओसराबीच फैलिएको थियो, घाँसे जमिन । घुर्नाहरू मोटरसाइकलसहित त्यहीँ अडिएका थिए । पसिन्दरको बाबु 'को' 'किन' सोध्दै उनीहरूछेउ आइपुगे ।

पसिन्दरको उपनाम त लिन भएन । त्यसैले 'कालिया'को सट्टा पसिन्दरलाई भेट्न आएको भने । उनले के काम छ भनी सोधे । उनको सोधाइमा डर मिसिएको थियो । छठुले केही भन्न घाँटी सफा गरे जस्तो गर्दै थियो । घुर्नाले उसैसँग सानो काम छ भनी बिट मार्‍यो ।

उसको बाबुले पसिन्दर सीतापुरबाट आएको धेरै भएको छैन भनेर भने । उनको आसय कामकुरो उतै सकाएर उनीहरू यता नआइदिएको भए हुने भन्ने थियो सायद । घुर्नाले मनमनै 'के मतलब !' भनी वास्ता गरेन ।

पसिन्दरको घर बलडराऽऽ भए पनि ऊ सीतापुरमा बस्थ्यो । एक जना बिरादरी पर्नेको घरमा । माओवादी र सुर्जा समूह एकअर्कालाई देखी नसहने भएकाले ऊ देहाततिर झरेको थियो । यहाँ बलडराऽऽमा माओवादीको चकचक भएकाले ऊ यता कमै आउँथ्यो । उसो भए पसिन्दर अहिलेचाहिँ किन एक हप्तादेखि यहाँ आएर बसेको छ त ? समूहबाट टाढिन नै यता आएको हुनुपर्छ भन्ने लाग्यो घुर्नालाई ।

"घरमै छ ?" घुर्नाले ओसरातर्फ तन्कीतन्की सोध्यो । ती बूढाको ओल्याङटोल्याङमा ऊ अल्झिन चाहेन । उनले घरमा छैन, गाउँतिर गएको छ भने । अनि उनी डगरनिर गएर कसैलाई खोजेझैं तल्लो र माथिल्लो बाटो पल्याकपुलुक हेर्न थाले । छिमेकमा १४-१५ वर्षको ठिटो भैंसीमा चढेर चराउन जान ठिक्क परेको थियो । उनले ठिटोलाई बोलाए । भैंसीबाट ओर्लिई त्यो ठिटो उनको सामु लस्याङलस्याङ गर्दै आयो । उनले माथिल्लो गाउँको चिया पसलमा पसिन्दर हुन सक्ने र उसलाई छिटो बोलाएर ल्याउन अह्राए ।

कम्मरमा होलो ना होलो भइराखेको जडाउरी पाइन्ट लगाएको ठिटोले एक पटक भैंसीलाई हे-यो । भैंसीले टाउको झट्कारिराखेको थियो । त्यसपछि उसले घुर्नातिर हे-यो । घुर्ना कम्मरमा हात राखेर ऊतिर फर्किएको थियो । त्यसरी उभिँदा ऊ अधैर्य देखिएको थियो । पसिन्दरको बाबु ठिटोलाई छिटो है छिटो भन्न लाग्दै थिए । ठिटो कुदिहाल्यो ।

पसिन्दर आउन्जेल उनीहरूलाई ओसरामा आएर बस्न भनेनन् उसका बाबुले । न बस्ने खटिया ल्याउने मेलोमेसो नै गरे । छठु डगर छेउबाट इँट उठाएर ल्याई मोटरसाइकलनिर टुसुक्क बस्यो । घुर्नाचाहिँ स्ट्यान्डमा राखेको मोटरसाइकलमा अडेसियो । र घरको फुसैलो छानोमाथिमाथि हेर्न थाल्यो ।

आएदेखि घरतिर घाँटी तन्काइराखेको घुर्नालाई नै हेर्दै थिए, पसिन्दरका बाबु । उनको हेराइमा यिनीहरू इलम नभएका लफङ्गा हुन् भन्ने भाव थियो । सायद उनलाई मन नपरिराखेको होस् पसिन्दर सुर्जा समूहमा लागेको । त्यसैले छोरालाई खोज्दै आउने मान्छेहरूप्रति उनको रवैया यस्तै हुँदो हो ।

उसैलाई हेर्दै ती बूढाले सोधे– उनीहरूको घर कहाँ हो । घुर्नाले दुवै जना एउटै गाउँका हौं भनेर गफ हाँक्यो र गाउँको नाम आफ्नै दियो । अनि उनले तिनीहरूको नामसहित जात सोधे । घुर्नाले दुवै जनाको नामपछाडि 'राम' जोडेर एउटै पहिचान दियो । छठु डेडो आँखासहित मुस्कायो ।

तर पसिन्दरका बाबुले फेरि जान्न चाहे वा जानेरै सोधे, "चमार हौ ?" घुर्नाले जवाफ नदिई ती बूढालाई तलदेखि माथिसम्म केलायो । हिलोको छिटा उछिट्टिएको लुङ्गी कसेका बूढा, लिखा टिप्ने जस्ता तीखा आँखा बनाएर सोध्दै थिए । लाग्यो, तिनले जातको तराजुमा एकअर्काको दलितपन तौलिँदै छन् । तौलिँदै, चमारभन्दा आफ्नो जात खत्वे मण्डल उच्च नै हो भन्ठान्दै होलान् । नत्र जात सोध्नुको कारण के त ?

घुर्नाले अरर्रिंदै चमार नै हौं भन्यो । सुनेर बूढा चुपचाप डगरनिर गए । त्यहाँ उभिएर अघिजस्तै तल्लो र माथिल्लो बाटोमा सर्र नजर दौडाए । घुर्नाले सोच्यो, यस्ताहरूलाई दलित प्यान्थर विद्रोह थालेपछि ठीक पार्नुपर्छ । सम्झाएर पनि नमाने भने बन्दुकको बलमा 'बाभन'-दलितहरूलाई आफूभन्दा शूद्र-दलित ठान्नेहरूका घरमा रगडाउनुपर्छ । जसरी हुन्छ, दिमागमा रोपिएको मनु महाराजलाई झार्नैपर्छ ।

मोटरसाइकलको टयाङ्कीमा घुर्नाको औंला एकनासले ट्याक्.. ट्याक्.. ट्याक्.. गरिराखेको सुनियो ।

पसिन्दरको बाबु हात पछाडि बाँधेर लुरुलुरु फर्किए । उनको पट्याइँले उनलाई सरासर घरभित्र जान मन लागेको जस्तो लाग्यो । तर उनी त्यहीं घाँसे जमिनमा हग्न बसेझैं टुक्रुक्क बसे । त्यसरी बस्दा आफूअघिल्तिर मोटरसाइकलमा अडेसिएको घुर्नातिर हेरिराखे ।

उनको एकचित्तको हेराइ घुर्नालाई खट्किन थाल्यो । कतै स्वेटरभित्र लुकाएको रिभल्बरतिर त हेरिराखेका छैनन् । घुर्नाले सिक्सर राखेको ठाउँनिर आँखा पुऱ्यायो । अडेसिएर बसेकाले सिक्सर घुसारेको पेटनिरको स्वेटर अलि भुक्क उठे जस्तो लाग्यो । हत्तेरी ! कम्मरछेउ घुसार्ने गरेको सिक्सर मोटरसाइकल चढ्दा त्यत्तिकै भयो ।

घुर्ना फरक्क फर्किहाल्यो छवुतर्फ । बूढालाई अर्कै भान परोस् भनेर कति बज्यो भनी सोध्यो । छवु यतिउति बजेको होला भन्दै मोबाइल थिच्न थाल्यो । यही मेसोमा घुर्नाले स्वेटर तानेर सम्म बनायो र जीउ नखुम्च्याई बूढातिर फर्कियो ।

"खास के काम हो ?" आफूतिर फर्किनेबित्तिकै तिनले सोधे । ती बूढाको दोस्रो पटकको सोधाइमा बाबुको कडकपन थियो । घुर्नाले बनावटी काम सोच्न

नभ्याउँदै ठिटो डगरबाट कराउँदै आइपुग्यो । पसिन्दर दतुन लिन बाँसघारी गएको छ रे । धन्न सवालजवाफबाट पिण्ड छुट्यो !

पसिन्दरका बाबु झटपट उठे र ठिटोलाई आफूनिर बोलाए । अनि सोध्न थाले, पसिन्दर कतिखेर उता लागेको । चिया पसलमा चिया खाइवरी दतुन लिन अघि नै गएको भनेर ठिटोले भन्यो । त्यसपछि बूढाले माथिल्लो डगरतिर हेर्दै आउँदै होला भने ।

तर घुर्नाले हामी उतै जान्छौं भन्न थाल्यो । बूढालाई हुन्छ भनूँ कि हुँदैन भन्ने भयो ।

हो र ! भन्ने भावमा छठु पनि दोधारे देखियो । बूढाले सम्झाउन खोजे आउनै लाग्यो भनेर । घुर्ना फिटिक्क अडिन मानेन । उसले ढोड्ना पनि पुग्नु छ भनेर हतार देखायो । र हिंड्न ठिक्क पर्दै ठिटोलाई बाँसघारीसम्म पुऱ्याइदिन भन्यो । ठिटो आफ्नो आँगनको नरिवलको रूखमा बाँधी छाडेको भैंसीतिर हेऱ्यो । उसको अनकनाइ बुझेर घुर्नाले भन्यो, "बाँसघारी दूरैबाट देखाइदिनू, हामी त्यसपछि गइहाल्छौं ।" बूढाले लगिदेऊ न त भनेर टाउकैले इसारा गरे । छठुले पनि 'जाम जाम बौआ' भन्न थाल्यो ।

ठिटो खुरूखुरू डगरतिर बढ्यो । घुर्नाले छठुलाई मोटरसाइकलमा उनीहरूलाई पछ्याउन भन्यो र आफूचाहिँ ठिटोको पछिपछि लाग्यो । बूढाले के सोचे कुन्नि, तिनीहरू सँगसँगै लागेर आए । घुर्नाले उनलाई रोक्यो । हामी बाटोबाटै काम सकाएर गइहाल्छौं बेकारमा किन आइरहनुहुन्छ, नआउनुस् भन्यो । ती बूढा घाँसे जमिनबाट डगर सुरू हुने ठाममै रोकिए ।

केही अघि पुगेर घुर्नाले यसो फर्किएर हेऱ्यो, मोटरसाइकलमा आइराखेको छठुलाई कुर्न । पसिन्दरको बाबु त्यही ठाउँमा उभिइराखेका रहेछन् । कति बिचरा देखिएका उनी त्यसरी टोलाउँदा । के कामले आएका हुन् यिनीहरू ? अघिकै प्रश्न उनको मुहारमा सग्लै थियो, जसको उत्तर घुर्नाले नदिई उम्किएको थियो ।

बूढाको चिसो व्यवहारले उनी छुच्चो जस्तो लागे पनि घुर्नालाई यतिखेर माया लागेर आयो । भन्न मिलेन, पसिन्दरलाई जबर्जस्ती कचनारी लिएर जाँदै छु भनेर । अझ पसिन्दर फौलादसित मुछिएको रहेछ भन्ने थाहा भयो भने त

पार्टीको कारबाही पनि भोग्नुपर्छ । चिन्तातुर बाबुलाई डगरछेउ उनकै हालमा छोडी हिँड्नुबाहेक उसले गर्न सक्ने केही थिएन । सो निहुरमुन्टी लाएर घुर्ना अघि बढ्यो ।

अघिअघि ठिटो होलो पाइन्ट मास्तिर तान्दै धुम्धुम्ती हिँड्दै थियो । पछिपछि घुर्ना फटाफट पाइला चाल्दै थियो । उनीहरूलाई पछ्याउँदै थियो छठु, मोटरसाइकलको सुस्त गतिमा ।

नौलो मान्छे गाउँमा आउँदा त्यसै पनि चियोचर्चो भइहाल्छ । यो त झन् माओवादीको 'एरिया' पर्‍यो । एक महिनाअघि केही नभएझैं बलडराऽऽको डगरैडगर बेफिक्री हिँड्न सक्दैनथ्यो घुर्ना । यसैले दायाँबायाँ नहेरी एकसुरमा बाटो नाप्दै थियो ।

उसले वास्ता गरेन, दतुन चपाउँदै घरको ओसरामा बसेकाहरूको जिज्ञासु हेराइतिर ।

उसले ख्याल गरेन, चरवाहहरू फर्कीफर्की उनीहरूलाई नै हेर्दै छन् भनेर ।

काँधमा हलो बोकेर खेततिर जाँदै गरेकाहरूको नहेरे जस्तो गरी हेर्ने चोर आँखाबाट मुन्टो लुकायो ।

तर बस्ती र गाउँको पोखरी छुट्टिने जक्सनमा माओवादीको स्वागतद्वार देख्दा मुटुले ठाउँ छोड्यो । छातीको भित्ता चर्काउलाझैं गरी ढुकढुक गर्न थाल्यो । बाँसले बनाइएको द्वारमा सजिएको पताका र तुलका अक्षरहरू खुइलिए पनि झण्डाको रातोपिरो बाँकी नै थियो । घुर्नाले भित्र घुसारेको रिभल्बरमा हात फिरायो, स्वेटर माथिबाटै । च्याम्बरमा लोड गरेका चार गोलीको बलमा ऊ बुदबुदायो, "आऊन् त अगाडि... ।" धेरै डर र थोरै आँट मिसिएको हुङ्कार उसैले मात्र सुन्न सक्थ्यो ।

यही झोकमा पाइला लम्काइराखेको घुर्नाको गति ठिटोको भन्दा छिटो हुन गयो । यस्तो पनि दिन आयो, ऊ सोच्दै थियो । कुनै समय थियो, चुरेमा घाइते भई बसेका माओवादीका सैन्यहरूलाई रातारात सीमा कटाएर दरभङ्गा पुर्‍याएको । अहिले देख्यो कि गोली ठोकिदिऊँ जस्तो ।

गहुँको खेत हुँदै बस्तीबाट निकै पर आइपुग्दा ठिटो अडियो । दुईतीन मिटर परको बाँसघारीतिर देखाएर ऊ त्यही हो, उसले भन्यो ।

बाँसघारी मुङ्को खेत बीचौबीच रहेछ । पसिन्दर कालो ओढनी जीउमा लतारेर बाँसको कलिलो हाँगा काट्दै गरेको देखियो । उसको जीउ दुब्लो मान्छे मोटाउन थाल्दाको जस्तो थियो, भुँडी फुक्दै आएको तर हातगोडा जस्ताको त्यस्तै । घुर्नाले ठिटोलाई त्यहीँबाट फर्किन भन्यो । छुट्टी पाउनासाथ ठिटो खुर्र लाग्यो ।

पसिन्दरलाई बोलाउनै परेन । साइकल मात्र ओहोरदोहोर गर्ने डगरमा मोटरसाइकल आइराखेको देखेर उनीहरूको टाढैबाट देखादेख भयो । विश्वास भएनछ कि क्या हो । तरकारी काट्ने फासुलले दतुन बनाइराखेको पसिन्दर रोकिएर अलि वरसम्म आयो । उनीहरू आफूतिर आइराखेको पक्का भएपछि फासुल समातेरै ऊ उभिइराख्यो । घुर्ना र छठु आलीआली हुँदै ऊनिर गए ।

पसिन्दर र फौलादलाई प्रायः घुर्नाले सँगसँगै देख्थ्यो । देखभेटबाहेक घुर्ना त्यति नजिकिएको थिएन ऊसित । छठुसित हो, पसिन्दरको बोलचालको चिनाजानी । छठुले नै भनेर थाहा पाएको पसिन्दर र फौलादको 'खिस्सा' । रक्सी खाएर होहल्ला गर्ने फौलादलाई पसिन्दरले थामथुम पारेका प्रसङ्गहरू उसैले सुनाएको थियो । यति मात्र होइन, सीमापारिको कर्जाइनमा एक पटक यादवहरूलाई फौलादले आफू सशस्त्र समूहको हुँ भनेर सान दिन खोज्दा झन्डै मारेको । पसिन्दर थियो र पो 'माइबाप', 'हजुर' र 'मालिक' भन्दै लत्रिएर बचाएको ।

उनीहरूबीचको घनिष्टता बुझ्दा कसले नकार्न सक्छ, पसिन्दर फौलादको सम्पर्कमा छैन भनेर । अब पनि पसिन्दरले थाहा नपाए जस्तो गरेमा अर्कै तरिकाले बकाउनुपर्छ । घुर्नाले सोच बनायो ।

"कताबाट आउनुभो ?" पसिन्दरले उनीहरू आफूनिर आउँदा नआउँदै सोध्यो । बाँसघारीमा टुङ्गिने अन्तिम आलीमै थिए तिनीहरू । कुन्नि सुने कि सुनेनन् जवाफै नदिई सरासर आउँदै थिए । तिनीहरूको हतारको हिँडाइले पसिन्दरको अन्तरमा अलार्म बज्न थाल्यो ।

बाँसघारीवरिपरि कान्लाको एकदुई धुर छोडिएको थियो । बाँसले काँचुली फेरेझैं त्यसको बोक्रा जताततै छिरल्लिएका थिए । बाँसघारीको फेदफेदमा माघ-फागुन बाँकी नै थियो सायद । फुस्रो हरियो छायाँमा शीतलभन्दा चिसोको

आभास हुन्थ्यो । त्यति बिहानी पनि टुप्पातिर हावा चलेर पातहरू फिर्फिराउन थालेका थिए । दिउँसोतिर फागुन-चैतको हुरी बन्ने तयारीमा होला । रूप्पीको कर्कसे च्याँच्याँबाहेक ठाउँ एकलासे थियो । त्यहाँ प्यान्थर र छठु बागीलाई देखेर पसिन्दरको असजिलो बढ्दै थियो । र त फेरि उसले दोहोऱ्यायो, "अनि यहाँसम्म कताबाट आउनुभो ?"

"तिमीलाई लिन । कुछ काम पडिहाल्यो," उनीहरू हाराहारी भएपछि छठुले भन्यो ।

"मलाई... कता ?"

"सिस्वनी," घुर्ना बल्ल बोल्यो ।

"सिस्वनी किन ?" पसिन्दरले छठुलाई सोध्यो । जीउमा चिसोतातो केके हुन थालेको थियो ।

"पहिला चल त सही । अलि लम्बै बात छ । यहाँभन्दा उता ठीक रहन्छ," छठुको बोलीमा जबर्जस्ती थिएन ।

त्यसैको सुविधा पाएर पसिन्दरले भन्यो, "यतै गर्दा पनि ठीकै हुन्छ, जुनै बातचित गरे पनि । नइ तँ घर जाऔं ।" आफू तर्सिनुपर्ने कुनै कारण छैन भनेर जताउँदै उसले भन्यो । तर घाँटी सुक्न थालेको थियो ।

"बिहाको न्यौता थोडै दिन आ'छौं, जो ठाढ भईभई बात गरिहालौं...," घुर्नाको मुहार बिग्रिँदै थियो थप कुरा ओकल्न । तर छठुले ओगटिहाल्यो । भन्यो, "वहाँ अरू साथीहरू पनि जुटेछन् । त्यसैले उतै जाऔं ।"

"कोको आउनेबला छन् ?" सशङ्कित भयो पसिन्दर ।

"आउनेबला सबै समूहकै हुन्छन् नि ! तिमीलाई लिस्ट चाहियो के । लम्बाचौडा बात गर्ने समय छैन यहाँ । जल्दी गर," घुर्ना च्याँठियो ।

आफूलाई दच्काएको पसिन्दरलाई मन परेन । मन नपरे पनि के, रिस देखाउने स्थिति भए पो । घोप्टे अनुहार लगाएर ऊ एकछिन चुप भयो । अनि एकछिनपछि फेरि प्रयास गरी हेऱ्यो, "ठीकै छ म हातमुह धोइहालुम् । लुगा पनि थोडा ठीक छैन । तब तक... ।"

"दतुन वतुन उतै गर्नू । लुगा यही ठीक छ । हेर कालिया, जतिजति देर लगाउँछौ, उति ही फस्दै जान्छौ । बरू जल्दी चल समूहलाई सहयोग गरेर

फर्किहाल्नू ।" घुर्नाले यसो भन्दा पसिन्दरको अनुहारको रङ खुइलिँदै गयो । "म ...मैले । खासमा...," भन्नुपर्ने कुरा यति मात्र निस्किए । घुर्ना फेरि दच्काउन ठिक्क परे जस्तो देखियो ।

यिनीहरूको अगाडि हातखुट्टा फाल्दै रून्चे जस्तो देखिनु बेकार हो । पसिन्दर अब 'कालिया' भई सोच्यो । उसलाई पक्का भइसकेको थियो, उनीहरू त्यहाँ आएको कारण । धेरै भनाभन नगरी खुरूक्क हिँड्नु नै जाती थियो । त्यहीमाथि सीतापुरबाट नजिक सिस्वनी जान जति अनकनायो, त्यति नै शङ्का गाढा हुनेछ । यसैले जान आलटाल गरिराखेको प्रयाससित नजुधेर उसले भन्यो, "यसैमा जाने ?"

"ट्रिपल लोड," छठुले पाइन्टको अगाडिको खल्तीमा हात घुसार्‍यो, चाबी निकाल्न ।

"फासुल ?" पसिन्दर सकेसम्म घरमा खबर गर्न चाहन्थ्यो र घरकालाई फटकार्न पनि । खबर नगरीकन घुर्नाहरूलाई यहीँ ल्याएर अन्मरिएकाले ।

तर घुर्नाहरू जति अल्झिनुपर्ने हो, अल्झिइसकेका थिए । अबको एक मिनेट पनि खेर फाल्न चाहँदैनथे । त्यसैले छठुले सुझायो, "जाँदा बाटोमा कसैको हाथबाट भिजवाइदिए हुन्छ ।"

काटेर ठिक्क पारेको एकएक बित्ताको दतुनमध्ये पसिन्दरले दुइटा पाइन्टको खल्तीमा राख्यो । ओढनीको पारी भुइँमा लत्रिइराखेकाले धूलो टकटक्यायो र मफलर जस्तो बनाएर काँधमा हाल्यो । त्यसपछि घुर्नातिर पिठ्यूँ फर्काएर छठुलाई जाऔं भन्यो । जे त पर्ला !

मुन्ना राम कचनारीमा पर्खिएको पर्खियै थियो । बिहानको साढे आठ र नौ बजेबीच आउँछु भनेको घुर्ना । मुन्नाको मोबाइलले ११ बजाउँदा नि उसको घरसम्मको डोरेटो सामसुम थियो ।

मोटरसाइकल भटभटिएको आवाज सुन्न ऊ पिँढीमा बसेर डगरतिर कान थाप्थ्यो । तर बसुन्जेल उसले मन्सी डोमका सुँगुरहरू नाक बजाउँदै त्यही बाटो चर्न गएको कि नभए गाईभैंसीका चरवाहाहरूले आई घुर्रऽऽ...हअऽऽ...हअऽऽ... भन्दै गोठालो गरेको आवाज मात्र हो सुनेको ।

कहिले ऊ आफैं डगरमा निस्किन्थ्यो, प्यान्थरहरूले बाटो त बिराएनन् भन्दै । विद्युत्को लट्ठामा टुङ्गिने डोरेटोलाई ऊ यसरी हेर्थ्यो । मानौं, ऊ सियोमा धागो हाल्दै छ ।

तीन पटक डायल गर्दासम्म उसले गनिराखेको थियो, आफूले गरेको मिसकल । अन्तिम पटकको मिसकल कतिऔं पटक हो, उसले गन्ती नै भुल्यो । तैपनि घुर्नाले मोबाइल उठाएको होइन । आउने नै हुन् कि होइनन् प्यान्थर ? कि सशस्त्र समूहको काम गर्ने तरिकै यही हो, खुलदुलिन थालेको थियो मुन्ना ।

एक वर्षअघि मात्र छिरेको हो मुन्ना राम सुर्जा समूहमा । घुर्नाले नै प्रवेश गराएको थियो उसलाई । कचनारीमा दलित मोर्चा गठन गर्ने जिम्मेवारीका साथ । तर मुन्ना सदस्यता रसिद लिएर निष्क्रिय बसे जस्तो थियो । खुलमखुल्ला लाग्न सकिराखेको थिएन । दाइले सीधै मनाही गरेका थिए । बाबुआमा नभएको घरमा अभिभावकसरहका दाइलाई नटेर्नु भनेको भागबन्डा निम्त्याउनु थियो, जुन जन्जालमा ऊ पर्न चाहँदैनथ्यो । त्यसैले दाइ नभएको मौका पारेर ऊ सुर्जा समूहकालाई पहिलो चोटि घरमा हुल्दै थियो । यस्तोमा घुर्नाहरू नआइदिंदा के हो, कसो हो त भइराखेकै थियो । उनीहरू आएको नदेखून् भन्ने सतर्कतामा मुन्ना आत्तिइराखेको थियो ।

घुर्नाहरूलाई पर्खिरहँदा ऊ आसपासका घरतिर नि कर्के आँखा लगाउँथ्यो । कतै कोही, यतै आँखा टिकाएर बसेका छैनन् । हुन त ती घरका लोग्ने मान्छेहरू पन्जाब गएका थिए, गहुँ काट्न । भए पनि तिनका जहान घरमै थिए । उसको घरमा पनि दाइ र जेठो भतिजो उतै गएका थिए । दाइहरू नभएपछि भाउजू दुइटा भन्टाङभुन्टुङलाई लिएर माइती गएकी थिइन् । अनि ऊ एक्लै घरमा बसिराखेको बेला घुर्ना एक हप्ताअघि यहाँ छिरेको थियो ।

कचनारीमा चमार टोल भनेर छुट्टिएको थिएन । चमारका पाँचछ घरधुरी बस्तीको एक कुनामा थियो । र मुन्ना रामको झुपडी हत्केलाको बूढीऔंलाझैं अरूबाट अलग्गिएको थियो । आफ्नो कामका लागि पायक लागेर घुर्नाले अघिल्लो दिन पसिन्दरलाई लिएर आउँछु भनेको थियो । मुन्नाले दाइ नभएकाले हुन्छ भन्यो । यही मौकामा ऊ आफूलाई काम लाग्ने देखाउन चाहन्थ्यो । सुर्जा समूहले दिएको जिम्मेवारी यतिन्जेल सुरू नगरेकाले ऊ यसै पनि शिर ठाडो गर्न सकिराखेको थिएन ।

जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह)मा मान्छेहरू विभिन्न कारणले आबद्ध भएका थिए । त्यस्तै मुन्ना रामको पनि आफ्नै अपेक्षा थियो । सुर्जा समूहको मधेस मुक्तिका लागि भन्दा भविष्यमा बन्न लागेको दलित मोर्चाको आकर्षणले ऊ लागेको थियो । कुनै न कुनै दिन उपल्ला जातका गिरहतहरूको सेखी झार्न सकिन्छ कि भन्ने आसमा ।

यही कुरा दाइलाई भन्दा उनी एकाएक सन्किएका थिए । गृहस्थीवाल हरवाहा त्यो पनि दलित । उनी जस्ताले उपल्ला जातका विरूद्ध लाग्नु भनेको आफ्नो जहान र बच्चाबच्चीलाई भोकभोकै मार्नु थियो । अनि उहिलेदेखिको जात परम्परालाई २४-२५ वर्षका गधेपच्चिसीहरूले उखेलेर फाल्छु भन्दा हावादारी जोस मात्र थियो, उनका लागि । त्यसैले उनले हप्काउनु हप्काएका थिए, मुन्नालाई । आइन्दा यस्तोमा लाग्नु टाढाकै कुरा, सोच्दा पनि नसोच्नू भनेर चेताएका थिए ।

दाइ जतिजति उपल्ला जात र गिरहतको आँखामा बिझ्नुहुँदैन भन्थे, मुन्नाको छातीमा विद्रोह अटेसमटेस गर्न थाल्थ्यो । र गाउँका दलितहरूलाई सङ्गठित गर्नू भनेर अह्राएको काम गर्न नसकेर उसलाई ग्लानिले टोक्थ्यो । तर जब घुर्नाले छानबिन बैठक गर्न ऊकहाँ पायक पर्छ भनेर जनायो, ऊ होनहार कार्यकर्ता बन्न अग्रसर भयो । दाइले थाहा पाउने गरी सुर्जा समूहमा नलागे पनि लुकीलुकी त लाग्न सक्छ नि ।

तर अहिले आउलान्, भरे आउलान् भनेर कुरेको मुन्ना, कुरेको कुऱ्यै भयो । भित्रबाहिर गरिराखेको मुन्नालाई कुर्दाकुर्दै पिसाबले पनि चाप्दै ल्यायो । तिनीहरू आउलान् र जाउँला भन्दै बसेको उसले थाम्न सकेन । अनि गएर फेरि एक पटक डगरतिर हेरी आयो । सामसुम डगरले कोही आउने छाँट देखाएन । होस् त ! भन्दै ऊ पिछवाडतिर लाग्यो ।

मथाको झारअघिल्तिर जाँघिया सर्काएर ऊ पिसाब फेर्न थाल्यो । आँखा त्यसैत्यसै अर्धमुदित भए । हलुङ्गो हुँदै थियो, भुटुटुटु सुने जस्तो लाग्यो । होइन होला भन्दै ऊ पिसाब फेरिरह्यो । वरवर नजिकियो भुटुटुटु । अबचाहिँ उसलाई हो भन्ने लाग्यो । तर पिसाबको धारो टुटे पो !

घुर्नाले उसलाई हकारो लगायो, ओसराबाट । 'हँ' भन्नका लागि मुख कोक्यायो उसको । तर बोलूँ भने त्यतै आइदिने पीर । क्या फसाद ! चुइँक्क

नबोली ऊ निवृत्त भयो पहिला । त्यसपछि डोलमा राखेको पानीले हात भिजाउँदै ऊ पिछवाडबाट झुल्कियो ।

कोकाकोला लेखिएको रातो खुइले टिसर्ट र नीलो जाँघियामा मुन्ना राम अर्थात् 'तुफान' देखियो ।

"रे बाप रे, सत्रसत्र बार मिसकल मारेको तिमीले तुफान !" भर्खरै मोबाइल हेर्न भ्याएको रहेछ घुर्नाले ।

आफूलाई 'तुफान' भनेर बोलाउँदा मुन्नालाई खोइ के हुन्थ्यो । दाइसित डराइडराई सुर्जा समूहमा लागेको ऊ बिर्सिन्थ्यो । 'म पनि कोही हुँ' भन्ने चेतले आत्मविश्वास चुलिन्थ्यो । त्यसैले घुर्ना र छठुसित रवाफिलो पारामा हात मिलाएपछि ऊ बिनासङ्कोच पसिन्दरसँग नि गएर हात मिलायो, यसअघि पसिन्दरसित उसको परिचय नभए पनि । र हाँस्दै घुर्नालाई भन्यो, "मलाई त लागे'थ्यो सय बार मिसकल मारिहालें ।"

घुर्नाले मुस्काउन फिसिक्क ओठ तन्कायो । तर मुस्काएन । ढिलो आएको कारण नखुलाई मोबाइलमै घोप्टिइरह्यो । अरू बेला जस्तो घुर्ना फरासिलो लागेन मुन्नालाई । आफ्नै अन्तरकुन्तरमा अल्झिए जस्तो, बोल्न नपरे जस्तो देखियो । पहेंलिएको मुहार भएको पसिन्दर भने निन्याउरिएको थियो । अचानक त्यहाँ आइपुगे जस्तो, घरी डगरतिर घरी झुपडीतिर नियालेर चनाखो भइराखेको थियो । काँधमा हालेको कालो ओढनीले पसिन्दर बिरामी होला जस्तो पनि लाग्यो मुन्नालाई ।

बरू छठु मिजासिलो भएर मुन्नालाई पसिन्दरसित परिचय गरायो 'कालिया' भनेर । र भन्यो, बाटोमा पर्ने धनगढी चोकमा चियानास्ता गर्न पसेकाले दुई घण्टा ढिलो भयो ।

"इन्तजार गर्दागर्दा... खैर कोई बात छैन । यस्तै हो । भितर जाऔं," मामिला गम्भीर लागेर मुन्नाले थप भलाकुसारी गरेन । नभन्दै घुर्ना मोबाइलमा घोप्टिन छाडेर भित्र जान तम्सियो ।

एककोठे झुपडीलाई कोठीले बारेर बनाइएका दुइटा कोठामा छिर्न छुट्टाछुट्टै ढोका थिए । मुन्नाले देखाएको कोठामा पसिन्दरलाई अघि लगाएर घुर्ना भित्र छिर्‍यो । पस्नासाथ सडेको छाला गन्हायो । सुकाउन नपुगेको बाखाको छाला भित्र राखिएको रहेछ । सिकमा झुन्ड्याइएको छालाबाहेक कोठाको चारैकुनाको

कुनो हेर्न मिल्ने गरी खाली थियो । उनीहरू कोठीमा अडेस लगाउन मिल्ने गरी ओछ्याइएको चटाइमा बसे । भित्र पस्दा छाला ह्वास्सै गन्हाए पनि बस्दै जाँदा गन्ध मर्दै गयो, नाक अभ्यस्त भएर ।

भित्र पस्नुअघि घुर्नाले छठुलाई आँखैले इसारा गरेको थियो । बुझेर छठुले मुन्नालाई पिछवाडमा लग्यो । र खुसुक्क मुन्नालाई भन्यो, पसिन्दरलाई लिएर आएको कारण । पुछताछको क्रम लम्बिएमा एक रात पसिन्दरलाई त्यहीँ राख्ने कुरा पनि छठुले खुलायो । थाहा पाएर मुन्नाले नाइँनास्ती गरेन । सोच्यो, यति दिन नगरेको जिम्मेवारी एकै झमटमा गरिने भयो ।

"साथीहरू जुट्ने भनेको हैन ?" पसिन्दरले सोध्यो, घुर्नाले ढोका ढप्काउनेबित्तिकै ।

जे पर्ला सम्हालुँला भन्दै आफूलाई दह्रो बनाउँदै आएको थियो पसिन्दर बलडराऽऽबाट । तर सिस्वनीमा नओर्लिएर कचनारीतिर लाग्दा उसको दह्रोपन लुलिन थाल्यो । पसिन्दरले सिस्वनीमा झर्ने होइन भनेर सोध्यो । घुर्नाले ठाडो जवाफ दियो, "प्लान फिरिगो ।"

मोटरसाइकलमा दुई जनाबीच चेपिएर बसेको पसिन्दर बाँकी बाटोभरि सोचमा पर्‍यो । के गर्न लागेका हुन्, यिनीहरूले मसित ?

झन् समूहका जम्मा हुने भनिएका साथीहरू नदेख्दा उसलाई डरडर लाग्न थाल्यो । र त हडबडाउँदै सोध्यो, पसिन्दरले अरू साथीहरूबारे ।

"कोई आउनेबला छैन । त्यति नभन्थें त आउँथ्यौ थोडै, हामीसित चुप्पैचाप ट्रिपल लोडमा," फेरि घुर्नाको ठाडे जवाफ आयो । खाली पेटमा कचडी मुरैको साथमा तीनचार ओटा खुर्सानी टोकेकाले पोलिराखेको थियो । त्यसले पनि ततायो घुर्नालाई ।

"अघियै खाजा खाने बेला पनि भनिहालें प्यान्थरजी । मलाई पता छैन, फौलाद कहाँ छन् । तपाईहरू किन मान्नुहुन्न मेरो बात ।"

उत्तर सिमाना कट्नेबित्तिकै आउने धनगढी चोकमा घुर्नाहरू रोकिएका थिए, चियानास्ताका लागि । पसिन्दरलाई होटलअघिको ह्यान्ड पम्पमै दतुनसतुन गर्न लगाए । चियानास्ता गरून्जेल पसिन्दरलाई गफैगफमा लटपटाएर उनीहरूले

फौलादबारे कोट्याएका थिए । पसिन्दरले कुरा छेल्यो । छवुले फेरि घुमाएर सोध्यो । उसले थाहा छैन भन्यो । फकाएरै पनि सोधेको थियो । थाहा छैन भन्दै ऊ त झर्कियो पो ।

यही बेलादेखि घुर्नाले ठानिसकेको थियो । सोझो पाराले कुरा थुतिँदैन । बाङ्गिनैपर्छ ।

त्यसैले त अहिले यहाँ हप्काउँदै सोध्यो, "यो बच्चा जस्तो एकै रट लगाइरहेछौ नि जुन, मलाई पता छैन, मलाई पता छैन । त्यसले मेरो माथा अरू उबलिरहेछ । कि भनिदेऊ सरासर फौलादको अतापता, नइ तँ अन्तिम बार तिम्रो लहासैसित सोध्नेछु ।"

पसिन्दरको अनुहार मलिन भयो । गुनासो गरेझैं भन्न थाल्यो, "समझमा आइरहे छैन । फौलादजीको खबर मलाई नै हुन्छ भन्ने तपाईंलाई किन लागिरहेछ । उनीसित मिलेको हुन्थें भने म पनि लुक्दैछिप्दै हिँड्थें । घरमा गएर खुलमखुल्ला किन बस्थें ।"

"वही त पता गर्नु छ तिमीसित । तिमीहरू दुई जनाले पहडिया बस्तीमा चन्दा उठाउँदा त बडा मिलिभगत थियो, एकआपसमा । त कसरी मान्ने दुई लाखको माछा मार्दा फौलादले तिमीलाई छुटाइहाल्यो ।"

"वही एक बार मसित भूल भइहाल्यो । विश्वास गर्नुस्, वही बेला मेरो उनीसित खटपट परेर उनको साथ छोडेको हुँ ।"

"विश्वास गरेको भए तिमीलाई थोडै यसरी लिएर आउनुपर्थ्यो ।"

"यहीँ बोलाइहाल्नुहुन्थ्यो, आउँथें जरूर ।"

"बोलाएर आउने भए भैयाजीले लोकहा बोलाउँदा आउँदैनथ्यौ ? घरमा किन घुसेर बस्थ्यौ ?"

कुरोको चुरोमा समातिएर होला, पसिन्दर नबोली बस्यो । घुर्नालाई झन् के चाहियो । थप्दै भन्यो, "त्यो पनि माओवादी एरियामा । फौलाद गायब भएपछि अचानक से माओवादीकै एरिया बडा सुरक्षित भइहाल्यो ।"

"घरै वहीं छ प्यान्थरजी, कहाँ जाऊँ । बाउले यतै आएर बस्, म कुरा मिलाउँछु भन्नुभएछ.. ।"

"बाउको नाम किन लिन्छौ । सीधासीधा भन तिमीहरूको भितरैभितर कुरा मिलिसकेछ," त्यसपछि घुर्नाले सीधै भन्यो, "फौलादले तिनीहरूसित गरेको साँठगाँठले तिमीलाई पनि फाइदै भयो होला हैन ।"

"मेरो ? यो झुट हो । माओवादीहरूसित कुनै लेनादेना छैन मेरो ।"

"फौलादको भएपछि त तिम्रो किन हुँदैन ।"

"उनको पनि... छैन ।"

"बकवास !" घुर्ना करायो, "हामीलाई सभ पता छ, कसको के छ । बस्स, फौलाद भेटिहालोस्, त्यसैले सभ बक्नेछ । अब तिमी सिरिफ यो बताइदेऊ ऊ कहाँ छ ?"

केही भन्न लागेझैं पसिन्दरको ओठ चलमलायो । भनूँ कि नभनूँको दोधार उसको किलकिलेमा अड्किएको थियो । उसलाई सजिलो बनाउन घुर्नाले बल दियो, "जल्दी भनिहाल ।"

"कसम से मलाई कुछ पता छैन । कय बार भन्ने... पता छैन ।"

भुलुक्क उम्लियो घुर्ना । गुन्द्रीको सिरानमा बसेको पसिन्दरमाथि एकै चोटि झम्टियो । उसको ओढनी काँधबाट फालेर टिसर्टलाई मुठ्यायो, "उग्लिन्छस् कि उग्लिँदैनस् ?"

घुर्नाको मुठीबाट पसिन्दरले टिसर्ट छुटाउँदै उही कुरा दोहोऱ्यायो, "प्यान्थरजी मलाई पतै छैन ।"

आफ्नो मुठीलाई जसरी पसिन्दरले दह्रो हातले फुकायो, घुर्नालाई निको लागेन । यस्तै लछारपछार गरिराखेमा पसिन्दरको पनि हात उठ्न सक्छ जस्तो लाग्यो । आफूलाई माथि पार्न घुर्नाले कमरबन्दबाट खुरूक्क सिक्सर निकाल्यो ।

"भनिहाल, गलामा अट्केको बात । नइ तँ यो निकालेको डरवाउनलाई हैन, दाग्नलाई हो ।"

सिक्सर देख्नासाथ पसिन्दर हच्कियो र थोरै पछिल्तिर सऱ्यो । तैपनि ढिठ मौनता साधेर बस्यो ।

उसको ढिठपना घुर्नालाई हेपेझैं लाग्यो । लाग्यो, उसले पड्काउन सक्दैन भनेर पसिन्दरले ठानिराखेको छ । घुर्नालाई असह्य हुँदै आयो, उसको हेपाहा मौनता । उसले पसिन्दरको घुँडामुन्तिर सिक्सर तेर्स्यायो । र फेरि पनि त्यही कुरा सोध्यो । पसिन्दरले एउटै उत्तर दोहोऱ्यायो । सोच्न नसक्ने भयो घुर्ना । रिसले अँध्यारिएर एकै झड्कामा सिक्सरलाई 'कक' गऱ्यो र ट्रिगर तानिहाल्यो । खच्याक्क ।

पङ्किएन !

घुर्ना र पसिन्दर ताकाताक गरे, के भयो भनेर । खाली च्याम्बर थिचिएछ । बालबाल बचियो भनेर पसिन्दर खङ्रङ्ग देखियो ।

छिटोछिटो घुर्नाले 'सिलिन्डर' (गोलीखाना)लाई घचेटेर हेऱ्यो । यति नै बेला पसिन्दर उसको खुट्टामा घुप्लुक्कै घोप्टियो र रूँलारूँला जस्तो गऱ्यो । "प्यान्थरजी मैले गल्ती गरे'छैन । म सभ भन्छु, किन अध्यक्षजीले बोलाउँदा नगएको, म सभ भन्छु प्यान्थरजी । मलाई छोड्दिनुस् ।"

घुर्ना सहज हुँदै आयो । र तयार भयो सुन्न ।

"म बलडराऽऽ फर्केको कारण जिल्ला परशासनमा आत्मसमरपन गर्नका लागि हो," शिर निहुऱ्याएर पसिन्दरले भन्यो, "बाउले बहुत जोर गरे । वही भएर अध्यक्षजीले बोलाउँदा मैले टारेको र फौलादजीको काम सम्हाल्दिनँ भनेको । आत्मसमरपन गरेर कुछ समय सीमापार बस्ने अनि सभकुछ सामसुम भएपछि आउने भन्ने विचार थियो मेरो ।"

'आत्मसमर्पण' सुन्नेबित्तिकै घुर्ना एकछिन त सोचमग्न भयो । अनि पत्याउन नसकेर भन्यो, "बहुत सजिलो छ के आत्मसमरपन गर्न । समूहका केटाहरूलाई एक न एक मुद्दा लगाएर भितर घुसेड्दैनन् ?"

"हतियार बुझाएर आत्मसमरपन गर्दा लागेको मुद्दा पनि फिर्ता भइहाल्छ रे । मसँग समूहको एक कट्टुवा र थ्री-फिप्टिन छ । त्यही भएर फर्काएको थिएन । जब तपाईंहरूलाई देखें, मलाई लाग्यो, हतियार लिनको लागि आउनुभए' होला । पहिले ही भनिहाल्थें । तर आत्मसमरपन गर्न लागेको पता पाएर कारबाही हुन्छ भन्ने डरले कुछ भनिनँ । बस्स, यही हो मेरो कसुर ।"

सोचेको भन्दा भिन्न कुरा थाहा लाग्यो । तर यो जानकारीसित के गर्ने, घुर्ना अलमल्ल पऱ्यो । फौलाद पत्ता लगाउने एक मात्र ध्याउन्नमा अर्कै सूचना फेला पर्दा खिस्रिक्क पऱ्यो ।

पसिन्दरलाई लाग्यो, घुर्नाले अझै विश्वास गरेन । अनि उसले भर्खर जन्मिएको छोराको कसम खाँदै अघिकै कुरा भन्यो ।

घुर्नाले सिक्सरलाई पाइन्टको कम्मरमा घुसाऱ्यो । र थाकेको स्वरमा सोध्यो, "अ ऊ फौलाद ?"

"कोसीटप्पुबला चन्दाको पैसा फौलादजीले कति फर्काउनुभो मलाई पता छैन । तर मलाई दिन्छु भनेको पैसा दिनु ही भएन । वही भएर म उनीसित अलग भएको । यो पोखेल भोजनालयबला दुई लाख गायब गरेपछि मलाई कल गरेका थिए । वही पैसाको बुतामा अलगै समूह बनाऔं भन्दै थिए । तर मैले आत्मसमर्पन गर्न लागेको कुरा भनिदिएँ । उनले कायर डरपोक भन्दै मलाई भनभनाइरहे । तैपनि मैले मानिनँ । उसको बाद उनले मलाई दोहोऱ्याएर गरेनन् । उनी दुधौली गएर कुछ दिन बस्ने कुरा थियो । वहींबाट हतियार बन्दोबस्त गरेर यता समूह खोल्ने भन्दै थिए ।"

"कहिले फोन गरेको ?"

"तीनै दिन भयो । यहीं गोविन्दपुरबाट गरेका थिए," हेर्दाहेर्दै पसिन्दरको आँखा भिजेको देखियो । उसले तलतिर हेरेर आँखा लुकाउन खोज्यो । तैपनि घुर्नाले आँसुको लर्को बगेको देखिहाल्यो । हतपत पसिन्दरले पुछ्यो । रूवाइबिनाको आँसु डरको थियो । गोली दागिनुबाट बाँचेको भक्कानो थियो ।

घुर्नालाई शङ्का रहेन, पसिन्दरको बयानमा ।

त्यहाँ गोली चलेको भए के हुन्थ्यो ? घुर्नाले कहिल्यै केलाएर सोचेन । तर त्यस दिन पसिन्दरको गलेको हालत देख्दा घुर्नाका आँखामा विजयीभाव टल्किएको थियो । छातीमा आत्मविश्वासको पाइन चढेको थियो । पाइन्टको कमरबन्दमा घुसार्ने सिक्सर निकाल्न अब ऊ नअनकनाउने भयो । ट्रिगर दबाउँदा दुई चोटि सोच्नु नपर्ने भयो । उसलाई विश्वास भयो, रिभल्बर नै उसको बल हो ।

घुर्ना फर्किएर झुम्काझुम्की आयो । फौलादलाई अब कसरी भेट्टाउने भनेर सोच्ने जाँगर थिएन । यतिन्जेल फौलादको कानसम्म पुगिसकेको हुनुपर्छ, उसको खोजी हुँदै छ । थाहा पाएर के बसिरहन्थ्यो र यतै ? कटिसकेको होला सीमा । पारिको बीरपुरबाट नै दुधौली झन्डै ७०-८० किलोमिटर टाढा छ । सुँध्दै जानुभन्दा पर्खनु बेस लाग्यो घुर्नालाई ।

उसले झबर पासवानलाई फोनमा थोरैतिनो जे पत्ता लागेको थियो, त्यही भनिदियो । तर पसिन्दरले आत्मसमर्पण गर्न लागेको कुरा उसले भनेन ।

पसिन्दरको बाबुको सम्झनाले उसलाई छोयो । चिन्तातुर अनुहार लगाएर डगरछेउ उभिइराखेको उनी आँखामा आए । त्यो मुहारमा किनकिन उसलाई आफ्ना बाबुको झझल्को आयो ।

फौलादबारे थाहा पाएर झबर जङ्गिए । अझै हामीबाट चोरेको पैसाले उल्टै अर्को समूह खोल्ने ? त्यसलाई छोड्दिनँ चाहे दुधौली नै किन जानु नपरोस् भन्दै उनी भुनभुनाए ।

उनलाई ठिक्क पर्‍यो भन्ने लाग्यो घुर्नालाई । कारबाही गर्नुपर्ने मान्छेलाई चन्दा लिन पठाएपछि यस्तै हुन्छ ।

तर घुर्ना आफूचाहिँ कुँडिनसम्म कुँडियो । कहिले हो कहिले फौलादसित सामना हुने । कुँडिनुसिवाय अरू के नाप्न सक्थ्यो र ? छठुले बिरजा धर्द्वैतको मोबाइल नम्बर दिएको थियो । माओवादी भारदह एरिया इन्चार्ज बिरजा धर्द्वैत, जसलाई फौलादले सुराकी दिएको भनेर पत्ता लागेको थियो । त्यही नम्बरमा फोन गरेर घुर्ना तात्तातो खनिएको थियो । त्यतिले कहाँ विष मर्नु । ऊ त झनै आहत हुँदै कुँडिन थाल्यो, आफूलाई लाग्नुपर्ने गोली लिखो यादवलाई लागेको सम्झिएर ।

'तक्षक' अर्थात् लिखो यादवलाई घुर्नाले लोकहा पलारमै भेटेको थियो । त्यति बेला उसलाई रूच्दैनथ्यो लिखो । कमिज अथवा टिसर्ट जे लगाए पनि चर्को रङको लगाउने । चौडा छातीमा टिमिक्क परेका लुगा लगाउँदा लाग्थ्यो, ऊ हिरो पारा देखाउँदै छ । एक त उसको लवाइले आँखा खाने । अर्को यादव भनेपछि त्यसैत्यसै अवसाद भरिएर आउने । उसको यही हिरोगिरीले समातिएको होला भन्ने लागेको थियो घुर्नालाई । उसको साथमा कट्टुवा भेट्टाइएको थियो । हातहतियार तथा खरखजाना अभियोगमा ऊ ११ महिना जेल बसेर आएको थियो ।

जेलबाट निस्किएपछि ऊ झनै सुरो भएको थियो । त्यसैले लोकहा पलारमा सैन्य तालिम लिएपछि उसलाई सिरहाको सैन्य कमान्डर बनाइएको थियो । पलारमा घुर्नाले उसलाई वास्ता गरेको थिएन । तर ऊ र लिखो एउटै जिल्लामा कार्यरत भएकाले सँगसँगै हुनुपर्‍यो । उनीहरू बमको मसला किन्न सहरसादेखि मुङ्गेरसम्म सँगै जाने गर्थे । पछिपछि लिखोले घुर्नालाई कचकच गर्न थाल्यो, उसलाई पनि बम बनाउन सिकाइदिन पर्‍यो भन्दै ।

धेरै नै पछि परेपछि घुर्नाले लिखोलाई बम बनाउँदा अह्राउन थाल्यो । कहिले जिलेटिनलाई टेपले बाँध्ने, कहिले गन्धकको पाउडर मिसाउने काम ऊ गर्थ्यो । लिखो भने सुरूदेखि नै के होला, कसो होला भन्दै तर्सिएन । जति डर घुर्नालाई पहिलो चोटि गर्दा लागेको थियो, त्यत्तिको पनि लागेन लिखोलाई । कस्तो डर नलागेको भन्दा छाती ठोक्दै लिखो भन्थ्यो, "यो जादबको बच्चा हो । लाठीलाई तेल पिलाएर राख्नेको सन्तान ।"

घुर्नालाई उसको जातीय गर्व पच्दैनथ्यो । एक दिन उसले मुख फोरेरै भन्यो । त्यही तेल पिलाएको लाठीले गाउँमा हुकुम चलाएको छ । खासगरी हामीहरूको जातमाथि । घुर्नाले कुरैकुरामा पेच कसेको थियो । तर लिखोले उही सहजतामा लिएन । सबैलाई एउटै घानमा राखेर नहेर्न भन्यो । घुर्नाले मुसुमुसु हाँस्दै तिमी जस्ता कति छन् र भन्यो । धेरै छैनन् तर बिस्तारै सबैले बुझ्दै छन् । घुर्नाले हाजिरीजवाफ अगाडि बढाएन । मनैमन भन्यो – बुझ्दै गरून् बिस्तारै । तर हामी अर्को युग पर्खिएर बस्दैनौं ।

जहिलेजहिले जातको कुरा कोट्टिन्थ्यो, लिखो स्पष्टीकरण दिएझैं भन्थ्यो । म त आइए पास मान्छे, जातभात मान्दिनँ । घुर्ना प्रतिवाद नगरी बस्न सक्दैनथ्यो । आइए पासको के कुरा, ऊ भन्थ्यो । स्कुलमा छँदा बिएएमए पास मास्टरहरू म चमार भएकाले कम्ता हेप्दैन्थे । पढाइबला सर्टिफिकेटको छुवाछूतसित के सम्बन्ध ? लिखोको जवाफ उही हुन्थ्यो– सबै जना उस्तै हुँदैनन् ।

कहिलेचाहिँ लिखो ठट्टा गर्दै भन्थ्यो । जेलको बसाइमा उडुसले कसकसलाई चुसेको जुठो मुखले उसको रगत छ्यासमिस गर्दिइसक्यो । त्यसैले माथिल्लो र तल्लो जात उसमा लागू हुँदैन । यस्तो ठट्टामा पनि घुर्नालाई तोडको जवाफ फर्काउन मुख चिलाउँथ्यो । तर लिखोको दोषरहित हाँसोको अघि घुर्ना परास्त हुन्थ्यो ।

एक पटक दुवैजना लहाठी पुग्दा मङ्गल दादाले भरारात चुहाएको ताडी खाने भन्दै लोभ्याएका थिए । चौलानी जस्तो दुधिलो पन्यालो ताजा ताडी भन्नेबित्तिकै लिखोको मुख खरो भयो । ताजा, गुलियो र शीतल बनाउने ताडी पिउन को नतम्सियोस् । छिप्पिएको ताडीको घाँटीमा पोल्ने कडा स्वादभन्दा कहाँ हो कहाँ सर्बतिलो ।

मङ्गल दादालाई भनेर घुर्नाले ताडी मगायो । एकेक माटोको भुड्कीभरि ताडी घुट्क्याउँदा रमरम भए घुर्ना र लिखो । त्यति बेला लिखोले बिनाप्रसङ्गै भनेको थियो – जबजब हामीबीच जातको कुरा हुन्छ । तपाई मलाई यस्तरी हेर्नुहुन्छ, मलाई तपाईको हेराइ मन पर्दैन । यस्तो लाग्छ, तपाईलाई परेको छिछिदूरदूरका चोटहरूको दोषी मलाई ठहराइरहनुभएको छ । रिस उठ्नुपर्ने हो मलाई । तर उठ्दैन । खालि छटपटी हुन्छ, कसरी सम्झाऊँ तपाईलाई ।

सम्झाउने कुरो लिखोले भनेन । ताडीको मातले गह्रुङ्गो भएको टाउको थिचेको थिचै भुस भयो । उसले नभने पनि घुर्नाले बुझिसकेको थियो ।

जेहोस्, लिखो यादव घुर्नाले बेहोर्दै आएका यादवहरूमध्ये भिन्न थियो । अनि उसको छरितोपनले गर्दा घुर्नाको ऊसित ट्युनिङ पनि मिल्थ्यो । तर जुन दिन घुर्ना राजविराजमा विस्फोट गर्न जाँदै थियो, त्यस दिन लिखोको जान नमिल्ने भयो । आमालाई जँचाउन पटना लिएर जाने तयारी गर्दै थियो ऊ । लिखो नभएपछि घुर्ना शिबो खङ्गसित जाने भयो ।

सप्तरी गोरगम्माको शिबो खङ्ग (मण्डल) बडो उत्साही र सबै कुरा जानेझैं गर्ने मान्छे थियो । कुरो भन्न पाएको छैन, पहिल्यै टाउको हल्लाइहाल्ने । सबैबाट कहिलेकाहीँ काम बिग्रिन जान्छ । तर मन्दबुद्धिले भन्दा अति जान्नेले काम बिगार्दा बढी रिस उठ्ने रहेछ । त्यस्तै भयो, घुर्नालाई । कोसीको पश्चिम बाँधको केराघारीबाट रूपनी चोक पुगेका के थिए, मोटरसाइकलको स्टार्ट बन्द भयो । जति गर्दा पनि स्टार्टै भएन । वर्कसपमा लग्दा चोक बिग्रिएकाले भोलि मात्र आउन भन्यो मिस्त्रीले । अरू कसैको मोटरसाइकल लैजान सकिएला कि भन्दै शिबोले ककसको नाम लिन थाल्यो । त्यसमाथि 'मलाई शङ्का त लागिरहेको थियो...' भन्दै गनगन गर्न पनि छुटाएन ।

बहुतै झोक चल्यो घुर्नालाई । शङ्का लाग्नेले ठीक अवस्थाको मोटरसाइकल ल्याएको भए हुँदैनथ्यो ! जान्नेको खोयापन देखियो । घुर्नाले ऊसित जान रद्द गरिदियो । र उसको सुझाव पनि चाहिएन, भनिदियो ।

तर त्यही दिन नै काम फत्ते गर्नु थियो । उसलाई लिखोबाहेक अरू सुझ्दै सुझेन । उसले लिखोलाई अपर्झट बोलायो । पटनाका लागि काटेको टिकट घर पुऱ्याउनुपर्ने तर लिखो घुर्नालाई लिन आउने भयो ।

मोटरसाइकल हुइँक्याउने भएर हो, लिखो भनेकै बेला आइपुग्यो राजविराज फाटिने रूपनी चोकमा । त्यहाँबाट उनीहरू एक मिनेट पनि नबिराई राजविराजतिर लागे । रूपनी कटेपछि घुर्नाले राजविराजमा बुगोलाई फोनमा जानकारी दियो । आफूहरू २५-३० मिनेटमा त्यहाँ आइपुग्ने भनेर ।

दिउँसोको साढे १२ बजेको थियो । रूपनीदेखि राजविराजसम्मको बाटो होलो थियो, शनिबार भएकाले । तैपनि उप्केभत्केको बाटोको घच्याकघुचुकले मोटरसाइकलको गति तलमाथि भइराखेको थियो । भए पनि लिखो हतारिएको थियो र प्रायः दिनभन्दा चुपचाप पनि । आमालाई पटना लिएर जाने जिम्मेवारीले थिचिएको थियो सायद । अरू बेला भइदिएको भए घुर्नाले उसलाई कुराकानीमा भुलाउने थियो होला । तर शिबोले पहिल्यै दिमाग खराब गरिसकेको थियो । त्यही रन्काइमा ऊ गर्न गइराखेको विस्फोटबारे ओर्काइफर्काइ सोच्दै थियो– राजविराजको कुनौली टेम्पो स्ट्यान्डमा बुगोलाई भेट्ने । भाइजर भएको हेल्मेट, कालो चस्मा र मास्क लगाउने । नम्बर प्लेट छोप्ने । मालपोत कार्यालयको रेकी गर्न दुईतीन चक्कर लगाउने । ठीक साढे एक बजे सकेट बमको पिन निकालेर पर्चासहित कम्पाउन्डमा हुत्याउने । त्यसपछि मोटरसाइकल कुनौलीतिर दौडाउने ।

आआफ्नै सुरमा घुर्ना र लिखो हराएका थिए ।

पाँच किलोमिटरजति कटे होलान्, उनीहरूले टाढैबाट कालो सिबिजी बाटोछेउ रोकिराखेको देखे । त्यो खण्डमा रोडा र बालुवा थुपारिएको थियो । घुर्नाहरूले वास्ता गरेनन् ।

जसै उनीहरू सिबिजी मोटरसाइकलनिर नजिकिए, दुई जना मान्छे एकाएक देखापरे । उनीहरू बालुवाको थुप्रोमा आड लागेर बसेका रहेछन् । लिखोहरूलाई देख्नासाथ उभिए । एउटो पेस्तोल तेर्स्याउँदै बाटोको बीचौबीच आयो । सेतो गम्छामा मुख गुटमुटाउनेले पेस्तोल तेर्स्याइराखेको देखेर मोटरसाइकल अनियन्त्रित भयो । अनि छिरल्लिएका बालुवामा चिप्लिएर घुर्नाहरू मोटरसाइकलसहित लडे । लड्दा पेस्तोलधारीले एक गोली उनीहरूतिर चलायो । त्यो गोली घुर्नाको पाखुरालाई छोएर पार भयो । र सकेट बमको ब्याग ऊबाट उछिट्टिएर बालुवाको थुप्रोमा ध्याप्प गरी खस्यो ।

बालुवामा ब्याग जसरी बजारियो, घुर्नालाई लाग्यो सकेट बमको पिन खुकुलो भयो । घाइते पाखुराको वास्ता नगरी घुर्नाले लिखोलाई चिच्यायो, "दूर हट, ब्यागको बम... ब्यागको बम ।" सुनेर ती गम्छाधारीहरू पछिपछि हटे । आत्तिँदै उनीहरू मोटरसाइकलतिर लम्किए । लिखो र घुर्ना पनि घुँडा र हातले घस्रिँदै परपर टाढिए । उनीहरू चलमलाएको देखेर पेस्तोलधारीले दुई राउन्ड गोली भटाभट चलाउँदै मोटरसाइकलमा चढ्यो । चकलेट पटाका बमको जस्तो आवाजले कानै छेडिएला जस्तो भयो ।

कान त छेडिएन । तर लिखोलाई छेड्न पुग्यो । एउटा गोली लिखोको घाँटीमा लाग्न पुगेछ । आफ्नो पनि पाखुराबाट रगत तर्तरिएको देखेर घुर्नालाई लाग्यो । अब बाँचिन्न ।

घुर्ना अत्तालियो । डरले थरथर काँप्यो । लिखो चित्तान परेको थियो रक्तमुछेल भएर । उसको घाँटीबाट भलभलिएको रगत रोकूँ कि, फोन गरूँ कि, के गरूँ भयो घुर्नालाई । एक पटक उसले ब्यागतिर नि हेऱ्यो । बालुवामा धस्सिएको सकेट बमसहितको ब्याग बिल्कुल शान्त थियो ।

घुर्ना लिखोनिर आयो । घाँटीबाट रगत बग्दै थियो उसको । टाटो फैलिँदै थियो टाउको वरिपरि । मुखको कुनाबाट न्यालझैं रगतको लर्को पनि बगेको थियो । घुर्नालाई वाकवाकी लाग्यो । पेट थिचेर उसले थाम्दै सास फेऱ्यो । छेवैमा ढलेको लिखो केही भन्न खोज्दै थियो सायद । तर खोकाइ आयो । रगतका छिटाहरू उछिट्याउँदै लिखोले खोक्यो र सकीनसकी मुख छाड्यो, "माधरचो... सार... !"

ऊतिर हेऱ्यो घुर्नाले । निभ्न लागेका आँखाले हेर्दै लिखोले नानी पल्टाउन थाल्यो । झनै अत्तालियो घुर्ना । झमझमाइराखेको हातले उसले पाइन्टको खल्तीबाट फोन खोस्रियो । अनि काँप्दो हातले फोन समायो । भर्खर मोबाइल चलाउन सिकेको सिकारू औंलाले झैं ऊ पूरै बल लगाएर एकएक नम्बर थिच्दै गयो ।

फोनमा घण्टी गइरहँदा घुर्नाका आँखा लिखोको पर्समा पुगे । मोटरसाइकलछेउ खसेको रहेछ । कालोखैरो घिसिएको पर्सबाट हरियो टिकटको किनारा टुसुक्क देखियो । अघि भेट्नेबित्तिकै लिखोले आमालाई जँचाएर पटनाबाट छिट्टै फर्किन्छु भन्दै थियो । सम्झिएर घुर्नाको मन भाँच्चियो ।

आँखा डबडबिन थाले । भक्कानो घाँटीनिर अड्किएर बस्यो । छठुले फोन उठाउँदा उसले थाम्न सकेन । आँसु भलभलिन थाले । गिलो स्वरमा उसले छठुलाई आत्तिँदै गुहार्‍यो ।

छठुसित कुरा भइसकेपछि पर्स उठाउँछु भनेको घुर्ना । आठदस पाइला पनि चाल्न नसक्ने भयो । आँखा खोल्न त बल पुगिराखेको थिएन । एक त्यान्द्रो सासमा आफूलाई अडाएर बसेको, बस्यै भयो । हरियो टिकट चियाइराखेको पर्स उठाउन उसले कसै गरी बल जुटाउन सकेन । जाबो आठदस पाइला पनि घचेटिएर टाढिएझैं लाग्यो । खै किन हो उसलाई त्यस क्षण टिकट छुट्ला भन्ने सुर्ता हुन थाल्यो । छटपटाइराखेको लिखोतिर हेर्न नसकेर हो कि । टिकटसहितको पर्समा आँखा टिकाएको टिकायै सबै चीज धमिलो हुँदै गए ।

जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह)को सङ्घर्षका कार्यक्रम सुरू भइसकेका थिए । जसअनुसार चैत २६ गते मधेस बन्द गर्ने घोषणा भयो । तयारीका लागि जिल्ला समितिका बैठकहरू बोलाइए ।

जुन दिन घुर्नालाई समितिको बैठकमा बोलाइएको थियो, त्यही दिन बबन सदाले फोन गर्‍यो । घडीमा त्यस बखत बिहानको पौने १० बजिराखेको थियो । र घुर्ना जानका लागि ठिक्क परेको थियो ।

बबनको नम्बर देखेर घुर्नाले सोच्यो– यो नम्बर पनि पत्ता लगाएछ । कसरी थाहा पायो भनेर सोच्नुको तुक थिएन । बरू यति चाँडो पत्ता लगायो भन्नु ठीक हुन्थ्यो । जेहोस् घुर्नाले थाहा पाइहाल्यो, उसले फोन गर्नुको कारण । सुतली बमका लागि फोन गर्छु भनेको थियो । त्यही हुनुपर्छ । तर अब कहाँ भ्याउँछ र ऊ । चैत २६ पछि गरौंला भन्दै उसले फोन उठाएन ।

तर तीन खेप डायलको लगातार घण्टी आइराख्यो । फोन काट्नु भनेको कि त पूरै बेवास्ता गर्नु थियो, नभए कल ब्याकको आशामा झुलाउनु थियो । तेस्रो विकल्प नभएकाले घुर्नाले फोन नकाटी बज्न दियो । तीन चोटिमा बन्द हुँदा भने कानलाई सन्चो भयो । तर रिङटोन बन्द भएको आधा मिनेट पनि भएको थिएन, मेसेजको 'टिन्न' सुनियो । थाहा थियो, मेसेज बबनकै हो । घुर्नाले मेसेज पढ्यो ।

लेखिएको थियो– "कहीँ पे निगाहें कहीँ पे निसाना ।"

हिन्दी फिल्म 'सिआइडी'को गीत किन लेखी पठाएछ बबनले ? एकछिनसम्म ऊ स्क्रिनमै आँखा गाढिरह्यो । त्यसपछि फेरि केलाइकेलाई पढ्यो । के भन्न खोजेको । ठट्टामा पठाएको हुँदै होइन । त्यस्तो सम्बन्ध पनि ऊसित छैन । उसो भए यो पहेलीमा बबनले केही भन्न खोजेको छ । तर के ? कतै फोन उठाउन लगाउने काइदा त होइन ?

फोन गरूँ कि पर्खूँ ? एक मिनेट गयो, दुई मिनेट गयो । पर्खिँदापर्खिँदै तीन मिनेट नि गयो । योभन्दा लामो पर्खिन घुर्नाको छटपटीले दिएन । ऊ नम्बर थिच्न थाल्यो ।

उताबाट बबनले 'हेलो' भन्दा घुर्नाले एउटै कुरा मनाइराख्यो, सुतली बमका लागि उसले फोन गरेकोचाहिँ नहोस् ।

"सुनेछु फौलादको खोजी भइरहेछ," औपचारिक भलाकुसारी धेरै नतन्काई बबनले सोध्यो ।

यसैका लागि फोन गरेछ भन्ने थाहा भयो घुर्नालाई । अबचाहिँ उसलाई विश्वास भयो, बबन साँच्चिकै सुर्जा समूहको पछाडि लागेको छ । उसलाई भित्री जानकारी नदिन घुर्नाले कुरा बनायो । भन्यो, "मैले पनि वही सुनेछु । असल बात के हो बुझ्नै बाँकी छ । तर तपाईंलाई कसरी पता भो ?"

बबन हाँस्यो, उडाउने पारामा । उसको हँसाइमा कुटिलता थियो । व्यङ्ग्य थियो । र थियो अति आत्मविश्वास । मानौं, उसले सुर्जा समूहको एकएक खबर लिइराखेको छ । घुर्नालाई लाग्यो, बबनलाई थाहा छ, उसले फौलादलाई खोजिराखेको । र ऊ घुर्नाले कुरा लुकाएकोमा हाँसिराखेको छ । उडाइराखेको छ ।

अप्ठ्यारो लागेर घुर्नालाई थप्ने कुरा बनाउनै आएन । कुरो अन्तै घुमाउन खोज्दै थियो, बबनले उछिन्यो, "कसरी पता भो हैन प्यान्थरजी, और केके खबर छ भनेर सोध्नुस् ।"

घुर्ना जिल्ल खायो । र बबनकै पारामा सोध्यो, "किन तपाईंको जिल्लातिर पुगेछ के ?"

घुसघुसे हाँसो हाँसेर बबनले भन्यो, "तपाईंलाई के लाग्छ ?"

"जुन हिसाबले उसको यहाँ खोजतलास भइरहेछ । म त भन्छु इन्डिया पुगिसके होला," घुर्नाले भन्यो ।

"अरे खोज्नुस् खोज्नुस् आफ्नै गाउँठहरमा । पकडिहाल्नुहुन्छ ।"

"बहुत ठोकेर भन्दै हुनुहुन्छ," घुर्नाले भन्यो, "मामला के हो ?"

"हाम्रा केटाहरूले भनिरहेछन् फौलाद लहानगोठमै दिखाइ पड्यो रे ।"

"लहानगोठ ! मने यै लहानगोठ ? मेस्तर बस्तीको पछाडिबला बस्ती ?"

"अब लहानगोठको पता ठिकाना तपाईंलाई मालुम होला । केटाहरूले लहानगोठैको नाम लिइरहेका थिए ।"

"तर...," घुर्नालाई पत्याउन गाह्रो भयो । फौलाद दुधौली जाने कुरा पसिन्दरले भनेको होइन । फेरि बबनले यो के भन्दै छ । घुर्नाले फेरि सोध्यो, "यो कबको बात हो ?"

"यही दुई दिनको ।"

"तब तऽऽ जरूर इन्डिया टपिसके होला ।"

"हाँ, ऊ बात हुन सक्छ," बबनले भन्यो, "तर उनीहरूले भन्दै थिए, फौलाद यतै चक्कर मारिरहेछ । बडा होसियारीका साथ । लहानगोठमा ऊ दिखाइदिए पनि वहाँ खोज्दा सुरागै मिल्दैन रे ।"

"त ?..."

"मुत्ली वन र अम्ही वनको वही कहीँ अड्डा जमाएर बस्छ रे ।"

पत्याउने कि नपत्याउने अलमलमा घुर्नाको बोली जाम भयो । उता बबन पनि घुर्नाले केही भन्छ कि भन्ने पर्खाइमा सामसुम्म भयो ।

"अच्छा अहिले फोन राख्छु," असहज मौनता घुर्नाले नै भङ्ग गर्‍यो, "मिटिङमा जान देर भइरहेछ । तपाईंलाई फेरि खबर गर्छु ।" घुर्नाको दिमाग घनचक्कर भएको थियो । बबनले पनि थप कुरा नगरी खुरूक्क फोन काटिदियो । उसलाई लागेको होला, घुर्नाले उतै जान खुट्टा उचालिसक्यो । मानौं, ऊ पनि फौलाद पक्रियोस् भन्ने चाहिराखेको छ ।

करेत समूह बनाएदेखि बबन सदाले सुर्जा समूहको एकएक गतिविधिमा चासो राख्दै आएको थियो । मधेसमा आफ्नो समूहभन्दा तगडा सुर्जा समूहलाई पछाडि पार्ने दौडमा थियो बबन । सुर्जा समूहभित्र कचिङ्गल चलिराखेको छ भनेर थाहा पाएपछि के चाहियो । आफूआफू भिडेर सक्किऊन् भन्ने चाहनामा

बबनले विशेष चासो दियो । र आफैं अघि सरेर घुर्नालाई सुटुक्क जानकारी दियो । फौलादलाई घुर्नाले खोजिराखेको सुइँको पाएर नै बबनले उसलाई फोन गरेको थियो ।

तर बबनले दिएको ठेगानमा घुर्नालाई जाऊँ कि नजाऊँ भयो । फौलाद जङ्गलमै लुकिराखेको थियो भने पनि लहान बजारबाट यति नजिकको मुतनी वनमा के अहिलेसम्म बसिराखेको होला र । त्यो पनि ती केटाहरूले दुई दिनअघि देखेका रे । उत्तरतिरको भित्री गाउँ ढोड्ना र तरेगना भए पनि लौ अलि पत्याउन सकिन्छ ।

घुर्ना नजाने नै भयो । कोही दुधौली भन्ने, कोही लहानगोठ भन्ने; 'रे'को भरमा कहाँकहाँ दगुर्ने ? तर एउटा कुरामा भने ऊ पक्का भयो । यतिन्जेल फौलाद नाकैमुनि लुक्दैछुप्दै बसिराखेको रहेछ । जुन कुरा ऊ छठुलाई नभनी बस्न सकेन ।

फोनमा घुर्नाको कुरा सुनेर छठुले कान थापेर बसिरहन सकेन । लौ एकफेर उता लागौं पो भन्न थाल्यो । घुर्नाले आइँनाइँ गऱ्यो । छठुले लहानगोठसम्म त पुगेर आऊँ भन्यो । उता उसको चिनेको एक जना चल्तापुर्जा मान्छे छ, उसले जनायो । के थाहा, ऊबाटै केही भेउ पाइएला कि ?

'हो के त !' भन्दै घुर्नाले सम्झियो फौलादले छक्याउँदै हिँडिराखेको । फुक्काफाल हिँड्दै उनीहरूलाई 'ठेंगा' देखाइराखेको । यसभन्दा बेसी घुर्नाले दिमाग खियाएन । जिल्ला समितिको बैठकलाई त्यत्तिकै छाडेर छठुलाई झट्टै मोटरसाइकल लिएर आउन भन्यो ।

हातमा खेलाइराखेको मोबाइल घुर्नाले पाइन्टको खल्तीमा कोच्यो । ब्याकप्याक नभिरेरै ऊ निस्किन तयार भयो । काँध हलुङ्गो भएर होला के छुट्यो के छुट्यो भइराख्यो । हतारमा हिँड्दा यस्तै हो भन्दै बाहिर निस्किएर ताल्चा मार्न थाल्यो । ताल्चा खिटिक्क पारेको के थियो, उसले झल्याँस्स सम्झियो । सिक्सर !

हतरपतर उसले फेरि ढोका खोल्यो । भित्रपट्टि ढोकाको दाहिने छेउमा ढोल झुन्डिएको थियो । जुन कहिले उसले, कहिले उसको बाबुले दसैंताका गिरहतहरूका घरमा बजाउने गर्थे । त्यो ढोल एकातिर भ्वाङ परेर उहिलेदेखि झुन्डिएको झुन्डियै थियो । त्यही भ्वाङभित्र घुर्नाले सिक्सर लुकाएको थियो ।

त्यहाँबाट झिकेर उसले ब्याकप्याकमा राख्यो । र ब्यागलाई भिरेर बाहिर निस्कियो ।

सिक्सरसहितको ब्याकप्याक बोक्दा घुर्नालाई बल्ल पूर्ण लाग्यो । सिक्सर नचाहिए पनि लिएर हिँड्ने बानी परेछ ।

ठीक साढे १२ बजे घुर्ना र छठुले लहान बजारको छेउबाट बग्ने खुट्टी खोला पार गरे । उनीहरू मेस्तर बस्ती हुँदै लहानगोठ जाँदै थिए ।

खोलापारिको मेस्तर बस्ती पुग्दा छठुले मोटरसाइकलको गति कम गऱ्यो । कोही चिनारू भेटिएला कि जस्तो गरी उसले हेर्दै गुडाइराखेको थियो । खुट्टी खोलामा भाँडाबर्तन मस्काइराखेका र लुगा धोइराखेका कल्याङमल्याङले वातावरणमा हल्ला थपेको थियो । घुर्ना भने अपत्यारमै रूमल्लिएको थियो । केही दिनअघि मात्र फौलादले यतातिर आवतजावत गरेको होला त ? बस्तीमा गाउँलेहरूको बाक्लो चहलपहल देखेर घुर्नाले खर्र आँखा डुलायो । घरि यो गल्ली, घरी त्यो झ्याल, घरी लहानगोठ सोझिने बाटोतिर घुर्ना पल्याकपुलुक हेरिराख्यो । तिनमा फौलादको अदृश्य उपस्थिति उसले अनुभूत गर्न खोज्यो ।

मुसहर टोल हुँदै अघि बढ्दा होहल्ला कता हो कता जस्तो सुनिन थाल्यो । जतिजति भित्र लाग्यो, गाउँलेहरूको चहलपहल पनि पातलियो । पाँच किलोमिटर उत्तर पुगेपछि पीपल चौतारा आइपुग्यो, लहानगोठ र मुतनी खोला पुगिने दोबाटोमा गजधम्म उभिएको । त्यहाँ नरिवल बेच्ने र भाँडा साट्ने साइकल व्यापारी मात्र देखिए । पीपलको सर्सराउँदो हावामा शीतल खान बसेझैं लाग्थे ।

छठुले चौतारानिर मोटरसाइकल रोक्यो । अनि रामपुकार ठाकुरलाई मोबाइल लगायो । लहानगोठको एकेक खबर राख्ने रामपुकार ठाकुर यहाँको चल्तापुर्जा मान्छे हो भनेर उसैले भनेको थियो । तर रामपुकारको मोबाइल लागेन । १० मिनेटसम्म नम्बर लगाउँदा पनि लागेन ।

घुर्नाले बुझ्यो । छठुले रामपुकारलाई उनीहरू आउँदै छन् भनेर पूर्वजानकारी नदिई जोसैजोसमा लहानगोठ हान्निएछ । अब के गर्ने ?

घुर्नाले छठुलाई उसको घर थाहा छ कि भनेर सोध्यो । छठुले एक पटक मात्र आएकाले बिर्से भन्यो । घुर्नाले डगरैडगर बस्तीको एक चक्कर

लगाऔं भन्यो । उनीहरू चौताराबाट लहानगोठ मोडिए । चौधरी, यादव, महतो र मुसहरहरूको ठूलै बस्ती थियो लहानगोठ । तर मेस्तर बस्तीमा जस्तो यहाँ कल्याङमल्याङ सुनिँदैनथ्यो । एकान्त बस्ती थियो ।

सरसर्ती एक चक्कर लगाएर उनीहरू चौतारा फर्किंदै थिए, बाटोमा एकहुल ठिटाहरू माछा मार्ने जाल लिएर गइराखेको देखे । उनीहरूको पछिपछि छठुले मोटरसाइकल लग्यो । र रामपुकार ठाकुरको घर कता पर्छ भनेर सोध्यो । ठिटाहरू मुखामुख गरे । अलमलिँदै कहिले रामपुकार महतो त, कहिले रामपुकार चौधरी भन्दै आफैँमा सोधासोध गरे । छठुले लहान बस स्ट्यान्डको हजाममा काम गर्ने रामपुकार ठाकुर भनेर चिनारी दियो । तैपनि तिनीहरूमध्ये कसैले ठम्याउन सकेनन् ।

कस्ता 'भोंचू' रहेछन् भन्दै छठु बुदबुदायो । घुर्नालाई चाहिँ रामपुकार ठाकुर 'चल्तापुर्जा' हो कि होइनमै शङ्का भयो ।

उनीहरूलाई सोध्दै पछि लाग्दा घुर्नाहरू चौतारा कटिसकेका थिए । ठिटाहरू भने उत्तर सोझिएको पिच बाटोतिर बढ्दै थिए । तिनीहरूसँगै मोटरसाइकल पिच बाटोको टुङ्गोसम्म पुग्यो । त्यहाँ थियो, वर र पीपलको अर्को चौतारो । अघिको चिल्लो सिमेन्टको चौताराभन्दा यो ढुङ्गे र काइले खाएको थियो । यहाँबाट ओरालैओरालो मुतनी खोलाको बगर फैलिएको थियो । ठिटाहरू जाल लिएर ओरालो झरे । घुर्नाहरू डिलको चौतारोमै अडिए ।

मोटरसाइकल बिसाएर दुवै जना चौतारोनिर उभिए ।

तलतिर मुतनी खोला चुपचाप आफ्नो बाटो लागेको थियो । चैत भएर मात्र खुम्चिएको, साउन-भदौ भइदिएको भए फुकिनसम्म फुकिएर बगरको बाँसझ्याङसम्म आइपुग्ने थियो । मुतनी खोलाको तीरैतीर ठिटाहरू दक्षिणतिर लागे । उत्तरमा थियो, मुतनी वन । पछिल्तिर फैलिएका थिए, चुरेको थुम्काथुम्की आकाशसम्मै ।

फर्किने कि के गर्ने ? घुर्नालाई दोधार हुन थाल्यो । छठु रामपुकारलाई फोन मिलाउन थाल्यो । तर रामपुकारको नम्बर लाग्न मानेकै होइन ।

"छोड यार यो मोबाइलसोबाइल," नलाग्ने नम्बरमा एकोहोरो फोन गर्नुको तुक देखेन घुर्नाले र भन्यो, "चल माथिसम्म गएर आऔं ।"

"जाने के ?"

जाऊँ न जाऊँ भन्यो घुर्नाले । बबनले भनेर लहानगोठसम्म आइयो । अब मुतनी वन पनि पुगेरै आऔं भन्यो उसले । लहान बजारबाट यति नजिकको वनमा फौलादले अड्डा जमाएर बस्थ्यो भन्ने कुरा उसलाई पत्याउनै गाह्रो भएको थियो ।

छवुले नाइँ भनेन । उसलाई लाग्यो, माथिबाट फर्किएर आउँदा रामपुकारको नम्बर ठ्याक्कै लागिहाल्ला कि ? दुवै जना मोटरसाइकल त्यहीँ राखेर ओरालो लागे ।

मट्यालो थियो मुतनी खोलाको पानी, हेर्दा गहिरो होला जस्तो । तर खोला गोलीगाँठो मास्तिरसम्म मात्रै थियो । हातमा चप्पल सिउरेर उनीहरू खोला तर्न थाले । पानीमुनिको बालुवा टेक्दा पाइतालाले टेकेको जमिन भासिए जस्तो लाग्थ्यो । त्यही आभास स्पर्श गर्दै घुर्ना सोचिराखेको थियो, करेत समूहका केटाहरूलाई फौलादको खबर हुने । हाम्रा साथीहरूलाई पत्तो नहुने भन्ने पनि हुन्छ र ?

'सब मिले होलान् सारहरू' भन्दै घुर्ना कुँडियो । रूपनी काण्डपछि घुर्नालाई कसैको पनि भर नलाग्ने भएको थियो । शत्रु र मित्रु छुट्टिन छाडेका थिए सुर्जा समूहमा ।

खोलापारि माथि उक्लँदा मुतनी वन सुरू भयो । सामुदायिक वन भएकाले दुब्लापातला सखुवा, सिसौ र युकलप्टसका रूख ठिङ्गिएका थिए, सडकछेउमा गाडिएका रूख जस्ता एक्लाएक्लै । घुर्ना रामलीलाबाट फर्किएपछि यताहुँदो आउने गर्थ्यो, दाउरा बेच्ने काममा लागेका गाउँलेहरूसित चहार्दै । त्यति बेला चुरेमुन्तिरको अम्ही वन र मुतनी वन एउटै जस्तो लाग्थ्यो ।

वनमा केही बेर लखरलखर हिंडेपछि घुर्ना र छवुले फर्कने निधो गरे । सुस्ताएर बबुलका रूखहरू नियाल्दै गर्दा अलि तल्तिर तरेली परेको सम्ममा एउटी महिला देखे । कुचो बनाउन उनी बरहनी झार काट्दै थिइन् । अम्ही वन कतातिर पर्छ भनेर सोध्न घुर्ना उनीनिर गयो । घुर्नाको आवाज सुन्नासाथ उनले घुम्टो काढिहालिन् । र हडबडाउँदै 'मलाई थाहा छैन, मलाई थाहा छैन' भन्दै छिटोछिटो बाटो लागिन् । अनौठो लाग्यो घुर्नालाई । यतिविधि तर्सिनुपर्ने कारणै थिएन, किन तर्सिइन् ?

यही बेला विपरीत दिशाबाट मान्छेहरू गफिँदै आइराखेको सुनियो । उनीहरू आइराखेको बाटोभन्दा घुर्नाहरू अलि तलतिर परे । ती दुई जना माथिको बाटोबाट पास हुँदै जाँदा, एउटालाई घुर्नाहरूले चिने । बिराले आँखा भएको, गालाभरि डन्डीफोरको टुटुल्को उठेको ऊ अतिक शेख थियो । 'पण्डित'को उपनामले चिनिएको । फौलादसँग हिँडिराख्ने रूसनको गुटको मान्छे ।

घुर्ना र छठु खोंचमा उम्रिएको खचरलत्ती झारको छेल पारेर तल निहुरिए । अतिकहरू गफमा मग्न थिए, दायाँबायाँ आँखा नडुलाई हिँडे । गफिँदै जाँदा म्यारिजको पोइन्टका कुरा चर्किएर घुर्नाहरूसम्म सुनियो । तिनीहरू खोला झर्ने बाटोतिर लागेका थिए । ती दुवैको ढाड देखुन्जेल छठुले घाँटी बटारेर उनीहरूतिर हेरिराख्यो । अघि भर्खरसम्म घुर्ना र छठु बिरक्तिएर फर्किन लागेका थिए । अहिले सनसनी मच्चियो । छठुलाई एक मन त लाग्यो, ओझेल हुँदै गइराखेको अतिकलाई गएर समाऊँ र सोधूँ– फौलाद कता लुकेको छ ? यसै गरूँ कि कसो गरूँ भनेर छठु घुर्नातिर फर्कियो । छेउमा घुर्ना थिएन । ऊ त लुसुक्क माथि लागिसकेको रहेछ ।

उसलाई छठुले पछ्यायो । घुर्ना अतिकहरू आएको बाटो समातेर अघि बढ्न थाल्यो । के सुर चढेको हो, छठुले मेसो पाउन सकेन । सोध्नका लागि उसले घुर्नालाई बोलायो । घुर्नाले उल्टै अघिको स्वास्नी मान्छे तर्किएको कारण के हुन सक्छ, बुझेनौ ! भन्दै चुप लगायो । नबुझेर छठुले फेरि सोध्न खोज्यो । यसपालि घुर्नाले उसलाई सुस्तरी बोल्ने इसारा गऱ्यो । र चुपचाप आफूलाई पछ्याउन भन्यो ।

जतिजति भित्र पुग्यो, मुतनी वनले सामुदायिक वनबाट जङ्गलको रूप लिन थाल्यो । जङ्गलको परम्परा धानेर बसेका एकएक अँगालो गिँड भएका सिसौ, करमा, दूधखिरीका रूख देखिन थाले । बाटो भुलाउन उस्ताउस्तै देखिने मेनहर काँट र थातलका पोथ्रापोथ्रीहरू झनै बाक्लिँदै गए । रूखमा धागोजस्तै लटपटिएका भोर्लाका लता पनि सर्पिलो हुँदै गए । समथर जमिन थुम्को हुने प्रयास गरेझैं कतै उकाली, कतै तरेली त कतै खोंच बन्दै चुरेसँग गाँसिन थालेको थियो ।

ठेगाना थाहा भएको हुलाकीसरह अघिअघि बढ्दै थियो घुर्ना । छठुलाई बेफ्वाँकमा त्यसरी हिँडेको जस्तो लाग्यो । भन्ने हो भने फर्किएर अतिकलाई

अँठ्याउने झोक चल्दै थियो । बीचमा एउटा ओरालो जस्तो देखियो । यहीँबाट फर्कौं भनेर छठुले घुर्नालाई भन्न लाग्दै थियो । मान्छेहरू बोलेको सुनियो ।

उनीहरू हिँड्दाहिँड्दै अडिए । घुर्नाले ओरालोको फेदमा मान्छे छन् भनेर चोरी औंलाले इसारा गऱ्यो । त्यसपछि ऊ चाल मारेर ओरालो झर्ने डिलमा उम्रिएको बाँसझ्याङसम्म गयो । छठुले पनि त्यसै गऱ्यो । धेरै गाँठा भएको पहाडिया बाँस झ्याम्मिएर उँधो कुप्रिएको थियो । त्यसकै आड लागेर तलतिर झुलुक्क चियाउँदा, दुवै तिर्मिराए ।

तल फेदमा बबनले जानकारी दिएझैं अड्डा जमेको थियो । क्षीरसागरमा विष्णु भगवान् पल्टिएझैं फौलाद उत्तानो पल्टिएको थियो, जोडेर राखिएका दुई बेन्चमा । भुइँमा तास खेलिँदै थियो । चार जना केटा त्यसमै जुटेका थिए । यत्ति नै होलान् भनेको त एउटा अर्को पाइन्टको जिपर तान्दै फाँटको ओरालोबाट उक्लियो । उसको हाउभाउले लाग्थ्यो, केटोलाई सेन्ट्री राखिएको छ । तसेडीहरूसँग नमिसिएर ऊ बेन्चनिर उभिएको थियो र घरीघरी यताउति हेरेझैं गर्थ्यो । तर उसको ध्यान तास खेलिराखेकोतर्फ भएझैं देखिन्थ्यो ।

घुर्ना र छठुले थाहा पाएसम्म ती केटाहरू सुर्जा समूहका थिएनन् ।

घुर्ना सग्लिएर उभिन सकेन । फनक्क फर्किंदै ऊ भुइँमा टुक्रक्क बस्यो । चिताउँदै नचिताएको ठाउँमा फौलादको फैलावट देख्दा झट्का लाग्ने नै भयो । छठु पनि अधमरोझैं लल्याकलुलुक भएको थियो । रूखरूखमा हुनहुनाउँदै चलिराखेको चैते हावा उसलाई चर्को लाग्न थाल्यो । अनि ऊ पनि घुँडा मारेर घुर्नाको छेउमा बस्न पुग्यो । दुवैको त्यस्तो तालले फौलादलाई के सामना गर्न सकिन्थ्यो र ? न अघि बढ्न सक्नु, न फर्किन सक्नुको स्थितिमा उनीहरू जड भए ।

छठुले मोबाइल झिक्यो । र त्यसमा नम्बर खोज्न थाल्यो । तर घुर्नाले उसको मोबाइल झम्टा मारेर तान्यो । र साउतिँदै सोध्यो– कसलाई फोन गर्न लागेको ?

लहानको एरिया इन्चार्जसित कुरा गर्न खोजेको भन्यो छठुले । सुनेर घुर्नाले आँखा तऱ्यो । मानौं, भनिराखेको होस्, 'पगलाएछौ के !' तर त्यसो नभनी मोबाइल फुत्त दिँदै अफ गर भन्यो ।

लटमुखाझैं छठु घरी घुर्नातिर, घरी मोबाइललाई हेर्दै फोन अफ गर्‍यो ।

लहाठीबाट हिँडेपछि छठुले मोटरसाइकलमै घुर्नालाई सोधेको थियो, एरिया इन्चार्जलाई खबर गरौं कि भनेर । तर घुर्नाले बेवास्तापूर्वक अहिले नै किन गर्नुपर्‍यो भनेको थियो । बबनले दिएको सूचना पक्का भए पनि बासी भइसकेको कुरामा उसलाई द्विविधा थिएन । छठुले पनि फौलाद भेटिन्छ भनेर घुर्नालाई लहानगोठसम्म दौडाएको थिएन । मामिला तात्तातो भएकाले फौलादको सुराक भेटिने आसले ऊ आएको थियो । तर अहिले एरिया इन्चार्जसहित केही साथीलाई त्यहाँ बोलाउन जरूरी थियो । घुर्ना भने मोबाइलै अफ गर भन्दै छ । के गर्न खोजेको ?

जे गर्न खोजेको हो, घुर्नाले त्यही गर्दै थियो । ब्याकप्याकबाट उसले सिक्सर झिकिसकेको थियो । र त्यसको च्याम्बर खोलेर ऊ जाँच्दै थियो । लोड भएका चार गोलीका पिँधमा '.३८' क्यालिबर कुँदेको टिलिक्क देखियो । त्यसपछि आफैंसित ठीक छ भन्यो घुर्नाले । अनि छठुतिर हेर्‍यो ।

छठु क्वारक्वार्ती उसैलाई हेर्दै थियो । कामकुरो बिग्रिन लाग्यो भन्ने औडाहा उसको हेराइमा प्रस्ट थियो । तर घुर्नाले वास्ता गरेन । सिक्सरलाई कमरबन्दमा घुसार्‍यो । उसले लगाएको टिसर्टको पारी रिभल्बरसहित चेपियो । रिभल्बरको ग्रिप बाहिरै देखिइराखेको पनि उसलाई वास्ता भएन । त्यसपछि घुर्नाले छठुको कानमा जे फुसफुसायो सुनेर छठुले उसको पाखुरा च्याप्पै समायो । र त्यसो नगरौं भन्न पुग्दा उसको स्वर अलि उँचा भयो ।

'शऽऽऽ...,' स्वर दबाउन घुर्नाले भन्यो । ऊ चिडचिडाएको थाहा हुन्थ्यो । पाखुराबाट छठुको हात झट्कार्दै उसले भन्यो, "कलेजा छैन त गएर घुइया छिल्दै बस ।"

छठुलाई बिझ्यो । लाग्यो, घुर्नाले उसलाई कायर ठहर्‍यायो । अझ त्यसमै घुर्नाले टर्रिंदै थप्यो, "त के नदीको पार गालामा हात धरेर भरो दिन साथीहरूलाई पर्खेर बस्ने ?"

"चल्नुस् त फेरि, जे हुनु छ वही हुन्छ," बस्दाबस्दै सन्किएर उठ्यो छठु । ऊ पनि के कम । माओवादीबाट ऊ इन्साससहित सुर्जा समूहमा प्रवेश गरेको हो । बित्ताभरिको सन्ठी लिएर होइन !

फौलादको अड्डामा सेन्ट्री बस्नेको छटपटी सुरू भइसकेको थियो । आफ्नो पालोको एक घण्टा उसले कटाइसकेको थियो । तासको खाललाई लोभिएर हेर्दा ऊ फौलादतिर पनि आँखा पुऱ्याउँथ्यो । ध्यान अन्तै दिएको देखेमा फौलादले फट्कारिहाल्लान् कि भनेर ।

तर फौलाद उसै गरी बेन्चमा पल्टिएको थियो । ४५ मिनेट अघिदेखि पल्टिएझैं । मुहारमा घामको टक पर्नाले निधारमा बल परिराखेको थियो । त्यसैले आँखा चिम्म गरे पनि कतिकति बेला उसका आँखीभौं गुजुमुजु खुम्चिन्थे । मानौं, आँखा चिम्लिएर ऊ तनाव पढिराखेको छ ।

फौलाद पल्टिएको हेर्दाहेर्दै सेन्ट्रीलाई पनि हाई आउन थाल्यो ।

झर्को मेट्न सेन्ट्रीले एकफेर दक्षिण दिशातिर हेऱ्यो । उनीहरू बसेको ठाउँबाटै उक्लिँदै गएको घाँसे उकालो डिलका पोथ्रापोथ्रीमा टुङ्गिएको थियो । चारपाँच दिनदेखि त्यहाँ बस्दावर्दा कोही त झुल्किएको थिएन । उताबाट को नै आउँछ र भन्ने भयो । त्यसपछि उसले उत्तरतिर हेऱ्यो । जङ्गलको फैलावट र चुरेको उभारले उसलाई ढुक्क हुन थपथपायो । खुइ गर्दै उसले भुइँतिर हेऱ्यो । हेर्दा पाइन्टको मोतामा बरहनीको चोरकाँटी टम्मै टाँसिएको देख्यो । बल्ल पो उसलाई चोरकाँटीले घोचे जस्तो लाग्यो । अनि तल निहुरिएर उसले मोताबाट चोरकाँटी टपाटप टिप्दै फाल्न थाल्यो ।

"साथीहरू सम्हल के... हामी पनि... आयौं !"

एक्कासि नौलो आवाज कानमा ठोक्कियो ।

सेन्ट्रीले झस्किएर मुन्टो उठायो । झन्डै लडेन । आँखाअगाडि जे देख्यो, ऊ हेऱ्याहेऱ्यै भयो ।

दुई जना नौला मान्छे तलतल ओर्लिंदै थिए । उनीहरूका ओर्लाइमा स्वाभाविकता थिएन । छलाङ लगाएझैं हुत्तिंदै आउँदै थिए । फिक्का पहेंलो टिसर्ट लगाएको मान्छे अघिअघि थियो । उसको कमरबन्दमा घुसारेको कटुवा जस्तो लाग्ने पेस्तोल हेरेर सेन्ट्री सन्न भयो । उसैलाई पछ्याउँदै आएको अर्को मान्छेतिर सेन्ट्रीको ध्यान गएन, जो स्याँफ्याँ गर्दै आएर उभियो । र त्यहाँ भएकालाई पालैपालो हेर्न थाल्यो ।

बेन्चमा पल्टिराखेको फौलाद सटपटाएर उठ्यो । हडबडीमा उठ्दा फौलादले सिरानी बनाएको पेटीझोला तल झऱ्यो । उसलाई होस भएन ।

"प्यान्थर... !" अघिल्लो मान्छेलाई फौलादले सम्बोधन गऱ्यो । त्यसपछि उसले टोक्सिएका आँखाले सेन्ट्रीलाई हेऱ्यो । मानौं, भनिराखेको होस्– 'भोंचूक ! आँखी खोलेर झप्की मारिराथिस् !'

बिचरा सेन्ट्री । ऊ पनि के गरोस् । कस्ताकस्ता 'बच्चुलाल' सशस्त्र समूहमा लागेर 'बाँकेविहारी' भएका थिए । त्यही लहैलहैमा ऊ पनि फौलादले बनाउन लागेको समूहमा छिरेको हो । अनि १५ दिनमा सेन्ट्री बस्न लायकको कहाँ भएको थियो र ।

जे हुनु थियो, भइहाल्यो । रेड हानेको जस्तो यो परिस्थितिलाई पो कसरी सम्हाल्ने ? तास खेलिराखेका केटाहरू पनि जऱ्याकजुरूक उठे । पत्तीहरू तासको घर भताभुङ्ग भएझैं छरपस्टिए ।

"हामीलाई सिरिफ ऊसित कुरा निप्टाउनु छ," प्यान्थर भनिनेले फौलादलाई देखायो, "अरू साथीहरू चुप्पैचाप यहाँ से निक्लिहाल... ।"

"पकड् रे !" फौलाद चिच्यायो ।

केटाहरूले तास खेल्दा आफूछेउ राखेका बाँसको भाटा उठाउन लम्किए । लिएर फर्किंदा प्यान्थर भनिनेको हातमा सिक्सर देखे । रिभल्बर देख्दा सेन्ट्री र ती चारै जना खाँबोझैं टक्क अडिए । र फौलादतिर टुकुरटुकुर हेर्न थाले । फौलाद भने आफूसँग भएको पेटीझोला बेन्चमा खोज्दै थियो । बेन्चमुन्तिर त्यो खसेको चाल पाएको थिएन ।

सिक्सर ताक्नेले आफूसँग आएकोलाई झोला उठाएर ल्याउन इसारा गऱ्यो । आँखा डेडो भएको त्यो मान्छे पाइला नापीनापी बेन्चनिर गयो । र टाढैबाट हात तन्काएर झोलाको पेटीलाई आफूतिर तान्यो, साँपको पुच्छर समाएर तानेजसरी ।

"फेरि पनि भनिरहेछु, हाम्रो काम फौलादसित छ । ज्यादा माथा खराब नगर । यहाँ से रफ्फु भइहाल," अह्राउने पारामा प्यान्थरले भन्यो ।

यत्तिमै नतर्सिएझैं देखाउनु थियो केटाहरूलाई । सो भाटालाई चाहिनेभन्दा बेसी मुठ्याउँदै अलि अघि बढे । यही मौकामा सेन्ट्री पनि सुट्ट लाएर ती चार जनाको वर सरेर आयो । एकदुई हात पर उभिंदा आफू सुरक्षा घेराभन्दा बाहिर परेको हो कि भन्ने भान भइराखेको थियो । फौलाद पनि बेन्चबाट उठ्न खोज्दै थियो । तर उठ्न सकेको थिएन । हेर्दा त्यहाँ कबड्डी खेल्न लागेको जस्तो देखियो ।

प्यान्थर भनिने 'कबड्डी कबड्डी' भन्दै आएको आक्रामक खेलाडीझैं लाग्थ्यो । लाठी लिएर अघि बढ्न खोज्नेहरू उसलाई छोप्न तम्तयार भए जस्ता लाग्थे । अनि प्यान्थरको पछिपछि आएको मान्छे अघि सरेर प्यान्थरको हाराहारी हुन खोज्थ्यो । तर पछिल्तिर सरिहाल्थ्यो ।

तर यो कबड्डी थिएन । र त प्यान्थर भनिनेले भुइँलाई ताकेर एक गोली चलायो । र लठैतहरूलाई पछि हट्न चेतायो । गोलीको धमाकाले सर्वत्र थर्कियो । त्यहाँ भएजतिका मुटु पनि थर्किए । कानमा धमाका र डरको प्रतिध्वनि एकसाथ गुन्जियो । माथिबाट एक बथान सुगाहरू टिर्टिराउँदै भुर्र उडे । अघिसम्म झम्टौंलाझैं गरेका केटाहरू अहिले अचानक पाटे बाघ देखेझैं पन्चर भए ।

थाहा नपाउने चालमा पछिल्तिर हट्दै उनीहरूले फौलादतिर हेरे । उनीहरूको छड्के हेराइमा डटिरहने आँट धर्मराइराखेको थियो । बुझेर होला, फौलादले आँखा फारेर ओठ कस्दै तल्लो च्यापु किटकिटायो, ठ्याक्क रूसनले गर्नेजसरी । त्यहाँबाट टसमस नहुने इसारा ऊ गर्दै थियो । केटाहरू बुझे पनि नबुझे जस्तो गरी उभिइरहे ।

तिनीहरूको जाने छनक नदेखेपछि प्यान्थर भनिनेको पारा छुट्यो । हपार्ने लवजमा फेरि चेतावनी दियो, "जान्छौ कि ठोक्दिम् सारहरू एकएकलाई ।" उसले ठीक सामुन्ने परेको केटाको जाँघमा ताक्यो । सिक्सर तेर्स्याउँदै खुम्चिएको कुहिना उसले सोझ्यायो । आफूतिर नाल तेर्सिएपछि त्यो केटो झ्वाट्टै पछि सर्‍यो । भाटा हातबाट स्वात्तै झर्‍यो । अनि सिक्सरको नालबाट बच्दै ऊ मास्तिर दगुर्‍यो ।

यति देख्नु के थियो, सेन्ट्रीसहित बाँकीका तीन जना पनि ढिठ भएर उभिइरहेनन् । भाटा त्यत्तिकै फालेर मास्तिर कुदिहाले ।

केटाहरू टाप कसेको देखेर फौलाद बिजुलीको तोडले बेन्चबाट उठ्यो । र उनीहरू भागेतर्फ नानाभाँती बर्बराउँदै यसरी हेर्‍यो, मानौं ती केटाहरूले आफूसँगै उसको पनि भिड्ने तागत लिएर भागे ।

एक्लै पर्‍यो फौलाद ।

ऊसँग थियो अब प्यान्थर । प्यान्थर अर्थात् घुर्ना । र घुर्नासँग थियो छठु 'बागी' ।

"मुह बन्द गरेर त्यहीँ बसिजाऊ चुप्पैचाप । नइ तँ यो देखेछौ हैन ?" सिक्सर नचाउँदै घुर्ना अघि बढ्यो ।

अब भने ऊसँग समय थिएन । भर्खरै लखेटिएका केटाहरू फर्किएर नआउलान् भन्न सकिँदैनथ्यो । त्यसैले फौलादलाई त्यहाँबाट अन्तै हिँडाइहाल्न जरूरी थियो । झबरको निर्देशन पर्खुन्जेल कि त मुन्ना राम कहाँ कि नभए उसैकहाँ लहाठी । अनि त्यसभन्दा अघि जे गर्नु थियो छिटो गर्नु थियो ।

फौलाद फन्किँदै गएर बेन्चमा बस्यो । उसको टाउको लत्रिएको थिएन । चिउँडोको सान तेर्स्याएर घुर्नालाई नै हेर्न थाल्यो । यसरी हेरेको घुर्नालाई मन परेन । उसले पनि फौलादलाई उसै गरी हेऱ्यो । अघिपछिभन्दा उसका आँखा तलका घेरा सुन्निएर पुक्क उठेका थिए । र त्यही पुक्कले ठेलेर होला आँखा सोहोरिएर मसिना भएका थिए । निद्रा कम जाँड बढी भएछ फौलादलाई । उसले सेतोमा कालो धारी भएको कमिज लगाएको थियो । भुँडीनिरका अन्तिम दुई टाँक खुलेका थिए, जसबाट नीरले निलिएको गन्जी ल्याङफ्याङ निस्किएको थियो ।

फौलादको 'फौलादपन' बेस्याहारमा नि खजमजिएको थिएन, जुन घुर्नालाई अहिले मात्र होइन, कहिल्यै पनि रूच्दैनथ्यो ।

फौलादबाट नजर हटाएर उसले छठुलाई पेटीझोला हेर्न भन्यो । र आफूले भिरेको ब्याकप्याकको फित्ता काँधतिर सर्कायो । ब्याग हलुका हुन गएकाले फित्ता काँधबाट फिसिकफिसिक चिप्लिइराख्थ्यो ।

पेटीझोलाको जिपर खोलेर छठुले एकएक लाखका दुई बुङ निकाल्यो । एउटामा स्टिच लागेको थियो । अर्कोको स्टिच उखेलिएको थियो । उखेलिएकोबाट जबर्जस्ती पैसा थुतेर होला स्टिच लागेको भाग च्यातिएको थियो । झोलाबाट छठुले निकाल्यो, नाइन एमएम पेस्तोल पनि । पेस्तोल लोड थिएन । किनकि उसले अलगबाट म्यागाजिन पनि निकाल्यो ।

रे बाफ रे ! घुर्ना हच्कियो । सारले निकाल्ने मौका पाएन, नत्र उहिल्यै ठोकिसक्दो हो । रिसको सुस्केरा फुङ्कार्दै उसले कम्मरमा सिक्सर कोच्यो र सोध्यो, "कति छ बाँकी यसमा ?"

फौलादले पहिला छठुले पैसा ओल्टाइपल्टाई गरिराखेकोतर्फ हेऱ्यो । त्यसपछि उसका आँखा घुर्नाको सिक्सरमा गएर अड्किए, "सिरिफ १५ हजार निक्लेको छ त्यसबाट ।" उसले 'सिरिफ'मा विशेष जोड दियो ।

दुई लाखबाट एक लाख ८५ हजार बचेछ । पेस्तोलसहितको पैसा छठुले पेटीझोलामा फिर्ता हाल्यो । र पेटीको बकल आफ्नो कम्मरमा किटिक्क पार्‍यो। घुर्ना भने पेटीझोलामा बन्द नाइन एमएमतिर लोभिएर हेर्दै थियो ।

"पैसा पाइसकेछौ अब के रहिगएछ ?" भन्दै फौलाद सिक्सरतिर पुलुक्क हेर्‍यो । थाहै नपाई उसका आँखा घुर्नाको कम्मरमा चेपिएको हतियारतिर घरीघरी खिचिन्थे ।

"पुराना हिसाब छ बाँकी, घबराउँछौ किन...?" घुर्नाले भन्यो । तर उसको ध्यान तत्कालै कचपचियो । उसले देख्यो, छठुले मोबाइल 'अन' गर्न थालेको। किन 'अन' गरेको भन्दै ऊ झर्कियो । छठुले खबर गर्ने होइन भन्ने भावमा आँखीभौं उचाल्यो । घुर्नाले अलिक छिन पर्ख भन्यो । छठुले मोबाइललाई फेरि गोजीमा थन्क्यायो ।

फौलाद मसिना आँखामा कुतूहल उमारेर दुवैलाई हेरिराखेको थियो । घुर्नाको 'पुराना हिसाब'को मेसो पाउन सकेको थिएन ।

"म र तक्षक राजविराज जाँदा माओवादीका केटाहरूलाई कसले खबर दिएको ?" असरदार आवाजमा घुर्नाले सोध्यो ।

चिताउँदै नचिताएको प्रश्न थियो यो । फौलादको मुख वाल्लिएर खुल्यो । कुरा नबुझेझैं उसले घुर्नातिर हेर्‍यो र भन्यो, "कसले...? म... मलाई किन सोधिरहेछौ ?"

"ज्यादा टाँयटाँय नगर । तिम्रो पोल खुलिसकेछ ।"

"देख प्यान्थर, मलाई यो सभको बारेमा कुछ मालुम छैन," फौलादले पालैपालो घुर्ना र छठुलाई हेर्‍यो । उनीहरूको मुहारमा कुनै प्रतिक्रिया थिएन । अनि उसले फेरि थप्यो, "केको कसम भन्छौ खान तयार छु । सचमा मलाई कुछ पता छैन ।"

"बिरजा धर्द्वैत !" घुर्ना बोल्यो, "अरू पनि भनौं कि नाम ही काफी छ ?"

"बिरजा...! को बिरजा ?" चिनेको हो कि नचिनेको फौलादले एक पटक नि गमेन ।

"को बिरजा...?" घुर्नाले दाँत कस्यो, "वही बिरजा जसलाई तिमीले खबर गर्‍यौ, हामी राजविराज गइरहेको । माओवादीको भारदह एरिया सैन्य इन्चार्ज । अब पनि मेन्टुल लगाएर चिनाऊँ ?"

"म कोइ बिरजाविरजालाई चिन्दिनँ ।"

"फोन लगाऊँ बिरजालाई ? तबै चिन्नुहुन्छ," छठुले मुख खोल्यो । फौलादले सुराकी गरेको जानकारी आखिरमा उसैले ल्याएको थियो ।

"यो कुन तरिका हो, मान्छेलाई फसाउने," भोलाभाला सुनियो फौलाद ।

"फसिसकेको मान्छेलाई हामी के फसाउने । तर जति लिचिरलिचिर गर्छौ, त्यति धस्दै जान्छौ भन्दिरहेछु," घुँडा मारेर बस्दै घुर्नाले भन्यो, "सीधासीधा बक्छौ कि लगाऊँ अरू आइडिया ?"

"माओवादीसित ठोकम ठोक चलिरहेछ हाम्रो । बताऊ मेरो के चिनापर्ची हुन्छ तिनीहरूसित ? मेरो बात मान न । म चिन्दिनँ के_।"

"झुट बोल्नुहुन्छ !" काखीमा पसिना चिटचिटाउँदै उभिइराखेको छठु च्याँठ्ठियो । फौलादले जे भन्यो, त्यही सुनिरहन सकेन । फौलादको कठालो समाउँलाझैं गरी हुत्तिएर बढ्यो र सोध्यो, "माओवादीको भारदह एरिया इन्चार्जलाई चिन्नुहुन्न ?"

"केको कसम खाऊँ ? भनिरहेछु म चिन्दिनँ । म हाम्रै समूहको जनकपुरको केटाहरूलाई ठीकसित पहिचान्दिनँ, यिनीहरूलाई कसरी चिन्न सक्छु ?" अनि आफैंसित गुनासो गरेझैं मलिन स्वरमा भन्यो, "अरू हैन मेरो पछि को लागेछ मलाई सभ पता छ ।"

"को लागेछ ?" छठु उतर्सियो ।

तर फौलाद भुनभुनाउन थाल्यो, सोधेको प्रश्नको वास्ता नगरी । उसको झोक देखेर छठु तोडमा आयो । र आफ्नो मोबाइल 'अन' गर्न थाल्यो ।

के गर्न लागेको भनेर घुर्नाले सोध्यो । छठुले बिरजा धर्द्वैतको नम्बर खोज्न लागेको भन्यो । घुर्नालाई याद आयो । बिरजाको नम्बर उसले पनि मोबाइलमा टिपिराखेको, जुन छठुले पत्ता लगाएर उसलाई मेसेज गरेको थियो । र जसमा फोन गरेर ऊ बिरजामाथि खनिएको थियो ।

घुर्नाले बिरजाको नम्बर आफूसँग भएकाले छठुलाई फोन 'अन' नगर्न भन्यो । छठुले मोबाइल खोल्ला र उताबाट फोन आउला जस्तो लाग्यो । अनि छठुले फ्याट्टै उठाइदेला र थाहै नपाई यताको कुरो चुहाउला भन्ने डर भयो ।

जे पर्ला पर्ला भन्दै अकस्मात्को परिस्थितिमा हामफालेकाले घुर्नालाई भित्रभित्रै भयले खाइराखेको थियो । जतिजति समय लम्बिँदै थियो, त्यति नै लखेटिएका केटाहरू जत्था लिएर अहिले आउलान् कि भरे आउलान् जस्तो लाग्न थालेको थियो । छठुलाई पनि त्यस्तै भएको हुनुपर्छ । ऊ डिलमा झ्याम्मिएको बाँसझ्याङतिर आँखा पुऱ्याउँथ्यो । अघि आफूहरूजस्तै कोही लुकिराखेको शङ्का हुँदो हो । उसले त्यसरी हेर्दा डरको चिसो करेन्टले घुर्नाका पाखुरामा काँडा उम्रिन्थ्यो अनि त्यहाँबाट हिँडिहाल्ने हतारोले झन्झन् चाप्दै ल्याउँथ्यो ।

हतपत घुर्नाले पाइन्टको गोजीबाट मोबाइल झिक्यो र 'सेभ' गरेको बिरजाको नम्बर छठुलाई दियो । घुर्ना अलमलमा थियो, के गर्न लागेको हो छठुले भनेर । कामकारबाही एकपछि अर्को यसरी बढ्दै थिए, दिमागलाई ठन्डा बनाएर सोच्ने सुविधा थिएन ।

छठु भने आफूले ल्याएको खबर प्रमाणित गरेरै छाड्ने धुनमा थियो । बिरजाको नम्बर पाइसकेपछि उसले फौलादलाई अह्रायो, "यता दिनुस् तपाईंको मोबाइल ।"

"मेरो मोबाइल ? किन... ?"

आनाकानी गर्न खोजेको फौलादलाई छठुले पर्खिएर बसेन । बेन्चमा बसिराखेको फौलादनिर गयो । र मोबाइल खुरूक्क उसलाई दिइयोस् भनेर हात बढायो ।

हतियारझैं छठुको तेर्सिएको हातले फौलादसित मागिराखेको थिएन, मोबाइल दिन आदेश दिइराखेको थियो । उसले बस्दाबस्दै ढाड तन्कायो । हल्का लागेको भुँडी स्वात्त भित्र तान्यो । र सक्किन लागेको ट्युबबाट टुथपेस्ट निचारेझैं गोजीबाट मोबाइल मास्तिर ठेल्दै निकाल्यो । झिक्नासाथ छठुले लिइहाल्यो ।

मोबाइल दिएर फौलादले घुटुक्क थुक निल्दा उसको मुहारमा हो कि होइन जसरी पहिलो चोटि डरको छायाँ मडारियो ।

छठुले फौलादको मोबाइलबाट बिरजालाई डायल गऱ्यो । अनि एकछिन कुरेर घुर्नालाई जनायो, "जाँदै छ... ।"

घुर्नी चटपटाएर उठ्यो काँधको ब्याकप्याक भुइँमा छाडेर । आएर ऊ छवुनिर उभियो । उनीहरू फौलादको ठीक अघिल्तिर उभिएका थिए । फौलाद कहिले दायाँ खुट्टा बायाँमा खप्टाएर बस्थ्यो, कहिले बायाँ खुट्टा दायाँमा । घुर्नीले याद गरेन । ऊ छवुलाई नै हेर्दै थियो, बिरजाले फोन उठाउला कि नउठाउला भन्ने धुकचुकमा । छवु भने तल्लो ओठ टोक्दै मोबाइलको घण्टी कान दिएर सुनिराखेको थियो ।

"उठायो उठायो !" साउती मिसिएको स्वरमा छवु चङ्ख भयो । मोबाइललाई फौलादको कानमा टाँसिदिँदै बोल्ने इसारा गऱ्यो ।

स्वर कमाउँदै फौलादले 'हलो' भन्यो । उताबाट बिरजाले केही भन्यो होला । काँत्रिएका आँखाले फौलादले छवुतिर हेऱ्यो । जवाफ के फर्काओस् । फौलादको कानबाट फोन तानेर छवुले घुर्नीलाई सुन्न लगायो । फोन घुर्नीको कानमा टाँसिदिँदा बिरजाले भन्दै थियो, "हाँ भन्नुस्, सभ ठीक छ हैन ?"

घुर्नीको सास एकै चोटि माथि चढ्यो । मोबाइल समाएका औंला काँपे । यो त्यही स्वर थियो, जसलाई घुर्नीले एक महिनाअगाडि फोन गरेको थियो, रूपनी काण्डको बदला लिएर छाड्ने चेतावनी दिन । र त्यसको जवाफमा बिरजाले 'प्यान्थर होस् कि बबन्डर, छ दम त उखाडेर दिखा' भन्दै लाइन काटिदिएको थियो । उसको अररोपनमा खुच्चिङ जस्तो केही थियो, जसले भन्न खोज्दै थियो, साला घुर्नीचाहिँ कसो बाँचेछ । बिरजाको पातलो तीखो स्वर ।

उति बेलाको काँचो रिस घुर्नीको फेरि पाक्न थाल्यो । काँडा उम्रिन थालेको रिसमा उसले फौलादतिर हेऱ्यो । फौलादले हल्का शिर निहुऱ्यायो । जेजे अह्रायो, त्यही गर्ला जस्तो अनुहार देखेर घुर्नीले फौलादको कानमा मोबाइल जोतिदियो । र बिरजालाई सब ठीक छ भन्न लगायो ।

तर फौलाद 'हलो... हलो' मात्र गर्न थाल्यो । मानौं, उताको आवाज उसले सुन्नै नसकेको होस् । अझ कुरो बिग्रिन्थ्यो होला । घुर्नीले मोबाइल तानेर आफ्नो कानमा लगायो । उताबाट बिरजाले, "आवाज गइरहेछैन के फौलादजी ?" भनिराखेको थियो ।

फौलादलाई सिकाएर बोल्न लगाउनु बेकार थियो । घुर्नी आफैं अघि सऱ्यो । स्पिकरको भागतिर छोपेर उसले छोटो 'सुनिरहेछु' मात्र भन्यो । उताबाट बिरजा बडो आत्मीय सुनियो, "अहिलेसम्म यतै हुनुहुन्छ, दुधौली जाने भनेको

हैन ?" फौलादको यतैको नम्बर हेरेर उसले थाहा पायो, फौलाद वारि नै भएको कुरा ।

यतिले पुग्यो घुर्नालाई, फौलाद र बिरजाको चिनजान मात्र होइन । एकअर्काको आन्द्राभुँडी पनि थाहा हुने रहेछ । दुधौली सुटुक्क जाने कुरा फौलादका गिनेचुनेकालाई थाहा थियो । तीमध्ये फेला परेको पसिन्दरलाई घुर्नाले रिभल्बर नतेर्स्याएको भए कहाँ बक्थ्यो र ?

घुर्नाले लाइन काट्यो ।

अघिसम्म बिरजालाई चिन्दै चिन्दिनँ भनिराखेको फौलादतिर घुर्ना सोझियो । उसका आँखा जलजलाउँदा भए । आफ्नो बचाउमा फौलाद केही भन्न खोज्दै थियो । जेसुकै होस्, घुर्नालाई अब कुनै द्विविधा थिएन, साटो फेर्न नै फौलादले बिरजालाई सुराकी दिएको । छठुले ल्याएको खबर पक्का हो । बक्ने पालो अब फौलादको ।

"यो सभ सेटिङ हो," फौलाद बेन्चबाट स्वाट्ट उठ्यो र स्वर चढाउँदै भन्यो, "मलाई तगडै फसाउन खोजेको छ । को दुस्मन लागेछ मेरो पछि... ।"

"हइ चुप !" घुर्ना चड्कियो ।

फौलाद सामसुम्म भयो । लाग्यो, सरसराइराखेका बाँसझ्याङका खस्रा पात पनि ठ्याप्प भए । छठुले छातीमा बाँधेको हात नि तल झार्‍यो । एकै चोटि हप्प गर्मी भए जस्तो भयो । गोब्रे नीलो माखा बाटो बिराएर आइपुग्यो, फुच्चे भुभुजेला भुवाँक्दै । नजिकै कतै जनावरको सिनो हुनुपर्छ । यही बेला फौलादको मोबाइल बज्यो । घुर्नाले समातिराखेको मोबाइलतिर आँखा पुर्‍यायो । नम्बर हेरेर उसले नीमदाना चपाएझैं मुख बिगार्‍यो । अनि फौलाददतिर तासको जोकर देखाएझैं मोबाइल फर्काएर भन्यो, "बिरजा धर्द्वैत ।"

फोन घुर्नाले उठाएन । अटो ट्युनवाला भोजपुरी गीतको रिङटोन बजिराख्यो । त्यही माथिमाथि स्वर खाप्दै घुर्नाले भन्यो, "दोस्ती बडा भारी पर्नेबला छ ।" त्यसपछि उसले फोन काटिदियो र मोबाइलको स्विच 'अफ' गरेर पछाडिको खल्तीमा घुसार्‍यो ।

फौलादको मुहारमा मडारिइराखेको डरको छायाँ कालिँदै उसका आँखाबाट चियाउन थाल्यो । आँखाका परिधि खुम्चिँदै आए । त्यस्ता आँखा फौलादलाई सुहाएनन् । घुर्नालाई फौलादको मुहार रामलीलामा खराब अभिनय गर्ने कलाकारको झैं लाग्यो ।

"अझ पनि टिपिरटिपिर गर्नु छ ? कि सीधासीधा कबुल्छौ ?"

"बात पहिला सुनी त लेऊ... ।"

के सुन्नु । घुर्नाले स्वाट्टै सिक्सर निकाल्यो । र सीधै गएर फौलादको निधारमा जोतिदियो । ऊ खौलिइसकेको थियो । "देख फौलाद सीधासीधा जे हो, त्यो बकिहाल । नइ तँ... घुसेडिदिन्छु," भन्दै सिक्सरको नाल निधारमा किल्ला गाडेझैं गाड्न थाल्यो ।

"यहाँ हुन्जेल वहाँ यस्तै गरिराख्नुहुन्छ । यहाँबाट पहिला निक्ली जाऔं प्यान्थरजी," छठुले अत्यायो । उसको स्वर हडबडीमा भकभकाउन मात्र बाँकी थियो ।

केही नसुझेपछि घुर्नाले सिक्सरको जुरेलीझैं मास्तिर फर्किएको 'ह्याम्मर'मा बूढीऔंला राख्यो, 'कक' गरे जस्तो गर्नलाई । अनि फौलादको कम्मरमुनि ताक्यो, "अब चाहे लादेर किन लैजान नपरोस्, म अन्तिम बार सोधिरहेछु ।"

फौलाद ओइलाएझैं खुम्चियो । सास बढ्दै आयो । ओठ फर्फरायो । घाँटी सुकेर होला, रूद्रघण्टी तलमाथि हल्लियो । "म... मैले...," फौलादले सास जुटाएर बलैले आवाज निकाल्यो । त्यसपछिको कुरा जोड्न खोज्दै थियो । आवाज सुक्खा हुँदै ओठमा आएर सुके ।

घुर्नाले तेर्स्याएको सिक्सर हटायो ।

"मैले सिरिफ डरवाउनको लागि भनेको थिएँ," जिब्रोले ओठ भिजाउँदै फौलादले भन्यो, "सीधै दाग्नु भनेको थिइनँ । तर... ।"

झ्याम्मै एक झापड दियो घुर्नाले । कुप्रिएर उभिइराखेको फौलाद बेन्चमा थचारियो । घुर्नाको दाँजोमा डबलै ज्यानको थियो फौलाद । तैपनि हलुकै ठेलिएको थियो । घुर्नाको झापडले भन्दा थरथरी बनाइराखेको डरले फौलादका घुँडा लुला भएका थिए ।

छठु घुर्नालाई रोक्न खोजेझैं नजिक आयो । तर घुर्नाको पारो देखेर केही भन्न सकेन ।

रिस थाम्न नसकेर घुर्ना छोटोछोटो सास फेर्दै थियो । रिभल्बर समातेको हात हावामा हल्लाउँदै भन्यो, "डरवाउनको लागि कसैले ताकीताकीकन गोली दाग्छ ? मलाई बकलेल सम्झेछौ के ?"

"मलाई सच्चैमा पता थिएन उनीहरूले सीधै दाग्लान्, मैले खालि... ।"

"घन्टा !!" बोल्नै दिएन घुर्नाले, "सुरजा समूहको मान्छेपछाडि माओवादी लगाएपछि के गाल थपथपाउँछन् ? यो किन भन्दैनौ कि मलाई लाग्नुपर्ने गोली तक्षकलाई लाग्यो ।"

"त्यसमा मेरो केही गल्ती छैन ।"

"गल्ती छैन त ल्याउन सक्छौ तक्षकलाई जिन्दा ?" रन्किएको स्वर चिरियो घुर्नाको, "ल्याउन सक्छस् माधरचो... ?"

फौलादले सकिँदैन भनेर मुन्टो हल्लायो । ऊ आत्तिएको थियो । उसले छठुतिर गुहारेझैं हेऱ्यो, पहिलो चोटि । तर छठुको टाउको ती केटाहरू भागेको दिशातर्फ फर्किएको थियो । कोही आइहाल्छ कि भन्ने त्रास त छँदै थियो । ऊ चिन्तातुर पनि देखिन थालेको थियो । बस् ! छठुको छटपटीले फौलादलाई भरथेग दियो । उसमा एक चिम्टी आँटले सुस्केरा लियो । सास अलिकति फुक्यो ।

घुर्ना भने उसैलाई हेरिराखेको थियो । फौलादका मसिना आँखामा ऊ पछुताउ खोजिराखेको थियो । किनभने घुर्नाको दिमागमा त्यही क्षण फनफनी घुमिराखेको थियो । जति बेला लिखो यादव रगत खोक्दै गाली उछिट्याउँदै थियो । बाँच्ने लालसाले भरिएका आँखा र छातीभरि आक्रोश लिएर लिखो छटपटिएको थियो । अँध्यारोसित जुझिराखेका उसका निम्न लागेका आँखा घुर्नाका पनि हुन सक्थे । तर ती हुन गए 'तक्षक'का ।

सिक्सर समातिराखेको घुर्नाको हात लत्रिएको फौलादले देख्यो । भुइँतिर हेरे जस्तो गरी उसले सिक्सरतिर आँखा लग्यो । सिक्सरको 'ग्रिप'मा च्याप्प समाएको घुर्नाको हत्केला पनि खुकुलो भए जस्तो लाग्यो । कस्तो गले जस्तो, थाके जस्तो देखिएको; के भएको हो घुर्नालाई एकाएक । त्यतापट्टि ध्यान दिएन फौलादले । उसले छठुतिर हेऱ्यो । छठु स्थिर हुन नसकी यताउति गर्दै थियो । यही हो मौका । गर या मर !

फौलाद बेन्चबाट हुत्तिएर घुर्नालाई झम्टियो । फौलादसहित घुर्ना भुइँमा पछारियो । तलतिर चेपियो घुर्ना । फौलादको पूरा भार घुर्नालाई थिचिराखेको थियो । हलचल गर्न सकस पऱ्यो घुर्नालाई । फौलादले देब्रे पाखुराले घुर्नाको चिउँडो मास्तिर ठेल्दै अर्को हातले रिभल्बर खोस्न खोज्यो । घुर्नाले रिभल्बर

अझ कस्सिएर समायो । फौलादले रिभल्बरको नाल समाएर घुर्नाबाट छुटाउन खोज्यो ।

पेस्तोल देखाउँदै चन्दा झार्ने, बीच बजारमा 'टार्गेट'लाई गोली हान्ने फौलाद आँटी थियो । घुर्नाभन्दा कम थिएन । झन् अहिले आफ्नो ज्यानमाथि परिआएको छ । जोखिम नमोले धरै थिएन । छट्ठु आत्तिएको देख्दा र घुर्ना आफैंमा अलमलिएको गम्दा उसलाई आँट आएकै हो ।

एक पटक हातमा सिक्सर परोस् न मात्र । फौलादले पूरै बल लगाइराखेको थियो । घुर्ना फौलादलाई आफूबाट धकेल्न खोज्दै थियो । तर मोटोघाटो फौलाद भारी परिराखेको थियो । छट्ठु हुस्सुझैं हडबडीमा कहिले पेटीझोलाबाट पेस्तोल निकाल्न खोज्थ्यो, कहिले फौलादको पाखुरा समाएर छुटाउने प्रयासमा कन्न थाल्थ्यो ।

एकछिन त्यहाँ स्याँस्याँ र फ्याँफ्याँ मात्रै सुनियो । सुनिए छुट्न छटपटाउँदा निस्कने आदिम आवाजहरू मात्र ।

ड्याङ्ग ! सिक्सर पड्कियो ।

कान लाटियो । ह्वास्सै आयो बारूदको राग । सास उखेलिएझैं छोटो 'हऽऽऽ !' सुनियो ।

छट्ठु घुर्नाको मुख ताक्न थाल्यो । घुर्ना फौलादको । आँखा फारेर फौलाद घुर्नामाथि जीउ छाडिदियो ।

सासै रोकिने गरी अँठ्याएकाले घुर्ना निसास्सिइराखेको थियो । फेरिन सक्नेजति सास फेर्दै भार छाडेको फौलादलाई उसले माथिबाट हटायो । फौलादको देब्रे छातीनिर गोली लाग्न पुगेछ । तानातानमा सिक्सरको नाल त्यतै सोझिएको हुनुपर्छ । कतिखेर 'ह्याम्मर' कक भयो, कतिखेर घुर्नाको औंलाले ट्रिगर थिच्न पुग्यो । मेसै पाएन ।

घुर्नाको लामोलामो सास फेराइ उस्तै थियो । मानौं, उसलाई कसैले लखेटिराखेको छ । उसका कान सिक्सरको पड्काइले डम्म भएका थिए । गर्दन भाँचिएझैं टन्किराखेको थियो । जति पटक सास फेर्‍यो, त्यति नै पटक छाती चस्किन थालेको थियो । फौलादले बेस्सरी कुहिना गाढेर होला । अहिले पनि छातीमा फौलादको भार महसुस गर्न सक्थ्यो । अनुहार भने सातोपुत्लो उडेर सन्न थियो ।

घुर्ना कुहिनाले पछि सर्दै फौलादलाई यसरी हेर्न थाल्यो । मानौं, ऊ फ्याट्ट ब्यूँतिएर फेरि झम्टिन आइपुग्ला जस्तो ।

उँधो घोप्टिएको फौलादको अनुहार घाँसे भुँइमा चेप्टिएको थियो । हेर्दाहेर्दै रगतले सिँचिँदै गयो, कमिजको छाती र पेटको भाग । घाँसमा रगतको रातो, गाढा हुँदै जम्न थाल्यो । फौलादसँगसँगै लडेको सिक्सरतिर घुर्नाले हेर्दा पनि हेरेन । दुवै हात बरू भुँइमा पुछ्न थाल्यो, रगत लतपतिएकाले । टिसर्टको फेरमा पनि लाग्न पुगेको थियो रगत । त्यसलाई पनि भुँइमा रगडिन थाल्दा आलोकाँचो मांसपिण्ड जस्तो गन्हायो । पहिलो चोटि सिनो काढ्दा काटिएको आफ्नो हत्केलाको रगत सिनोको मासुमा मिसिँदा आएको गन्ध जस्तो ।

यो के गर्‍यो घुर्नाले । ठिङ्रिङ्ग उभिएको उभियै भयो छवु । नचिताएको हुन गयो । घुर्नाले उसलाई भनेको थियो– फौलाद फेला पर्‍यो भने झबरसामु बकाउन लगाउने । रूपनी काण्डमा उसले गरेको गद्दारीबारे पोल खोल्न लगाउने । फौलादको पर्दाफास भएपछि रूसनहरूको गुट कमजोर पर्नेछ । र घुर्ना झबरको विश्वासपात्र बन्नेछ । त्यसपछि सुर्जा समूहमा ऊ माथि उक्लिनेछ । अनि त्यसपछि दलित प्यान्थर मोर्चा पक्का बनाइनेछ । तर घुर्नाले यो के गरिदियो ?

खोक्दै वाक्न लागिराखेको आवाजले छवु घुर्नातिर फर्कियो । बसेकै ठाउँमा घोप्टिएर घुर्ना र्‍यालका त्यान्द्रा थुकिराखेको थियो ।

उनीहरूको समय सक्कियो । जति बेर उनीहरू त्यहाँ रहिरहनेछन्, उधारो समयमा टेकेर उभिनेछन् । त्यहाँबाट नभागे समयले त्यसको मूल्य चुकाउन लगाउनेछ । छवुले फौलादछेउ सुस्ताएको सिक्सर हतरपतर उठायो । हावा फुस्किएको बेलुनझैं खुम्चिएको ब्याकप्याकमा कोच्यो । त्यसलाई घुर्नातिर हुर्‍याउँदै लगभग चिच्याउने स्वरमा भन्यो, "जल्दी !..."

मुखभरि जम्मा भएको वाकवाकीको र्‍याल र पित्तको तीतो पानी घुर्नाले जिब्रो काछ्दै थुक्यो । कुहिना टेक्दै, घुँडामा बल बिसाउँदै घुर्ना उभियो ब्याकप्याक सिउरेर । छवु अघि लागिसकेको थियो । पछाडि एक पटक नि फर्किएन । आँखा लुकाएर ऊ अघि लागेको थियो । घुर्नालाई आफू एक्लो, एकदम एक्लो जस्तो लाग्यो । सन्त्रसित आँखाले चारैतिर हेर्दा, रूखहरू हरिया

न हरिया देखिए । हत्याको साक्षी हुनुपर्दा भएभरको हरियो ओकलिराखेको जस्तो । तिनमा सर्सराइराखेको हावा पनि सुनिएन । कानमा टुँउँउँउँ जस्तो आवाजले बहिरो बनाएको थियो । स्तब्धताले आवाजहरू निले जस्तो । उसलाई एकलासको मुतनी वन भूतहा लाग्न थाल्यो ।

उसले सेलाइसकेको फौलाददतिर आँखा तन्कायो । उँभो फर्केका हातका औंला चल्लान्झैं फराकिएका थिए । मुटु चिसो भएर घुर्नाका हातखुट्टा फतक्क गले । फर्किएर उसले खाली बेन्चलाई हेऱ्यो । फौलादको शून्यता बेन्चमा सास फेर्दै थियो । "बागी...," उसले आवाज लगायो । छटु डिलको टुप्पामै पुगिसकेको थियो । घुर्नाका पाइला यन्त्रवत् अघि बढे । बढ्दै हतारिए । त्यसपछि ऊ बेसुधजस्तै दौडिन थाल्यो । कता जाँदै छु भन्ने ठेगानै नभएको जस्तो । पानीको अतलमा निसास्सिँदा सुनिने आवाज जस्तो दबिएको मुटुको ढुकढुकी सुन्दै ऊ दौडिराख्यो ।

आज ऊ कतै पनि पुग्न दौडिराखेको थिएन । कतै नपुग्न भागिराखेको थियो ।

# ३:५० बजे

पर्दा पूरा लगाएर बसिराखेको छ घुर्ना । खाटको किनारमा ऊ यसरी जड भएको छ । मानौं, जरासहित त्यहीं गाडिएको छ ।

टिभीले भट्याइराखेको विज्ञापनको एकएक शब्द टिपिराखेको थियो अघिसम्म । कतिखेर ध्यान सोहोरिएर थुन्न खोजेको सम्भनातिर खिचियो । घुर्ना बेखबर तानिँदै गयो ।

अहिले टिभीको आवाज उसको ध्यानबाट पातलिएको छ । ऊ सोच्दै छ, मुतनी वनको घटनापछि छठु कस्तरी गलेको । दिग्दारीमा खुइऽऽ खुइऽऽ गरिरहने उसका सुसाइ । आरोप लगाइराखेका उसका हेराइ । उसले गर्ने तर्क । ती सबैको आसय एउटै हुन्थ्यो– घुर्नाले गर्दा बेकारमा फसियो ।

त्यो घटनापछि उनीहरू तबरेजको घरमा एक हप्ता लुकेर बसे । सप्तरीको हनुमाननगरमा बस्ने तबरेज अली । घुर्नाले एकदुई पटक ऊसँग पनि हतियार 'टपाएको' थियो । घुर्नाले फौलादको हत्या भएको उसबाट लुकाएन । तर घटना जसरी हुन गएको थियो, तबरेजलाई भन्दा हेरफेर गऱ्यो । फौलादले चन्दाको पैसा नफर्काउने भन्दै उसलाई पेस्तोल हान्न लागेको घुर्नाले भन्यो । बचाउमा रिभल्बर पड्काउँदा फौलादलाई गोली लाग्यो भनेर उसले कुरा बनायो । र फौलादको नाइन एमएम तबरेजलाई देखायो ।

केरकार गरिँदा यही भन्ने भनेर घुर्ना र छठुमा मिलेमतो भएको थियो ।

तबरेजले पत्यायो । छठु भने एक्लाएक्लै हुँदा उही कुरा दोहोऱ्याउँथ्यो । मैले त भनेको थिएँ, त्यहाँबाट जाऔँ । केटाहरूलाई खबर पनि गर्न दिनुभएन । कम से कम गोली नदागेको भए हुन्थ्यो, यस्तैयस्तै ।

सशस्त्र समूहमा लागेपछि कोही मारिनु वा मर्नु छठुका लागि अत्यासिनुपर्ने घटना त होइन । 'सफाया' र 'भौतिक कारबाही'को नाममा यस्तो भइरहन्थ्यो । तर एउटै समूहको साथीको हत्या, घात थियो । भलै त्यसको सुरूवात फौलादले किन नगरेको होस् । त्यो अराजनीतिक थियो । अरूभन्दा पनि समूहका साथीहरूले नछाड्ने पक्का थियो । यस्तो झमेलामा न ऊ परेको थियो, न पर्न चाहन्थ्यो । त्यसैले छठु अत्याउने गरी आत्तिएको थियो ।

घुर्ना छठुलाई सम्झाओस् कि आफूलाई सम्हालोस् । उसले पटकपटक भनिसकेको थियो छठुलाई । तर्साएर कुरा ओकल्नका लागि मात्र फौलादलाई उसले रिभल्बर ताकेको थियो । गोली नै हान्नुपरेको भए घुँडाभन्दा तल हान्थ्यो होला । त्यसैले गोली चल्नुमा उसको भन्दा फौलादको गल्ती बेसी थियो । उसको स्पष्टीकरण सुनिरहँदा छठु उसको आँखामा हेर्दैनथ्यो । मुतनी वनमा आँखा लुकाएर अघिअघि लागेको जस्तो छठुले नजर छल्थ्यो ।

मन खिन्न हुन्थ्यो घुर्नाको । यति निःसहाय कहिल्यै पनि लागेको थिएन । घोप्टे अनुहार लगाएर ऊ लत्रक्क पर्थ्यो । र सोच्थ्यो– यत्तिमै सकिएको हो दलित प्यान्थर मोर्चाको सपना ? पश्चात्तापले घेर्दै आउँथ्यो । चित्त भारी भएर थिचिनै लाग्दा उसको अन्तर बौराउँथ्यो । उसको के गल्ती ? त्यसपछि उसलाई पालैपालो सबसित रिस उठ्न थाल्थ्यो, छठुसित, झबरसित, फौलादसित र आफैंसित पनि ।

छठुसित यसकारण रिस उठ्थ्यो, किनभने ऊ घुर्नाले जानेरै गोली हानेको भन्ने खालको कुरा गर्थ्यो । अगाडिको सोच्नुको सट्टा बितिसकेकोमा अल्झिएको थियो । झबरसित यस कारणले रिस उठ्थ्यो, किनभने उनले फौलादलाई समयमै लगाम कसेको भए आज यो दिन आउँदैनथ्यो । र फौलादलाई सम्झिँदा पछुतो मिसिएको रिसले तिलमिलाउँथ्यो । दिमागमा आफैं घुमिरहने त्यो घटना जति पटक केलाउँथ्यो, फौलादको अनुहार सम्झिएर औडाहा हुन्थ्यो । रिभल्बर तेर्स्याउँदा उसका आँखा काँत्रिएका थिए । तर तिनले लिखोको हत्याको माफी मागिराखेका थिएनन् । उल्टै फौलादको पारा छुटेझैं देखिन्थ्यो । नजर झुकाए पनि नाकका पोरा फुलाउँदै उसलाई के गरूँ के गरूँ भए जस्तो देखिन्थ्यो । त्यही भएर पेस्तोल झम्टिन आइपुग्यो । यदि फौलादको हातमा रिभल्बर परेको भए ?

ठीकै भयो जे भयो !

तर होइन । कहिले लाग्थ्यो, छठुले भनेको जस्तो त्यहाँबाट हिँडिहालेको भए कुरा अर्कै हुने थियो । त्यसपछि घुर्नालाई आफैँदेखि रिस उठ्न थाल्थ्यो ।

के गर्ने, के नगर्ने केही सुझिराखेको थिएन घुर्नालाई । ऊ मोबाइल अफ-अन गर्दै बसेको थियो । मोबाइल खोलेका बेला ऊ आस गर्थ्यो, झबरले फोन गरून् । भएको घटना आफ्नै अनुसारले भनेर ऊ पार पाउन चाहन्थ्यो । उनको नम्बर थिच्थ्यो पनि तर डायल गर्ने हिम्मत जुट्दैनथ्यो । भो ! कसैले फोन गर्नुपर्दैन भनेर ऊ फेरि फोन अफ गर्थ्यो । तीन दिनपछि लहानको साप्ताहिक पत्रिका *सार्थ*मा समाचार आयो, सुर्जा समूहको 'फौलाद' भनिने बिहारी पासवानको लास मुतनी वनमा भेटिएको । गोविन्दपुरका घसिनीहरूले देखेर इलाका प्रहरी कार्यालयमा खबर गरेका रहेछन् ।

समाचार पढेर घुर्नाको बेचैनी बढ्यो । एकै ठाउँ सोचेर बस्दा टाउको फुट्ला जस्तो भयो । जेसुकै होस् भन्दै ऊ त्यस दिन तबरेजको घरबाट निस्कियो । हनुमाननगरको पुरानो बजारबाट बरालिँदै ऊ कोसीको पश्चिमी बाँधतिर आइपुग्यो । त्यहाँबाट पनि ऊ बेट्टुङ्गो हिँडिरह्यो जोगिनियातिर । बाँधको पक्की सडकको देब्रेतिर झुरूप्पिएको गाउँघरको उसलाई वास्ता भएन । दाहिनेतिर कोसीको बगरलाई छुने लमतन्न फाँटतिर उसले हेर्दा पनि हेरेन । ऊ पूर्वैपूर्व हान्नियो । उसलाई कहीँ रोकिने मन थिएन ।

तर पश्चिमी नहरको पुलमा पुगेर ऊ अडियो । एक हुल किशोरहरू कल्याङमल्याङ गर्दै थिए । तिनीहरूको होहल्लामा लोभलाग्दो मस्ती थियो । घुर्नालाई त्यसले भुलिरहूँ बनायो ।

जँघिया लगाएका किशोरहरू पुलमा जम्मा भएका थिए । हातहातमा थिए बाँसका सन्ठी । सन्ठीको एकतिर फलामको सुइरो अर्कोतिर नाइलनको डोरी बाँधिएको थियो । पुलको बारबाट उँधोमुन्टो लगाएर तिनीहरू घोप्टिएका थिए । केही बेर कुरेपछि सन्ठीलाई पानीमा वार गर्थे । हेर्दा बल्छी थापेर माछा मारे जस्तो देखिन्थ्यो । तर उनीहरू पानीमा बग्दै आएका दाउराको 'सिकार' गरिराखेका थिए ।

एकतिरबाट निसाना नलागेपछि पुलको अर्कोतर्फ कुरी बस्थे । धमिलो पानीमा रोहु जस्तो छायाँ देखिनासाथ सुइरोसहितको सन्ठीलाई माथिबाट ताकेर

फ्याँक्थे । सुइरो दाउरामा गएर गाडिन्थ्यो । त्यसपछि डोरीले त्यसलाई पुलमाथि तान्थे । यसरी उनीहरू बाल्नलाई 'जर्ना' जम्मा गरिराखेका थिए ।

कहिले एउटाले ताकेको दाउरा अर्कोले हात पार्थ्यो । उनीहरू बाझ्न थाल्थे । तर त्यो बाझाबाझमा तिक्तता थिएन । अर्को क्षण उनीहरू एकअर्कालाई देखाइराखेका हुन्थे, बग्दै आएका दाउरा । दाउरा हात पर्दा उनीहरू केके नै भेट्टाएँजत्तिको खुसी हुन्थे । निस्फिक्री जिन्दगीहरूमाझ घुर्ना केही छिनका लागि हलुका हुन खोज्यो । तर आफूलाई उसले रित्तो पायो । खोक्रो बिल्कुल खालीखाली लाग्यो । उदासी पुसको निन्याउरो दिन जस्तो ऊभित्र धुम्मिएको थियो ।

घुर्नाले समाचार छापिएको दुई दिनसम्म मोबाइल एक पटक नि खोलेन । तेस्रो दिन यसो खोलेको थियो । एक घण्टा पनि बित्न नपाई झबरको नम्बर घनघनायो । घुर्नाको ओठतालु सुके । यो-त्यो भनुँला भनेर सोचिराखेको चेतशून्य भयो । तैपनि मुटु थामीकन फोन उठायो...

...घुर्ना जुरूक्क खाटबाट उठ्छ । मानौं, ओछ्यानले टोकेको होस् या सोच्दै बसेको कुराले ठुँगेको । जेहोस् उठेर उसले मोबाइल छामछुम गर्छ । अघि ओछ्यानमा हुत्याएको कुनामा । सिरकको खुम्चामा परेको रहेछ । मोबाइल उठाएर उसले समय हेर्छ । चार बज्न तीन मिनेट मात्र बाँकी छ । सामान समेट्न उसले कोठामा छरछार भएका आफ्ना चीजबीज हेर्छ ।

ढोका खोलिने छेउको तलतिरको प्लगनिर उसको चप्पल छ । प्लगमा मच्छड मार्ने 'गुडनाइट'को रित्तो भाँडो बेकामले झुन्डिएको छ । त्यसैनिर चप्पल परेछ । चप्पल घिसिएर यति पातलो भएको छ । हतारमा फुकाल्दा पाइतालामा टाँसिएझैं खुट्टै झट्कार्नुपर्छ । बाँकीको चीजबीज जामुनी रङ्को काठको कुर्सीले धानेको छ । सिटमा हिजो किनेको ब्रस र एकबित्ता पेस्ट छ । कुर्सीको ढाडमा राति सुत्ने हरियो जँघिया, गेरू रङ्को टिसर्ट झुन्डिएको छ । त्यहाँ आउने सबैले कुर्सीलाई कुर्सीको कामबाहेक अरू काममा ल्याउँदा हुन् । घुर्नाले पनि त्यसलाई टेबल र ह्याङ्गर एकसाथ बनाएको छ ।

सामान धेरै त होइन । तर लुगा पट्याउन भनेपछि सामान सोहोरसाहार गर्न घुर्नालाई बोझै लाग्छ । तीनओटा लुगा कोचकाच पारूँ भने ब्यागमा नअट्ने । छर्ने पर्चाको बन्डल नभए त हुन्थ्यो नि ।

घुर्नाले लगाइराखेको कमिज फुकाल्छ र पट्याउन सुरू गर्छ । बाहुला बाहुलासित खप्ट्याउँछ, कुमकुम मिलाउँछ, मिलाएको बाहुला एकापट्टि चेप्टाउँछ । त्यसपछि त्यसलाई दुई खेप पल्टाउँछ । तर घुर्नालाई चित्त बुझ्दैन । तीनकुने झन्डाको चुच्चोझैं कमिजको फेर चुस्स निस्किन पुग्छ । कमिजको कलर सपक्क बस्दै बसेनछ । छिनालेको कुखुराको घाँटीझैं लन्याङबन्याङ तुर्लुङ्गिएको छ ।

चित्त नबुझेको उसलाई पट्याएको कमिजले हो वा मन स्थिर नभएर ?

पट्याइराखेको कमिज त्यत्तिकै छाडेर ऊ कुर्सीनिर जान्छ । गेरू रङको टिसर्ट लगाउनका लागि कुर्सीबाट तान्छ । टिसर्ट टाउकोबाट छिराउँदै गर्दा अन्तिम पटक झबरसित फोनमा कुरा गर्दा सुनिएको उनको स्वर खस्रिन्छ, "हलो..."

...फोनमा झबरको 'हलो' एकदम सम्हालिएको सुनिएको थियो । न स्वरमा कडकपन, न आवेगको छनक । उनले स्वर मसिनो बनाएर कहाँ छौ भनी सोधेका थिए ।

उनको सोधाइमा घुर्नाले आफूप्रतिको वास्ता अनुभूत गर्‍यो । घुर्नालाई थोरै राहत भयो । उसले आफूहरू लुकेको ठाउँ भनिदियो । तर कसकहाँ भनेन । उनले पनि कोट्याएनन् । बरू अभिभावकीय लयमा भने, "गोलीवोली नदाग्नू भनेर सम्झाएको थिएँ, त फेरि... ?"

घुर्ना घाँटीसम्म भयो भन्न । लाग्यो, सबै कुरा साँचोसाँचो भनिदिऊँ– रिभल्बर निकालेर उसले तर्साउन मात्र खोजेको थियो । तर फौलाद ऊमाथि झम्टिएर घम्साघम्सी सुरू भयो र यही क्रममा गोली चल्न पुग्यो । जानीजानी ताकेर गोली हानेको होइन ।

उनले पत्याउलान् ? घुर्नालाई द्विविधा भयो । फेरि ब्रहरीपछि ऊ चेतेको पनि त थियो, भएको कुरा खुलस्त भन्दा के हुन्छ भनेर । उसले घाँटीसम्म उक्लिसकेको कुरो फिर्ता दबायो । र तबरेज अलीलाई जे भनेको थियो त्यही भन्यो । उनीहरू लहानगोठदेखि कसरी मुतनी वन गएको, त्यहाँ फौलाद अचानकसित भेटिएको, उसका साथमा रहेका केटाहरूलाई त्यहाँबाट धपाएकोसम्म घुर्नाले ठीकठीक भन्यो । तर त्यसपछि जे भएको थियो, त्यसमा हेरफेर गर्‍यो ।

झबरले ध्यान दिएर उसलाई सुने । सुनुन्जेल झोक्किए जस्तो, चुकचुकाए जस्तो, असन्तुष्टिका 'च्व ! च्व !' गरिरहे । बेलाबेला छक्क परे जस्तो 'हो र !' पनि गरे । घुर्नाले भनी सिध्याएपछि भने उनी लामो सास छाडेर मौन भए । आफूलाई भरथेग हुने केही भन्लान् कि भनेर घुर्ना सुन्न उत्सुक भयो । तर झबरको बोझिलो मौनताले उसलाई सशङ्कित बनायो । उनले झनै पत्याएनन् कि क्या हो ?

आपत् पऱ्यो घुर्नालाई । कसरी विश्वास गराऊँझैं भयो । उसलाई लाग्यो, सायद यही मौका हो फौलादको असलियत भन्ने । त्यसैले भन्यो, चन्दाको पोल उसैले झबरलाई लगाएको हुनाले फौलादले फोनमा धम्की दिएको । र त्यसको साटो फेर्न फौलाद माओवादीहरूसित मिलेको । अनि उनीहरू राजविराज गइराखेको सुइँको पाएर फौलादले माओवादीलाई सुराकी दिएको । जसले गर्दा रूपनीमा माओवादी केटाहरूले उनीहरूमाथि हमला गरेको ।

घुर्नाले सोच्यो– यतिसम्म गर्ने फौलादले चन्दाको पैसा नफर्काउने भन्दै पेस्तोल ताकेको कथन झबरले कसो नपत्याउलान् ।

झबर भने बम्किए, "त पहिला किन नभनेको ?" तर झटपट नरम सुनिन भने, "पहिला भन्थ्यो त यो सब नइ न हुन्थ्यो ।"

"मेरो कुरामा थोडै विश्वास गर्नुहुन्थ्यो । परमाण लिएर आउ तबै बात गर्नू भनिदिनुहुन्थ्यो," घुर्नाले गुनासो पोख्यो, "फौलादको चन्दाबला कुरा भन्दा उल्टै मेरोमाथि चढिहाल्नुभएको थियो ।"

झबरले जवाफ दिन सकेनन् ।

"वहीसभ सोचेर फौलादलाई पहिले सुराकी गरेको कबुल गर्न लगाउने अनि बादमा तपाईंको अगाडि मुह खोलाउने भन्नेतिर लागेको थिएँ... त यस्तो भइहाल्यो...," घुर्ना चुकचुकायो ।

"कबुल गऱ्यो त्यसले ?" झबरले सोधे ।

"मलाई डरवाउनका लागि उनीहरूसित मिलेको थिएँ भन्दै थियो । जानै लिने गरी गोली चलाउनेबला कुरा उसलाई पतै थिएन भनेर बात बनाउन खोजिरहेको थियो । मेरो त देह तमतमाइहाल्यो । वहीं का वहीं जमाइदिएँ एक थप्पड कसेर ।" त्यसपछि उसको स्वर धारिलोबाट भुत्ते हुँदै गयो, "थप्पड पडेपछि जब चन्दाको पैसा फिर्ता मागें त निहुँ खोज्न थाल्यो । वही भनाभनमा उसको र मेरो... ।"

यदि फौलाद पेस्तोल ताकेर भनाभन गर्न सक्ने थियो भने घुर्नाले सोधेको कुरा किन सजिलै स्विकार्थ्यो ? घुर्नाको कुरामा झबरले तालमेल देखेनन् सायद । उनले यति मात्र भने, "ठीक छ... बाँकी कुरा बादमा भेटेर गरौँला ।" उसै पनि उनी नापीनापी बोल्दै थिए । त्यसपछि सामान्यभन्दा अझ नरम हुँदै सोधे, "फौलादबाट लिएको पैसा सहीसलामत छ ?"

घुर्नाले १५ हजारबाहेकको पैसा चोखै छ भन्यो ।

"यस्तो गर... पैसा लिएर लदनियाँ पुगिराख," उनले भने ।

घुर्ना एकाएक सामसुम भयो ।

"के भयो ?" झबरले सोधे ।

भएको त धेरै कुरा थियो । के भन्ने के नभन्ने । घुर्नाले भन्नै सकेन केही ।

"फिकर नगर । नडराईकन आऊ, म सम्हालिहाल्छु," झबरले आश्वासन दिए ।

द्विविधै द्विविधामा घुर्नाले 'आउँछु' भन्यो ।

झबरले कहिले आउने भनेर सोधे । घुर्नाले 'दुई दिनमा' भन्यो । झबरले पक्का गराएर फोन राखे ।

...कोठाको झ्यालको सिसा थर्र काँप्छ । तल सडकको खाल्डाखुल्डीमा ट्रक धङधङाउँदै गइराखेको सुनिन्छ ।

घुर्नाले सामान समेट्न थाल्छ । चप्पल प्लास्टिकमा बेरेर सबैभन्दा तल राख्छ । त्यसमाथि पर्चा । त्यसपछि बाँकीको चीजबीज राख्दै जान्छ । सबै टाकटुक राखिसकेपछि जिपर लगाउँछ । अब लाग्छ, काम सकियो, बाहेक एउटा । उसले मोबाइल झिक्छ र छठुलाई फेरि फोन लगाउँछ । इन्गेजको टोन आउँछ । यसपालि फोन लागिहाल्ला भन्ने आशा जाग्छ घुर्नालाई । सरेर ऊ झ्यालनिर जान्छ । र फेरि डायल गर्छ । अचम्म ! अघिसम्म सम्पर्क हुन सकेन भनेर जानकारी दिइराखेको थियो । अहिले 'स्विच अफ' भनिराखेको छ ।

घुर्नालाई खुलदुल हुन्छ, किन गरेको थियो होला छठुले फोन । सोच्दै मोबाइल हेरेर टोलाउँछ । उसलाई छठुको हतासिएको अनुहारको झल्को आउँछ । ठ्याक्कै त्यस्तै, जति बेला ऊ हनुमाननगर छाडेर सीमा कटिहालौं भन्दै थियो...

झबर पासवानले फोन गरेको अर्को दिन छवुको सातोपुत्लो उडेको थियो । अनुहार अँध्यारो बनाएर ऊ भन्दै थियो– हनुमाननगर आजै छाडेर सीमा कटौं । र पारि सिमराहीमा गएर बसौं ।

घुर्नाको मनमा ननिको खासखुस चल्न थाल्यो । उसले किन भनी सोध्यो । छवुले मोबाइल देखाउँदै नचिनेको नम्बरबाट फोन आएको भन्यो । यतिन्जेल घुर्ना पनि खुलदुलिइसकेको थियो । नम्बर हेरिरहन धैर्य भएन । उसैलाई सोध्यो त्यसबारे । छवुले एकै सासमा भन्यो– त्यो नम्बरबाट लगातार फोन आइराखेको । उठाउनैपऱ्यो भनेर उठाउँदा उताबाट कोही चर्किन थालेको । कानमा फोन लगाएर सुनिराखेको ऊ, सुनेको सुन्यै भयो । फोन गर्नेले धम्की दिइराखेको थियो, फौलादको हत्याको बदला लिएर छाड्ने रे । उनीहरू कति दिन हनुमाननगरमा लुकेर बस्छन्, हेरौंला भन्दै चेतावनी पनि दियो ।

त्यही भएर छवु खङरङ्ग हुँदै हनुमाननगर छाड्ने भन्दै थियो । डराएर ऊ गइहाल्ने सुर कसेको थियो । साथै धम्की दिनेसित ऊ मुर्मुरिएको पनि थियो । उसको मुखबाट ठेट गालीका पर्रा छुटिराखेका थिए ।

झबरले घुर्नालाई फोन गरेपछि नै यो धम्की आएको थियो । हनुमाननगर भनेर उनैले समूहका केटाहरूलाई भने कि ? पहिला पनि फौलादको कुरा लगाउँदा झबरले उसको नाम रूसनलाई भन्न पुगेका थिए । अनि त्यसपछि फौलादले थर्काउँदै उसलाई फोन गरेको थियो । यसपालि पनि घुर्नाहरू हनुमाननगरमा छन् भनेर उनले थाहा दिएको हुनुपर्छ । खुसुक्क आफू नजिककालाई भन्दा कुरा चुहियो कि ?

त्यसो हो भने उनले रूपनी काण्डमा माओवादीहरूसित फौलाद मिलेको थियो भनेर भन्न के बेर ? कसले भन्यो भनी सोध्दा उनले घुर्नाको नाम खुलाइदिएका होलान् । र रूसनहरूले भन्ठाने होलान्, त्यसैको साटो फेर्न घुर्नाले गोली हानेको । नत्र अरू कसले फौलादको बदला लिन्छु भनेर धम्की दिन सक्थ्यो ?

घुर्नालाई लाग्यो, झबरलाई रूपनी काण्डबारे नभनेको भए हुन्थ्यो । कुरा उसैले बिगाऱ्यो त ? कि कतै मुतनी वनमा धपाइएका फौलादका केटाहरू पहिल्यै रूसनहरूको सम्पर्कमा आइसकेका थिए ? कस्तो फसाद, न सोध्न सकिने, न गुहार माग्न सकिने । तर अब के पो गर्ने ?

मुर्मुरिइराखेको छठु सन्कियो । भन्यो– पैसा लिएर लदनियाँ अब नजाने । घुर्ना पक्क परेर छठुलाई हेऱ्यो । छठुले भन्न थाल्यो– पैसा बुझाएर झबरको शरण पर्न गए पनि उनीहरू सुरक्षित छैनन् । आखिरमा उनले केही गर्न सक्ने होइनन् । गर्ने भए त्यत्रो माओवादीको हमला भएपछि केही गर्ने थिएनन् ? बदला लिने भनेर उफ्रिए पनि त्यत्तिकै सेलाएर गयो । त्यसैले फर्किएर गए भने अब रूसनहरूले छाड्ने छैनन् । कि सीमामा सिआरपी लगाइदेलान्, नभए आफैं काम तमाम गरिदेलान् । अब कसैको केही भरोसा रहेन ।

भित्रभित्रै अलपत्र परेको घुर्नालाई हो कि भन्ने भयो । यदि फौलादलाई झबरसामु उसले गरेको गद्दारीबारे स्विकार्न लगाएको भए रूसनहरूको ताइँ झर्ने थियो । समूहका अरू साथीहरू पनि उनीहरूमाथि जाइलाग्थे होलान् । तर अब घुर्नालाई कसले पत्याउने । उसले जानेरै गोली चलाएको भन्ने उनीहरूलाई लागिराखेको छ ।

हो, घुर्नालाई नि पक्का भयो । समूहमा फर्किएर गए पनि रूसनको गुटले उसलाई छाड्नेछैन ।

उनीहरू चन्दाको पैसा फिर्ता बुझाउन लदनियाँ नजाने नै भए । सिमराही लागे । चैत अन्तिमदेखि वैशाख, जेठ, असारसम्म त्यहीँ बसे ।

साउनमा वारि फर्किए, सुतिहार समूहको एरिया मानिने गोबरगढाऽऽमा । त्यहाँ उनीहरूले थाहा पाए, सुर्जा समूहकाले खोजिराखेको । सुतिहार समूहको एरिया इन्चार्जले सुनाएको थियो यो खबर । पछि बबनले पनि फोन गरेर भनेको थियो । केटाहरू भन्दै थिए रे, प्यान्थर र बागीबाट जसरी पनि पैसा लिएर छाड्ने । त्यत्रो पैसा पचाउन नदिने ।

घुर्नाले अनुमान त लगाइसकेको थियो, उनीहरूलाई खोज्न रूसनका गुटका केटाहरूले जीउज्यान लगाइराखेका होलान् । अनि बबनहरूले भन्दा घुर्नाले कुनै प्रतिक्रिया नजनाई खालि सुनिरह्यो । तर उसलाई थाहा थियो, ती केटाहरूले चन्दाको पैसा फिर्ता गराउन भने पनि असलमा फौलादको बदला लिन चाहन्छन् । त्यसैले घुर्नालाई जे गर्नु थियो, छिटो गर्नु थियो ।

घुर्ना र छठुलाई बल मिल्यो, आफ्नो समूह बनाउन । त्यतिका दिनदेखि छुट्टै सशस्त्र समूह खोल्ने भनेर बिचारिराखेका थिए, आफ्नै समूह भएपछि

उनीहरूलाई कसले छुन सक्ने ? उल्टै आच्छुआच्छु नबनाइदिऊन् ! तर खोल्ने कसरी, सुझिराखेको थिएन । उनीहरूसित केवल फौलादबाट थुतेको रकम, नाइन एमएम पेस्तोल र घुर्नासित भएको रिभल्बर थियो । अनि यही बेला ललन सिंहले घुर्नालाई फोन गरेको थियो ।

झ्यालबाट घुर्ना खाटमा आउँछ । आफ्नै सुरमा हराइराखेझैं खाटको किनारमा बस्छ । ऊ सोच्दै छ– सुर्जा समूहकाले घेरा लगाउनुभन्दा पहिले स्थिति मजबुत गर्न सकिन्छ त ? अनि प्रहरीले आफूलाई शङ्काको घेरामा राखेको मामिला नि ? ढुक्कले हिँडडुल गर्न नसकिने अर्को पाटोले उसलाई कुटुक्क खान्छ ।

दलित प्यान्थर मोर्चाको सशस्त्र सङ्घर्ष चर्किंदै गएपछि कुनै न कुनै बेला राज्यसँग वार्तामा बस्नुपरिहाल्छ । विचार पुऱ्याउँदै उसले सोच्छ । त्यतिन्जेल फौलादको हत्याको मुद्दा लागेछ भने वार्तामा बस्दा फिर्ता लिने सर्त राख्नुपर्छ । त्यसपछि अलि फुक्का भएर हिँड्न सकिन्छ । तर त्यसभन्दा अगाडि ?

घुर्नाको आँखा टिभीमा जान्छ । समाचार आउन लागेको रहेछ । उसले मोबाइल हेर्छ । चार बजिसकेछ । तर यति बेलाको समाचारभन्दा चार पैंतालीसपछिको समाचार उसले कुरेको हो । आँखा टिभीको पर्दामा अडिए पनि मन तुलबुलाउन थाल्छ । केटाहरू कहाँसम्म पुगे होलान् ? घुर्नालाई काठमाडौंका बाटाहरूको झल्को आउँछ । र झल्को आउन थाल्छ; सर्वोच्च अदातल, नापतौल विभाग अनि औद्योगिक क्षेत्रको पनि । बिस्तारै घुर्नाको सास बढे जस्तो हुन्छ । कुकुरदाँतले दाहिने ओठको कुना च्यापेर ऊ कुटुकुटु टोक्न थाल्छ ।

# ४:०५ बजे

बासी जस्तो लाग्ने समाचार ताजा अनुहार भएकी समाचार वाचिकाले भट्याउँदै छिन् । राजनीतिक 'डेडलक'को उही समाचार उनको स्वरको नाटकीय आरोहअवरोहले पनि रोचक बनाउन सकेको छैन ।

*...चैतमा सरेको संविधानसभाको चुनावको तयारीबारे निर्वाचन आयोग...*

ठीक यही बेला घुर्नाको मोबाइल बज्छ ।

उसको ध्यान टुट्छ । छठुको पक्का हो भन्ठान्छ । हतपत पाइन्टको गोजीमा राखेको मोबाइल झिक्छ । नम्बर हेर्दा ढाड एकाएक सोझिन पुग्छ । रामाले गरिराखेको रहेछ ।

के भन्ने ? घुर्नाले दिमाग बेगसित मथ्न थाल्छ । ललनका अनुसार ऊ यस बेलासम्म लजबाट निस्किसक्नुपर्थ्यो । छड्के हान्न कतै रामाले फोन गरिराखेको त छैन । सास तानेर मनमनै गुन्छ । अनि उभिएर फोन उठाउँछ ।

"हलो...," चाहिनेभन्दा बेसी नै स्वर चर्किन्छ घुर्नाको । उताबाट रामाले कहाँ पुग्नुभयो भनेर सोध्छ ।

"म...म बस्स कोठा लगाएर चाभी बुझाउन गइरहेछु," हतार भएझैं गरी बोल्छ घुर्ना । तर रामाले हडबडाउँदै अहिले पर्खनुस् भन्छ ।

घुर्ना अकमकिन्छ । आफू कोठामै भएकाले भन्नलाई केही जुर्दैन । रामाले कोठामा एकछिनका लागि फर्किनुस् भन्छ ।

"रूक...," भन्दै कोठाको बीचौबीच उभिइराखेको घुर्ना ढोकासम्म जान्छ । ढोका खोल्छ र फेरि बन्द गर्छ । उसको मन खलबलिन थाल्छ । ढोकाबाट

खाटनिर आउँदै उसले भन्छ, "भितर पुगिसकें । भन, सभ ठीक गइरहेछ ?"

"यहाँ टेन्सन थपिहाल्यो...," रामाले भन्छ र फतफताउँछ, "-साला असईले गडबडाइदियो ।"

"के ! के... गडबडाइदियो ? आएन बोलाएको ठाउँमा ?" छक्क पर्दै घुर्नाले सोध्छ ।

"आउनेवाला बात छोड्नुस् अध्यक्षजीसितै डिल मिलेन । लेनदेनमा किचकिच पडिहाल्यो । पहिलेदेखि पैसामा एकतर्फी सर्त राख्दै आएको थियो । साला अहिले आएर अडिहाल्यो । सोचे होला, यही मौकामा लफडा झिकिहालूँ त भने जति झार्न सकिन्छ । तर उसले ललन सिंहको लोहा चिनेकै छैन," रामा झोक्किन्छ ।

"लेनदेनमा बात मिलेन भनेर तिमीलाई कसरी पता भयो ?" घुर्नाले सोध्छ ।

"अध्यक्षजीले फोनमा बताउनुभयो ।"

"त मलाई किन गर्नुभएन ?"

"अध्यक्षजीको माथा खराब भइरहेछ । फोन गरून् कि प्लान सम्भालून्, कुछ समझमा आइरहे छैन । यो त उनैले फोन गर्न लगाएकोले मैले तपाईंलाई खबर गरेको," उसले भन्छ ।

"अब आगे के हुन्छ, प्लान क्यान्सिल भइहाल्यो ?" उत्तर सुन्न घुर्ना भित्रभित्रै डराउँछ, जवाफमा क्यान्सिल भएको सुन्नुपर्ला भनेर ।

तर उताबाट न जवाफ आउँछ, न आवाजै केही आउँछ ।

"हलो... हलो... विक्रान्त... हलो ।" फिटिक्कै केही सुनिँदैन । उसले झटपट लाइन काट्छ । र तुरुन्तै फोन लगाउन थाल्छ । उताबाट इन्गेजको टोन आउँछ । घुर्ना रोकिन्छ । उतैबाट फेरि फोन आउँछ । बेर नगरी उसले उठाउँछ, "हलो विक्रान्त... हाँ लाइन त्यति किलियर छैन यहाँ... प्लानको के भयो ? क्यान्सिल भइहाल्यो ?"

"प्लान जसको तस छ । क्यान्सिल भए' छैन । सिरिफ पड्काउने ठाउँ बदलिए'छ ।"

"ठाउँ बदलिहाल्यो !?" घुर्नाको दिमाग घुम्छ । बोली पनि ठप्प हुन्छ ।

"जल्दी से जल्दी लजबाट निस्किहाल्नुस् । फर्किने बस समातेर काठमाडौं पार भइहाल्नुस् । अनि धियान से सुन्नुस्… अध्यक्षजीले बाँकीको प्लान पूरै चेन्ज गर्नुभए'छ । उनले अब नयाँ ठाउँबाट विस्फोटको जिम्मेवारी लिनुहुन्छ ।" अनि एकछिन थामिएर भन्छ, "असईसित बात बिगडिएकोले अब खतरा ही खतरा छ… होसियार रहनुहोला ।" उसको स्वरमा घुर्नाले पहिलो चोटि डरको छनक सुन्छ ।

त्रासले घुर्नालाई पनि भेट्छ । सोध्नुपर्ने कुराहरूले उसलाई अत्याउन थाल्छन् । बाँकीको प्लान चेन्ज भनेको के हो ? ललन कहाँ छ अहिले ? एक चोटि कुरा गर्न पाएको भए । तर हडबडीमा दिमाग जाम गरिराखेको प्रश्न पहिला सोध्छ, "कुनकुन जगहामा पड्काउने भयो अब ?"

बोल्न थालेको रामाको स्वर रोबोटीय सुनिन थाल्छ । प्लेयरमा डिस्क अड्किए जस्तो अड्कीअड्की । घुर्ना झ्यालनिर जान्छ । "हलो विक्रान्त… के भनिरहेछौ… आवाज ठीकसित पकडिरहे छैन… हलो… ।"

ठ्याम्मै आवाज बन्द भई एकै पटक लाइन काटिन्छ । अघिझैं घुर्नाले फेरि डायल गर्छ । उसै गरी इन्गेजको टोन आउँछ । उताबाट रामाले गरिराखेको होला भनेर घुर्ना केही छिन रोकिन्छ । एकछिन, दुईछिन, तीनछिन नै बित्छ । लाइन फर्किंदैन । घुर्नाले फेरि फोन लगाउँछ । इन्गेजको टोन आइरहन्छ ।

रामाले अन्तैतिर पो फोन गरिराखेको छ कि ? घुर्नाले बिचार्छ । तर ऊसित कुरै नटुङ्ग्याई ? कि अचानक केही आइपर्‍यो ? घुर्ना व्याकुल हुन्छ । कोठामै ऊ ओहोरदोहोर गर्न थाल्छ । रामाले कहाँबाट फोन गरेको थियो होला । ठमेलको लज ? त्यतै कतैको गल्ली ? बाटो ? ऊसित कुरा गर्दा फोनमा पछाडिबाट सुनिएको आवाज घुर्नाले सम्झिने प्रयास गर्छ । ठम्याउन सक्दैन ।

केही नलागेपछि उसले ललनलाई फोन गर्ने सोच्छ । हुन त सिम फेरिहाल्छु भनेर ललनले भनेको कुरा घुर्नालाई याद छ । गोङ्गबुबाट छुट्टिंदा नै भनेको थियो । यतिन्जेल त गरिसक्यो होला । आस मारेर भए पनि उसले डायल गर्छ । ललनको नम्बर इन्गेज आउँछ । धन्न ! इन्गेजै बेस, स्विच अफ त भएको रहेनछ । फोन लागिहाल्ने आसले ऊ गरेको गर्‍यै गर्छ । तर पाँचछ पटक गर्दा पनि इन्गेजका इन्गेज आउँछ ।

फेरिएको प्लान ललनले जोडतोडका साथ मिलाइराखेको होला । घुर्नाले अड्कल लगाउँछ । योजनाअनुसार कहाँकहाँ हुने होला बम विस्फोट गर्ने ठाउँ ? जान्न घुर्ना छटपटिन्छ । कम से कम उसलाई त फोन गरेर भन्नुपर्ने । अब कसरी थाहा पाउने उसले ? घरबाहिर थुनिएको मान्छेझैं ऊ फनफनिन्छ र टिभीनिर जान्छ । रिमोट उठाउँछ र च्यानल फेर्न थाल्छ ।

च्यानलहरूको भीडमा ऊ नेपाली च्यानल केलाइकेलाई हेर्न थाल्छ । नेपाल वन, एभिन्युज, इमेज च्यानल, कान्तिपुर टिभी_ । यिनै च्यानलमध्येबाट थाहा पाउनुबाहेक कुनै उपाय छैन । त्यो पनि चार पैंतालीसपछि । ऊ च्यानल फेर्दै बस्छ । कहिले कुन कहिले कुन । उसका आँखामा भने काठमाडौंका बाटा, भवन, भीड, टावर, गाडी यस्तैयस्तै आउन थाल्छन् । आँखा झिमिक्क नपारी ऊ हेरिरहन्छ । हत्केला पसिनाले चिपचिप भएर चिसा हुन थाल्छन् ।

घुर्नाले त्यसपछि मोबाइल किटिक्क थिच्छ । ४:३० बज्दै छ । चार पैंतालीस हुन १५ मिनेट बाँकी छ । लाग्छ, विस्फोटको उल्टो गन्ती सुरू भइसक्यो_१५_१४_१३_१२_११_१०_ ।

## ५:१५ बजे

पर्दामा एभिन्युज टिभीको 'ब्रेकिङ न्युज'ले सनसनी मच्चाइराखेको छ ।

–त्रिपुरेश्वरको बस बिसौनीमा भर्खर ठूलो बम विस्फोट भएको छ । कीर्तिपुर रूटको बसमा निकै क्षति भएको छ । बस कुरिरहेका यात्रुहरू गम्भीर घाइते भएका छन् । घाइतेहरूलाई वीर अस्पताल पुऱ्याइँदै छ । खबरअनुसार एक जनाको बाटोमा लैजाँदा गर्दा मृत्यु भएको छ । घाइतेहरूबारे थप जानकारी आउन बाँकी नै छ ।

केही प्रत्यक्षदर्शीअनुसार सेतो ट्याक्सीमा आएका दुई जना मान्छेले एउटा झोला यात्रु प्रतीक्षालयमा छाडेर गएका थिए ।–

घुर्नाले छिटछिटो च्यानल फेर्छ । तराई टिभीमा आउँदै छ–

–माइतीघरको बस बिसौनीमा ठूलो बम विस्फोट भएको छ ।–

इमेज च्यानलमा पनि त्यही समाचार छ ।

–काठमाडौंका तीन ठाउँमा शृङ्खलाबद्ध बम विस्फोट भएका छन् । त्रिपुरेश्वर र माइतीघरको बस बिसौनी र बालाजु औद्योगिक क्षेत्रको टेम्पो स्ट्यान्डमा सर्वसाधारणलाई क्षति पुऱ्याउने उद्देश्यले भएको यो विस्फोटमा बस र टेम्पो कुरिरहेका यात्रु नै गम्भीर घाइते भएका छन्–

रिमोट समातिराखेको हात थर्र काँप्छ । काँपिरहेको हात सामान्य बनाउन घुर्नाले रिमोटलाई च्याप्प पार्छ । ब्याट्री राखिने खोल खुकुलिएर खस्छ । उसले उठाउँदैन । दिमाग चक्कर लागेर भनन्न हुन्छ । विस्फोटको समाचार जति सुन्दै गयो, त्यति नै आतङ्कले छोप्दै आउँछ ।

रामाले भने जस्तो खतरा छ अब ।

कोठा चाँडै छोडिहाल्नुपर्छ । ठूलो गल्ती भयो । ऊ सोच्दै छ, त्यसको परिणाम जे पनि हुन सक्छ । उसलाई लाग्छ, उनीहरूलाई पक्डिन प्रहरीहरू तैनाथ भइसके । लाग्छ तिनीहरू यतै आउँदै छन् । कुनै पनि बेला भऱ्याङ उक्लिने हुन् । ढोका फोड्ने गरी ठटाउन थाल्ने हुन् ।

घुर्नी झटपट खाटबाट उठ्छ । टिभी बन्द गर्छ । झ्यालमा गएर पर्दा अलिकति खोल्छ । तल सडकमा सामान्य चहलपहल छ । झ्यालबाट फर्किन्छ । सिरक र तकिया उल्टाएर हेर्छ । केही छैन । ब्याकप्याक उठाउँछ । ढोकामा चाभी लगाउनुअघि एक पटक कोठालाई सर्र नियाल्छ । छुटेको केही छैन । उसले चाभी लगाउँछ र भऱ्याङ ओर्लिन थाल्छ ।

तल ओर्लिएर उसले काउन्टरतिर हेर्छ । मान्छेहरू काउन्टरमा राखेको टिभीमा झुम्मिएका छन् कि छैनन् भनेर । त्यहाँ कोही हुँदैन, काउन्टरमा बस्ने कामदारबाहेक । टिभी पनि बन्द छ । कामदार केटो छेउमा क्याल्कुलेटर राखेर बिलको काम गर्दै छ ।

घुर्नी छिटोछिटो काउन्टरमा जान्छ । चाभी दिन्छ र बिल माग्छ ।

कामदार केटोले लेखिराखेको बिलबाट आँखा उठाएर हेर्छ, "आजै छोड्नुहुन्छ ?"

घुर्नीले 'हुँ' मात्र जनाउँछ ।

"चियानास्ता केही लिनुभ'को थियो ?"

छैन भनेर घुर्नीले छोटै उत्तर दिन्छ । केटोतिर हेर्दा पनि हेर्दैन ।

"दुई दिनको १४ सय भयो," क्याल्कुलेटर नथिचीकनै केटोले भन्छ, "भ्याट बिल चाहिन्छ ?"

चाहिँदैन भन्छ घुर्नीले र ब्यागको अगाडिको पकेटबाट दुई हजार निकालेर दिन्छ ।

सादा बिलको पुर्जी र बाँकीको पैसा फिर्ता दिँदै केटोले सोध्छ, "कतातिर जाँदै हुनुहुन्छ ?"

ऊ नसुने जस्तो गरी फिर्ता पैसा गन्छ । हिजो पनि केटोले रजिस्टरमा फोन नम्बर अनिवार्य लेख्नुपर्छ भन्दै थियो, जुन उसले छैन भनेर टारेको थियो । घुर्नीलाई पटक्कै मन पर्दैन उसको सोधखोज ।

घुर्नाले बेवास्ता गरेपछि केटो भन्न तम्सिन्छ, "बाटो पूरै बन्द होला जस्तो छ । त्रिपुरेश्वरमा बम पड्केको रैछ । म उतै टेकुतिर... ।"

"उता गइरहेछैन म," सकपकाउँदै घुर्नाले भन्छ । गनिसकेको पैसा पाइन्टमा हुल्दै उसले केटोतिर हेर्छ । २० पनि नकटे जस्तो लाग्ने साधारण अनुहारको छ केटो । हेर्दा ट्याउँट्याउँ बोल्ला जस्तो नलागे पनि बोल्न थाल्दा टाठो देखिने रहेछ । फेरि केके खोजीनिती गर्ने हो, घुर्ना लजबाट निस्किहाल्छ ।

घुर्नाका पाइला हतारिँदै अघि बढ्छन् । ऊ खरिबोट चोकतिर हान्निएको छ । बेतोडले हिँडिरहँदा उसको दाहिने खुट्टा एक ठाउँमा मचक्क दोब्रिन्छ । गोलीगाँठो मर्किएझैं चिरिक्क दुखाइ रिढसम्म पुग्छ । तर घुर्ना रोकिन्न ।

ठूलो गल्ती भयो ! उसको दिमाग आफ्नै धुनमा स्वचालित छ । ऊ सोच्दै छ– यदि असईसित कुरा नमिलेको भए विस्फोट नै रद्द गर्नुपर्थ्यो । आम मानिसलाई 'टार्गेट' गरेर पड्काउन नहुने । अब के भनेर जिम्मा लिने । बस बिसौनी जस्तो ठाउँमा पड्काएर राजनीतिक मागका लागि गरेको भन्ने ? आफूहरूले राज्यका विरूद्ध हतियार उठाएको स्पष्टीकरणले काम चल्छ ? ठूलो गल्ती भयो ! घुर्ना थकथकाउँदै उँधोमुन्टो लगाई बेगसित हिंड्दै छ ।

खरिबोट चोक आइपुग्छ । चोकमा कतै ट्याक्सी देखिँदैन । ट्याक्सीलाई खोजिराखेको आँखाले वरिपरिको चहलपहलमा ध्यान दिंदैन, न चौतारोको हजाममा उसको नजर पर्छ, जो ग्राहकको गालामा फिटकिरी दलिराखेको छ । न सुन्धारातिर सोझिएको बाटोछेउ बसेको जुत्ताचप्पल बनाउने कालीगढमा उसको आँखा पर्छ, जो यस बेला छाताको करङ बनाइराखेको छ । ऊ त खरिबोट वारिपारि ट्याक्सी भेट्टाइने आसले नजर दौडाइराखेको छ । तर कतैबाट ट्याक्सी आइराखेको देख्दैन ।

ट्याक्सी समात्न धरहरा जानुपर्ला घुर्नाले सोच्छ । त्यहीं पर्खेर बस्ने धैर्य उसलाई छैन । ऊ फटाफट हिंड्न थाल्छ ।

आधा बाटो हिंडिसक्दा उतैबाट ट्याक्सी आइराखेको देख्छ । घुर्नाको हिंडाइ रोकिन्छ । खाली छ कि छैन । लख काट्दै ट्याक्सीलाई ऊ हेरिरहन्छ । खाली नै भए पनि जाला कि नजाला ? घुर्ना फेरि अघि बढ्छ । ट्याक्सी नजिकै आइपुग्दा उसले पछाडिको सिटतिर निहुरेर हेर्छ ।

ट्याक्सी खाली रहेछ । उसले कलङ्की जाने भनेर सोध्छ । जाने नजाने ड्राइभरले जनाउँदैन । तर ट्याक्सीको गति कम गर्छ । र अलि परतिर गएर रोकिन्छ । घुर्ना फर्किएर लुखुरलुखुर त्यसको पछि लाग्छ ।

ट्याक्सी छिर्नुअगाडि घुर्नाले फेरि सोध्छ । ड्राइभरले दाह्री कनाउँदै जाने भन्छ । ढोका खोलेर सिटमा बसेको मात्र हुन्छ । ड्राइभरले मिलाएर दिनू है भनिहाल्छ । ढोका नलगाई घुर्नाले कति भनेर सोध्छ । तीन सयमा थपेर दिनू न, ड्राइभरले भन्छ । उसलाई पुग्नुछ कलङ्की, सकेसम्म चाँडो । मोलमोलाइ गर्ने सुविधा छैन । घुर्नाले ट्याक्सीको ढोका ढ्याप्प लगाउँछ ।

ट्याक्सी घुर्ना आएकै बाटोतिर लाग्छ । खरिबोट चोक घुमेर, ऊ बसेको अशोका लज हुँदै, टेकु निस्किने साँघुरो बाटोमा गुड्न थाल्छ ।

घुर्नाको सासमा सास आउँछ । ऊ बसेको सिट धस्सिएको रहेछ । कोत्रो परेको सिटमा गुडिरहँदा एक किसिमको स्थिरता महसुस गर्छ । उसले टाउको पछिल्तिर ढल्काउँछ । र लामो सास फेरेर आँखा चिम्लिन्छ ।

आँखाको ढकनी बन्द गर्नासाथ मनमा कोकोहोलो उठ्छ । अब के हुने हो ! ढकनीभित्र उज्यालो खोजेझैं आँखाको नानी चलमलाउँछ । तर बन्द आँखामा छायाँहरू सलबलाउन थाल्छन् । चिम्म आँखाले नै तर्साउन थालेपछि उसले प्याट्ट खोल्छ । ड्राइभरले रियरभ्यू ऐनाबाट उसैलाई हेरिराखेको रहेछ । ऊसित आँखा जुध्नासाथ ड्राइभर सुटुक्क अगाडि हेर्छ । उसको कर्के हेराइमा घुर्नाले अनावश्यक चियोको आभास पाउँछ । घुर्ना आफू नदेखिने गरी बस्न झ्यालनिर सटेर बस्छ । अगाडि सिटको आडले छेलिएर । दुवै हात उसले छातीमा बाँध्छ । र मुन्टो फर्काएर बाहिर हेर्न थाल्छ ।

साँघुरो बाटोमा बटुवाहरू छेउ च्यापेर हिँड्दै छन् । ट्याक्सीको गति पनि सुस्तसुस्त हुँदै छ । चोकदेखि नै अघि लागेको ओम्नी भ्यानको पछिपछि ट्याक्सी गुड्दै छ । गति सुस्त भ्यानले बनाएको हुनुपर्छ । घुर्ना भने झ्यालबाहिर हेरिरहे पनि ध्यान कतै अल्झाउन सकेको छैन । ऊ सोच्दै छ – ललनलाई झन् हरेक भेटमा बारम्बार सम्झाएको । हाम्रो टार्गेट सरकारी भवन हुनुपर्छ । सर्वसाधारणको ठाउँमा नपड्काइदिऊन् भनेरै पक्का हुन खोजेको । जति

सोच्यो, त्यति उसका आँखीभौं खुम्चिँदै आउँछन् । मुठ्ठी कसिँदै जान्छ । र कहाँ गएर कोमाथि रिस पोखूँपोखूँ हुन्छ ।

बरू मुख फोरेर भन्नुपर्ने, मुर्मुरिएर घुर्नाले सोच्छ । रौतहटमा उनीहरूले गरेका सबै कारबाही राजनीतिक तवरका छैनन् । अबको पल्ट त्यसो नगर्ने भए मात्र सहकार्य गर्ने ।

तर घुर्नाले आफ्नै नाडी छाम्छ । यसो भन्ने स्थितिमा थियो र ऊ । ललन बिच्किन्छ भनेरै उनीहरूको अराजनीतिक कारबाहीबारे कुरा उप्काएको थिएन । किनभने उनीहरूसित सहकार्य गर्ने गर्जो उसको थियो, ललनहरूको होइन । त्यसो भए 'मधेस जनतान्त्रिक सेना' जस्तो समूहसित लाग्नु उसकै गल्ती होइन त ?

घुर्ना अमिलिन्छ ।

हुन पनि ललन सिंह र उसको समूहबारे पता लगाउँदा घुर्नालाई थाहा भइसकेको थियो, रौतहटमा 'मधेस जनतान्त्रिक सेना'को गतिविधिबारे । द्वन्द्वकालमा विस्थापित भएका जिल्लाका दक्षिणतिरका इलाका प्रहरी कार्यालयलाई फेरि स्थापित हुन नदिन ती भवनहरूमा उनीहरूले बम पड्काउने गरेका थिए । अनि स्थानीय माओवादी कार्यकर्ताहरूलाई टक्कर पनि दिइराखेका थिए । त्यसबाहेक चन्दा, अपहरण र धम्की दिने पनि गरिराखेका थिए । घुर्नालाई यतिसम्म त सुर्जा समूहले गर्नेजस्तै लाग्यो । तर पछिल्लो पटक उनीहरूले जथाभावी बम पड्काउन थालेका थिए ।

उनीहरूले लोकल बसको सिटमा बम र पर्चा छाड्ने काम गरेका थिए । बटुवा ओहोरदोहोर गर्ने बीच सडकमा बम राखेर आतङ्कित बनाएका थिए । टेलिकमको महसुल बुझाउने ठाउँमा पनि बम छाडेर गएका थिए । यस्ता गतिविधिले सर्वसाधारणलाई लक्ष्य गरेको स्पष्ट हुन्थ्यो । तर एक चोटिका लागि भनेर घुर्नाले आँखा चिम्लेर सहकार्य गर्ने प्रस्ताव गरेको थियो । राजधानीमा पड्काउँदा त्यसो नगर्लान् भनेर जोखिम उठाएको थियो । त्यसैले त ललनसित भेटेपिच्छे उसले सरकारी भवनलाई नै टार्गेट गर्नुपर्छ भन्दै आएको थियो ।

कतै जानेर उनीहरूले त्यसो गरे कि ? घुर्नालाई झस्को पस्छ ।

उसले सम्झिन्छ बीरपुरको भेट । कुन हतारोले ऊ ललनलाई भेट्न गएको थियो । भन्ठानेको थियो, काठमाडौंमा पड्काउने योजनाबारे छलफल

गर्ने होला । तर ललन हतियार किन्ने धुनले मात्र आएको रहेछ । ध्यानजति उसको त्यसमै थियो । कहाँकहाँ पड्काउने भनेर सोध्दा उसले पक्का भएको छैन भन्दै आफ्नै काम सोझ्याउनतिर लागेको थियो । सखरदहीमा भेटुन्जेल पनि त्यसबारे गम्भीर नभएको जस्तो लाग्यो । ऊ असईलाई दिने पैसाको मोलमोलाइ गर्नमै ठिक्क थियो । पड्काउने ठाउँ छिटो पक्का गर्नुपर्छ भनेर घुर्नाले तातो लगाउँदा ललन बडो अनुभवी पल्टिएको थियो । भनेको थियो– सेना वा प्रहरीको अपरेसन जस्तो हैन यो । खटाखट प्लान बनिहालोस् र फटाफट कदम चालियोस् । अन्तिम समयसम्म जे पनि हुन सक्छ, उसले भनेको थियो । अहिले सोच्दा घुर्नालाई लाग्छ, उसले कति आलोकाँचो कुरा गरेको रहेछ ।

त्यसो भए योजना बनाउँदा गम्भीर नभएकाले जथाभावी बम पड्किन पुगेको हो त ?

त्यस्तै लाग्छ घुर्नालाई । उसले गोङ्गबुको होटलमा ललनको चिन्तातुर अनुहार सम्झिन्छ । दिउँसोसम्म पनि उसले असईसित कुरा मिलाउन सकेको थिएन । त्यति ढिलो गरी पड्काउने ठाउँ 'फिक्स' गरेर हुन्छ कहीँ ? भित्रभित्रै फन्किन्छ घुर्ना । पहिल्यै गम्भीर भएको भए लापरबाही किन हुन्थ्यो ? गम्भीर नभएरै होला, पर्चा छर्ने योजना अन्तिममा आएर ढुस भएको । भए होस्, नभए जथाभावी पड्काउने भन्ने मानसिकतामा थिए होलान् । उनीहरूको ध्याउन्न नै छोटो समयमा चर्चामा कसरी आउने भन्ने छ । भलै, त्यो राजनीतिक सङ्घर्षको नाममा अराजनीतिक कारबाही किन नहोस् ।

यस्तो थियो भने उसलाई केही त भनेको भए हुन्थ्यो । घुर्नाले सोच्छ, विचार पुऱ्याउनुपर्छ भनेर बारम्बार सम्झाउँदा ललनले कत्ति न जिम्मेवार भए जस्तो नदेखाएको भए हुन्थ्यो ।

आफूसित धोका भएको उसले महसुस गर्छ । छातीमा बाँधेको हात ऊ अझ कस्न पुग्छ । अनि आफ्नोतिरको झ्यालबाट मुन्टो बटारेर पल्लो झ्यालतिर हेर्न थाल्छ । ट्याक्सीको गुडाइभन्दा बटुवाको हिँडाइ चाँडोचाँडो हुन थालेछ । ट्याक्सीलाई उछिन्दै गएका बटुवाहरूलाई हेरिराखेको घुर्नाको चित्त भने टर्रो भएको छ ।

गल्ती उसको पनि हो । 'त्रिकाल' उपनामधारी ललनलाई चाहिनेभन्दा बेसी आँकियो । घुर्नालाई आफैँदेखि दिक्क लाग्छ । एउटा भनेर अर्को गर्न सक्लान्

भन्ने उसले कसो छनक पाउन सकेन । ललनका कुरा ठूला, काम गराइको पारा सिकारू खालका, उसले कसो ख्याल गर्न सकेन । गल्ती उसैको हो । बेकारमा ललनलाई प्रस्ताव राखियो ! घुर्नालाई रिस उठ्छ । आफैंदेखि झोक चलेर आउँछ ।

अब दलित प्यान्थर मोर्चाको नाम मुद्दाभन्दा आतङ्कसित जोडिने भयो ?

घुर्नाको सास थुनिए जस्तो हुन्छ । उम्किन नसकिने परिणामले न्याकेझैं निसास्सिन्छ । ट्याक्सीमा बसेदेखि याद नगरेको कुरा बल्ल टड्कारो हुन्छ । ट्याक्सीको दुवैतिरका झ्याल बन्द रहेछन् । उसले अगाडिका झ्याल पनि हेर्छ । ड्राइभरको झ्याल आधासम्म खोलिए पनि अर्को बन्द नै रहेछ । बाटो पनि के भएको हो । ट्याक्सी सर्दै सर्दैन ।

गुम्सिएर घुर्नालाई उकुसमुकुस हुन्छ । अगाडिको सिटले छेलिन एक कुनामा दुप्केको ऊ बीचतिर सरेर आउँछ । अगाडि हेर्दा बाटो जामले गाँठो परेको रहेछ । र ट्याक्सी जामको गाँठोमा कस्सिएर फसेको रहेछ । दुई साइडको बाटो पनि एक साइड हुन गएछ ।

"के भइरहेछ ?" नसोधी बस्न सक्दैन घुर्ना ।

"खै ?" झर्कोलाग्दो स्वरमा ड्राइभर झन्किन्छ, "त्यसका बाउको जाम !" उसको छटपटी उस्तै छ । घरी झ्यालबाहिर घाँटी तन्काएर अगाडि हेर्छ, घरी पछाडि । भेउ नपाएपछि स्टेरिङ्मा औंला बजाउँदै दिक्दारी सुसेल्छ । यस्तो बेला घुर्नालाई लिखो यादवको सम्झना हुने गर्छ । स्टन्टबाज जस्तो कुनाकाप्चा च्याप्दै ऊ स्वाट्टसुट्ट मोटरसाइकल निकाल्ने गर्थ्यो । उसले तीव्र गतिले मोटरसाइकल हुइँक्याउँदा लाग्थ्यो, उनीहरूलाई कसैले भेट्टाउन सक्दैन ।

त्यसरी नै हुइँकिनुपर्ने हो आज त झनै । समातिने सम्भावनालाई पछि पार्दै सनसनाउँदो गतिमा अघि लाग्नुपर्ने हो । तर अहिले जाममा ट्याक्सीभित्र जमेर बस्नुपरिराखेको छ । गति रोकिएको र डामडुम्म थुनिएको ट्याक्सीमा बस्दा उसलाई लाग्छ, आफूलाई समात्न आइराखेकाहरू र ऊबीचको दूरी छोटिँदै छ । राजधानी जस्तो ठाउँमा एकै पटक तीन ठाउँमा बम पड्किँदा पड्काउनेहरूको धुइँपताल खोजी भइराखेको होला । के थाहा, अगाडि कतै बाटो थुनेर प्रहरी जाँच हुँदै छ कि ?

घुर्नाले आफ्नो ब्याकप्याक छेउमा तान्छ । त्यसभित्र राखेको पर्चा उसले सम्झिन्छ । उसका पाइताला चिसा हुन्छन् । कानका जरबुटाहरू तात्न थाल्छन् । पिसाब लागे जस्तो पनि हुन्छ, नलागे जस्तो नि हुन्छ । उफ्ऽऽऽसहितको लामो सास उसको छातीबाट फुस्किन्छ । कोक्रो जस्तो खाल्डिएको सिटमा बस्दा उसलाई अब थचारेर बसाले जस्तो लाग्न थाल्छ । ऊ ढाड सोझ्याएर बस्छ । र आफ्नोतिरको झ्याल खोल्न थाल्छ । तर झ्याल घुमाउने ह्यान्डिल बेकामे भइसकेछ । सिसा तल झार्न ह्यान्डिल घुमाउन खोज्दा चेन फुस्किएको साइकलको पाउदानीझैं घ्वाइँघ्वाइँ घुम्छ । ह्यान्डल घुम्नु र सिसा तलमाथि सर्नुको सम्बन्ध उहिल्यै विच्छेद भइसकेछ । तन्किएर ऊ अर्को झ्याल खोल्न खोज्छ । ड्राइभरले दुवै झ्याल बिग्रिएको भनेर भन्छ । त्यसपछि घुर्नाले बन्द झ्यालबाटै बाटोको होलोसाँघुरो हेर्न बाहिर नियाल्छ ।

गाडीहरू ठप्प भएर बाटो त ग्यारेज जस्तो देखिन थालेछ । बटुवाहरू बाटो वारिपारि चेप्टिँदै पसलका सँघार टेक्दै जाँदै रहेछन् ।

"ए ! के भा' रैछ ?," ड्राइभरले बाहिर कसैलाई सोध्छ ।

"अगाडि मिल्दैन जान गुरूजी । कान्ति ईश्वरी अगाडि बम पड्क्या रेछ । यतैबाट घुमाउनुपर्छ," सोधपुछ गरेर फर्किएका गाडीवालाहरूमध्ये कसैले भन्छ । तिनीहरूतिर हेर्न नि सक्दैन घुर्ना । तिनीहरूको स्वरमा डरको हस्याङफस्याङ सुनिन्छ । ड्राइभर पनि अत्तालिएर केके सोध्न थाल्छ । तर घुर्नाको कानले भने उनीहरूको वार्तालाप होइन, इन्जिन बन्द गरेर बसेका गाडीहरूको एकाएकको स्टार्ट मात्र सुनिरहन्छ । ट्याक्सीभित्र ऊ सन्न भएको छ । हलचल नगरी बसेको घुर्ना त्यति बेला झस्किन्छ, जब ड्राइभर स्वाट्ट पछाडि फर्किएर ऊतिर हेर्छ ।

"के गर्नुहुन्छ ? म त यहींबाट फर्किनुपऱ्यो । उता त्रिपुरेश्वरमा बम पड्केछ रे । टेकु निस्किनै मिल्दैन ।"

अचम्म मानेझैं घुर्नाले 'ए !' भन्छ । तर जति ड्राइभर हडबडाएको छ, उतिसाह्रो अचम्भित सुनिन्न घुर्ना । भन्ने हो भने ट्याक्सी छोड्नुपर्ने कुराले उसलाई राहत हुन्छ ।

घुर्नाले ड्राइभरलाई कति भयो भनेर सोध्छ । ड्राइभरले एक सय ५० सम्म दिनुस् न भन्छ । घुर्नाले निकालेर दिन्छ र कहाँ आइपुगेको भनेर सोध्छ । ड्राइभरले टेकु निस्किने ओरालो आइपुगेको भन्छ ।

"कलङ्की यहाँबाट कति दूरमा पड्छ ?" घुर्नाले सोध्छ ।

"तपाईं यो ओरालोबाट टेकु झर्नुस् । दाहिने बाटो च्यापेर सीधै हिँड्नुस् । १५ मिनेटमा कालिमाटी आइपुग्छ... ।"

"कालिमाटी !?" घुर्नाबाट अचानकै फुत्किन्छ ।

"थाहा छ हैन कालिमाटी ?"

थाहा छ भन्न धक मान्छ घुर्ना । त्यहीँबाट त लगेको हो बमका मसलाहरू अस्ति ट्रान्सपोर्ट गोदामबाट । उसले लुलो गरी टाउको मात्र हल्लाउँछ ।

"कालिमाटीबाट सोझै लाग्नुस् । अझै आधा घण्टाजति हिँड्यो भने कलङ्की आइपुग्छ ।"

बुझे जस्तो चालचुल गर्दैन घुर्ना ।

"यसो गर्नुस् यहाँबाट पहिला टेकु निस्किनुस् । अनि त्यहाँबाट सोध्दैसोध्दै जानुस्, पुगिहाल्नुहुन्छ," ड्राइभरले सजिलो बनाइदिन्छ ।

घुर्नालाई यही बेस लाग्छ । ऊ पैसा तिरिवरी ट्याक्सीबाट निस्किन्छ । अघि ट्याक्सीमा छिर्नासाथ जति राहत भएको थियो, त्यतिनै ट्याक्सीबाट निस्कँदा हुन्छ । हावा थुनिएको ट्याक्सीबाट बाहिरिँदा घुर्नाले फोक्सोभरि सास भर्छ । धूवाँ रूमल्लिएको काठमाडौंको सुक्खा हावा फेर्नु परिराखेको किन नहोस् । ऊ फुक्का हुन पाएको अनुभूति गर्छ । र फुत्किएको सिकारझैं अघि लाग्छ ।

गाडीहरूको खाँदाखाँदले ठप्प भएको बाटो चालचुल हुन थाल्छ । आएकै बाटो फर्किन थाल्छन् गाडीहरू । घुर्ना भने टेकु झर्न लागेका बटुवाहरूको ताँतीमा लाग्छ । लहरै रहेका बिजुली पसलका सङ्घार तर्दै, नभएको बाटो नाघ्दै, कताकताबाट घुस्रिन आइपुगेका मोटरसाइकलले चेप्पिँदै अघि लागेकाहरूलाई ऊ पछ्याइरहन्छ ।

ओरालो झर्दै गर्दा घुर्नाले सम्झिन्छ । लजको केटोले बाटो बन्द हुन्छ भन्दै थियो । तर यतिविघ्न होला उसले सोचेको थिएन । योजनाअनुसारको ठाउँमा पड्काएको भए राजधानी हल्लाइयो भन्ने हुन्थ्यो होला उसलाई । त्यसपछि भाग्नुपर्दा राज्यलाई ललकारियो भन्ने सन्तुष्टिमा भाग्न सकिन्थ्यो होला ।

तर अहिले आमजनताको आक्रोशको तारो बन्नुपर्ने नियति सम्झेर खुम्चिँदै भाग्नुपरिराखेको छ । अब झन् उसलाई पक्रिन प्रहरीले आधार भेट्ने भयो । एक त फौलादको हत्यामा शङ्का गरिराखेकै थियो । दलित प्यान्थर मोर्चा भनेको उही नै हो भनेर पत्ता लगाए भने ऊ आतङ्कवादी पनि ठहरिने भयो ।

ललनले जिम्मेवारी लिइसक्यो कि ? हिँड्दाहिँड्दै रोकिएर घुर्नाले मोबाइलमा समय हेर्छ । छ बज्न मात्र दुईतीन मिनेट बाँकी छ । ललनले छ र साढे छबीच जिम्मेवारी लिन्छु भनेको थियो । कुनै पनि बेला दलित प्यान्थर मोर्चाको नाम अब सार्वजनिक हुनेछ । उसको मुटु ढक्क गरी थामिन्छ र फेरि वेगले ढुकढुकिन थाल्छ । छोटोछोटो सास फेर्न थाल्छ ऊ । मुटुको गतिसँगै उसका पाइला छिटोछिटो हुन खोज्छन् । तर रफ्तारमा हिँड्न बाटो भए पो ।

टेकुको मूल सडक देखिन्छ । एम्बुलेन्सको साइरन पनि उतै कतैबाट आइराखेको छ । लेघ्रो तानिएको साइरनको चिच्याइले सहरको कोलाहलमा थप कोलाहल मच्चाउँछ । आफ्नै सुरले हिँडिराखेकाहरूको ध्यान त्यसले खलबलाइदिन्छ । घुर्नाले देख्छ, केही टाउकाहरू चनाखा भई उतै फर्किएका । टेकु निस्किनै लाग्दा ऊ पनि त्यतै तानिन्छ ।

टेकु अस्तव्यस्त छ । फुटपाथमा मानिस धुइरिएका छन् । कोही हिँड्दाहिँड्दै टक्क रोकिएका, कोही पसलहरूबाट निस्किएका, कोही खुलदुलिएर आइपुगेका । त्यही रेलोमा मानिसहरू थुप्रिँदै गएका छन् । घुर्ना पनि मिसिन्छ र आँखा फराकेर सडकतिर हेर्छ । तर सडक मान्छेरूपी पर्खालले छेकिएको छ । सीमित कदकाठीबाट आफूलाई तन्काउँदै घुर्नाले टाउकाको बार माथिमाथिबाट हेर्छ ।

त्रिपुरेश्वरबाट गाडी आउने लेन लगभग खाली छ । त्यसतर्फ जाने लेनका गाडीहरू बीचबाट घुमाइँदै छ । सिठी फुक्दै ट्राफिकहरू खटिएका छन् । पारितिरको फुटपाथमा भन्दा घुर्ना उभिएकोतिर मानिस जम्मा भएका छन् । सबै त्रिपुरेश्वरतिर आँखा लगाएर उभिएका छन् । एम्बुलेन्सको चर्को साइरन त्यतैबाट सुनिँदै छ । घुर्ना पनि उतै फर्किन्छ ।

साँझ छ बजेको पित्तले प्रकाशमा त्रिपुरेश्वरतिर धमिलो, पहेँलो देखिएको छ । टेकुबाट त्रिपुरेश्वरसम्म लहर नटुटाई उभिएका भवनहरू निरपेक्ष उभिएको देख्दा लाग्छ केही भएकै छैन । डुब्दै गएको घाममा पहेँलिएको भवनका सिसाहरू देख्दा लाग्छ, पहिला जस्तो थियो, त्यस्तै चलिराखेको छ । तर

रोकिँदै बज्ने साइरन, ट्राफिकको सिठी, बाटोबाट हटिदिन हकारिरहेका आवाज र मानिसहरूका कल्याङमल्याङले वातावरणमा हाहाकार मच्चिएको छ ।

खाली हुँदै गएको बाटोमा मान्छेहरू कुद्दै घटनास्थलतर्फ जाँदै छन् । कसलाई घेरा लगाएर हुल बाँधेका हुन्, घुर्ना उभिएको दूरीबाट देखिँदैन । फुटपाथको हुलमा कसैले कीर्तिपुरको बस भनेर भन्छ । बसमा चढ्न लागेका मान्छेहरू पनि विस्फोटमा परेको भनेर अर्कोले थप्छ । सुन्नेहरूमध्ये केहीले दिक्किएर लामो निःश्वास छोड्छन् । कोही टीठ मानेर 'च्व !' गर्छन् । कोही रिसले फुङ्कार्छन् ।

घुर्नालाई त्यो ठाउँले टोक्न थाल्छ । आहत सुस्केराहरूले पोल्न थाल्छ । उसले आँखाका चेपचेपबाट भ्याएसम्म आफूवरिपरि हेर्छ । स्तब्ध हुलको अनुहारमा लाग्छ, अज्ञात भय मडारिइराखेको छ ।

प्रहरीको भ्यान घुर्ना उभिएको बाटोबाट पास हुन्छ । हेर्दाहेर्दै एक जत्था प्रहरीहरू हुल तितरबितर गर्दै उनीहरूतिर आइराखेको देख्छ । घुर्नाका पाइला आफ से आफ पछाडि सर्छन् । यहाँ उभिनु ठीक छैन । भाग् !

घुर्ना फरक्क फर्किन्छ । निस्किनै लागेको मात्र के हुन्छ, हेल्मेट लगाएको एउटा मान्छे हतारिँदै आएर उसको अघिल्तिर उभिदिन्छ । के भएको रहेछ, उसले घुर्नालाई सोध्छ । घुर्नाको थुक सर्किन्छ । उसले एक पटक खोक्छ अनि नसुनेझैं गरी लुसुक्क पन्छिन्छ ।

हेल्मेट लगाउनेले फेरि सोध्छ उभिएकाहरूलाई । कसैले भन्छ, त्रिपुरेश्वरमा बम पड्किएको । मुख बाएर हेल्मेट लगाउनेले त्रिपुरेश्वरतिर घाँटी तन्काउँछ । त्यहाँबाट के देखिनु । त्यसपछि उसले हुलतिर प्रश्न फ्याँक्छ– कसले पड्काएको रहेछ ? एउटा पातलो स्वर खुसुक्क सुनिन्छ– राजावादीहरूले रे ! संविधानसभाको चुनाव हुन नदिनका लागि हो भन्छन् !

हुलबाट छुट्टिएर जानै लागेको घुर्ना जड हुन्छ । त्यसो भन्नेको अनुहार उसलाई हेर्न मन लाग्छ । तर त्यतिका मान्छेमा उसले ठम्याउन सक्दैन । पछाडिबाट सबै टाउका उस्तै लाग्छन् । टाउकाहरूको एकरूपताले घुर्नालाई शङ्का पो गड्छ । कतै यो पूरै हुललाई राजावादीले पड्काएको भन्ने लागिराखेको त छैन ?

घुर्ना भित्रभित्रै सल्किन्छ । रापिँदै ऊ ट्याक्सी ड्राइभरले भनेको दिशातर्फ पाइला लम्काउँछ । रमिते हुलले अलमल्याएको फुटपाथमा बटुवाहरूलाई हिँड्न सास्ती भइराखेको छ । तैपनि घुर्ना मान्छेहरूसित ठोक्किँदै कुल्चिँदै हिँडिरहन्छ । हिँड्दै ऊ सोचिराखेको छ – बस बिसौनी जस्तो ठाउँमा हानेकाले हो, मान्छेहरूले जथाभावी नाम लिएको । राज्यको निकायहरूमा पड्काएको भए माहोलै अर्को हुने थियो । सब मिहिनेत खेर गयो ।

अब जसरी भए पनि असईको भागको ६० हजार फिर्ता माग्नु छ । घुर्नाले निश्चय गर्छ । ललनको मुखैबाट खोसेर किन ल्याउन नपरोस्, पैसा फिर्ता लिएर छाड्छु भन्ने हुन्छ ।

समातिन त नसमातिए होला नि । झस्स हुन्छ घुर्ना । ललन समातिए त ऊ पनि समातिन सक्छ । सास फुल्दै गएको आफ्नै स्याँफ्याँ सुन्दै ऊ फटाफट हिँड्छ । यति सजिलै कहाँ समातिन्छ र, मनमा उब्जिएको आशङ्का आफैंले सुल्टाउँछ ।

तैपनि पूरै आश्वस्त हुन सक्दैन । बम राख्न खटाइएका बाँकी चार जनालाई सम्झिन पुग्छ । केटाहरूले बस समातिसके होलान् त ? घुर्ना खुलदुलिन्छ । साढे पाँचछ बजेसम्म बस समातिसक्नुपर्ने हो । तलमाथि परेर तिनीहरूमध्ये कोही पक्राउ परे भने पनि खेल खत्तम हुन्छ ।

झन्डै एक पाइला हुत्तिन्छ घुर्ना । सम्हालिएर ऊ अघिल्तिर हेर्छ । लाग्छ, बाटोका मान्छेहरू छोप्दै आइराखेका छन् । अनुहार लुकाउँदै ऊ अघि बढ्छ ।

रामाले उनीहरूलाई बस चढाएर मात्र आफू यहाँबाट हिँड्ने योजना थियो । रामाको भरमा आफ्नो डर बिसाउन खोज्छ घुर्ना । उसले मोबाइलमा हेर्छ । ६:२० भइसकेछ । उसले आकाशतिर नि हेर्छ । घाम डुबेपछिको पित्तले आकाश फिक्का भइसकेको छ । पन्यालो नीलो सोहोरिँदै आएको छ । त्यो नीलो गाढा हुँदै गएको छ घाम नपर्ने भित्ता, कुना र भवनहरूमा । नीलोमा लटपटिएर झरेको साँझ सहरको कापकापमा टुसाइसकेको छ । भरे त्यहीँबाट रात पलाउनेछ ।

यतिन्जेल रामाले पनि काठमाडौं छोडिसकेको होला । घुर्नाले अन्दाज्छ । बरू अबेर उसैलाई भए जस्तो लाग्छ । लाग्छ, सबै आआफ्नो ठाउँ लागिसके, ऊ मात्र भौंतारिइराखेको छ । लखेट्दै आएको साँझ र लम्बिँदै गएको बाटोले

उसलाई अत्याउँछ । किनकिन आफू यो सहरबाट उम्किन नपाउने हो कि शङ्का उठ्छ । जति पाइला चाले पनि आफू यहींका यहीं हिंडिराखे जस्तो लाग्छ । जलकुम्भी झारको धापमा फसेको मान्छे हातखुट्टा चलाएर जति निक्लिन खोजे पनि उम्किन नसकेको जस्तो । झारको जराले खुट्टा बेरेर हिलेपानीमुन्तिर निलेझैं काठमाडौंले निल्ने हो कि । घुर्ना झल्याँस्सै हुन्छ । ठ्याक्कै यस्तै डर उसलाई पहिला पनि कतै लागेको भान हुन्छ । सायद बिहानी देखेको सपनामा हो कि ? ऊ डेट्कर्ड तारको गुजुल्टोमा फसेको थियो । त्यसबाट जति उम्किन खोज्यो, त्यति नै लटपटिँदै गएको थियो ।

घुर्ना तोडले बातिन्छ, लामालामा फड्का मार्दै । जीउ बाफिन्छ । सास टुट्न खोज्छ । मुखले सास फेर्दै ऊ हिंडिरहन्छ । ओठमाथि उम्रिएको पसिना मुखमा परेको हुनुपर्छ । नुनिलो स्वाद जिब्रोले थाहा पाउँछ । धूलोका कण दाँतमा किरिकिरि लाग्छन् । थुकले खङ्गालेर उसले थुक्छ ।

हेल्मेटको पसल छिचोल्दै, टायरको पसल हुँदै, मेसिनरीको पसल ध्यान नदिई पसलहरूका सिसामा छायाँ पार्दै घुर्ना सीधा दिशा पक्रिएर गइराखेको छ । कलङ्की पुग्न एकोहोरिएको घुर्ना सोच्दै छ, पूर्वको जुनै पनि बस कलङ्कीबाट समात्ने । सके साढे छ बजे बसपार्कबाट छुट्ने भद्रपुरको बस चढ्ने । कोसी ब्यारेज ओर्लिने अनि हनुमाननगरबाट गोबरगढाऽऽ पुग्ने । त्यहाँ छठुलाई भेटेर पारि इन्डिया लाग्ने । त्यसपछि जेजे गर्ने हो, पारिबाटै गर्ने ।

तर छठुलाई पो के भन्ने ? ललनहरूले गरेको गल्तीबारे कसरी सम्झाउने ? छठुले आफूलाई शङ्का लागिराखेको कुरा सही भएको भनेर भन्नेछ । कसरी सुन्ने ? हुन पनि मधेस जनतान्त्रिक सेनासित सहकार्य गर्न ऊ त्यति उत्साहित भएको थिएन । अब उसको खल्लो अनुहारतिर कसरी हेर्ने ?

आफू तल पर्ने प्रश्नका भारीले गह्रुङ्गिएर घुर्ना हिंडिरहन्छ । बाढीको उल्टो धारमा पौडिने बल निकाल्दै घुर्ना बढिरहन्छ ।

सीधै कलङ्की पुग्ने सुरमा हिंडिराखेको घुर्ना पचलीभैरव फाटिने बाटोको जक्सनमा आइपुग्दा अलमलिन्छ । त्रिपुरेश्वर जान लागेका गाडीहरू फर्किएर टेकु अस्पताल र पचली भैरवतिर लागेका छन् । गाडीहरू उता ओइरिएको देख्दा घुर्नालाई लाग्छ, अर्को मूल बाटो त्यतै कतै छ । यताबाट पो चाँडो निस्किन सकिन्छ कि उसले बिचार्छ । कसलाई सोध्ने । घुर्ना ठिङ्ग अडिन्छ

स्याँफ्याँ गर्दै । तातिएको जीउबाट पसिना बगिराखेको उसले मतलब गर्दैन । ऊ सोध्नलाई अघि बढ्छ ।

घुर्नाका आँखा मास्क लगाएर गाडी कुरिराखेको मान्छेमा पर्छ । ऊ भोटेबहाल उक्लिने बाटोको बाङ्गिएको बिजुलीको पोलनिर उभिएको छ । नजिक गएर घुर्नाले सोध्छ– कलङ्की अब कति टाढा छ । उसले घुर्नालाई हेर्छ । तर उसको ध्यान टेम्पो आइहाल्ला कि भन्नेमा प्रतीक्षारत छ । कपडाको मास्क नहटाईकन उसले यहाँबाट टाढै छ भन्छ । गाडीहरू ओइरिइराखेको बाटो होइन, पश्चिमतिर उसले औंल्याउँछ । र भन्छ, पहिला कालिमाटी पुग्नू अनि रविभवन आउँछ, रविभवनको उकालोपछि कलङ्की मन्दिर आइहाल्छ ।

सुन्दै यहाँबाट कहाँ हो कहाँ जस्तो लाग्छ । घुर्नालाई ट्याक्सीमै जान ठीक लाग्छ ।

पचली भैरव फाटिने बाटोको मुखैमा एउटो ठुटो रूख माइल ढुङ्गाझैं ठडिएको छ । त्यहीँ एकदुई ओटा ट्याक्सी कता जाऊँको अलमलमा देखिन्छन् । घुर्ना बाटो काटेर पारि पुग्छ । हिँड्नै लागेको एउटा ट्याक्सीलाई कलङ्की जाने ? भनेर सोध्छ । ड्राइभरले ग्यारेज फर्किन लागेको भन्छ । घुर्ना पछाडि हट्छ र अर्को ट्याक्सीतिर बढ्छ । घुर्नाले उसलाई पनि सोध्छ । ड्राइभरले नजाने भन्छ र सोझै पारि कटेर उकालो लाग्छ । अलपत्र परेझैं घुर्ना खुइय गर्दै पारिपारिसम्म हेर्छ, कन्चटबाट बगेको पसिना काछ्दै, कुममा बिझिराखेको ब्याकप्याकको पट्टी सार्दै ।

ग्यारेज जान भनेर कालिमाटीतिर सोझिएको ड्राइभरलाई के लाग्छ कुन्नि । उसले आफू उतै जान लागेको बस्नुस् भनेर घुर्नालाई भन्छ । अचानक कसरी मन फेरिएछ, वाल्ल पर्दै घुर्ना ट्याक्सीनिर आउँछ । ड्राइभरले कलङ्की कहाँ जाने भनेर सोध्छ । कलङ्की चोक घुर्नाले भन्छ । ड्राइभरले आफू बाफलसम्म हो तर अलि अघि मकालु बस स्ट्यान्डसम्म पुर्‍याइदिन्छु भन्छ । त्यो कहाँ हो घुर्नाले सोध्छ । त्यहाँबाट पाँचसात मिनेट पूर्व हिँडे कलङ्की चोक पुगिने ड्राइभरले स्पष्ट पार्छ ।

घुर्ना लप्किएर ट्याक्सीमा बस्छ । हुइँकिन पाएको हुँदैन उसले सोध्छ, "सवा सातसम्म त्यहाँ पहुँचाउन सक्नुहुन्छ ?"

"गाह्रै छ," ड्राइभरले भन्छ ।

घुर्नाको आत्तुरी झनै बढ्छ ।

# ६:३० बजे

रियरभ्यू ऐनामा झुन्डिएको रातो चुराको माला हल्लिइराखेको छ, गाडीको हल्लाइसँगै । विष्णुमती पुल कटेर ट्याक्सी दायाँतिर ओरालो लाग्दै छ, पिच नगरेको बाटोमा गन्द्रयाङगुन्द्रुङ गर्दै ।

ड्राइभरले ऐनाबाट पछाडि बसेको यात्रुलाई हेर्छ । असिनपसिन देखिन्छ घुर्ना । पसिना सुकाउन कहिले सर्टको कलर उचालेर पछिल्तिर हम्किन्छ, कहिले छातीको सर्ट उचालेर फुक्छ । लगाएको खरानी रङ्को कमिजले उसको श्यामलो अनुहारमा अझ कालोपन थपिदिएको छ । उसका आँखा चङ्ख भएका छन् । घरी यो झ्याल घरी त्यो झ्यालबाट हेर्दै सायद ठम्याउन खोजिराखेको छ, आफू कहाँ आइपुगेको । ख्याल नगरेर हो कि छुट्ला भनेर हो, ब्याकप्याक बोकेरै बसेको छ ।

"कहाँबाट आ'को ?" ड्राइभरले सोध्छ ।

"म !... महोत्तरी ।"

कस्तो अकमकाएको, ड्राइभरले सोच्छ । "यतै काम गर्नुहुन्छ ?"

"अहँऽऽ... थोडा कामले काठमान्डू... ।"

"त्यस्तै लाग्यो ।"

घुर्नाले ऊतिर पुलुक्क हेर्छ । ड्राइभरले उसको हेराइमा तर्सिएको आभास पाउँछ ।

"कस्तो बेलामा आउनुभयो त । आजै तीन ठाउँमा बम पड्किएर यहाँ बेहाल छ," ड्राइभरले भन्छ । पछाडिबाट भने लामो निःश्वास फेरेको मात्र सुनिन्छ । "डर मान्दै बसेर के गर्नु ? पेटले बमबारूद भन्दैन । काम गर्नैपर्‍यो,"

सहज बनाउन ड्राइभरले भन्छ र रियरभ्यू ऐनाबाट उसको प्रतिक्रिया हेर्न खोज्छ ।

तर घुर्नाको मुहार देखिँदैन, कुमको एक छेउ मात्र देखिन्छ । ऊ चुपचाप बसिराखेको चाल पाएर ड्राइभरलाई ऊ उति बोल्न खोजेको जस्तो लाग्दैन । त्यसैले ड्राइभर पनि मौन हुन्छ ।

पुलको ओरालोको टुङ्गोमा ट्याक्सी अड्किन पुग्छ । सबै जना सर्टकर्ट भनेर पुल तलको बाटोबाट टङ्केश्वर छिर्न खोजेका होलान् । त्यही चक्करमा सबै जाम भए । ट्याक्सीभित्र मधुरो आवाजमा रेडियो बजिराखेको छ । अघिदेखि बजिराखेको भए पनि दुवैले कान दिएका छैनन् ।

रेडियोको गुनगुन ट्याक्सीभित्र सुनिए पनि घुर्नाको कानमा भने ड्राइभरले भनेकै कुरा रूमल्लिइराखेको छ । एउटा आममान्छेले बम विस्फोटको आतङ्कलाई कसरी झेल्छ, उसलाई सुन्नु थिएन । सुने पनि अरू बेलाझैं एक कानले सुनेर अर्को कानले उडाइदिने थियो । तर आज अहिले त्यसो गर्न सकिराखेको छैन । सुन्नुपर्दा उसलाई कोक्याइराखेको छ । यसको कारण आज उसले त्यस्तो मान्छेबाट सुन्नुपऱ्यो, जो उसलाई सहायता गर्न अघि सरेको छ ।

यो ट्याक्सी ड्राइभरले जसरी पुऱ्याइदिन्छु भन्यो, घुर्नालाई ऊ सहयोगी लाग्यो । पहिला त मनमा आयो ऊसँगै अगाडि बसूँ । तर आफूलाई कता लुकूँ भइराखेको बेला कसैको यति नजिक बस्न धक फुकेन । अनि ऊ पछाडि बस्यो ।

धन्न ! घुर्नाले सोच्दै छ । नत्र सुन्न नखोजेको अरू केके सुन्नुपर्थ्यो ।

रियरभ्यूबाट छेलिएर घुर्नाले ड्राइभरलाई नै हेरिराखेको छ । कलेजी फ्यालफ्याले टिसर्ट लगाएको ट्याक्सी ड्राइभर रेडियोको आवाज बढाउन लागिराखेको छ । समाचार आउन लागेको रहेछ । त्यसकै लागि उसले रेडियो लगाइराखेको हुनुपर्छ ।

महिलाको तीखो आवाजमा मुख्य समाचार चर्किन्छ ।

यही बेला अड्किएका गाडी चलायमान हुन्छन् । ट्याक्सी पनि जन्ती हिँडेझैं अघि सर्छ । तर बाटो साँघुरिएको छ, खुद्रे पसलको गन्जागोल र बटुवाहरू सवारीसाधन सँगसँगै हिँडिदिएर । त्यसैले ड्राइभर घाँटी तन्काएर बम्परतिर ध्यान दिँदै चलाइराखेको छ । यता भने समाचार सुनेर घुर्नाको उकुसमुकुस बढ्दै छ ।

समाचार विस्तारमा पस्किइँदै छ ।

...नौ गते भदौ, हिजो मात्रै गृहमन्त्रीले संविधानसभाको चुनावका लागि सुरक्षा स्थिति अनुकूल रहेको घोषणा गरेका थिए । तर आज अपराह्न चार पैंतालीसको हाराहारीमा काठमाडौंका तीन ठाउँमा करिब एकसाथ शृङ्खलाबद्ध बम विस्फोट भएका छन् ।

त्रिपुरेश्वर, माइतीघर र बालाजुमा भएका विस्फोटमा परी अहिलेसम्म दुई जनाको मृत्यु भइसकेको छ भने दर्जनौं घाइते भएका छन् । वीर अस्पतालका चिकित्सकका अनुसार त्यहाँ ल्याइएका घाइतेमध्ये पाँचको अवस्था गम्भीर छ । सर्वसाधारणको हत्या गर्ने उद्देश्यले माइक्रो बस स्ट्यान्ड र यात्रु प्रतीक्षालयमा बम राखेको प्रहरीले बताएको छ...

घुर्ना चलहल गर्न नसक्ने गरी शिथिल हुन्छ । ढाडलाई ढुङ्गाले थिचे जस्तो काँध गह्रुङ्गिँदै आउँछ । बल्ल भेउ पाउँछ, आफूले ब्याकप्याक बोकिराखेको । ब्याकप्याक निकालेर उसले राख्छ । जसोजसो समाचार लम्बिँदै जान्छ, उसलाई जबर्जस्ती सास्ती सुन्नुपरिरहेको सजायझैं हुँदै जान्छ ।

...पहिलो विस्फोट माइतीघर बस बिसौनीमा भएको थियो । उक्त विस्फोटमा कोटेश्वर घर जान बस कुरिरहेका एक जना मान्छेसहित छ जना घाइते भएका छन् । विस्फोटका बेला वाइसिएल र वादी समुदायको विरोध कार्यक्रमका कारण ट्राफिक आवागमन प्रभावित भएको थियो । सडक जामका कारण घाइतेहरूलाई अस्पताल पुऱ्याउन बाधा परेको थियो...

"काममा हिँडेको मान्छे भरे घर पुग्ने हो कि हैन... साला... ठेगानै नहुने भयो," ट्याक्सी ड्राइभर एकाएक झोक्किन्छ । "अबदेखि घरबाट निस्किँदा स्वास्नी छोराछोरीको अनुहार राम्ररी हेरेर निस्किनुपर्ने भो । के थाहा...," भन्दै ऊ घुर्नातिर पछाडि फर्किन्छ, "...त्यही भेट अन्तिम हुने हो कि !" घामले डढेको उसको अनुहारको कलेजीपन पीरो भएको छ । उसको बोलीमा तीखोपन सुनिए पनि आँखा उसका कमला भएका छन् । ती आँखामा तरल जस्तो केही पग्लिएको छ ।

भिज्न चाहँदैन घुर्ना उसका आँखा सँगसँगै । नजर हटाएर उसले बाटोतिर हेर्छ । र ड्राइभरको ध्यान अन्तै मोड्न उसले सोध्छ, "यहाँबाट नजदिक पड्छ कलङ्की ?"

"त्यस्तै भनौं...," ड्राइभरको ध्यान तर समाचारमै छ, "...यो कालिमाटीको टङ्केश्वर मार्ग हो ।"

घुर्नालाई रामाले भनेको याद आउँछ, टङ्केश्वर मार्ग । यतैकतै हुनुपर्छ त्यो ट्रान्सपोर्टको गोदाम, जहाँबाट उनीहरूले हिजो छाडी अस्तिको रात सामान झिकेर लगेका थिए । उसले छुट्दै गएको बाटो फर्कीफर्की हेर्छ । र आउन लागेका पसलहरू एकएक केलाउन थाल्छ ।

*...दोस्रो विस्फोट त्रिपुरेश्वर बस बिसौनीमा भएको थियो । यात्रु कुर्ने प्रतीक्षालयको सिटमुनि भएको विस्फोटमा स्कुलबाट घर फर्कन लागेका छात्र र छात्राहरू घाइते भएका छन् । तीमध्ये एक जना छात्राको अस्पताल पुऱ्याउँदै गर्दा मृत्यु भएको छ । विस्फोटले यात्रु कुरिरहेको कीर्तिपुर जाने बा१ख १९९० मा पनि क्षति भएको छ । त्रिपुरेश्वरमा खटिएकी ट्राफिक प्रहरी अल्का न्यौपानेका अनुसार विस्फोटको आवाजसँगै मान्छेहरू उछिट्टिएर लडेका थिए । शरीरका अङ्ग उछिट्टिनुका साथै केहीका...*

घुर्नालाई रेडियो बन्द गर भन्न मन लाग्छ । रेडियोको चर्को आवाजले उसले खोजिराखेको ठाउँको मेसो पाइराखेको छैन । उसले खोजिराखेको एकतिर घरको ढलान भएको र अर्कोतिर सटर भएको मसिनो गल्ली हो । त्यस्तो खाले गल्ली देखिन्छ कि भनेर उसले टाउको मात्र होइन, पूरा जीउ नै फर्काएर बाहिर हेरिराखेको छ । तर रेडियोले उसको दिमाग खलबलाइराखेको छ ।

वा हुन सक्छ समाचार सुन्न नसकेर रेडियो उसलाई कर्कश लागिराखेको । यस्तो असजिलो त नलाग्नुपर्ने घुर्नालाई । पहिला पनि सुर्जा समूहमा हुँदा बम पड्काएको होइन ? सकेट बम बनाएर ठाउँठाउँ पुऱ्याएको होइन ?

तर त्यति बेला सरकारी निकायका भवन टार्गेट गरिन्थ्यो । खुसुक्क उसले आफैंलाई स्पष्टीकरण दिन्छ । फेरि कति नै पड्काइयो होला र ? ०६१ सालमा बम बनाउन सिकेर ०६३ मा झबरको जनतान्त्रिक मधेस मुक्तिमा १० महिना त हो । त्यो पनि फाट्टफुट्ट पड्काएको । यत्तिको ठूलो धमाका गरिएकै थिएन । त्यतिन्जेल चार चोटि जनकपुर, जलेश्वर र चन्द्रनिगाहपुरमा पड्काउन भनेर सकेट बम पुऱ्याउन गइयो । त्यो पड्किएर कति मरे, कति घाइते भए लेखाजोखा गरिएन । आफ्नो जिल्लाभित्र पाँचछ चोटि पड्काउँदा थाहा भएको भनेको एक जना मरेको र केही गम्भीर घाइते भएका हुन् । गम्भीर घाइते

भएकाहरू त्यसपछि मरे कि बाँचे, सोधखोज गरिएन । त्यति पनि स्थानीय पत्रिकाको भरमा थाहा पाएको हो । त्यसरी पड्किएर हताहत भएकालाई झबर 'कोल्याटरल ड्यामेज' भन्थे । आफ्नो लक्ष्य हासिल गर्ने क्रममा हुन गएको क्षतिलाई त्यसो भन्छन् अरे ।

'हुन गएको क्षति'प्रति मनमा सन्ताप लिइराख्नुपरेन । त्यसबाट आफू अलग छु भन्ने हुन्थ्यो । तर अहिले कानमा तातो झीर हालेझैं भइराखेको छ, बम विस्फोटको समाचार सुन्दा । सर्वसाधारणलाई नै टार्गेट गरे जस्तो लाग्ने घटनाको क्षतिलाई 'कोल्याटरल ड्यामेज' पनि भन्न मिलेन । त्यसमाथि आफूले बनाएर पड्काएको बममा पीडित भएकाहरूबारे यति विस्तृतमा समाचार उसले सुनेको पनि थिएन । त्यो पनि तात्तातो ।

बहुत ठूलो गल्ती भयो, ललनहरूको लापरबाहीले । मनका साथसाथै जीउ पनि बटारिन्छ घुर्नाको । यस्तै हुन्छ यस्ता समूहहरूको काम– गैरराजनीतिक । उसको सासको तातोले झ्यालको सिसा बाफिन्छ । 'एक मधेस एक प्रदेश' मागका लागि सशस्त्र सङ्घर्ष गरिराखेका 'जनतान्त्रिक मधेस मुक्ति' र 'मधेस जनतान्त्रिक सेना'मा कति फरक !

आँखा झिमिक्क नगरी ऊ हेरिरहन्छ बाहिर । लहरै छन् 'हलाल' गरिने मासु पसलहरू । घाँटी रेटिएका सिङ्गा कुखुरा टेबलमा उत्ताना छन् ।

*–तेस्रो विस्फोट बालाजु माइक्रो स्ट्यान्डमा भएको थियो । बालाजुबाट बाइपासतर्फ जाने बा२ख ९६५ नम्बरको माइक्रो बसभित्र भएको थियो । यात्रु चढाइराखेको माइक्रो बसमा भएको विस्फोटले गाडीको छत उछिट्टिएको छ भने गाडीभित्र बसिराखेका सात जना यात्रु गम्भीर घाइते भएका छन् । तीमध्ये एक जनाको घटनास्थलमै मृत्यु भएको छ ।*

*तीनै ओटा घटनास्थलबाट प्रहरीले विस्फोटमा प्रयोग भएका पदार्थ बरामद गरेको छ–*

जिलेटिन, इलेक्ट्रिक डेटोनेटर र डेटोनेटिङ कर्डले त हो टाइम बम बनाएको । घुर्नाले सम्झिन्छ । र यही ठाउँबाट हो ती सामान अस्ति लगेको । तर यो ठाउँ आएकै होइन जसरी जीवन्त भएको छ । नचिन्ने भएको छ दिनको उज्यालोमा । झन् साँझको चहलपहलमा गन्जागोल पो देखिने रहेछ ।

यस्तोमा उसले खोजिराखेको गल्ली गइसकेको हो कि आउन लागेको हो, कसरी छुट्याउनु ? नामले थाहा पाएको तर ठाउँको मेसो नपाइराखेको घुर्ना रल्लिएको छ ।

टङ्केश्वर मार्गबाट मोडेर ताहाचल लाग्दा उसले देख्छ, परोपकार मार्गको पुल ।

हो, यही पुल हो, जहाँबाट ऊ र रामा आएका थिए । घुर्नाले पछाडिको सिसाबाट फर्किएर हेर्छ । भनेपछि उसले खोजिराखेको गोदाम पछाडि नै छुटिसक्यो । किनभने त्यो पुलबाट उनीहरू देब्रे ओरालो लागेर गोदाम पुगेका थिए । र जाँदा पुलको बाटो नफर्की सीधै लागेका थिए रामाको डेरा ।

बानेश्वरको भीमसेनगोला भन्थ्यो रामाले डेरामा पुगेपछि । सिमेन्ट नगरिएको र माथि तलामा पिलर ठडाएर राखिछाडेको बन्दाबन्दैको घर रहेछ । भुइँ तलामा तीन कोठा रहेछन् । एउटा खाली नै छ भन्थ्यो रामा । अर्कोमा घर बनाउने कामदार मिस्त्री बस्छन् हाम्रैतिरका, उसले भन्थ्यो ।

मेनरोडबाट भित्री गल्लीहरूको जन्जाल हुँदै पुगेका थिए उनीहरू रामाको डेरा । उसको डेरासम्म पुग्ने गल्लीमा मोटरसाइकल ठिक्क छिराउन मिल्थ्यो, त्यसकै नापोमा बनाएको डोरेटो जस्तो ।

बनोटले त्यो घर, 'घर'भन्दा डेरा जस्तो थियो । करिडोर एकतिर तीन कोठा लहरै थिए र अर्कोतिर भऱ्याङ । भऱ्याङतल चर्पी । सँघारबाट पहिलो पर्ने कोठामा तीन जना कामदार डेरावाल थिए । बीचको खाली थियो । अन्तिमको कोठा रामाले लिएको थियो । भुइँ तलाका कोठा अँध्यारा बनाएका थिए, छेउ र पछाडि बनिरहेका अचकल्टा घरहरूले । बेलाबेला दुर्गन्धको हस्को आउँथ्यो । पछाडि कुनै खोला छ भन्थ्यो रामा । खोला कम नाला बगिराखेको भान हुन्थ्यो ।

हतपत यहाँ कसैले शङ्का गर्न नसक्ने रहेछ । घुर्नालाई लाग्यो । तर घेरामा परेपछि भने उम्किन सकिँदैन । त्यसैले जे गर्नु छ छिटो गरेर ठाउँ छोडिहाल्नुपर्छ भन्ने भयो ।

राति सामान लिएर आउँदा अघिल्लो कोठाका कामदारहरू सुतिसकेका थिए । रातको साढे ११ बजेको थियो । घरबेटी नभएको डेरा भएकाले ढुक्क थियो ।

कोठामा पुग्दा रामाले घुर्नालाई एकछिन आराम गर्ने भए गर्नुस् भनेको थियो । हुन पनि घुर्ना धपेडिएको थियो । दिउँसोको बसले त्यही दिन काठमाडौं आइपुगेकाले आफूलाई ठीकसित बिसाउन पाएको थिएन । तर घुर्नाले थकान महसुस गर्न पाएन । उसको मन तुलबुलाउन थालेको थियो । ऊ पहिलो चोटि टाइम बम बनाउन लागिराखेको थियो, लोकहा पलारमा बम बनाउन सिकेपछि । सुर्जा समूहका लागि उसले बनाउनै परेको थिएन । जुन कुरा रामाले थाहा नपाओस् भन्नेमा घुर्ना सतर्क थियो ।

रामाको हडबडी पनि बढिराखे जस्तो देखिन्थ्यो । सामान राख्न पाएको छैन, कोठाको खाली भागमा ऊ पत्रिका ओछ्याउन लागिपरेको थियो । बम तयार गर्न ठाउँ ठिक्क पारिराखेको थियो । त्यहाँ त्यसरी बम बनाउन लाग्दा तनाव उसलाई पनि भइराखेको हुनुपर्छ । आफ्नै तनावले घेरिएकाले उनीहरूबीच संवाद कम हुँदै गएको थियो । बिल्कुल चकमन्न भएको थियो डेरा । पत्रिका ओछ्याउँदा कागज फडफडाएको आवाज हावामा चङ्गा फडफडाएझैं सुनिन्थ्यो । हिँड्दा जुत्तातल बालुवा पिसिएर किरिककिरिक आवाज आउँथ्यो । छतमा थुपारेको बालुवा माथिदेखि मान्छेका पाइला पछ्याउँदै कोठाभित्रसम्म हुर्रिएको थियो ।

कोठाको आधा भागसम्म टाट ओछ्याइएको थियो । बाँकीको खाली भुइँले पूरै कोठालाई चिसो तुल्याएको थियो । मैलिएको टाटमा पातलो गद्दा थियो । गद्दामाथि न तन्ना ओछ्याइएको, न तकिया वा ओढनी थियो । कसैले छाडेर गएको मालमत्ता जस्तो देखिन्थ्यो । एक हप्ता भयो कोठा लिएको, अब पर्सि छाड्ने हो भन्थ्यो रामा । घुर्नाले सोधखोज गरेन । 'खुरूखुरू काम सकाऊ, आफ्नो बाटो लाग' भन्ने मनस्थितिमा थियो ऊ ।

ब्याकप्याक निकालेर घुर्ना गद्दामा बस्यो । रित्तो कोठाको खालीपनले सोचाइमा एकाग्रता थपिदिएको थियो । दिमागमा अब गर्न लागेको कामकुरो चल्न थाल्यो । टिक_टिक_टिक_

_टिक_टिक_टिक_ । सम्झियो भने घुर्नाले अझ पनि सुन्न सक्छ, बममा सेट गरिएको घडीको टिकटिक । मानौं, स्मृतिको तहमा गहिरिएर बसेको होस् । तर ऊ सम्झिन चाहन्न । ध्यान अन्त मोडोस् त कता मोडोस् । ट्याक्सीमा बजिराखेको छ बम विस्फोटकै समाचार । उसले सोच्न खोज्छ कलङ्कीको

काउन्टरबाट टिकट काटेर बस चढ्नेबारे । तर सोचाइहरू फुत्तफुत्त युटर्न लिन थाल्छन् । नजानिँदो गरी बम बनाइराखेको क्षण लस्करै ब्यूँतिँदै आउँछन् ।

झलझली सम्झिन्छ– तीन ठाउँका लागि ठिक्क पारिएका पाँचपाँच ओटा जिलेटिनका लोला । जिलेटिनका मुठाको बीचमा इलेक्ट्रिक डेटोनेटर घुसारेको । डेटोनेटरको तार लामो बनाउन अर्को रातो र कालो तार त्यसमा उनेको । करेन्टको प्लस र माइनस तार तयार भएपछि मुठालाई कालो टेपले बाँधेको । त्यसैमाथि फेरि डेट्कर्डले बाँधेको । घडी जोड्नुअगाडि रामालाई इलेक्ट्रिक डेटोनेटरको प्लस र माइनस तारबारे सम्झाएको । र घडीको पुर्जामा कुन तार कहाँ जोड्दा सर्किट पूरा भई पड्किन्छ भनेर बुझाएको ।

सम्झिएर घुर्नालाई भयङ्कर पछुतो भइराखेको एउटै कुरा छ । बम बनाउँदा जब डेट्कर्ड बाँध्ने पालो आयो । रामाले त्यसबारे सोध्यो । घुर्नाले विस्फोटको धमाकाको मात्रा बढाउन डेट्कर्ड प्रयोग गरेको भनेर भन्यो । रामाले त्यसपछि घुर्नालाई हत्तपत्त सोध्यो– पड्काउन लागेको ठाउँ उसले देखेको छ ? घुर्नाले नाम मात्र सुनेको तर देखेको छैन भन्यो ।

रामाका खुम्चिएका आँखीभौं तन्किए । कुप्री परेको ढाड उसले सीधा बनायो र भन्यो– त्यहाँ ठूलै धमाका गर्नुपर्छ, अलि धेरै बेर्नुहोला । लाग्यो, उसको अगाडि लरोतरो पड्काइले नढल्ने राज्य उभिएको छ ।

रामाको भनाइको भरमा घुर्नाले अनुमान लगायो । एकदुई सरो डेट्कर्ड बेरेर नहुने रहेछ । धेरै बेर्न उसले डेट्कर्डमा निकै ओटा गाँठो बनायो । र तीन ओटै बममा गाँठो पारिएका डेट्कर्ड बाँध्यो । त्यति बेला उसको दिमागमा हाडछालाका मान्छेहरूभन्दा राज्यको अमूर्त रूप छाएको थियो । राज्यलाई धक्का दिने भनेपछि सरकारी भवनका अग्ला पर्खाल, पहरायुक्त फलामका गेट, निधारमा नेपाल सरकारको बोर्ड टाँसिएको मोहडा उसले कल्पना गरेको थियो ।

तर अहिले समाचारमा यतिउति मान्छे मरे, घाइते भए भनेको सुन्दा उसका आँखा आफ से आफ बाटोमा हिँडिराखेका मान्छेलाई नियाल्न पुग्छन् । उसले कल्पना गरेको कङ्क्रिटका भवन ती मान्छेका अनुहार, छाती, गोडामा साटिन्छन् । अमूर्त कल्पना वास्तविक बन्छ । र घुर्नालाई डेट्कर्डमा बनाएको गाँठो घाँटीमा कस्सिएझैं लाग्छ ।

अब विस्फोटको जिम्मेवारी लिएर के गर्नु ? छातीमा भार परेझैं थिचिए जस्तो हुन्छ । मास्तिर फर्किएर उसले गह्रुङ्गो सास छोड्छ । समूहको नाम सार्वजनिक गर्न जुन आतुरता थियो, अहिले स्वाट्टै सेलाएको छ । ललनले जिम्मेवारी अहिले लेला, भरे लेला सम्झिँदा मात्र पनि दिमागभरि अँध्यारोको कालो पोतिन्छ ।

कसरी थाहा पाउने ललनले समूहको नाममा जिम्मेवारी लियो कि लिएन । घुर्नाले घडी हेर्छ । ६:५० भएको छ । यति बेलासम्म त जिम्मेवारी लिइसक्नुपर्ने । के गरूँगरूँ भएर उसले मोबाइलमा कल लग हेर्न थाल्छ । अन्तिम पटक उसले रामालाई गरेको थियो । फोन लाग्दै लागेको थिएन ।

अहिले लागिहाल्ला कि भन्ने झिनो आसले उसले रामालाई डायल गरी हेर्छ । मोबाइल स्विच अफको सन्देश आउँछ । उसले ललनलाई सम्झिन्छ । ललनले फोन बन्द नै गरिसकेको होला । उसलाई आजभोलि त के एक महिनासम्म सम्पर्क गर्न सकिँदैन ।

निरूपाय भएर ऊ बजिराखेको रेडियोतर्फ हेर्छ । रेडियोमा समाचार सकिएर गीत आइराखेको छ । घुर्नालाई समाचार अधकल्चो लाग्छ । चाहिने कुरा भन्न छुटाएझैं हुन्छ । छ र साढे छबीच ललनले जिम्मेवारी लिन्छु भनेको थियो । तर रेडियोमा किन आएन ? ललनले राष्ट्रिय समाचार समिति (रासस)मा फ्याक्स पठाएर लिने भनेको थियो । यति चाँडो सबैतिर सूचित नभएर हो कि रेडियोले नफुकेको ? घुर्नाले अड्कल काट्छ ।

कताकता भने नाम सार्वजनिक नभइसकेको समय तन्किराखेकोमा घुर्नालाई 'आफू जोगिइराखेको' भान हुन्छ, फेल हुने पक्का भएको परीक्षार्थीले नतिजा टरेको भ्रमसुख मनाइराखेको जस्तो ।

घुर्ना ड्यासबोर्डतिर हेरिरहन्छ । अघिसम्म ड्यासबोर्डको कुन ठाउँमा रेडियो बजिराखेको पत्तो नपाएको घुर्नाले अहिले मिटरमाथि जडान गरिएको रेडियोको रातो बत्ती स्पष्ट देख्छ । बाहिर अँध्यारिँदै गएकाले भित्रको 'पावर अन'को प्रकाश पनि बलेको छ ।

रिमरिम साँझ ध्वाँसिँदै छ । भित्रभित्रै जति गुड्यो सहर बिरानो हुँदै गएको छ । लाग्छ, बाटोहरू फाट्दै गएर भुलभुलैयाको जालो बनेका छन् । धमिलिँदै गएका छन् मान्छेका अनुहारहरू । घेरा हाल्दै आएको अँध्यारो अघि

बढिराखेको छ । घुर्नाको छटपटी बढ्छ । कहाँ आइपुगियो भनेर उसले बाहिर हेर्छ । थाहा पाउँदैन ।

उनीहरू ताहाचलको उकालो कट्दै छन् ।

उकालो सकिनासाथ ड्राइभरले रेडियो स्टेसन फेर्न थाल्छ । घुर्नाका कान ठाडा हुन्छन् । रेडियोले समाचारको ट्युन बजिराखेको कुनै स्टेसन समात्छ । ड्राइभर अडिन्छ । सायद उसले यही स्टेसन खोजिराखेको थियो वा समाचार बजिराखेको कुनै पनि स्टेसन । जेहोस्, उसको खोज टुङ्गिन्छ ।

अघिल्लो भन्दा यो स्टेसनले ताजा समाचार पस्किँदै छ । समाचारवाचकले हरेक शब्दमा जोड दिँदै पढिराखेको छ_

_*आज अपराह्नमा भएको शृङ्खलाबद्ध बम विस्फोटको जिम्मेवारी दुइटा समूहले लिएका छन्_*

घुर्नाका आँखा फारिन्छन् । मुख खुलाका खुला ऊ सिटको बीचौबीच सरेर आउँछ । र रेडियोको हाराहारी भएर बस्छ । त्यति पनि टाढा लागेर ऊ सिटको बिल्कुल किनारमा सर्छ र अघिल्तिर जीउ ढल्काउँछ । उसका घुँडा काँप्न थाल्छन् । सास थामेर ऊ सुनिराखेको छ ।

_*अहिलेसम्म नाम नसुनिएका तराई-मधेसका सशस्त्र समूह 'मधेस मिसन' र 'तराई जनवादी पार्टी'ले जिम्मा लिएका छन्_*

तीनचार सेकेन्डका लागि दोहोरो सास लिन भुल्छ घुर्ना । उसलाई विश्वास हुँदैन । लाटो अनुहार लगाएर ऊ रेडियोलाई नै हेरिरहन्छ । निसास्सिएर सास फुकाउँदा बल्ल होस फर्किन्छ । कतै गलत त उसले सुनेन । उसले ती समूहको नाम मनमनै दोहोऱ्याउँछ– मधेस मिसन ! तराई जनवादी पार्टी ? अहँ ! सञ्चारमाध्यमले मात्र होइन । उसले पनि आजसम्म तिनको नाम सुनेको छैन ।

विचार अड्किएको घुर्नाको दिमाग झिलिक्क हुन्छ । ललनले जे चाहेको थिएन त्यही भयो ! उनीहरूले गरेको बम विस्फोटको जिम्मा अर्कैले लिइदिए । एउटाले गरेको भौतिक कारबाहीमा चर्चा बटुल्न अर्कै 'लेटरप्याड' सशस्त्र समूहले जिम्मा लिने गरेको जस्तो । बबन सदाले करेत समूहको नाममा जिम्मेवारी लिएर 'सर्टकर्ट' मार्ने जस्तो ।

पत्यार नलागेर ऊ अगाडि सिसाबाट हेरेको हेऱ्यै हुन्छ । बाटोका केही कुरा देखिँदैनन् । केवल दृश्य बदलिइरहन्छ । र रियरभ्यू ऐनामा झुन्ड्याएको

चुराको माला आँखाअगाडि तुन्द्रुङतुन्द्रुङ हल्लिइरहन्छ । रेडियोको आवाजले कान खाइराखेको छ । तर के बोलेको उसले सुनिराखेको छैन । बजिराखेको समाचारसँगै दिमागको भोल्युम बढाएर ऊ सोच्न थाल्छ ।

भनेपछि ललनले विस्फोटको जिम्मा लिन बाँकी नै छ । तर...

घुर्नाले वास्तविकताबोध गर्छ । ललनले दुई ओटा समूहको नाममा जिम्मा लिएपछि सबै गरेर चार ओटा सशस्त्र समूह हुनेछन् बम विस्फोट गर्ने । अनि कुन समूह आधिकारिक हो, कसरी पुष्टि हुन्छ ?

काम बिग्रियो ! यो पनि गडबड भयो, घुर्नाले ठम्याउँछ ।

तर अचम्म ! मन र मस्तिष्कको सामञ्जस्य किन मिलिराखेको छैन । अघिल्तिर ढल्किएको जीउ उसको सामान्य हुँदै आउँछ । अघिसम्म धमिलिएका आँखामा बाटो प्रस्टिन थाल्छ । उसले देख्छ, गुडिरहेका गाडी र मोटरसाइकलका पुच्छरमा रातो ना रातो बत्ती बलेको । भित्रभित्र के हुँदै छ उसलाई, हल्कान भए जस्तो । ऊ किन दिक्किएको छैन ? गडबडी भएर पनि किन आत्तिएको छैन ? 'बचियो !' भन्ने जस्तो धन्य किन मनाइराखेको छ । कतै यो गडबडी उसलाई ठीक लागिराखेको त छैन ?

घुर्नाको अनुहारमा सहजता फैलिँदै जान्छ । नाम सार्वजनिक हुनबाट तर्किराखेको अर्धचेतना दह्रो हुन्छ । डरडर मानिराखेको मनले मानौं सह पाउँछ । र मनको चोर कुनामा टुसाएको सोच बिनासङ्कोच उसले दोहोर्‍याउँछ– यही हो मौका चोख्खिने ! पहिला दलित प्यान्थर मोर्चाको नाम चोख्याउने । त्यसपछि आफूलाई बचाउने ।

हो, उसलाई यो गडबडी ठीक लाग्न थाल्छ ।

उनीहरूले योजना गरेको ठाउँमा पड्काएको भए आधिकारिकताका लागि घुर्नाले पनि हानथाप गर्थ्यो होला । तर गडबडीमाथि गडबडी भइदियो । अब घुर्नालाई यही मौकामा चोख्खिन सकिन्छ जस्तो लाग्दै छ । उसको हिसाबले बम विस्फोटको जिम्मा चार ओटा समूहले लिने भएपछि अन्योल पैदा हुनेछ, कुन समूहले विस्फोट गरेका हुन्, कुन हावादारी हुन् भनेर ।

यही बेला दलित प्यान्थर मोर्चाको नाम फिर्ता लिने । उसले योजना बुन्छ । दलित प्यान्थर मोर्चाको कुनै संलग्नता छैन भनेर विज्ञप्ति निकाल्ने । मोर्चाको कुनै एक कार्यकर्ता संलग्न भएको हुन सक्छ । दलित प्यान्थर मोर्चाको

नाम दुरूपयोग गरेर फाइदा लिनका लागि । त्यसैले मोर्चाले यसबारे छानबिन गर्नेछ भनेर स्पष्टीकरण दिने ।

पत्याउने आधार नभए पनि, नपत्याउने आधार पनि कसैसँग छैन । दलित प्यान्थर मोर्चाको नाममा 'प्यान्थर घुर्ना' पनि संलग्न थियो भनेर ललनलाई थाहा भए पनि त्यसलाई पुष्टि गर्ने आधार ऊसँग छैन । धन्न पर्चा पनि घुर्नासितै छ ।

प्रश्न उठ्न सक्छ । आफूलाई मोर्चाको अध्यक्ष भन्नेले नै बम बनाउन सघाएको कुरा नि ?

'प्यान्थर घुर्ना' नामको अस्तित्व नै मेटाउने । बम बनाउन सघाउने ऊ हो कि अरू कोही हो भन्ने किटानी दिन ललन र रामा नै समातिनुपर्छ । मात्र रामा र ललन । तिनीहरूबाहेक मधेस जनतान्त्रिक सेनामा ऊ कसैको अगाडि परेको छैन । र उनीहरू त्यति सजिलै कहाँ समातिने खालका हुन् र ?

तर यो चाल सफल बनाउन उसले एउटा निर्णय लिनुपर्ने हुन्छ । मन नलागेको निर्णय लिनैपर्ने बाध्यता सोचेर घुर्ना खिन्न हुन्छ । एकछिन त लाग्छ, आँखा चिम्म गरेर सब बिर्सिदिऊँ । तर आँखा बन्द गर्न सके पो ।

साँझ झमक्क हुँदै छ । रिमरिम उज्यालो छँदै बलेको साँझको बत्तीले आकाशको मसिनो रङ गहिरिएको छ । दिन र रात मिसिएको आकाश हेर्दै घुर्नाले आफ्नो निर्णय पक्का गर्छ । छठु 'बागी'लाई नै दलित प्यान्थर मोर्चाको अध्यक्ष 'प्यान्थर बागी' भनेर प्रस्तुत गर्नुपर्छ । अर्को विकल्प छैन ।

पऱ्यो भने छठुलाई विज्ञप्ति निकाल्न लगाउने, दलित प्यान्थर मोर्चा भनेकै 'प्यान्थर बागी' अध्यक्ष भएको समूह हो भनेर । 'प्यान्थर घुर्ना'ले अध्यक्षको दाबी गर्न नआएपछि कुरा स्पष्ट हुनेछ । 'प्यान्थर बागी'को दाबीचाहिँ सत्य हो । मधेस जनतान्त्रिक सेनासित मिल्न गएको प्यान्थर असन्तुष्ट कुनै कार्यकर्ता हुन सक्छ । त्यसपछि घुर्ना छायाँमा बस्ने । सबै चीज सामसुम भएपछि 'प्यान्थर घुर्ना'बाट अर्कै चिनारीमा देखापर्ने । नयाँ चिनारीले चिनिएपछि मोर्चाको कमान्ड छठुबाट आफूमा सार्ने ।

घुर्नाले सरसर्ती फेरि विचार गर्छ । जति पटक सोच्यो, त्यति पटक उसलाई यो चाल चलिहाल्नुपर्छ जस्तो लाग्छ । र हरेक पटक उसलाई छठु अपरिहार्य लाग्न थाल्छ ।

तर छ्वु 'बागी'लाई सम्झिएर घुर्नाको निधारमा नजानिँदो बल पर्न जान्छ । र ऊ ओठ टोक्न थाल्छ ।

समाचार सकिएर रेडियोमा शान्तिको कामना गरिराखेको गीत आउँदै छ । ड्राइभरले रेडियो मधुरो पार्छ । समाचार सुनेदेखि गम्भीर भएको ड्राइभर उस्तै मौन छ । घुर्ना भने छ्वुलाई सम्झिइराखेको छ ।

घुर्ना काठमाडौं आउनुअघि छ्वुको अनुहार खासै उत्साहित थिएन । घुर्नाले वास्ता गरेन । उसलाई थाहा थियो किन । यस्तो खालको सहकार्य ठीक हुन्छ कि हुँदैनमै ऊ अड्किइराखेको थियो । ऊ भन्दै थियो, जम्मा दुई जना भएकोलाई सशस्त्र समूह भन्न मिल्छ । अझ दलित प्यान्थर मोर्चा भनेर बम विस्फोटको जिम्मा लिने रे । कसले 'सिरियस्ली' लेला ।

छ्वुलाई सम्झाउँदै घुर्नाले भनेको थियो । उनीहरूको वास्तविकता अहिलेका कतिपय 'लेटरप्याड' समूह जस्तो हुन गएको मात्र हो । अबको एक महिनामा भने दलित प्यान्थर मोर्चा विस्तार हुनेछ । त्यसपछि यो सशस्त्र समूह होइन, पार्टी बन्नेछ भन्दै उसले उत्साहित बनाउन खोजेको थियो । त्यतिन्जेल यतिउति कार्यकर्ता छ भनेर देखाउन सदस्यता रसिदको अर्धकट्टी देखाउने । सुर्जा समूहमा देखाउने गरेको जस्तो । रह्यो कुरा 'सिरियस्ली' लिने । सुरूसुरूमा जुनै पनि सशस्त्र समूहलाई यहाँ गम्भीरतापूर्वक लिँदैनन् । त्यो त भावीले बताउने हो ।

छ्वुले बुझेझैं मुन्टो त हल्लायो । तर ऊ आफ्नै तर्कमा अडिएको छ भनेर थाहा हुन्थ्यो । छातीमा हात कसेर ऊ अर्केतिर फर्किएको थियो ।

मुतनी वनको काण्डपछि के भएको छ छ्वुलाई, ऊभित्रको आगो सेलाए जस्तो । त्यत्रो माओवादीबाट सुर्जा समूहमा हतियारसहित प्रवेश गर्दाको जोस कता हरायो ? सुक्खा ओठको पाप्रा टोक्दै घुर्नाले ट्याक्सीमा सोच्दै छ । उद्देश्य ठीक छ भने त्यसलाई प्राप्त गर्न जस्तोसुकै माध्यम अपनाए पनि हुन्छ भनेर ऊ सशस्त्र विद्रोहमा लागेको होइन । र सुर्जा समूहबाट छुट्टेर दलित प्यान्थर मोर्चा खोल्नेभन्दा ऊ सुरिएको होइन । अहिले आएर किन तर्किराखेको छ ? पछि दलित प्यान्थरको उपलब्धिले पुष्टि गरिहाल्छ नि, किन नबुझे जस्तो गरेको ?

मुतनी वनको काण्डपछि छ्वुको आत्मविश्वास खस्किए जस्तो छ । नराम्ररी झस्किए जस्तो, विश्वास डगमगाए जस्तो छ । घुर्नाको मन खुल्ल

हुन्छ सोचेर । ऊ पछाडि सिटमा अडेसिन्छ । उसको टाउको आफ से आफ एकातिर ढल्किन्छ । उसले सम्झिन्छ, पारिबाट फर्किएर उनीहरू गोबरगढाऽऽमा लुकेर बस्दा छठु निरास हुन थालेको । सबै छोडछाड पारेर सामान्य जीवनमा फर्किने जस्तो कुरा गरेको ।

घुर्नालाई रिस उठेको थियो, छठु गलेको सुन्दा । सँगसँगै ऊप्रति सहानुभूति पनि जागेको थियो । त्यति उदास घुर्नाले उसलाई आजसम्म देखेको थिएन । ननिको लागेर उसले छठुलाई धैर्य राख्न भनेको थियो । सधैं यही अवस्था रहिरहन्न भनेर ढाडस दिएको थियो । अनि छठुसित कसम खाएझैं घुर्नाले उसको हत्केला च्याप्प समाएर भनेको थियो । दलित प्यान्थर मोर्चाको उद्‌घोष नगरी ऊ मर्नेछैन । 'जानिलिनू !'

तर आजको गडबडीले छठु थप हतोत्साही हुने पक्का छ । छठुको अनुहार सम्झिँदै घुर्नाले सोच्छ । फेरि उही कुरा दोहोऱ्याउने होला, यस पटक सायद कडासित ।

अनि ललनले मधेस जनतान्त्रिक सेना र दलित प्यान्थर मोर्चाको नामबाट बम विस्फोटको जिम्मेवारी लिनासाथ दलित प्यान्थरको नाम फिर्ता लिने कुरा सुनेपछि नि ?

एकातिर ढल्किएको घुर्नाको टाउको सीधा हुन्छ । र सोच्दै नसोचेको शङ्का मनमा झ्वास्स पस्छ । छठुले रिसले उसको साथ छोडिदिने हो कि ? घुर्ना सिटमा जन्याकजुरूक हुन्छ । आँखा पिर्लिक्कपिर्लिक्क गर्दै ऊ छठुको लत्रिएको अनुहार सोचाइबाट भगाउँछ । अनि आफैंसित अठोटिँदै उसले सोच्छ, छठुलाई पछि सर्न दिनुहुँदैन । उसलाई सम्झाउनुपर्छ– एक पटकका लागि आफ्नो मिहिनेत खेर गएकै हो । तर यत्तिमै हरेस खानुहुँदैन । बरू अरूले गरेको गल्तीको भागीदार हुनबाट बच्न यो मौका उपयोग गर्नुपर्छ । आफ्नो उद्देश्यलाई ट्र्याकमा ल्याउन नै यो चाल चल्नुपर्छ ।

छठुले बुझ्ला ? दलित प्यान्थर मोर्चाको अध्यक्ष बनेर विज्ञप्ति निकाल्न मान्ला ?

किनकिन घुर्ना ढुक्क हुन सक्दैन । यस पटक छठुले ठाडै विरोध गर्ला जस्तो लाग्छ । नत्र के त ! घुर्नालाई झोक चल्छ । यो स्थितिमा होसियार भएर नसोचे रूसनहरूको फेला पर्ला ।

आखिर यथार्थको अर्को पाटो पनि त छ, जसले गर्दा घुर्नालाई सशस्त्र समूह खोल्न आत्तुरी परेको । त्यही सोचेर पनि घुर्ना झोक्किन्छ । राजनीतिक उद्देश्यले दलित प्यान्थरमा जोडिन नचाहे पनि कम से कम रूसनका पठ्ठाहरूबाट बच्न छठुले सोच्नुपर्छ ।

फौलादको बदला लिने भनेर रूसनहरू उसलाई र छठुलाई खोजिराखेका छन् । रूसनहरूबाट तेर्सिएको खतराबाट पार नपाउन्जेल छठुले सशस्त्र समूहकै आडमा बस्नुपर्छ । घुर्नाले सुरक्षाका हिसाबले सोच्छ । एक चोटि दलित प्यान्थर मोर्चा गठन होस् अनि रूसनका जत्थालाई ठेगान लगाउन सकिन्छ । त्यसपछि छोड्न चाहे उसको मर्जी । नभए यहाँ सामान्य जीवनमा फर्किन के छ र । जिल्ला प्रशासनमा गएर दुईतीन थान हतियार बुझाउने र आत्मसमर्पण गर्ने । सकिइहाल्यो । खतरा यहाँ आफ्नैहरूबाट छ र पो ।

त्यतिन्जेल एकअर्काको साथ छोड्नुहुँदैन । छठुले बुझ्नैपर्छ । घुर्ना हुटहुटिन्छ, जसरी पनि बुझाइछाड्ने दृढताले । उसलाई हतारो हुन थाल्छ, गोबरगढाऽऽ पुग्न । पुगेर छठुलाई भेट्न । भेटेर उसलाई सम्झाउन । सम्झाएर उनीहरूको समूहको नाम फिर्ता लिन लगाउन ।

घुर्नाले ब्याकप्याक तान्छ, आफूनिर अझ नजिक । मानौं, ऊ ओर्लिने तयारी गरिराखेको होस् । कलङ्की पुग्ने आत्तुरीले घुर्ना यसै बसिराख्न सक्दैन । अगाडिको प्यासेन्जर सिटको हेडरेस्ट समाएर ऊ अगाडि सर्छ, झ्यालबाट सीधा नियाल्न । मोटरसाइकलको हेडलाइट आँखैमा पर्छ । आँखामा परेको टक छेल्न ऊ ड्राइभरको सिटनिर सटिन्छ ।

"के हुन लाग्यो यो देशाँ," घुर्ना सरेर आएको देखेर ड्राइभर एकाएक बोल्छ । मानौं, ऊ यही क्षणलाई कुरिराखेको होस् । उसले रेडियो पनि बन्द गर्छ । पट्यारलाग्दो प्रोफेसर जस्तो आवाजले रेडियोमा समानुपातिक प्रणालीबारे चर्चिंदै छ ।

ड्राइभर बिनाप्रसङ्ग बोले पनि घुर्नाले बुझिसक्छ । ऊ कसबारे भन्दै छ । घुर्ना त्यसैत्यसै आधा मासु हुन्छ । ऊ बम विस्फोटबारे कुरा गर्न खोज्दै छ भन्ने थाहा पाएर ।

"यो माओवादीले देखाएको बाटोमा लागेर सब बिग्रिए," समाइराखेको स्टेरिङ च्याप्प कसेर ड्राइभरले कुम उचाल्छ ।

घुर्नाले खोक्रो 'हजुर' भनिदिन्छ, कुरो टुङ्ग्याउन । तर सही थप्न नमानेको उसको दिमाग खुसुक्क साउतिन्छ– बम विस्फोट गर्ने कारण यति सरल छ र यसो भन्न ।

"तपाईंलाई थाहा छ ?" घुर्नातिर झट्ट फर्किन्छ ड्राइभर, "त्रिपुरेश्वरको जुन ठाउँमा पड्कियो नि । त्यो ठाउँमा प्यासेन्जरलाई मैले आधा घण्टा कुरेको । अलिकतिले बचियो ! ..प्यासेन्जर टिपेर हिंडेको पाँचसात मिनेटमै त्यहाँ पड्की त गयो ।"

"वहाँ ?" घुर्ना खङरङ्ग हुन्छ । लाग्छ, ऊ नै त्यहाँ आधा घण्टा उभिइराखेको होस् । *टिक..टिक..टिक..* । र पाँच मिनेटको अन्तरले बालबाल बचेको होस् । मर्दामर्दा बचेको अनुभूति उसलाई थाहा छ, कस्तो हुन्छ । डरको एक लहर रिढ तलसम्म पुग्छ । घुर्ना चिसिन्छ ।

"कत्रो ठूलो आवाज । बाफ रे बाफ !" ड्राइभर कहालिन्छ, "आधा घण्टा कुरेर बसेको त्यो ठाउँ सम्झिन खोज्छु । दिमागमा केही आउँदैन । त्यो धमाकाको सिवाय ।" उसको बोलीको कडकपन निखिँदै जान्छ । आफैंसँग बोले जस्तो लाग्ने स्वर मलिन हुन्छ । "मेरो मुटु त्यो आवाजले यसरी थर्कियो, एकछिन त लाग्यो मेरो कानको जाली फाट्यो । झन् त्यसमा पर्नेहरूको हाल के भए होला । हैट ! एकछिन अरू त्यहाँ म भइदिएको भए..," भन्दाभन्दै ड्राइभर चुप हुन्छ । तर लाग्छ, उसको आफैंसितको संवाद मनमनै जारी छ । उसका उचालिएका काँध उचालिएकै छन् । लाग्छ, परिणाम सम्झिएर ऊ स्तब्ध भएको छ ।

ड्राइभरतिर हेर्न सक्दैन घुर्ना । ऊ ड्यासबोर्डतिर नजर झुकाउँछ, अपराध स्विकारेको अभियुक्तझैं । डेट्कर्डको गाँठोले अठ्याए जस्तो, घुर्नालाई औडाहा हुन्छ । उसलाई अब केही सुन्नु छैन । ऊ बरू सुनिराखेकै आवाज सुन्दै बस्छ । गाडीको घच्याकघुचुक र आफैंले फेरिराखेको सास सुन्नमै ऊ ध्यानस्थ हुन खोज्छ । तर ड्राइभरको मौन स्तब्धताले कान टट्टाउन छाड्दैन । असह्य हुन्छ घुर्नालाई । मौनता तोड्न उसले सोध्छ, "अझै कति दूर छ कलङ्की ?"

"बस्..," गियर फेरेर एस्सिलरेटर बढाउँदै ड्राइभरले भन्छ, "..यै उकालो हो ।"

नभन्दै ट्याक्सी तेर्पाएँ उक्लिएर चक्रपथ निस्किन्छ ।

बत्तीको धुइरो र मेनरोडको चहलपहलमा निस्किँदा घुर्नालाई हलुका हुन्छ, कतै त आइपुगियो । उसले अगाडि सरेर हेर्छ । र भन्ठान्छ, ट्याक्सी मेनरोडतिर गइराखेको छ । तर ड्राइभरले उकालोको टुङ्गोमा रोक्छ ।

"यहाँबाट १० मिनेट पनि लाग्दैन, कलङ्की चोक पुग्न । यो बाटोबाट लाग्नुस्, थाहा पाइहाल्नुहुन्छ ।" ड्राइभरले झ्यालबाहिर हात निकालेर सीधा देखाउँछ ।

घुर्नाले उसले देखाएकोतर्फ हेर्छ । चक्रपथमा नाइट बसको लामै लाइन छ । जामले पारितिर केही नदेखिए पनि उसलाई अनुमान लगाउन गाह्रो पर्दैन, कलङ्की चोक केही अगाडि मात्र पर्छ भनेर । घुर्नालाई हतार हुन्छ ओर्लिन । उसले सोध्छ, पैसा कति भयो । ड्राइभर पछाडि फर्किएर फिस्स हाँस्छ, "दिनुस् जति दिन मन लागे । म त घर फर्किन लाग्दा बाटोमा पर्ने भएर तपाईंलाई ल्याइदिएको । आज ट्रिप गर्न मन नलागेर चाँडै घर फर्कूं भनेर हो ।"

उसको उदारताले एक पटक फेरि छुन्छ घुर्नालाई । उति नै खेर मन डुब्छ पनि, दोषी भावले थिचेर । त्यहाँबाट निस्किइहाल्न घुर्नाले फेरि सोध्छ, "जति हुन्छ त्यति भनिदिनुस् गुरूजी ।" उसको स्वरमा कृतज्ञताको नरमपना छ ।

ड्राइभर झन् फरासिलो भइदिन्छ र जति दिन मन लागे दिए हुन्छ भन्छ । घुर्ना पाइन्टको खल्तीबाट पैसा निकाल्न सिटमा बटारिन थाल्छ । ड्राइभरले अगाडिको बत्ती बाल्छ, घुर्नालाई सजिलो बनाउन । तर घुर्ना बत्तीबाट टाउको छेलिहाल्छ, बत्ती मधुरो भए पनि । घुर्नाले पैसा निकाल्दै गर्दा ड्राइभरले अगाडिको सिसाबाट औंल्याउँछ । मकालुको टिकट काउन्टर त्यही हो भन्दै । घुर्नाले हेर्छ । ठम्याउन सक्दैन । तैपनि देखे जस्तो गर्छ ।

घुर्नाले गोजीमा फेला पार्छ पैसा गुजमुजिएको । निकालेर बत्तीमा हेर्छ निहुरेर । एक सय ५० मात्र रहेछ । उसले दिन खोजेको दुई सय ५० जति हो । त्यति थमाएर ऊ पछाडिको खल्ती पनि छाम्छ । पाउँदैन । ऊ ब्याकप्याकको फस्नर खोल्न थाल्छ ।

"भयो रहन दिनू," ड्राइभरले भन्छ, "बाहिरको गाडी समात्ने हो भने छिटो कलङ्की पुग्नुस् । ढिला होला ।"

घुर्ना ड्राइभरतिर फर्किन्छ । उसको हात अधखुला चेनमै छ । ड्राइभर पनि ऊतिरै फर्किइराखेको छ, दाहिने हात चक्कामा राखेर । नाइट बल्ब जस्तो प्रकाश दिने बत्तीको ठीक मुन्तिर उसको टाउको परेको छ । त्यसैले मुहारको भाग ठीकठीक प्रस्टिन्न । तर ऊ मुस्कुराइरहेको दुवैतिर फैलिएको उसका गालाले थाहा हुन्छ । घुर्ना हेरिरहन्छ ड्राइभरतिरै । उसको असलपनले घुर्नालाई कताकता दुख्छ ।

जाऊँ कि के गरौं भनेर घुर्नाले हेरिराखेको जस्तो लाग्छ ड्राइभरलाई । उसले 'जानुस् जानुस्' भनेर पुनः आश्वस्त बनाउँछ ।

धन्यवाद भन्छ घुर्नाले । र खोलेको चेन लगाएर ओर्लिन्छ ।

ट्याक्सी त्यहीँबाट आधा फन्को लगाएर मोडिन्छ । र हुत्याउँदै ओरालो झर्छ । उसको हतार घुर्नाले बुझेको छ । जिन्दगीको स्वाभाविकताबाट उछिट्टिएको क्षणलाई जिन्दगीसित जोड्न ऊ हतारिएको छ । मृत्युसन्त्रासले लाटिएको आफूलाई छाम्न, छामेर भेट्टाउन ऊ दिनानुदिनको तालिकामा फर्किन चाहन्छ । ऊ फर्किन चाहन्छ उही अनुहारसामु, जसलाई कोठा छाड्नुअघि फर्किएर हेर्न भ्याउँदैन । हेरेर 'गएँ है' भन्न बिर्सिन्छ ।

ट्याक्सी गएकोतर्फ घुर्ना हेरिरहन्छ । ट्याक्सी ओझेल भइसक्छ तैपनि । ड्राइभर र ड्राइभर जस्ता कैयौंप्रति गरेको क्षति सम्झिएर उसका पाइला जाम भएका छन् । अपराधबोधले कसोकसो पोल्न थाल्छ । र उसको अन्तरले उसलाई टोक्न पुग्छ । के तीनतीन ठाउँमा बम पड्काउन आवश्यक थियो, राजनीतिक मागको नाममा ?

यस्तो होला भन्ने के थाहा । भित्रभित्रै गलेको घुर्ना तार्किक हुन खोज्छ । गल्ती त हुन्छ नि सशस्त्र विद्रोह गर्नेहरूबाट पनि ।

तर प्रश्नहरू यतिमै छेउ लाग्दैनन् । अप्ठ्यारा हुँदै जान्छन् । के विद्रोह गर्न हतियार नै उठाउन आवश्यक छ ? उसको अन्तरले टोक्न छोड्दैन । मधेस विद्रोह जस्तो शान्तिपूर्ण तरिकाले जनतालाई जगाउन र राज्यलाई ललकार्न सकिन्न ?

घुर्नालाई असहज हुँदै आउँछ । चेतशून्य बनाउन खोज्छ दिमागका तन्तुहरूलाई । र अगाडि फर्किएर हिँड्न थाल्छ । मानौं, ती प्रश्नतिर उसले ढाड फर्काएको होस् ।

ऊ बिस्तारै हिंड्न थाल्छ, गह्रौं पाइलाले किनारैकिनार । ड्राइभरले देखाएको कलङ्की चोकको दिशातर्फ ।

पसलै पसलको झकमकमा साँझ झकमकाइराखेको छ । भाग लगाएर बेच्ने फुटपाथे तरकारी पसलको मैनबत्तीमा साँझ पिलपिल गरिराखेको छ । लिडलाइटको घेरामा साँझ स्थिर छ । गाडीका प्रकाशहरूमा साँझ फैलिँदै खुम्चिँदै, खुम्चिँदै फैलिइराखेको छ । यी धेरथोर प्रकाश मिसिएर कलङ्की चोक साँझमय भएको छ ।

साँझमा यो ठाउँ देखिएभन्दा बढी सुनिन्छ । गाडीका घाइँघुइँ, हर्नका भ्वाइँभुइँ, हुलका कलबल त भइहाले । माइक्रो बसका खलासीहरू स्वरमाथि स्वर खाप्दै घोक्रो सुकाइराखेका छन् । अबेर पर्दै गएकाले होला, नाइट बसका हर्नहरू एकअर्कासित सल्लाह गरिरहेझैं भुवाँकिराखेका छन् । खुद्रे व्यापारीको विज्ञापनमा सामानको भाउ घटिराखेको छ । जतिजति सामानको भाउ ऊ घटाउँदै जान्छ, त्यति नै उसको स्वर चर्किंदै चढ्छ । यो कोलाहल र झ्याउँझ्याउँबीच घुर्ना अघि बढिराखेको छ, चोकतिर ।

ऊ पाइला छिटोछिटो बढाउन खोज्छ, पूर्व जाने बसको सिट भेटिएला कि नभेटिएलाको चिन्तामा । तर उसका पाइला छिनछिनमा सुस्त हुन खोज्छन्, जतिखेर मनमा अघिकै कुरा खेल्न थाल्छन् ।

विद्रोहको स्वरूप फेर्ने कुरा किन आयो मनमा ? ऊ घुमाइफिराई त्यही सोचिराखेको छ । आफ्नो सोचले झस्किएको घुर्नालाई आफैंदेखि शङ्का लाग्न थाल्छ । के यो द्विविधा हो ? या कायरता ? यति सोच्नु के हुन्छ उसका पाइला सुस्त भइहाल्छन् । यसरी सोच्न थालियो भने सशस्त्र विद्रोह सुरू पनि गर्न सकिँदैन ।

सोचाइले पिरिँदापिरिँदै घुर्ना कलङ्की चोकको मुखैमा आइपुग्छ । नाइट बसको लर्को पनि यहींबाट टुङ्गिएको छ । चार ओटा बाटाका जक्सनमा पुगेर घुर्नाले सुस्ताइको सास फेर्छ । बोकिराखेको ब्याकप्याकको फिता मास्तिर तान्छ । उसलाई पुग्नुपर्ने पारि हो । वारिबाटै उसले देख्छ, रामाले दुई दिनअघि देखाएको टिकट काउन्टरका अफिसहरू । र देख्छ पेट्रोल पम्पमा रोकिने नाइट बसहरूको गति सुस्त हुँदै गएको । देखिन सक्ने दूरीमा गन्तव्यलाई देख्दा घुर्नाको मन चङ्गा हुन्छ । शङ्का, डर, द्विविधा सब हटे जस्तो । घुर्नाले लामो

सास तानेर फाल्छ, केही आँट्नुअघि फेरेको सास जस्तो । त्यसपछि उसले पिरिराखेको सोचलाई भङ्ग गर्छ र आफूलाई दह्रो बनाउँछ ।

आजको गल्तीले ऊ निरास भएको हो, कायर भएको होइन । उसले आफूलाई सम्झाउँछ । ऊ पछुताइराखेको अवश्य हो । तर सशस्त्र विद्रोहमा लागियो भनेर होइन । ललनहरूसित सहकार्य गरेर हो ।

अब त्यो दाग हटाउन जस्तै चाल पनि ऊ चल्न तयार छ । जस्तो झुट पनि ऊ बोल्न तयार छ । र छठुलाई पनि तयार गर्नेछ ।

उसले समय हेर्छ । मोबाइलको स्क्रिनमा ७:२० भएको छ । पारि पुग्न उसलाई हतार हुन्छ । दायाँबायाँ सवारीको ख्याल नगरी ऊ जथाभावी बाटो काट्न थाल्छ । जाम खुलेर सर्न लागेको जिप अगाडिबाटै ऊ पास हुन्छ । डिभाइडरमा बाँधिएको डोरी फदाल्दै ऊ अर्को लेनमा पुग्छ । उताबाट आइराखेको कारलाई पास हुन नदिई ऊ दौडिन्छ ।

पारि पुगेर बल्ल सास आउँछ । फुटपाथ उक्लिएर ऊ टिकट काउन्टरको अफिसतिर हेर्न थाल्छ । तर उसका आँखा मोबाइल पसलछेउको होटलमा अडिन्छन् । होटलको काउन्टर पछाडिको भित्तामा टिभी चलिराखेको छ । पर्दामा नेपाली गीतका दृश्यहरू झल्याकझुलुक गर्दै छन् । र तलपट्टि न्युज स्क्रोल खुर्र दौडिइराखेको छ ।

डरको एक घुट्को निल्छ घुर्नी । ललनले जिम्मा लिइसकेको होला ? थाहा पाउन घुर्नी लालायित हुन्छ । अक्षरका ताँतीलाई नजिक गएर पढूँ जस्तो लाग्छ । सोच्छ, ब्रेकिङ न्युज भन्दै थप दुई समूहले जिम्मा लिए भनेर आइराखेको होला । होटलबाट आँखा नहटाई घुर्नी त्यसतर्फ बढ्छ । जतिजति नजिक पुग्छ, उसको मुटु ढुकढुक गर्न थाल्छ । त्यसपछि भने खुट्टा सर्न मान्दैनन् ।

उसलाई थाहा पाउन त मन छ । तर दलित प्यान्थर मोर्चाको नाम सुन्नबाट ऊ डराइराखेको छ । घुर्नी बीचैबाट फर्किन्छ । फर्किए पनि समाचारमा के छ भन्ने खुलदुली भइरहन्छ । उसले अनुमान लगाउँछ, ललनले जिम्मा लिइसकेको हुनुपर्छ । त्यसपछि सुरू हुन्छ, उसको छाती भतभत पोल्न ।

घुर्नीले ब्याकप्याकको फिता अठ्याउँछ । आस अब छठुमै छ ।

# त्यसपछि...

"भारदह लहानको टिकट छ ?" घुर्नाले सोध्छ, पानको गुम्टीजत्रो अफिसमा पाइला टेक्नासाथ ।

अनुहार घोप्टाएर साप्ताहिक पत्रिका पढिराखेको मान्छेले ऊतिर हेर्दै नहेरी भन्छ, "यो पश्चिमको काउन्टर हो ।"

घुर्नाले ख्यालै गरेनछ । अफिसको बाहिरी भित्तामा लेखिएका गन्तव्यहरू पश्चिमका मात्र रहेछन् । "पूर्वको... ?"

"छेउमा छ पूर्वको ।"

घुर्ना बाटोतिर हेर्न थाल्छ । ऊ अलमलिएको देखेर कारिन्दाले पत्रिकाबाट टाउको उठाउँछ र छेउदेखि पल्लो अफिसमा जान भन्छ ।

घुर्ना लागिहाल्छ त्यसतर्फ ।

फोनको बुथभन्दा अलिकतिले ठूलो होला यो दोस्रो अफिस । टेबलपछाडिको कुर्सीमा बसेको मान्छे खुट्टा हल्लाउँदै मोबाइल चलाइराखेको छ । सँघारमा उभिएर घुर्नाले उसको ध्यान भङ्ग हुने गरी सोध्छ, "भारदह लहान जाने बसको टिकट छ ?"

"कबलाई ?" उल्टै उसले सोध्छ ।

"अहिले छुट्नेबला ।"

आस लगाउँदै घुर्ना भित्रतिर सर्दै आउँछ । त्यो मान्छेको अनुहारको रङरोगन र लवजले आफ्नैतिरको मान्छे जस्तो लाग्छ । त्यसैले पनि उसमा भरोसा जाग्छ ।

"आजको सब छुटिसके हाम्रो नम्बरबला गाडी," टेबलमा शरीरको भार थप्दै उसले भन्छ ।

"बर्दिबास पार जहाँको भए पनि हुन्छ," घुर्ना अधीर हुन्छ ।

"आज त पेक भइसक्यो । हाम्रो नम्बर धनुषा र सिरहामा सिरिफ लाग्छ । त्यो पनि अहिलेसम्म थोडै रूकिरहन्छ । छुटिसक्यो सब ।"

घुर्नालाई तनाव हुन्छ । सोच्छ, बसपार्कबाटै चढेको भए ढुक्क हुन्थ्यो । तर त्यहाँ योभन्दा ढिलो पुगिने थियो । त्यही भएर रामाले सीधै कलङ्कीबाट बस समात्नू भनेको थियो । विस्फोटपछि सहरबाट सजिलै उम्किन सकिने प्लानको गलत हिसाब लगाइएछ । रामाले फोन गरेको समयमा निस्किएको भए, निस्किएको निस्किये हुन्थ्यो । तर अब ?

उसले एक पटक त्यो मान्छेलाई फेरि हेर्छ । कतै केही मिलाइदिन्छ कि भन्ने आग्रहमा । ऊ भने कुर्सीमा ढेसिएर आङ तन्काइराखेको छ । घुर्नातिर हेर्दा पनि हेरिराखेको छैन ।

"उताको टिकट मिल्ने ठाउँ आगे पनि छ हैन ?" त्यहाँबाट निस्किनुअघि घुर्नाले सोध्छ ।

"यो मोड कटेपछि छ एकदुई," हत्केला तेर्स्याउँदै त्यो मान्छेले भन्छ, "त्यहाँ ट्राई मार्नू न । देर भइसक्यो– तब पनि ।"

घुर्ना निस्किन्छ बाटोमा । कुनै पनि बसको टिकट पाउने आस उसको मर्छ । तनावमा सोच्छ– टिकससिकट त्यस्तै हो । अब पेट्रोल पम्पतिर झर्नुपर्ला, जहाँ रामाले लिन आएको थियो अस्तिको साँझ । त्यहाँ उभिइराखे भने कुनै न कुनै बस भेटिएला । वीरगन्ज कलैयासम्मको भए पनि हुन्छ । यहाँबाट निस्किन पाइयोस् त्यत्ति हो । अरू एक रात यहाँ बिताउने उसले कल्पना पनि गर्न सक्दैन ।

सिट पनि चाहिँदैन । चोकको मोड कट्दै घुर्नाको चिन्ता बढ्छ । चढाइदिऊन् बस्स !

तीन ओटा घडी पसल छिचोलेर अघि बढ्दा उसले देख्छ, लहरै टिकट अफिसहरू । एकदुई पनि होइन, पाँचछ ओटा लगालग । अफसोस अफिसको सटर लागिसकेको छ । थकथक मान्दै घुर्ना बाहिरी भित्तामा लेखिएका आफ्नो

गाउँठाउँका नामहरू पढ्छ । मिर्चैया, गोलबजार, लहान, रूपनी, भारदह..., ती अक्षरहरूलाई उसले हृदयको स्पर्शले सुमसुम्याउँछ । बिरानो सहरको भित्तामा आफ्नो ठाउँको नाम पढ्दा मात्र पनि भित्रभित्र न्यानो हुने रहेछ । झन् त्यति बेला जब उसको मन घर पुगिसकेको होस् र शरीर यतै अल्झिइराखेको होस् ।

बन्द सटरहरूतिर माया मारेको आँखाले हेर्दै घुर्ना तलतल झर्छ । अबचाहिँ साँझको प्रहरले रातलाई टेक्न थालेको छ । र यो ठाउँ उठ्न लागेको बजार जस्तो देखिएको छ । टिकट अफिस छेउछाउका घडी र मोबाइल पसल पनि बन्द हुने तरखरमा छन् । पारि पसलका ह्याङ्गरमा झुन्ड्याइएका पाइन्ट, टिसर्ट, ज्याकेटरूलाई बाँसको टाँगोले निकालिँदै छ । सटर तानिराखेको आवाजले घर फर्किइरहेकालाई घचघच्याएझैं लाग्छ । त्यसैले टेम्पो र बस कुरिराखेकाहरूको धैर्य फुटपाथबाट सरेर सडकमा ओइरिएको छ । उनीहरूका भोका आँखा उताबाट आउने गाडीहरूलाई झम्टुँलाझैं गरी पर्खिराखेका छन् । नाइट बसका झ्यालझ्याल तल पोलेको मकै बेचिराखेकाहरू खाली स्टिलको बाटा हल्लाउँदै ओहोरदोहोर गरिराखेका छन् । काखीमा पानीका बोतल र हातमा पपकर्न र लेजका प्याकेट च्यापेर बस पछिपछि दगुर्नेहरू सुस्ताएका छन् । पेट्रोल पम्पमा बसहरू पनि खासै रोकिए जस्तो लाग्दैन । नरोकी सटासट गइराखेका बसहरूलाई देखेर घुर्नामा अत्यास बढ्छ ।

लगभग दगुरे जस्तो हिँडिराखेको घुर्नाले अलि तल मिनी मार्केट जस्तो देख्छ । मोहडामा रबर स्ट्याम्प बनाउने सटर लागिसकेको भए पनि भित्रतिर बत्तीको झलमल्ल देख्छ । मिनी मार्केटको एकतिर तन्दुरी रेस्टुरेन्ट रहेछ । अर्कोतिर पसलहरूका बन्द सटर । त्यही छेउमा देखिन्छ, टिकट अफिसको अर्को काउन्टर । खुलै रहेछ । त्यो पनि बन्द होला भनेर घुर्ना झटपट भित्र लाग्छ । आशा त छैन टिकट पाउने । तैपनि सोधिहेर्ने विचारले ऊ त्यता डोरिन्छ ।

यो टिकट अफिस अघिका भन्दा चहकिलो छ । भित्री भित्ताहरू फिक्का गुलाबीले रङ्ग्याएर होला । बत्तीमा उज्यालो देखिएको छ । ठाउँ भने ती दुई अफिसजत्तिकै हो । तीन जना भित्र उभिए भने चौथोचाहिँ सँघारबाहिर पर्नेजत्रो । पसलको निधारमै टाँसिएको छ हरियो प्लेटमा नं ७८६ । मुसलमानहरूले शुभ मान्ने नम्बर । बीचमा बार लगाएजसरी काउन्टर वारपार गरी राखिएको छ ।

काउन्टरपछाडिको मान्छे ध्यानपूर्वक सुनिराखेको छ अघिल्तिर बेन्चमा बसेको मान्छेलाई ।

"खुला छ यो काउन्टर ?" अलि टाढैबाट सोध्छ घुर्नाले । के थाहा फेरि फर्केर जानुपरोस् ।

मुखमा पानको बुजो च्यापेको काउन्टरको मान्छे ऊतिर आँखा उठाएर भन्छ, "अब बन्द गर्न लागिरहेको ।"

"बर्दिबास पारको गाडीहरू सभ छुटिसकेछ के ?" अफिसको खुट्किलोमा पुगेर घुर्नाले सोध्छ ।

"किन कहाँ जानुपर्ने ?" मुखको पिक अलिकति निल्दै उसले भन्छ ।

"जानुपर्ने त... भारदह हो । लहानको मिल्थ्यो तब पनि भइहाल्थ्यो । तर...," अलिकति संशय, अलिअलि भर पर्दै भन्छ, "...देर भइसक्यो हैन ?"

"त्यही समझनुस् । आज मुस्किलै छ पाउन," पिक नचुहोस् भनेर काउन्टरवालले मुख चुच्याएर भन्छ र बेन्चमा बसेको मान्छेतिर सोझिन्छ, "यो फट्यो नि बम आज कताकता । त्यसैले सब गबडघच्च भएछ ।" बेन्चमा बस्नेले छेउको जेब्रा झोला आफूनिर सार्दै काउन्टरवाललाई सुनिरहन्छ । "यहाँबाट छुट्ने बसहरू कर्फुसर्फुको डरले पेसेन्जर नलिएर छुटेछन् । बसपार्कवालाहरू डेढदुई घण्टा जाममा परेर यहाँ रूक्दै रूकेनन् । कति पेसेन्जरहरू टाइममा नपुगेर बसै छुटाइहाले । भनिराछु नि म, सब यताको उता भएछ ।"

बेन्चमा बस्न लागेको थियो घुर्ना । जहींको तहीं अडिन्छ । काउन्टरवालको कुरा सुनेर खुट्किलोबाट पनि अलि पछि हट्छ । ट्युबलाइट र भित्ताको गुलाबी उज्यालोमा आफ्नो अनुहार उसलाई उदाङ्गिए जस्तो लाग्छ ।

"बमवम नफटेको भए उतातिरको बस तपाईंले यति बेला पनि पाइहाल्नुहुन्थ्यो । र अहिले गौशालाबाट छुट्नेवाला बस ऊ तल उभिइराखेको हुन्थ्यो डिजल पम्पनिर," थोरथोरै पिक निल्दै काउन्टरवालले भन्छ ।

घुर्ना लुत्रुक्क पर्छ । उसलाई देखेर काउन्टरवालले भन्छ, "यहाँ छिर्नुअगाडि मोडैमा छ नि अरू पनि तमाम, हेर्नुभो ?"

घुर्नाले त्यहाँका टिकट अफिसहरू बन्द भइसक्यो भन्छ ।

"एऽऽ तिनीहरू पनि आज छिटै गइहाले । नत्र पता त हुन्थ्यो, गौशालाबाट छ बजे छुट्ने राजविराज र ठाडी जाने बसहरू आउन बाँकी छ कि गइसके ।"

चुकचुकाएझैं घुर्नाले 'च्व !' गर्छ । सुनेर काउन्टरवालले भन्न पुग्छ, "हुन त हाम्रोवाला इटहरीको बस आउन बाँकीयै छ । त्यसैमा जाँदै हुनुहुन्छ ऊ दाइ पनि ।"

"मेरोलाई पनि गरिदिनुस् न, हेल्पै भइहाल्छ," बिन्ती नै गर्छ घुर्नाले ।

"सिट...,"

"सिटविट चाहिँदैन । मुढैले काफी भइहाल्छ ।"

मनमनै हिसाब लगाए जस्तो गरी काउन्टरवालले सोचिरहन्छ, पान च्यापेको च्यापुले कुटुकुटु टोक्दै । अनि मोबाइल निकाल्छ र 'हेरूम्' भन्दै डायल गर्न थाल्छ ।

फोन गएपछि काउन्टरवाल बोल्छ । बस कतिखेर यहाँ आइपुग्छ भनेर । जानकारी पाएपछि बल्ल उसले थाहा दिन्छ, एउटा प्यासेन्जर फेरि थपिएको । उताबाट गाह्रोसाह्रो भनेको हुनुपर्छ । यताबाट उसले 'मिलाऊ न मिलाऊ' भन्छ, मनाउने किसिमले अलि फुल्याएर । त्यसपछि उसले कान दिएर उताको कुरा सुन्छ । र घुर्नातिर फर्किएर पक्का गर्न सोध्छ । स्टुलमा बसेर जाने हो त भनेर । घुर्नालाई यहाँबाट निस्किन पाए पुग्यो । उसले खुसीखुसी 'हुन्छ' मात्र भन्दैन, मुन्टो पनि सँगसँगै हल्लाउँछ ।

काउन्टरवालले उता पक्का गर्छ । फोन राख्नुअगाडि मुख चुच्याउँदै हाँस्छ र भन्छ, "ओए शाबास, ठीक ठीक ।"

"तपाईंको झोला यही एउटा हो ?" मोबाइल बन्द गरेर उसले सोध्छ ।

घुर्नाले हो भन्छ ।

"बस स्वयम्भू पुग्नै लागेछ । यहाँ आउन ज्यादा देर लाग्दैन । हिँडिहालूँ," काउन्टरवालले बेन्चमा बस्नेलाई भन्छ । र आफू काउन्टरबाट उठ्छ ।

घुर्नाले त्यसपछि भाडा कति हो, अहिले तिर्ने कि भनेर सोध्छ । काउन्टरवालले गाडीवालसँग कुरा भइसक्यो । गाडीमै तिर्ने भनेर भन्छ ।

यसपछि घुर्ना त्यहाँ चैनले उभिन सक्दैन । काउन्टरवाललाई कुरेर सँगै बाहिर निस्कूँ भनेको उसको ओल्याङटोल्याङ लम्बिँदै जान्छ । उसको तानाबानालाई नपर्खी घुर्नाले सोध्छ, "त्यो बस कहाँ आएर रूक्छ ?"

"पहिलोवाला पेट्रोल पम्पमा ।"

"चल्दै गरूँ," घुर्ना जान तम्सिन्छ ।

"हँ हँ गएर उभिँदै गर्नू । हामी पनि यो सटर लगाएर आइरहेछौं," यति भनेर उसले घुर्नालाई गाडीको नाम र नम्बर दिन्छ । सुलभ सुपर कोच-२८२० ।

नम्बर जप्दै घुर्ना मिनी मार्केटबाट निस्किन्छ । बाटोमा निस्किएर उसले पारिपट्टि पर्ने पेट्रोल पम्पतिर हेर्छ । अहिले त्यहाँ पेट्रोलको ट्याङ्कर उभिएको छ । बाटो काटेर ऊ त्यतै लाग्छ । यो लाइनको कोल्डस्टोर र एककोठे खाजा घरहरू खुलै छन् । तर घुर्ना दायाँबायाँ कतै नहेरी सीधै पेट्रोल पम्पमा पुग्छ ।

काउन्टरवालले उसलाई पहिलो पेट्रोल पम्पमा उभिनू भनेको थियो । तर घुर्नालाई पहिलो न दोस्रो । उसले थाहा पाएको भनेको यही एउटा पम्प हो । काउन्टरवालले भनेको पम्प यो पऱ्यो कि अर्कै, सोध्नु त पऱ्यो । उसले छेउको कोल्डस्टोरको मान्छेलाई सोध्छ । त्यो मान्छेले पक्का गर्छ । यो छाडी बाँकीका दुई तलतिर पर्छन् भनेर । घुर्ना ढुक्क हुन्छ । र बस आउने दिशातर्फ फर्किएर उभिन्छ ।

घुर्नाले देख्छ उताबाट काउन्टरवाल र जेब्रा झोला बोकेको मान्छे लखरलखर आइराखेको । उनीहरू गफ गर्दै आइराखेका छन् । जेब्रा झोलाको मान्छे अघिल्तिर हुत्तिएझैं हिँडिराखेको छ । एक त झोला गह्रौं होला । त्यसमाथि अलि ओरालो पनि पऱ्यो । के थाहा हतार पनि भइराखेको होला । ऊ कहिले यो हातमा कहिले त्यो हातमा झोला सार्दै आइराखेको छ । काउन्टरवालले बरू उसको हिँडाइ सुस्त बनाइराखेको छ, बीचबीचमा पिक थुक्न रोकिएर ।

उनीहरू नजिक आएपछि घुर्ना कोल्डस्टोरको आडबाट सरेर पेटीको किनारमा आउँछ, उनीहरूले देखून् भनेर । त्यहाँ ऊ मात्र भए अर्कै कुरा थियो । पम्पवरिपरिका कोल्डस्टोरहरूमा मान्छेहरू अझ पनि झुम्मिएका छन् । चहलपहल पातलिए पनि ठ्याम्मै रोकिएको छैन ।

दुवैले उसलाई देख्छन् । काउन्टरवाल बोल्दै नजिक आउँछ, "अब आइहाल्छ बस ।" पानको बुजो र पिकबाट निवृत्त भएको उसको बोली बल्ल खुलेको छ, "पिसाबसिसाबका लागि यताउति नगइहाल्नुहोला । धेरै बेर यहाँ रूक्दैन भनेछ ।"

आज्ञाकारी शिष्यले झैं घुर्नाले हुन्छ भन्छ । त्यसपछि काउन्टरवालले कम्मरमा हात राखेर घिच्रो कलङ्की चोकतर्फ तन्काउँछ । जेब्रा झोलाको मान्छे पनि ऊसँगै उता हेर्छ र भन्छ, "हुन्छ हामी गइहाल्छौं । तपाई जानुस् ।"

यतिन्जेल जेब्रा झोलाको मान्छेलाई घुर्नाले वास्ता गरेको थिएन । हेराहेरमा आँखा पनि जुधेको थिएन । अहिले उसको 'हामी'को सम्बोधनले घुर्नालाई ऊतिर नजिक्याउँछ । खैरो कटराइज पाइन्ट लगाएको, भुँडीनिर टिसर्ट उचालिएको त्यो मान्छेलाई हेर्दै घुर्नाले उसको कुरामा सही थप्छ ।

"त्यसो भए ठीक छ हैन ?" काउन्टरवालले घुर्नालाई सोध्छ र उत्तर नपर्खीकन त्यो मान्छेलाई भन्छ, "के गर्ने चढाएरै जान्थें । तर आजको बबालले गर्दा अघिदेखि घरबाट फोन आएको आयै छ ।" त्यसपछि ऊ बिदा माग्ने औपचारिकताको बिट मारेर फर्किन्छ ।

दुवै जनाको बीचबाट काउन्टरवाल गएपछि खाली ठाउँमा त्यो मान्छेले जेब्रा झोला सर्काउँछ । त्यसपछि उनीहरू त्यही उभिएर कुर्न थाल्छन् । सँगसँगै उभिइराखेको भए पनि दुवैबीच मौनता साह्रो भएर बसेको छ, बीचमा राखेको जेब्रा झोलाजत्तिको गह्रौं र सामानले कस्सिएको जस्तो ।

दुइटा नाइटबस आउँछन् र सरासर जान्छन् पनि । बसहरू पास भएपिच्छे घुर्नाले खुइऽऽखुइऽऽ गरेको देखेर त्यो मान्छेले आउँदै होला भनेर आश्वासन दिन्छ । घुर्नाले पनि होला भन्छ र धैर्य राखेझैं गर्छ । उनीहरूबीचको मौनता खुकुलो हुन्छ ।

उभिइरहनुभन्दा त्यो मान्छेले रिचार्ज कार्ड किनेर आउँछु भन्छ । र झोला घुर्नानिर छाडेर जान्छ । जिम्मा लिँदै घुर्ना झोलासँगै टाँसिएर उभिन्छ । र उसले किन्न गएको आँखाले पछ्याउँछ । तर पम्पवरिपरिका कोल्डस्टोरमा उसले भेट्टाउँदैन । अनि ऊ मास्तिरको कोल्डस्टोरमा जाँदै गरेको घुर्नाले देख्छ ।

वारि होस् कि पारि दुवै किनारका कोल्डस्टोरहरूले यो ठाउँलाई जागा राखेका छन् । बाँकीका पसल बन्द भइसके । केही बेरमा यी कोल्डस्टोर पनि बन्द होलान् । त्यसपछि जागा रहिरहने पालो ससाना खाजा घरहरूको हुनेछ ।

सेकुवा पोल्न धुवाँइराखेको चिम्नी, एककोठे खाजाघरहरूको हल्लिइराखेका पर्दा, बत्तीमा झुम्मिने पुतलीहरूझैं तानिएका ग्राहकहरूले त त्यस्तै लाग्छ ।

बाटोमा पनि नाइट बसको सट्टा ट्रकहरूकै आवागमन बढ्दो छ । यस बेला होलो हुने यो बाटोमा ट्रकहरू बर्त्तिंदै गइराखेका छन्; धूलोको फुइँकी उडाउँदै, घामले चाउरिएका अलकत्रे बाटोमा डाङ्राङ र डुङ्रूङ गर्दै ।

बाहिरबाट आउने कुनैकुनै डे बसहरू पारिपट्टि आएर रोकिन्छन् । अहिले त्यहाँ डिक्कीबाट सामान झारिराखेका दुई बस अघिपछि गरी रोकिएका छन् । र पेटीमा उभिएका यात्रुहरू लिन आउनेलाई कुरिराखेका छन् व्यग्रताका साथ । उनीहरूलाई देखेर घुर्नाले सम्झिन्छ– दुई दिनअघि ऊ पनि यसरी नै काठमाडौं आइपुगेको । र रामाले यही पेट्रोल पम्पमा उसलाई लिन आएको ।

त्यति बेला लागेको थियो, हातैले भेटाउन सक्ने दूरीमा छ सफलता । मात्र एक दिनको कुरा त हो । त्यसपछि हुनेछ नयाँ सुरूवात; दलित प्यान्थर मोर्चाको पहिलो खुट्किला । ठूला भनाउँदा जातले 'चलन'को नाममा मच्चाएको हिंसाको बदला प्रतिहिंसा । झबर र रूसन जस्ताले पनि हेर्नेछन् दलित प्यान्थर मोर्चाको 'जलवा' ।

तर त्यसभन्दा अगाडि थियो एक दिनको काम । मात्र एक दिन । यही एक दिन पनि घुर्नालाई लामो लाग्न थालेको थियो, रामालाई पर्खुन्जेल । कहिले रामा आउला, त्यसपछि बमको मसला लिन गोदाममा जाऔंला अनि उसको डेरामा गई बम बनाउँला भन्ने भइराखेको थियो । यहाँ उभिन्जेल भीडमा ऊ हराए पनि आफ्नो 'मिसन' सम्झिएर आफू अलग छुट्टिएको भान भइराखेको थियो । र यसैले ऊ डरैडरले चारैतिर हेरिराखेको थियो । साथसाथै रोमाञ्चित पनि भइराखेको थियो ।

आज भने सब खत्तम भयो । निरास हुन्छ घुर्ना र सोच्छ, कुनौलीमा ललनलाई प्रस्ताव गर्नुअगाडि जुन हालतमा थियो, त्यही स्थितिमा फर्किएको छ । अझ त्योभन्दा पनि पेचिलो स्थितिमा ।

पारितिर हेरिराखेको घुर्नाले देख्छ, पेटीमा उभिइराखेका यात्रुहरू एकएक गर्दै जाँदै गरेका । मोटरसाइकलमा लिन आएकाहरू उत्साहित हुँदै गएका । बाँकीकाहरू सामानलाई झ्याइँकुटी पारेर माथि चोकतिर लागेका ।

ऊ पनि स्थिर भएर एकै बिन्दुमा अल्झिइरहने होइन । उसले सोचिसकेको छ । भोलि दिउँसोसम्ममा छठुलाई एउटा प्रेस रिलिज निकाल्न लगाउने, काठमाडौंको बम विस्फोटमा दलित प्यान्थर मोर्चाको संलग्नता छैन भनेर । त्यसपछि आफ्नो चल्तीको नाम फेरेर अर्कै राख्ने । 'प्यान्थर घुर्ना'बाट अर्कै कुनै । अनि एक वर्षका लागि पारि लाग्ने । र त्यतिन्जेल छठुले आफूलाई

दलित प्यान्थर मोर्चाको अध्यक्ष भनेर चिनाउने । यसपछि भने दलित प्यान्थर मोर्चा बनाउँदा पालैसित एकपछि अर्को पाइला चाल्ने । केही गरी पनि तेर्सो बाटो नलिने । 'सर्टकर्ट' त हुँदै होइन ।

सम्भव होला ? सबै चीज फेरिदेखि सुरू गर्न ? यो एक दिन उसको जिन्दगीमा घटित भएकै थिएन जसरी सिनित्त मेट्न ? थकित मनोदशाले घुर्नाले सोच्छ ।

सम्भव भए, पछि होला । तर आज यो 'एक दिन', एक दिन नभएर जुग जस्तो लागिराखेको छ । जसरी भए पनि सिद्धियोस् यो दिन भन्दै घुर्ना माथि आकाशतिर हेर्न पुग्छ । र देख्छ, ताराबिनाको आकाश । उसले गढेर हेर्छ, आँखाले नदेखिए होला भन्दै । टाउको घुमाइघुमाई पनि हेर्छ । तैपनि उसले तारा देख्दैन । ताराबिनाको आकाश, आकाश जस्तो लाग्दैन । गहिरो कुवाको अन्धकूपझैं लाग्छ । घुर्नालाई यहाँबाट कहिले जाऊँझैं हुन्छ । ऊ जेब्रा झोलाको मान्छे कता गयो भनेर आँखा डुलाउन थाल्छ ।

यही बेला घुर्नाको मोबाइल बज्छ । घुर्ना हडबडिन्छ । कसैको फोन आउने सम्भावनै छैन, कसको होला । लाग्छ, रामाले गऱ्यो ऊ कहाँ पुग्यो भनेर पत्ता लगाउन । चाँडोचाँडो गोजीबाट उसले मोबाइल निकाल्छ । हेर्दा त छठुको नम्बर देख्छ । लजबाट छठुलाई 'रिटर्न कल' गर्दा नम्बर लागेकै थिएन । अहिले फेरि उसैले फोन गऱ्यो । तर अहिले किन गऱ्यो, घुर्नालाई पक्का छ । दलित प्यान्थर मोर्चाको नाम समाचारले फुक्यो भनेर होला । नभए नाम नसुनेका समूहहरूले जिम्मेवारी लिएको सुनेर पक्कै हो । तर बस बिसौनीहरूमा किन पड्काएको भनेर सोध्यो भने ?

के भन्ने । अत्तालिएर घुर्नाको दिमाग गुजुल्टिन्छ । त्यहीँ आएर सम्झाउँछु भन्नुपर्ला भनेर उसले फोन उठाउँछ ।

तर फोनमा छठुको आवाज होइन, गुल्टेन ठाकुर सुनिन्छ । जोगिनिया सखरदहीको गुल्टेन । हनुमाननगरमा उनीहरूको सम्पर्कको मान्छे ।

"हलो प्यान्थरजी... प्यान्थरजी हैन ?" उताबाट गुल्टेनले सोध्छ ।

"प्यान्थर हो । गुल्टेन हैन ? कहाँ छ छठु बागी ?"

"के भन्ने प्यान्थरजी । वही भएर फोन गरेको । पहिला पनि बहुत बार गरें । फोनौ उठाउनुभएन... ।"

"तिमीले उसकोबाट किन फोन गरिरहेछौ ? ऊ कहाँ छ ?"

एकाएक गुल्टेनको स्वर दब्छ र लम्बेतान गरी भन्न थाल्छ, "म र बागी आज दुपहर भारदहमा थियौं । उसले चिया पिऊँ भन्न लाग्यो... ।"

"मामला के हो जल्दी भन," बाटोको घ्यार्रघुर्रले गर्दा घुर्नाको धैर्य टुट्छ, "यहाँ बस आउन लाग्यो । अहिले इटहरीबला बस पक्डेर भोलि उतै आउँछु भारदह । तबै बात हुन्छ... ।"

"न्न... प्यान्थरजी यहाँ खतरा छ... अहिले आउँदै नआउनू ।"

"किन ?"

"वही भन्दै थिएँ । बागीलाई गोली दागेछन् प्यान्थरजी । कङ्कालिनी मन्दिरको पछुआरामा, जहाँ हामी चिया पिउँछौं ।"

"भक्... !"

"दुपहरमा... बागीलाई... मैरै साम्ने । मेरो त दिमाग लागिरहे छैन । दुतीन महिनाअगाडि केटाहरूले सिरिफ तपाईंलाई खोजिरहेको हैन ? छ्ठुको कुनै पुछताछै थिएन । अब आएर बागीलाई पनि छोडेनन् । म पनि उसको साथमा थिएँ । बहुत डर लागिरहेछ प्यान्थरजी । त्यसैले म कञ्चनपुर आए'छु ।"

मुख पूरा सुक्खा हुन्छ घुर्नाको । जिब्रो खाक्सीको कागजझैं खस्रो लाग्छ । उसले यति नै सोध्छ, "यो मोबाइल... ?"

"चिया मग्वाएर हामी बाहिर बेन्चमा बसिरहे'थ्यौं," गुल्टेनले लम्बेतान भन्दै जान्छ । यसपालि भने घुर्नाले टोक्दैन । "कहाँबाट एउटा मोटरसाइकल आइहाल्यो । हामीले यादै गरे थिएनौं । बागीको नाम लिंदै मोटरसाइकलपछाडि बसेको केटा सीधे आयो । बागीले प़हिचानेको हुनुपर्छ । तब त बेन्चबाट उठ्यो । बस्स यत्तिमै केटाले पछाडिबाट पेस्तोल झिक्यो र धाँयसित वार गरेर दौडिहाल्यो । बागी वहींका वहीं ढेर भइगयो । अनि उसको मोबाइल छुटेर मेरो खुट्टानिर आयो । त्यहाँबाट जल्दीमा भाग्दा उसको मोबाइल उठाएर भागें । मेरोबला मोबाइल घरमा चार्ज गर्न छोडेको थिएँ, उतै रहिगएछ । जान हिम्मत परिरहे छैन । त्यही भएर उसको मोबाइलले तपाईंलाई गरेको । डरले तपाईंलाई गर्दा सिरिफ खोलिरहेछु उसको मोबाइल ।"

"बकलेल छौ के ? दिमागमा भुस्सा भरेछ ?" घुर्ना चर्किन्छ, "बागीको फोनको सिम जल्दी निकालेर फेक । उसको सिमबाट गरेर मरवाउने विचार छ के !"

"अरूको फोनबाट कसरी गरिहाल्थें तपाईंलाई । थोडै न उठाउनुहुन्थ्यो । सिरिफ यही खबर दिन गरेको थिएँ," यति भनेर गुल्टेन चुप हुन्छ । घुर्ना पनि सामसुम हुन पुग्छ । अडबाङ्गे मौनताले मानौं गुल्टेन भित्रको ठोसपनलाई तरल बनाउँछ । उसको स्वर पातलो र थर्थराउँदो सुनिन्छ । "मेरो मान्नुहुन्छ भने अहिले यता आउँदै नआउनू । एक हप्ता उतै काठमान्डूवैमा बस्नू । म ही फर्केर कसरी जाने जस्तो भइरहेछ । म पनि बागीसँगै थिएँ । कही मलाई पनि... मेरो बच्चाहरू... । तपाईंलाई पनि छोड्दैनन् प्यान्थरजी... ।"

गुल्टेन भावुक हुँदै जान्छ । उही कुरा दोहोऱ्याउँदै भन्न थाल्छ । घुर्नाको कान उसै पनि भरिइसकेको छ । कुरा बुझ्न नि छोडिसकेको छ । त्यसैले गुल्टेनलाई उसले जबर्जस्ती फोन राख्न लगाउँछ ।

फोन राखेपछि बल्ल मनमा उत्रिन थाल्छ, दिमागले सुनेका कुरा । भित्रभित्रै ऊ चुँडिंदै जान्छ । आफूलाई थेगिराखेको आत्मबल पनि भाँचिन्छ । आत्मबलबिनाको शरीर लासजत्तिकै गह्रुङ्गिने रहेछ । सिङ्गो शरीर धानेको पाइतालाले बोक्न सक्दैनन् बोझिल हृदयलाई । असाध्यै थकाइ लाग्छ, घुर्नालाई । उसका काँध लत्रक्क पर्छन् । उसको काँध झराइमा हार छ । आस हराएपछिको अँध्यारो छ ।

उसले गुल्टेनले भनेको सम्झिन्छ । 'बागी वहींका वहीं ढेर भइगयो ।' घुर्नाले कल्पना गर्न खोज्छ । कसरी ढले होला छठु । लिखोको जस्तै रगतको फाल्सामा छटपटिएर मुख छाड्दै ? वा फौलादको जस्तो ? उँधोमुन्टिंदै, छातीबाट 'हऽऽ' को ध्वनिसँगै निस्किएको सास उखेलिएर । घुर्नाले कल्पनै गर्न सक्दैन छठु ढलेको । बरू उसलाई याद आउँछ यहाँ आउनुअगाडि छठुसित बिदा भएको । भारदहसम्म पुऱ्याउन आएको थियो छठु ।

बेसारे रङको कुर्ता लगाएको थियो उसले । अनुहार निद्रा कचपचिएको जस्तो बासी देखिन्थ्यो । घुर्नाभन्दा ऊ चिन्तित भइराखेको थियो । उसले घरीघरी सोधेको थियो घुर्नालाई, सबै 'सेट' छ होइन भनेर । र सतर्क गराउँदै भनेको थियो– उनीहरूसित होसियार रहनुहोला । धुकचुक त घुर्नालाई पनि लागेको थियो । तर छठुसामु दह्रो देखिन र भरपर्दो सुनिन उसले भनेको थियो– तयार भएर बस्नू, फर्केर आएपछि कस्सिएर लाग्नुपर्छ । छठुले हुन्छ भनेको थियो । तर त्यसपछि चुपचाप टोलाइराखेको उसको अनुहारले लाग्दैनथ्यो ऊ विश्वस्त भएको ।

कसलाई थाहा थियो, बिहानको बस समात्न हाइवेमा कुरिराखेका घुर्नाा र छठुको त्यही नै अन्तिम साथ हुनेछ । पूर्वबाट झुल्किराखेको सुन्तले घाम पहेंलिंदै गएको उनीहरूले एकसाथ हेर्नेछन् र सधैंका लागि बिदा हुनेछन् ।

घुर्नाका आँखा रसाउँछन् । कोस भरिँदै आउँछन् । आँसु रोक्न उसले बत्तीका टकहरूमा आँखा फिराउँछ । तर आँसु थामिँदैन । बग्दै जान्छ । जति रोक्न खोज्यो, मुटु चिरिँदै बर्र खस्छ ।

छठुले सुर्जा समूहमा हुँदादेखि साथ दिएको थियो । फौलाद खोज्न ऊसँग जता पनि लागेको थियो । तर फौलाद मारिएपछि ऊ विचलित भएको थियो । र सामान्य जीवनमा फर्किने मन बनाइराखेको थियो । घुर्नाले उसलाई वचन दिएको थियो । सबै चीज ठीक हुन्छ । नआत्तिन भनेको थियो । उसको वचनमा छठुले भर गरेको थियो ।

सोचेर मर्माहत हुन्छ घुर्ना । रूवाइ थाम्न नसकेर घुँक्क निस्किन्छ । आँसुले टम्म भएका आँखा पुछ्न नि जाँगर चल्दैन । तर धमिला आँखाले उसले देख्छ । जेब्रा झोलाको मान्छे फटाफट ऊतिर आइराखेको । घुर्नाले साटसुट्ट आँसु पुछ्छ ।

नजिक आएर त्यो मान्छेले झोला उचाल्छ र भन्छ, "जाम भाइ । बस आयो ।"

आसमानी रङको 'सुलभ सुपर कोच' गति कम गर्दै आइराखेको छ । रित्ता आँखाले घुर्ना हेरिरहन्छ । गाडी पम्प छिर्ने पेटीनिर रोकिन खोज्छ । तर अघिदेखि पम्पमा रोकिइराखेको ट्याङ्कर बाहिरिन थालेको छ । त्यसैले गाडी अलि तल गएर रोकिन्छ । झोला बोकेर त्यो मान्छे पछिपछि हतारिन्छ । बीचमा एक पटक उसले फर्किएर हेर्छ । घुर्ना त्यहीं उभिइराखेको पाउँछ । छिटो आउनू भनेर उसले आवाज लगाउँछ र गाडीतिर बढ्छ । गाडीको ढोकामा पुगेर चढ्नुअघि उसले फेरि हेर्छ । घुर्ना अझ पनि त्यहीँ छ । यस पटक आवाज नलगाई ऊ गाडीमा चढ्छ । त्यसको सट्टा उसले कन्डक्टरलाई पठाउँछ ।

स्टार्ट बन्द नगरेको गाडीबाट कन्डक्टर दौडिँदै उसको छेउ आउँछ, "तपाईं पनि जाने हैन ?"

घुर्ना केही बोल्दैन । ऊ यसरी कन्डक्टरलाई हेर्छ, मानौं कन्डक्टर पारदर्शी सिसा हो । वारपार देखिन सक्ने ।

"छिटो चढिहाल्नू त," कन्डक्टरले अह्राएझैं गर्छ । तर घुर्ना टसमस हुँदैन ।

कन्डक्टरले उसको झोला समाएर तान्न खोज्छ । त्यसो गरेको घुर्नालाई मन पर्दैन । कन्डक्टरलाई धकेलेर उसले आँखा तर्छ । कन्डक्टर पनि झोक्किन्छ । आँखा तर्दै उसले नि घुर्नालाई हेर्छ । सायद मनमनै गाली पनि गरिराखेको होस् । चिढिएको कन्डक्टर दौडिंदै गाडीमा चढ्छ र ढोकालाई ढ्यागढ्याग पारी 'जाऊँ जाऊँ गुरूजी' कराउँछ ।

लसक्क लस्किँदै 'सुलभ सुपर कोच' अघि लाग्छ । बल्लतल्ल पाएको गाडी छुट्दै गएको देख्दा घुर्नाको सास फुल्न थाल्छ । ऊभित्रको आवाज चिच्याउँछ । दौडिहालूँ ! बसमा चढिहालूँ !! 'जल्दी !!!'

तर घुर्नाका पाइला सर्दैनन् । एक डेग पनि चल्दैनन् । घुर्ना उभिइरहन्छ ।

यसपछि लाग्छ, ऊ कुनै ऐंठन पर्ने सपनामा छ । एकएक गर्दै पसलका बत्तीहरू निभ्दै जान्छन् । र निभ्छ पम्पलाई फोकस गरिराखेको बत्ती पनि । बल्ल बोध हुन्छ, एक्लाएक्लै उभिएका स्ट्रिटल्याम्पको उपस्थिति । बिरामी प्रकाशको तुवाँलोमा कलङ्कीको तेज मधुरो हुन्छ । निहुरमुन्टे स्ट्रिटल्याम्पले जति नै उज्यालो घोप्टाए पनि प्रकाश र छायाँबीचको यथार्थ त्यसले सिर्जना गर्छ ।

आधा उज्यालो र आधा अँध्यारिएको यथार्थमा पसलहरू थ्याप्चा देखिन्छन् । घरहरू बाङ्गोटिङ्गो फर्किएझैं लाग्छ । यिनीहरूमा व्याप्त चकमन्नताले यो ठाउँ परित्यक्य लाग्छ । लाग्छ, यहाँका बासिन्दाहरू फर्किएर कहिल्यै नआउने हुन् । एक्लैदुक्लै हिंडिराखेका मानिसहरू निशाचरझैं लाग्छन् । बिग्रेको स्ट्रिट लाइटको अँध्यारोमा स्वाट्ट छिर्छन् । सद्दे स्ट्रिट लाइटतल फुत्त निस्किन्छन् ।

कलङ्कीको फेदबाट ढुङ्गाअड्डाको उकालोमा हेर्दा ट्रकका धारिला बिम अँध्यारोलाई चिर्दै आइराखेका छन् । बेलाबेला त्यहींबाट फलामे यन्त्रको चिच्याहट पनि सुनिन्छ । रेलको एक डिब्बा नै बोकेर ल्याएझैं लाग्ने मालवाहक ट्रक ओरालोमा ब्रेक लगाउँदै झर्छन् । ब्रेक लगाउँदा आएको कुइँऽऽले शून्यतालाई झनै तिखार्छ । लाग्छ, आजको रात सदाका लागि यहीं रोकियो । अर्को दिन अब हुनेछैन । यो 'एक दिन' लम्बिइरहनेछ अनन्तसम्म ।

ताराबिनाको आकाश तलतल थिचिंदै आउँछ । ठोस अस्तित्वलाई भत्काउँदै, उज्यालोलाई निल्दै । घुर्ना उभिइरहन्छ । ताराविहीन रातसित लड्न एक्लै उभिइरहन्छ ।

# शब्दार्थ

## अध्याय - ६: ०० बजे
## पृष्ठ - ७-१३

| | | |
|---|---|---|
| गिरहत | – | जमिनदार मालिक |
| लोरहाऽ | – | धान काट्दा खेतमा खसेको धानको बियाँ र धानको बाली । सिला । |
| बनियाइन | – | भित्री गन्जी |

## अध्याय - नीलो मान्छे

## पृष्ठ - २२-३६

| | | |
|---|---|---|
| मरीहरी/मरी | – | सिनो |
| चुप्पी | – | मौनता |
| गुवार | – | यादव |
| बजरसखवा | – | गाली |
| गुढघा | – | पिल्लो |

## अध्याय - लहाठी
## पृष्ठ - ४१-४५

| | | |
|---|---|---|
| पाँच सेर | – | तीन किलो |
| कन्या | – | बुहारी |
| गाउँ कमिया | – | चारपाँच ओटा गाउँको सिनो फाल्ने, बिहेबारीमा बाजा बजाउने जस्ता कामको ठेक्का पाएको चमार जातिको मान्छे । |

## अध्याय - जुरमाना

पृष्ठ - ४८-५८

| | | |
|---|---|---|
| **खाजा** | – | फिनी जस्तो एक प्रकारको मिठाई |
| **बौवा** | – | बाबु |
| **माय** | – | आमा |
| **छौडा** | – | छोरा |
| **गोह्रा** | – | सन्थीमा गोबर पाथेर बाल्न बनाइएको दाउरा |
| **कनिया** | – | बुहारी |
| **झिङ्गुर** | – | तराईमा साँझमा कराउने कीरा/किक्रेट |
| **फुच्ची** | – | माटोको गिलास |
| **धियापुता** | – | छोराछोरी |

अध्याय - रामलीला कम्पनीबाट फर्किएपछि
पृष्ठ - ६१-९१

| | | |
|---|---|---|
| माय गे | – | आमो होऽऽ |
| हँ गौ बाउ | – | हँ बाबु |
| निकसित बस्नु | – | आरामसित बस्नु |
| फुच्ची | – | माटोको गिलास |
| सिक | – | दलिनमा झुन्ड्याएर खाना राख्ने कोक्रो |
| टका | – | रूपैयाँ, पैसा |
| साज | – | साङ्गीतिक टोली |
| टुटपुँजिया | – | टाट पल्टेको |
| धौंस देख यसको | – | सान हेर यसको |
| महिमान | – | ज्वाइँ |
| भण्डारी | – | भान्से |
| जन | – | खेताला |
| गोह्रा | – | लामालामा सन्ठीमा गोबर पाथेर दाउरा बनाएको |
| करजा | – | ऋण |
| देह | – | शरीर |
| कोठी | – | भकारी |

## अध्याय - बीरपुर टू बलवा
पृष्ठ - १३२-१५१

| | | |
|---|---|---|
| घोडासन | – | गौरनजिकको बोर्डरपारिको ठाउँ |
| एसएमजी | – | सर्ट मेसिन गन |
| बिएसएफ | – | भारतको बोर्डर सेक्युरिटी फोर्स |

## अध्याय - जनतान्त्रिक मधेस मुक्ति (सुर्जा समूह)
## पृष्ठ - १७३-२२३

| | | |
|---|---|---|
| हड्काउनु | – | झपार्नु |
| झाइल | – | खैंजडी |
| सिआरपी | – | सेन्ट्रल रिजर्भ पुलिस (भारत) |
| खचडपनी | – | खच्चडपन (यताको न उताको) |
| च्छा | – | अच्छा |
| गुन्डपनी | – | गुन्डापन |
| पछुआरा | – | पिछवाड, पछाडिको भाग |

**के पुछे हइ खेसारीके दाइल, बिना हरबरद के** – जोतजात नगरी सजिलै फल्ने खेसारीको दाललाई कसले गन्छ (धेरै मिहिनेत नगरी फल्ने दलहन बाली भएकाले खासै मोल नभएको) ।

तस्विर : किशोर कायस्थ

शिवानी सिंह थारू सञ्चारकर्मी हुन् । नेपाल टेलिभिजनको कार्यक्रम *मेरो गीत मेरो सन्देश* र *मूल्याङ्कन*की प्रस्तोता रहिसकेकी उनले बिबिसीको रेडियो नाटक *कथा मीठो सारङ्गीको*मा लेखक र निर्देशकका रूपमा काम गरेकी छिन् । बिबिसीकै रेडियो नाटक *कथामाला*को लेखन र कथावाचन पनि गरेकी छिन् । उनले लेखेको नाटक *भर्चुअल रियालिटी* भारतको नेसनल स्कुल अफ ड्रामाको नवौं नाट्य महोत्सवमा नेपालको एक्टर्स स्टुडियोले मञ्चन गरिसकेको छ । *काठमाडौंमा एक दिन* उनको पहिलो उपन्यास हो ।

"डरसित भिड, बाँच त आँखा फारेर । जहाँ नजर थोडै झुकिगो त सम्झ, तिम्रो खून सफेद भइहाल्यो । याद राख्नू, डरले तिमीलाई पूरा मान्छे हुनबाट रोक्छ ।"

०६४ भदौ १० मा बम विस्फोट गर्ने उद्देश्यले घुर्नी राम अर्थात् 'प्यान्थर' काठमाडौं आउँछ । मधेस जनतान्त्रिक सेना र दलित प्यान्थर मोर्चाको सहकार्यमा हुने यो विस्फोट विगतका भन्दा भयानक हुँदै छ ।

तर जुन उद्देश्यका लागि घुर्नीले यत्रो जोखिम लिँदै छ, त्यसको परिणाम भोग्न ऊ साँच्चै तयार छ ? जोसँग मिलेर ऊ बम वस्फोट गर्न जाँदै छ, के उनीहरूमा पूरै भर पर्न सक्छ ?

बम विस्फोटको योजना जतिजति अघि बढ्छ, घुर्नी रामदेखि 'प्यान्थर'सम्मको रूपान्तरणका पत्र एकएक खुल्दै आउँछन् । तर उसलाई थाहा छैन, भविष्यतिर अघि बढिराखेका पाइलालाई आफ्नै विगतले पछ्याउँदै आइराखेको । बम विस्फोटको दिन घुर्नीको जिन्दगीको नयाँ सुरुवात हुनेछ वा अन्तिम ?

*काठमाडौंमा एक दिन* त्यही दिनको कथा हो ।

फाइनप्रिन्ट बुक्स (उपन्यास) www.fineprint.com.np

ISBN: 978-9937-665-44-5

45800

9 789937 665445

आवरण कलाकार : सबिर घुरौटे
आवरण कला : असीम शाक्य